विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०७७




विशेष अदालत
काठमाडौं



बायाँबाट क्रमशः सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा, सदस्य माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय, सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती, अध्यक्ष माननीय न्यायाधीश श्री प्रेमराज कार्की, सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मुसलमान, सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु र रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री

विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०७७





विशेष अदालत

बबरमहल, काठमाडौं

प्रकाशकः विशेष अदालत, काठमाडौं (२०७७/७८)
मुद्रणः कालिका प्रिन्टिङ्ग एण्ड सप्लायर्स प्रा.लि.
संख्याः ५०० प्रति

'विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०७७' प्रकाशनका लागि गठित
निर्देशक समिति र सम्पादन समिति

निर्देशक समिति

१.	सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती	: संयोजक
२.	सदस्य माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय	: सदस्य
३.	रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री	: सदस्य

सम्पादन समिति

१.	सदस्य माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय	: संयोजक
२.	रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री	: सदस्य
३.	सम्पादक श्री ध्रुवकुमार ढकाल, सर्वोच्च अदालत	: सदस्य
४.	उपन्यायाधिवक्ता श्री याम बहादुर बानियाँ, विशेष सरकारी वकील कार्यालय	: सदस्य
५.	उपरजिस्ट्रार श्री पुष्पराज पाण्डेय	: सदस्य
६.	उपरजिस्ट्रार श्री नारद प्रसाद भट्टराई	: सदस्य
७.	लेखा अधिकृत श्री दामोदर जोशी	: सदस्य
८.	इजलास अधिकृत श्री गोपी विश्वकर्मा	: सदस्य
९.	शाखा अधिकृत श्री रामेश्वर अधिकारी	: सदस्य
१०.	इजलास अधिकृत श्री भुपेन्द्र उपाध्याय	: सदस्य
११.	नायव सुब्बा श्री रत्ना घिमिरे	: सदस्य
१२.	कम्प्युटर अपरेटर श्री गिता घिमिरे गिरी	: सदस्य
१३.	तामेलदार श्री अच्युत के.सी.	: सदस्य

पूर्ण बैठक नं. ८ (२०७७/७८)

मिति २०७८ साल जेठ ३१ गते सोमबार अध्यक्ष माननीय न्यायाधीश श्री प्रेमराज कार्कीज्यूको अध्यक्षतामा बसेको विशेष अदालतका माननीय न्यायाधीशहरूको पूर्ण बैठकले देहायबमोजिम निर्णय गर्दछ ।

उपस्थिति

१. अध्यक्ष माननीय न्यायाधीश श्री प्रेमराज कार्की
२. सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मुसलमान
३. सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती
४. सदस्य माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय
५. सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा
६. सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

आमन्त्रित

१. रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री

निर्णय :

'विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०७७' प्रकाशन गर्ने सम्बन्धमा गठित निर्देशक समिति एवम् सम्पादन समितिबाट अनुमोदनका लागि प्राप्त २७ थान फैसलाहरू उक्त सँगालोमा समावेश गरी प्रकाशन अनुमति दिने ।

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

प्रधान न्यायाधीश

शुभकामना सन्देश

नेपालको संविधान अनुसार न्यायसम्बन्धी अधिकारको प्रयोग अदालत तथा न्यायिक निकायबाट हुने कुरा सबैमा विदितै छ। खास किसिम र प्रकृतिका मुद्दाहरू छिटो छरितो एवम् प्रभावकारी ढङ्गबाट कारबाही किनारा गर्न विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था र अभ्यास रहिआएको पाइन्छ। त्यसै अनुरूप विशेष अदालतको स्थापना भई भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणजन्य कसूरमा न्याय सम्पादनको जिम्मेवारीलाई स्वतन्त्र, निष्पक्ष र सक्षमतापूर्वक निर्वहन गर्दै आएको छ।

न्यायको उद्घोष फैसलाको माध्यमबाट हुने गर्दछ। मुद्दाको रोहमा हुने फैसला अदालतको दक्षता, क्षमता, स्वच्छता र प्रभावकारीताको प्रतिविम्ब पनि हो। विशेष अदालतले आफूले गरेका विभिन्न फैसलाहरूमध्ये **'विशेष अदालतबाट भएका केही फैसलाहरूको संगालो, २०७७'** को रूपमा प्रस्तुत प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। कानून पत्रिका, बुलेटिन र विद्युतीय माध्यमबाट सर्वोच्च अदालतका फैसलाहरूको नियमित प्रकाशन हुँदै आए तापनि अन्य अदालतबाट भएका फैसलाहरूको प्रकाशन नभइरहेको अवस्थामा विशेष अदालतबाट यस प्रकारको प्रकाशनको थालनी हुनु अत्यन्त सुखद् एवम् प्रशंसनीय कार्य हो भन्ने मलाई लाग्दछ। अदालतबाट भएका फैसलाहरूको प्रकाशनबाट अदालतका कामकारबाही र फैसलाको बारेमा सम्बन्धित पक्ष, सरोकारवाला एवम् आम नागरिक सुसूचित मात्र नभई अदालतको न्यायिक उत्तरदायित्वसमेत केही हदसम्म पूरा हुन सक्दछ भन्ने मेरो विश्वास रहेको छ। प्रस्तुत प्रकाशन कानून र न्यायको क्षेत्रमा कार्यरत न्यायाधीशहरू, कानून व्यवसायी, कानूनका विद्यार्थी, अनुसन्धानकर्ता एवम् न्याय र कानूनको विषयमा चासो राख्ने सबैका लागि उपयोगी प्राज्ञिक स्रोत सामाग्री हुनेमा म विश्वस्त छु।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरेबमोजिम न्यायिक कामकारबाही तथा फैसलामा गुणस्तरीयता कायम गर्दै न्यायपालिकाप्रतिको आस्था एवम् विश्वास अभिवृद्धि गर्न विशेष अदालतले छिटो छरितो र गुणस्तरीय न्याय सम्पादनमा सदाझैं आफ्नो भूमिका कुशलतापूर्वक निर्वाह गर्न सकोस्। साथै, यस प्रकारका प्राज्ञिक सत्कार्यले आगामी दिनमा समेत निरन्तरता पाओस् भन्ने कामनासहित यस संगालो प्रकाशनमा संलग्न भई योगदान गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

२०७८ असार

चोलेन्द्र शम्शेर ज.ब.रा.
प्रधान न्यायाधीश

सम्पर्क नं. : +५७७-१-४२००७००, +५७७-१-४२००७४५, +५७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं, पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

मुख्य रजिस्ट्रार

शुभकामना

सर्वप्रथम, **विशेष अदालतबाट भएका केही फैसलाहरूको संगालो, २०७७** को प्रकाशन गर्न लागेकोमा विशेष अदालत परिवारप्रति हार्दिक बधाई ज्ञापन गर्दछु । वि.सं. २०६६ सालमा पहिलो पटक विशेष अदालतका फैसलाहरूको संगालो प्रकाशन भएको र लामो अन्तरालपछि प्रस्तुत प्रकाशन पुनः प्रारम्भ हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ ; यस प्रकाशनको निरन्तरताको समेत कामना गर्दछु ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/२०७७-२०८०/२०८१) मा फैसलाहरूको गुणस्तरीयता अभिवृद्धिका लागि अदालतबाट भएका आदेश/फैसलाहरूको प्रकाशन गर्ने रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ। त्यसलाई समेत मध्यनजर गरी विशेष अदालतको क्षेत्राधिकारअन्तर्गत पर्न आएका मुद्दाहरूमा भएका फैसलाहरूमध्ये प्रकृतिगत विविधता एवम् निरोपित विषयसमेतका आधारमा उपयुक्त र आवश्यक संख्याका फैसलाहरूको छनौट गरी प्रस्तुत संगालो प्रकाशन हुन लागेको मैले पाएको छु । यसप्रकारको प्रकाशनबाट विशेष अदालतले विभिन्न प्रकृतिका मुद्दाहरूमा गरेको फैसलाको बारेमा आमरुपमा जानकारी प्राप्त गर्न सहयोग पुग्नाका साथै यस क्षेत्रमा क्रियाशील एवम् न्याय र कानूनी क्षेत्रका अध्येता, अनुसन्धानकर्ता तथा सम्बद्ध सबैका लागि महत्त्वपूर्ण स्रोत सामग्रीको रूपमा रहने विश्वाससमेत मैले लिएको छु ।

अन्तमा, यसप्रकारको महत्त्वपूर्ण प्रकाशनको लागि विशेष अदालतका माननीय अध्यक्ष श्री प्रेमराज कार्कीज्यू, सम्पूर्ण माननीय सदस्यज्यूहरू र विशेष गरी प्रस्तुत प्रकाशनको सम्पादन समितिमा रहेर कार्य गर्नुहुने माननीय सदस्यज्यूहरू एवम् विशेष अदालतका रजिष्ट्रार श्री अशोक कुमार क्षेत्रीज्यू तथा यसमा संलग्न सबैकाप्रति हृदयदेखि नै आभार र धन्यवाद व्यक्त गर्दै प्रस्तुत प्रकाशनको निरन्तरताको हार्दिक शुभकामनासमेत व्यक्त गर्दछु ।

मितिः २०७८ असार

लालबहादुर कुँवर
मुख्य रजिस्ट्रार

टेलिफोन नं.: +९७७-१-४२००७५३, पोष्ट बक्स नं. : २०४३८
इमेल : crsecretariat@supremecourt.gov.np, वेवसाईट : www.supremecourt.gov.np

विशेष अदालत
काठमाडौं, नेपाल

अध्यक्ष

मन्तव्य

विशेष अदालत ऐन, २०५९ बमोजिम मिति २०५९ साल भाद्र ६ गते विशिष्टिकृत अदालतका रूपमा यस अदालतको स्थापना भएको हो। हाल विशेष अदालतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतका मुद्दाहरूको शुरू कारवाही र किनारा गर्ने क्षेत्राधिकार प्राप्त रहेको छ।

यस अदालतबाट भएका विभिन्न फैसलामध्ये उपयोगी र सान्दर्भिक फैसलाहरू समेटेर संगालोको रूपमा प्रकाशन गर्ने कार्यारम्भ सर्वप्रथम २०६६ सालबाट भएको हो। तत्पश्चात् फैसला सङ्ग्रहको प्रकाशनले पूर्ववत् स्वरूपमा नै निरन्तरता पाउन नसके तापनि आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रगति प्रतिवेदनको भाग ३ मा फैसला खण्डका रूपमा केही फैसलाहरू प्रकाशित भए। प्रस्तुत फैसला सङ्ग्रह प्रकाशन सिलसिलाकै नयाँ सँस्करण हो। वि.सं. २०७३ साउनदेखि २०७७ असार मसान्तसम्म भएका विभिन्न फैसलाहरू मध्ये सरोकारवालाहरूको राय सुझाव एवम् प्रस्तुत सङ्ग्रह प्रकाशनार्थ गठित निर्देशक समिति एवम् सम्पादन समितिको रोजाईमा परेका उपयोगी २७ थान फैसलाहरू यस संगालोमा समेटिएका छन्। प्रकाशन सामग्रीलाई निश्चित आकार प्रदान गर्ने हेतुले उक्त २७ थान मुद्दाको फैसलामा रहेको तथ्य खण्डलाई समावेश नगरी ठहर खण्डमात्र प्रकाशन गरिएको छ। सङ्ग्रहित फैसलाहरू हालको संवैधानिक एवम् कानूनी परिवेशमा सान्दर्भिक रहेका छन्। प्रकाशित फैसलाहरूमा सम्मानित सर्वोच्च अदालतबाट अन्तिम भैसकेका तर यथासम्भव ने.का.प.मा प्रकाशन हुन नपाएका, पुनरावेदन नै नपरी अन्तिम भएका एवम् पुनरावेदन परी चालु अवस्थामा नै रहेका मुद्दाहरूका शुरू फैसलाहरू समेटिएका छन्। यस अदालतको क्षेत्राधिकार भित्र पर्ने विविध प्रकृति र विषयवस्तुका मुद्दाहरू जस्तैः सम्पत्ति शुद्धीकरण, गैरकानूनी सम्पत्ति आर्जन, सरकारी रकम हिनामिना, अनियमितता, घुस/ रिसवत, नक्कली प्रमाणपत्र आदिको सन्तुलित प्रतिनिधित्व गर्नेतर्फ ध्यान दिइएको छ।

प्रस्तुत फैसला सङ्ग्रहको प्रकाशनले न्यायपालिकाको चालु चौथो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरेबमोजिम न्यायिक कामकारवाही तथा मुद्दाको फैसलामा गुणस्तरीयतामा अभिवृद्धि गर्न तात्विक योगदान पुग्ने नै छ। मुद्दाको विषयवस्तुका कारणले यस अदालतबाट हुने फैसलाहरू न्याय र कानूनका क्षेत्रमा क्रियाशिल सरोकारवालाहरू न्यायाधीश, जनप्रतिनिधि, कानून व्यवसायी, मुद्दाका पक्षहरू, अध्ययन अनुसन्धानमा संलग्न व्यक्ति एवम् संस्थाहरू, कानूनका विद्यार्थी, शोधार्थी आदिका अतिरिक्त आम नागरिकमा समेत सर्वत्र चासो, सरोकार र अभिरूचीको विषय बन्ने गरेको छ। प्रस्तुत प्रकाशनले यस अदालतको फैसलाप्रति आम नागरिकको उक्त चासो र अभिरूचीको सम्बोधन गर्ने विश्वास लिएका छौं। प्रस्तुत संगालो सरोकारवालाहरूको लागि उपयोगी सन्दर्भ सामग्री हुन सकेमा हाम्रो प्रयास सफल भएको ठान्नेछौं।

यस संगालोको प्रकाशनका लागि गठित निर्देशक समिति र सम्पादन समितिमा रही सराहनीय कार्य गर्नुहुने माननीय न्यायाधीशज्यूहरू, रजिस्ट्रारज्यू, सर्वोच्च अदालतका सम्पादक, भाषाविद्, विशेष सरकारी वकील कार्यालयका उपन्यायाधिवक्ता एवं प्रत्यक्ष परोक्षरूपमा संलग्न कर्मचारीहरू लगायत सबैप्रति धन्यवाद ज्ञापन गर्दछु। फैसलाको सङ्क्षेपीकरण गर्ने क्रममा कानून व्यवसायी महानुभावहरूको नाम यदाकदा वरिष्ठताअनुसार क्रमबद्धरूपमा उल्लेख नभएको हुन सक्दछ। सकभर त्रुटि कम होउन् भन्नेतर्फ यथेष्ट सजगता अपनाएका छौं, तथापि मानवीय त्रुटिको सम्भावनालाई नकार्न सकिन्न। सबैको रचनात्मक सुझाव र पृष्ठपोषणको अपेक्षा गरेका छौं। आगामी दिनहरूमा निरन्तर सुधार गर्दै अझै परिष्कृत र परिशोधित प्रकाशनका लागि प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं।

२०७८ असार

प्रेमराज कार्की
अध्यक्ष

सम्पर्क नं. :९७७-१-५३२१७६६,४२२१७६६,४२४२६३६,४२४१३७४, Email: info.special@supremecourt.gov.np, Web : http://supremecourt.gov.np/court/specialcourt

विशेष अदालत

बबरमहल, काठमाडौं

धन्यवाद मन्तव्य

नियमित अदालत सरह विशेष अदालतबाट भएका सबै फैसलाहरू स्वतः सार्वजनिक हुने नै भए तापनि केही प्रतिनिधिमूलक फैसलाहरू पुस्तकको रूपमा वि.सं. २०६६ मा प्रकाशनको थालनी गरिएको रहेछ। संस्थागत जीवनको उक्त ऐतिहासिक काम र नामलाई निरन्तरता दिने जमर्को गरी **'विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०७७'** यहाँहरूको हातमा परेको छ। प्रस्तुत सँगालो न्यायपालिकाको मूल योजनाबाट निसृत यस अदालतको वार्षिक कार्ययोजनाको प्रतिफल पनि हो।

महामारीका बावजूद विशेष गरी सम्पादन समितिले विभिन्न चरणमा छलफल गरी सयौं फैसलाबाट प्रतिनिधि फैसला छनौट गर्न र सोको सार्थकता सिद्ध गर्नका निमित्त भएका प्रयासको जति नै सराहना गरे पनि कमै हुन्छ। निश्चय नै, सरोकारवाला निकाय र महानुभावहरूको सुझाव, अनुभव एवम् विवेकको संयोजनको रूपमा संगालोले आकार एवम् परीक्षणसमेतको अवसर प्राप्त गरेको छ।

सम्माननीय प्रधानन्यायाधीशज्यूबाट आफ्नो अमूल्य शुभकामना सन्देशमार्फत् प्राप्त अभिभावकीय भूमिकाका लागि सम्माननीयज्यूप्रति विशेष अदालत उच्च सम्मान एवम् हार्दिक आभार प्रकट गर्दछ। काम गर्ने सन्दर्भमा निरन्तर उत्प्रेरणा दिनुहुने श्रीमान् मुख्य रजिस्ट्रारज्यूप्रति अनुगृहीत छौं। विशेष अदालत व्यवस्थापनदेखि प्रस्तुत प्रकाशनसमेतमा नेतृत्वदायी मार्गदर्शन दिने माननीय अध्यक्ष श्री प्रेमराज कार्कीज्यूप्रति विशेष आभार व्यक्त गर्दछु।

निर्देशक एवम् सम्पादन समितिमा रहेर उल्लेख्य भूमिका निर्वहन गर्नुहुने सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेतीज्यू र माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेयज्यूको निर्देशन, लगाव र अनुभव नपाएको भए प्रस्तुत प्रकाशन पनि महामारीको बहानामा हराउने निश्चित प्रायः थियो। यस अवसरमा दुबै माननीयज्यूप्रति विशेष धन्यवाद टक्र्याउँदछु।

सँगालो प्रकाशन हुँदै गर्दा यस अदालतका तत्कालीन अध्यक्ष माननीय न्यायाधीश श्री शिवराज अधिकारीज्यूलाई समेत सविनय स्मरण गर्न चाहान्छु। यसै गरी द्वैनन्दिन महत्त्वपूर्ण पृष्ठपोषणसहित सुझाव दिनुहुने सदस्य माननीय न्यायाधीशज्यूहरू क्रमशः श्री अब्दुल अजिज मुसलमान, श्री शान्तिसिंह थापा र श्री चन्द्रबहादुर सारूसहित तत्कालिन माननीय सदस्यद्वय श्री कृष्ण गिरी र डा. रवी शर्मा अर्यालज्यूप्रति हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दछु।

कार्यव्यस्तताका बावजुद पनि सम्पादन समितिमा रहेर आफ्नो ज्ञान, सीप र अनुभव आदान प्रदानका माध्यमबाट महत्वपूर्ण भूमिका खेल्नुहुने सर्वोच्च अदालतका सम्पादक (उपरजिस्ट्रार) श्री ध्रुवकुमार ढकाल एवम् विशेष सरकारी वकील कार्यालयका उपन्यायाधिवक्ता श्री यामबहादुर बानियाँलाई धन्यवाद दिन चाहन्छु। सम्पादन समितिमा रहेर सक्रियरूपमा कार्यसम्पादन गर्नुहुने यस अदालतका उपरजिस्ट्रारद्वय श्री पुष्पराज पाण्डेय र श्री नारद प्रसाद भट्टराई एवम् शाखा अधिकृत श्री गोपी विश्वकर्मा, शाखा अधिकृत श्री रामेश्वर अधिकारी, लेखा अधिकृत श्री दामोदर जोशी, इजलास अधिकृत श्री भूपेन्द्र उपाध्याय, नायव सुब्बा श्री रत्ना घिमिरे, कम्प्युटर अपरेटर श्री गिता घिमिरे गिरी र तामेलदार श्री अच्युत के.सी. लगायत अन्य अधिकृत एवम् कर्मचारीहरू सबैको भूमिकाप्रति उच्च प्रशंसा गर्न चाहान्छु।

सम्पादन समितिमा नरहे तापनि प्रस्तुत सँगालो प्रकाशनको पूर्व तयारीदेखि अन्तिमसम्म सक्रियतापूर्वक सहभागी भै कार्यसम्पादन गर्ने शाखा अधिकृतहरू श्री विनोदप्रसाद अधिकारी, श्री संग्राम सिमखडा, श्री बालकृष्ण लवजू र श्री हिरादेवी पाण्डे एवम् प्रशासन शाखाका नायव सुब्बा श्री मोहनकुमार नेपाल, लेखापाल श्री माधव रिजाल र सर्वोच्च अदालतका कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदीको योगदान उल्लेखनीय छ। पुस्तक प्रकाशनको गहन जिम्मेवारी वहन गर्ने श्री लक्ष्मण रेग्मीप्रति साधुवाद व्यक्त गर्दछु। प्रस्तुत प्रकाशनको शुद्धाशुद्धी एवम् भाषा सम्पादनमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने सर्वोच्च अदालतका भाषाविद् श्री दीनदयाल रेग्मीप्रति कृतज्ञता व्यक्त गर्दछु। साथै प्रस्तुत फैसला संगालोको प्रकाशनमा प्रत्यक्ष एवम् परोक्षरूपमा भूमिका खेल्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्तमा, कोरोनाभन्दा पनि थप भयङ्कर प्रतीत हुने भ्रष्टाचारलाई निवारण गर्ने कार्यमा विशेष अदालतको योगदान अतुलनीय छ। भ्रष्टाचार निवारणको यस महान् अभियानमा उल्लेखनीय भूमिका निर्वाह गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल बार एशोसिएशन र विशेष सरकारी वकील कार्यालयसहित स्वयम् विशेष अदालतसमेतको काम कारवाहीमा प्रस्तुत प्रकाशन उपयोगी हुन सकेमा हाम्रो प्रयासले सार्थकता पाउने छ।

२०७८ असार

अशोक कुमार क्षेत्री
रजिस्ट्रार

सम्पर्क नं. ४२२१७६६,४२४२६३६,४२४१३७४, फ्याक्स नं.:४२१६६५१, info.special@supremecourt.gov.np, Web : http://supremecourt.gov.np/court/specialcourt

विषयसूची

सि. नं.	मुद्दा नं.	मुद्दा	वादी	प्रतिवादी	पृष्ठ
१	०७२-CR-००६४	गैरकानूनी सम्पत्ति आर्जन	नेपाल सरकार	भक्तमान श्रेष्ठसमेत	१-१२
२	०७३-CR-००५९	गैरकानूनी सम्पत्ति आर्जन	नेपाल सरकार	रामहरि फुँयालसमेत	१३-२७
३	०७०-CR-००५१	अनियमितता	नेपाल सरकार	सिताराम प्रसाईसमेत	२८-४२
४	०७२-CR-००२६	अनियमितता	नेपाल सरकार	होमनाथ भट्टराईसमेत	४३-५०
५	०७४-CR-००६४	अनियमितता	नेपाल सरकार	रविन्द्रलाल श्रेष्ठसमेत	५१-७२
६	०७५-CR-०१३४	अनियमितता	नेपाल सरकार	डा. तिलक रावलसमेत	७३-९३
७	०७३-CR-००४४	नक्कली प्रमाणपत्र	नेपाल सरकार	कुशराज गिरी	९४-१०३
८	०७५-CR-०२५७	नक्कली प्रमाणपत्र	नेपाल सरकार	मुन्नी बस्नेत	१०४-१०७
९	०७५-CR-०१०९	घुस/रिसवत	नेपाल सरकार	श्यामकुमार राई	१०८-११७
१०	०७५-CR-०१८९	घुस/रिसवत	नेपाल सरकार	प्रभु गिरीसमेत	११८-१२३
११	०७२-CR-००३५	राज्यविरूद्ध अपराध	नेपाल सरकार	अन्जन के.सी.समेत	१२४-१२८
१२	०७२-CR-००८२	राज्यविरूद्ध अपराध	नेपाल सरकार	सुरेन्द्र शर्मासमेत	१२९-१४३
१३	०६९-CR-०१०४	सम्पत्ति शुद्धीकरण	नेपाल सरकार	गणेश लामासमेत	१४४-१५५
१४	०७२-CR-००७३	सम्पत्ति शुद्धीकरण	नेपाल सरकार	बिनोदकुमार सोनीसमेत	१५६-१६१
१५	०७४-CR-०१०२	सम्पत्ति शुद्धीकरण	नेपाल सरकार	संजयकुमार साहसमेत	१६२-१९८
१६	०७५-CR-००८९	गलत लिखत तयार	नेपाल सरकार	हरीप्रसाद देवकोटासमेत	१९९-२०६
१७	०७४-CR-०१८८	झुठा विवरण पेस गरेको	नेपाल सरकार	दिपेन्द्रकुमार पैकरासमेत	२०७-२१०
१८	०७५-CR-०१६७	झुठा विवरण पेस गरेको	नेपाल सरकार	अनिलकुमार आचार्यसमेत	२११-२१४
१९	०७३-CR-०१३३	परीक्षाको परिणाम फेरबदल	नेपाल सरकार	रामविश्वासप्रसाद शाहसमेत	२१५-२२६

सि. नं.	मुद्दा नं.	मुद्दा	वादी	प्रतिवादी	पृष्ठ
२०	०७५-CR-०२५६	परीक्षाको परिणाम फेरबदल	नेपाल सरकार	सिताराम खनालसमेत	२२७-२३५
२१	०७५-CR-००४८	राजश्व चुहावट	नेपाल सरकार	गौतमराज अमात्यसमेत	२३६-२४१
२२	०७४-CR-००३२	राजश्व रकम हिनामिना	नेपाल सरकार	जनककुमारी रिजालसमेत	२४२-२५३
२३	०६९-CR-००५३	वन मास्ने	नेपाल सरकार	शेखरकुमार यादवसमेत	२५४-२६०
२४	०७३-CR-००१७	सरकारी जग्गा व्यक्तिको नाममा दर्ता	नेपाल सरकार	विश्वकुमार बस्नेतसमेत	२६१-२७८
२५	०७२-CR-००५५	सरकारी रकम हिनामिना	नेपाल सरकार	कोषराज वन्तसमेत	२७९-३२७
२६	०७३-CR-००९८	सरकारी रकम हिनामिना	नेपाल सरकार	नोर्वु वाङ्देल लामासमेत	३२८-३३४
२७	०७६-CR-०१२८	सरकारी रकम हिनामिना	नेपाल सरकार	धनप्रसाद पोखरेलसमेत	३३५-३४०
अनुसूचीहरू					
२८	अनुसूची-१ (विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०६६)				३४१
२९	अनुसूची-२ (आ.व. २०७२/७३ मा प्रकाशित फैसलाहरू)				३४२

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं.१

मुद्दा नं. ०७२-CR-००६४

नि.नं. २८

फैसला मिति : २०७५।७।१३

मुद्दाः भ्रष्टाचार (गैरकानूनी सम्पत्ति आर्जन) ।

वादी : अख्तियार दुरुपयोग अनसन्धान आयोगका तर्फबाट अनुसन्धान अधिकृत सुदर्शन लामिछानेको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनका पूर्व अध्यक्ष तथा सिनियर कन्सल्टेन्ट डा. भक्तमान श्रेष्ठसमेत

- **आय आर्जन गरेको पारिश्रमिक रकमबाट जीवन निर्वाहबापत ३०% रकम छुट्याई बाँकी ७०% रकमलाई आयमा गणना गरी आरोपपत्रबाटै आय निर्धारण भइरहेको देखिँदा र व्ययको हकमा थपघट हुनुपर्ने कुनै जिकिर नरहेकाले खर्च विवरणमा अन्यथा हुने नदेखिने ।**

(प्रकरण नं.१६)

- **राष्ट्रसेवक भई सेवारत अवधिमा आर्जित आयभन्दा व्यय अधिक भई निजको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिँदा निजले राष्ट्रसेवक भई आधिकारिक स्रोतबाट आर्जन गरेको सम्पत्तिभन्दा खर्च अधिक देखिएको रकम के कुन वैधानिक स्रोतबाट आर्जन गरेको हो भन्ने सम्पत्तिको स्रोत तथ्ययुक्त तवरबाट प्रमाणित गरी पुष्टि गर्नु पर्ने ।**

(प्रकरण नं.१७)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री निर्मला शर्मा सुवेदी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल एवम् विद्वान् अधिवक्ताहरू श्री टीकाराम भट्टराई, श्री मदन रेग्मी र श्री अम्बर राउत

अवलम्बित नजिर :

- ने.का.प. २०६८ नि.नं. ८७२२ अङ्क ११ पृष्ठ १८९०
- ने.का.प. २०७२ नि.नं. ९३६६ अङ्क ३ पृष्ट ४५७

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा निम्नानुसारको प्रश्नहरूको निरुपण गर्नुपर्ने देखिन आयो :-
   १. प्रतिवादी भक्तमान श्रेष्ठको समग्र आय व्यय कति हो ?
   २. प्रतिवादी भक्तमान श्रेष्ठले आरोप-पत्रमा उल्लिखित कसुर गरेको देखिन्छ, देखिँदैन ? निज प्रतिवादीलाई आरोप दाबीबमोजिम सजाय हुने हो, होइन ?

२. निर्णयतर्फ हेर्दा, बी.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनमा कार्यरत सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक डा.भक्तमान श्रेष्ठले पेस गरेको सम्पत्ति विवरणअनुसार आ.व. २०६३/६४ देखि आ.व. २०६९/७० सम्मको जाँचअवधिमा जम्मा रु.१,६७,५७,११३।- बराबरको सम्पत्ति निजले के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने वैधानिक स्रोत पुष्टि गर्न नसकी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादी डा. भक्तमान श्रेष्ठलाई बिगो रु. १,६७,५७,११३।- कायम गरी सोही ऐनको दफा २०(२) बमोजिम बिगोअनुरूप जरिवाना र कैद सजाय गरी स्रोत पुष्टि नभएको बिगो सम्पत्ति सोही ऐनको दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुन तथा निजकी श्रीमती शिलु श्रेष्ठका नाममा स्रोत नपुगेको शेयर, जग्गा र ऋण चुक्ता गरेको रकम र छोरीहरूका नाममा रहेको रु.२५,४०,०००।- बराबरको रकम भक्तमान श्रेष्ठको स्रोत खुलेको अन्य सम्पत्तिबाट जफत हुनसमेत दाबी लिई आरोप-पत्र प्रस्तुत भएको देखिन्छ ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा १३ पाने सम्पत्ति विवरण भराए पनि त्यसलाई कानूनी मान्यता दिन मिल्दैन । आयोगले अनुसूचीमा मार्गदर्शनका लागि मात्र राखेकोले १३ पाने सम्पत्ति विवरणकै आधारमा मात्र आय कायम गर्न मिल्दैन भनी प्रतिवादीका तर्फबाट विद्वान् कानून व्यवसायीहरूबाट प्रश्न उठाउनुभएकोले तत्-सम्बन्धमा हेर्दा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(१) र (२) मा बहालवाला राष्ट्रसेवकले प्रत्येक वर्ष आफ्नो आय व्ययको विवरण बुझाउनु पर्ने, नबुझाए त्यसको हुने परिणामसमेत उल्लेख भएको देखिन्छ भने सोही

दफा ३१(क) को उपदफा (३) मा "यस दफाबमोजिम पेस हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ । तर, यस ऐनअन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिनेछ" भन्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३१(३) मा "सार्वजनिक पद धारण गरेको व्यक्तिउपर अख्तियार दुरुपयोग गरेको विषयमा आयोगले छानबिन गर्दा सम्बन्धित निकाय वा अधिकारीबाट सम्पत्ति विवरणको अभिलेख मगाउने वा निजसँग तोकिएको समयसम्मको सम्पत्ति विवरण पेस गर्नका लागि मनासिव समय दिई सम्पत्ति विवरण लिन सकिनेछ" भन्ने र ऐ. नियम ३१(४) मा "यस नियमबमोजिम आयोगलाई प्राप्त जानकारी, सम्पत्ति विवरण वा छानबिन प्रतिवेदनलाई आयोगले उजूरी वा प्रमाणको रूपमा ग्रहण गरी प्रचलित कानूनबमोजिम अनुसन्धान तहकिकात गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेकोले कुनै राष्ट्रसेवकको सम्पत्ति छानबिन अनुसन्धान, तहकिकातको क्रममा निज र निजका परिवारसँग रहेको सम्पत्तिको विवरण माग्न मिल्ने स्पष्ट कानूनी व्यवस्था रहेको हुँदा सोही प्रयोजनार्थ आयोगले सम्पत्ति छानबिन र अनुसन्धानको क्रममा अवलम्बन गरेको विधि र प्रक्रियागत कार्यलाई अदालतबाट अन्यथा भन्न मिल्ने भएन । प्रतिवादी डा.भक्तमान श्रेष्ठले आयोगले दिएको समयावधिभित्र आफ्नो स्वेच्छाले बुझाएको १३ पाने सम्पत्ति विवरणलाई निजले स्वीकार गर्दै त्यसमा उल्लेख नभएको थप आय विवरण अदालत समक्ष बयान गर्दा खुलाइएकोमा निजले पेस गरेको मिसिल संलग्न समग्र प्रमाणको मूल्याङ्कनद्वारा पुष्टि भएमा त्यसलाई अन्यथा मान्ने अवस्था भएन । तर निज प्रतिवादी डा.भक्तमान श्रेष्ठले अदालतमा गरेको बयान र बहसनोटको बेहोरा, रकमको अङ्कमा एकरूपता कायम नभएको र प्रमाणको समग्रताबाट हेर्दा पुष्टि नभएको आयलाई निज प्रतिवादीले बयान जिकिर गरेकै कारणले त्यस्तो आयलाई मान्यता दिन मिल्ने देखिँदैन ।

४. पहिलो प्रश्नको सन्दर्भममा हेर्दा, प्रस्तुत आरोपपत्रको सन्दर्भमा प्रतिवादी भक्तमान श्रेष्ठले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष बयान गर्दा, बी.पि. कोइराला क्यान्सर अस्पताल, भरतपुरमा २०५४ सालदेखि कार्यरत रहेकोमा २०६४ सालमा कार्यकारी निर्देशक र २०६९ सालमा संचालक समितिको अध्यक्ष भई कार्य गरेको हुँ । श्रीमती क्यान्सर अस्पतालमा कार्यरत छिन् । छोरीहरू अध्ययनरत छन् । हाम्रो आयस्रोतमा मेरो र श्रीमतीको तलब, भत्ता, निजी अस्पतालबाट आर्जित रकम, श्रीमतीको दाइजो र दान-दक्षिणा हो । काठमाडौंको गोठाटार, गोंगबु र चितवनको भरतपुर र कल्याणपुरमा स्वआर्जित घर जग्गाहरू छन् । मेरा नाममा नारायणी सामुदायिक अस्पताल, भरतपुरमा २५ लाख, नेपाल पोलिटेक्निक इन्स्टिच्युट, भरतपुरमा ३ लाख ५० हजार तथा चिनारी बचत तथा ऋण सहकारी संस्था, भरतपुरमा ५० हजार र त्रिवेणी विकास बैङ्कमा ६ लाखको शेयर रहेको छ । मेरी श्रीमतीको नाममा चितवन अस्पतालमा २० लाखको शेयर छ। बिभिन्न बैङ्कको

मौज्दातसमेत हाम्रो तलब, भत्ता र निजी अस्पताल, विदेश भ्रमण, जग्गा बिक्रीबाट र ससुरालीबाट प्राप्त सहयोग रकम हो । छोरीहरूको नाममा रहेको बैङ्क मौज्दात दशैं, तिहारलगायतका चाडपर्वहरूमा प्राप्त दक्षिणासमेत हो । निजी सवारी साधन कार रु.६,६५,०००।- मा खरिद गरेको हुँ । १३ पाने विवरण बुझाई सकेपछि त्रिवेणी बैङ्कमा म र श्रीमतीले प्राइम बैङ्क र सुभेच्छा विकास बैङ्कबाट गरी रकम निकाली ५० लाख जम्मा गरेको हो भन्ने समेत बेहोरा उल्लेख गरेका र अदालत समक्ष निजले बयान गर्दा, आम्दानीका स्रोतहरू बी.पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालको तलब, भत्ता, चितवन अस्पताल, नारायणी अस्पताल, विदेश भ्रमणबाट प्राप्त रकम, घरजग्गाको भाडा एवम् सासूससुराबाट प्राप्त आर्थिक सहयोग नै हुन् । प्राप्त आयहरू क्रमशः चितवन अस्पतालबाट रु.२३,१५,१७०।- र रु.११,५१,१४३।-, नारायणी सामुदायिक अस्पतालबाट रु.३१,५४,४७८।-, रु.२९,७७,१५४।- र रु.२८,००,०००।- ऐ.को मिटिङ भत्ता रु.३८,६७५।-, विदेश जापानमा तालिम भ्रमणबाट रु.३,२५,९५०।, यु.आइ.सि.सि. (UICC) भन्ने संस्थाबाट रु.७९,३३३।६०, कृषि उपजबाट रु.१,७०,०००।- र घरभाडा आ.व. ०६३/६४ र ०६४/६५ को रु.७,२०,०००।-, आ.व. ०६५/६६ र ०६६/६७ को रु.७,२०,०००।-, ०६९/७० को रु.३,६०,०००।-, सासूससुराबाट रु.६३,३६,०००।- प्राप्त गरेको हो भन्नेसमेत स.ज. १८ मा उल्लेख गरेका र सोहीबमोजिम आम्दानीका स्रोत एवम् सम्पत्तिको विवरण खुलाएको देखिन्छ ।

५. प्रतिवादी डा.भक्तमान श्रेष्ठकी पत्नी प्रतिवादी शिलु श्रेष्ठले आयोग समक्ष बयान गर्दा, बी.पि. कोइराला क्यान्सर अस्पतालमा २०५५ सालदेखि कार्यरत रहेकी हुँ । मेरा नाममा काठमाडौंको गोठाटारमा रहेको जग्गा दाइजो हो । चितवन, कल्याणपुर र भरतपुरमा रहेको जग्गा मेरो र श्रीमान्को स्वआर्जनको हो । चितवन अस्पतालमा रु.२०,००,०००।- को शेयर रहेको छ । मेरो सुभेच्छा विकास बैङ्कमा रहेको रु.४५,००,०००।- मध्ये रु.४३,००,०००।- त्रिवेणी विकास बैङ्कको हकप्रद शेयर खरिद गर्न श्रीमान्ले चेकमार्फत् त्रिवेणी विकास बैङ्कमा बुझाएको हो भन्नेसमेत बेहोरा उल्लेख गरेकी र अदालत समक्ष निजले, मैले बी.पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालबाट वि.सं. २०५५ सालदेखि प्राप्त तलब, भत्ता, दशैं पेश्की, बिदाको पैसासमेत जम्मा लगभग रु.७०,००,०००।- बुझेको र सोही रकमबाट जग्गाहरू खरिद गरेको हुँ । मेरा आमा-बुबाले पटक-पटक गरी रु.६३,३६,०००।- आर्थिक सहयोग गरेको रकमसमेतबाट खरिद गरेको छु भन्नेसमेत बयान जिकिर गरेको देखिन्छ ।

६. प्रतिवादी डा.भक्तमान श्रेष्ठ मिति २०५४।०४।०१ गतेदेखि बी.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा सेवा प्रवेश गरी मिति २०६४।०५।२६ मा कार्यकारी निर्देशक र मिति २०६९।०४।१७ बाट संचालक समितिको अध्यक्ष भई कार्यरत रहेकोमा विवाद छैन । अख्तियार

दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादी सार्वजनिक पदमा सेवा प्रवेश गरेको मिति २०५४।०४।०१ देखि आयोगले १३ पाने सम्पत्ति विवरण पेस गराएको मिति २०७०।०४।०४ सम्मको समग्र आयव्ययको विवरण पेस गराई छानबिन गरी आरोपपत्रको पृष्ट १८ देखि २५ सम्म आयव्ययको विवरण तालिका नं. १७ मा प्रतिवादी डा.भक्तमान श्रेष्ठको आयव्ययको अवधि आ.व. २०५४/५५ देखि आ.व. २०६९/७० सम्मलाई जम्मा ७ जाँचअवधि कायम गरी प्रत्येक जाँचअवधिको आयव्यय र बढी व्ययको फरक अङ्क निर्धारण गरी सम्पत्तिको जाँचअवधि कायम गरेको देखिन्छ । आ.व. २०५४/५५ देखि आ.व. २०६९/७० सम्मको जाँचअवधिको समग्र आय रु.१,८५,५१,७३८।- र समग्र व्यय रु.३,७९,५८,०७१।- उल्लेख भएकोमा सो जाँचअवधिमा आयको तुलनामा व्ययमा रु.१,९४,०६,३३३।- बढी खर्च देखिएमध्ये आ.व. २०५४/५५ देखि आ.व. २०६१/६२ को बढी खर्च रु.१२,०३,९०९।- र आ.व. २०६२/६३ को बढी व्यय रु.१४,४५,३११।- गरी जम्मा रु.२६,४९,२२०।- बढी व्ययलाई न्यायोचित खर्च मानी कूल व्यय रु.१,९४,०६,३३३।- बाट सो २ अवधिको अधिक खर्च रु.२६,४९,२२०।- छुट दिई घटाई बाँकी जाँच अवधि आ.व. २०६३/६४ देखि आ.व. २०६९/७० सम्मको मात्र अधिक व्यय जम्मा रु.१,६७,५७,११३।- को वैधानिक स्रोत खुल्न नसकेको भनी प्रतिवादी डा.भक्तमान श्रेष्ठउपर बिगो कायम गरेको देखियो । प्रतिवादी डा.भक्तमान श्रेष्ठले आरोपपत्रमा उल्लिखित निज प्रतिवादीको व्यय भएको अङ्क रकमलाई विवाद नजनाएकोबाट उल्लिखित जाँचअवधिको निज प्रतिवादीको खर्च भएको व्ययको अङ्कित खर्चको रकम सम्बन्धमा विचार गरिरहन परेन ।

७. प्रतिवादी डा. भक्तमान श्रेष्ठले अदालतमा बयान गर्दा मूलतः कृषि आय, घरबहाल रकम, निजी अस्पतालहरूमा काम गरेको आय, विदेश भ्रमणको रकम, सासू-ससुराबाट प्राप्त आर्थिक सहयोग र सालोबाट प्राप्त रकमलाई आयमा जोडिनु पर्ने जिकिर लिएको देखियो । प्रथमतः निजको कृषि आयतर्फ हेर्दा, प्रतिवादी डा.भक्तमान श्रेष्ठकी आमा मीश्री श्रेष्ठका नाममा दर्ता कायम रहेका चितवन जिल्ला, गर्दी गा.वि.स. वडा नं. १ कि.नं. ३९२ को क्षेत्रफल ०-६-० कठ्ठा जग्गाको आ.व. २०६३/६४ देखि आ.व. २०६९/७० सम्मको धान, मसुरो र मकैको अनुमानित उत्पादन, बजार दररेट र आम्दानीको विवरणसहित अदालतको आदेशानुसार जिल्ला कृषि विकास कार्यालय, चितवनले पठाएको च.नं. १२१२ मिति २०७५।०३।१८ को पत्रसाथ संलग्न विवरणमा उक्त ७ वर्षको अवधिमा जम्मा रु.२,७७,१७१।८० पैसा बराबरको अन्नबाली उब्जा हुने भनी लेखी आएको देखिन्छ। सरकारी कार्यालयबाट लेखी आएकोले त्यसलाई अन्यथा मान्न सकिएन । निज प्रतिवादी डा.भक्तमान श्रेष्ठको पिता-माता, दाजुभाइ गरी ५ जना सगोलका अंशियार रहेको मिसिलबाट देखिँदा ५ भागको १ भाग प्रतिवादी डा.भक्तमान श्रेष्ठको भागमा पर्ने भई रु.२,७७,१७८।८० लाई ५

भाग लगाउँदा त्यसको १ भागको हुने रु.५५,४३४।- निज प्रतिवादीको भागमा कृषि उपजको आय रकम पर्ने देखिन आयो ।

८. घरभाडा सम्बन्धमा हेर्दा, प्रतिवादी डा.भक्तमान श्रेष्ठले निजका नाममा रहेको काठमाडौं जिल्ला, गोंगबुमा रहेको घर आ.व. २०६३/६४ देखि आ.व. २०६९/७० सम्म मासिक ३०,०००।- का दरले घरवहाल रकम प्राप्त भएको भन्दै प्रमाण स्वरूप घरबहालमा बस्ने भनिएका व्यक्तिको नागरिकताको छायाप्रति पेस गरेको देखियो । घरबहालमा बस्ने भाडेदार व्यक्तिसँगको घरबहालको सम्झौता-पत्र र सो अवधिको घरबहाल कर तिरेको निस्सा पेस गर्न सकेको देखिएन। नागरिकता प्रमाणपत्रको छायाप्रति घरवहालमा बसेको आधार हुनसक्ने भएन ।श्री सर्वोच्च अदालतबाट ने.का.प. २०७२ नि.नं. ९३६६ अङ्क ३ पृष्ट ४५७ मा "कतिपय आयका स्रोत र खर्चको रकम न्यायिक अनुमानबाट पनि यकिन गर्नु पर्ने हुन्छ, बिना प्रमाण आयमा समावेश गर्न पनि नसकिने र आयमा समावेश नगरेमा व्यक्तिलाई मर्का पर्न जाने अवस्थाको विद्यमानता रहेको हुनाले आय र व्ययको रकम निर्धारण गर्दा न्यायिक सद्विवेक प्रयोग हुन जरुरी र सान्दर्भिक हुने" भन्नेसमेत न्यायिक सिद्धान्त रहेको स्थितिमा प्रतिवादी भरतपुर चितवनमा रही, बसी क्यान्सर अस्पतालमा सेवारत रहेकोमा निजको काठमाडौंमा रहेको घर भाडा नलगाई त्यसै खाली राखेको रहेछ भनी स्वभाविक रूपमा मान्न पनि मिल्ने देखिँदैन । प्रतिवादीले घरबहाल रकम उल्लेख गर्दा सबै जाँचअवधिको घरबहाल रकम एकै दरको अङ्क उल्लेख गरेकोलाई बिना प्रमाण सोही अङ्कलाई घरवहाल रकम भनी मान्न मिल्ने अवस्था पनि नहुँदा न्यायिक सदविवेकका आधारमा भाडादर निर्धारण गर्नु नै औचित्यपूर्ण हुने देखियो । यस परिप्रेक्ष्यमा निज प्रतिवादीको घरबहाल दर पहिलो २ वर्षको अवधि आ.व. २०६३/६४ र २०६४/६५ मा मासिक रु.२०,०००।- का दरले २४ महिनाको हुने रु.४,८०,०००।-, दोस्रो २ वर्षको अवधि २०६५/६६ र २०६६/६७ मा मासिक रु. २२,०००।- ले २४ महिनाको हुने रु.५,२८,०००।-, तेस्रो २ वर्षको अवधि २०६७/६८ र २०६८/६९ को मासिक रु.२४,०००।- ले २४ महिनाको हुने रु.५,७६,०००।- र चौथो १ वर्षको अवधि २०६९/७० को मासिक रु.२५,०००।- ले १२ महिनाको हुने रु.३,००,०००।- समेत गरी आ.व. २०६३/६४ देखि २०६९/७० सम्म ७ वर्षको जम्मा रु.१८,८४,०००।- घरबहाल रकम निज प्रतिवादीको प्राप्त हुने अवस्था देखियो ।

९. प्रतिवादी डा.भक्तमान श्रेष्ठले नारायणी सामुदायिक अस्पताल लि.बाट आ.व. २०६५/६६ मा रु.३१,५४,४७८।- आ.व. ०६८/६९ मा रु.२९,७७,१५४।- र आ.व. ०६९/७० मा रु.२८,००,०००।- र मिटिङ भत्ता रु.३८,६७५।- प्राप्त गरेको हुँ भनी अदालतको बयानको स.ज. १८ मा उल्लेख गरेकोमा, निजका तर्फका विद्वान् कानून व्यवसायीहरूबाट प्रस्तुत बहसनोटमा सोही नारायणी सामुदायिक अस्पतालबाट आ.व. २०६३/६४, २०६४/६५ मा रु.४९,९२,६२८।-,

आ.व. २०६५/६६, २०६६/६७ मा रु.४१,६६,५५०।-, आ.व. २०६७/६८ मा रु.११,६५,२६९।-, आ.व. २०६८/६९ मा रु.४४,०२,१२४।- र आ.व. २०६९/७० मा रु.३५,००,०००।- प्रतिवादी डा.भक्तमान श्रेष्ठले प्राप्त गरेका हुन् भनी उल्लेख गरेको देखिन्छ । त्यसरी उल्लेख गरेबमोजिमको रकम निजले प्राप्त गरेका हुन् भन्ने कुनै आधिकारिक प्रमाण पेस गरेको भने पाइएन । वस्तुतः प्रतिवादी डा.भक्तमान श्रेष्ठको अदालतसमक्षको बयानमा उल्लेख गरेको अङ्कभन्दा फरक अङ्क उल्लेख गरी बहसनोटमा निज प्रतिवादीले निजी अस्पतालबाट प्राप्त गरेको रकम आम्दानीको रूपमा प्रस्तुत गरेकोबाट प्रतिवादीको बयान र बहसनोटमा एकरूपता देखिएन। त्यसका अतिरिक्त बहसनोटमा प्रतिवादी डा.भक्तमान श्रेष्ठले उक्त अस्पतालबाट प्राप्त गर्ने रकम निजको पत्नी प्रतिवादी शिलु श्रेष्ठको बैङ्क खातामा जम्मा गरेको भन्नेसमेत बहसनोट जिकिर रहेको छ । प्रतिवादी डा.भक्तमान श्रेष्ठले निजी अस्पतालमा काम गरेको भनिएको पारिश्रमिक निजकै बैङ्क खातामा जम्मा गर्न के कति कारणबाट नमिलेको हो ? सो कुराको कानूनसम्मत आधार बेगर एकाको पारिश्रमिक अर्काको खातामा जम्मा गरेको भन्ने उल्लेख गरेको र त्यसरी जम्मा गर्नु पर्नेसम्मको कारण वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएको स्थितिमा त्यसलाई मान्यता दिन मिल्ने नदेखिँदा प्रतिवादी डा.भक्तमान श्रेष्ठको पारिश्रमिक शिलु श्रेष्ठको नामको बैङ्क खातामा जम्मा भएको भन्ने जिकिरको कुनै औचित्य रहने देखिएन।

१०. प्रतिवादी डा.भक्तमान श्रेष्ठले नारायणी सामुदायिक अस्पतालमा रहने सक्कल ढड्डा रजिस्टरहरू ल्याई इजलासमा देखाउनु भएकोमा सो रजिस्टरबाट निज प्रतिवादीले सो अस्पतालमा गरेको कार्यको उल्लेख भएको देखिए पनि निज प्रतिवादीले कति रकम प्राप्त गरेका हुन् भन्ने सो रजिस्टरबाट देखिन आएन । प्रतिवादी डा.भक्तमान श्रेष्ठले नारायणी सामुदायिक अस्पतालमा कन्सल्टेनको रूपमा काम गरेबापत आ.व. २०६३/६४ देखि आ.व. २०६९/७० सम्म क्रमशः आ.व. २०६३/६४ मा रु.१,५८,१००।-, आ.व. २०६४/६५ मा रु.१,५८,१००।-, आ.व. २०६५/६६ मा रु.३,०६,०००।-, आ.व. २०६६/६७ मा रु.५,१४,२५०।-, आ.व. २०६७/६८ मा रु.५,६१,०००।-, आ.व. २०६८/६९ मा रु.६,१२,०००।-, आ.व. २०६९/७० मा रु.६,१२,०००।- गरी ७ वर्षमा करबाहेक जम्मा रु.२९,२१,४५०।- निज प्रतिवादीले प्राप्त गरेको भुक्तानी रकम र करकट्टि गरी दाखिला गरेको रकमको अङ्कसहित खुलाई च.नं. १७७८२ मिति २०७५।०३।१८ को पत्र, आन्तरिक राजश्व कार्यालय, भरतपुरबाट अदालत समक्ष प्राप्त भएको देखिँदा सो रकमबाहेक निज प्रतिवादीले उल्लिखित कार्यावधिमा निजको बयान जिकिरबमोजिमको पारिश्रमिक सो अस्पतालबाट भुक्तानी प्राप्त गरेको प्रमाणबाट पुष्टि भएको देखिन आएन । निज प्रतिवादीले प्राप्त गरेको पारिश्रमिकको रकमबाट ३०% जीवन निर्वाह खर्च कट्टा गरी बाँकी ७०% रकमलाई आम्दानी मानी आरोपपत्रमा सोहीबमोजिम आय निर्धारण गरेकोलाई अन्यथा मान्नु पर्ने

नदेखिँदा सो पारिश्रमिक बाहेक प्रतिवादीले उक्त अस्पतालबाट रु.३८,६७५।- बैठक भत्ताबापत प्राप्त गरेकोमा ३०% जीवन निर्वाह खर्च कट्टा गरी बाँकी ७०% को हुने रु.२७,०७३।- थप रु.३४००।- बैठक भत्ता प्राप्त गरेको पत्रबाट देखिदा सो रु.३,४००।- को ३०% कट्टा गरी बाँकी ७०% ले रु.२,३८०।- र आन्तरिक राजश्व कार्यालय, भरतपुरको उल्लिखित मिति २०७५।०३।१८ को पत्रानुसार निजले प्राप्त गरेको कर बाहेकको जम्मा रु.२९,२१,४५०।- समेत प्रतिवादी डा.भक्तमान श्रेष्ठले नारायणी सामुदायिक अस्पतालबाट थप आय रकम प्राप्त गरेको देखिन आयो ।

११. प्रतिवादी डा.भक्तमान श्रेष्ठले चितवन अस्पतालबाट रु.२३,१५,१७०।- प्राप्त गरेको, UICC संस्थाबाट रु.७९,३३३।६० पैसा प्राप्त गरेको भनी अदालतसमक्ष बयान जिकिर गरेकोमा, बहसनोटमा आ.व. २०६३/६४, २०६४/६५ मा रु.२३,१५,१७०।- प्रतिवादी डा.भक्तमान श्रेष्ठले काम गरेबापतको रकम प्रतिवादी शिलु श्रेष्ठको बैङ्क खातामा जम्मा गरेको भनी उल्लेख गरेको देखिन्छ । उक्त अस्पतालबाट प्राप्त पारिश्रमिक प्रतिवादी डा.भक्तमान श्रेष्ठको नामको बैङ्क खातामा जम्मा भएको भन्ने देखिएन । निज प्रतिवादी डा.भक्तमान श्रेष्ठले काम गरेको पारिश्रमिक निजकै खातामा जम्मा गर्नु नपर्ने कानूनसम्मत आधार, प्रमाण देखाउन नसकेबाट एकाको पारिश्रमिक अर्काको बैङ्क खातामा दाखिल भएको रकमलाई मान्यता दिनु पर्ने वस्तुनिष्ट प्रमाण प्रस्तुत हुन नसकेबाट निज प्रतिवादीको सो जिकिरलाई मान्यता दिन मिलेन । निज प्रतिवादीले अन्य संघ, संस्थाबाट प्राप्त गरेको रकमसमेत थप आय कायम गरी पाउन जिकिर लिए पनि त्यसको समेत ठोस प्रमाण कागज पेस गर्न सकेको अवस्था छैन । यो जोसँग सम्बन्धित छ भनी लेखेको कागजकै आधारमा निज प्रतिवादीले आय आर्जन गरेको भनी मान्यता दिन मिल्ने नदेखिँदा निज प्रतिवादीको उक्त रकमलाई थप आय मान्न मिल्ने देखिएन ।

१२. जापान अध्ययन भ्रमणमा गएबापत प्राप्त रु.३,२५,९५०।- मेरो आयमा जोडिएन भन्ने निज प्रतिवादीको बयान जिकिरको हकमा हेर्दा, निज प्रतिवादी डा.भक्तमान श्रेष्ठ जापान अध्ययन भ्रमणमा गएबापत उल्लिखित रकम आर्जन गरेको भनी स्पष्ट देखिने कुनै आधिकारिक कागज प्रमाणबाट देखिन आएन । निज प्रतिवादीले आयोगसमक्ष १३ पाने सम्पत्ति विवरण पेस गर्दा जापान भ्रमणबापत रु.६२,४००।- प्राप्त गरेको आय भनी उल्लेख भएकोमा त्यसको ७०% ले हुने रु.४३,६८०।- लाई आरोपपत्रमा नै आय कायम गरेकै देखिँदा अध्ययन भ्रमणमा गएबापत निज प्रतिवादीले रु.३,२५,९५०।- थप रकम प्राप्त गरेको रहेछ भनी मान्न मिलेन।

१३. प्रतिवादी डा.भक्तमान श्रेष्ठको सासू र ससुराबाट आर्थिक सहयोग रकम प्राप्त भएको छ भन्ने बयान जिकिर रहेकोतर्फ हेर्दा, निज प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा रु.६३,३६,०००।- सासू, ससुराबाट आर्थिक सहयोग स्वरूप प्राप्त भएको हो भनी उल्लेख भएको र निजले मुलुकी ऐन, अ.बं.

१३३ नं. बमोजिम कागज गर्दा सासूससुरा र सालोबाट गरी जम्मा रु.७९,३५,७५०।- प्राप्त भएको भनी उल्लेख गरेकोबाट निज प्रतिवादीको भनाइमा तादात्म्य रहेको पाइएन । निज प्रतिवादीलाई निजका सासूससुरा र सालोबाट आर्थिक सहयोग गर्नु पर्नेसम्मको कुनै प्रयोजन प्रतिवादीले खुलाएको पाइँदैन । निज प्रतिवादीको आर्थिक अवस्था हेर्दा प्रतिवादीहरू दुवै सरकारी सेवामा कार्यरत रहेका सबल आर्थिक अवस्थाका छन् । सासूससुराले आर्थिक सहयोग गरेको भन्नेसम्म कारणले बिना प्रयोजन रकम दिए होलान् भन्न सकिने देखिँदैन । प्रतिवादीका ससुरा गणेशकुमार श्रेष्ठ मिति २०५३।०८।१७ मा मा.वि.तृ. श्रेणी शिक्षकबाट अवकास भई मासिक रु.२,७८७।२५ निवृत्तीभरण पाउने अवस्था रहेको र सासू विष्णुलक्ष्मी श्रेष्ठ मिति २०५४।०१।०६ मा मा.वि.तृ. श्रेणीको शिक्षिकाबाट अवकास भई मासिक रु.२,९५३।९६ निवृत्तीभरण पाउने अङ्क तोकिएको पेन्सनपट्टाको छायाप्रतिबाट देखिन्छ । प्रतिवादी डा.भक्तमान श्रेष्ठका नाममा निजकी सासू विष्णुलक्ष्मी श्रेष्ठले मिति २०६६।१०।०८ मा जग्गा खरिद गर्नबापत भन्ने चेकको अर्धकट्टिमा उल्लेख गरी रु.१७,१०,०००।- र रु.१६,००,०००।- गरी जम्मा ३३,१०,०००।- को २ थान चेक काटिएको चेकको छायाप्रतिबाट देखिएको र मिति २०६६।१०।०७ मा प्रतिवादी शिलु श्रेष्ठ र विष्णुलक्ष्मी श्रेष्ठका नाममा संयुक्त रूपमा भरतपुर-६(ग) कि.नं. २८३४ क्षेत्रफल ०-१-५ जग्गा रु.३३,१०,०००।- मा खरिद गरेको भन्ने मौकामा बुझिएका धनञ्जय शर्माको कागजबाट समेत देखिएकाले प्रतिवादीको बयान एवम् मुलुकी ऐन, अ.बं. १३३ नं. बमोजिम गरेको कागजबमोजिम प्रतिवादीलाई आर्थिक सहयोगबापत रकम दिएको नभई जग्गा खरिद गर्दाको रकम भुक्तानी प्रयोजनले दिएको भन्ने चेकको अर्धकट्टिसमेतबाट पुष्टि भइरहेको देखिँदा निज प्रतिवादीले वास्तविक तथ्य छिपाएको समेतबाट निज प्रतिवादीको बयान जिकिर विश्वसनीय देखिन आएन ।

१४. प्रतिवादी डा.भक्तमान श्रेष्ठको सालो पंकज श्रेष्ठले निजका भाञ्जीहरूलाई दिने प्रयोजनले चेक नं. १६६० को रकम विदेशबाट रु.१२,५०,०००।- पठाइदिएको हो भन्नेक विद्वान्हरूको बहस जिकिर रहेतर्फ हेर्दा, निज प्रतिवादीको सालो पंकज श्रेष्ठबाट निजका भाञ्जीहरूका नाममा विदेशबाट रकम प्राप्त भएको प्रमाण प्रतिवादीले पेस गर्न सकेका छैनन् । चेक नं. १६६० को भनिएको चेकको रकम शुभेच्छा विकास बैङ्कका नाममा प्रतिवादी शिलु श्रेष्ठले लुम्बिनी बैङ्कमा बैङ्क दाखिला गरेको बैङ्क भौचरको छायाप्रतिबाट देखिएकाले शुभेच्छा विकास बैङ्कका नाममा प्रतिवादी शिलु श्रेष्ठबाट रकम जम्मा भएकोलाई पंकज श्रेष्ठले निजका भाञ्जीहरूलाई विदेशबाट पठाइदिएको रकम हो भनी मान्न मिलेन । प्रतिवादी डा.भक्तमान श्रेष्ठका छोरीहरू युलिया श्रेष्ठका नाममा सुभेच्छा विकास बैङ्कमा क्रमशः १२,७०,०००।- र रु.१,२५,०००।- तथा लारिसा श्रेष्ठका नाममा सुभेच्छा विकास बैङ्कमा क्रमशः १२,७०,०००।- र रु.१,२५,०००।- का दरले मुद्दती खातामा रकम

जम्मा रहेको आरोपपत्रसमेतबाट देखिँदा पंकज श्रेष्ठले पठाएको भनिएको रकमको अङ्कसँग मेल खाएकोसमेत देखिएन ।

१५. प्रतिवादी शिलु श्रेष्ठका नाममा दर्ता रहेको जिल्ला चितवन, भरतपुर न.पा. वडा नं. ४ कि.नं. २०८६ को क्षेत्रफल ०-३-० जग्गा रु.१५,००,०००।- मा पार्वती न्यौपानेलाई बिक्री गरेको रकम आयमा जोडिएन भन्ने प्रतिवादीको जिकिरको हकमा हेर्दा, सो कि.नं. २०८६ को जग्गा मिति २०६५।०३।०६ मा रु.२१,८५,०००।- मा खरिद गरिएको तथ्य बिक्रेता दिनेश अधिकारीले शुभेच्छा विकास बैङ्कबाट चेकमार्फत भुक्तानी प्राप्त गरेको बेहोरासमेत निज दिनेश अधिकारीको मौकाको कागज एवम् प्रतिवादी डा.भक्तमान श्रेष्ठको मौकाको ततिम्बा बयानमा स्वीकार गरेको देखिन्छ। निज प्रतिवादीको आ.व. २०६३/६४, २०६४/६५ को आय व्यय विवरणमा आयभन्दा बढी व्यय रु.३०,७१,००५।- भएकोले उल्लिखित जग्गा खरिद गरेको अङ्क अनुरूपको रकम सो जाँच अवधिमा बचत नदेखिँदा खरिद रकमकै स्रोत पुष्टि हुन नसकेकोले सो जग्गा बिक्री गर्दाको उक्त रकम आयमा गणना गर्न मिल्ने देखिएन ।

१६. यसरी प्रतिवादी डा.भक्तमान श्रेष्ठ र निजकी पत्नी प्रतिवादी शिलु श्रेष्ठसमेतले आय आर्जन गरेको पारिश्रमिक रकमबाट जीवन निर्वाह बापत ३०% रकम छुट्याई बाँकी ७०% रकमलाई आयमा गणना गरी आरोपपत्रबाटै आय निर्धारण भइरहेको देखिँदा र व्ययको हकमा प्रतिवादीबाट थपघट हुनुपर्ने कुनै जिकिर नरहेकाले प्रतिवादीको खर्च विवरणमा अन्यथा हुने देखिएन । आरोपपत्रमा उल्लिखित आ.व. २०५४/५५ देखि आ.व. २०६९/७० सम्मको समग्र व्यय रु.३,७९,५८,०७१।- भएकोमा आ.व. २०५४/५५ देखि २०६१।०६२ र आ.व. २०६२/६३ को गरी जम्मा बढी खर्च रु.२६,४९,२२०।- भएकोलाई छुट दिएकोले सो रकम घटाउँदा जम्मा व्यय रु.३,५३,०८,८५१।- हुने देखियो । आयको हकमा कूल आय रु.१,८५,५१,७३८।- कायम हुने गरी आरोपपत्रमा दाबी गरिएकोमा, प्रतिवादी डा.भक्तमान श्रेष्ठले थप आय गणना हुनु पर्ने भनी जिकिर गरेमध्ये थप आय हुने देखिएका माथिका प्रकरणहरूमा उल्लेख भएबमोजिम कृषि उपज बापत रु.५५,४३४।-, घरभाडा बापत २०६३/६४ देखि २०६९/७० सम्म ७ वर्षको जम्मा रु.१८,८४,०००।-, नारायणी सामुदायिक अस्पतालबाट कन्सल्टेन शुल्क बापत जम्मा रु.२९,२१,४५०।-, बैठक भत्ताबापत जम्मा रु.२९,४५३।- समेत गरी प्रतिवादी डा.भक्तमान श्रेष्ठको जम्मा रु.४८,९०,३३७।- थप आय कायम हुने देखिएकोले आरोपपत्रले कायम गरेको समग्र आय रु.१,८५,५१,७३८।- मा थप आय रु.४८,९०,३३७।- जोड्दा समग्र आय रु.२,३४,४२,०७५।- र समग्र व्यय रु.३,७९,५८,०७१।- भएकोमा पहिलो र दोस्रो जाँचअवधिको बढी खर्च रु.२६,४९,२२०।- अस्वाभाविक नमानी आरोपपत्रले छुट दिएको रकम घटाउँदा व्यय रु.३,५३,०८,८५१।- कायम हुने देखिन आयो ।

१७. दोस्रो प्रश्नतर्फ हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) मा "प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा निजले मनासिव कारण बिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान दातव्य, उपहार, सापटी, चन्दा वा वकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नुपर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको मानिनेछ" भन्ने र सोही दफा २० को उपदफा (२) मा "कुनै राष्ट्रसेवकले उपदफा (१) बमोजिम गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको प्रमाणित भएमा त्यसरी आर्जन गरेको सम्पत्तिको बिगोअनुसार दुई वर्षसम्म कैद र बिगोबमोजिम जरिवाना गरी त्यसरी आर्जन गरेको गैरकानूनी सम्पत्तिसमेत जफत हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । ने.का.प. २०६८ नि.नं. ८७२२ अङ्क ११ पृष्ठ १८९० मा "गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा यो यस वैधानिक स्रोतबाट आय आर्जन गरेको हो भनी पुष्टि गर्ने दायित्व प्रतिवादी उपर रहने" भन्नेसमेत न्यायिक सिद्धान्त श्री सर्वोच्च अदालतबाट प्रतिपादनसमेत भएको छ । उल्लिखित कानूनी व्यवस्था एवम् न्यायिक सिद्धान्तसमेतको सापेक्षतामा प्रतिवादी डा.भक्तमान श्रेष्ठ राष्ट्रसेवक भई कार्यरत सेवा अवधिमध्ये निजले १३ पाने सम्पत्ति विवरण पेस गरेको मिति २०७०।०४।०४ सम्मको निजको र निजका परिवारको सम्पत्ति आर्जन र खर्चसमेतको परीक्षण गर्दा राष्ट्रसेवक भई सेवारत अवधिमा आर्जित आयभन्दा व्यय अधिक भई निजको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिँदा निजले राष्ट्रसेवक भई आधिकारिक स्रोतबाट आर्जन गरेको सम्पत्तिभन्दा खर्च अधिक देखिएको रकम के कुन वैधानिक स्रोतबाट आर्जन गरेको हो भन्ने सम्पत्तिको स्रोत तथ्ययुक्त तवरबाट निज प्रतिवादी डा.भक्तमान श्रेष्ठले प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको पाइएन। प्रमाण ऐन, २०३१ को दफा २७ (१) मा "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ" भन्ने र सोही ऐनको दफा २८ मा "कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुनेछ भनी कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्ति माथि नै हुनेछ" भन्ने कानूनी प्रावधान रहेकोले प्रतिवादी डा.भक्तमान श्रेष्ठले निजको सम्पत्ति जाँचअवधिमा आफ्नो व्ययभन्दा आय बढी छ भनी बयान जिकिर लिएपनि सो तथ्य मिसिल संलग्न निजले पेस गरेका कागज प्रमाणबाट सम्पुष्टि हुन सकेको देखिएन । प्रतिवादी डा.भक्तमान श्रेष्ठको आरोपपत्रले निर्धारण गरेको निजको सम्पत्तिको परीक्षण अवधिको आय रु.१,८५,५१,७३८।- (एक करोड पचासी लाख एकाउन्न हजार सात सय अठ्तीस रुपैयाँ) कायम गरेकोमा निजको थप आय रु.४८,९०,३३७।- (अठ्चालीस लाख नब्बे हजार तीन

सय सैतीस रुपैयाँ) कायम हुने भई सो आय जोड्दा कूल आय रु.२,३४,४२,०७५।- (दुई करोड चौतीस लाख बयालीस हजार पचहत्तर रुपैयाँ) हुने र व्यय रु.३,५३,०८,८५१।- (तीन करोड त्रिपन्नला ख आठ हजार आठसय एकाउन्न रुपैयाँ) कायम भएकोबाट सो अवधिको आयभन्दा बढी व्यय रु.१,१८,६६,७७६।- (एक करोड अठार लाख छैसठ्ठी हजार सात सय छैहत्तर रुपैयाँ) देखिँदा सो रकम बराबरको सम्पत्ति आरोप दाबीबमोजिम निजले गैरकानूनी रूपमा आर्जन गरेको हुँदा प्रतिवादी डा.भक्तमान श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसुर गरेको सम्पुष्टि भएकोले निज प्रतिवादीलाई आरोप दाबीबमोजिम सजायसमेत हुने देखिन आयो।

१८. तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी भक्तमान श्रेष्ठउपर रु.१,६७,५७,११३।- बिगो कायम गरी आरोपपत्र प्रस्तुत भए तापनि निज प्रतिवादीको सम्पूर्ण जाँच अवधिमा आरोपपत्रमा दाबी लिइएको भन्दा रु.४८,९०,३३७।- थप आय भएको देखिँदा आरोपपत्रमा दाबी लिएको बिगोमा सो आय रकम घटाउँदा हुन आउने बिगो रु.१,१८,६६,७७६।- (एक करोड अठार लाख छैसठ्ठी हजार सात सय छैहत्तर रुपैयाँ) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको देखिएकाले निज प्रतिवादीलाई सोही ऐनको दफा २०(२) बमोजिम बिगोबमोजिम जरिवाना र कैद वर्ष १(एक) हुने र गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति सोही ऐनको दफा ४७ बमोजिम एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम निज प्रतिवादीहरू भक्तमान श्रेष्ठ र शिलु श्रेष्ठ एवम् निज प्रतिवादीहरूका छोरीहरू युलिया श्रेष्ठ र लारिसा श्रेष्ठका नाममा रहेका घरजग्गा, शेयरहरू, बैङ्क मौज्दात र सवारी साधनसमेतका सम्पत्तिबाट जफतसमेत हुने ठहर्छ । अरुमा आरोप दाबी पुग्न सक्दैन ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः टीकाराम आचार्य

इति संवत २०७५ साल कार्तिक १३ गते रोज ३ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द

सदस्य माननीय न्यायाधीश श्री चण्डीराज ढकाल

फैसला

इजलास नं. १

२०७३ सालको मुद्दा नं. ०७३-CR-००५९

नि.नं. ०९

फैसला मिति : २०७५।५।१

मुद्दाः– भ्रष्टाचार (गैरकानूनी रूपमा सम्पत्ति आर्जन)

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट अनुसन्धान अधिकृत हरिप्रसाद रेग्मीको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : रामहरि फुँयालसमेत

- **आयोगले प्रतिवादीको आय र व्ययसमेत जाँच अवधिभित्र नै भएको देखिँदा त्यसलाई प्रतिवादीको आयमा मात्र नभै व्ययमा समेत गणना गर्नुपर्ने ।**

(प्रकरण नं.५८)

- **आयोगले मान्यता प्रदान गरेको सम्पत्तिमा प्रतिवादीको वैध स्रोत प्रमाणित भएको नदेखिँदा प्रतिवादीले आरोप दाबीबमोजिम हदसम्मको कसुर गरेको पुष्टि हुन आउने ।**

(प्रकरण नं.८)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री निर्मला शर्मा सुवेदी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री सुवास आचार्य

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा देहायका कुरामा निर्णय दिनुपर्ने देखियोः-

(क) आयोगका तर्फबाट गरिएको प्रतिवादीको सम्पतिको जाँच अवधि उपयुक्त छ वा छैन ?

(ख) प्रतिवादीको व्यय भनी आयोगका तर्फबाट कायम गरिएको विगो मनासिव छ वा छैन ?

(ग) आय तथा व्ययको विश्लेषणबाट प्रतिवादीका साथमा स्रोत नखुलेको सम्पति देखिन्छ वा देखिदैन ?

(घ) आरोप दाबीबमोजिमको कसुर प्रतिवादीले गरेको देखिन्छ वा देखिँदैन र गरेको हो भने के कस्तो सजाय गर्न उपयुक्त हुने हो ?

२. प्रथम प्रश्नतर्फ विचार गर्दा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट प्रतिवादी रामहरि फुयालको आयव्यय गणना सम्बन्धी जाँच अवधिलाई आ.व. २०५२।०५३ देखि २०५९।०६०, २०६०।६१ देखि २०६४।६५ र २०६५।६६ देखि २०७१ फागुन मसान्तसम्म गरी ३ चरणमा वर्गीकरण गरेको पाइन्छ। प्रतिवादीहरूले उक्त अवधिका सम्बन्धमा खासै विवाद गरेको देखिन आउँदैन। तथापि, यी प्रतिवादी रामहरि फुयाल २०५२।६।४ मा विदुर नगरपालिकामा सेवा प्रवेश गरेको भएपनि सो अवधिभन्दा पूर्वदेखि आफूले रामभक्त कन्सट्रक्सनमा कार्य गर्दाको आय गणना नगरिदिएको भन्ने जिकिर लिएको देखिन्छ। उक्त अवधिमा सो कन्सट्रक्सनमा प्रतिवादीले कार्य गरेको भन्ने निजले प्रमाणको रूपमा पेस गरेको सो कन्सट्रक्सनबाट प्राप्त पत्रबाट देखिएको छ। त्यसकारण प्रतिवादीको ३ चरणको वर्गिकरण गरी जाँच अवधि कायम गरेको आयोगको कार्य अन्यथा नदेखिए पनि पारिश्रमिक आयको सम्बन्धमा भने मिति २०५०।१।१ देखि नै काम गरी आएको भन्ने रामभक्त कन्सट्रक्सनबाट लेखिआएको र सो कुरालाई अभियोजन पक्षबाट अन्यथा पुष्टि गर्न सकेको नदेखिदा उक्त आयका हदसम्म सोही अवधिबाट आय गणना गर्न उपयुक्त हुने देखियो।

३. दोस्रो प्रश्नतर्फ विचार गर्दा, आयोगले प्रतिवादीको कूल व्यय रु.८,०२,०२,८२४।७७ कायम गरेकोमा का.जि.का.म.न.पा.वडा नं.१६ स्थित कि.नं. २८६ को जग्गा र भुइँतलाको घरसमेत नानीछोरी मुनिकारबाट मिति २०६२।१२।४ मा खरिद गरेको भन्ने प्रतिवादीको बयान रहेको र सोहीबमोजिम निजतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर रहेको पाइन्छ। प्रतिवादीकाहरूतर्फबाट पेस भएको मिसिल सामेल पारित लिखतको प्रमाणित उतार अवलोकन गर्दा माथि उल्लिखित कि.नं.को जग्गा र भुइँतलासहितको घर उक्त मितिमा प्रतिवादीको नाममा प्राप्त भएको देखिन्छ। पहिल्यै बनिसकेको भुइँतला र पछि थपेको साढे तीन तलासमेतको कूल मूल्य रू.१,०५,५२,८७६।- आयोगका तर्फबाट कायम गरिएको र प्रतिवादीले भुइँतलाको बिगोमात्र करिब ४० लाख दाबी गरेकोमा आयोग र प्रतिवादी दुबैको सो हदसम्मको दाबी जिकिर मनासिव

देखिएन। प्रतिवादीले घर र जग्गासहित मिति २०६२।१२।४ मा रु.१७,२८,०००।- मा खरिद गरेकोले २०७१।७२ मा गरिएको मूल्याङ्कनमा सोहीबमोजिमको भुइँतलाको विगो मात्र पनि उपयुक्त हुने देखिएन। त्यसैले, आयोगले आ.व. ०६९।७० मा निर्माण सम्पन्न भएको साढे चार तला घरको कूल मूल्याङ्कन रू.१,०५,५२,८७६।- व्यय कायम गरेकोमा भूइँतलाको हकमा पहिले नै निर्माण भइसकेको देखिँदा त्यसबापत आयोगले सो तलासमेतको निर्माणमा गणना भएको खर्च रकमको न्यायोचित अनुमान गर्दा रु.३२,००,०००।- प्रतिवादीको कूल व्ययमा घटाई निजको जम्मा व्यय रकम रु.७,७०,०२,८२४।- मात्र कायम गर्न उपयुक्त हुने देखियो।

४. तेस्रो प्रश्नतर्फ विचार गर्दा, वादीको सम्पत्तिको स्रोत २६.३ रोपनी पैतृक जग्गा जमिनको अलावा कृषि, कुखुरा पालन, तलब भत्ता, घर बहाल, घरजग्गा खरिद बिक्री, विदेशबाट सालासहितले पठाएको रकम आदिलाई भनिएको पाइन्छ । समग्रमा आयोगका तर्फबाट दाबी लिइएको प्रतिवादीको सम्पत्तिको आय व्ययको अवस्था देहायको तालिकामा देखाइएको छः-

तालिका नं.२८

सि.नं.	आय		सि.नं.	व्यय	
	विवरण	रकम रु.		विवरण	रकम रु.
१	रामहरिको तलब आय	१८,६३,२११।९८	१	घर निर्माण	२,२४,७२,३२६।३४
२	शोभाको तलब तथा व्यवसाय कन्सलटेन्सीको आय	१५,१५,०८९।१०	२	मेट्रो डिजाईनर्स फर्ममा लगानी	१,००,०००।-
३	ऋण सापटी आय	२,१३,४६,४००।-	३	ऋणको सावाँ व्याज भुक्तानी	१,७८,७९,९७१।९८
४	घर जग्गा बिक्री आय	२,५६,८२,१००।००	४	घर जग्गा खरिद	३,३१,१७,५००।-
५	बिमा म्याचुरिटीबाट आय	१५,२१,२२५।-	५	बिमा प्रिमियम	१०,६१,९१७।-
६	कुखुरा पालन आय	२,७३,२००।२५	६	शेयर खरिद	२५,००,०००।-
७	कृषि आय	६,९२,२६५।६८	७	रजिष्ट्रेशन दस्तुर	७,६७,५५६।-
			८	पूजीगत लाभकर	३,४६,७४५।-
			९	सवारी साधन खरिद	१२,७९,०००।-
			१०	विद्युतीय समान खरिद	१,३०,०००।-
			११	बैङ्क मौज्दात	४,९७,८०८।४५
			१३	नगद	५०,०००।-
जम्मा		५,२८,९३,४९२।०१	जम्मा		८,०२,०२,८२४।७७
श्रोत पुष्टि हुन नसकेको सम्पत्ति					(२,७३,०९,३३२।७६)

५. उपरोक्त तालिकाबाट प्रतिवादीको आय रू. ५,२८,९३,४९२।०१ र व्यय रू.८,०२,०२,८२४।७७ भनी कूल रू.२,७३,०९,३३२।७६ मा श्रोत नखुलेको भनिएकोमा प्रश्न नं. २ मा विश्लेषण गरेमुताबिक आयोगले कायम गरेको भुइँतला घर निर्माणबापतको व्ययमा रू ३२,००,०००। घटाउँदा प्रतिवादीको कूल व्यय रु. ७,७०,०२,८२४।- मात्र कायम हुने देखियो। अव आयोगले व्यय भनी दाबी गरेको र प्रतिवादीले थप आय भनी जिकिर गरेको जाँच अवधिको बिभिन्न शीर्षकअनुसारको आयव्यय विश्लेषण गर्दा निज प्रतिवादीको आय व्ययको स्थिति देहायअनुसार रहेको देखिन आयोः-

(क) तलबः

रामहरि फुयालको तलब आय भनी रु.१८,६३,२११।९८ र शोभा सिम्खडाको तलब तथा व्यवसायको आय रु.१५,१५,०८९।१० आयोगबाट गणना गरिएकोमा त्यसतर्फ प्रतिवादी र निजतर्फका कानून व्यवसायीसमेतले विवाद गरेको देखिएन । तथापि, प्रतिवादीतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले यी प्रतिवादीको घर काठमाडौँ उपत्यकामा भएको, २६.३ रोपनी जग्गा जमिन भई सम्पन्न परिवारको भएकोले अरुको जस्तो काठमाडौँमा घर भाडामा लिई बस्नु नपर्ने भएकोले निजको जीवन निर्वाह खर्चबापत २०% र श्रीमती शोभा फुयाल सिमखडाको १०% मात्र गरी ३०% मात्र कट्टी गरिनु पर्दछ भन्ने बहसको मुख्य जिकिर रहेको छ। काठमाडौँ उपत्यकामा बस्ने व्यक्ति सम्पन्न हुने भएकोले निजको हकमा जीवन निर्वाह खर्च कम र उपत्यका बाहिर घरजग्गा जमिन हुने व्यक्तिको जीवन निर्वाह खर्चमा बढी लाग्ने भनी अर्थ गर्न मिल्दैन। काठमाडौँ बाहिर करोडौंको घरजग्गा, जमिन हुने र भाडामा लगाई काठमाडौँ बस्ने व्यक्तिको यस ठाउँमा घर तथा जग्गाजमिन नहुन सक्छ। यस स्थितिमा काठमाडौँ उपत्यकामा घरजग्गा जमिन भएकै कारणबाट यी दुईजना पतिपत्नी नाताका प्रतिवादीहरूको आयमा ३०% र अन्य प्रतिवादीहरूको आयमा ६०% प्रतिशत पारिश्रमिकबाट जीवन निर्वाह खर्च गणना गर्नुपर्ने भन्ने जिकिरलाई मनासिव मान्न नमिलेकोले प्रतिवादी र निजतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन। पतिपत्नी दुबैको पारिश्रमिकको आयआर्जन देखिएको स्थितिमा सम्मानित सर्वोच्च अदालतबाट बिभिन्न मिति र समयमा प्रतिपादित कानूनी सिद्धान्तसमेतको आधारमा जीवन निर्वाह खर्चबापत दुवैको आम्दानीबाट ३०% का दरले कटौती गर्नुपर्ने देखियो ।

(ख) खाना तथा खाजा खर्चः

प्रतिवादीले खाना तथा खाजा खर्चबापत बिभिन्न मितिमा काठमाडौँ महानगरपालिकाबाट जम्मा रु.३,४१,६५७।- बुझेको भन्ने मिति २०७४।३।२५ को का.म.न.पा.को पत्रबाट देखिएकोमा सो रकमलाई आयोगले प्रतिवादीको आयमा गणना नगरेकोमा विवाद देखिएन। रु.३,४१,६५७।- बुझेको देखिएको, तर त्यसलाई आयमा गणना नगरिदिएको भन्ने पुष्टि हुन आएकोले जीवन निर्वाहको

निमित्त उक्त रकमको ३०% खर्च कटाउँदा जम्मा रु.२,३९,१६०।- प्रतिवादीको थप आय मान्नु पर्ने देखियो।

(ग) घर बहाल बापतको आय :

प्रतिवादी रामहरि फुयालको काठमाडौं उपत्यकाभित्र निर्माण गरेको भनिएका घरमध्ये कि.नं. ६६६ निजले मिति २०५८।१२।२८ मा र कि.नं. १०७३ को घर जग्गा मिति २०७०।१।९ मा इन्दिरा गैरेलाई बिक्री गरेकोमा सो घरहरूबाट घरभाडा बुझेको भनी बिक्री गरिसकेका घरहरूको आ.व.२०७२।७३ मा बहालकर बुझाई घरभाडातर्फको दाबी गरेको देखियो। प्रतिवादीले माथि उल्लिखित घर भाडामा लगाएको भन्ने तत्कालीन अवस्थाका ठोस र वस्तुनिष्ट प्रमाण केही पेस गरेको देखिँदैन। आफूले पहिले नै बिक्री गरिसकेको घरबाट घरभाडा बुझ्ने गरेको थिएँ भनी पछिल्लो अवधिमा कर बुझाएका प्रमाण पेस गरी प्रतिवादी र प्रतिवादीतर्फका विद्वान् कानून व्यवसायीहरूले थप आयतर्फ लिनुभएको बहस जिकिर मनासिव नदेखिँदा त्यसमा सहमती हुन सक्ने अवस्था रहेन ।

तथापि कि.नं. २८६ को जग्गा र सो जग्गामा रहेको भूइँतले घर प्रतिवादीले नानीछोरी मुनिकारबाट मिति २०६२।१२।४ मा खरिद गरेको भन्ने राजिनामाको पारित लिखतबाट देखियो। सो जग्गा अद्यापि प्रतिवादीको स्वामित्वमा रहेको र त्यसमा साढे ३ तला थप गरेको भन्ने पनि पुष्टि हुन आएको छ। उक्त घरको भुइँतल्ला खरिद गर्दाकै बखतमा मौजुद रहेको र बाँकी साढे ३ तला आ.व. २०६७।०६८ देखि ०६९।७० को अवधिमा निर्माण सम्पन्न गरेको भन्ने देखियो। यस स्थितिमा यो जग्गामा रहेको घरको पनि भाडा बुझेको भन्ने वर्षवर्षको कर तिरेबुझाएको नदेखिई आ.व. २०७२।७३ मा मात्र बहालकर बुझाएको देखिन्छ। तर पनि सो घरजग्गा हालसम्म प्रतिवादीका स्वामित्वमा मौजुद रहेको र यी प्रतिवादीले सो घर जग्गा खरिद गरी भाडामा लगाएको भनी आ.व. २०६२।०६३ देखि २८ महिनासम्म रु.४,२०,०००।- र सो अवधिपछि उक्त कित्तासमेतका कि.नं. २८ र ३६९ समेतका घर जग्गाबाट रु.२७,८०,०००।-, कि.नं. ३७५ र कि.नं. ३७० का घरको रु.८,७०,०००।- सहित रु.४०,७०,०००।- घरभाडाबापतको रकम माग गरी थप तला र घरबापतको आयकरसमेत दाखिला गरेको देखिन्छ। प्रतिवादीको कि.नं. २८६ बाट कायम भएका कि.नं. ३७६ र ३७८ को साढे ३ तल्ला आ.व. २०६९ सालमा मात्र सम्पन्न भएको भन्ने प्रतिवादी कै भनाईबाट पुष्टि हुन आएको छ। यस स्थितिमा माथि उल्लिखित कि.नं. का घर जग्गा आरोप दाबी प्रस्तुत हुँदाका बखतसम्म प्रतिवादीकै स्वामित्वमा रहेको, त्यस बापत करसमेत दाखिला गरेको, काठमाडौको महत्वपूर्ण स्थानमा निर्माण गरिएका घर र प्रतिवादीको स्वामित्वमा रहेका घरको सङ्ख्यासमेतलाई विचार गरी तत्कालीन बजार मूल्य, घर डेराको भाडा, प्रतिवादीबाट भएको दाबी र अभियोजन पक्षले घरभाडाबापत आय नै गणना नगरी दिएको

अवस्थासमेतको न्यायोचित अनुमान गरी प्रतिवादीको घरभाडा बापत रु. २१,९०,०००।- आय कायम गर्न उपयुक्त हुने देखियो ।

(घ) नक्सा डिजाइन बापतको खर्चः

आ.व. ०६१।६२ देखि आ.व. ०६४।६५ सम्म शोभा सिंखडाले निजको नाममा रहेको मेट्रो डिजाइनरको नामबाट ३८९ थान र निजको व्यक्तिगत डिजाइनबाट १०२ थान गरी ४९१ थान नक्सा डिजाइन गरे बापत रु.६,०००।- का दरले २९,४६,०००।- हुने देखिन आयो। आ.व. ०६५।६६ देखि ०६९।७० सम्म ४३७ थान नक्सा डिजाइनको प्रतिथान रु.७५००।- का दरले रू.३२,७७,५००।- र ०७०।७१ देखि २०७१ फागुनसम्मको नक्सा थान १२४ को रु.१०,०००।- का दरले रु.१२,४०,०००।- सहित रू.४५,१७,५००।- सहित जम्मा रु.७४,६३,५००।- को दाबी गरेको देखिन्छ। यस सम्बन्धमा आयोगका तर्फबाट प्रतिवादीको कुनै आय कायम गरेको र प्रतिवादीले सोबापत कर तिरेको पनि देखिँदैन। तथापि, काठमाडौं महानगरपालिकाका बिभिन्न मितिका पत्रहरूबाट प्रतिवादीले जिकिर लिएअनुसार नै र निजबाट नक्सा ड्रोइङ गरिएका व्यक्तिहरूको नामथरसहितको विवरण प्राप्त भएकोमा बिवाद देखिदैन। प्रतिवादीका पतिपत्नीले नै इन्जिनियर विषयमा विशेषज्ञता हासिल गरेको परिप्रेक्ष्यमा नक्सा ड्रोइङबाट आम्दानी गरेको कुरालाई बेमनासिव मान्न मिल्ने देखिएन। यस स्थितिमा प्रतिवादीले नक्सा डिजाइनिङबापत रु.७४,६३,५००।- को दाबी गरे तापनि पहिलो अवधिको प्रति नक्साको रु.६,०००।- मनासिव नै देखिए पनि दोस्रो र तेस्रो अवधिको ७,५००।- र १०,०००।- प्रतिनक्सा भन्ने जिकिर मनासिव नदेखिएकोले दोस्रो र तेस्रो अवधिको प्रतिनक्सा रु.६५००।- का दरले ३६,४६,५००।- समेत रु.६५,९२,५००।- हुनेमा यसबाट ३०% जीवन निर्वाह खर्च र कार्यालय सञ्चालन खर्च २०% सहित ५०% खर्च कटाउँदा कायम हुन आउने रु.३२,९६,२५०।- प्रतिवादीको थप आय कायम हुनुपर्ने देखियो।

(ङ) घर निर्माणमा छुट :

प्रतिवादी रामहरि फुयालले कि.नं. १०७३ को जग्गामा दुईतलाको घर, कि.नं. २५३५ र २५३६ मा भुइँतले घर, कि.नं. ३६९, ३७६ र ३७८ तथा कि.नं. ३७५ र ३७७ समेतमा घर निर्माण गरेको भन्ने देखिएको छ। उक्त घरहरूमध्ये कि.नं. ३६९, ३७६ र ३७८ मा साढे ४ तला घर निर्माण गरेको भनी रु.१,०५,५२,८७६।- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिवादीको व्यय कायम गरेको देखिन्छ, तापनि उक्त कि.नं. ३७६ र ३७८ का जग्गा साविक कि.नं. २८६ बाट कायम भएकोमा विवाद देखिएन। कि.नं. २८६ को घरजग्गा प्रतिवादी शोभा सिम्खडा फुयालले २०६२।१२।४ मा भुइँतलाको घरसहित नानीछोरी मुनिकारबाट रु.१७,२८,०००।- मा खरिद गरेको देखिन्छ। यसरी भुइँतला प्रतिवादीले निर्माण नै नगरेकोमा सोसहित प्रतिवादीको

उक्त कित्तामा बनाएको घरको व्यय कायम गरिएको छ। प्रतिवादीले घर खरिद गर्दाकै बखतमा निर्माण भएको कि.नं. २८६ मा बनेको भुइँतलासमेत समावेस गरेको मनासिव नदेखिएकाले उक्त घरको मूल्यको समग्र अवस्था विचार गर्दा भूइँतलाको न्यायोचित मूल्याङ्कन गरी रु.३२ लाख रु.१,०५,५२,८७६।- मा घटाई सो घर निर्माणमा प्रतिवादीको व्यय रु.७३,५२,८७६।- कायम गर्न उपयुक्त हुने भनी माथिको प्रकरणमा प्रतिवादीको व्ययबाट रू.३२,००,०००।- घटाइसकिएको हुँदा कि.नं. १०७३, २५३५, २५३६, ३७६, ३७८ तथा ३७५ र ३७७ समेतका जग्गामा घर निर्माणबापत रु.१,७७,७२,३२५।- खर्च भएको देखिँदा त्यसबाट ओभरहेड कष्ट र ठेक्काकरसहितको २०% व्यक्तिले निर्माण गर्दा नलाग्ने हुँदा सोबापत रु.३५,५४,४६५।- प्रतिवादीको व्ययमा कम हुने देखिँदा प्रकारान्तरले निजको आयमा उक्त रकम थप भएको मान्नु पर्ने देखियो।

(च) विदेशबाट प्राप्त रकम :

प्रतिवादी शोभा फुयाल सिंखडाका नाममा बेलायतबाट विनोद विकास सिंखडाले हिमालयन बैङ्क र एभरेष्ट बैङ्कमा पठाएको क्रमशः रु.३३,३१,११४।- र १५,५६,९४४।- आयमा गणना नगरिदिएको भन्ने प्रतिवादी र निजतर्फका कानून व्यवसायीहरूको बहस जिकिर रहेको पाइन्छ। यस सम्बन्धमा माथि उल्लिखित बैङ्कहरूमा विनोद विकास सिंखडाले रकम पठाएको भन्ने कुरामा विवाद देखिँदैन। तथापि, प्रतिवादी रामहरि फुयालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गरेको १३ पाने सम्पत्ति विवरण फाराम अवलोकन गर्दा बेलायतमा बसेका साला विनोद विकास सिंखडाले हिमालयन बैङ्कमा रहेको शोभा सिम्खडाको खातामा पठाएको रकम श्रीमतीको बाबुआमालाई खर्च गर्ने प्रयोजनको लागि मात्र प्राप्त भएको भनी उल्लेख गरेको देखिन्छ। यसरी सम्पत्ति विवरण पेस गर्दाको बखतमा नै प्रतिवादीले हिमालयन बैङ्कको खातामा प्राप्त भएको रकम आफ्ना सासूससुरा अर्थात् शोभा सिम्खडाका मातापिताको व्यक्तिगत प्रयोजनको लागि पठाउने गरेको भनी लेखेर स्वीकार गरिसकेको अवस्थामा हाल आएर सो रकम आफ्नो व्यक्तिगत ऋण तिर्ने प्रयोजनमा खर्च गरेको हुँ भन्न प्रतिवादीलाई प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विबन्धनको सिद्धान्तबाट समेत रोक लाग्ने देखियो। त्यसकारण हिमालयन बैङ्कको शोभा सिंखडाको खातामा आएको रकम आफ्नो आय हो भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुने स्थिति भएन।

जँहासम्म एभरेष्ट बैङ्कको खातामा जम्मा भएको रकमसम्बन्धी विषय छ, प्रतिवादीले १३ पाने सम्पत्ति विवरण फाराम भर्दा पछि फिर्ता गर्नेगरी आफ्नो व्यक्तिगत ऋण तिर्ने प्रयोजनार्थ खर्च गरेको भनी लेखाएको देखिएको, तर सोबापतको रकम प्रतिवादीले फिर्ता गरिसकेको भन्ने नदेखिँदा त्यसलाई प्रतिवादीको व्ययमा खर्च भइसकेको मान्नुपर्ने अवस्था देखिन आएन। त्यसकारण एभरेष्ट बैङ्कमा विनोद विकास सिम्खडाले पठाएको रकमलाई भने प्रतिवादीको आयमा समावेश गर्नु पर्ने

प्रकृतिको देखिन आयो। प्रतिवादीले रु.१५,५६,९४४।- प्राप्त भएको भन्ने जिकिर लिएपनि निजको खातामा रु.१४,८६,७४६।- जम्मा भएको भनी सो बैङ्कका तर्फबाट बैङ्क स्टेटमेण्ट समेतको विवरणमा लेखी आएकोले उक्त बैङ्कमा जम्मा भएको रकम पनि प्रतिवादीको जिकिरअनुसारको रहेछ भनी विश्वास गर्न सकिने अवस्था नभएकोले उक्त शीर्षकमा रु.१४,८६,७४६।- मात्र प्रतिवादीको थप आय कायम गर्नुपर्ने देखियो।

(छ) घरजग्गा बिक्री बापतको आय :

यस मुद्दामा प्रतिवादीको घरजग्गा बिक्रीबापतको आय सबैभन्दा बढी विवादित देखिएको छ। प्रतिवादीले कि.नं. ४२० को जग्गा रु.६,२५,०००।- लिखतमा उल्लेख भएपनि रु.२५,००,०००।- मा बिक्री गरेकोले सोबमोजिमको आय कायम हुनुपर्ने, कि.नं. २२४ र ४७९ लिखतमा रु.१५,७७,०००।- मात्र भएपनि रु.४२,५०,०००।- मा बिक्री गरेको हुँ भन्ने जिकिर लिएकोमा कि.नं. ४२० को हकमा प्रमाण स्वरूप २५ अक्टोबर, २००५ मा रु.१५,५५,०००।-, २६ अक्टोबर, २००५ मा रु.६,००,०००।- शोभा सिम्खडाको नामको खातामा जम्मा भएको रकमलाई आधार बनाइएको छ। शोभा सिम्खडाको खातामा पृथकपृथक मितिमा रकम जम्मा भएको देखिएबाट विवादित जग्गाको मूल्य रु.२५ लाख हो भन्ने प्रतिवादीको जिकिर पुष्टि हुन सक्दैन। फेरि यही कित्ताको सम्बन्धमा रु.३,००,०००।- बैनाबट्टा हुँदाको दिन कारोबार भएको भन्ने उल्लेख गरेको देखिन्छ। प्रतिवादीको यी सम्पूर्ण कारोबारलाई साँचो मान्दा पनि जम्मा रु.२४,५५,०००।- मात्र प्रतिवादीले पाएको देखिँदा २५ लाख बुझेको भन्ने प्रतिवादीको जिकिर पुष्टि भएको देखिएन। फेरी कि.नं. २२४ र ४७९ का जग्गाको हकमा पनि बिक्री गरेको दिन १३,३०,०००।- नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्सको खातामा ऋण तिर्न, सोही दिन र त्यसको तेस्रो दिन क्रमशः २३,५०,०००।- र रु.६,३०,०००।- रामहरिको नविल बैङ्कको खातामा रु.४२,५०,०००।- जम्मा गरेको भनेकोमा एकातर्फ सोही प्रयोजनका लागि उक्त रकम दिएको भन्ने प्रमाणित हुँदैन भने अर्कोतर्फ प्रतिवादीले दिएको हिसाब विवरणबाट रु.४३,१०,०००।- हुने भएकोले उक्त भनाइ पुष्टि हुन सकेको देखिएन ।

त्यसैगरी कि.नं. ४४९२ को जग्गा लिखत मूल्य रु.२,२५,०००।- भएपनि १५ लाखमा बिक्री गरेको हुँ, बाँकी रकम प्रतिवादी रामहरि फुयालले बिक्री गरेकै दिन नेपाल हाउजिङ एण्ड मर्चेण्ट फाइनान्सको खातामा जम्मा गरी ऋण तिरेको भनी जिकिर लिएपनि उक्तअनुसारको रकम चेकमार्फत लेनदेन भएको भन्ने पुष्टि हुँदैन । यस स्थितिमा बाँकी रकम प्रतिवादीले बिक्रेताबाटै लिएको भनी निष्कर्षमा पुग्न मनासिव हुने देखिएन। प्रतिवादीले बा.४च ९६२८ नं. को पुरानो सेन्ट्रो हायर पर्चेजबाट खरिद गरेकोमा सोसमेत मेरो आयमा गणना गरेको भन्ने प्रतिवादीको जिकिर भएकोमा उक्त गाडी प्रतिवादीले विनय पासा श्रेष्ठबाट खरिद गरेको भन्ने देखिन्छ। व्यक्तिबाट

खरिद गरेको गाडीलाई हाउजिङ एण्ड मर्चेण्ट फाइनान्सबाट हायर पर्चेज कर्जामा खरिद गरिलिएको भन्ने प्रतिवादीको जिकिर नै प्रतितलायक छैन। किनकि, संस्थाबाट हायर पर्चेज कर्जा लिई खरिद गरेको गाडीको स्वामित्व सामान्यत कर्जाको भुक्तानी नभएसम्म व्यक्तिको नाममा नभै संस्थाको नाममा नै रहन्छ। के कारण र कस्तो प्रक्रियाबाट संस्थासँग हायर पर्चेज कर्जा लिई खरिद गरेको गाडी व्यक्तिका नाममा आएको हो सो कुरा प्रतिवादीले पुष्टि गर्न सकेको पाइँदैन। त्यसकारण गाडी खरिद सम्बन्धमा प्रतिवादीले लिएको जिकिरलाई पनि कानून सङ्गत मान्न सकिएन ।

त्यसैगरी, प्रतिवादीले कि.नं. ४१४ बाट कित्ताकाट भई कायम भएको कि.नं. ५४९ को रु.४३,००,०००।- र कि.नं. ५४८ को रु.३५,६९,०००।- बिक्री गरेकोमा लिखत मूल्य क्रमशः ८,२५,०००।- र रु.९,००,०००।- सहित रु.१७,२५,०००।- कायम गरेको, शोभा सिम्खडाले बिक्री गरेको कि.नं. १८५३ र १८५५ लिखत मूल्य रु.२९,००,०००।- भए तापनि वास्तविक रु.५४,७५,०००।- मा बिक्री भएको हो भन्ने जिकिर लिएकोमा कि.नं. ५४९ लुना रञ्जित राना मगरको पति मदन राना मगरले १ अगस्त २००८ मा रु.१५,००,०००।- र २०६५।४।२० मा रु.२८ लाख नगद तथा चेकमार्फत् दिएको भन्ने जिकिर लिएको देखिन्छ। चेकमार्फत् दिएको भनेकोमा सोही कि.नं.को जग्गा बिक्रीबापतको रकम भुक्तानी गरेको भन्ने स्पष्ट रूपमा पुष्टि हुन नसकेको र नगद दिएको भनेकोमा सो कुरा प्रष्ट प्रमाणित हुन नसकी आफ्नो खातामा पृथक पृथक मिति र समयमा जुनसुकै स्रोततबाट प्राप्त भएको सम्पत्ति पनि राख्न सकिने भएकोले कि.नं. ५४९ को जग्गा बिक्री बापतकै रकम हो भन्ने वस्तुनिष्ठ तवरले पुष्टि हुन सकेको देखिएन। कि .नं. ४१४ कित्ताकाट भई कायम भएको कि.नं. ५४८ को जग्गामा रु.१२,५९,०००।- को सट्टा रु.३५,६९,०००।- मा खरिद गर्दा स्रोत नपुगेको भनी आयमा गणना नगरेको भन्ने प्रतिवादीको जिकिर भएकोमा कि.नं. ४१४ को जग्गा जम्मा रु.१७,२५,०००।- मा खरिद गरेको भन्ने प्रमाण मिसिलसाथ रहेको राजीनामा लिखतबाट पुष्टि भएकोले उक्त भनाइमा पनि सहमत हुन सकिएन। कि.नं. १८५३ र १८५५ को जग्गा रु.५४,७५,०००।- मा बिक्री भएपनि लिखतमा रु.२९,००,०००।- राखिएकोमा कारोबारबमोजिम नराखिदिएको भन्ने अभियोजन पक्षको दाबी मनासिव भएन भन्ने प्रतिवादीको जिकिर भएकोमा प्रतिवादीले २०६७।७।८ (२५ अक्टोवर, २००९) मा रु.३७,००,०००।- र २०६७।१।९ (५ नोबेम्वर २००९) मा १७,७५,०००।- रामहरि फुयालको नविल बैङ्कको खातामा जम्मा भएको भन्ने आधारमा उक्त रकम नियमित हुनुपर्ने भनी प्रतिवादीले जिकिर लिएको पाइन्छ। जग्गा कारोबार भएकै दिन बैङ्क चेकमार्फत रकम खातामा पठाएको देखिँदैन । १० दिनको अन्तरालमा प्रतिवादीको नविल बैङ्कको खातामा रकम जम्मा देखिनु नै यिनै कि.नं.का जग्गाको कारोबारबाट प्रतिवादीलाई प्राप्त रकम हो भनी न्यायिक अनुमान गर्न सक्ने अवस्था देखिन आएन।

यसरी प्रतिवादीले बिक्री गरेको भनी माथि विवेचना गरिएका बिभिन्न कि.नं.का जग्गाहरूको हकमा प्रतिवादीले लिखतमा उल्लेख भएभन्दा बढी रकम लिएको भन्ने जिकिर भई बिभिन्न मितिमा आफूलाई प्राप्त भएको भनेपनि चेक मार्फत सिधै प्रतिवादीको खातामा जम्मा भएको नदेखिएको, पृथकपृथक मितिमा आफ्नो खातामा जम्मा हुन आएको भन्ने जिकिर भएकोमा तिनै कि.नं.का जग्गाको बिक्री वितरणबाट प्राप्त भएको रकम जम्मा भएको हो भन्न सकिने अवस्था पनि पुष्टि हुन नसकेकोले माथि विवेचित कि.नं. का जग्गाको हकमा लिखतलाई नै आधार मान्नु पर्ने भएकोले लिखतबाहेकको आयलाई कायम गरिपाउँ भन्ने प्रतिवादीको जिकिरसँग माथि विवेचना गरिएका कारण र आधारमा सहमत हुन सकिएन।

यस्तो अवस्थामा कि.नं. ३४१ र कि.नं. २८ को जग्गा प्रतिवादीहरूले खरिद गर्दा आयोगले लिखत मूल्य कायम गरिदिएन भन्ने प्रतिवादीको जिकिर भएकोमा यसभन्दा पूर्व बिभिन्न कि.नं. का जग्गा प्रतिवादीले बिक्री गर्दा बढी मूल्यमा बिक्री गरेको हुँ भन्ने प्रतिवादीको जिकिर भएपनि लिखतमा उल्लिखित मूल्य नै कायम हुनेगरी प्रतिवादीको आयव्यय गणना गरिएको परिप्रेक्ष्यमा माथि उल्लिखित कि.नं. ३४१ र २८ का जग्गामा पनि लिखत मूल्यलाई नै आधार मान्ने हो कि भन्ने प्रश्न यस मुद्दामा उठेको छ ।

त्यसतर्फ ध्यानाकर्षण गर्दा, कि.नं. ३४१ का जग्गाको हकमा लिखतबाट रु.२८,००,०००।- प्रतिवादीको व्यय कायम गरिदिएको पाइन्छ। उक्त कि.नं.को जग्गाबापत प्रतिवादीले २८,००,०००।- रुपैयाँ जग्गा बिक्रेता शाम्वराज बस्नेतलाई भुक्तानी दिएको र निज जग्गा बिक्रेताकी भाउजूको जग्गालगायत पटक पटक घरव्यवहारको रकमसमेत भुक्तान दिएको भन्ने प्रतिवादीको जिकिर रहेको छ। विवादित जग्गाको कारोवार मात्र रू.२८,००,०००।- मात्र भएपनि सोबाहेकको अन्य कारोवारको हैसियतले प्रतिवादीले लिखतभन्दा बढीको रकम जग्गादाता वा अरू जोसुकैलाई भुक्तानी दिएको भए पनि प्रतिवादीको व्यय भएको मान्नु पर्ने हुन्छ। लिखतभन्दा बढी रकम जग्गा बिक्रेतालाई प्रतिवादीले दिएको भन्ने कुरामा विवाद नभएको स्थितिमा अन्य कारोवारबापत सो रकम दिएको हुँ भन्ने प्रतिवादीको जिकिरलाई कानूनसङ्गत मान्न मिलेन। त्यसैगरी कि.नं.२८ का जग्गाको हकमा प्रतिवादीले लिखत मूल्य रु.२६,६६,०००।- भएकोमा आयोगले रु.१,४७,५०,०००।- व्यय कायम गरेको मिलेन भन्ने प्रतिवादी र निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर रहेको पाइन्छ। उक्त कि.नं.को जग्गा जिल्ला काठमाडौँ, का.म.न.पा.वडा नं. १६ मा रहेको छ। यही जग्गा केशरी सङ्गत के.सी. र केशव के.सी.बाट मिति २०६६।६।२९ मा गुडिया खत्रीले रु.५०,००,०००।- मा खरिद गरेको भन्ने प्रमाणको रूपमा सामेल रहेको पारित राजिनामाको प्रमाणित लिखतबाट पुष्टि हुन आएको छ। २०६६ सालमा ५०,००,०००।- (पचास लाख) मा खरिद गरेको काठमाडौँ महानगरपालिका,

वडा नं. १६ स्थित महत्त्वपूर्ण ठाँउको जग्गा सोको ४ वर्षको अन्तरालमा गुडिया खत्रीबाट २६,६६,०००।- मा प्रतिवादीमध्येकी शोभा सिम्खडाले खरिद गरेको भन्ने भनाइ प्रतीतलायक देखिँदैन । गुडिया खत्रीबाट रू.२६,६६,०००।- मात्रमा खरिद गरेको भनेपनि लिखतमा उल्लेखित मूल्यभन्दा बढी रकम जग्गा बिक्रेतालाई प्रतिवादीले दिएको भन्ने कुरामा विवाद छैन। यसरी गुडिया खत्रीबाट रु.२६,६६,०००।- मा उक्त जग्गा लिएको भन्ने जिकिर भएपनि गुडिया खत्रीको पति दलबहादुर पाठकलाई कि.नं.३७५ र ३७७ मा नयाँ घर र पत्नीका नामको कि.नं. ३७६, ३७८ का जग्गामा तला थप गर्न बिभिन्न मितिमा पटक पटक गरिदिएको सम्पूर्ण रकमसमेत जोडेर रु.१,४७,५०,०००।- दिएकोमा आयोगले व्ययमा कायम गरेको भनी उल्लेख गरेकोमा यी प्रतिवादीको माथि उल्लिखित कि.नं. ३७६ र ३७८ का जग्गामा भुइँतले घरबाहेक अन्य घर तथा तला थप आ.व. ०६७।६८ देखि ०६९।७० सम्ममा भएको भन्ने देखिएको छ। यी प्रतिवादीले गुडिया खत्रीका पतिलाई २०७० सालमा मात्र रु.१,४७,५०,०००।- भुक्तानी गरेको भनि वयानमा लेखाएको देखिन्छ। ०६७।६८ देखि निर्माण सुरु गरेका घरको निर्माण सामग्री, ज्यामी ज्यालालगायतको त्यति ठूलो खर्च करीब ३ वर्षपछि २०७० सालमा मात्र एकैपटक दिएको भन्ने प्रतिवादीको भनाइ बनावटीबाहेक केही होइन भन्ने यस इजलाशको निष्कर्ष रहेको छ ।

यसरी यी कि.नं.का जग्गाहरूमा लिखतभन्दा बढी रकम प्रतिवादीबाट जग्गा बिक्रेतालाई दिएको भनी प्रतिवादी स्वयमले स्वीकार गरेकोले प्रमाण ऐन, २०३१ को दफा ३४ मा लेखेर, बचनले वा आचारणद्वारा पहिलो कुनै कुरा यसो हो भनी व्यक्त गरेकोमा पछि सोही कुरा यस्तो होइन वा थिएन भनी खण्डन गर्न विवन्धनको सिद्धान्तले रोक लगाउने हुँदा यी प्रतिवादीसमेतले सो दफाबमोजिम अन्यथा भन्न सक्ने अवस्था छैन । प्रतिवादीले लिखत मूल्यभन्दा बढी रकम दिएको कुरामा विवाद नभएको र त्यसरी बढी रकम दिनुपर्नेसम्मको आधारभूत प्रमाण पेस गर्न सकेको नदेखिँदा उक्त कि.नं.का जग्गामा लिखत मूल्य नै कायम हुनु पर्दछ भन्ने प्रतिवादी र निजतर्फका कानून व्यवसायीहरूको बहस जिकिरसँग यस इजलाशको सहमती हुन सकेन। त्यसकारण घर जग्गा बिक्रीबापत आयोगले गरेको मूल्याङ्कनभन्दा प्रतिवादीको आय बढी कायम हुन सक्ने स्थिति देखिएन।

(ज) कुखुरापालन व्यवसायबाट प्राप्त आय :

प्रतिवादीका बाबुले गरेको कुखुरापालन व्यवसायबाट प्रतिवादीको आ.व. २०५२।०५३ देखि २०५९।०६० सम्म रु.१,४६,६३८।५० र आ.व. २०६०।०६१ देखि २०६४।०६५ सम्म रु.१,२६,५६१।७५ सहित सम्मा रु.२,७३,२००।२५ आयोगले आय कायम गरिदिएको देखिन्छ। प्रतिवादी र निजतर्फका विद्वान् कानून व्यवसायीहरूले उत्पादनको तुलनामा न्यून आय कायम नगरिदिएको भन्ने जिकिर लिएको पाइन्छ। आ.व. २०५२।०५३ देखि २०७२

बैशाखसम्मको आय कायम हुनु पर्ने भनी जिकिर लिएकोमा २०५२।०५३ देखि आय कायम गरेकोमा विवाद भएन। २०७२ बैशाखसम्मको आय कायम गरिदिनु पर्ने भन्ने जिकिर लिएकोमा प्रतिवादी रामहरि फुयालका पिता चेतनाथ फुयालले २०६४।०६५ पछि कुखुरापालन व्यवसाय छाडी निजले कुखुरापालन गरेको खोरसमेत ३ वर्षसम्म भाडामा लगाएको भन्ने जिल्लास्थित कृषि विकास कार्यालयबाट प्रतिवेदन आएको परिप्रेक्ष्यमा माथि उल्लिखित अवधिको कुखुरापालनको आय कायम गरिएन भन्ने जिकिर मनासिव मान्न मिलेन। फेरि प्रतिवादीले घट्दो आयस्तर भएको आर्थिक वर्षलाई आधार मानी आय कायम गरेको भन्ने जिकिर लिएकोमा सर्जमिन मुचुल्का बुझी प्रतिवादीका पिताजीले पालन गरेको कुखुरा सङ्ख्या, सो सङ्ख्याको अनुपातमा कुखुराको खाद्यान्नलगायतका अन्य कुरामा हुने आनुमानित व्यय र खुद मुनाफासमेत कायम गरी प्रतिवादीका भागमा पर्न आउने आय गणना गरेको स्थितिमा सो कुरा मिलेन भन्ने प्रतिवादीको जिकिर पनि मनासिव देखिन आएन।

(झ) कृषि आय :

आयोगले प्रतिवादीको आ.व. २०५२ देखि २०५९।०६० सम्म रु. ८२,८०३।२७, आ.व. २०६०।०६१ देखि २०६४।०६५ सम्म रु. १,८३,१४५।३४, आ.व. २०६५।०६६ देखि २०७१ फागुन मसान्तसम्म रु. ४,२६,३१७।०७ समेत जम्मा रु.६,९२,२६५।६८ प्रतिवादीको कृषि आय कायम गरेकोमा प्रतिवादीले २ बाली तरकारी हुने ठाउँमा १ बाली र तरकारी उब्जाउ हुने जग्गामा गहुँ बाली उत्पादन भएको भनी आय गणना गरेकोले आफ्नो आय मनासिव तवरले गणना नगरेको भन्ने जिकिर लिएको देखिन्छ। सामान्यत आ.व. ०५२।५३ देखिको कृषि उत्पादनबारे २०७२।०७३ मा दिइएको प्रतिवेदनको आधारमा केही सन्देह उत्पन्न हुनु स्वाभाविक हो, तर जिल्लास्थित बिभिन्न जग्गाहरूमा लगाउने बाली, त्यसबाट प्राप्त उत्पादनसमेतको विवरण बारे यकिन भई त्यसको विवरण जिल्लास्थित कृषि विकास कार्यालयबाट दिएको अवस्थामा सोको विवरण नमिलेको अर्थ गरी प्रतिवादीले अभिव्यक्त गरेको बयानसम्मलाई पूर्णत सत्य मानी त्यसको निष्कर्षमा पुग्न मनासिव हुने देखिएन। तसर्थ, कृषिमा आफ्नो आय बढी हुनुपर्ने भन्ने प्रतिवादीको जिकिरसँग पनि सहमत हुन सकिएन।

(ञ) इलेक्ट्रोनिक सामानको खर्च :

प्रतिवादीले मेट्रो डिजायनर्सको लगानीबाट खरिद भई फर्ममा प्रयोग भएका सामानहरूको आयोगले पुनः मुल्याङ्कन गरी दोहोरो गणना गरेको भन्ने जिकिर लिएको पाइन्छ। अभियोग पत्रको तालिका नं. २८ मा विद्युतिय सामान खरिद भनी रु.१,३०,०००।- को व्यय गणना गरेको पाइन्छ। मेट्रो डिजानर्सको लगानीबाट भएको आयबाट खरिद गरेको भन्ने प्रतिवादीले जिकिर लिएकोमा यदि त्यो कुरा साँचो भए प्रतिवादीले त्यसको पनि पृथक आयव्ययको विवरण दाखिला गर्नु पर्दथ्यो। सो गर्न नसकि सो डिजायनर्स मिति २०६०।१।३१ मा कम्पनीमा दर्ता गर्दा रु.१,००,०००।- खर्च

भएको देखिएको र सो डिजायनर्सको लागि अन्य खर्च प्रतिवादीले देखाउन नसकेको स्थितिमा इलेक्ट्रोनिक सामान बापतको खर्च दोहोरो देखाएको भन्ने प्रतिवादीको जिकिर मनासिव देखिन आएन।

(ट) ऋण सापटी बापतको आय :

प्रतिवादीको ऋण सापटी बापतको आय भनी रु.२,१३,४६,४००।- आयोगले वैधता प्रदान गरेको पाइन्छ। प्रतिवादीले मिति २०६१।१०।२०, २१ र २५ मा माधव रिमालबाट लिएको रु.१२,००,०००।- आयमा गणना नगरेको भन्ने जिकिर लिएको देखियो। प्रतिवादीको भनाइ साँचो मान्दा पनि उक्त रकम प्रतिवादीले २०६५।८।२ मा नै फिर्ता गरेको देखिन्छ। यसबाट प्रतिवादीको आय र व्ययसमेत जाँच अवधिभित्र नै भएको देखिंदा त्यसलाई प्रतिवादीको आयमा मात्र नभै व्ययमा समेत गणना गर्नुपर्ने देखियो। अर्कोतर्फ माधव रिमालले उक्त रकम निजको कृषि विकास बैङ्क कोटेश्वरको खाताबाट निज स्वयमले निकाली ३ पटकमा रू.४,००,०००।- का दरले रु.१२,००,०००।- दिएको भन्ने जिकिर लिएको पाइन्छ। माधव रिमालको आफ्नो खाताको रकम यी प्रतिवादीले सिधा भुक्तानी पाउने गरी चेक दिएको भन्ने नदेखिई माधव रिमाल स्वयमले निकालेको भन्ने प्रतिवादीकै भनाई देखिंदा सो रकम प्रतिवादीलाई माधव रिमालले सापटी दिएको भन्ने पनि वस्तुनिष्ठ तवरले पुष्टि भएको छैन। त्यसैगरी ससुरा बलराम सिम्खडाबाट प्रतिवादी शोभादेवीले मिति २०७१।४।२१ मा नेपाल हाउजिङ एण्ड मर्चेण्ड फाइनान्सको चेकमार्फत् लिएको भनेकोमा उक्त चेक प्रतिवादीकै नाममा काटिएको भन्ने प्रमाणित नभएको र बैङ्क स्टेटमेण्टमा देखिएको रकम वलराम सिंखडाले ऋणबापत नै दिएको भन्ने पनि खम्बिर रूपमा पुष्टि हुँदैन। फेरि यी प्रतिवादीले ससुराबाट मिति २०७१।४।२१ मा ऋण लिएको भनी विवरण पेस गरेकोमा प्रतिवादी रामहरि फुयालका उपर मिति २०७१।३।२२ मा स्रोतविहिन सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भनी उजुर परिसकेपछि आफ्नै ससुरा एवम् पिता नाताका व्यक्तिबाट ऋण लिएको भनी पेस गरेको विवरणमा विश्वास गर्न सक्ने स्थिति रहेन। तसर्थ माथि उल्लिखित प्रकृतिका ऋण सापटीको हकमा भरपर्दो र विश्वासयोग्य प्रमाण प्रतिवादीबाट पेस भएको नपाइँदा उक्त कुराहरूलाई पनि प्रतिवादीको आयमा गणना गर्न सकिने देखिएन।

६. चौथो प्रश्नतर्फ विचार गर्दा, प्रतिवादीले आरोप दाबीबमोजिमको कसुर गरेको स्थिति छ वा छैन भन्ने निष्कर्षमा पुग्नको लागि माथिका बिभिन्न शीर्षकहरूको आधारमा प्रतिवादीको जाँच अवधि अर्थात् आ.व. ०५२।५३ देखि २०७१ फागुन मसान्तसम्मको आयव्ययको विवरण विश्लेषण गर्दा देहाय अनुसारको अवस्था देखिन आयो :-

तालिका

सि. नं.	विवरण	आयोगले देखाएको प्रतिवादीको स्रोत खुलेको आय	प्रतिवादीको स्रोत खुलेको थप आय	जम्मा रु.
१.	सेवापूर्वको तलब		रु.१,००,८००।-	रु.१,००,८००।-
२.	खाना तथा खाजा खर्च		रु.२,३९,१६०।-	रु.२,३९,१६०।-
३.	घर बहाल बापत		रु.२१,९०,०००।-	रु.२१,९०,०००।-
४.	घर निर्माणमा छुट रकम प्रतिवादीको आयमा कम हुन गई आय थप गरिएको		रु.३५,५४,४६५।-	रु.३५,५४,४६५।-
५.	विदेशबाट प्राप्त रकम		रु.१४,८६,७४६।-	रु.१४,८६,७४६।-
६.	नक्सा डिजाइन बापतको आय		रु.३२,९६,२५०।-	रु.३२,९६,२५०।-
		जम्मा	रु.१,०८,६७,४२१।-	रु.१,०८,६७,४२१।-

७. माथि उल्लेख भएबाहेकका अन्य शीर्षक जस्तै घर जग्गा खरिद बिक्री, ऋण सापटी, कृषि आय, कुखुरा पालनको आय, शोभा सिम्खडा र प्रतिवादी रामहरि फुयालको पारिश्रमिक आयसहितको विवरणमा आयोगले गरेको मूल्याङ्कन गलत देखिन नआएबाट ती शीर्षकहरूमा र माथि उल्लिखित बिभिन्न शीर्षकहरूमा समेत थप आय कायम हुनुपर्ने हो भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन।

८. अब, माथि विवेचित बिभिन्न शीर्षकहरूमा आयोगले प्रतिवादीहरूको कायम गरेको भन्दा जम्मा रु.१,०८,६७,४२१।- थप आय कायम हुने देखियो। आयोगकातर्फबाट प्रतिवादीको कूल व्यय रु.८,०२,०२,८२४।७७ कायम गरेकोमा त्यसमा घर निर्माण वापतको रू.३२,००,०००।- घटाउँदा जम्मा प्रतिवादीको व्यय रु.७,७०,०२,८२४।- मात्र कायम हुने र आयोगले मान्यता प्रदान गरेको आय रू.५,२८,९३,४९२।०१ मा माथि उल्लिखित प्रतिवादीको थप आय रु.१,०८,६७,४२१।- जोड गर्दा प्रतिवादीको आय रु.६,३७,६०,९१३।- हुने भई जम्मा रु.१,३२,४१,९११।- आयभन्दा बढी व्यय भएको देखियो। अतः उक्त रु.१,३२,४१,९११।- को सम्पत्तिमा प्रतिवादीको वैध स्रोत प्रमाणित भएको नदेखिँदा प्रतिवादीले आरोप दाबीबमोजिम सो हदसम्मको कसुर गरेको पुष्टि हुन आएको छ ।

९. यसरी प्रतिवादी रामहरि फुयालले आरोप दाबीबमोजिमको कसुर गरेको देखिएको अवस्थामा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजाय गर्नुपर्ने कुरामा विवाद देखिएन। अपराधको प्रकृति र कसुरको गम्भीरताको आधारमा प्रतिवादीउपरको सजाय निर्धारण गर्नुपर्ने हुन्छ। प्रतिवादी रामहरि फुयालले रु.१,३२,४१,९११।- आरोप दाबीबमोजिम गैरकानूनी रूपमा स्रोतनखुलेको सम्पति

आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई सोही दफाको उपदफा (२) बमोजिम १(एक) वर्ष कैद र विगो रु.१,३२,४१,९११।- जरिवाना गर्न उपयुक्त हुने देखियो। उक्त विगो अनुसारको रकम प्रतिवादीहरूबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफतसमेत हुने भएकोले प्रतिवादी रामहरि फुयाल र शोभा सिम्खडा फुयालसमेतका नामको सो हदसम्मको सम्पत्ति जफत गरी असुलउपर गर्न मनासिव हुने देखियो । सो बोहकका अन्य कुराको हकमा लिइएको आयोगको आरोप दाबी पुग्न सक्ने देखिएन ।

१०. तसर्थ, प्रतिवादी रामहरि फुयालको कूल ब्यय रु.७,७०,०२,८२४।- (सात करोड सत्तरी लाख दुई हजार आठ सय चौबीस रुपैयाँ) र कूल आय रु.६,३७,६०,९१३।- (छ करोड सैतीस लाख साठी हजार नौ सय तेह्र रुपैयाँ) मात्र भई जम्मा रु.१,३२,४१,९११।- (एक करोड बत्तीस लाख एकचालीस हजार नौ सय एघार) को स्रोत नखुलेको सम्पत्ति निज प्रतिवादी रामहरि फुयालले आर्जन गरी, भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उप दफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी रामहरि फुयाललाई सोही दफा २०(२) अनुसार विगो रु.१,३२,४१,९११।- (एक करोड बत्तीस लाख नौ सय एघार रुपैयाँ) जरिवाना गरी १ (एक) वर्ष कैद सजाय हुने ठहर्छ । साथै रामहरि फुयालले गैर कानूनी स्रोतबाट आर्जन गरी प्रतिवादी शोभा सिम्खडा फुयालका नाममा राखेको सम्पत्तिसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफतसमेत हुने ठहर्छ। अरु बिगोको हकमा आरोप दाबी पुग्न सक्दैन।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः नन्दराज उपाध्याय

इति संवत् २०७५ साल भाद्र १ गते रोज ६ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री चण्डीराज ढकाल

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. १

मुद्दा नं. ०७०-CR-००५१

नि.नं. १८

फैसला मिति : २०७५।६।११

मुद्दाः सरकारी कागजातमा हेरफेर, थपघट र नष्ट गरी कर्जा लिनुदिनु गरी भ्रष्टाचार गरेको ।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट अनुसन्धान अधिकृत प्रेमकुमार राईको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लिमिटेड हाल यति डेभलपमेण्ट बैङ्क लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष सिताराम प्रसाईसमेत

- **नापी कार्यालयको श्रेस्ताबाट जग्गाधनीको नाम च्याती उप्काई प्वाल पारेको अवस्थामा सक्कल मोठश्रेस्ता रहेको र प्वाल परेको भएपनि कार्यालय प्रमुखबाट मोठ श्रेस्ता प्रमाणित नभएको स्थितिमा सो मोठश्रेस्ता कायम भएको मान्न नमिल्ने ।**

(प्रकरण नं.१९)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री मोना सिंह

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री हिरा रेग्मी, श्री बच्चुसिंह खड्का, श्री कृष्णप्रसाद सापकोटा तथा विद्वान् अधिवक्ताहरू श्री नारायणहरि अधिकारी, श्री माधव कुमार बस्नेत, श्री डिल्लीरमण आचार्य, श्री हरेराम तिवारी, श्री रामबहादुर खड्का

अवलम्बित नजिर :

- ने.का.प.२०६२, अङ्क ५, नि.नं. ७५३४, पृष्ठ ५१८

सम्बद्ध कानून :

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निरुपण गर्नुपर्ने देखिन आयोः-

१. प्रचलित कानूनले अन्य कानूनी उपचारको व्यवस्था गरेको अवस्थामा भ्रष्टाचार मुद्दा चल्न सक्ने हो वा होइन ?

२. आरोपपत्रमा उल्लिखित बैङ्क सार्वजनिक संस्था र प्रतिवादीहरू राष्ट्रसेवक हुन् वा होइनन् ?

३. बैङ्कका तत्कालीन पदाधिकारी समेतबाट नक्कली कागजातका आधारमा अस्वभाविक र अत्यधिक ऋण लगानी गरी बैङ्कलाई नोक्सानी र आफूहरू समेतलाई गैरकानूनी फाइदा पुऱ्याउने कार्य गरेका हुन्, होइनन् ?

४. प्रतिवादी पदमप्रसाद खतिवडाले आरोप दाबी बमोजिम सरकारी कागजात सच्याई, थपघट गरी, सरकारी कागजात च्याती नोक्सान पुऱ्याएको समेत हो वा होइन ?

५. प्रतिवादीहरू केशवलाल खोसी श्रेष्ठ र सुनिल प्रधानले काल्पनिक जग्गाधनी दर्ता प्रमाणपूर्जा बनाई जग्गा धितो राखी जग्गा पारितसमेत गरी ऋण कर्जा लिई बैङ्कलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेका हुन् होइनन् ?

६. प्रतिवादीहरूले आरोप दाबी बमोजिम कसुर गरेका हुन् होइनन् र प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय हुने हो वा होइन ?

२. पहिलो प्रश्नको सन्दर्भमा हेर्दा, जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. ५(क) कि.नं. १ र २३ को जम्मा क्षेत्रफल ६-४-१९ जग्गाको जग्गाधनी दर्ताश्रेस्ता मोठ च्याती सो स्थानमा केशवलाल खोसी श्रेष्ठको नाम लेखी, श्रेस्ता च्यातिएको स्थानमा समेत कार्यालय प्रमुखबाट प्रमाणित नगराई गुपचुप राखी "मोठ कायम छ रोक्का देखिएन" भनी मोठ फाँटका खरिदार पदमप्रसाद खतिवडाले लेखी बदनियतपूर्ण कार्य गरी सो कार्यबाट ऋणीका नाममा हुँदै नभएको जग्गा पास हुन गई निज खरिदार पदमप्रसाद खतिवडाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र १२ बमोजिम कसुर गरेकोले सोही दफाबमोजिम निज प्रतिवादीलाई सजाय हुन र बैङ्कलाई परेको हानी नोक्सानी रु.१,५८,०४,७५२।६७ पैसा असूल गरिपाउँ भनी निज खतिवडा उपर मुद्दा दायर भए देखिँदा तत्कालीन नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. ले आधारभूत रूपमा अवलम्बन गर्नु पर्ने प्रक्रिया नै अवलम्बन नगरी काल्पनिक जग्गा देखाई बदनियत चिताइ कर्जा प्रवाह गरेको र सो कर्जा प्रवाह गर्नमा प्रत्यक्ष रूपमा सहभागी भएका बैङ्कका तत्कालीन कार्यकारी अध्यक्ष

सिताराम प्रसाई, महाप्रबन्धक भागवत श्रेष्ठ, बरिष्ठ प्रबन्धक सुनिल गुरुङ र कर्जा प्रबन्धक हिम गुरुङले केशवलाल खोसी श्रेष्ठ तथा आफूहरू समेतलाई गैरकानूनी फाइदा र बैङ्कलाई हानी-नोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (झ) र ८(३) बमोजिमको कसुर गरेकोमा, सोही दफा ८(१) र ८(३) बमोजिम सजाय गरी बैङ्कलाई हुन गएको साँवा, ब्याजसहितको नोक्सानी रु.१,५८,०४,७५२।६७ पैसा असुलउपर हुनुका साथै सोही ऐनको दफा २४ बमोजिम प्रतिवादी सिताराम प्रसाई र भागवत श्रेष्ठलाई थप सजायसमेत हुन र प्रतिवादीहरू केशवलाल खोसी श्रेष्ठ एवम् सुनिल प्रधानले हुँदै नभएको काल्पनिक जग्गा पास गरी काल्पनिक जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गर्ने, केशवप्रसाद कोइरालाको नामको इलाका प्रशासन कार्यालय, चैनपुर, संखुवासभाबाट जारी गरिएको भनी नक्कली नागरिकतासमेत बनाई सोही काल्पनिक जग्गाधनी दर्ता प्रमाणपूर्जा बैङ्कमा धितो राखी रु.७०,००,०००।- ऋण कर्जा लिएकोले बैङ्कलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेकाले सावा ब्याज सहितको बिगो रु.१,५८,०४,७५२।६७ पैसा र बिगो बराबर जरीवाना गरी सजायसमेत हुन माग दाबी लिएर आरोपपत्र पेस भएको देखियो ।

३. साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. ले प्रतिवादी केशबलाल खोसी श्रेष्ठलाई प्रवाह गरेको ऋण असुलउपर हुन नसकेको स्थितिमा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम असुलउपर गर्न सक्ने र कसुर गरेको भए बैकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम कार्वाही चलाई सजाय गर्ने तथा सरकारी कार्यालयको सरकारी श्रेस्ता कीर्ते गरेको भए मुलुकी ऐन, कीर्ते कागजको महलअन्तर्गत कार्वाही नचलाई सजाय गर्ने कानूनी उपचारको मार्ग हुँदाहुँदै सो मार्ग अवलम्बन नगरी भ्रष्टाचारमा मुद्दा चल्न सक्ने होइन भनी प्रतिवादीहरूतर्फका विद्वान् कानून व्यवसायीहरूबाट बहस जिकिर लिनुभएको पाइन्छ । सिद्धान्ततः प्रचलित कानूनले दुई कानूनी उपचारको व्यवस्था गरेको छ भने पीडित पक्ष वा तत्-सम्बन्धी कारवाही गर्ने अधिकार प्राप्त अधिकारी वा नियकाले जुन ऐनको दाबी गर्न उपयुक्त ठान्दछ सोही अनुरूप दाबी वा कारवाही गर्न पाउँछ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) मा "कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले यस ऐनअन्तर्गत कसुर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानून बमोजिम कसुर मानिने कुनै कामसमेत गरेको रहेछ भने निजउपर अन्य प्रचलित कानून बमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन" भन्ने र सोही दफाको खण्ड (घ) मा "कुनै राष्ट्रसेवक वा अन्य व्यक्तिले नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी-नोक्सानी पुऱ्याएकोमा सो असुलउपर गर्न निजउपर छुट्टै मुद्दा दायर भएकोमा यस ऐनअन्तर्गत कसुरमा छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन" भन्ने तथा सोही दफाको खण्ड (ङ) मा "कुनै राष्ट्रसेवक वा व्यक्ति उपर यस ऐनअन्तर्गत मुद्दा दायर भएकोमा त्यस्तो

राष्ट्रसेवक वा व्यक्ति उपर नेपाल सरकार वा सार्वजनिक संस्थालाई पुग्न गएको हानी-नोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐनअन्तर्गत मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन" भन्ने कानूनी प्रावधान रहेको छ । त्यसैगरी बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २८ मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति वा राष्ट्रसेवक संलग्न रहेको कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाही र सजाय हुने रहेछ भने सोही ऐनहरू बमोजिम कारवाही र सजाय हुनेछ" भन्ने समेत कानूनी प्रावधान रहेको छ । श्री सर्वोच्च अदालत, पूर्ण इजलासबाट भ्रष्टाचार मुद्दामा ने.का.प. २०६२, अङ्क ५, नि.नं. ७५३४, पृष्ठ ५१८ मा "कानूनले दुई बाटो गरेको रहेछ भने मर्का पर्ने वा कारवाही गर्न अधिकार प्राप्त निकायले जुन ऐनको सजाय माग दाबी गर्न उपयुक्त ठान्दछ सोहीअनुसार दाबी गर्न पाउने, समाती आएको ऐन अनुरुप मुद्दा दर्ता वा लाग्न सक्ने अवस्था देखिएमा अरु कानूनको पनि दाबी हुन सक्ने भन्ने आधारमा पर्न आएको दाबीलाई पन्छाउन कुनै अवस्थामा पनि निमल्ने" भन्ने न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ। उल्लिखित कानूनी व्यवस्था एवम् न्यायिक सिद्धान्त समेतको सापेक्षतामा अन्य कानूनी उपचारको मार्ग भएकोमा सो अवलम्बन नगरी भ्रष्टाचारमा कारवाही चलाउन नमिल्ने भन्ने विद्वान् कानून व्यवसायीहरूको बहस औचित्यपूर्ण देखिन आएन ।

४. दोस्रो प्रश्नतर्फ हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग)(१) मा सार्वजनिक संस्था भन्नाले "नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था र सोही दफा २(ग)(५) मा "...उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था सम्झनु पर्छ" भनिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(ङ) को देहाय (१) र (५) मा पनि उल्लिखित परिभाषा अनुरूप कै कानूनी व्यवस्था रहेको छ । साबिकको नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. मिति २०५६।०९।०७ मा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएकोमा सो बैङ्कको प्रवन्धपत्रको पृष्ठ ११ मा संस्थापकहरूको नामावलीको क्रमसंख्या-१ मा संस्थापक शेयरधनी नेपाल राष्ट्र बैङ्क, शेयर कित्ता संख्या १,६०,००० देखिन्छ । सो बैङ्कको मिति २०५७।०५।१४ को निर्णयानुसार रु.१,६०,००,०००।- (एक करोड साठी लाख रुपैयाँ) नेपाल राष्ट्र बैङ्कबाट भुक्तानी भएको भन्ने र कम्पनी रजिष्ट्रार कार्यालयको च.नं. ३३२९ मिति २०७५।०३।३१ को पत्रबाट समेत नेपाल राष्ट्र बैङ्क संस्थापक शेयरधनी रहेको भनी उल्लेख भई आएको देखिन्छ ।

५. महालक्ष्मी बैङ्कको च.नं. २६ मिति २०७५।०५।१० को पत्रानुसार, साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि.को संचालक समितिको २०६०।११।२२ को बैठकबाट १५ प्रतिशत शेयर पूँजी लगानी गर्न कर्मचारी संचयकोषबाट मिति २०६०।०९।२९ मा शेयर पूँजी लगानी गरिसकेको भनी निर्णय भएको भन्नेसमेत देखिएबाट, साबिकको नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. मा नेपाल राष्ट्र बैङ्कको संस्थापक शेयर लगानी रहेको र कर्मचारी सञ्चय कोषको मिति २०६०।०९।२९ गतेबाट रु.२,४०,००,०००।- बराबरको शेयर लगानी रहेकोलाई प्रतिवादीहरूले अन्यथा प्रमाणित गर्न सकेको नदेखिँदा साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. नेपाल सरकारको आंशिक लगानी भएको सार्वजनिक संस्था हो भन्नलाई अन्यथा मान्नुपर्ने अवस्था भएन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ)(१) मा राष्ट्रसेवक भन्नाले "राष्ट्रपति, नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष लिएको सपथबाट वा नेपाल सरकार वा सार्वजनिक संस्थासँग गरेको सम्झौता वा कबुलियत वा शर्तबमोजिम वा सार्वजनिक कर्तव्य पालन गर्नको लागि नेपाल सरकार वा सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक, सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित व्यक्ति" भन्ने उल्लेख भएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(घ) मा सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले "...सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारीसमेतलाई जनाउँछ" भन्ने कानूनी व्यवस्था रहेबाट साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि.का तत्कालीन कार्यकारी अध्यक्ष सिताराम प्रसाई, महाप्रबन्धक भागवत श्रेष्ठ कर्जा प्रबन्धक हिम गुरुङ र वरिष्ठ प्रबन्धक सुनिल गुरुङ र मालपोत कार्यालय, सुनसरीका तत्कालीन खरिदार पदमप्रसाद खतिवडा राष्ट्रसेवक देखिएका छन् । प्रतिवादी केशवलाल खोसी श्रेष्ठ र सुनिल प्रधान राष्ट्रसेवक रहेको नदेखिए पनि राष्ट्रसेवकसमेत समावेस भई सार्वजनिक संस्थामा भएका नोक्सानी र हिनामिनामा निजहरू समेत संलग्न रहेको भन्ने आरोप दाबी देखिदा निजहरू उपर भ्रष्टाचार मुद्दा नलाग्ने भन्ने बहस जिकिरसँग सहमत हुने अवस्था पनि भएन ।

६. तेस्रो प्रश्नतर्फ हेर्दा, साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. मा कार्यकारी अध्यक्ष भई प्रतिवादी सिताराम प्रसाईं, महाप्रबन्धक भई प्रतिवादी भागवत श्रेष्ठ, कर्जाप्रबन्धक भई प्रतिवादी हिम गुरुङ र वरिष्ठप्रबन्धक भई प्रतिवादी सुनिल गुरुङले तत्कालीन अवस्थामा कार्य गरेकोमा कसैले विवाद जनाएको देखिँदैन । खोसी मार्केटिङ, ललितपुरका प्रोपराइटर केशवलाल खोसी श्रेष्ठले जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. ५(क) कि.नं. १ र २३ को जग्गा साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि.लाई रु.७०,००,०००।- सत्तरी लाख रुपैयाँमा मिति २०६०।०२।०६ मा काठमाडौं जिल्ला अन्तर्गतका मा.पो.का.बाट बेजिल्लामा दृष्टिवन्धक लिखत पारित गरेको र उल्लिखित बैङ्कको मिति २०६०।०२।२८ तदनुसार सन् ११ जुन २००३

मा प्रतिवादी केशवलाल खोसी श्रेष्ठलाई ऋण लगानी गर्ने निर्णय भई मिति २०६०।०२।२९ बाट क्रमशः पटक-पटक गरी रु.१,५०,००,०००।- ऋण कर्जा प्रदान गरेको र बैङ्क ग्यारेण्टी बापत रु.२५,००,०००।- भुक्तानी गरेकोसमेत गरी रु.१,७५,००,०००।- लगानी गरेको देखिन्छ । त्यस बापत निज प्रतिवादीले बिभिन्न अचल जेथाहरू समेत धितो पास गरी दिए मध्ये उल्लिखित कि.नं. १ र २३ को जग्गा मिति २०६०।०२।०६ मा रु.७०,००,०००।- मा धितो पास भएको देखिन्छ ।उल्लिखित कि.नं. १ र २३ बाहेक प्रतिवादी केशवलाल खोसी श्रेष्ठले धितो पारित गरेका अन्य अचल सम्पत्तिका सम्बन्धमा प्रस्तुत मुद्दामा विवाद देखिँदैन ।

७. आरोप दाबीको सन्दर्भमा प्रतिवादी सिताराम प्रसाईले बयान गर्दा, प्रतिवादी केशवलाल खोसी श्रेष्ठलाई ऋण प्रवाह गरेको हो । धितो जग्गा नक्कली भन्ने अनभिज्ञ रहेको र कागजपत्र दुरुस्त भएकोले अध्यक्षको हैसियतले कर्जा स्वीकृत गरेको हुँ भनी जिकिर गरेका छन् । प्रतिवादी भागवत श्रेष्ठले बयान गर्दा, ऋण सम्बन्धमा कुनै अधिकार आफूमा नरहेको र प्रशासनिक कार्यमात्र हेर्ने गरेको हुँ भनी जिकिर गरेका छन् । प्रतिवादी हिम गुरुङले बयान गर्दा, कार्यकारी अध्यक्षको अन्तिम अधिकार हो मेरो कुनै दोष छैन भन्ने समेत र प्रतिवादी सुनिल गुरुङले बयान गर्दा, कर्जा प्रवाहमा सम्पूर्ण अधिकार सिताराम प्रसाईंमा निहित रहेको, कर्जा डिपार्टले प्रक्रिया पूरा गर्ने हो, त्यसको प्रमुख हिम गुरुङ हुन्, आफू मार्केटिङ डिपार्टमेण्टमा प्रबन्धक रहेको भन्ने समेत बेहोराको जिकिर गरेको र निज प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रहेको देखियो ।

८. खोसी मार्केटिङका प्रो. केशवलाल खोसी श्रेष्ठले साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि.सँग रु.१,५०,००,०००।- ऋण कर्जा पाउँ भनी मिति २०५९।१२।०६ मा निवेदन दिएकोमा निवेदनसाथ ऋण परियोजना एवम् ऋण प्राप्तिको लागि कुनै जेथा सुरक्षण बापत दिएको देखिँदैन। जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. १ र २३ को जग्गा मिति २०६०।०२।०६ मा उल्लिखित बैङ्कलाई रु.७०,००,०००।- मा धितो पारित गरेकोमा सोही मिति २०६०।०२।०६ गतेकै मिति उल्लेख भएको जग्गाधनी दर्ता प्रमाणपूर्जा उल्लिखित बैङ्कमा पेस भएको देखिन्छ । मिति २०६०।०२।२८ (सन् ११ जुन २००३) मा प्रतिवादी केशवलाल खोसी श्रेष्ठलाई ऋण प्रवाह गर्ने टिप्पणी उठाई ऋण प्रदान गर्न स्वीकृतीको निर्णय भएको र मिति २०६०।०२।२९ गतेबाट प्रतिवादी केशवलाल खोसी श्रेष्ठलाई क्रमशः पटक-पटक गरी रु.१,५०,००,०००।- ऋण र रु.२५,००,०००।- को बैङ्क ग्यारेन्टि उल्लिखित बैङ्कले प्रदान गरेको देखिन्छ । त्यसरी ऋण लगानी गर्दा बैङ्कको तर्फबाट हिम गुरुङले र ऋणीको तर्फबाट केशवलाल खोसी श्रेष्ठले सहीछाप गरी मिति २०६०।०२।२९ मा सम्झौता समेत गरेको पाइन्छ। तर ऋण प्रवाह गर्दा अवलम्बन गर्नु पर्ने बैङ्कको नियमबमोजिमको प्रक्रियाहरू ऋण परियोजना, जग्गा रहेको स्थानको स्थलगत निरीक्षण प्रतिवेदन, धितो जग्गाले ऋण भुक्तानी गर्दा खाम्न सक्ने,

नसक्ने मूल्याङ्कनकर्ता इन्जीनियरको धितो मूल्याङ्कन, जग्गाको चारकिल्ला प्रमाणित, जग्गाको सर्भे नक्सा, मालपोत तिरेको रसिद, जग्गाको दर्ताश्रेस्ता साबुत छ छैन ? सम्बन्धित मालपोत कार्यालयमा पत्राचार गरी जवाफ प्राप्त गरेको कागजात समेतलाई दृष्टिगत गरी ऋणीबाट पेस गराउनु पर्ने तत्-सम्बन्धी कागजात पेस गराई लगानी उठ्ने-नउठ्ने सबैको यथोचित मूल्याङ्कन गरी ऋण असूल उपर हुने देखिए पश्चात् मात्र धितो कायम गरी ऋण प्रवाह गर्नुपर्नेमा तदनुरूपको कार्यहरू भए, गरेको नदेखिएको र तत्-सम्बन्धी कागजात समेत ऋण प्रवाह गर्दा ऋणी केशवलाल खोसी श्रेष्ठबाट पेस गर्न लगाएको देखिएन ।

९. प्रतिवादी केशवलाल खोसी श्रेष्ठ स्वयंले मिति २०६०।०३।२५ मा उक्त कि.नं. १ र २३ को जग्गा रु.१,८७,५००।- मा बेजिल्ला मालपोत कार्यालय, चाबहिलबाट राजीनामा पारित गरी खरिद गरेको हो भन्दै मिति २०६०।०८।१६ मा उक्त जग्गा दा.खा. गरी आफ्नो नाममा दर्ता गरी पाउन मालपोत कार्यालय, सुनसरीमा निवेदन दिएको देखिन्छ । त्यसरी २०६०।०८।१६ सम्म पनि प्रतिवादी केशवलाल खोसी श्रेष्ठका नाममा दर्ता भइनसकेको जग्गा आफ्नो नामको दर्ताको जग्गा भन्दै मिति २०६०।०२।०६ गते नै निज प्रतिवादी केशवलाल खोसी श्रेष्ठले उल्लिखित बैङ्कलाई दृष्टिबन्धक धितो पास गरेको र बैङ्कले पनि धितो स्वीकार गरी लिएको देखियो। मिति २०६०।०२।०६ मा धितो पारित गर्दाका मितिमा उक्त कि.नं. १ र २३ को जग्गा निज प्रतिवादीका नाममा दर्ता कायम रहेको नै श्रेस्ताबाट नदेखिएको स्थितिमा झुठ्ठा र बनावटी जग्गाधनी पूर्जा पेस गरी मिति २०६०।०२।०६ मा दृष्टिवन्धक धितो लिखत पारित भएको देखिन्छ ।

१०. साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि.को मिति २०६१।०३।२९ को सञ्चालक समितिको बैठकको निर्णयबाट मात्र सो बैङ्कको कर्जा समिति गठन भएको देखिदा प्रतिवादी केशवलाल खोसी श्रेष्ठलाई बैङ्कले ऋण लगानी गर्दा कर्जा समिति गठन भइसकेको पाइएन । कर्जा प्रबन्धकको रूपमा प्रतिवादी हिम गुरुङ रहेको र निजैले प्रतिवादी केशवलाल खोसी श्रेष्ठसँग ऋण सम्बन्धी सम्झौता समेत गरेको देखिन्छ भने ऋण कर्जा प्रदान गर्ने अधिकार बैङ्कको कार्यकारी अध्यक्ष सिताराम प्रसाईंमा रहने गरी बैङ्कको संचालक समितिको मिति २०५८।११।१३ गतेको बैठक नं. १३ को निर्णयबाट अख्तियारी दिएको देखिन्छ । प्रतिवादीहरू भागवत श्रेष्ठ र सुनिल गुरुङ कर्जा शाखाका कर्मचारी एवम् कर्जा कमिटिका सदस्य समेत रहेको पाइएन । साथै ऋण प्रदान गर्ने अधिकारसमेत निजहरूमा रहेको देखिएन । नगद कारोबार (Financial Transaction) बाहेकको प्रशासनिक कार्य हेर्ने जिम्मासम्म निजहरूलाई दिएको तथ्य निजहरूको नियुक्तिपत्रबाट देखिन्छ । मिति २०६०।०२।२८ मा ऋण प्रदान गर्न उठाएको टिप्पणीमा Agreed as Proposed above भनी प्रतिवादी भागवत श्रेष्ठ र सुनिल गुरुङले हस्ताक्षर गरेकोमा ऋण प्रदान गर्न स्वीकृती प्रतिवादी सिताराम प्रसाईंले गरेको देखिन्छ । यसरी उल्लिखित नेपाल घरेलु तथा साना उद्योग

विकास बैङ्कको संचालक समितिको बैठकको निर्णयबाट ऋण प्रवाह गर्ने अधिकार कार्यकारी अध्यक्ष सिताराम प्रसाईंमा रहेको र धितो एवम् ऋणसम्बन्धी कागजात कर्जा प्रबन्धक हिम गुरुङबाट तयार गर्नुका साथै कर्जाप्रबन्धक भएकोले कर्जा शाखाको जिम्मेवारीसमेत निज प्रतिवादीको भएकोले प्रतिवादी केशवलाल खोसी श्रेष्ठसँग ऋणसम्बन्धी सम्झौतासमेत प्रतिवादी हिम गुरुङबाटै भएको देखिन्छ । मिति २०६०।०२।०६ मा कि.नं. १ र २३ को जग्गा बेजिल्लामा धितो पारित गरी लिँदा सो जग्गा धितो पारित गरी दिने ऋणी, प्रतिवादी केशवलाल खोसी श्रेष्ठका नाममा मालपोत कार्यालय, सुनसरीको मोठश्रेस्तामा दर्ता कायम छ, छैन ? श्रेस्तासम्म पनि नहेरी, नबुझी स्थलगत निरीक्षण प्रतिवेदन समेत नलिई धितो मूल्याङ्कन समेत नगराई ऋणीका नाममा दर्ता नै नभएको जग्गा धितो पारित गरी ऋण प्रदान गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया समेत अवलम्बन नगरेको र धितो सुरक्षण लिदा धितो मूल्याङ्कन, चारकिल्ला प्रमाणित, स्थलगत निरीक्षण प्रतिवेदन, कर्जा परियोजना समेत पेस गराएको समेत देखिएन । ऋण प्रदान गर्ने सम्पूर्ण अधिकार प्राप्त कार्यकारी अध्यक्ष प्रतिवादी सिताराम प्रसाईं रहेको देखिएको र ऋण लगानी सम्झौता गर्ने कर्जाप्रबन्धक प्रतिवादी हिम गुरुङको प्रमुख भूमिका र संलग्नताबाट ऋण प्रवाह भएबाट निज प्रतिवादी सिताराम प्रसाईं र हिम गुरुङको बदनियतबाट बैङ्कलाई हानी-नोक्सानी पुऱ्याएको देखिन आयो । प्रतिवादीहरू भागवत श्रेष्ठ र सुनिल गुरुङले मिति २०६०।०२।२८ को टिप्पणीमा हस्ताक्षर गरेको देखिए पनि सो बाहेक ऋण लगानीमा निजहरूको कुनै भूमिका, जिम्मेवारी तथा अधिकारसमेत रहेको नदेखिएको र अन्य स्वतन्त्र प्रमाणसमेतबाट निज प्रतिवादीहरू भागवत श्रेष्ठ र सुनिल गुरुङको आरोपित कसुरमा संलग्नता पुष्टि हुन सकेको पाइएन ।

११. चौथो प्रश्नतर्फ हेर्दा, प्रतिवादी पदमप्रसाद खतिवडा मालपोत कार्यालय, सुनसरीमा तत्कालीन अवस्थामा खरिदार पदमा कार्यरत रहेकोमा विवाद देखिँदैन । निज प्रतिवादीले बयान गर्दा, आफू मोठ फाँटको फाँटवालाको जिम्मेवारी लिई कार्य गरेको र विवादित जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. ५(क) कि.नं. १ र २३ को जग्गाको मोठश्रेस्ता आफूले भिडाएको तथा केशवलाल खोसी श्रेष्ठले मिति २०६०।०८।१६ मा उक्त जग्गा दा.खा. गरिपाउँ भनी दिएको निवेदनको पछाडि "कि.नं. १ र २३ केशवप्रसाद कोइरालाको मोठ कायम छ रोक्का देखिएन" भन्नेसमेतको बेहोरा आफूले लेखेको हुँ, कैफियत प्रमाणित गराउन भूलवस छुट भएको हो, मोठ भिडाउँदा श्रेस्ता च्यातिएको थिएन भन्ने समेत जिकिर लिएको देखिन्छ । मालपोत कार्यालय, सुनसरीबाट प्राप्त विवादित कि.नं. १ र २३ को सक्कल मोठ श्रेस्ता हेर्दा, जग्गाधनीको महलमा केशव, तुल्सा, रुद्रप्रसाद, भीमबहादुर समेत ७ जनाको नाम संयुक्तरूपमा उल्लेख भई सर्भे नापीबाट मिति २०२१।०९।०५ मा जग्गाधनी दर्ता प्रमाणपूर्जा दिइएकोमा सो नामहरू सबै रातो मसीले काटिएको देखिन्छ । कैफियतमा तारानाथ कोइरालाबाट मिति २०२९।११।०२ मा नामसारी

भई आएको भनी जनाइएकोसम्म देखिन्छ । मोठ श्रेस्तामा जग्गाधनीको महलको देब्रेतर्फ च्यात्तेर प्वाल पारेको जस्तो अवस्थाको देखिन्छ । सो च्यात्तेको स्थान मुनी जग्गाको क्षेत्रफल लेखिने स्थानमा केशवलाल खोसी श्रेष्ठ उल्लेख भई मोठ फाँटका खरिदार पदमप्रसाद खतिवडाले दस्तखत गरेका छन् तर मोठश्रेस्ता च्यात्तेको र प्वाल पारेको बेहोरा र केशवलाल खोसी श्रेष्ठको नाम उल्लेख भएको बेहोरा कार्यालय प्रमुखबाट प्रमाणित गरिएको देखिँदैन ।

१२. अनुसन्धानको क्रममा नापी कार्यालय, सुनसरीको च.नं. १६४२ मिति २०६८।१२।२४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखिएको पत्र र च.नं. २१ मिति २०७०।०४।०६ को नापी कार्यालय, सुनसरीको पत्रमा समेत विवादित कि.नं. १ र २३ को जग्गा मिति २०५६।१०।११ मा र मिति २०५७।०२।१६ मा कित्ताकाट भई हक हस्तान्तरण भई बिभिन्न व्यक्तिका नाममा गएको र सोमध्ये कि.नं. १ कित्ताकाट भई कि.नं. ७४, ७५, ७६ र ७७ कायम भएकोमा पुनः कि.नं. ७७ कित्ताकाट भई कि.नं. २९१, २९२ र २९३ कायम भएको तथा कि.नं. २३ कित्ताकाट भई कि.नं. ८८, ८९, ९० र ९१ कायम भएकोमा पुनः कि.नं. ८९ कित्ताकाट भई कि.नं. १३६ र १३७ कायम भएको तथा पुनः कि.नं. १३७ कित्ताकाट भई कि.नं. १५५ र १५६ कायम भएको र कि.नं. ९१ बदर भई कि.नं. २८९ र २९० कायम भएको भनी उल्लेख भई आएको देखियो । प्रतिवादी केशवलाल खोसी श्रेष्ठले उल्लिखित कि.नं. १ र २३ को गरी जम्मा ज.वि. ६-४-१९ सुनसरी जिल्लाअन्तर्गतको जग्गा रु.१,८७,५००।- मा मिति २०६०।०३।२५ मा काठमाडौँ जिल्ला अन्तर्गतका मालपोत कार्यालय, चाबहिलबाट बेजिल्लामा जग्गा पारित गरी लिई मिति २०६०।०८।१६ मा सो जग्गाहरू दा.खा. गरिपाउँ भनी मालपोत कार्यालय, सुनसरीमा निवेदन दर्ता गरेकोमा सोही मिति २०६०।०८।१६ मा मोठश्रेस्ताको जग्गाको क्षेत्रफल लेखिने स्थानमा केशवलाल खोसी श्रेष्ठको नाम प्रतिवादी पदमप्रसाद खतिवडाको स्वहस्ताक्षरबाट लिपिबद्ध गरेको देखिन्छ तर नापी कार्यालय, सुनसरीको श्रेस्ता रेकर्डबाट उल्लिखित कि.नं. १ र २३ को जग्गा प्रतिवादी केशवलाल खोसी श्रेष्ठले मिति २०६०।०३।२५ मा बेजिल्लाबाट राजीनामा लिनुपूर्व मिति २०५६।१०।११ र मिति २०५७।०२।१६ मा समेत गरी बिभिन्न व्यक्तिका नाममा हकहस्तान्तरण भई गइसकेको र बिभिन्न कित्ता कायम भइसकेको देखिएको अवस्थामा, प्रतिवादी केशवलाल श्रेष्ठले मिति २०६०।०३।२५ मा पारित गरी लिँदा र मिति २०६०।०८।१६ मा सो कि.नं. १ र २३ को जग्गा दा.खा. गरी पाउन निवेदन दिएको मितिमा उक्त कि.नं. हरूका जग्गा केशव कोइरालाका नाम मोठश्रेस्तामा दर्ता कायमै रहने अवस्था भएन । यसरी मोठश्रेस्तामा केशव कोइरालाको नाम कायम नरहेको स्थितिमा प्रतिवादी पदमप्रसाद खतिवडाले "केशव कोइरालाको नाममा मोठश्रेस्ता कायम छ रोक्का छैन" भन्ने बेहोरा दा.खा. दर्ताको निवेदनमा उल्लेख गरी सोही आधारमा दा.खा.

गरी केशवलाल खोसी श्रेष्ठको नाम मोठश्रेस्तामा प्रतिवादी पदमप्रसाद खतिवडाले उल्लेख गरेको र मोठश्रेस्ता प्रमाणित नगराई राखेको स्थितिमा निज प्रतिवादी पदमप्रसाद खतिवडाले बदनियतका साथ पदीय कर्तव्य विपरीतको कार्य गरेको देखियो ।

१३. त्यसका अतिरिक्त मालपोत कार्यालय, सुनसरीबाट प्राप्त कि.नं. १ र २३ को सक्कल मोठश्रेस्ता पुरानो भई स्वाभाविक रूपमा आफै च्यात्तिएको नभई मिलाएर जानीबुझी च्याती, उप्काई प्वाल पारेको जस्तो अवस्था देखिन्छ । प्रतिवादी पदमप्रसाद खतिवडाले आफ्नो बयानमा, जग्गा दा.खा. गर्दा मोठश्रेस्ता च्यात्तिएको थिएन भनी जिकिर गरेपनि निज प्रतिवादी पदमप्रसाद खतिवडा सो मोठश्रेस्ता फाँटका कर्मचारी भई निजकै जिम्मामा रहेको मोठश्रेस्ता उनाउ व्यक्ति आई च्यात्ने, उप्काउने वा प्वाल पार्ने अवस्था हुँदैन । आफ्नो जिम्माको सरकारी कागजात च्यात्तिएको भए तत्काल कार्यालय प्रमुखबाट कैफियत जनाई प्रमाणित गराई राख्नु पर्नेमा त्यसरी प्रमाणित गराई राखेको अवस्था नदेखिँदा प्रतिवादीको उल्लिखित जिकिर आधारहीन भई प्रतिवादी पदमप्रसाद खतिवडाले आफ्नो पदीय कर्तव्य र दायित्वबाट विचलित भई कि.नं. १ र २३ को जग्गा मिति २०५७।०२।१६ सम्ममा कित्ताकाट भई बिभिन्न व्यक्तिका नाममा गइसकेको र केशव कोइरालाका नाममा मिति २०६०।०८।१६ मा उक्त जग्गा दर्ता कायमै नरहेको मोठश्रेस्तालाई, केशव कोइरालाको नाममा मोठश्रेस्ता कायम रहेको छ, रोक्का छैन भन्ने उल्लेख गरी प्रतिवादी पदमप्रसाद खतिवडाले मालपोत कार्यालय, सुनसरीको आफ्नो जिम्माको मोठश्रेस्ता च्याती, प्वाल पारी त्यसमा उल्लिखित बेहोरा उप्काई प्रतिवादी केशवलाल खोसी श्रेष्ठको नाम मोठश्रेस्तामा उल्लेख गरी कानून प्रतिकूल कार्य गरेको देखिन आयो।

१४. पाँचौ प्रश्नको सन्दर्भमा हेर्दा, प्रतिवादी केशवलाल खोसी श्रेष्ठले मौकामा बयान गर्दा, जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. ५(क) कि.नं. १ र २३ को जग्गा रु.१८,००,०००।- मा खरिद गरेको र नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्कमा धितो पारित गरेको हो । हाल रु.२४,००,०००।- तिर्न बाँकी छ, बैङ्कको हिसाबमा रु.७०,००,०००।- बाँकी छ । बैङ्कबाट रु.१,७५,००,०००।- ऋण लिएको हो भन्ने समेत बेहोरा उल्लेख गरको र अदालतसमक्ष निजले, केशव कोइरालाबाट २०५९ सालमै प्रतिबिगाह रु.८,००,०००।- का दरले लिएको, मूल्याङ्कन अनुसार रु.१,८७,५००।- रहेको हो, आरोप दाबी अनुसारको कसुर गरेको होइन भनी बयान जिकिर गरेको पाइन्छ भने प्रतिवादी सुनिल प्रधान आरोपित कसुरमा इन्कार रही केशवलाल खोसी श्रेष्ठको वारेस भई जग्गा पास गरेको हो जग्गामा कैफियत भए दोषी केशवलाल खोसी श्रेष्ठ हुन् भन्ने समेत बयान गरेको पाइन्छ ।

१५. खोसी मार्केटिङ ललितपुरका प्रोपराइटर प्रतिवादी केशवलाल खोसी श्रेष्ठले ऋण कर्जा लिने प्रयोजनले साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. मा मिति २०५९।१२।०६ मा निवेदन

दिई जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. ५(क) कि.नं. १ को क्षेत्रफल ३-५-० र कि.नं. २३ को क्षेत्रफल २-१९-० जग्गा मिति २०६०।०२।०६ मा मालपोत कार्यालय, डिल्लीबजारबाट बेजिल्लामा उल्लिखित बैङ्कका नाममा रु.७०,००,०००।- मा दृष्टिबन्धक लिखत धितो पारित गरिदिएपछि मिति २०६०।०२।२८ तदनुसार सन् ११ जुन २००३ मा निज प्रतिवादीलाई ऋण लगानी गर्ने निर्णय भएपश्चात् मिति २०६०।०२।२९ मा निज प्रतिवादी र उक्त बैङ्क बीच सम्झौता पत्र भई अन्य जग्गाहरू समेत धितो पारित गरी सोही मितिबाट पटक-पटक गरी रु.१,५०,००,०००।- ऋण लगानी र रु.२५,००,०००।- बैङ्क ग्यारेण्टी प्रदान गरेको देखियो ।

१६. साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि.लाई मिति २०६०।०२।०६ मा निज प्रतिवादीले धितो पारित गरिदिएको उल्लिखित कि.नं. १ र २३ को लिखतमा क्रमशः क्षेत्रफल ३-५-० र २-१९-० जग्गा धितो पारित गरेको मितिमा निजका नाममा दर्ता कायम रहेको नदेखिएको तथा धितो पारित लिखतमा उल्लेख भए बमोजिमको उल्लिखित उक्त कि.नं. १ र २३ को मोठ दर्ताश्रेस्तामा नभई कि.नं. १ मा क्षेत्रफल ३-५-५ र कि.नं. २३ मा क्षेत्रफल २-१९-१४ रहेको देखिन्छ । प्रति बिगाह रु. ८,००,०००।- मा खरिद गरेको भन्ने प्रतिवादीको अदालतको बयान रहेकोमा निजको बयानमा उल्लेख भए बमोजिमको मूल्यमा पारित भएको नभई जिल्ला संखुवासभा, आँखिभुई गा.वि.स. वडा नं. ३ बस्ने विष्णु प्रसादका छोरा केशवप्रसाद कोइरालाबाट प्रतिवादी केशवलाल खोसी श्रेष्ठले वारिस अनिल प्रधानमार्फत रु.१,८७,५००।- मा मालपोत कार्यालय, चाबहिल, काठमाडौँबाट मिति २०६०।०३।२५ मा बेजिल्ला राजिनामा पारित गरी लिएको देखिन्छ। तत्-पश्चात सो जग्गाहरू मिति २०६०।०८।१६ मा दा.खा. गरिपाउँ भनी मालपोत कार्यालय, सुनसरीमा प्रतिवादी केशवलाल खोसी श्रेष्ठले निवेदन गरेपछि मोठश्रेस्तामा जग्गाको क्षेत्रफल उल्लेख गर्ने स्थानमा केशवलाल खोसी श्रेष्ठ लेखिएको देखिए पनि कार्यालय प्रमुखबाट निजका नाममा मोठश्रेस्ता प्रमाणित गरेको देखिँदैन । प्रतिवादी पदमप्रसाद खतिवडाले निज प्रतिवादीको नाम उल्लेख गरी निजै पदमप्रसाद खतिवडाले मात्र दस्तखत गरेको देखियो ।

१७. प्रतिवादी केशवलाल खोसी श्रेष्ठले मिति २०६०।०२।०६ मा कि.नं. १ र २३ को जग्गा धितो पारित गर्दा सोही मिति २०६०।०२।०६ कै निज प्रतिवादी केशवलाल खोसी श्रेष्ठका नामको झुठ्ठा एवम् कृत्रिम जग्गाधनी दर्ता प्रमाणपूर्जा उक्त बैङ्कमा पेस गरेको जग्गाधनी दर्ता प्रमाणपूर्जाको फोटोकपीबाट देखिएको छ । आफ्नो नाममा कायमै नभएको उल्लिखित जग्गाको नक्कली जग्गाधनी दर्ता प्रमाणपूर्जा पेस गरी उक्त बैङ्कलाई नक्कली कागजातका आधारमा धितो पारित गरेको देखिन्छ। धितो पारित भएपछि उल्लिखित बैङ्कका तर्फबाट मिति २०६०।०२।०७ गते सो जग्गा रोक्का राखिदिनु भन्ने मालपोत कार्यालय, सुनसरीका नाममा बैङ्कका तर्फबाट हिम गुरुङले दस्तखत गरेको

पत्र मिसिल सामेल देखिए पनि सो पत्रानुसार मालपोत कार्यालय, सुनसरीबाट जग्गा रोक्का राखिएको नभई सो बैङ्कको च.नं. १०२ मिति २०६५।०२।२३ को पत्रानुसार मिति २०६५।०३।०१ गतेबाट मात्र उल्लिखित जग्गाहरू रोक्का रहेको भन्ने मालपोत कार्यालय, सुनसरीको च.नं. ९११८ मिति २०६५।०३।०१ को मिसिल संलग्न पत्रबाट देखियो ।

१८. केशवप्रसाद कोइरालाबाट मिति २०६०।०३।२५ मा उल्लिखित कि.नं. १ र २३ को जग्गा राजिनामा पारित गरी लिई मिति २०६०।०८।१६ मा दा.खा. गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा लिएको हुँ भन्ने प्रतिवादी केशवलाल खोसी श्रेष्ठको जिकिर भएकोले साबिक घरेलु तथा साना उद्योग विकास बैङ्क लि. लाई मिति २०६०।०२।०६ मा नै धितो पारित गरिदिएका अवस्था निज प्रतिवादीका नाममा सो जग्गा दर्ता कायम भएको देखिएन । निज प्रतिवादी केशवलाल खोसी श्रेष्ठले जुन केशवप्रसाद कोइरालासँग उक्त जग्गा खरिद गरेको हुँ भनेका छन् ती केशवप्रसाद कोइराला सङ्खुवासभा जिल्ला, आँखिभुईं गा.वि.स. वडा नं. ३ बस्ने देखिएका र मिति २०६०।०३।२५ को पारित लिखतमा निजको उमेर ३७ वर्ष उल्लेख छ । निजले मिति २०५३।१०।२३ मा ना.प्र.प.नं. १७९६ बाट नागरिकता प्रमाणपत्र लिएको सो पारित लिखतमा उल्लेख छ, जबकि विवादित कि.नं. १ र २३ को जग्गा केशवप्रसादसमेतका नाममा सर्भे नापीकै अवस्थामा मिति २०२१।०९।०५ मै दर्ता भएको मोठश्रेस्ताबाट देखिँदा २०२१ सालमै दर्तावाला रहेका केशवप्रसाद कोइरालाको उमेर २०६० सालमा ३७ वर्षमात्रको हुनसक्ने देखिँदैन । त्यसका अतिरिक्त मोठश्रेस्तामा उल्लेखित कि.नं. १ र २३ को जग्गाको जग्गाधनी भनिएका केशव कोइरालाको वतन जिल्ला सुनसरी, औरावनी उल्लेख रहेको मोठश्रेस्ताबाट देखिन्छ ।केशवलाल खोसी श्रेष्ठले जग्गा खरिद गरेका केशवप्रसाद कोइराला जिल्ला सङ्खुवासभा, आँखिभुईं गा.वि.स. वडा नं. ३ बस्ने देखिएका छन् । निज केशवप्रसाद कोइरालाको नागरिकता प्रमाणपत्र इलाका प्रशासन कार्यालय, चैनपुर, सङ्खुवासभाबाट जारी गरेको भनी पेस गरेकोमा अनुसन्धानको क्रममा बुझ्दा निजको नागरिकता प्रमाणपत्र सो कार्यालयबाट जारी नभएको भन्ने सो कार्यालयको जवाफ रहेकोबाट मिति २०६०।०३।२५ मा उल्लिखित जग्गा पारित गरिदिने केशवप्रसाद कोइरालाको नक्कली नागरिकता प्रमाणपत्रका आधारमा जग्गा राजिनामा पारित गरी दिए, लिएको देखियो । आरोपपत्रमा नै केशवप्रसाद कोइरालाको नागरिकता प्रमाणपत्र नक्कली रहेको भनी उल्लेख गरिएकोलाई प्रतिवादी केशवलाल खोसी श्रेष्ठले केशवप्रसाद कोइरालाको नागरिकता प्रमाणपत्र सद्दे हो भनी जिकिर लिएको पनि नदेखिएको र केशवप्रसाद कोइरालालाई निज प्रतिवादीले साक्षीको रूपमा अदालतसमक्ष प्रस्तुत गरी निजको अस्तित्व प्रमाणित गर्न सकेको समेत पाइएन ।

१९. नापी कार्यालय, सुनसरीको च.नं. १६४२ मिति २०६८।१२।२४ र च.नं. २१ मिति २०७०।०४।०६ समेतको पत्रबाट उल्लिखित कि.नं. १ र २३ को जग्गा बिभिन्न व्यक्तिहरूका

नाममा हकहस्तान्तरण गरी कित्ताकाट भई मिति २०५६।१०।११ र मिति २०५७।०२।१६ बाट गइसकेको भन्ने नापी कार्यालयको श्रेस्ताबाट देखिँदा प्रतिवादी केशवलाल खोसी श्रेष्ठले केशवप्रसाद कोइरालाबाट मिति २०६०।०३।२५ मा विवादित कि.नं. १ र २३ को जग्गा राजिनामा पारित गरी लिएको भनेको मितिमा केशवप्रसाद कोइरालाका नाममा श्रेस्ता कायम रहन सक्ने अवस्था भएन। सो जग्गाहरू जसका नाममा कायम थियो, कायम रहेका जग्गाधनीको नाम च्याती उप्काई प्वाल पारेको अवस्थामा सक्कल मोठश्रेस्ता रहेको र प्वाल परेको मुनी केशवलाल खोसी श्रेष्ठ नाम उल्लेख भएपनि कार्यालय प्रमुखबाट मोठश्रेस्ता प्रमाणित नभएको स्थितिमा सो मोठश्रेस्ता कायम भएको मान्न मिलेन ।

२०. यसरी मिति २०५७।०२।१६ एवम् सो मिति पूर्वमा समेत कित्ताकाट भई बिभिन्न व्यक्तिहरूका नाममा हकहस्तान्तरण भइसकेको कि.नं. १ र २३ को जग्गाको अस्तित्व कायम नभएको अवस्थामा उक्त कि.नं.हरूको नक्कली एवम् बनावटी जग्गाधनी दर्ता प्रमाणपूर्जा निज प्रतिवादीहरू केशवलाल खोसी श्रेष्ठ र सुनिल प्रधानको मिलेमतोबाट खडा गरी, गराई साबिक घरेलु तथा साना उद्योग विकास बैङ्क लि.मा पेस गरी मिति २०६०।०२।०६ मा उक्त बैङ्कलाई रु.७०,००,०००।- मा दृष्टिबन्धक लिखत धितो पारित गरी ऋण कर्जासमेत लिएको तथा केशवप्रसाद कोइरालाको नामको नक्कली नागरिकता प्रमाणपत्र पेस गरी मिति २०६०।०३।२५ मा प्रतिवादी सुनिल प्रधान वारिस बनी सो जग्गा प्रतिवादी केशवलाल खोसी श्रेष्ठको नाममा बेजिल्लाबाट पारित गरी त्यस्तो लिखतका आधारमा मिति २०६०।०८।१६ मा सो जग्गा दा.खा. दर्ता गरेको तथा प्रतिवादी केशवलाल खोसी श्रेष्ठबाट प्रतिवादी सुनिल प्रधानले रु.२५,००,०००।- मिति २०६०।०६।१४ मा लिई कपाली तमसुक गरी दिएको मालपोत कार्यालय, सुनसरीको सक्कल फायल संलग्न तमसुक लिखतबाट देखिएबाट निजहरू बीच कारोवार एवम् आपसी सम्बन्ध रहेको समेत देखिएकोले निज प्रतिवादीहरूको समेत मिलेमतो र बदनियतबाट साबिक घरेलु तथा साना उद्योग विकास बैङ्क लि. जस्ता संस्थालाई हानी-नोक्सानी पुऱ्याई आफूलाई फाइदा पुग्ने कार्य निज प्रतिवादीहरूबाट भए गरेको देखिन आयो ।

२१. छैठौं तथा अन्तिम प्रश्नको हकमा हेर्दा, माथिका बिभिन्न प्रकरणमा उल्लेख गरिए जस्तो मिति २०६०।०२।०६ मा जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. ५(क) कि.नं. १ र २३ को जग्गा प्रतिवादी केशवलाल खोसी श्रेष्ठका नाममा मालपोत कार्यालय, सुनसरीको मोठश्रेस्तामा दर्ता कायमै नरहेकोमा उक्त जग्गालाई आफ्नो स्वामित्वको जग्गा हो भनी सोही मिति २०६०।०२।०६ को जग्गाधनी दर्ता प्रमाणपूर्जाको कृत्रिम र बनावटी जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरी, गराई रु.७०,००,०००।- मा नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्कलाई प्रतिवादी केशवलाल खोसी श्रेष्ठले सोही मितिमा दृष्टिबन्धक धितो पारित गरी ऋणसमेत लिई उल्लिखित

बैङ्कलाई हानी-नोक्सानी पुऱ्याई आफूलाई फाइदा पुग्ने कार्य निज प्रतिवादीले गरेकोमा, निज केशवलाल खोसी श्रेष्ठको वारिस बनी प्रतिवादी सुनिल प्रधानले सो जग्गा पारित गराउने आवश्यक कागजात एवम् ऋण प्राप्त गर्ने कार्यमा समेत सक्रियता प्रदान गरेको देखिन्छ । त्यसैगरी साबिक घरेलु तथा साना उद्योग विकास बैङ्क लि.का कार्यकारी अध्यक्ष सिताराम प्रसाईं र कर्जा प्रबन्धक हिम गुरुङले बैङ्कबाट ऋण प्रदान गर्ने, गराउने कार्य गरेको र प्रतिवादी पदमप्रसाद खतिवडाले मालपोत कार्यालय, सुनसरीको मोठश्रेस्ता च्यात्ने, श्रेस्ताको वास्तविक बेहोरा उप्काई प्वाल पार्ने एवम् कायमै नरहेको केशवप्रसाद कोइरालाको मोठश्रेस्ता कायम छ, रोक्का छैन भनी झुठ्ठा बेहोरा लेखी जग्गा दा.खा. गराई प्रतिवादी केशवलाल खोसी श्रेष्ठको नाम मोठश्रेस्तामा लेख्ने कार्यसमेत गरेको देखिन्छ । अतः प्रतिवादीहरू केशवलाल खोसी श्रेष्ठ, सुनिल प्रधान, पदमप्रसाद खतिवडा, सिताराम प्रसाई र हिम गुरुङको मिलेमतो र बदनियतबाट नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्कलाई हानी-नोक्सानी पुऱ्याई निज प्रतिवादी आफूहरूले गैरकानूनी फाइदा लिई आरोप दाबी बमोजिमको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय हुने देखिन आयो ।

२२. तसर्थ, माथि उल्लिखित आधार र कारणबाट प्रतिवादी केशवलाल खोसी श्रेष्ठले आफ्नो नाममा कायमै नरहेको जिल्ला सुनसरी, औरावनी गा.वि.स. वडा नं. ५(क) कि.नं. १ र २३ को कृत्रिम बनावटी जग्गाधनी दर्ता प्रमाणपूर्जाका आधारमा तत्कालीन नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लि. लाई मिति २०६०।०२।०६ मा रु.७०,००,०००।- (सत्तरी लाख रुपैयाँ) मा धितो राखी सो जग्गासमेत पास गरी गराई कर्जा लिई आफूलाई फाइदा र बैङ्कलाई हानी नोक्सानी पुऱ्याएको र उक्त कार्यमा प्रतिवादीहरू सिताराम प्रसाई, हिम गुरुङ भन्ने हिम बहादुर गुरुङ, सुनिल प्रधान र पदमप्रसाद खतिवडा समेतको संलग्नता देखिएबाट निज प्रतिवादीहरूको हकमा आरोप दाबी बमोजिमको कसुर पुष्टि भएको हुँदा प्रतिवादी केशवलाल खोसी श्रेष्ठबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम बिगो रु.७०,००,०००।- (सत्तरी लाख रुपैयाँ) सम्बन्धित बैङ्क अर्थात् साबिक नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लिमिटेड समाहित हुँदै कायम हुन आएको महालक्ष्मी विकास बैङ्क लिमिटेडलाई भराई बिगोबमोजिम जरिवाना हुन्छ । त्यसैगरी देहायका अन्य प्रतिवादीहरूलाई देहाय बमोजिम सजाय हुने ठहर्छ :-

(१) प्रतिवादी सिताराम प्रसाईंलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम बिगो रु.७०,००,०००।- (सत्तरी लाख रुपैयाँ) को दामासाहीबाट हुने रु.३५,००,०००।- (पैंतीस लाख रुपैयाँ) जरिवाना र १० (दस) महिना कैद हुने । साथै निज प्रतिवादी तत्कालीन बैङ्कका कार्यकारी अध्यक्ष रहेको हुँदा सोही ऐनको दफा २४ बमोजिम थप २ महिना कैद हुने ।

(२) प्रतिवादी हिम गुरुङलाई सोही ऐनको दफा ८(४) बमोजिम रु.३५,००,०००।- (पैंतीसलाख रुपैयाँ) जरिवाना र ६(छ) महिना कैद हुने।

(३) प्रतिवादी सुनिल प्रधानलाई सोही ऐनको दफा ८(४) बमोजिम कैद वर्ष १(एक) हुने।

(४) प्रतिवादी पदमप्रसाद खतिवडालाई सोही ऐनको दफा १२ बमोजिम ६(छ) महिना कैद र रु.१०,०००।- (दस हजार रुपैयाँ) जरिवाना हुने ।

२३. प्रतिवादीहरू मध्येका भागवत श्रेष्ठ र सुनिल गुरुङलाई तत्कालीन कार्यकारी अध्यक्षबाट आर्थिक कारोबार बाहेक अन्य पत्राचार गर्नेसम्मको अधिकार प्रदान गरेको देखिँदा निजहरूले आरोप दाबी बमोजिमको कसुर गरेको पुष्टि नभएको हुँदा आरोप दाबीबाट सफाइ पाउने ठहर्छ ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः टीकाराम आचार्य

इति संवत २०७५ साल असोज ११ गते रोज ५ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री महेशप्रसाद पुडासैनी

फैसला

मुद्दा नं. ०७२-CR-००२६

इजलास नं. २

नि. नं. ९

फैसला मिति : २०७४।६।२५

मुद्दाः भ्रष्टाचार उद्योग गरेको।

वादी : त्रिपाल खरिदमा व्यापक घोटाला भएको भन्ने बिभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारसमेतले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : सहरी विकास मन्त्रालयका उप-सचिव होमनाथ भट्टराईसमेत

- **न्यून गुणस्तरको आपूर्ति भएको भए सोहीबमोजिम न्यून मूल्य कायम गरेर भुक्तानी दिन सक्ने अधिकार वादीसँग निहित रहेको देखिएबाट अभियोग दाबीमा उल्लेख भएका कुनै पनि कुरालाई आधार बनाएर आपूर्तिकर्ता प्रतिवादीहरूलाई दोषी ठहर गर्न नमिल्ने ।**

(प्रकरण नं.९)

- **महाभूकम्प गएर मुलुक नै पीडामा भएको अवस्थामा आफूभन्दा माथिल्ला तहका अधिकृतको निर्देशन विना आपूर्तिकर्ताहरूसँग मिलोमतो गरी सरकारी ढुकुटीबाट बढी रकम भुक्तानी गराई सरकारलाई हानी नोक्सानी र आफूलाई गैरकानूनी फाइदा पुऱ्याउने कार्य गरे होलान् भन्ने अनुमान गरी कसुरदार कायम गर्न नसकिने ।**

(प्रकरण नं.११)

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिप्रसाद उप्रेती, श्री कृष्णप्रसाद सापकोटा, श्री सतिसकृष्ण खरेल र श्री बाबुराम कुँवर, विद्वान् अधिवक्ताहरू श्री गणेश विक्रम कार्की, श्री दिपक घिमिरे, श्री केदारप्रसाद कोइराला, श्री रविन्द्र कुमार ढुङ्गाना र श्री लक्ष्मण थपलिया

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९
- सार्वजनिक खरिद ऐन, २०६३

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा सर्वप्रथम उद्योग वाणिज्य महासंघका निर्देशक हंसराम पाण्डेय र आपूतिकर्ता प्रतिवादीहरूका तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीहरूले निज प्रतिवादीहरूका हकमा आकर्षण हुनै नसक्ने कानून लगाएर कसुर कायम गरिएको छ भनि उठाउनु भएको प्रश्नसमेतलाई दृष्टिगत गरी प्रतिवादी हंसराम पाण्डेयका हकमा विचार गर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ मा गलत प्रतिवेदन दिनेलाई सजाय भन्ने दफा शीर्षकअन्तर्गत उपदफा (१) मा बदनियतपूर्वक लेखापरीक्षण गर्ने लेखापरीक्षकलाई हुने सजायको व्यवस्था गरी उपदफा (२) मा उपदफा (१) मा लेखिएदेखि बाहेक सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिलसिलामा कुनै विषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तो अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिँदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्राअनुसार तीन महिना देखि एक बर्षसम्म कैद र दस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा सहरी विकास मन्त्रालयले उद्योग वाणिज्य महासंघलाई पत्रद्वारा सोधिएको विषयमा जवाफ पठाएकोमा सो जवाफमा उल्लेख गरिएको व्यहोरालाई विवादको विषयवस्तु बनाएर अभियोग लगाएको पाइन्छ । प्रतिवादी हंसराम पाण्डेय सहरी विकास मन्त्रालयबाट सोधिएको विषयमा अध्ययन वा जाँच गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभई उद्योग वाणिज्य महासंघका तर्फबाट मन्त्रालयलाई पठाइएको पत्रमा हस्ताक्षरसम्म गरेका व्यक्ति भएको देखिन्छ । यसबाट पत्रको जवाफसम्म पठाएको विषयलाई उक्त दफा १९ को उपदफा (२) अन्तर्गतको कसुर मान्न मिल्ने देखिदैन । त्यसमाथि पनि निज हंसराम पाण्डेयले उद्योग वाणिज्य महासंघका तर्फबाट सहरी विकास मन्त्रालयलाई लेखेको पत्रको नोटको व्यहोरामा त्रिपालको मटेरियलको गुणस्तर, डेलिभरी समय, स्थान र परिस्थिति हेरी वजार मूल्यमा माथि उल्लेख गरिएभन्दा केही फरक हुन सक्ने भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ । उक्त पत्रको व्यहोराले त्रिपालको यथार्थ दररेट कायम गर्न धेरै कुराले प्रभाव पार्ने र आफूले ती सबै कुराको अध्ययन नगरेको भन्ने विषयलाई इङ्गित गर्दछ। यस्तो स्थितिमा पत्रमा उल्लेख भएको उपर्युक्त व्यहोराले आपूर्तिकर्ता र मन्त्रालयका कर्मचारीसँग निज हंसराम पाण्डेयको मिलेमतो थियो भन्ने कुरालाई पुष्टि गर्ने नभई निजहरूका बीचमा मिलोमतो थिएन भन्ने कुरालाई टेवा पुग्ने देखिएको छ ।

२. सहरी विकास मन्त्रालयबाट उद्योग वाणिज्य महासंघलाई २०७२।०२।१३ मा लेखिएको पत्रमा २०७२।१।११ मा कायम रहेको त्रिपालको मूल्य पठाइदिन अनुरोध गरेको देखिन्छ । तर उक्त पत्रमा प्रयोजन खुलाइएको छैन । बजारमा विक्री हुने बिभिन्न साइज र गुणस्तरका त्रिपालको खुद्रामूल्य उद्योग वाणिज्य महासंघले निर्धारण गर्ने विषय नभएको र खुद्रा मूल्य स्वाभाविक रूपमा ठाउँअनुसार फरक पर्न सक्ने नै हुन्छ । प्रतिवादी हंसराम पाण्डेयले बयान गर्दा बजार भाउ बुझेर सोधखोज गरेर पत्र लेखेको भन्ने बेहोरा उल्लेख भएको पाईदा सो पत्रमा उल्लेख भएको त्रिपालको दररेटलाई आधिकारिक मान्नुपर्ने किसिमबाट दिइएको प्रतिवेदन सरहको मान्न मिल्ने अवस्था देखिएन । सहरी विकास मन्त्रालयको पत्रको जवाफ स्वरूप उद्योग वाणिज्य महासंघका तर्फबाट लेखिएको उपर्युक्तबमोजिमको भाषा उल्लेख भएको पत्रलाई आधार बनाएर प्रतिवादी हंसराम पाण्डेयका विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) अन्तरगर्तको कसुर ठहर गर्न मिल्ने देखिएन ।

३. त्यसैगरी, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (४) अन्तर्गतको कसुर गर्न उद्योग गरेको भन्ने अभियोग दाबी भएका आपूर्तिकर्ता प्रतिवादीहरूको हकमा विचार गर्दा, उक्त दफा ८(४) मा राष्ट्रसेवक बाहेक अरु कुनै ब्यक्तिले आफू वा अरु कुनै ब्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष गरेको सपथ, कबुलियत, सम्झौता ठेक्का लाइसेन्स, परमिट, प्रतिज्ञापत्र वा डिलरशिपको शर्त पालना नगरेमा वा नेपाल सरकार वा त्यस्तो संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त उल्लङ्घन हुनेगरी प्रचलित कानूनद्वारा निषेधित तबरबाट ब्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा निजलाई कसुरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगो बमोजिम जरिवाना गरि बिगो समेत जफत गरिनेछ भन्ने व्यवस्था भएको पाइन्छ । आपूर्तिकर्ता प्रतिवादीहरूले नेपाल सरकारसमक्ष गरेको शपथ, कबुलियत, सम्झौता, ठेक्का, लाइसेन्स परमिट, प्रतिज्ञा पत्र वा डिलरशिपको शर्त पालना नगरेको भन्ने अभियोग दाबी नै छैन । मौखिक जानकारी सम्मका आधारमा त्रिपाल आपूर्ति गरेको अवस्था हुँदा कलुलियत ठेक्का, सम्झौता जस्ता कुराको परिपालना नभएको स्थिति उत्पन्न भएको देखिदैन । त्यसैगरी सोही दफा ८ को उपदफा (४) मा उल्लेख गरिए जस्तो नेपाल सरकारले निर्धारित गरेको नियम वा कार्यविधिमा स्वीकार गरेको शर्त उल्लङ्घन हुने गरी प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेको भन्ने पनि अभियोग दाबी छैन । सोही उपदफा (४) मा उल्लेख भएको उक्त उपदफा अन्तरगतको कसुर हुने अर्को शर्त भनेको सरकारी संस्थाको सुविधा वा अधिकारको दुरुपयोग हो । सो कार्य पनि आपूर्तिकर्ता प्रतिवादीहरूबाट भए गरेको भन्ने न त अभियोग दाबी छ न त्यस्तो सुविधा वा अधिकार दुरुपयोग गरेको अवस्था नै छ ।

४. यसरी आपूर्तिकर्ता प्रतिवादीहरू उपर जुन कानून उल्लङ्घन गरे भन्ने अभियोग दाबी रहेको छ सो कानूनको सर्सर्ती अध्ययन गर्दा निज प्रतिवादीहरूले दफा (८) को उपदफा (४) को कानूनी व्यवस्था प्रतिकूल हुने गरी कुनै कार्य गरेको भन्ने कुरा अभियोजन पक्षबाट प्रत्यक्ष रूपमा स्थापित गर्न सकेको पाइएन । बिगो घटी बढी भएतापनि सबै आपूर्तिकर्ता प्रतिवादीहरू उपर प्रायः एकै किसिमको अभियोग लगाएको पाइन्छ । जसमा कम परिमाणमा त्रिपाल आपूर्ति गरी बढी परिणाम देखाएको, घटी गुणस्तरको त्रिपाल आपूर्ति गरी बढी गुणस्तर देखाएको, सानो साइजको त्रिपाल आपूर्ति गरी ठुलो साइज देखाएको र कम मूल्यमा खरिद गरी अस्वाभाविक रूपमा बढी मूल्य देखाएको भन्ने विषयवस्तु समावेश छन् । कसैको पनि भुक्तानी भई नसकेको अवस्था हुँदा बढी लिए खाए भन्ने अभियोग दाबी नभई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई बढी रकम लिन खानका लागि सहरी विकास मन्त्रालयका कर्मचारीहरूसँग समेत मिलोमतो गरी भ्रष्टाचार गर्ने उद्योग गरेको भन्ने अभियोग दाबी छ । भूकम्पले क्षतिग्रस्त भएको काठमाण्डौ उपत्यकाका सरकारी भवनमा समेत भित्र बसेर कामकाज गर्न सक्ने अवस्था नभएको हुँदा त्रसित मनस्थितिका साथ त्रिपालमा बसेर भूकम्प पीडितहरूका लागि जसरी भए पनि छिटो माध्यमबाट राहत स्वरूप त्रिपाल उपलब्ध गराउनुपर्ने तत्कालको परिस्थितिको स्मरण गर्दा अहिले पनि जिउ सिरिङ्ग हुन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीहरू पनि त्यस्तै वातावरणमा रहेर त्रिपालको माग र आपूर्ति गरेको अवस्था थियो भन्ने कुरा मिसिल संलग्न कागजात, सरकारी स्तरबाट भएका निर्णय तथा प्रतिवादीहरूको बयानबाट छर्लङ्ग भएको छ । यस्तो स्थितिमा सामान्य अवस्थाको खरिद तथा आपूर्ति र प्रस्तुत मुद्दामा विद्यमान आपतकालिन अवस्थामा गरिएको खरिद तथा आपूर्तिमा फरक अवस्था रहनुलाई स्वाभाविक मान्नुपर्दछ ।

५. नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७२।१।१४ मा भएको निर्णयको निर्णय नम्वर ५ मा विनासकारी भूकम्प प्रभावित क्षेत्रमा राहत, औषधी, खाद्यान्न, त्रिपाल, खानेपानीलगायत अत्यावश्यक सामग्रीहरू जुनसुकै माध्यमबाट भएपनि प्राप्त गरि वा खरिद गरि तुरुन्त उपलव्ध गराउने भन्ने व्यवस्था भएको देखिन्छ। त्यसैगरी नेपाल सरकार (म.प.) बाट मिति २०७२।१।१७ मा भएको निर्णयको निर्णय नम्वर १० मा भूकम्प प्रभावितहरूका लागि आवश्यक पर्ने टेन्ट र तारपोलिन खरिद गर्ने अख्तियारी सहरी विकास मन्त्रालयलाई प्रदान गर्ने र खरिदबाट प्राप्त सामग्री माननीय वाणिज्य तथा आपूर्ति मन्त्रीको रेखदेख र नियन्त्रणमा सञ्चालित गोदाममा दाखिला गरी तहाँबाटै वितरण गर्ने व्यवस्था गर्ने भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । मन्त्रिपरिषदबाट भएका उल्लिखित दुवै निर्णयले पूर्वानुमान नगरिएको विपतको अवस्था भएको हुँदा विपत व्यवस्थापनका लागि नियमित प्रक्रियातिर नलागेर जसरी पनि भूकम्प पीडितहरूलाई यथासक्य छिटो अत्यावश्यक सामग्री उपलव्ध गराउनेतर्फ लाग्नुपर्ने विषयमा जोड दिएको पाइन्छ ।

६. यसै पृष्ठभूमिमा सहरी विकास मन्त्रालयका सचिव स्तरबाट २०७२।१।१९ मा सदर भएको टिप्पणीको उठान गर्ने र त्यसरी उठान भएको टिप्पणी ब्यहोरामा उल्लेख भएबमोजिम हुन मनासिव देखि पेस गरेको छु भनी हस्ताक्षर गर्ने मध्येका केही कर्मचारी उपर भ्रष्टाचारको उद्योगको अभियोग लगाइएको छ भनें फायल अगाडि बढाएका मध्येका केही कर्मचारीलाई कसुरको दायराबाट बाहिर राखिएको छ । एउटै टिप्पणीमा एउटै बेहोरा लेखेर सहिछाप गर्ने केही पदाधिकारी विरुद्ध अभियोग लगाउने र सोही बेहोरा लेखेर टिप्पणीमा हस्ताक्षर गर्ने केही पदाधिकारी र सो टिप्पणी सदर गर्ने पदाधिकारीका विरुद्ध मुद्दा नचलाइएको अवस्था छ । यस बिषयलाई लिएर प्रतिवादीहरूका तर्फबाट रहनुभएका विद्वान् कानून ब्यवसायीहरूले पनि जोडदार रूपमा प्रश्न उठाउनु भएको परिप्रेक्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र अभियोजनको समयमा नै विशेष ध्यान पुऱ्याउन बाञ्छनीय देखिन्छ ।

७. सोही २०७२।१।१९ को टिप्पणीलाई आधार बनाएर अभियोग लगाइएको हुँदा उक्त टिप्पणीका बारेमा थप केही बेहोरा उल्लेख गर्न आवश्यक देखिएको छ । उक्त टिप्पणीको उठान गर्दा नेपाल सरकार मन्त्रिपरिषदबाट भएका बिभिन्न निर्णयको उल्लेख गर्दै विनासकारी भूकम्पबाट उत्पन्न विशेष परिस्थितिमा पीडितहरूलाई तत्कालै राहत स्वरूप त्रिपाल उपलव्ध गराउनुपर्ने भएकोले त्रिपालहरू वजारमा जे जस्तो अवस्थामा उपलव्ध छन् खरिद गरी काठमाण्डौ उपत्यकाभित्रका बिभिन्न शिविरहरूमा रहेका भूकम्प पीडितहरू लगायत बिभिन्न प्रभावित जिल्लाहरूमा वितरण गर्ने आदेश श्रीमान सचिवज्यूबाट प्राप्त भएबमोजिम मिति २०७२।१।१३ देखि नै मन्त्रालयले सम्पर्क गर्न सकेका र बजारमा उपलव्ध बिभिन्न फर्महरूबाट बिभिन्न GSM, दर, परिमाण र साइजमा रहेका त्रिपालहरू खरिद गरी विनाशकारी भूकम्प गएलगत्तै आपतकालिन अवस्थामा २०७२।१।१३ देखि नै त्रिपाल वितरण गर्ने कार्य भैसकेको भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । सोही टिप्पणीमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (६) को खण्ड (घ३), दफा ६६ र सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १४५ बमाजिम विशेष परिस्थितिमा खरिद गरिएको सोको स्वीकृति हुन अर्थात खरिद स्वीकृतिका लागि टिप्पणी पेस भएको देखिन्छ । उक्त टिप्पणीमा बिभिन्न ५३ वटा आपूर्तिकर्ताको नाम उल्लेख भएको पाइन्छ ।

८. उक्त टिप्पणी सदर गर्दा सहरी विकास मन्त्रालयका सचिवले आपूर्तिकर्ताले पेस गरेको दररेट निजहरूले २०७२।१।११ मा कायम भएको दररेटभन्दा बढी भएको पाइएमा निजबाट सरकारी बाँकी सरह असूल गर्ने बेहोरा उल्लेख गर्दै भुक्तानी गर्ने वेलामा निज आपूर्तिकर्ताहरूलाई उक्त २०७२।१।११ मा कायम भएको दररेटभन्दा बढी भएको पाइएमा सरकारी बाँकी सरह तिर्न वुझाउन मन्जुर भएको व्यहोरामा हस्ताक्षर गराएर महाभूकम्प आउनुभन्दा अगाडि अर्थात २०७२।१।११ को दररेटभन्दा बढी दररेट माग गरेमा र भुक्तानी भई हाले पनि निज

आपूर्तिकर्ताहरूबाट सरकारी बाँकी सरह असूल गर्न सकिने बाटो कायम राखेर आपतकालीन अवस्थाको कोही कसैबाट दुरुपयोग हुन र नेपाल सरकारलाई हानी नोक्सानी हुन नदिनेतर्फ सजगता अपनाएको पाइन्छ । भुक्तानीको प्रक्रिया सुरु भैसकेको अवस्था छैन । खरिद समर्थन गर्दा सचिवबाट निर्णय भए बमोजिम आपूर्ति भएका त्रिपालको गुणस्तर र साइजको आधारमा मूल्य निर्धारण गरी वास्तविक मूल्य मात्र भुक्तानी दिने निर्णय गर्ने ठाउँ बाँकी रहेको र सोबमोजिम नगर्ने कर्मचारीका हकमा आवश्यक कारवाही हुन सक्ने अवस्था वाँकी नै रहेको देखिन्छ । आपूर्तिकर्ता प्रतिवादीहरूसँग अभियोग लगाई सो कर्मचारीहरू अर्थात प्रतिवादी कायम गरिएका प्रतिवादीहरूको मात्र मिलेमतो रहेको र आपूर्तिकर्ताहरूलाई सरकारको ढुकुटीबाट बढी भुक्तानी गरेर नेपाल सरकारलाई हानी नोक्सानी गराउने मनसाय थियो भन्ने कुरासमेत स्थापित हुन सकेको नपाईंदा आपूर्तिकर्ता प्रतिवादीहरूको अभियाग दाबी बमोजिमको कसुरमा संलग्नता रहे भएको भन्ने कुरा पुष्टि हुन सकेको पाइएन ।

९. खरिद समर्थन गराउने प्रयोजनका लागि उठाइएको टिप्पणीमा त्रिपालको साइज, गुणस्तर तथा मूल्यसमेत बढाएर उल्लेख गरिएको भनिए तापनि मूल्यका हकमा भूकम्प आएको मिति भन्दा अगाडिको मूल्य कायम गरेर भुक्तानीको व्यवस्था मिलाउने भन्ने बेहोरा राखेर २०७२।१।१९ मा सहरी विकास मन्त्रालयका सचिवबाट टिप्पणी सदर भएको देखिँदा मूल्यका हकमा भुक्तानी गर्दाका वखत विचार नपुऱ्याई बढी भुक्तानी भएमा पनि त्यसरी बढी भुक्तानी लिने आपूर्तिकर्ताबाट सरकारी बाँकी सरह असुल्ने बेहोरा उल्लेख भएबाट आपूर्तिकर्ता प्रतिवादीहरूले प्रचलित मूल्यभन्दा बढी रकम असूल गर्ने मनसाय राखेको भएपनि सचिवस्तरको उक्त निर्णयबाट बढी असुल्ने र तिर्ने भन्ने विषय टुङ्गिएको देखिन्छ । कम गुणस्तरका त्रिपाल आपूर्ति गरेर राम्रो गुणस्तर देखाएको, सानो साइजका त्रिपाल आपूर्ति गरेर ठुलो साइज देखाएको भन्ने सम्बन्धमा पनि त्रिपालको GSM दुरुस्त नमिल्ने भन्ने कुरा आपूर्तिकर्ता प्रतिवादीहरू बाहेकका अन्य आपूर्तिकर्ताका हकमा समेत त्यस्तो समस्या देखिएको र त्यसरी आपूर्तिकर्ताले पेस गरेको GSM र वास्तविक GSM मा फरक देखिएमा वास्तविक GSM लाई आधार बनाएर भुक्तानी दिइएको र सो कुरा आपूर्तिकर्ता प्रतिवादीहरूले पनि स्वीकार गरेकै देखिँदा समान प्रकृतिको समस्या देखिएका आपूर्तिकर्ताहरूका बीचमा असमान व्यवहार गरी कसैलाई भ्रष्टाचार गर्ने उद्योग गरेको अभियोग लगाउने र कसैलाई प्राप्त भएका त्रिपालको गुणस्तरलाई आधार बनाएर कम भुक्तानी दिने नीति अवलम्वन गर्न न्यायाचित देखिएन । साइजको हकमा समेत GSM घटी भएसरह न्यून गुणस्तरको त्रिपाल आपूर्ति भएको भए सोहीबमोजिम न्यून मूल्य कायम गरेर भुक्तानी दिन सक्ने अधिकार सहरी विकास मन्त्रालयसँग निहित रहेको देखिएबाट अभियोग दाबीमा उल्लेख भएका कुनै पनि कुरालाई आधार बनाएर आपूर्तिकर्ता प्रतिवादीहरूलाई दोषी ठहर गर्न मिल्ने देखिएन ।

१०. अव सहरी विकास मन्त्रालयमा कार्यरत उपसचिवद्वय र एकजना नायव सुव्वाको हकमा विचार गर्दा, उपसचिवद्वय होमनाथ भट्टराई र रामकृष्ण गुरागाइले २०७२।१।१९ मा उठाइएको टिप्पणीमा शुरु तहबाट उठाइएका टिप्पणी बेहोरा मनासिव छ भन्ने बोली पारेर हस्ताक्षर गरी आफूभन्दा माथिल्लो तहको पदाधिकारी समक्ष पेस गरेको सम्म देखिएको छ । आपूर्तिकर्ता प्रतिवादीहरूसँग मिलोमतो गरी सरकारलाई हानी नोक्सानी र आफूहरूलाई फाइदा पुऱ्याउने नियतबाट काम कारवाही अगाडि वढाएको वा आपूर्तिकर्ताहरूसँग त्रिपाल खरिद गर्ने चाँजोपाँजो मिलाएको भन्ने कुरा मिसिल संलग्न कुनै पनि कागजातबाट पुष्टि हुन सकेको पाइएन । आपतकालमा आपूर्तिकर्ताहरूसँग सम्पर्क गरिएको छ र त्यो पनि सहरी विकास मन्त्रालयका सचिवको निर्देशनमा। आफ्नो निर्देशनमा आपूर्तिकर्ता प्रतिवादीहरूबाट त्रिपाल खरिद गरिएको भन्ने कुरालाई मन्त्रालयका सचिवले नै स्वीकार गरेको अवस्था छ । आपतकालमा त्रिपाल खरिद गर्ने सम्बन्धी कार्यमा सहजीकरणसमेत गर्ने प्रयोजनका लागि सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक शम्भु के.सी.को अध्यक्षतमा गठित खरिद समितिमा प्रतिवादी होमनाथ भट्टराईसमेत सदस्य रहेको पाइन्छ । विशेष खरिद समितिमा अर्का प्रतिवादी रामकृष्ण गुरागाईं र युवराज गिरीलगायत अन्य पदाधिकारीसमेत रहेको पाईन्छ । खरिद समितिहरूमा रहेर काम गर्ने पदाधिकारीमध्ये यी प्रतिवादीहरूको आपूर्तिकर्ताहरूसँग मिलोमतो र गैरकानूनी रकम लिने खाने मनसाय थियो भन्ने कुरा तथ्ययुक्त किसिमबाट पुष्टि हुन सकेको पाइएन । हतार हतारमा खरिद र आपूर्ति गर्नुपर्ने अवस्था हुँदा अर्थ मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधिसमेत उक्त समितिमा रहेको पाइएबाट आपूर्ति भएका त्रिपालको मूल्य र गुणस्तरका विषयमा भुक्तानीको समयमा उक्त समितिबाट हेरी परिमार्जन गर्न सक्ने स्थिति पनि बाँकी नै रहेको देखिन्छ ।

११. अर्का प्रतिवादी सहरी विकास मन्त्रालयका नायव सुव्वा (स्टोर किपर) युवराज गिरीको हकमा विचार गर्दा, आपूर्तिकर्ता प्रतिवादीहरू मन्त्रालयमा लिस्टेड भएको कारणबाट पहिल्यैदेखि सम्पर्कमा रहने गरेको र सोही आधारमा मन्त्रालयका सचिवसँग सरसल्लाह गरी निजहरूलाई त्रिपाल आपूर्ति गर्न अनुरोध गरेको भन्ने कुरा टिप्पणीको व्यहोराबाटै देखिएको छ । महाभूकम्प गएर मुलुक नै पीडामा भएको अवस्थामा निज नायव सुव्वास्तरका व्यक्तिले आफूभन्दा माथिल्ला तहका अधिकृत तथा सचिवको निर्देशन विना आपूर्तिकर्ताहरूसँग मिलोमतो गरी निजहरूलाई सरकारी ढुकुटीबाट वढी रकम भुक्तानी गराई सरकारलाई हानी नोक्सानी र आफूलाई गैरकानूनी फाइदा पुऱ्याउने कार्य गरे होलान् भन्ने अनुमान गरी निजलाई कसुरदार कायम गर्न सकिने अवस्थाको विद्यमानता देखिएन। मिलोमतो भएको र लिने खाने नियत रहेको भन्ने कुरा तथ्ययुक्त प्रमाणबाट पुष्टि हुनुपर्दछ। अभियोजन पक्षबाट त्यसप्रकार गलत नियत रहेको भन्ने कुरा पुष्टि हुने आधार र प्रमाण पेस हुन सकेको नपाईंदा त्रिपाल खरिद र आपूर्ति गर्दाको परिस्थिति नै अकल्पनीय र कहाली लाग्दो हुँदा

त्यस्तो अवस्थामा भए गरिएका कामको विषयलाई लिएर निज युवराज गिरीलगायत सहरी विकास मन्त्रालयका उपसचिवद्वयलाई कसुरदार कायम गर्न मिल्ने देखिएन ।

१२. तसर्थ, माथि विवेचना गरिएको आधार र कारणबाट प्रतिवादीहरूले आपसमा मिलेमतो गरी अभियोग दाबी बमोजिम भ्रष्टाचार गर्ने उद्योग गरेको भन्ने कुरा तथ्ययुक्त किसिमबाट पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरू होमनाथ भट्टराई, रामकृष्ण गुरागाईं, युवराज गिरी, हंसराम पाण्डेय, सुनिल कुमार गौतम, रामशरण कुँवर, कृष्णहरि चौलागाईं र मोतीलाल पोखरेलले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ।

सदस्य **सदस्य**

इजलास अधिकृतः केशव पराजुली

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिँह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नं. ०७४-CR-००६४

नि.नं.-११

फैसला मिति : २०७६।६।१

मुद्दाः भ्रष्टाचार (विशालबजार कम्पनी लिमिटेडको पसल कवलहरू भाडामा दिँदा)

वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत गोविन्दबहादुर श्रेष्ठको प्रतिवेदनले नेपाल सरकार

बिरूद्ध

प्रतिवादी : विशालबजार कम्पनी लिमिटेड सञ्चालक समितिका अध्यक्ष, रविन्द्रलाल श्रेष्ठसमेत

- **प्रतिवादीहरूको पदीय हैसियत र भूमिका, सञ्चालक समितिको सञ्चालक पदमा आबद्ध रहेको समयावधि, निजहरूलाई ज्ञात हुन आएको कम्पनी रजिष्ट्रारको कार्यालयको आदेश, कम्पनी बोर्डको निर्णय, विशेष अदालतको फैसला, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णय निर्देशनलगायतको पृष्ठभूमि एवम् घटनाक्रम, उल्लिखित निर्णय आदेश र फैसला कार्यान्वयन नगरी प्रतिवादीहरूले देखाएको उदासिनता, गैरजिम्मेवारी, लापरवाही एवम् बदनियतपुर्ण कार्य, कम्पनीलाई पुग्न गएको हानी नोक्सानीको बिगो, कसुरको प्रकृति एवम् प्रतिवादीहरूको पदीय दायित्व र जिम्मेवारीसमेतलाई दृष्टिगत गरी प्रतिवादीहरूलाई कैद सजाय निर्धारण गर्दा प्रतिवादीहरूले गरेको कसुरको मात्रा र सजायबिच सन्तुलन कायम भई न्यायको मकशद र उद्देश्य पूरा हुने ।**

(प्रकरण नं. ३८)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री देवेन्द्रराज आचार्य

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपाने, विद्वान् अधिवक्ताहरू श्री सन्तोष बस्नेत, श्री गोविन्द शर्मा 'वन्दी', श्री चूरामणि पौडेल, श्री टीकाबहादुर कुँवर, श्री भूपाल बस्नेत र श्री परशुराम कोइराला

अवलम्बित नजिर :

- नेकाप २०७४, अङ्क १, पृष्ठ १६१०, नि.न.९७५२

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९
- कम्पनी ऐन, २०६३
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूमा केन्द्रित रही न्याय निरुपण गर्नु पर्ने देखिन आयो ।

- विशाल बजार कम्पनी लिमिटेड के कस्तो प्रकृतिको कम्पनी हो ? उक्त कम्पनी सार्वजनिक संस्था हो होइन ? उक्त कम्पनीका सञ्चालक पदमा कार्यरत प्रतिवादीहरूलाई राष्ट्रसेवकको रूपमा लिन मिल्छ मिल्दैन ?
- कम्पनीको प्रबन्धपत्रमा शेयरधनी र सञ्चालकको सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ? सञ्चालकको दायित्व र भूमिका के कस्तो रहन्छ ?
- उक्त कम्पनीका सञ्चालकहरूले कम्पनीको प्रबन्धपत्र, नियमावली, आर्थिक कार्यविधि विनियमावली, कम्पनी रजिष्ट्रारको कार्यालयको निर्देशन, कम्पनी बोर्डको निर्णय र सर्वोच्च अदालत र विशेष अदालतबाट भएको फैसला विपरीत कम्पनीको कवल पसल प्रचलित दररेटमा खुला प्रतिस्पर्धाको माध्यमद्वारा बहालमा नदिई पुनः बहालमा समेत दिन सकिने व्यवस्था गरी कम्पनीलाई आर्थिक हानी नोक्सानी पुऱ्याएको एवम् आर्थिक कार्यविधि विनियमावली विपरित कम्पनीको कोषबाट खर्च गरेको भन्ने आरोप उपर सञ्चालकहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाही गर्न मिल्ने हो होइन ?
- मिल्ने हो भने प्रतिवादीहरूको उक्त कार्य भ्रष्ट्र चार निवारण ऐन २०५९ द्वारा परिभाषित के कुन कसुरअन्तर्गत पर्ने हो ?
- प्रतिवादीहरूले गरेको कार्य कसुरबाट विशाल बजार कम्पनीलाई के कति हानी नोक्सानी पुग्न गएको हो ?
- प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय हुने हो होइन ?

२. पहिलो प्रश्नउपर विचार गर्दा, विशाल बजार कम्पनी २०२६ सालमा कम्पनी ऐन, २०२१ अन्तर्गत स्थापित कम्पनी रहेको देखिन्छ । कम्पनीको प्रबन्धपत्रमा उल्लेख भएबमोजिम कम्पनीको संस्थापक शेयर धनीहरू मध्ये नेपाल खाद्य संस्थानको ६७.८७ शेयर कायम भएको देखिन्छ । उक्त कम्पनीको भवन रहेको कि.न. १९२ को क्षेत्रफल ८-४-०-० जग्गा नेपाल सरकारको

मितिः २०६१।७।१९ को निर्णयबमोजिम नेपाल सरकारको नाममा दर्ता रहेको पाइयो । कम्पनीको भवन निर्माण कार्य संस्थापक शेयरधनी एवम् साधारण शेयर धनीको लगानी र कर्मचारी सन्चय कोषबाट कर्जा लिई २०३१ सालको फागुनमा भुई तला निर्माण गरी चरणवद्धरूपमा मूल भवन निर्माण गरेको देखिन्छ । स्थापनाकालदेखि वि.स. २०४६ सम्म उक्त कम्पनीको सञ्चालक समितिको अध्यक्ष नेपाल सरकारको कर्मचारी तत्कालीन बागमती अन्चलाधीश रहदै आएको देखिन्छ। कम्पनीको अधिकृत पुँजी ५ करोड र चुक्ता पुँजी रु. ४,९१,४०,०००।- रहेको भन्ने कम्पनीको प्रबन्धपत्रबाट देखिन्छ । कम्पनीको ४९१४०० कित्ता शेयर जारी भएकोमा सोमध्ये सरकारको पूर्ण स्वामित्वमा संस्थापित संस्थानहरू नेपाल खाद्य संस्थानको ७३७१०।- कित्ता, नेसनल ट्रेडिङ लिमिटेडको ६८७९६।- र कृषि सामाग्री संस्थानको २४५७०।- कित्ता शेयर उक्त कम्पनीमा रहेको देखिन्छ । यी तीन वटा कम्पनीको कूल शेयर हिस्सा करिव ३४% रहेको देखिन आई उक्त कम्पनी सरकारी स्वामित्व रहेको संस्थानको अर्थात नेपाल सरकारको समेत शेयर रहेको संस्था भएकोमा विवाद रहेन ।

३. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग)(१) मा सार्वजनिक संस्था भन्नाले "नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानूनबमोजिम नेपाल कानूनद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य सङ्गठीत संस्था र सोही दफा २(ग)(५) मा "..... उल्लेखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था सम्झनु पर्दछ" भन्ने कानूनी प्राबधान रहेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २(ङ) को देहाय (१) र (५) मा पनि उल्लेखित परिभाषा अनुरूपकै कानूनी व्यवस्था रहेको छ । यसबाट विशाल बजार कम्पनी भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ द्वारा परिभाषित सार्वजनिक संस्था रहेको देखिन आयो ।

४. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ)(१) मा राष्ट्रसेवक भन्नाले "राष्ट्रपति, नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष लिएको सपथबाट वा नेपाल सरकार वा सार्वजनिक संस्थासँग गरेको सम्झौता वा कवुलियत वा शर्तबमोजिम वा सार्वजनिक कर्तव्य पालना गर्नको लागि नेपाल सरकार वा सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक, सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित व्यक्ति" भन्ने उल्लेख भएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(घ) मा "सार्वजनिक पदधारण गरेको व्यक्ति भन्नाले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारीसमेतलाई जनाउँछ" भन्ने कानूनी व्यवस्था रहेबाट विशाल बजार कम्पनीको सञ्चालक समितिको अध्यक्ष र सञ्चालक सदस्यहरू रविन्द्रलाल श्रेष्ठ, गौतमलाल श्रेष्ठ, वासुदेव विष्ट, प्रमोद कुमार अग्रवाल, विजय कुमार

बानिया, अशोकजीव तुलाधर, निर्मल कुमार धानुका र भवानीराज पाण्डे सार्वजनिक संस्थामा निर्वाचित राष्ट्रसेवकको हैसियतमा कार्यरत व्यक्ति हुन् भन्नेमा पनि विवाद रहेन। साथै सम्मानित सर्वोच्च अदालतबाट समेत ०६५-WO-०५८७, ०६५-WO-०९७७ का उत्प्रेषण मुद्दा र ०६७-CR-०२२२ (नेकाप २०७४, अङ्क १, पृ. १६१०, नि.न. ९७५२) को भ्रष्टाचार मुद्दाहरू फैसला गर्ने सन्दर्भमा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले गरेको कानूनी व्यवस्था बमोजिम विशाल बजार कम्पनी लिमिटेड र सोका सञ्चालक सार्वजनिक संस्था एवम् राष्ट्रसेवकअन्तर्गत पर्ने भनी व्याख्यासमेत भइसकेको देखिँदा यस विषयमा थप विवेचना गरिरहन परेन।

५. अब कम्पनीको प्रबन्धपत्रमा शेयरधनी र सञ्चालकको सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ, सञ्चालकको दायित्व र भूमिका के कस्तो रहन्छ ? भन्ने दोस्रो पक्षतर्फ विवेचना गरी हेर्दा, प्रबन्धपत्र एव सो अन्तर्गत बनेको नियमावलीले कम्पनीको मूल कानूनको हैसियत राख्दछन् । कम्पनीको जन्म के कसरी के कुन उद्देश्य प्राप्तिको लागि गरिएको हो ? कम्पनी संन्चालनको लागि वा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने भौतिक, आर्थिक र मानवीय श्रोतको प्रबन्ध, परिचालन एवम् उपयोग के कसरी गर्ने ? शेयरको प्रबन्ध, शेयरधनी र सञ्चालकको स्वरूप र दायित्वको विषयमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा उल्लेख गरिएको हुन्छ ।

६. विशाल बजार कम्पनीको प्रबन्ध पत्रको दफा २ को अध्ययन गर्दा जनतालाई खान, पिउन, लगाउन, चलन गर्न, मनोरञ्जन गर्न, खेती गर्न, आर्थिक उन्नती गर्न, कृषि उद्योग चलाउन, औषधोपचार गर्न, स्वास्थ्य लाभ गर्न, चाहिने हर किसिम हर प्रकारका खाद्य पेय पदार्थ, लत्ता कपडा, धागो मेसिन, मेसिनका पार्ट पुर्जा, औजार, जडीबुटी, औषधी खेलाउनासमेत आफै तयार गर्ने, उत्पादन गर्ने, स्वेदश र विदेशबाट झिकाउने सङ्कलन गर्ने, उत्पादन गर्ने, थोक र खुल्ला व्यापार गर्नेलगायत भवन बनाई बहालमा दिनेसमेतका उद्देश्य लिई कम्पनीको स्थापना भएको देखिन्छ । प्रबन्धपत्रको दफा ३ मा कम्पनीको कामको र फाईदाको निमित्त कम्पनीका जग्गा, भवन, पसल कोठा बहालमा दिने भन्ने उल्लेख छ । दफा २४ मा आफूले भाडामा बस्न दिएको व्यापारी र होटल, रेष्टुराँका मालिकलाई यस कम्पनीको उद्देश्य विपरीत नजाने शर्त गराइनेछ भन्ने र दफा २५ मा जतिसुकै अवधिको लागि बसेको भए पनि यस कम्पनीको घर होटलमा भाडामा बस्ने जुनसुकै व्यक्तिले यस कम्पनीको उद्देश्य विपरीत कुनै कार्य गर्न नपाउने कुराको शर्त गराई राख्ने भन्ने व्यवस्था रहेकोछ ।

प्रबन्धपत्रको दफा ३ मा मूलधन र शेयर सम्बन्धमा उल्लेख छ । जसअनुसार कम्पनीको अधिकृत मूलधन रु.५,००,००,०००।- हुने, त्यसलाई रु.१००।- दरको ५००००० कित्ता शेयरमा विभाजन गरी ५००००० कित्ता जारी गरिने, जारी पुँजी ५००००००००।- को हुने, कम्पनीको

पूँजी र शेयर थपघट गर्ने कार्य ऐनको रीतबमोजिम हुन सक्ने व्यवस्था गरिएको छ। त्यस्तै दफा ४ मा उल्लेख भएअनुसार कम्पनीको संस्थापक शेयर धनीहरूमा खाद्य संस्थानले १५००, जुध्दबहादुर श्रेष्ठले ५००, गोपाल राजभण्डारीले ३००, इन्द्रमणि राजभण्डारीले ३००, रतिराम अग्रवालले ५००, हुलासचन्द गोल्छाले ५००, भक्तिदास श्रेष्ठले ५००, मणिहर्षज्योति कंसाकारले ५००, कृष्णप्रसाद घिमिरेले ५००, र रथी ध्रुवशमशेर ज.व.रा.ले ३५०० कित्ता शेयर प्राप्त गरेको देखिन्छ ।

७. कम्पनीको नियमावलीको नियम ८ ले सञ्चालक समितिको व्यवस्था गर्दै कम्पनीको सञ्चालक समितिको नियुक्ति, कार्यविधि, कर्तव्य, अधिकार र निजहरूको बैठकप्रतिको जवाफदेही समेत कम्पनी ऐन, २०२१ को दफा ६९,७०,७१,७३,७४,७५,७६,७८,७९,८० र ८१ मा लेखिएबमोजिम हुने छ भन्ने उल्लेख गरेको देखिन्छ । सो मुताविक हाल प्रचलित कम्पनी ऐन, २०६३ को परिच्छेद ६, दफा ८६ देखि १०७ मा उल्लेख भएअनुसार कम्पनीको सञ्चालक समितिको नियुक्ति, काम कर्तव्य, अधिकार र दायित्व हुने देखिन्छ।

८. अब कम्पनीको सञ्चालकको दायित्व र भूमिका के कस्तो रहन्छ? भन्ने सम्बन्धमा विवेचना गर्नु पर्दा हाल प्रचलित कम्पनी ऐन, २०६३ मा के कस्तो व्यवस्था रहेको छ सो हेर्नु पर्ने हुन्छ । कम्पनी ऐन, २०६३ को दफा ८६ मा सञ्चालक समितिको व्यवस्था गरेको छ भने दफा ८९(च) मा कम्पनीको व्यवसाय वा कुनै ठेक्का पट्टा वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएको व्यक्ति सञ्चालक हुन नसक्ने कानूनी व्यवस्था रहेको छ । सञ्चालकले आफू बहाल रहेको कम्पनीमार्फत आफूलाई व्यक्तिगत लाभ हुने र कम्पनीलाई हानी नोक्सानी पुऱ्याउने कार्य गर्न रोक लगाएको देखिन्छ । त्यसै गरी दफा ९९ ले सञ्चालकको जवाफदेही तथा दायित्व निर्धारण गरेको छ । जसमा कम्पनीको सञ्चालकले कम्पनीमार्फत् वा कम्पनीको कामको सिलसिलामा व्यक्तिगत फाईदा लिने काम गर्न पाउने छैन । फाईदा लिएको भएमा सो रकम कम्पनीले त्यस्तो सञ्चालकबाट ऋण सरह भराई लिनेछ भन्ने प्रष्ट व्यवस्था उल्लेख छ । त्यस्तै दफा ९९(४) मा कम्पनीको प्रत्येक सञ्चालक तथा पदाधिकारीले आफ्नो पदीय दायित्व निर्वाह गर्दा कम्पनीको स्वार्थ र हितलाई ध्यानमा राखी इमान्दारी पुर्वक असल नियतले काम गर्नुपर्नेछ र सामान्य विवेक ज्ञान भएको व्यक्ति सरह हिफाजति, सावधानी, बुद्धिमत्ता, कुशल तथा उदरताको प्रयोग गर्नु पर्नेछ भनी र दफा ९९(५) मा उपदफा (४) को प्रतिकूल हुने गरी बदनियत चिताई कम्पनीलाई हानी नोक्सानी पुग्ने किसिमबाट काम कारवाही गर्ने सञ्चालकबाट कम्पनीलाई हुन गएको हानी नोक्सानीको क्षतिपूर्ती कम्पनीले असुल उपर गरी लिन सक्ने कानूनी व्यवस्था रहेको छ । दफा ९९(६) मा कम्पनीको प्रबन्धपत्र, नियमावलीको पालना गर्नु प्रत्येक सञ्चालकको कर्तव्य हुन्छ भनी प्रष्टरूपमा व्यवस्था गरेको पाइन्छ।

९. उपर्युक्त उल्लिखित कानूनी व्यवस्थाले सञ्चालकहरूको न्यासधारी कर्तव्यको सिध्दान्त)Principle of Fiduciary) लाई आत्मसात गरेको पाईन्छ । न्यासधारी कर्तव्य)Fiduciary) अन्तर्गत सञ्चालकहरूले असल नियतले कम्पनीको हितमा कार्य गर्नु पर्ने, स्वार्थ बाझिएमा त्यसको जानकारी गराई स्वार्थ बाझिने कार्यबाट अलग रहनु पर्ने, कम्पनीको आर्थिक कारोबारमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न रहन नहुने, कम्पनीलाई हानी नोक्सानी हुने कार्य गर्न नहुने, आफ्नो कारण कम्पनीलाई हानी नोक्सानी हुन गएमा त्यस्तो हानी नोक्सानी तिर्ने बुझाउने कर्तव्य रहेको देखिन आउँछ। जुन कार्य सञ्चालकहरूमा सामूहिक र व्यक्तिगत दुवै रूपमा रहन्छ । मेरो मात्र निर्णयबाट सो कार्य भएको होइन भनी न्यासधारी कर्तव्यबाट सञ्चालकले उन्मुक्ति पाउन सक्दैन ।

१०. तेस्रो प्रश्नउपर विचार गर्दा, कम्पनीको प्रबन्धपत्रमा विशाल बजार कम्पनी नाफामूलक व्यापारिक प्रकृतिका साथै सर्वसाधारण जनता र सर्वसाधारण शेयरवालाहरूको आर्थिक तथा सामाजिक हीत प्रवर्धन गर्ने समेतको उद्देश्य रहेको देखिन्छ । व्यापार प्रवर्धनको लागि सर्वसाधारणले कम्पनीको कोठा कवलहरू बहालमा लिन दिन सकिने भन्ने बेहोरा उल्लेख भए पनि कम्पनीका कोठा कवलहरू बहालमा दिदा शेयरधनीहरूलाई प्राथमिकता दिईने भन्ने व्यवस्था कही कतै उल्लेख भएको देखिँदैन। २०४७ साल वैशाख १६ गते अवधिसम्म कम्पनीको सञ्चालक समितिको अध्यक्षता तत्कालीन अञ्चलाधीशबाट हुने प्राबधान भई कम्पनीको प्रबन्धपत्रमा उल्लिखित उद्देश्य प्राप्तिको लागि नितान्त कानूनी र वैधानिक परिपाटीको अवलम्बन गर्दै आएको देखिन्छ । तत्कालीन सञ्चालक समितिले मिति २०४४।५।२२ मा "उनाउ व्यक्तिलाई घटी बढी बहाल लिई वा बहालै नलिने गरी तथा अन्य कुनै पनि बेहोराले रेष्टुराँ सञ्चालन गर्न दिन नपाउने र उनाउ व्यक्तिको नाममा अंशवण्डा, वेचविखन दानवकस गरी कुनै पनि बेहोराले नामसारी गर्न नपाउने र गरेमा रेष्टुराँबाट बहालवालालाई निष्कासन गरी कम्पनीले आफ्नो अधिकारमा लिने भनी पसल कवल पुनबहाल दिन नमिल्ने गरी निर्णय गरेको पाइन्छ। देशमा भएको राजनीतिक परिवर्तनसँगै अञ्चलाधीशको पद नै खारेजीमा परेपछि कम्पनीको सञ्चालन र व्यवस्थापन कार्य सरकारको नियन्त्रण र नियमनबाट व्यक्ति विशेष समूहको नियन्त्रणमा गएको देखिन आउंछ । यसैको परिणती कम्पनीको प्रबन्धपत्र र नियमावलीको उद्देश्य विपरीत हुने गरी प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली, २०४९ जारी भएको देखिन्छ । उक्त विनियमावलीको परिच्छेद ५ को नियम ५.१ मा कम्पनीको सञ्चालन एवम् बहाल लिने दिने विषयमा निम्नअनुसार व्यवस्था गरेको पाइयो ।

- कम्पनीको मुल भवनको पसल कोठाहरू तथा टहरा पसल कोठाहरू देहाय अनुसार बहालमा दिइनेछ । (नियम ५.१)
- कम्पनीको पसल कोठा बहालमा दिँदा साधारणतया शेयरधनीलाई प्राथमिकता दिइनेछ । (नियम ५.१.१)

- पसल कोठाको मासिक बहालप्रति वर्गफुट वा मिटरको तोकिनेछ र बहालमा लिनेले बहालमा लिएको पसल कोठाको क्षेत्रफलको आधारमा मासिक बहाल कम्पनीलाई तिर्न बुझाउन पर्नेछ। बहाल दर समितिले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ । (नियम ५.१.२)
- बहालवालाले पसलसँग अभिवाज्यरूपमा रहेको शेयर वा सोबापत कम्पनीमा रहेको नगद धरौटी नामसारी गरेमा सम्बन्धित पसल कोठासमेत स्वतः नामसारी हुनेछ। (नियम ५.१.५)
- बहालवालालाई समितिले तोकेको अवधिको लागि पसल कोठा बहालमा दिइनेछ र सो म्याद पछी समितिले बहालमा उचित थप घट गरी पुनः नवीकरण गरिनेछ । (नियम ५.१.११)
- बहालवालाले कम्पनीबाट बहालमा लिएको पसल कोठा कुनै कसैलाई पुनः बहालमा दिन सक्नेछ । तर सम्झौताको पालना गर्ने गराउने जिम्मेवारी बहालवालालाई हुनेछ । (नियम ५.१.१३)

११. माथि उल्लेख भएको व्यवस्थामध्ये मूलतः कम्पनीको पसल कवल बहालमा दिने सम्बन्धमा कम्पनीको प्रबन्धपत्रको दफा ३, २४ र २५ को उद्देश्य विपरीत पसल, कोठा, घर टहरा, खाली जग्गा बहाल दिँदा शेयर धनीलाई प्राथमिकता दिने प्रावधान राखिएबाट पसल कोठा बहाल लिंदा दिंदा समय सापेक्षको दर रेटमा हुने खुल्ला प्रतिष्पर्धालाई निरुत्साहित तुल्याएको, शेयर बिक्री गर्दा सोसँग अविभाज्य रहेको पसल समेत स्वतः नामसारी हुने व्यवस्था गरी पसल बहाल खुल्ला प्रतिष्पर्धाबाट शेयरवाला वाहेकका सर्वसाधारण व्यक्तिले लिन सक्ने अवस्थालाई सङ्कुचन गरी सिमित शेयरवालाहरूले मात्र असिमित फाईदा लिन सक्ने अवस्था रहेको तथा बहाल पसल लिदा दिँदा खुला प्रतिष्पर्धाको माध्यमबाट कम्पनीको कवल पसल बहालमा दिने प्रावधान विनियमावलीमा समावेस नगरी प्रबन्धपत्रको मर्म र भावना विपरीत पसल कवल प्राप्त गर्ने व्यक्तिले त्यस्तो पसल कवल अन्य व्यक्तिलाई भाडामा दिन सकिने व्यवस्था गरेको पाइयो । यस्तो व्यवस्थाले पसल बहाल लिने व्यक्तिले कम्पनीलाई न्यून दररेटको आधारमा बहाल बुझाई उक्त पसल कवल अन्य व्यक्तिलाई महङ्गो दरभाउमा भाडामा लगाई आफूले अत्यधिक मुनाफा लिई कम्पनीलाई प्रत्यक्षरूपमा आर्थिक हानी नोक्सानी पुऱ्याएको देखियो ।

१२. प्रबन्धपत्र र नियमावलीको उद्देश्य विपरीत रहेको उपर्युक्त विनियमावलीसमेतलाई टेकी संस्थापक शेयरधनी सरकारी सार्वजनिक संस्थाहरू समेतलाई बेवास्ता गरी कम्पनीको सञ्चालक समितिबाट व्यक्ति विशेषलाई फाईदा पुग्ने गरी पटक पटक गैर कानूनी कार्य हुन थालेपछि उक्त कार्यहरूका सम्बन्धमा केही शेयरधनीहरू समेतको कम्पनी रजिष्ट्रारको कार्यालयमा उजुरी परेकोमा सो उपर छानविन तथा कारवाही हुँदा उक्त कार्यालयबाट मितिः २०५७।७।३ मा विशाल बजार कम्पनी लि. को सञ्चालक समितिलाई निम्नानुसारको ६ बुँदे निर्देशन दिइएको देखियो ।

१. सार्वजनिक संस्थान तथा सर्वसाधारण जनताको लगानीमा स्थापित त्यस कम्पनीका पसल कवलहरू एकै जनालाई लामो समयसम्म कम भाडा दरमा उपलव्ध गराउने परिपाटीको अन्त्य गरी खुल्ला प्रतिस्पर्धात्मक पद्धति अपनाई पसल कवल भाडामा लगाई कम्पनीको आय स्रोतको अभिबृद्धि गर्नु गराउनु हुन ।

२. कम्पनीको पसल कवल कम भाडा दरमा लिने व्यक्तिले लिएको पसल कवललाई वढी दरमा अन्यलाई भाडामा लगाउने (सवलिज) प्रवृत्तिले गर्दा राजश्व सङ्कलन र शेयरधनीको हितमा प्रतिकूल असर पर्न गएकोले त्यस्तो प्रवृत्तिको अन्त्य गर्नु गराउनु हुन ।

३. कम्पनीको शेयरधनीहरू मध्ये केहीले कम्पनीको पसल कवल भाडामा लिएको र त्यस्ता व्यक्ति कम्पनीको सञ्चालक समितिमा समेत रहेको देखिँदा कम्पनी ऐन, २०२१ को दफा ६६(१)(ङ) र ६९(३) तर्फ ध्यानाकर्षण गराउंदै ऐनको प्रतिकूल हुनेगरी त्यस्ता शेयरधनीलाई सञ्चालक समितिमा प्रतिनिधित्व नगराउनु हुन ।

४. कम्पनीको प्रबन्धपत्रमा वर्णित उद्देश्यहरू प्राप्त गर्न प्रयासोन्मुख भई कार्य गर्नु गराउनु हुन ।

५. कम्पनी ऐन, २०२१ को दफा ४२ ले कम्पनी स्वयम्को जमानतमा शेयरधनीलाई ऋण उपलव्ध गराउन प्रतिवन्ध लगाएको तर्फ ध्यानाकर्षण गराउँदै त्यस्तो प्रतिकूल कामकारवाहीलाई अन्त्य गर्नु गराउनु हुन ।

६. पसल बहालवाला शेयरधनीको निधन पश्चात् निजको हकवालामा शेयर तथा पसल कवलको नामसारीको लागि हक दाबी गर्न कम्पनीले सूचना प्रकाशित गरेकोमा कम्पनीको पसलको स्वामित्व कम्पनी स्वयममा हुने बहालवाला व्यक्तिको नहुने सुरू पसलको स्वामित्वनै नामसारी गर्ने जस्तो गरी सूचना प्रकाशित गर्ने र सो अनुरूपको कार्वाही गर्ने प्रथाको अन्त्य गर्नु गराउनु हुन ।

१३. कम्पनी रजिष्ट्रारको कार्यलयबाट दिइएको उक्त निर्देशनलाई विशाल बजार कम्पनीको सञ्चालक समितिले पालना नगरेकोले उक्त कार्यालयबाट मितिः २०५७।८।८, २०५७।८।१५, २०५८।९।१७, २०५७।१०।१३ मा पटक पटक थप निर्देशन दिँदासमेत सञ्चालक समितिले निर्देशन पालना गर्न बेवास्ता गरेको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादी रविन्द्रलाल श्रेष्ठले बिभिन्न अनियमित कार्य गरेको भनि तत्कालीन उद्योग वाणिज्य मन्त्रालयमा कम्पनी रजिष्ट्रारको कार्यलयमा प्राप्त भएको एवम् कम्पनी रजिष्ट्रारको कार्यालयले दिएको निर्देशन सञ्चालक समितिले पालना नगरेकोले तत्काल प्रचलनमा रहेको कम्पनी ऐन, २०५३ को दफा १२९ बमोजिम कम्पनी बोर्ड समक्ष कम्पनी रजिष्ट्रारको कार्यालयले विशाल बजार कम्पनीको सञ्चालक समिति विरुद्व उजुरी निवेदन दिएको देखिन्छ ।

उक्त उजुरी निवेदन उपर कम्पनी बोर्डबाट मितिः २०५८।११।१ मा "अब आईन्दा पसल कवल भाडामा दिदा सार्वजनिक रुपमा खुला प्रतिस्पर्धा गराएर मात्र पसल कवल भाडामा दिई व्यवस्था गर्न विशाल बजार कम्पनीलाई आदेश दिनु पर्ने ठहर्छ ।" भनी मितिः २०५८।११।१ मा निर्णय गरेको पाईयो । सो निर्णयउपर पुनरावेदन नगरी सञ्चालक समितिले स्वीकार गरी बसेको पाइयो ।

१४. कम्पनीको प्रबन्धपत्र र नियमावलीको उद्देश्यबमोजिम काम नगर्ने, प्रबन्धपत्रको उद्देश्य विपरीत सिमित शेयरधनीलाई फाईदा र बहुसङ्ख्यक शेयरधनी, संस्थापक शेयरधनीमध्येका नेपाल खाद्य संस्थान, कृषि सामाग्री संस्थान, नेशनल ट्रेडिङ लिमिटेड कम्पनीसमेतलाई हानी नोक्सानी हुने गरी कम्पनीको प्रबन्धपत्रको उद्देश्य विपरीतका कार्यहरूलाई सञ्चालक समितिले निरन्तरता दिई आईरहेको अवस्थामा त्यस्तो गैरकानूनी कार्यलाई रोकी कम्पनी रजिष्ट्रारको कार्यलयले पटक पटक दिएको निर्देशन र कम्पनी बोर्डबाट भएको निर्णयको पालना गर्नु गराउनु पर्नेमा कम्पनीको आर्थिक कार्यविधि विनियमावली, २०४९ मा संशोधन गरी २०६४ सालमा आर्थिक कार्यविधि विनियमावली, २०६४ ल्याएको पाइन्छ । उक्त विनियमावलीको परिच्छेद ४ मा बहाल लिने दिने विषयमा निम्न व्यवस्था गरेको देखिन आउछ ।

- कम्पनीको भवन पसलकोठा तथा टहरा पसलकोठा देहायअनुसार बहालमा दिइनेछ। (नियम ४.१)
- कम्पनीको भवन, टहरा, पसलकोठा बहालमा दिदा खुला प्रतिष्पर्धाको आधारमा दिइनेछ। (नियम ४.१.१)
- पसल कोठाको मासिक बहालप्रति वर्गफुट वा मिटरको दरले तोकिनेछ र बहालमा लिनेले बहालमा लिएको पसल कोठाको क्षेत्रफलको आधारमा मासिक बहाल कम्पनीलाई तिर्न बुझाउन पर्नेछ । बहाल दर समितिले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ। (नियम ४.१.२)
- बहालवालाले पसलसँग अविभाज्य रूपमा रहेको शेयर वा सोबापत कम्पनीमा रहेको नगद धरौटी नामसारी गरेमा सम्बन्धित पसल कोठा समेत स्वतः नामसारी हुनेछ। (नियम४.१.५) तर बहालवालासँग कम्पनीको कुनै बक्यौता रहेछ भने सो फछर्यौट नहुन्जेल शेयर धरौटी र पसल नामसारी हुनेछैन ।
- बहालवालाले कम्पनीबाट बहालमा लिएको पसल कोठा कुनै कसैलाई पुनः बहालमा दिन सक्नेछ । तर यो सम्झौताको पालना गर्ने गराउने जिम्मेवारी बहालवालाकै हुनेछ। (नियम ४.१.१२)

१५. कम्पनीको आर्थिक कार्यविधि विनियमावली, २०६४ नियम ४.१.१ मा कम्पनीको भवन, पसलकोठा, टहरा बहालमा दिँदा खुला प्रतिष्पर्धाको आधारमा दिने व्यवस्था गरिए पनि उक्त व्यवस्थालाई सञ्चालक समितिले पूर्णरूपेण पालना नगरी राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, हिमालयन

बैङ्क लिमिटेड र एन.आई.सी. बैङ्क लिमिटेडलाई सम्म बोलपत्रको माध्यमबाट बहालमा दिएको देखिन्छ । त्यसरी बहाल दिँदा समयानुकूलको दररेटबमोजिम कम्पनीलाई बहाल रकम प्राप्त भएको देखिन्छ । यो व्यवस्थालाई आंशिक पालना गरी अन्य पसल कवल बहालमा दिंदा अवलम्वन गरेको देखिएन । शेयर र पसल कवललाई अविभाज्य रूपमा लिई शेयर नामसारी हुँदा पसल कवलसमेत स्वतः नामसारी र नवीकरण हुने, बहालवालाले पसल कवल अन्य व्यक्तिलाई पुनः बहालमा दिन सकिने जस्ता कम्पनीको हित विपरितका प्रावधानहरूलाई निरन्तरता दिइएको पाइयो। आरोपपत्रको तालिका न. ५८,५९,६०,६१,६२,६३ मा उल्लेखित तथ्याङ्क विवरण हेर्दा कम्पनी ऐन र प्रचलित कानूनको ठाडै उल्लङ्घन एवम् प्रतिकूल हुनेगरी कम्पनीको अधिकांश पसल कवलहरू अविभाज्यरूपमा शेयरसँग गाभिएका र ६८.६१% पसल कवलहरू पुनर्वहाल)Sub-lease(मा दिएको देखिन्छ । यी प्रतिवादीहरू मध्ये वासुदेव विष्ट र भवानीराज पाण्डे वाहेकका अन्य प्रतिवादीहरूले कम्पनीको पसल कवल भाडामा लिई ती पसल कवलहरू अन्यलाई पुनः बहालमा दिई कम्पनी ऐन, २०६३ को दफा ९३ मा भएको "कम्पनीको सञ्चालक समितिमा स्वार्थ बाझिएको व्यक्ति हुन नहुने" भन्ने व्यवस्था विपरीत कार्य गरेको देखिन्छ ।

१६. विशाल बजार कम्पनीको कवल पसल पुनर्वहाल)Sub-lease(मा दिई व्यक्तिगत फाइदा लिएको सम्बन्धमा रमेशमान श्रेष्ठ विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय उपर निज रमेशमान श्रेष्ठले यस अदालतसमक्ष संवत २०६५ सालको पु.न. ९३-०६५-०००१७ को पुनरावेदन दायर गरेको पाइयो । सो पुनरावेदन उपर यस अदालतबाट मिति २०६७।१।२४ मा फैसला हुँदा विशाल बजार कम्पनीको सञ्चालक समितिको नाममा जारी भएको निर्देशात्मक आदेशलाई यहाँ उधृत गर्नु सान्दर्भिक देखिन आएको छ । उक्त फैसलामा भनिएको छः "प्रस्तुत विशाल बजार कम्पनी लिमिटेडको स्वामित्वमा भएका पसल कोठाहरू बहालमा दिने लिने कार्यमा पारदर्शिताको कमी देखियो । कम्पनीसँग करार गरी बहालमा लिएको पसल कोठाहरूको कम्पनीलाई बुझाउनु पर्ने बहाल रकम र पुनः बहालमा दिँदा प्राप्त हुने बहाल रकममा ठूलो अन्तर रही कम्पनीले प्राप्त गर्ने बहाल रकम तुलनात्मक रूपमा ज्यादै न्यून रहेको देखिएको हुँदा कम्पनीको थप आर्थिक हित हुने किसिमबाट कम्पनीका पसल कोठाहरू बहालमा लगाउन आवश्यक पर्ने नीति निर्धारण गर्ने, विनियमावली संशोधन गर्नेसमेतका कार्य गर्न कम्पनीसँग आवद्ध पदाधिकारी तथा शेयर होल्डरहरूको ध्यानाकर्षण गराउन यो फैसलाको एकप्रति विशाल बजार कम्पनी लिमिटेडमा पठाई दिनु ।" सो मुताविक फैसलाको प्रतिलिपीसहित यस अदालतबाट विशाल बजार कम्पनीलाई लेखेको पत्रको जानकारी उक्त कम्पनीमा मितिः २०६७।४।१७ मा भएको देखिन्छ। यद्यपि यस अदालतबाट जारी भएको उक्त निर्देशात्मक आदेशलाई कम्पनीको सञ्चालक समितिले पालना नगरी निर्देशनको वेवास्ता गरी कानूनी शासन र स्वतन्त्र न्यायापलिकाको अवधारणा एवम्

मूल्यमान्यतालाई ठाडै चुनौती दिएको देखिन्छ । जुन सभ्यसमाज र कानूनी राजको लागि शोभनीय हुने कुरा होइन ।

१७. यतिमात्र होइन तत्कालीन श्री ५ को सरकारको मितिः २०६१।५।७ मा भएको "कम्पनीको जग्गा मूल्याङ्कन गरी सो बापत कम्पनीको शेयर आफूले लिने" भन्ने निर्णय उपर विशाल बजार कम्पनीका सचिव विश्वप्रसाद श्रेष्ठले दिएको सम्वत २०६१-WO-२१९६ को उत्प्रेषण रीट निवेदन मितिः २०६७।५।१४ मा सर्वोच्च अदालतबाट खारेज भएको देखिन्छ । सो फैसलामा उद्दृत "सरकारी सम्पतिको लाभको प्रतिफल समस्त नागरिकले पाउनु पर्ने भएकोले यस्तो सम्पत्ति निःशुल्क उपभोग गरिरहन कसैले पाउनु न्यायका दृष्टिले उचित नहुने भन्दै नेपाल सरकारको स्वामित्वमा रहेको कि.नं. १९२ को जग्गामध्ये ज.रो. ८-४-० कम्पनीले सुरूदेखिनै प्रयोग र भोगचलन गरेको सन्दर्भसमेतलाई आधार लिई उक्त जग्गाको मूल्य बराबरको शेयर नेपाल सरकारले पाउनु पर्ने गरी यी कार्य शीघ्र सम्पन्न हुन आवश्यक छ" भन्ने बेहोराप्रति समेत कम्पनीले वेवास्ता गरी बसेको देखियो ।

१८. त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशाल बजार कम्पनीको सञ्चालक समितिलाई मितिः २०६५।११।२५ को निर्णयानुसार चार बुँदे निर्देशन दिएको देखिन्छ । जुन यसप्रकार छः।

१. कम्पनीमा पूर्ण सरकारी स्वामित्व रहेको खाद्य संस्थान, नेशनल ट्रेडिङ लि.तथा कृषि सामाग्री संस्थानसमेतको कूल ३४ प्रतिशत शेयर रहेको ।

२. विशाल बजार कम्पनीको भवनको ३४६ पसल कवल बोलपत्र बिना आफू अनुकुलका व्यक्तिहरूलाई कम भाडा दरमा बाँडफाँड गरी पसल पाउनेले अरूलाई बढी भाडा दरमा पुनः बहालमा दिई आएबाट कम्पनीले पाउने आम्दानी व्यक्तिले पाएको ।

३. कम्पनीको प्रचलित विनियमावली, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने गरी २ महिनाभित्र संशोधन गर्नु पर्ने ।

४. मिति २०६६ श्रावण १ गतेदेखि कम्पनीले अनिवार्य रूपमा वोलपत्र प्रकृयाद्वारा पारदर्शी रूपले भाडामा लगाउनु पर्ने ।

१९ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको उक्त निर्णय निर्देशन विरुद्ध कम्पनीका कार्यकारी प्रमुख विशन बहादुर शाहीले सम्मानित सर्वोच्च अदालतसमक्ष ०६५-WO-०५८७ को उत्प्रेषण रीट निवेदन दायर गरेकोमा "विशाल बजार कम्पनी लिमिटेडमा नेपाल सरकारको स्वामित्वका संस्थानहरूको शेयर लगानी रहेको कारणले सो कम्पनी सार्वजनिक निकायको परिभाषाभित्र पर्ने भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार आकर्षित हुने र कम्पनीमा देखिएको अनियमितता वा भ्रष्टाचारजन्य कार्यका सम्बन्धमा मिसिल कागज झिकाई आवश्यकताअनुसार

अनुसन्धान तहकिकात गर्ने वा कुनै गैर कानूनी काम कारवाही भईरहेको वा हुन सक्ने देखिएमा त्यस्तो कार्यमा तत्काल रोक लगाउने गरी उपयुक्त आदेश दिन सक्ने अधिकार आयोगलाई रहे भएकै देखिँदा विशाल बजार कम्पनी लिमिटेडले आफ्नो पसल कवल भाडामा लगाउँदा अपनाइ आएको प्रक्रियाबाट कम्पनीलाई नोक्सान र भाडामा लिने व्यक्ति लाभान्वित हुने अवस्था देखिएकोले कम्पनीको हीतलाई ध्यानमा राखी आयोगबाट भएको निर्णय कानूनसम्मत नै देखियो । कम्पनीको विनियमावलीमा आवश्यक सुधार गरी पसल कवल भाडामा लगाउने प्रक्रियामा सुधार गर्न सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया अवलम्बन गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६५।११।२५ मा दिएको निर्देशन कानून प्रतिकूल भन्न मिलेन" भनी मिति २०७२।२।२६ मा फैसला भएको पाइयो ।

२०. माथि विवेचना भएबमोजिम विशाल बजार कम्पनीका सञ्चालक समितिले विगत २०५० को दशकदेखिनै कम्पनीको प्रबन्धपत्र र नियमावलीको उद्देश्य, तत्काल प्रचलनमा रहेको कम्पनी ऐन, २०२१ र २०५३ तथा हाल प्रचलित कम्पनी ऐन, २०६३ मा भएको प्रावधान, नियमनकारी निकाय कम्पनी रजिष्ट्रारको कार्यालयको निर्देशन, कम्पनी बोर्डको निर्णय,अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय निर्देशन, सम्मानित सर्वोच्च अदालतबाट बिभिन्न मितिमा भएका फैसला, विशेष अदालतको फैसला (निर्देशात्मक आदेश) को पालना र कार्यान्वयन गरेको देखिएन । आर्थिक कार्यविधि विनियमावली, २०६४ को नियम ४.१.१ मा "कम्पनीको भवन, पसलकोठा टहरा बहालमा दिदा खुल्ला प्रतिष्पर्धाको आधारमा दिइनेछ" भन्ने र नियम ४.१.४ मा "पसल कोठाको मासिकबहाल प्रति वर्ग फुट वा मिटरको दरले तोकिनेछ र बहालमा लिनेले बहालमा लिएको पसल कोठाको क्षेत्रफलको आधारमा मासिक बहाल कम्पनीलाई तिर्न बुझाउनु पर्नेछ। बहाल दर समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ" भनि कम्पनीको हितमा गरेको व्यवस्थालाई पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सञ्चालक समितिले तदारुकता देखाएको पाइएन। कम्पनीको हित विपरित पसल कोठा बहालमा दिंदा शेयरधनीलाई प्राथमिकता दिइने, कवल पसल शेयरसँग अविभाज्य हुने, शेयर नामसारी हुँदा बहालमा लिएको पसल पनि नामसारी हुने, बहालमा लिएको पसल कवल पुनः भाडामा दिई बिचमा मुनाफा खान पाइने, (जस्तोः मितिः २०६०।१०।२० मा पसल न. ९९ रमेशमान श्रेष्ठले मासिक रु.१००७९३।- मा भाडामा लिई उक्त पसल नेपाल ईनभेष्टमेन्ट बैङ्कलाई मितिः २०६०।१०।२१ मै मासिक रु.३७६२००।- मा पुनः बहालमा दिइएको, त्यस्तै साझा पसल सेवाले पसल न. १७ प्रति वर्ग फिट मासिक रु.३६।८६ मा बहालमा लिई सोही मितिमा अदिती शर्मालाई प्रतिवर्ग फिट रु.३४०।५७ मा पुनः बहाल दिइएको सो कार्य निरन्तर रही आ.व. ०७०।७१ मा साझा पसल सेवाले कम्पनीलाई प्रति वर्गफिट रु.४९।०६ बहाल बुझाएको देखिएकोमा अदिती शर्माले साझा पसललाई प्रति वर्ग

फिट रु.४११।०५ बहाल बुझाउँदै आएको) भाडामा उपलव्ध गराउँदा शेयरको अनुपातमा भाडामा उपलव्ध नगराई (जस्तोः नेपाल खाद्य संस्थान, कृषी सामाग्री संस्थानलाई पसल कवल उपलव्ध नगराएको, नेशनल ट्रेडिङ लिमिटेडलाई १ मात्र पसल उपलव्ध गराएको) पक्षपातपूर्ण व्यवहार गर्न पाईने जस्ता कार्यहरूलाई सञ्चालक समितिले निरन्तरता दिइरहेको पाइयो ।

२१. यस सन्दर्भमा प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतसमक्ष गरेको बयान बेहोरालाई उल्लेख गर्नु आवश्यक देखिन्छ । प्रतिवादी रविन्द्रलाल श्रेष्ठले "बिभिन्न संघसंस्थाहरू, राजनैतिक दल तथा केही भूमिगत दलहरूलाई चन्दावापत खर्च गर्ने भनी गरिएको निर्णयअनुसार केही रकम खर्च भएको हो । पसल कवल वितरण तत्कालीन अन्चलाधीशबाट भएका हुन् । पछि खाली हुन आएका पसलहरू खुला प्रतिस्पर्धाबाट वितरण गरिएको हो । पसल कवल भाडामा दिँदा शेयरसँग अभिवाज्य रुपमा हुनुपर्ने प्रकृयाको थालनी २०३१ सालमा प्रकाशित सूचना बमोजिम नै भएको हो । कम्पनी रजिष्ट्रारको कार्यलयबाट भएको निर्देशन पालना गरिएकै छ । पसल बहाल सम्झौता स्वतः नवीकरण हुने व्यवस्था सञ्चालक समितिले निर्णय गरी राखेको हो। खाद्य संस्थान र कृषि सामाग्री संस्थानले २०३१।३२ सालतिर कोठा बहालमा लिएकोमा बहाल तिर्न नसकी कोठा खाली गरिदिएकोले अन्य शेयर होल्डरलाई वितरण गरिएको थियो । मैले बहालमा लिएको पसल न. ३७ पसल सञ्चालनमा घाटा भएकोले सब लिजमा दिएको हो । पसल कवलको भाडा दर सञ्चालक समितिले तोकेको हो" भन्नेसमेत बेहोरा उल्लेख गरी बयान गरेको देखिन्छ।

२२. अर्का प्रतिवादी वासुदेव विष्टले "म २०६८ पौष महिनादेखि हालसम्म विशाल बजार कम्पनी लिमिटेडको सञ्चालक समितिको सदस्यको रूपमा कार्यरत छु । विशाल बजार कम्पनी लिमिटेड नाफामूलक संस्था भएकोले कम्प्लेक्सबाट भाडा वापत आउने रकम आम्दानीको श्रोत हो । कम्पनी ऐनले कुनै बन्देज नलगाएको हुँदा सञ्चालक समितिले कतिसम्म खर्च गर्न सक्छ भन्ने एकीन छैन । भाडा लिने दिने जस्ता कामहरू सञ्चालक समितिको निर्णयअनुसार गरिन्छ । पसल खाली हुँदा बोलपत्रद्वारा भाडामा दिने गरेकोछ । बैङ्कहरूलाई प्रतिस्पर्धाद्वारा भाडामा दिएकोले शेयर धनी र वैंकलाई भाडामा दिंदा फरक फरक परेको हो । विशाल बजारको हकमा सार्वजनिक खरिद ऐन लागू गर्ने सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ । मितिः २०६९।६।२८ को बैठकमा म उपस्थित थिएँ । हरेक दुई वर्षमा १० प्रतिशतले भाडा वृद्धि हुने शर्तमा पसल बहाल दिइदै आएकोछ । पुनः बहालको रकम बहाल दिने व्यक्तिले नै बुझ्ने हुँदा सो रकम कम्पनीमा जम्मा हुँदैन । खाली भएका कवल पसल टेण्डर मार्फत बहालमा दिइएकोछ । कम्पनी ऐनको पालना गर्नु कम्पनीको दायित्व हो" भन्ने वेहोरा समेतको बयान गरेको पाईयो ।

२३. प्रतिवादी गौतमलाल श्रेष्ठले "म विशाल बजार कम्पनी लिमिटेडको सञ्चालक समितिको सदस्य पदमा मितिः २०६८।९।२ देखि कार्यरत छु । पसल कवल खाली भएमा प्रतिस्पर्धाबाट बहालमा

दिईन्छ । बिभिन्न भुमिगत गिरोह, विद्यार्थी सङ्गठनलाई बाध्यतावस चन्दा दिनु परेको हो। बोलपत्रद्वारा पसल भाडामा दिने विषय सर्वोच्च अदालतमा विचाराधिन छ । कम्पनीले सञ्चालकहरूलाई कुनै खर्च गर्न अख्तियारी दिएको छैन । मितिः २०६९।६।२३ को वैठकमा मेरो उपस्थिति थियो । कम्पनीको स्थापनाकाल देखिनै शेयर अविभाज्य गरेर पसल कवल भाडामा दिने गरिएको हो" भन्ने बेहोरासमेतको बयान गरेको देखिन्छ ।

२४. त्यस्तै प्रतिवादी प्रमोदकुमार अग्रवालले "म विशाल बजार कम्पनी लिमिटेडको सञ्चालक समितिको सदस्यमा मितिः २०६४।१०।६ देखि कार्यरत छु । मेरो दायित्व कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीको हितमा कार्य गर्नु रहेकोछ । पसल कोठाहरू र अन्य क्षेत्रको बहाल कम्पनीका आम्दानीका श्रोत हुन् । बिभिन्न संघसस्थाहरूलाई चन्दा दिने कार्य बिगत १०।१२ वर्ष देखिनै चलिआएको छ । मिति २०६९।६।२३ को वैठकमा म उपस्थित थिएँ । सो बैठकले विल भर्पाई पेस गर्नुनपर्ने गरी रु.१० लाख खर्च गर्ने अख्तियारी दिएको हो । आर्थिक कार्यविधि विनियमावलीको दफा ४.१(१) बमोजिम खुला प्रतिष्पर्धाको आधारमा पसल कवल बहालमा दिएको थाहा छैन" भन्ने वेहोरासमेतको बयान गरेको पाईन्छ ।

२५. अर्का प्रतिवादी विजयकुमार वानियाले "म २०६४।१०।६ देखि विशाल बजार कम्पनी लिमिटेडको सञ्चालक समितिको सदस्य पदमा नियुक्त भएको हुँ । कानूनले तोकेबमोजिम नियमानुसार काम गर्ने र कम्पनीलाई बढी प्रगतितिर लैजानु मेरो दायित्व हो । कम्पनीले बिल भरपाई पेस गर्न नपर्ने गरी खर्च गर्ने सिमा तोकेको छैन । म सञ्चालक समितिको सदस्य भएर आएपछी खाली भएका पसल सूचना प्रकाशित गरी दिईएकोछ" भन्ने बेहोरासमेतको बयान गरी अन्य विषयमा अन्य प्रतिवादीहरूसरह बयान गरेको देखिन्छ ।

२६. प्रतिवादी अशोकजीव तुलाधरले "म विशाल बजार कम्पनीको सञ्चालक समितिको बोर्डमा निर्वाचित भई मिति २०६८।९।२४ देखि अध्यक्ष भै हालसम्म कार्यरत छु । कम्पनी सञ्चालकको हैसियतले कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्धपत्र, नियमावली र साधारण सभाले गरेको निर्णयबमोजिम कम्पनीलाई फाईदा दिने कार्य गर्नु मेरो दायित्व हो । कम्पनीको आर्थिक श्रोत पसल बहालनै हो। विल भरपाई पेस नगरी कतिसम्म रकम खर्च गर्न सकिन्छ भन्ने सम्बन्धमा कम्पनीको आर्थिक विनियामवलीले निर्देश दिएकोछ" भन्ने बेहोरा समेतको बयान गरी अन्य विषयमा अन्य प्रतिवादीहरू सरह बयान गरेको देखिनआयो भने प्रतिवादी निर्मलकुमार धानुका र भवानीराज पाण्डे (भवानीराज पाण्डेको हाल मृत्यु भइसकेको) ले पनि आफूहरू क्रमशः मिति २०६८।१।२८ र २०६४।१०।६ देखि विशाल बजार कम्पनीको सञ्चालकमा नियुक्त भएको, मितिः २०६९।६।२३ को सञ्चालक समितिको बैठकमा उपस्थित भएको भन्ने बेहोरा लेखाई अन्य

विषयका सम्बन्धमा अन्य सह प्रतिवादीहरूले व्यक्त गरेबमोजिम नै आ-आफ्नो बयान लेखाएको देखिन्छ ।

२७. प्रतिवादीहरूले गरेको बयानको समग्रमा विश्लेषण गर्दा प्रतिवादीहरूले आफ्नो कार्यकाल अवधिमा कम्पनीको प्रबन्धपत्र नियमावलीमा नभएको पसल कवल बहालमा दिदा शेयर होल्डर अभिवाज्यरूपमा हुनु पर्ने, शेयरसँगै पसल कवल पनि स्वतः नामसारी नवीकरण हुने, पसल कवल पुनः बहाल (Sub-lease) मा दिन पाइने जस्ता कम्पनीको हित विपरितका प्रावधानलाई निरन्तरता दिएको तथ्यलाई प्रतिवादीहरूले स्वीकार गरेको देखिन्छ भने कम्पनीको आर्थिक कार्यविधि विनियमावली, २०६४ को दफा ४.१(१) मा भएको खुला प्रतिस्पर्धाद्वारा पसल कवल बहालमा दिने भनी कम्पनीको हितमा गरिएको व्यवस्था कार्यान्वयन गरेको देखिदैन । साथै सोहि विनियमावलीमा भएको कम्पनीको पसल कवल जग्गासमेतको बहाल दर समय समयमा निर्धारण गर्ने भन्ने व्यवस्थालाई समेत बेवास्ता गरेको देखिन्छ ।

२८. कम्पनीको हितार्थ कम्पनी रजिष्ट्रारको कार्यालयको निर्देशन, कम्पनी बोर्डको निर्णय, विशेष अदालतबाट भएका फैसला, नेपाल सरकारबाट भएको निर्णय निर्देशन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णय निर्देशन र सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाका सम्बन्धमा जानकार हुँदा हुँदै पनि सो कार्यान्वयन गरी कम्पनीको हित अभिवृद्धि गर्नेतर्फ प्रतिवादीहरूले ध्यान दिएको देखिँदैन । कम्पनीको हित विरुद्धका कम्पनीको प्रबन्ध पत्र र नियमावली तथा कम्पनी ऐन विपरितका काम कारवाहीहरू विगतदेखि नै चलिआएको भन्ने बहाना बाजीमा प्रतिवादीहरूले आफ्नो कानूनी दायित्वबाट उन्मुक्ति पाउन सक्ने हुँदैन।

२९. आरोपपत्रको तालिका न. ३ देखि २३ न. मा उल्लेखित बहालवालाको नाम, बहाल दिएको प्रति वर्गफिटको दररेट, पसल शेयरसँग अभिवाज्य भए नभएको विवरण, तालिका न. २४ मा उल्लेखित शेयर धनीहरूको पसल कवल भए नभएको विवरण, प्रतिस्पर्धाद्वारा बहालमा दिएको पसलको विवरण तालिका नं. २५(४) वटा बिभिन्न संघसंस्थालाई दिईएको, प्रतिवादीहरूको कार्यकालमा दिइएको देखिँदैन), पसल कवल भाडामा लिई तेस्रो व्यक्तिलाई पुनः बहालमा दिए नदिएको विवरण तालिका न. २७-३२, तालिका न. ५६ मा उल्लेखित काठमाडौं महानगरपालिका नयाँ सडक शुक्रपथस्थित विशाल बजार कम्पनी लिमिटेडको भवन आसपास रहेका वित्तीय संस्थाहरूले तिर्दै आएको घरभाडा दर सम्बन्धी अध्ययन विवरणमा उल्लेखित तथ्याङ्कले विशाल बजार कम्पनी लिमिटेडको घर जग्गा पसल कवल खुल्ला प्रतिष्पर्धाद्वारा बहालमा नदिईएको, पसल कवल अन्य व्यक्तिलाई पुनर्वहाल (Sub-lease) मा दिइएको, आर्थिक कार्यविधि विनियमावली, २०६४ को विनियम ५.५ मा रहेको प्रावधान विपरित कम्पनीको कोषबाट स्वेच्छेचारी तवरले अनधिकृत रुपमा रकम खर्च गरिएको कारणबाट विशाल बजार कम्पनी लिमिटेड जस्तो सार्वजनिक संस्थालाई ठूलो आर्थिक हानी नोक्सानी

पुग्न गएको प्रष्ट देखिन आयो । यसरी प्रतिवादीहरूले उल्लेखित तवरबाट कम्पनी ऐन, कम्पनीको प्रबन्ध पत्र र नियमावलीले निर्दिष्ट गरे बमोजिमको कर्तव्य निर्वाह नगरी गैरकानूनी कार्य गरेबाट कम्पनीलाई हानी नोक्सानी पुग्न गएको तथ्य पुष्टी हुन आएको एवम् कम्पनीको पसल कवल पुनः बहालमा दिई भ्रष्टाचार गरेको भन्ने यिनै प्रतिवादी रविन्द्रलाल श्रेष्ठसमेत भएको मुद्दामा वादी दाबी पुग्ने ठहऱ्याई सम्मानित सर्वोच्च अदालतबाट (नेकाप २०७४, अङ्क १, पृष्ठ १६१०, नि.न. ९७५२) फैसलासमेत भएको प्ररिप्रेक्ष्यमा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम भ्रष्टाचारको कसुरमा कारवाही गर्न मिल्ने नै देखिन आयो ।

३०. चौथो प्रश्नको सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरू विरुद्ध भ्रष्ट्रचार निवारण ऐन २०५९ को दफा १७, दफा ३(१) को कसुरमा सोही ऐनको दफा १७ र दफा ३(१)(झ) बमोजिम सजायको मागदाबी लिई वादी नेपाल सरकारबाट आरोपपत्र दायर भएको देखियो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना वा हानी नोक्सानी वा दुरुपयोग गरे गएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति निजबाट असुल उपर गरिनेछ" भन्ने कानूनी प्रावधान रहेको छ ।

त्यस्तै सोही ऐनको दफा ३(१) मा राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहोदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए वापत वा नगर्न वा नगरिदिए वापत वा आफ्नो ओहोदा वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलहिजा वा अनिष्ट गराइदिएवापत वा नगर्न वा नगरिदिएवापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मञ्जुर गरेमा रिसवत लिनेलाई कसुरको मात्रा अनुसार कैद र जरिवाना समेत हुने" भन्ने कानूनी प्रावधान रहेको देखियो ।

३१. माथि बिभिन्न प्रकरणहरूमा व्याख्या विवेचना गरिए अनुसार प्रतिवादीहरूले सार्वजनिक संस्था विशाल बजार कम्पनी लिमिटेडको पसल कवल खुल्ला प्रतिष्पर्धाविना कम दर रेटमा बहालमा दिएको साथै पुनबहालमा दिने र कम्पनीको कोषबाट अनाधिकाररुपले रकम खर्च गर्ने जस्ता वदनियतपुर्वक कार्य गरी कम्पनीलाई हानी नोक्सानी पुऱ्याएको मिसिल संलग्न तथ्य प्रमाणबाट पुष्टी भएको देखिन्छ तापनी निजहरूले वदनियतपूर्वक कार्य गरी सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याउने क्रममा ऐनको दफा ३(१) मा उल्लेख भएबमोजिम कसैबाट आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएको वा लिन मञ्जुर गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टी हुन सकेको छैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा भएको कानूनी व्यवस्थालाई सोही ऐनको दफा

३(१) मा उल्लिखित कानूनी व्यवस्थाको सापेक्षातामा हेर्नुपर्ने हुँदा प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ३(१) अन्तर्गतको कसुर गरेको भन्ने वादी नेपाल सरकारको आरोप दाबीसँग सहमत हुन सकिएन ।

३२. अव प्रतिवादीहरूले गरेको भ्रष्टाचारजन्य कसुर भ्रष्ट्रचार निवारण ऐन, २०५९ मा उल्लेखित के कुन कसुर अन्तर्गत पर्दछ भन्नेतर्फ हेर्दा उक्त ऐन को दफा ८(१) ले "कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने वदनियतले देहायको कुनै काम (देहायको खण्ड (क) देखि (ञ) गरेमा कसुरको मात्रा अनुसार तीन महिनादेखि तीन वर्ष सम्म कैद र बिगो खुलेकोमा बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर गरिनेछ । बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र दस हजार रुपैयाँदेखि पचास हजार रुपैया सम्म जरिवाना हुनेछ" भन्ने कानूनी व्यवस्था गर्दै सोही दफा ८(३) मा "कुनै राष्ट्रसेवकले उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक अन्य कुनै काम गरी सरकारी वा सार्वजनिक सम्पत्ति वदनियतपूर्वक कुनै किसिमले हानी नोक्सानी गरे वा गराएमा कसुरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगो बमोजिम जरिवाना वा दुवै सजाय हुनेछ" भन्ने कानूनी व्यस्था गरेको छ ।

३३. प्रस्तुत मुद्दाको मिसिल संलग्न तथ्य प्रमाणबाट सम्पुष्टी हुन आएको प्रतिवादीहरूले गरेको कसुरको प्रकृति र स्वरूप, माथि वर्णित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र ८(३) ले परिभाषित गरेको भ्रष्ट्राचारको कसुरसँग सामिप्य रहेको देखिन आउँछ । सम्मानित सर्वोच्च अदालतबाट यिनै प्रतिवादी रविन्द्रलाल श्रेष्ठ समेत भएको यस्तै प्रकृतिको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अन्तर्गतको भ्रष्टाचारको कसुर कायम गरी बिगोबमोजिम जरिवाना गरी हानी नोक्सानी भएको बिगो समेत कम्पनीलाई भराईदिने फैसला समेत भएको परिप्रेक्ष्यमा (नेकाप २०७४, अङ्क १, पृष्ठ १६१०, नि.न.९७५२) प्रतिवादीहरूले सोही दफा ८ र ८(३) को कसुर गरेको पुष्टि हुन आयो ।

३४. अब पाँचौ प्रश्न उपर विवेचना गरी हेर्दा, आरोपपत्रको तालिका न. ६६ देखि न. ८४ मा उल्लेखित विशाल बजार कम्पनी लिमिटेडका कवल पसलहरू आ.व.२०६८/०६९ देखि २०७०/०७१ अर्थात मितिः२०६८।९।१ देखि २०७१।१।३१ सम्म बहालमा दिँदा कम्पनीले प्राप्त गरेको दररेटअनुसारको बहाल रकम र उक्त कम्पनीले एन.आई.सी. बैङ्क लि. लाई खुल्ला प्रतिस्पर्धाद्वारा बहालमा दिँदा निर्धारण भएको दररेट बीच कायम हुन आउने बहाल रकमको अन्तरलाई तथा मिति २०६८।११।२३ देखि मिति २०६९।१२।४ सम्म अवधिमा तालिका न. ८६ मा उल्लेखित गैरकानूनी तवरले कम्पनीको कोषबाट खर्च गरिएको रकमलाई प्रतिवादीहरूबाट हानी नोक्सानी भएको बिगो कायम गरिएको पाईन्छ । आरोपपत्रको पृष्ठ २१६ र २१७ मा कम्पनीको

हानी नोक्सानी भएको बिगो कायम गर्ने सम्बन्धमा निम्नअनुसार आधार र मापदण्ड तय भएको पाइन्छ ।

- प्रतिस्पर्धाको माध्यमद्वारा कम्पनीले कम्पनीकै मूल भवनको पहिलो तल्लाको एन. आई. सी. बैङ्क लि. बाट सवैभन्दा कम अर्थात् प्रति वर्ग फिटको मासिक १११।८७ (आ.व. ०७०/७१ को लागि) र विगत आ.व. ०६८/६९ र ०६९/७० मा रु. १०१।७० लिँदै आएकोले पहिलो तल्लाको बहाल दरलाई नै आधार मानी बिगो कायम गरिएको, पहिलो तल्लाको तुलनामा भुई तल्लाको बहाल दर १०% भन्दा बढी देखिएकोले बिगो रकम हिसाव गर्दा जमिन तल्ला र दक्षिण टहराको लागि एन. आई. सी. बैङ्क लि. को पहिलो तल्लाको भाडा दरमा १०% मात्र थप गरी बिगो रकमको हिसाब गरिएको ।
- पहिलो तल्लाको लागि एन.आई.सी.बैङ्क लि. को बहाललाई बिगो कायम गर्ने प्रयोजनको लागि आधार बहाल दर कायम गरिएको ।
- कम्पनीले शेयरसँग अविभाज्य रहेका पसलहरूको सरदर मासिक बहाल दर पहिलो तल्लाभन्दा दोस्रो तल्लाको करिब २८% र पहिलो तल्लाको भन्दा तेस्रो तल्लाको करिव ३०% कम बहाल लिईरहेको देखिएकोले दोस्रो तल्लाको लागि एन.आई.सी.बैङ्क लि. को बहाल दरमा २०% कम गरी कायम गरिएको र तेस्रो तल्लाको लागि एन.आई.सी.बैङ्क लि. को बहाल दरमा ४०% कम गरी बिगो कायम गरिएको ।
- बोलपत्र प्रक्रियाद्वारा पार्किङ क्षेत्र बहालमा दिएको हुँदा बिगो कायम नगरिएको ।

३५. आरोप दाबीमा बिगो कायम गर्ने प्रयोजनको लागि अवलम्वन गरेको उल्लेखित आधार एवम् मापदण्ड व्यवहारिक र न्यायोचितनै देखिन आएको छ । यस सम्बन्धमा प्रतिवादीहरूले समेत अन्यथा रहे भएको कुनै जिकिर नलिई प्रस्तुत तथ्यलाई स्वीकार गरेको देखिदा आरोपपत्रको तालिका न. ६६ देखि ८४ सम्म उल्लेख भएबमोजिम कम्पनीलाई हानी नोक्सानी हुन गएको कूल रकम तालिका न. ८५ बमोजिम रु.९,४५,९०,३६६।३१ देखिन आयो ।

३६. त्यस्तै प्रतिवादीहरूले आरोपपत्रको पृष्ठ २१८ तालिका न. ८६ मा उल्लेखित मितिः २०६८।११।२३ देखि मितिः २०६९।१२।४ सम्ममा पटक पटक बिभिन्न संस्था र व्यक्तिलाई आर्थिक सहयोग, चन्दा तथा पुरस्कार, भैपरि शीर्षकमा कम्पनीको कोषबाट गरेको खर्च समेत आर्थिक कार्यविधी विनियमावली, २०६४ को नियम ५.५ मा उल्लेखित "बार्षिक स्वीकृत वजेटको परिधिभित्र रही एक पटकमा रु.५०००।- (पाँच हजार) सम्मको आर्थिक सहयोग र विज्ञापान खर्च गर्न अध्यक्षले आदेश दिन सक्नेछ" भन्ने प्रावधान विपरित रहेको देखिन आएकोछ । सो विपरित सञ्चालक समितिले कम्पनीको कोषबाट बिभिन्न मितिमा (मितिः २०६८।११।२३-२०६९।१२।४ सम्म) आरोपपत्रको तालिका न. ८६ मा उल्लेख भएको विवरण मुताविक

रु.५००००।- देखि रु.९५००००।- सम्म जम्मा रु. २८,९०,०००।- विल भरपाई पेस गर्न नपर्ने गरी सञ्चालक समितिले खर्च गरेको कार्य स्पष्टतः कानून विपरित रहेको देखिन आयो ।

३७. अतः प्रतिवादीहरूले आरोप दाबीको तालिका न. ८४-८६ सम्म उल्लेख भएबमोजिम रु.९४५९०३६६।३१ र तालिका न. ८६ मा उल्लेखित गैर कानूनी रूपमा बिल भरपाई पेस गर्न नपर्ने गरी कम्पनीको कोषबाट पटक पटक वितरण गरेको रकम रु.२८,९०,०००।- गरी जम्मा बिगो रु.९,७४,८०,३६६।३१ प्रतिवादीहरूले कम्पनीलाई हानी नोक्सानी पुऱ्याएको पुष्टि हुन आयो ।

३८. अन्तिम प्रश्न उपर विचार गर्दा, प्रस्तुत मुद्दामा मिति २०६८।९।१ देखि २०७१।१।३१ सम्मको अवधिलाई अनुसन्धानको दायरामा लिई सोही अवधिमा यी प्रतिवादीहरूले विशाल बजार कम्पनीको सञ्चालकको हैसियतले कम्पनीको प्रबन्धपत्र, नियमावली, आर्थिक कार्यविधि विनियमावली एवम् कम्पनी ऐनसमेतको उद्देश्य र प्रावधान विपरीत काम कारवाही गरी कम्पनीलाई हानी नोक्सानी पुऱ्याउने भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेको छ । सोही मुताविक रु.९,७४,८०,३६६।३१ बिगो प्रतिवादीहरूले विशाल बजार कम्पनी लिमिटेडलाई हानी नोक्सानी पुऱ्याउने मिसिल प्रमाणबाट स्पष्ट देखिन आएको अवस्था छ । प्रस्तुत भ्रष्टाचारजन्य कसुर यी प्रतिवादीहरूले सामूहिक रूपमा गरेकोमा दुविधा रहेन। तदनुरूप प्रस्तुत कसुरमा प्रतिवादीहरूले सामूहिक रूपमा आपराधिक दायित्व बहन गर्नु पर्ने देखिन आएकोछ। तथापी कम्पनीमा रहेको प्रतिवादीहरूको पदीय हैसियत र भूमिका, सञ्चालक समितिको सञ्चालक पदमा आवद्ध रहेको समयावधि, निजहरूलाई ज्ञात हुन आएको कम्पनीको रजिष्ट्रारको कार्यलयको आदेश, कम्पनी बोर्डको निर्णय, विशेष अदालतको फैसला, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णय निर्देशनलगायतको पृष्ठभूमि एवम् घटनाक्रम, उल्लिखित निर्णय आदेश र फैसला कार्यन्वयन नगरी प्रतिवादीहरूले देखाएको उदासिनता, गैरजिम्मेवारी, लापरवाही एवम् वदनियतपूर्ण कार्य, कम्पनीलाई पुग्न गएको हानी नोक्सानीको बिगो, कसुरको प्रकृति एवम् प्रतिवादीहरूको पदीय दायित्व र जिम्मेवारी समेतलाई दृष्टीगत गरी प्रतिवादीहरूलाई कैद सजाय निर्धारण गर्दा प्रतिवादीहरूले गरेको कसुरको मात्रा र सजायबीच सन्तुलन कायम भई न्यायको मकशद र उद्देश्य पुरा हुने देखिन्छ ।

३९. तदनुरूप प्रतिवादीमध्येका रविन्द्रलाल श्रेष्ठ विगत २०४४ सालदेखि, प्रतिवादीहरू प्रमोदकुमार अग्रवाल, विजयककुमार बानिया र भवानीराज पाण्डे मितिः २०६४।१०।६ देखि र प्रतिवादीहरू वासुदेव विष्ट, गौतमलाल श्रेष्ठ, निर्मलकुमार धानुका २०६८ पुसदेखि कम्पनीको सञ्चालकको रूपमा जिम्मेवारी वहन गर्दै आएको देखिन्छ । साथै अशोकजीव तुलाधर सञ्चालक समितिको अध्यक्ष रहेको र निजले कम्पनीको कोषबाट गैरकानूनी रूपमा बिल भर्पाई पेस गर्न नपर्ने गरी आफैले मितिः२०६९।६।२८ मा रु.९,५०,०००।- रकम लिएको समेत देखिन्छ। यी आधार र

कारणलाई दृष्टिगत गरी प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम हुने कैद सजाय निर्धारण गर्नु मनासिव एवम् न्यायोचित हुने देखिन आयो ।

४०. तसर्थः प्रतिवादीहरूले सार्वजनिक संस्था विशाल बजार कम्पनी लिमिटेडको प्रबन्धपत्रमा उल्लिखित प्रावधान, कम्पनी रजिष्टार कार्यालयको निर्देशन, कम्पनी बोर्डको निर्णय, विशेष अदालतको फैसला समेतको विपरीत सञ्चालक समितिबाट बिभिन्न मितिमा निर्णय गरी गराई कम्पनीको पसल कवल बोलपत्रको माध्यमद्वारा खुल्ला प्रतिस्पर्धाबाट बहालमा नदिई प्रचलित दररेटभन्दा कम मूल्यमा दिनुका साथै कबल पसल सवलिजमा दिन सकिने प्रावधानसमेतको व्यवस्था गरी एवम् कम्पनीको नगद रकम आफैले बनाएको आर्थिक कार्यविधि नियमावलीमा उल्लिखित प्रावधानसमेतको विपरीत खर्च गरी कम्पनीको सम्पत्ति हिनामिना गरी उक्त कम्पनीलाई रु.९,७४,८०,३६६।३१ (नौ करोड चौहत्तर लाख असी हजार तीन सय छैसठ्ठी रुपैयाँ एकतीस पैसा) बिगो बराबरको हानीनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र ८(३) अन्तर्गतको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरूको पदीय जिम्मेवारी, दायित्व र संलग्नतासमेतलाई दृष्टिगत गरी सोही ऐनको दफा ८(३) बमोजिम प्रतिवादी मध्येका रविन्द्र लाल श्रेष्ठ र अशोकजीव तुलाधारलाई जनही २ (दुई) वर्ष, प्रतिवादीहरू प्रमोद कुमार अग्रवाल र विजय कुमार बानियाँलाई जनही १ (एक) बर्ष ६(छ) महिना र प्रतिवादीहरू निर्मलकुमार धानुका, गौतमलाल श्रेष्ठ र बासुदेव विष्टलाई जनही १ (एक) वर्ष कैद र सबै प्रतिवादीहरूलाई दामासाहीले बिगो बमोजिम जरिवाना गरी बिगो रु.९,७४,८०,३६६।३१ (नौ करोड चौहत्तर लाख असी हजार तीनसय छैसठ्ठी रुपैयाँ एकतीस पैसा) उल्लिखित प्रतिवादीहरूबाट दामासाहीले कम्पनीलाई भराईदिने ठहर्छ। काठमाडौं महानगरपालिका वडा नं. ३० बाट जारी भएको मिति २०७४।०६।०६ को मृत्य दर्ता प्रमाणपत्रानुसार मिति २०७३।११।१८ मा प्रतिवादी भवानी राज पाण्डेको मृत्यु भैसकेको देखिँदा निजलाई कैद र जरिवानाको सजाय गरिरहन परेन। बिगोको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८ (२) बमोजिम निजको हकको सम्पत्तिबाट कानूनबमोजिम असुल उपर हुने समेत ठहर्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र (३)(१) बमोजिमको कसुरमा सोही ऐनको दफा १७ तथा दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाऊँ भन्ने हदसम्मको वादी नेपाल सरकारको आरोपदाबी पुग्न सक्दैन ।

४१. साथै विशाल बजार कम्पनी लिमिटेडको पसल कवल बहालमा लगाउने कार्यलाई कम्पनीको प्रबन्धपत्र, नियमावली, कम्पनी रजिष्ट्रारको कार्यलयको आदेश, कम्पनी बोर्डको निर्णय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्देशन, यस अदालत र सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला मुताविक पारदर्शी, वैज्ञानिक, कानूनसम्मत एवम् समसामयिक तुल्याई कम्पनीको

आर्थिक हित अभिवृद्धि गर्नका लागि देहायबमोजिम गर्न गराउन कम्पनीको सञ्चालक समितिको नाउँमा देहायबमोजिम निर्देशात्मक आदेश समेत जारी गरिदिएको छ । यसको जानकारी कम्पनी रजिष्ट्रारको कार्यलयसमेतलाई दिनू ।

- कम्पनीको आर्थिक कारोवारसँग प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न नरहेका व्यक्तिहरूमात्र कम्पनीको सञ्चालकमा निर्वाचित हुन सक्ने व्यवस्था कम्पनीको नियमावलीमा व्यवस्था गर्नु ।
- कम्पनीको शेयरसँग कम्पनीको पसल कवल अभिवाज्यरूपमा गाभिने र शेयरको नामसारी सुरू पसल कवल पनि स्वतः नामसारी हुने परीपाटीको अन्त्य गर्नु ।
- पुनः बहालमा दिइएका कम्पनीको पसल कवलहरू पुनःबहाल लिने व्यक्तिले हाल के कुन दरमा बहाल लिएका छन् ? पुनः बहालमा लिएको भाडा दर बमोजिमको रकम सिधै कम्पनीको खातामा जम्मा गर्ने गराउने व्यवस्था गरी कवल पसल पुनबहालमा दिने परीपाटीको तत्काल अन्त्य गर्नु ।
- प्रत्येक दुई वर्षमा विशाल बजार कम्पनी रहेको स्थान वरपर कायम भएको एवम् प्रचलित बहाल दरसमेतको आधारमा कम्पनीको पसल कवल, जग्गा समेतको बहाल दर कायम गरी खुल्ला प्रतिष्पर्धाद्वारा बढाबढ गराई पसल कवल बहालमा लगाउने व्यवस्था गर्नु ।
- सम्मानित सर्वोच्च अदालतबाट विशन वहादुर शाही निवेदक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग विपक्षी भएको ०६५-WO-०५८७ को उत्प्रेषण परमादेश रीट निवेदनमा "कम्पनीको विनियमावलीमा आवश्यक सुधार गरी पसल कवल भाडामा लगाउने प्रक्रियामा सुधार गर्न सार्वजनिक खरिद ऐन र नियमको प्रक्रिया अवलम्बन गर्नू भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मितिः २०६५।११।२५ मा निर्णय गरी दिएको निर्देशन कानून प्रतिकूल भन्न मिलेन" भनी रीट निवेदन खारेज हुने फैसला मितिः २०७२।२।२६ मा भएको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय निर्देशन र सर्वोच्च अदालतको फैसला मुताविक कम्पनीको विनियमावली सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६३ को अनूकुल हुने गरी संशोधन परिमार्जन गर्नु ।
- साथै मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी मध्येका रविन्द्रलाल श्रेष्ठ विगत २०४४ साल देखिनै कम्पनीको सञ्चालक समितिमा अध्यक्ष लगायतको पदीय हैसियतमा कार्यरत रही आएको, निज कार्यरत रही आएको समयावधीमा कम्पनीको प्रबन्धपत्र, नियमावलीको प्रावधान, कम्पनी रजिष्ट्रारको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन र यस अदालतबाट भएको आदेशका पालना नगरी कम्पनीको हित विपरीत कार्यहरू श्रृंखलाबद्ध रूपमा भई कम्पनीलाई हानी नोक्सानी पुऱ्याएको देखिएतापनि मिति २०६८।९।१ देखि २०७१।१।३१ सम्मको अवधिलाई मात्र अनुसन्धानको दायरामा लिई आरोपपत्र दायर

भएको देखिँदा निजको हकमा आरोप दाबीभन्दा बाहिर जान मिलेन। प्रस्तुत मुद्दाका प्रतिवादीहरूले विशाल बजार कम्पनीको सञ्चालकको हैसियतले काम गरेको अवधि र निजहरूको पदीय दायित्व एवम् जिम्मेवारी पृथक पृथक देखिएकोमा सो विषयवस्तुलाई आधार मानी निजहरूले गरेको कसुरको गम्भीरता र कम्पनीलाई हानी नोक्सानी पुऱ्याएको बिगोको मात्रालाई एकिन गरी प्रति व्यक्तिले गरेको कसुरको आधारमा आरोपपत्र दायर हुनुपर्नेमा सबै प्रतिवादीहरूलाई समानस्तरको कसुरदार कायम गरी समान सजायको माग दाबी लिई आरोपपत्र दायर गर्ने निर्णय भए गरेको देखिँदा अब यस प्रकारको अभियोजन कार्य नगर्न नगराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतलाई ध्यानाकर्षणको लागि लेखि पठाउनू।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः केशव पराजुली

इति संवत २०७६ साल असोज १ गते रोज ४ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौँ

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री शिवराज अधिकारी

सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

फैसला

इजलास नं. १

मुद्दा नं. ०७५-CR-०१३४

निर्णय नं. ८७

फैसला मिति : २०७७।३।३०

मुद्दाः अस्वाभाविक रूपमा बढी मूल्य तिरी मालसामान खरिद गरी भ्रष्टाचार गरेको।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौँका अनुसन्धान अधिकृतत्रय प्रदिपकुमार कोइराला, कृष्णबहादुर दहाल र संजिबबाबु खड्काको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : नेपाल राष्ट्र बैङ्कका पूर्व गभर्नर डा. तिलक रावलसमेत

- **पोलिमर नोट छपाइ गर्ने विषय र प्रक्रिया यकिन भएपछि औपचारिक रूपमा बोलपत्र सम्बन्धी प्रक्रिया अवलम्बन भएको अवस्थामा बोलपत्र प्रक्रिया अनुरूप नै हुने हुँदा पूर्वावस्थाका पत्राचारको आधारमा मात्र पोलिमर नोट छपाइको लागत मूल्य कायम भइसकेको थियो भनि अनुमान गर्न कानूनसम्मत नहुने।**

(प्रकरण नं.२३)

- **कुनै राष्ट्रसेवकले कसैलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतपूर्वक काम गरेको दाबी भएको अवस्थामा लाभ प्राप्त गर्ने पक्ष (Beneficiary) लाई पनि प्रतिवादी बनाई सो पक्षले गैरकानूनी लाभ प्राप्त गरेको प्रमाणित गर्नुपर्ने ।**

(प्रकरण नं.२५)

- **कमिशन बापतको रकम तत्काल खुल्न नसकेको, पछि खुलाइएको, कमिशन बापतको कर राजश्व छल्न खोजेको भन्ने लगायतका विषयका सम्बन्धमा प्रचलित कानूनबमोजिमको कारवाही हुने भएमा सोहि अनुरूप कारवाही हुने नै हुँदा आरोप दाबीको आधारमा त्यसतर्फ विचार गर्न नमिल्ने ।**

(प्रकरण नं.२८)

- **आरोपत्रमा आधार मानिएका इमेल पत्राचारहरूबाट सामान्य प्रकृतिको अनुमानसम्म गर्न सकिने वा परिस्थितिजन्य अवस्थासम्म हो कि भन्ने आधारमा मात्र फौजदारी कसुर कायम गर्न नमिल्ने हुँदा भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको संवेदनशील कसुरमा कुनै पनि अनुमान, शङ्का वा परिस्थितिजन्य आधार र कारण मात्र देखाई दण्डित गर्नु न्यायसँङ्गत र कानूनसम्मत नहुने**
- **आरोपपत्र साथ प्रमाण भनी पेस गरेको इमेल, फ्याक्स लगायतका पत्राचारहरू शंकारिहत प्रमाणको रूपमा स्वीकार गर्न नसकिने हुँदा त्यस्तो प्रमाणलाई आरोप दाबीको सन्दर्भमा कानूनसम्मत र निर्णायक प्रमाणको रूपमा मान्यता प्रदान गर्न नमिल्ने ।**

(प्रकरण नं.३७)

- **आफूलाई लाभ हुने र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने गरी काम भए गरेको र बदनियतपूर्वक त्यस्तो कार्य भएको अकाट्य, अखण्डित प्रत्यक्ष प्रमाण देखिएको अवस्थामा नै भ्रष्टाचार सम्बन्धी कसुर हुने ।**

(प्रकरण नं.३८)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सुवर्णमान वनेपाली

प्रतिवादीका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताहरू श्री उपेन्द्र केशरी न्यौपाने, श्री सानुबाबु पोखरेल र श्री सतिषकृष्ण खरेल, विद्वान् अधिवक्ताहरू श्री ललितबहादुर बस्नेत, श्री सुभाष आचार्य र श्री कलमबहादुर खत्री

अवलम्बित नजिर :

- ने.का.प. २०५४, अङ्क १० नि.नं. ६४४८, पृ. ५५३
- ने.का.प. २०६४, अङ्क ५ नि.नं. ७८४८
- ने.का.प. २०६६, अङ्क ५ नि.नं. ८१५८, पृ. ८६०
- ने.का.प. २०६६ अङ्क ७, नि.नं. ८१९४, पृ. ११५९
- नेका.प. २०६६ अङ्क ९ पृ. २१६ नि.नं. २२
- ने.का.प. २०६९ अङ्क ७ नि.नं. ८८५९
- ने.का.प. २०७२, अङ्क ३ नि.नं. ९३६०, पृ. ४१४
- ने.का.प. २०७४ पृष्ठ १७६८ नि.नं. ९८९८

सम्बद्ध कानून :

- भ्रष्ट्राचार निवारण ऐन, २०१७
- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८
- भ्रष्टाचार निवारण ऐन, २०५९

ठहर खण्ड

१. प्रस्तुत आरोप दाबीका सिलसिलामा निम्न लिखित विषयको निरूपण गर्नु पर्ने देखिएको छः-

(क) एक पटक अनुसन्धान भई तामेलीमा रहेको विषयमा पुनः अनुसन्धान गरी आरोपपत्र दायर गर्न मिल्ने हो होइन ?

(ख) आरोपपत्रमा आधार मानिएको CD मा रहेको इमेल/पत्राचार प्रमाणको रूपमा ग्राह्य हुन सक्ने हो होइन ?

(ग) पोलिमर नोट छपाइको औचित्यतर्फ विचार गर्न सकिने हो होइन ?

(घ) पोलिमर नोट छपाइमा कानूनसम्मत प्रक्रिया पूरा भएको छ छैन ?

(ङ) आरोप दाबीअनुसारको विगो हानी नोक्सानी भएको हो होइन ?

(च) प्रतिवादीहरूले आरोपदाबी अनुसारको कसुर गरेको हो होइन ?

(छ) आरोप दाबीअनुसारको कसुर गरेको भए के कस्तो सजाय हुन सक्ने हो ?

२. उल्लिखित विवादित विषयहरूमा विचार गर्ने सन्दर्भमा प्रस्तुत आरोप दाबी र त्यससँग सम्बद्ध विषयलाई दृष्टिगत गर्नु पर्ने देखिएको छ । नेपाल राष्ट्र बैङ्कबाट माग गरिएको रु.१० दरको पोलिमर नोट छपाइको लागि प्राप्त लागत मूल्य A$68/1000 अनुसार नोट छपाइ गर्दा नेपाली रू.१५,४८,६८,१२२।९२ लागत लाग्नेमा उक्त दरलाई पुनः नेपाल राष्ट्र बैङ्कका तत्कालीन गभर्नर डा.तिलक रावल र तत्कालीन नोट विभाग प्रमुख उपेन्द्र केशरी पौडेलले नोट प्रिन्टिङ् अष्ट्रेलियाका स्थानीय प्रतिनिधिसँग बदनियतपूर्वक मिलेमतो गरी नेपाल राष्ट्र बैङ्कलाई गैरकानूनी रूपमा हानी र आफूसमेतका व्यक्ति विशेषलाई फाइदा पुऱ्याउन A$4/1000 थप गर्न लगाई प्रथम चरणको रू.१०।- दरको ५ करोड थान पोलिमर नोट छपाइ गर्दा A$4/1000 ले हुन आउने नेपाली रु.९१,०९,८८९।५८ लागत थप गरी अस्वाभाविक मूल्य बढाई कुल नेपाली रू.१६,३९,७८,०१२।५० भुक्तानी गरी नेपाल सरकारलाई रु.९१,०९,८८९।५८ हानी नोक्सानी पुऱ्याई निज प्रतिवादी डा.तिलक रावल र उपेन्द्र केशरी पौडेलले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी डा.तिलक रावल र उपेन्द्र केशरी पौडेललाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको सजाय हुन र निज प्रतिवादीहरू नेपाल सरकारको विशिष्ट श्रेणीको पदाधिकारी भएको हुँदा निजहरूका हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिमको थप सजाय हुन भनी प्रतिवादी तिलक

रावल र उपेन्द्र केशरी पौडेलेको हकमा माग दाबी लिएको देखिन्छ। Note Printing Australia Ltd. का स्थानीय प्रतिनिधि रहेका प्रतिवादी हिमालय बहादुर पाँडेले नेपाल राष्ट्र बैङ्कका तत्कालीन गर्भनर डा. तिलक रावल र नोट विभागका तत्कालीन प्रमुख उपेन्द्र केशरी पौडेललाई प्रभावमा पारी बदनियतपूर्वक मिलेमतो गरि उपर्युक्त अनुसार नेपाल सरकारलाई रु.९१,०९,८८९।५८ हानी नोक्सानी पुऱ्याई प्रतिवादी हिमालय बहादुर पाँडेले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिँदा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन भनी आरोप दाबी गरेको देखियो।

३. उपर्युक्त अनुसारको दाबी रहेको प्रस्तुत आरोपपत्र, आरोपपत्र साथ संलग्न रु.१०।- को पोलिमर नोट छपाइ गर्ने सम्बन्धमा खडा भएका प्रारम्भदेखिका कागजातहरू, फायल, सम्बन्धित निर्णयहरू समेत अध्ययन गरिएकोमा नेपाली रु.१०।- को पोलिमर नोट छपाइ गर्ने आवश्यकता महसुस गरी नेपाल राष्ट्र बैङ्कबाट कारवाही प्रारम्भ भएको देखिन्छ। नोट निष्कासनसँग सम्बन्धित नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लगायत सम्बद्ध अन्य प्रचलित नेपाल कानून बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी पोलिमर नोट छपाइ गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कका सम्बन्धित समितिहरूबाट निर्णय भएको, उक्त बैङ्कको सञ्चालक समितिबाट समेत निर्णय भएको, पोलिमर नोट डिजाइनलाई स्वीकृति प्रदान गर्ने र रु.१०।- को नोटलाई Polymer Guardian Substrate प्लाष्टिक कागजमा छपाइ गर्ने विषयमा मन्त्रिपरिषदबाट २०५८।९।५ मा प्रस्ताव स्वीकृति भएको, रु.१०।- को नोट प्लाष्टिकको कागजमा छपाइ गर्ने भन्ने अर्थ मन्त्रालयको प्रस्ताव बमोजिम गर्ने भनी तत्कालीन श्री ५ को सरकारबाट मिति २०५८।१०।१८ मा निर्णय भएको समेतको अवस्था आरोपपत्रबाट देखिएको छ । उपर्युक्त निर्णयानुसार ने.रु.१०।- को Polymer नोट छपाइको लागि Global Tender आह्वान भएको, पुनः टेण्डर आह्वान भई मिति २०५९।१।२० (3 March, 2003) मा प्रथम चरणको रु.१०।- को ५ करोड थान नोट छपाइ गर्ने भनी सम्झौता भएको र दोस्रो चरणमा रु.१०।- को ५ करोड नोट छपाइ सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गरी मिति २०६०।१०।१४ मा सम्झौता भई Polymer नोट छपाइ गर्ने कार्य सम्पन्न भएको र सोही अनुरूप भुक्तानी गरिएको देखिन्छ ।

४. आरोपपत्रको समग्र अध्ययनबाट मुलतः प्रथम चरणको बोलपत्र आह्वानपूर्व रु.१०।- को पोलिमर नोट छपाइको लागि प्राप्त लागत मूल्य अष्ट्रेलियन डलर A$६८/१००० मा A$४/१००० थप गर्न लगाई त्यस अनुसार हुन आउने ने.रु.९१,०९,८८९।५८ नेपाल सरकारलाई हानीनोक्सानी पुऱ्याएको भन्ने आरोप दाबी रहेको देखियो। प्रथम चरणको रु.१०।- को पोलिमर नोट छपाइ गर्दाको लागत रु.१६,३९,७८,०१२।५० मध्ये रु.९१,०९,८८९।५८ नेपाल सरकारलाई हानी

नोक्सानी भएको भनी दाबी गरिएको देखिंदा प्रस्तुत आरोपपत्रको आधारमा उक्त दाबीको विषयमा सिमित भई विचार गर्नु पर्ने देखिएको छ । यसै पृष्ठभूमिमा उल्लिखित प्रकरण नं. २८ मा लेखिएका मूलभूत विषयमा विवेचना गरी निष्कर्षमा पुग्नु पर्ने देखिएको छ ।

५. सर्वप्रथम एक पटक अनुसन्धान भई तामेलीमा रहेको विषयमा पुनः अनुसन्धान गरी आरोपत्र दायर गर्न मिल्ने हो होइन भन्ने प्रश्नको सन्दर्भमा हेर्दा प्रस्तुत आरोप दाबीअनुसारको रु.१०।- को पोलिमर नोट निष्काशन भएको सम्बन्धमा The Age नामक अष्ट्रेलियन पत्रिकाका रिपोर्टर रिचर्ड वेकरले दिएको सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६६।१२।१९ मा कारवाही प्रारम्भ भएको देखिन्छ । तत्सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट प्राप्त प्रतिक्रियासमेतको आधारमा उक्त आयोगबाट मिति २०६७।३।२१ मा" यसमा आज आयोगको बैठकमा छलफल हुँदा नेपाल राष्ट्र बैङ्कले रु.१०।- को पोलिमर नोट छपाइ गर्दा भ्रष्टाचारसमेत भएको हुन सक्ने भनी प्रश्न उठाई उजुरी प्राप्त भएको अवस्थामा अब उप्रान्त नोट छपाइ गर्दा सो विषयलाई समेत विचार गरी काम कारवाही गर्न नेपाल राष्ट्र बैङ्कलाई लेखी पठाउने निर्णय गरियो। प्रस्तुत उजुरीको लगत कट्टा गरी फायल तामेली शाखामा बुझाउने" भनी निर्णय गरेको प्राप्त सक्कल निर्णय फायलबाट देखिएको छ । यस निर्णयबाट रु.१०।- को पोलिमर नोट छपाइमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा तत्कालीन अवस्थामा टुङ्गो लागेको देखिन्छ।

६. रु.१०।- को पोलिमर नोटको सम्बन्धमा अनियमितता भएको भनी नागरिक दैनिकमा प्रकाशित विषय, पोलिमर नोट छपाइमा आर्थिक अनियमितता भएको सम्बन्धमा अष्ट्रेलियन प्रहरीबाट प्राप्त कागजात समेतका आधारमा प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोले पत्राचार गरेको भनी पोलिमर नोट छपाइको शुरु प्रक्रियादेखि नै संलग्न पदाधिकारीहरू शङ्काको घेरामा रहेको देखिएकोले विस्तृत रूपमा छानविन गर्न भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६८।६।६ मा भएको निर्णयानुसार अनुसन्धान अधिकृत नियुक्त भई पुनः छानविन अनुसन्धान भएको समेत निर्णय फायलबाट देखियो। मिति २०६७।३।२१ मा आयोगबाट भएको तामेली सम्बन्धी निर्णय तथा तामेलीको विषयमा उक्त मिति २०६८।६।६ मा भएको निर्णयमा उल्लेख भएको देखिएन ।

७. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ मा अनुसन्धान तहकिकात गर्दै जाँदा सङ्कलित प्रमाणबाट आरोपित कसुर पुष्टि हुन नसक्ने भएमा अनुसन्धान अधिकारीले कारण खुलाई पर्चा खडा गरी उजुरीलाई तामेलीमा राख्न सक्ने कानूनी व्यवस्था रहेको पाइन्छ। सोही दफाको प्रतिबन्धात्मक प्रावधानमा पछि कुनै नयाँ प्रमाण फेला परेमा पुनः अनुसन्धान तहकिकात गर्न बाधा नहुने समेतको व्यवस्था रहेको पाइन्छ । यस कानूनी व्यवस्था अनुसार मिति २०६७।३।२१ को निर्णयानुसार तामेलीमा रहेको विषयमा पुनः अनुसन्धान गर्न सकिने भएपनि तामेलीमा रहेको विषयमा पुनः

अनुसन्धान गर्नु पर्ने गरि प्राप्त हुन आएको नयाँ प्रमाण, आधार कारण खुलाई तामेली जगाई पुनः अनुसन्धान गर्ने भनी निर्णय गर्नु पर्नेमा त्यस अनुसारको निर्णय भएको पाइएन । तथापि, उल्लिखित कानूनी व्यवस्था अनुसार एक पटक अनुसन्धान भई तत्काल प्राप्त प्रमाणको आधारमा उजुरी तामेलीमा राखिएकै मात्र आधारमा त्यस उजुरीको विषय सदाको लागि अन्त्य भएको मान्ने अवस्था रहँदैन । भ्रष्टाचार सम्बन्धी विषय प्रकृतिबाट पनि त्यस्तो निष्कर्षमा पुग्नु मनासिव हुँदैन। पछि प्राप्त हुन आएको थप प्रमाणको आधारमा विस्तृत रूपले अनुसन्धान गर्नु पर्ने देखिएको भनी अनुसन्धान तहकिकात भएको र त्यसैको निरन्तरतामा प्रस्तुत आरोपपत्र दायर भएको देखिँदा मिति २०६७।३।२१ को तामेली निर्णयकै आधारमा उल्लिखित कानूनी व्यवस्थाको कसीमा प्रस्तुत आरोप दाबीलाई अन्यथा मान्नु पर्ने अवस्थाको देखिएन ।

८. Australian Federal Police (यसपछि AFP भनिएको) को तर्फबाट Rechard C.Moses. Counselor (Police liaison) Australian High Commission, New Delhi ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष 3 Oct. 2013 (मिति २०७०।६।१७) मा पेस गरेको प्रतिवेदन र सो साथ पेस भएको बिभिन्न मितिका पत्राचार तथा इमेल/फ्याक्स सङ्ग्रहित CD लाई आरोपत्रको प्रकरण नं. ३७ मा खुलाई त्यसैलाई मुख्य आधार मानी प्रस्तुत आरोपपत्र दायर भएकोमा प्रतिवादीहरूका तर्फबाट विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा पारस्परिक कानूनी सहायता सम्बन्धी कानून अनुसार प्राप्त नभएको उल्लिखित प्रतिवेदन र सो साथ रहेको CD लाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भनी जिकिर गर्नु भएको हुँदा उक्त प्रतिवेदन र सो साथ प्राप्त विद्युतीय सामग्रीलाई प्रमाणको रूपमा स्वीकार गर्न मिल्ने हो होइन ? विचार गर्नुपर्ने विषय रहेको देखियो।

९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।६।६ मा भएको निर्णयानुसार रु.१०।- को पोलिमर नोट छपाइको विषयमा पुनः अनुसन्धान प्रारम्भ भएकोमा AFP बाट 03 Oct. 2013 (२०७०।६।१७) को प्रतिवेदन प्राप्त हुँदाको अवस्थामा पारस्परिक कानूनी सहायता अध्यादेश, २०६९ प्रचलनमा रहेको पाइन्छ। उक्त अध्यादेशको दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले पारस्परिक कानूनी सहायता नियमावली, २०७० बनाएको र नेपाल राजपत्रमा मिति २०७०।६।२४ मा प्रकाशित भई सोही मितिबाट प्रारम्भ भएको देखिएको छ। त्यसपछि पारस्परिक कानूनी सहायता ऐन, २०७० मिति २०७०।१२।१२ देखि प्रचलनमा आएको देखिन्छ। न्यायिक कारवाहीका विषयमा नेपाल र विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यबाट प्रचलनमा आएको पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ३ को उपदफा (१) अनुसार नेपाल र विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता आदानप्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सन्धी भएको हुनु पर्ने वा उपदफा (२) अनुसार कुनै खास न्यायिक कारवाहीको सम्बन्धमा कुनै विदेशी राज्यले भविश्यमा त्यस्तै प्रकारको न्यायिक

कारवाहीमा पारस्परिक कानूनी सहायता प्रदान गर्ने आश्वासन दिई कुटनैतिक माध्यम मार्फत् नेपाल सरकार समक्ष पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरेमा पारस्परिकताको आधारमा कानूनी सहायता प्रदान गर्न सकिने व्यवस्था रहेको पाइन्छ।

१०. प्रस्तुत आरोपपत्र मिति २०७५।९।५ मा दायर भएको देखिन्छ। प्रस्तुत विषयमा मिति २०६८।६।६ बाट अनुसन्धान प्रारम्भ भएको देखिएकोमा AFP ले पेस गरेको 03 Oct. 2013 (२०७०।६।१७) को प्रतिवेदन र सो साथ रहेको इमेल पत्राचारहरू पारस्परिक कानूनी सहायता सम्बन्धी उपर्युक्त कानूनी व्यवस्था अनुरूप प्राप्त भएको प्रस्तुत मिसिल तथा अन्य प्रमाण सम्बन्धी मिसिलहरूबाट समेत देखिँदैन। Note Printing Australia Limited (यसपछि NPA भनिएको) का अधिकारीहरूका बीचमा एकआपसमा आदानप्रदान भएको तथा निजहरू सम्बन्धित रहेको इमेल/फ्याक्ससमेतका पत्राचारहरूसँग सम्बन्धित विषयवस्तु, तथा व्यक्तिहरू लगायतका अन्य सम्बद्ध विषयमा उपर्युक्त कानूनी व्यवस्थाका आधारमा थप अनुसन्धान कार्य भएको देखिदैन। पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ७ को उपदफा (१) अनुसार कुनै कसुरको अनुसन्धान वा अभियोजनमा सहयोग पुग्ने वित्तीय वा व्यापारिक अभिलेखसमेतको कुनै कागज प्रमाण सूचना वा वस्तु विदेशी राज्यमा रहेको भन्ने कुरामा विश्वास गर्नुपर्ने पर्याप्त आधार भएमा त्यस्तो कागज, प्रमाण, सूचना वा वस्तु उपलब्ध गराउन अनुरोध गर्न सकिने कानूनी व्यवस्था रहेको पाइन्छ। त्यस अनुरूप प्रस्तुत आरोप दाबी पुष्टि गर्न सक्ने सम्मको उल्लिखित इमेल/फ्याक्स लगायतका पत्राचारसँग सम्बन्धित व्यक्ति बुझ्ने, तथ्य संकलन गर्ने लगायतको कार्य हुन सकेको देखिएन।

११. नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुक रहेको, अर्को सार्वभौमसत्ता सम्पन्न मुलुकमा रहेको प्रमाण संकलन पारस्परिकताको आधारमा गर्ने कानूनी व्यवस्था रहेकोमा त्यस अनुरूप भएको काम कारवाही नै कानूनसम्मत हुने र सार्वभौमसत्ता सम्पन्न मुलुकको लागि स्वीकार्यसमेत हुने हुन्छ। कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरूप नभएको कार्य सधैं विवादित रहने र सम्बन्धित पक्षबाट स्वीकार्य नहुन सक्दछ। प्रस्तुत आरोप दाबीको पोलिमर नोट छपाइकै विषयमा अनियमितताको आशङ्का गरी अष्ट्रेलियन सरकारबाट समेत छानविन भएको सन्दर्भमा प्रस्तुत मुद्दाका प्रतिवादी हिमालय बहादुर पाँडेसमेतको बैङ्क खाता र कारोवार सम्बन्धी विवरणहरू समेत पारस्परिक कानूनी सहायताको रूपमा अष्ट्रेलियन सरकारबाट अनुरोध भई आएअनुसार नेपालको तर्फबाट उपलब्ध गराइएको प्राप्त प्रमाण सम्बन्धित फायलहरूबाट देखिएकोले प्रस्तुत विषयको अनुसन्धानको सन्दर्भमा पनि पारस्परिक कानूनी सहायता अनुरूप NPA सम्बद्ध आधिकारी बुझ्ने वा अन्य सम्बद्ध प्रमाण सङ्कलन गर्नुपर्नेमा त्यस अनुरूप गरेको देखिएन। यस अवस्थामा AFP को तर्फबाट प्राप्त 03 Oct. 2013 को प्रतिवेदन

तथा सो साथ पेस गरिएको इमेल/फ्याक्सलगायतको विषयलाई उपर्युक्त कानून बमोजिमको प्रक्रिया अनुरूप रहेको मान्न मिल्ने देखिएन।

१२. आरोपित कसुरको अनुसन्धानको सन्दर्भमा उल्लिखित 03 Oct. 2013 को प्रतिवेदन र सो साथ रहेका इमेल लगायतका विषयलाई सूचना स्रोतको रूपमा सम्म हेर्ने हो भने पनि प्रस्तुत आरोप दाबी पुष्टि गर्नेसम्मको पर्याप्त र निर्णायक प्रमाण मान्न सकिने हो होइन भन्नेतर्फ विचार गर्नु पर्ने हुन्छ । नोट छपाइ मूल्य हजार प्रतिको A$ 68 कायम भएको भनिएको Feb. 21, 2000 को कोटेशन, A$4/1000 बढाउने सम्बन्धी 02/25/2000, 02/28/2000 को पत्राचारलगायतको पोलिमर नोट छपाइ सम्बन्धी आरोपपत्रमा संलग्न पत्राचारहरू NPA का पदाधिकारीहरूका बीचमा भएको देखिन्छ। त्यस्तो पत्राचारहरूमा यी प्रतिवादीहरूको प्रसङ्ग उल्लेख गरिएकोमा प्रतिवादीहरूले त्यसै पत्राचारको प्रसङ्गमा इमेल पत्राचारहरू गरेको भए त्यस विषयमा समेत अनुसन्धान गरी त्यस्तो इमेल पत्राचारसमेत सङ्कलन गर्नु पर्नेमा त्यस किसिमको अनुसन्धान र आवश्यक प्रमाण सङ्कलन गरेको देखिन आएन ।उल्लिखित पत्रहरू तथा पत्राचारमा संलग्न पदाधिकारीलाई अनुसन्धानको क्रममा स्वतन्त्र रूपमा परीक्षण गरिएको देखिँदैन । विषय प्रकृतिबाट अनुसन्धानकै क्रममा बुझि उल्लिखित पत्राचारको विश्वसनीयता परीक्षण गरी यकिन भएमा मात्र आरोपपत्र दायर गर्नु पर्नेमा त्यस अनुरूप अनुसन्धान भएको पाइएन । मुख्य प्रमाण भनिएका पत्राचारहरूबाट सम्बन्धित देखिएका NPA का पदाधिकारीलाई अनुसन्धान तहकिकातको सन्दर्भमा नै पारस्परिक कानूनी सहायता सम्बन्धी कानूनी प्रक्रिया अवलम्बन गरी बुझ्नु पर्ने र सम्बद्ध प्रमाणको रूपमा यकिन गर्नु पर्ने हुन्छ।पारस्परिक सहायता सम्बन्धी निर्दिष्ट कानूनी प्रक्रिया विना अष्ट्रेलियन सरकारी पदाधिकारीले सोझै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा अन्य अधिकारीलाई भेटी 03 Oct. 2013 मा प्रतिवेदन पेस गरेकोलाई नै अन्तिम, आधिकारिक र विश्वसनीय प्रमाणको रूपमा स्वीकार्य हुन सक्ने देखिएन ।

१३. रु.१०।- को पोलिमर नोट छपाइ तथा निष्कासनकोऔचित्यतर्फ प्रस्तुत आरोप दाबीको आधारमा विचार गर्न सकिने हो होइन भन्ने अर्को विवादित विषयतर्फ समेत दृष्टिगत गर्नुपर्ने देखिएको छ। NPA र Nepal Rastra Bank (यसपछि NRB भनिएको) का बीच रु.१०।- को पोलिमर नोट छपाइ गर्ने गरी 3 May, 2002 (मिति २०५९।१।२०) मा प्रथम चरणको सम्झौता भएकोमा रु.१०।- को पोलिमर नोटको लागत बढी देखिएको, टिकाउपन नरहेको, गुणस्तर नरहेको, कागजी नोट छपाइमा भन्दा बढी हानी नोक्सानी भएको, आफ्नो फाइदाको लागि बदनियत राखी न्यून गुणस्तरको नोट छपाइ गरी नेपाल राष्ट्र बैङ्कलाई हानी नोक्सानी पुऱ्याएको भन्ने जस्ता विषयसमेत आरोपपत्रमा उल्लेख गरेको देखियो। कागजी नोटभन्दा लागत, टिकाउपन, गुणस्तर समेतका दृष्टिबाट पोलिमर नोट उपयुक्त नरहेकोमा पनि बदनियतपूर्वक पोलिमर नोट छपाउने कार्य गरी हानी नोक्सानी

पुऱ्याएको भन्ने हो भने पोलिमर नोट छपाइ गर्दाको समग्र लागतअनुसारको विगो कायम गरी दाबी गर्न सक्नु पर्ने हो। त्यस अनुरूपको दाबी रहेको अवस्थामा नै रु.१०।- को पोलिमर नोट छपाइको औचित्यमा प्रवेश गरी विचार गर्न सकिने हुन्छ। पूर्व स्वीकृत लागतमा एक हजारप्रति पोलिमर नोट छपाइमा चार अष्ट्रेलियन डलर बढाएकोले रु.९१,०९,८८९।५८ हानी नोक्सानी पुऱ्याएको भन्नेसम्मको मात्र आरोप दाबी रहेको छ। यस स्थितिमा कागजी नोटको सट्टामा पोलिमर नोट छपाइको कारणबाट हानी नोक्सानी हुन गएको जस्तो अप्रासङ्गिक व्यहोरा आरोपपत्रमा रहेको भएपनि त्यस आधारमा मात्र पोलिमर छपाइको औचित्यतर्फ विचार गरिरहन पर्ने भएन। के कस्तो नोट छपाइ गर्ने भन्ने नेपाल राष्ट्र बैङ्कको नीतिगत विषय भएको र नेपाल सरकारको निर्णयसमेत रहेको सन्दर्भमा पोलिमर नोट छपाइ गर्ने नीतिगत विषयको औचित्यमा प्रवेश गरी विचार गर्नुपर्ने सम्मको अवस्था प्रस्तुत आरोप दाबीको आधारबाट देखिएन।

१४. पोलिमर नोट छपाइ गर्ने सम्बन्धमा कानूनबमोजिमको प्रक्रिया पूरा भएको छ छैन भन्नेतर्फ समेत विचार गर्नुपर्ने देखिएको छ। प्रस्तुत आरोपपत्र तथा आरोपपत्रसाथ पेस भएको र झिकाइएको सम्बद्ध प्रमाण कागजातहरूको अध्ययनबाट नोट निष्काशन सम्बन्धमा नेपाल बैङ्क ऐन, २०५८ लगायतका सम्बन्धित कानूनले तोके बमोजिमका प्रक्रिया अवलम्बन भए गरेको देखिएको छ। यो यस्तो कानूनबमोजिमको प्रक्रिया पूरा नगरेको वा कानून विपरीतको प्रक्रिया अवलम्बन गरेको भन्ने आरोप दाबी रहेको देखिँदैन। प्रारम्भमा नोट छपाइको सम्भावित लागत सम्बन्धमा सम्बन्धित कम्पनीहरूमा पत्राचार गरी बुझिएको भन्ने सम्म देखिएपनि त्यसपछि अन्तराष्ट्रियस्तरमा बोलपत्र आह्वान गरिएको, रितपूर्वकको बोलपत्र प्राप्त भए नभएको सम्बन्धमा जाँचबुझ गरिएको, रितपूर्वकको बोलपत्र संख्या प्रर्याप्त नभएको भनि पुनः बोलपत्र आह्वान गरिएको, कम अङ्कको बोलपत्रदातासँग सम्झौता गरी नोट छपाइको सम्झौता गरिएको देखिएको छ । नोट निष्काशनसँग सम्बन्धित प्रचलित कानूनद्वारा निर्धारित निकाय तथा पदाधिकारीबाट कारवाही भई नेपाल राष्ट्र बैङ्कको सञ्चालक समिति, अर्थ मन्त्रालय तथा मन्त्रिपरिषदसमेत कानूनसम्मत प्रक्रियामा सहभागी रहेको देखिएको छ ।

१५. प्रथम चरणको पोलिमर नोट छपाइ गर्दाको कुल लागत रु.१६,३९,७८,०१२।५० रहेकोमा त्यसअनुसारको विगो कायम गरी दाबी नगरेको र पोलिमर नोट छपाइ सम्बन्धी प्रक्रियामा संलग्न रहेका नेपाल राष्ट्र बैङ्कअन्तर्गतका बिभिन्न समिति तथा अर्थ मन्त्रालयका पदाधिकारीहरू समेतका विरुद्ध दाबी गरेको नदेखिँदा पोलिमर नोट छपाइमा कानूनबमोजिमको प्रक्रिया सम्पन्न भएकै मान्नु पर्ने हुन्छ । बोलपत्र प्रक्रिया तथा प्रतिस्पर्धा लगायतको विषय, बोलपत्र स्वीकृति तथा सम्झौता गर्दासम्मको विषयमा समेत अन्य प्रतिस्पर्धी बोलपत्रदाता कम्पनीहरूले दाबी विरोध, उजुरी वा कानून बमोजिमको कारवाही गरेको देखिँदैन । बोलपत्रमा प्रतिस्पर्धा गराएजस्तो गरी NPA लाई नै नोट छपाइको कार्य गर्न दिने गरी NPA लाई मात्र सहयोग गरेको र त्यस्तो दुराशयपूर्ण कार्य भएको हो

भने अन्तरराष्ट्रियस्तरका प्रतिस्पर्धी कम्पनीहरूले दाबी विरोध गर्नुपर्ने हुन्छ। त्यस्तो अवस्था नदेखिँदा आरोपपत्रमा लेखिए जस्तो वा बहस जिकिर अनुसार नोट छपाइ कार्यमा प्रतिस्पर्धा नगराएको, औपचारिकताको लागि मात्र बोलपत्र आह्वान गरेको भन्न मिलेन । पूर्व निर्धारित लागतमा ४ अष्ट्रेलियन डलर बृद्धि गराएकोले रु.९१,०९,८८९।५८ हानी नोक्सानी पुऱ्याएको भन्नेसम्मको मात्र आरोप दाबी रहेको हुँदा रु.१०।- को पोलिमर नोट छपाइ गर्ने सम्बन्धी प्रथम चरणको प्रक्रिया र निर्णयका विषयमा कुनै विवाद रहेको मान्नु पर्ने देखिएन। तसर्थ त्यस विषयमा समेत थप विचार गरिरहन पर्ने देखिएन ।

१६. अब आरोप दाबीअनुसारको विगो हानी नोक्सानी भएको हो होइन भन्ने मूल विवादित विषयतर्फ विचार गर्नुपर्ने देखियो। रु.१०।- को पोलिमर नोट छपाइका लागि ग्लोबल टेण्डर आह्वान गरेकोमा Note Printing Australian Ltd. र Canadian Bank Note Co. को टेण्डर मात्र रीतपूर्वक रहेको, बाँकी दुई टेण्डर रीतपूर्वक नरहेकोले नेपाल राष्ट्र बैङ्क खर्च निर्देशिका, २०५७ को दफा ४६ (१)(४) बमोजिम गणपुरक संख्या नपुगेकोले नेपाल राष्ट्र बैङ्कको मिति २०५८।१२।१४ को निर्णयानुसार पुनः टेण्डर आह्वान गरेकोमा Note Printing Australian Ltd. ले पहिलो टेण्डरमा उल्लेख गरेको मूल्यमा १ प्रतिशतले हुने ने.रु.१५,१९,९२०।- मूल्य घटाएको र सबैभन्दा कम मूल्य उल्लेख गरेकोले सोही कम्पनीलाई नोट छपाइको लागि छनोट गर्ने गरी नेपाल राष्ट्र बैङ्कबाट मिति २०५९।१।१६ मा निर्णय भएको समेत आरोपपत्र अध्ययनबाट देखियो। सोही निर्णयानुसार रु.१०।- को पोलिमर नोट पहिलो चरणमा ५ करोड थान छपाइ गर्न भनी 03 May 2002 (२०५९।१।२०) मा NPA र NRB बीच सम्झौता भएको हदसम्म विवादको अवस्था नरहेकोले त्यसतर्फ थप विचार गरी रहन पर्ने देखिएन।

१७. रु.१०।- को पोलिमर नोट छपाइको लागत मूल्य A $68/ 1000 मा A$4/1000 थप गर्न लगाई प्रथम चरणको रु.१०।- को ५ करोड थान नोट छपाइ गर्दा ने. रु.९१,०९,८८९।५८ नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको भन्ने आरोप दाबी पुष्टि गर्ने प्रमाणको रूपमा Australian Federal Police को तर्फबाट पेस गरेको 3 Oct. 2013 को प्रतिवेदनसाथ संलग्न रहेको भनिएको 16 Feb. 2000, 21 Feb. 2000 को कोटेशन सम्बन्धी पत्र, 02/25/2000, 02/28/2000 को पत्राचार र 09/10/2001, 11/10/2001 को पत्राचारसमेतलाई उल्लेख गरेको पाइन्छ । उक्त पत्राचारहरूलाई सूचनाको स्रोतको रूपमा सम्म मूल्याङ्कन गर्नुपर्ने देखिएको छ । पोलिमर नोट छपाइ गर्ने योजनाको लागि प्रारम्भिक रूपमा लागत यकिन गर्न प्रारम्भमा कोटेशन माग गर्ने क्रममा प्रतिवादीमध्येका उपेन्द्र केशरी पौडेलले NPA का पदाधिकारी Steven Wong लाई 16 Feb.2000 मा पत्राचार गरेको देखिन्छ। त्यस पत्रका सम्बन्धमा विवाद रहेको देखिँदैन। प्रारम्भमा त्यस किसिमको पत्राचार हुनुलाई अस्वाभाविक मान्नु पर्ने देखिँदैन। त्यस्तो पत्र लेखिएकै आधारमा नोट छपाइको लागत

मूल्य कायम भएको मान्न मिल्ने हुँदैन। 50 M नोटको लागि A $68/ 1000 पर्ने समेत व्यहोरा उल्लेख गरी उपेन्द्र केशरी पौडेलको नाउँमा लेखिएको मिति 21, Feb. 2000 को पत्र रहेको देखिएकोमा सो पत्र पठाउने व्यक्तिको आधिकारिकता, प्रमाणिकता देखिदैन। उक्त दुई पत्र बाहेकका उल्लिखित अन्य पत्राचारहरू NPA का सम्बद्ध व्यक्ति/पदाधिकारीहरूका बीचमा भएको देखिँदा नेपाल राष्ट्र बैङ्कका तत्कालीन पदाधिकारी रहेका यी प्रतिवादीहरू विरुद्ध प्रत्यक्ष र स्वतन्त्र प्रमाण हुन सक्ने अवस्थाको नदेखिँदा ती पत्राचारहरूलाई निर्णायक प्रमाणको रूपमा स्वीकार गर्न मिल्ने प्रकृतिको देखिँदैन।

१८. प्रमाणको रूपमा पेस गरिएका उल्लिखित पत्राचारहरूलाई विश्लेषण गर्दा पनि ती पत्राचारहरूलाई, रु.१०।- को पोलिमर नोट छपाइका लागि लागत मूल्य A $68/1000 कायम भएको भन्न सकिने हदसम्मको द्विपक्षीय सहमति, सम्झौता वा त्यसस्तरको कुनै आधिकारिक प्रमाण मान्न मिल्ने हुँदैन। निश्चित विधि एवं प्रक्रियाको आधारमा मात्र लागत मूल्य कायम हुने हुन्छ। सोही प्रयोजनको लागि कानूनबमोजिम बोलपत्र आह्वान गर्नु अघि सम्बन्धित कम्पनीहरूसँगको पत्राचारलाई नै प्रस्तुत आरोप दाबी पुष्टि गर्ने प्रमाणको रूपमा स्वीकार गर्न मिल्ने देखिएन। बोलपत्र आह्वान भई त्यस अनुरूप सम्झौता नै भई सकेपछिको अवस्थामा सो सम्झौता नै अन्तिम हुने भई आधिकारिक प्रमाण मानिने हुन्छ। सम्झौता हुनु पूर्वका वार्तालाप तथा पत्राचारले सम्झौताको विषयवस्तु र आधिकारिकतालाई निष्क्रिय गराउन सक्ने हुँदैन।

१९. पहिलो चरणको रु.१०।- को पोलिमर नोट छपाइ गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैङ्कबाट दोस्रो पटक टेण्डर आह्वाहन गरिएकोमा बोलपत्रदाता कम्पनीहरूले पेस गरेको बोलपत्रको तुलनात्मक तालिका आरोपपत्रको प्रकरण नं. १९ (पृष्ठ १४) मा लेखिएको पाइन्छ। जुन निम्नानुसार रहेको छः-

कम्पनीको नाम		मूल्य प्रति हजार			ने.रु.मा मूल्य			Bid Bond	
		CIF Kathmandu	CIF Calcutta	कूल मूल्य	CIF Kathmandu	CIF Calcutta	कूल मूल्य	रकम	Validity
1	Canadian Bank Note co.	US$ 41.48	US$39.48	US $ 19,94,000	3241.6620	3085.3620	१५५८३११००	US$ 188000 (कूल मूल्यको ९.४३%)	31 August 2002 (१३२दिन)
2	Note Printing Australia Ltd	Australian Dollars 74.96	Australian Dollars 70.36	Australian Dollars 3564000	3164.8112	2970.5992	१५०४७२०८०	Australian Dollars 252000	20 August 2002 (१३२दिन)
3	Orell Fussli Security Printing Ltd.	SF 70.00	SF 67.00	SF 33,80,000	3319.4000	3177.14	१६०२७९६००	SF 1,69,000 (कूल मूल्यको ५%)	31 August 2002 (१३२दिन)

२०. उपर्युक्त तालिकाबाट NPA ले पेस गरेको दररेटको आधारमा नै पोलिमर नोट छपाइ गर्ने र उपलब्ध गराउने भनी NPA र NRB का बीच सम्झौता भएको भन्ने सम्झौता लिखतको प्रतिलिपिबाट देखिएको छ। त्यस सम्झौताको आधारमा प्रति हजार नोटको मूल्य CIF Kathmandu, Australian Dollars 74.96; CIF Calcutta, Australian Dollars 70.36 निर्धारण भएको देखिन्छ । CIF Kathmandu र CIF Calcutta बाट हुने नोट आपूर्तिको परिमाणको आधारमा दुवैको औसत दररेट Australian Dollars 71.28 हुने देखिन्छ। यस तथ्यबाट पनि आरोप दाबी अनुसार पोलिमर नोट छपाइको लागत मूल्य Australian Dollars 72 पुगेको देखिन आएन। यस प्रकार रु.१०।- को प्रति एक हजार पोलिमर नोट छपाइ गरि उपलब्ध गराउन अष्ट्रेलियन डलर ६८ कायम भएको आधिकारिक र प्रमाणिक आधार देखिन आएन। त्यसमा पनि अष्ट्रेलियन चार डलर बढाइएको भन्न मिल्ने समेत देखिएन।

२१. पोलिमर नोट छाप्ने कार्यका लागि अन्तर्राष्ट्रियस्तरमा बोलपत्र आह्वान भएको, आवश्यक संख्यामा रीतपूर्वकको बोलपत्र प्राप्त नभएपछि पुनः बोलपत्र आह्वान भई सबैभन्दा कम दररेट भएको बोलपत्र स्वीकृत गरी त्यस बोलपत्रदाता कम्पनीसँग सम्झौता गरिएकोलाई अन्यथा दाबी नगरिएको अवस्थामा त्यस्तो बोलपत्र र सम्झौताअनुसारको लागत मूल्यमा नोट छपाइ गर्ने कार्यबाट नेपाल राष्ट्र बैङ्कलाई हानी नोक्सानी भएको भन्न मिल्ने देखिएन । यस अवस्थामा बोलपत्र आह्वान पूर्व बिभिन्न कम्पनीसँग नोट छपाइका सिलसिलामा भएका पत्राचारका आधारमा मात्र नोट छपाइ लागत मूल्य कायम भई सकेको मान्न मिलेन । बोलपत्र आह्वान गर्नु अघि पत्राचार गरिएका बिभिन्न कम्पनीहरू मध्ये Note Printing Australian Ltd. समेत बोलपत्र प्रक्रियामा सहभागी भएको र त्यस कम्पनीको न्यूनतम दरको बोलपत्र स्वीकृत गरी सम्झौतासमेत भएकोमा पूर्वावस्थामा भएका पत्राचारको आधारमा मूल्य कायम भएको भनी मान्न मिल्ने भएन।

२२. पोलिमर नोट छपाइका लागि बिभिन्न कम्पनीहरूमा प्रारम्भमा पत्राचार गर्दा र बोलपत्र प्राप्त भई सम्झौता गर्दाको समयावधिमा अन्तर रहेको देखिन्छ। समयको अन्तरालमा नोट छपाइ सम्बन्धी मूल्य स्थीर रहिरहने नभई समयानुसारको लागत मूल्यमा बृद्धि हुनु स्वभाविक नै हुन्छ । अन्तर्राष्ट्रियस्तरको मूल्यबृद्धि, विनिमय दरको आधारमा समेत समयको अन्तरालमा लागत मूल्य बृद्धि हुन सक्ने नै हुँदा प्रारम्भका पत्राचारमा लेखिएको मूल्य नै अन्तिम र आधिकारिक हुन सक्ने होइन। प्रारम्भमा Feb. 2000 मा पत्राचार भएको देखिएकोमा 3 May, 2002 मा मात्र सम्झौता भएको देखिँदा दुई वर्षको अन्तर रहेको देखियो। रु.१०।- कै दोस्रो चरणको ५ करोड प्रति पोलिमर नोट छपाइ गर्ने सन्दर्भमा सोही कम्पनी NPA र NRB का बीच मिति 28 Jan. 2004 मा सम्झौता हुँदा A$ 80.31/1000 लागत मूल्य कायम भएको आरोपपत्रबाटै देखिन्छ। त्यस विषयमा कुनै विवाद रहेको देखिँदैन र दाबी गरिएको पनि देखिएन । पहिलो चरणको पोलिमर नोटको लागि मिति 3 May 2002 मा भएको सम्झौताबाट CIF Calcutta प्रति हजार थान Australian Dollars 70.36 रहेको देखिएकोमा

सोही परिमाणको पोलिमर नोट छपाइको लागि CIF Calcutta को प्रति हजार थान नोटको लागि Australian Dollars 80.31 गरि मिति 28 Jan 2004 मा दोस्रो चरणको सम्झौता भएको पाइएबाट 3 May, 2002 मा भएको सम्झौताबाट निर्धारित लागत मूल्यलाई अस्वाभाविक रहेको मान्न सकिने अवस्था देखिएन। यस आधारबाट पनि A$4/1000 बढाई हानी नोक्सानी गरेको भन्ने प्रस्तुत आरोप दाबी पुष्टि हुन सक्ने देखिएन।

२३. अष्ट्रेलियन सरकार मातहतको Reserve Bank of Australian अन्तर्गतको Note Printing Australian Ltd. र नेपाल राष्ट्र बैङ्कबीच नोट छपाइको विषयमा आवश्यकताअनुसार पत्राचार हुनु स्वभाविक हुन्छ । पोलिमर नोट छपाइ गर्ने विषय र प्रक्रिया यकिन भएपछिऔपचारिक रूपमा बोलपत्र सम्बन्धी प्रक्रिया अवलम्बन भएको अवस्थामा बोलपत्र प्रक्रिया अनुरूप नै हुने हुँदा पूर्वावस्थाका पत्राचारको आधारमा मात्र पोलिमर नोट छपाइको लागत मूल्य कायम भइसकेको थियो भनि अनुमान गर्न कानूनसम्मत हुँदैन। यद्यपि, बोलपत्र प्रक्रिया प्रारम्भ हुनु पूर्वको केही पत्राचारहरूको आधारमा प्रस्तुत आरोप दाबी अनुसारको अडकल र अनुमानसम्म गरिए पनि पोलिमर नोट छपाइ लागतमा चार डलर थप सम्बन्धी विषयका पत्राचारहरू NPA का अधिकारीहरूका बीचमा भएको देखिएकोले त्यस्तो पत्राचारको आधारमा मात्र नेपाल राष्ट्र बैङ्कका पदाधिकारीसमेतको संलग्नता रहेको भनी प्रामाणिक रूपमा यकिन साथ भन्न मिल्ने देखिँदैन ।

२४. उल्लिखित पृष्ठभूमिमा अब प्रस्तुत आरोप दाबीअनुसारको कसुर प्रतिवादीहरूबाट भएको हो होइन भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो। आरोप दाबीअनुसारको कसुर स्थापित हुन रु.१०।- पोलिमर नोट छपाइ गर्दा लागत मूल्यमा A$4/1000 थप गर्ने बदनियत रहेको, सोही अनुरूपको लागत थप गर्न लगाएको र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको प्रत्यक्ष, स्वतन्त्र र कानूनसम्मत प्रमाणबाट शङ्कारहित रूपबाट पुष्टि भएको हुनु पर्दछ । रु.१०।- को पोलिमर नोट प्रचलनमा ल्याउन उपयुक्त हुने भनी गुणस्तर, टिकाउपन र लागतसमेतलाई विश्लेषण गरी नोट छपाइ गर्न नेपाल सरकारसमेतबाट स्वीकृति प्राप्त गरेको, प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी बोलपत्र आह्वान, मूल्याङ्कन र स्वीकृत गरी पहिलो चरणको नोट छपाइ गर्न मिति 3 May 2002 मा स्वीकृत बोलपत्रदाता कम्पनीसँग सम्झौता गरेको, दोस्रो चरणको सम्झौता समेत 28 Jan. 2004 मा भई नोट छपाइ र आपूर्ति सम्पन्न भई भुक्तानीसमेत भएको भन्ने तत्सम्बन्धी प्राप्त प्रमाण कागजातहरूबाट देखिएकोमा त्यस हदसम्मको विषयवस्तुका सम्बन्धमा प्रतिवादीहरू उपर कुनै आरोप दाबी रहेको देखिएन। पहिलो चरणको नोट छपाइको लागत मूल्यमा A$4/1000 थप गरेको, थप गर्न लगाएको भन्ने आधारमा आरोप दाबी रहेकोमा लागत मूल्य A$68/1000 कायम भइ सकेको प्रमाणिक रूपमा देखिन सकेको छैन भने A$4/1000 थप गर्न लगाई A$72/1000 पुऱ्याएको भन्ने कुरा प्रत्यक्ष र स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको पनि देखिन आएन। दोस्रो

पटकको पोलिमर नोट छपाइ सम्बन्धी सम्झौता र दररेटलाई समेत आधार मानी NPA र NRB का पदाधिकारी बीच मिलेमतो रहेको भनी आरोपपत्रमा उल्लेख गरेको (पृष्ठ ५५) भएपनि दोस्रो पटकको सम्झौता र त्यसअनुरूपको नोट छपाइ विरुद्ध दाबी गरेको नदेखिँदा त्यस किसिमको अप्रासंगिक कथनको आधारमा कसुर कायम गर्न मिल्ने हुँदैन।

२५. प्रस्तुत आरोपपत्रमा मुख्य रूपमा आधार मानिएको Australian Federal Police ले पेस गरेको 03 Oct. 2013 को प्रतिवेदन र सो साथ संलग्न इमेल/पत्राचारको आधारमा प्रतिवादीहरूले बदनियत चिताई लागत मूल्य बढाउन लगाएको हो कि भन्नेसम्मको शंका र अनुमान गरिएपनि त्यस्तो शङ्का र अनुमानबाट मात्र आरोप दाबी अनुसारको हानी नोक्सानी पुऱ्याएको भनी भ्रष्टाचारको गम्भीरतम कसुर कायम गर्न कानून र न्यायसङ्गत हुन सक्दैन। रु.१०।- को पोलिमर नोट छपाइका लागि NPA का पदाधिकारीसँग मिलेमतो गरी लागत मूल्य बढाएको र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको हो भने NPA का सम्बन्धित पदाधिकारीलाई समेत अनुसन्धानको दायरामा ल्याई त्यस्तो व्यक्तिसमेत उपर दाबी गर्नु पर्नेमा त्यसअनुरूप अनुसन्धान र दाबी गरेको देखिएन। आरोप दाबीअनुसार नोक्सानी भएको हो भने प्रतिवादीहरूबाट मात्र सम्भव हुने प्रकृतिको कार्य नदेखिई NPA का सम्बन्धित व्यक्ति/पदाधिकारीसमेतको मिलेमतो र संलग्नतामा मात्र सम्भव हुने देखिन्छ। कुनैपनि भ्रष्टाचारको मुद्दामा कुनै राष्ट्रसेवकले कसैलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतपूर्वक काम गरेको दाबी भएको अवस्थामा लाभ प्राप्त गर्ने पक्ष (Beneficiary) लाई पनि प्रतिवादी बनाई सो पक्षले गैरकानूनी लाभ प्राप्त गरेको प्रमाणित गर्नुपर्ने हुन्छ। नेपाल सरकार विरुद्ध ओम विक्रम राणासमेत भएको एपिसि खरिद सम्बन्धी भ्रष्टाचार मुद्दामा (ने.का.प. २०७४ पृष्ठ १७६८ नि.नं. ९८९८) बढी मूल्यमा एपिसि बिक्रि गरी लाभ पाउने भनी दाबी गरिएको विदेशी कम्पनी एस्योर्ड रिस्क कम्पनी, लण्डनका माइकल राइडरका विरुद्धसमेत दाबी गरिएको र सजायसमेत भएको दृष्टान्त रहेको पाइन्छ । प्रस्तुत मुद्दामा लाभकारी पक्ष नोट प्रिण्टिङ अष्ट्रेलिया रहेको कुरालाई आरोपपत्रमा उल्लेख गरे तापनि सो कम्पनी वा त्यसका पदाधिकारी कसैको विरुद्ध कुनै आरोप लगाइएको छैन। यसरी NPA का सम्बद्ध व्यक्तिउपर कुनै आरोप दाबी नगरेको अवस्थामा प्रतिवादीहरू उपर मात्र आरोप दाबी गरेको आधारमा आरोप दाबी पुष्टि हुन सक्ने देखिँदैन।

२६. नेपाली रु.१०।- को पोलिमर नोट छपाइ कार्यमा अनियमितता भएको भनी अष्ट्रेलियन प्रहरीबाट अनुसन्धान छानविन गरी NPA का सम्बन्धित अधिकारीहरू Barry Thomas Brady, Peter. Sinclair Hutchinson, John Leckenby, Steven Kim Chow Wong समेतका विरुद्ध अष्ट्रेलियाकै अदालतमा अभियोग दायर भएकोमा अभियोग ठहर हुन नसकि सफाई हुने गरी Supreme court of Victoria बाट 17 June 2016 मा फैसला भएको र सोही अनुरूप High court of Australia बाट समेत अन्तिम फैसला मिति 8 Nov, 2018 मा भएको भनी प्रतिवादीका कानून व्यवसायीहरूले बहस प्रस्तुत गर्नु

भएकोमा बहसको क्रममा पेस गर्नु भएको फैसलाका प्रतिलिपिहरू अध्ययन गर्दा उपर्युक्त अनुसारको अवस्था देखिन आएको छ। यसबाट पनि रु.१०।- को पोलिमर नोट छपाइमा अनियमितता पुष्टि हुन सक्ने देखिएन । वादीका तर्फबाट उपन्यायाधिवक्ताले उक्त मुद्दामा बिभिन्न व्यक्तिहरूले व्यक्त गरेको तथ्यबाट प्रस्तुत आरोप दाबी पुष्टि हुने भनी बहस प्रस्तुत गरेपनि उक्त तथ्यलाई अदालतले स्वीकार नगरेको, तथ्य स्थापित हुन नसकेको अवस्थामा त्यस्तो भनाईको आधारमा प्रस्तुत आरोप दाबी पुष्टि भएको मान्न सकिँदैन। अष्ट्रेलियाको अदालतमा चलेको मुद्दामा प्रस्तुत मुद्दाका प्रतिवादीहरू उपर दाबी गरेको पनि देखिएन। NPA को स्थानीय एजेन्ट रहेका प्रतिवादी हिमालय बहादुर पाँडेसँग अष्ट्रेलियाको प्रहरीले सामान्य सोधपुछसम्म गरेको भएपनि थप कारवाही नभएको भन्ने निजको बयानबाट देखिएको छ । निज हिमालय बहादुर पाँडे सम्बद्ध आवश्यक विवरण पारस्परिक कानूनी सहायताअन्तर्गत अष्ट्रेलियन पुलिसबाट माग गरेको र नेपालको तर्फबाट पठाएको देखिँदा निजउपर समेत अनुसन्धान भएको देखिए पनि अष्ट्रेलियाको अदालतमा कारवाही चलाएको देखिएन।

२७. AFP ले देखाएको तथ्य र प्रमाणको आधारमा NPA का अधिकारी उपर अष्ट्रेलियाको अदालतमा दायर भएको मुद्दामा दाबी ठहर हुन नसकि अन्तिम फैसला भैसकेपछि AFP ले पेस गरेको प्रतिवेदन र इमेल पत्राचारबाट देखाएको सोही विषयवस्तुको आधारमा NRB का तत्कालीन पदाधिकारीहरू समेतका विरुद्ध २०७५।९।५ मा प्रस्तुत आरोपपत्र दायर गरेको देखिएको छ । २०५९ सालमा नै सम्झौता भई नोट छपाइ कार्य सम्पन्न भएको र तत्कालीन अवस्थामा नै भुक्तानीसमेत भई सकेको विषयवस्तुमा उचित समयावधि मै अनुसन्धान सम्पन्न गरी आरोपपत्र दायर गर्नु पर्नेमा एक पटक अनुसन्धान पूरा भई फायल तामेलीमा राख्ने, उजुरीको लगत कट्टा गर्ने भनी निर्णयसमेत भइसकेको अवस्थामा तामेली जगाउनु पर्ने आधार, कारण पनि नखुलाई पुनः अनुसन्धान गर्ने भनि मिति २०६८।६।६ मा निर्णय गरेको देखिएको, त्यस स्थितिमा पनि समयमा नै अनुसन्धान सम्पन्न गरी आरोपपत्र नै दायर गर्नुपर्ने देखिए उचित समयावधि भित्र आरोपपत्र पेस गर्नु पर्नेमा अष्ट्रेलियाको अदालतहरूबाट अन्तिम फैसला भइसकेपछि मात्र प्रस्तुत आरोपपत्र दायर गर्ने कार्यलाई फौजदारी न्यायको सिद्धान्त अनुरूपको स्वच्छ र स्वस्थ प्रक्रिया अवलम्बन गरेको देखिएन।

२८. प्रतिवादी हिमालय बहादुर पाँडेले अनुसन्धानको सिलसिलामा र अदालतमा बयान गर्दा प्रस्तुत आरोपित कसुरलाई इन्कार गरेका छन्। नेपाली रु.१०।- को पोलिमर नोट छपाइ गर्ने सिलसिलामा NPA का तर्फबाट मे फ्लावर प्रा.लि. का हिमालय बहादुर पाँडे स्थानीय एजेन्ट रहेको तथ्यमा विवाद देखिदैन। आवश्यक सम्झौता गरी एजेन्ट रहेबापत तोकिएअनुसारको कमिशन बापतको रकम प्राप्त गर्ने विषयलाई पनि अन्यथा मान्न मिलेन । कमिशन बापतको रकम तत्काल खुल्न नसकेको, पछि खुलाइएको, कमिशन बापतको कर राजश्व छल्न खोजेको भन्नेलगायतको

विषयका सम्बन्धमा प्रचलित कानूनबमोजिमको कारवाही हुने भएमा सोहिअनुरूप कारवाही हुने नै हुँदा प्रस्तुत आरोप दाबीको आधारमा त्यसतर्फ विचार गर्न मिल्ने देखिएन।

२९. २५ फेब्रुअरी २००० र २८ फेब्रुवरी २००० को इमेल पत्राचारको आधारमा पोलिमर नोट छपाइ लागत मूल्य A$68 बाट चार डलर थप गर्न लगाई नेपाल राष्ट्र बैङ्कका पदाधिकारीसँग मिलेमतो गरी A$72/1000 पुऱ्याएको भनि हिमालय बहादुर पाँडे उपर मुख्य रूपमा दाबी गरेको आरोपपत्रबाट देखिएको छ। आरोपपत्रको प्रकरण नं. ३७ अन्तर्गत देहाय ६ मा (Evidence Ref. 90069) उल्लेख गरिएको २५ फेब्रुअरी २००० को इमेल हेर्दा Steven Wong ले John Leckenby, Barry Brady लाई लेखेको देखिन्छ । त्यस पत्राचारमा "एजेन्ट", "उपेन्द्र" को प्रसँग रहेको देखिए पनि हिमालय बहादुर पाँडे तथा उपेन्द्र केशरी पौडेलसमेतका बीचमा पत्राचार भएको भन्न मिल्ने देखिँदैन। सोही इमेलको प्रसङ्गमा John ले Steven लाई २८ फेब्रुअरी २००० मा पठाएको आरोपपत्रको प्रकरण नं. ३७ को देहाय ७ मा लेखिएको (Ededene Ref. 13436) इमेलको अवस्था पनि त्यस्तै प्रकृतिको देखिन्छ। NPA सँग सम्बन्धित कर्मचारीहरूले एक आपसमा आदान प्रदान गरेका उल्लेखित इमेल/पत्राचारमा लेखिएका विचाराधीन प्रकृतिका विषयलाई यी प्रतिवादी विरुद्धको प्रत्यक्ष प्रमाण मान्न मिलेन। त्यस पत्रबाट सामान्य रूपमा आशङ्का र अनुमान गर्नेसम्मको अवस्था देखिए पनि त्यस्तो आशङ्का र अनुमान मात्रको आधारमा आरोपित कसुरमा संलग्न रहेको मान्न मिलेन।

३०. प्रतिवादी हिमालय बहादुर पाँडेले गभर्नर डा. तिलक रावल र नोट विभागका निर्देशक उपेन्द्र केशरी पौडेललाई प्रलोभनमा पारी नोट छपाइको लागत मूल्य बढाई NPA लाई नोट छपाइ गर्न दिएको र कमिशन बापतको रकम बाडफाँड गरेको भन्ने आरोप दाबी रहेको देखियो। स्थानीय एजेन्ट रहेका हिमालय बहादुर पाँडेले कमिशन बापतको रकम प्राप्त गर्नु स्वाभाविक रहेकोमा उक्त रकम बाँडफाँड गरी अन्य प्रतिवादीलाई समेत दिएको प्रमाणबाट देखिदैन। कमिशन बापत प्राप्त रकम आफ्नो पारिवारिक सदस्यको नाउँमा पठाएको, घरायसी खर्च गरेको भन्ने निज प्रतिवादीको बयान रहेको देखिन्छ। प्रमाणबाट देखिन नसकेको विषयमा अनुमान गरी कमिशन बापतको रकम प्रतिवादीहरूका बीचमा समेत बाँडफाँड भएको भन्न कानूनसम्मत हुन सक्ने देखिँदैन।

३१. प्रतिवादी उपेन्द्र केशरी पौडेलउपरको आरोप दाबीको विषयमा हेर्दा निजले आरोप दाबीलाई इन्कार गरी अदालतमा र अनुसन्धानको सिलसिलामा समेत बयान गरेको पाइन्छ। निज प्रतिवादी तत्कालीन अवस्थामा नेपाल राष्ट्र बैङ्कको नोट विभागको प्रमुख भई कार्यरत रहेका देखिँदा नोट निष्काशन प्रक्रियामा संलग्न रहने देखिए पनि प्रस्तुत आरोप दाबी अनुसार बदनियतपूर्वक लागत मूल्य बढाउन लगाई पोलिमर नोट छपाइ गर्न लगाएको भन्ने कुराको प्रत्यक्ष प्रमाण रहेको पाइदैन। नोट छपाइको लागत मूल्यमा A$4/1000 बृद्धि गर्ने सम्बन्धमा निज प्रतिवादीले पत्राचार गरेको वा

सहमति जनाएको देखिने प्रत्यक्ष प्रमाण रहेको देखिँदैन। NPA का कर्मचारीहरू बीच भएका इमेल पत्राचार मात्रको आधारमा प्रतिवादी उपेन्द्र केशरी पौडेलले नोट छपाइमा लागत मूल्य बढाउन लगाएको भन्न मिल्ने देखिएन।

३२. प्रतिवादी उपेन्द्र केशरी पौडेल नोट विभागको प्रमुख रहेको हैसियतबाट नोट निष्कासन कार्यमा प्रत्यक्ष सरोकार राख्ने पदाधिकारी रहेको हुँदा नोट निष्काशन गर्ने क्रममा संलग्नता देखिनु स्वाभाविक नै हुन्छ। नोट छपाइ गर्दा निरीक्षण गर्ने वा छपाइको क्रममा नष्ट गर्नु पर्ने देखिएको नोट नष्ट गर्ने सिलसिलामा नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत भ्रमण आदेशअनुसार प्रतिवादी उपेन्द्र केशरी पौडेलसमेत दुईजना अष्ट्रेलिया गएको देखिएको छ । त्यसरी अष्ट्रेलिया भ्रमण गर्दाको सबै खर्च सप्लायर्स (NPA) ले बेहोर्ने भनी 3 May, 2002 को सम्झौतामा स्पष्ट रूपमा उल्लेख भएको पाइन्छ ।सोहीअनुरूपको खर्च बापतको रकम NPA को तर्फबाट प्रतिवादी उपेन्द्र केशरी पौडेललाई औपचारिक माध्यम बैङ्कमार्फत् नै प्राप्त भएको देखिएको छ। यस अवस्थामा उपेन्द्र केशरी पौडेललाई NPA ले अष्ट्रेलियन डलर पठाएकोलाई बदनियतपूर्वक प्राप्त गरेको रकम हो भन्न मिल्ने देखिएन।

३३. अब प्रतिवादी डा.तिलक रावलको हकमा हेर्दा तत्कालीन अवस्थामा नेपाल राष्ट्र बैङ्कको गभर्नरको रूपमा कार्यरत रहेको देखिँदा रु.१०।- को पोलिमर नोट छपाइ प्रक्रियामा निर्णायक तहमा सम्बन्धित रहेको देखिन्छ। उक्त नोट छपाइ गर्ने नीतिगत रूपमा टुंगो लागेपछि बोलपत्र आह्वान भएअनुसार प्राप्त बोलपत्रमध्ये न्यूनतम दररेटको बोलपत्र स्वीकृत गर्ने र सम्झौता गर्ने गरी निर्णय गरेको देखियो । आरोप दाबी अनुसार नोट छपाइको लागत मूल्य पहिले नै निश्चित भईसकेको भन्ने नदेखिएको, लागत मूल्यमा पुनः मूल्य थप गरेको भन्ने पनि देखिन नसकेको अवस्थामा बोलपत्र प्रक्रिया सम्पन्न भई स्वीकृत बोलपत्रको आधारमा सम्बन्धित कम्पनीसँग सम्झौता भएअनुसार नोट छपाइ कार्य सम्पन्न भएकोमा बदनियतपूर्वक कार्य भएको, नेपाल सरकारलाई हानी नोक्सानी भएको भन्न मिल्ने देखिएन।

३४. आरोप दाबीको विषयमा अदालतसमक्ष र अनुसन्धानको सिलसिलामा समेत प्रतिवादी डा. तिलक रावलले आरोप दाबीलाई इन्कार गरी बयान गरेको देखिन्छ। आरोप दाबीको कसुरमा निज प्रतिवादीले बदनियतपूर्वक निर्णय गरेको वा मिलोमतो गरी लाभ प्राप्त गरेको पुष्टि हुने कुनै पनि प्रमाण पेस हुन सकेको देखिँदैन। प्रमाणको रूपमा पेस गरिएको इमेल पत्राचारबाट पनि निज प्रतिवादीको बदनियत वा निजले लाभ प्राप्त गरेको पुष्टि हुन सकेको छैन। गभर्नरको हैसियतमा औपचारिक पत्राचार भएकोलाई आधार मानी अन्यथा अनुमान गर्न कानून र न्यायसङ्गत हुँदैन । गभर्नर पदबाट डा. तिलक रावल बर्खास्त हुँदा NPA को बोर्ड बैठकमा दुःख व्यक्त गरेको र पुनर्वाहाली पश्चात् नोट छपाइको काम अघि बढाउने भनी भएका पत्राचारलाई अन्यथा अर्थ लगाई आरोपपत्र दायर भएको देखिन्छ। गभर्नर पदबाट बर्खास्त हुँदा र पुनर्वहाली हुँदाका अवस्थामा

स्वाभाविक र औपचारिक रूपमा गरिने पत्राचारको आधारमा बदनियत रहेको वा मिलमतो रहेको भन्न मिल्ने हुँदैन।

३५. रु.१०।- को पोलिमर नोट छपाइ कार्यमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अनुसार नोट व्यवस्थापन समिति, नोट अवार्ड सहायक समिति, टेण्डर अवार्ड समिति लगायतका समितिको संलग्नता रहने भई नेपाल राष्ट्र बैङ्क सञ्चालक समितिकै निर्णयानुसार बोलपत्र आह्वान, बोलपत्र स्वीकृती तथा स्वीकृत बोलपत्रदाता कम्पनीसँग सम्झौता गर्नेसमेतको कार्य भएको भन्ने प्राप्त कागजातहरूबाट तथा प्रतिवादी डा. तिलक रावलले अनुसन्धानको क्रममा गरेको बयानसमेतबाट देखिएको छ। नोट छपाइको लागत मूल्यको विषयसमेत उक्त निर्णयानुसार नै कायम भएको मानिने हुँदा त्यस निर्णयमा संलग्न अन्य व्यक्ति तथा पदाधिकारी उपर छानविन र कारवाही भएको देखिँदैन । प्रतिवादीहरू बाहेकका सञ्चालक समितिलगायत निर्णय प्रक्रियामा संलग्न अन्य पदाधिकारीहरूलाई बाहेक गर्नुपर्ने आधार र कारणहरू आरोपपत्रमा खुलाइएको देखिँदैन। यसै सन्दर्भमा नेपाल राष्ट्र बैङ्ककै तत्कालीन गभर्नर रहेका पुनरावेदक प्रतिवादी विजयनाथ भट्टराई वि. नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा बैङ्क सञ्चालक समितिबाटै निर्णय भएको विषयवस्तुमा अभियोग दायर भएकोमा सञ्चालक समितिलाई विपक्षी नबनाइएको, भ्रष्टाचारको कसुरमा कुनै काम कुरा गर्ने गराउने वा दिने र पाउने दुबै व्यक्ति वा निकाय दोषी हुनेमा रकम पाउनेलाई विपक्षी नबनाएको, पुनरावेदकहरू दुई जनालाई मात्र छानेर (Pick and choose) प्रतिवादी बनाएको समेतको आधारमा भ्रष्टाचारको अभियोग दाबी नै सन्दिग्ध एवं आधारपूर्ण नभएको भनी प्रतिवादीहरूले आरोप दाबीबाट सफाई पाउने गरी श्री सर्वोच्च अदालतबाट मिति २०६६।३।११ मा भएको फैसला (ने.का.प. २०६६ अङ्क ७, नि.नं. ८१९४, पृ. ११५९) प्रस्तुत मुद्दाको सन्दर्भमा समेत प्रांसङ्गिक हुने देखिएको छ।

३६. यसप्रकार तिनै जना प्रतिवादीहरू उपर रु.१०।- को पोलिमर नोट छपाइ गर्न अष्ट्रेलियन कम्पनीका पदाधिकारीहरूसँग मिलेमतो गरी बदनियतपूर्वक A$4/1000 लागत मूल्य बृद्धि गरी आफूलाई लाभ प्राप्त हुने र नेपाल सरकारलाई रु.९१,०९,८८९।५८ हानी नोक्सानी पुऱ्याएको भन्ने प्रस्तुत आरोप दाबी पुष्टि हुन सक्ने अवस्था देखिएन। प्रतिवादीहरूले बदनियतपूर्वक मिलेमतो गरी लागत मूल्य बढाएको पुष्टि हुन सक्ने प्रत्यक्ष, स्वतन्त्र र विश्वसनीय प्रमाण पेस हुन सकेको देखिएन भने पोलिमर नोट छपाइ कार्यबाट प्रतिवादीहरूले यो यस्तो गैरकानूनी लाभ प्राप्त गरेको समेत प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन।

३७. आरोपत्रमा आधार मानिएका इमेल पत्राचारहरूबाट सामान्य प्रकृतिको अनुमानसम्म गर्न सकिने वा परिस्थितिजन्य अवस्थासम्म हो कि भनेपनि त्यस आधारमा मात्र फौजदारी कसुर कायम गर्न मिल्ने हुँदैन। त्यसमा पनि भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको संवेदनशील कसुरमा कुनै पनि अनुमान, शंका वा परिस्थितिजन्य आधार र कारण मात्र देखाई दण्डित गर्नु न्यायसँगत हुँदैन र कानूनसम्मत पनि

हुन सक्दैन। यस किसिमको कसुर कायम गर्न शङ्कारहित प्रत्यक्ष प्रमाणहरू प्रर्याप्त मात्रामा देखिनु पर्छ। आरोपपत्र साथ प्रमाण भनी पेस गरेको इमेल, फ्याक्स लगायतका पत्राचारहरू शङ्कारिहत प्रमाणको रूपमा स्वीकार गर्न सकिनेसम्मको देखिएन। त्यस्तो प्रमाणलाई प्रस्तुत आरोप दाबीको सन्दर्भमा कानूनसम्मत र निर्णायक प्रमाणको रूपमा मान्यता प्रदान गर्न मिल्नेसमेत देखिएन।

३८. भ्रष्टाचार सम्बन्धी कसुर स्थापित गर्न न्यायिक अभ्यासले प्रत्यक्ष ठोस प्रमाणहरू प्रर्याप्त मात्रामा खोजी गर्ने गरेको छ। आफूलाई लाभ हुने र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने गरी काम भएगरेको र बदनियतपूर्वक त्यस्तो कार्य भएको अकाट्य, अखण्डित प्रत्यक्ष प्रमाण देखिएको अवस्थामा नै भ्रष्टाचार सम्बन्धी कसुर हुने हुन्छ। अन्यथा शङ्का र अनुमान मात्र देखिएको र बदनियत नदेखिएको अवस्थामा आरोप दाबी पुग्न नसक्ने गरी फैसला भएका हाम्रा न्यायिक अभ्यासहरू रहँदै आएको छन । त्यसै सम्बन्धमा श्री सर्वोच्च अदालतबाट भएका फैसलाहरूबाट प्रतिपादन भएका केही सिद्धान्तहरू निम्नानुसार रहेको पाइन्छः-

- पुनरावेदक विष्णुप्रसाद पराजुलीसमेत वि. नेपाल सरकार, मुद्दाः भ्रष्टाचार
  "भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि मनसाय तत्त्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्य कारण भएको भन्ने प्रष्ट रूपमा देखिनु पर्ने हुन्छ। यी तत्त्वको अभावमा भएका क्रियालाई हानी नोक्सानीको आधारबाट मात्रै भ्रष्टाचार गरेको भनी ठहर गर्नु न्यायिक दृष्टिकोणले उपयुक्त हुने देखिँदैन:
  (ने.का.प. २०५४, अङ्क १० नि.नं. ६४४८, पृ. ५५३)
- पुनरावेदक/प्रतिवादी अशोक साह वि. नेपाल सरकार, मुद्दाः भ्रष्टाचार
  "भ्रष्टाचारको कसुर गरेको भन्ने प्रमाणको भार प्रमाण ऐन, २०३१ को दफाबमोजिम अभियोजन पक्षले खम्बिर गराउन सकेकोसमेत नदेखिई सोको पुष्टयाइँ गर्ने शङ्कारहित र दुविधारहित ठोस, स्पष्ट भरपर्दो र तथ्यपूर्ण प्रमाणसमेत रहे भएको नदेखिँदा भ्रष्टाचार जस्तो व्यक्ति मात्रको नैतिकतासँग सम्बन्धित अभियोगमा कसुरदार ठहऱ्याई न्यायोचितसमेत नहुने"
  (ने.का.प. २०६४, अङ्क ५ नि.नं. ७८४८)
- पुनरावेदक नेपाल सरकार वि. दुर्गा देवि थापा, मुद्दाः भ्रष्टाचार
  "कुनै पनि भ्रष्टाचारजन्य कार्य हुनका लागि आफू वा कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बद्नियतले कुनै कार्य बद्नियत तथा लापरवाहीपूर्ण तरिकाले गरिएको भन्ने देखिनु पर्ने र सोको पुष्टि पनि हुनुपर्ने। भ्रष्टाचार जस्तो गम्भीर कसुरमा अभियोग लगाउँदा त्यस्तो अभियोग तथ्य र प्रमाणबाट पुष्टि हुने गरी यो यस्तो गलत काम कारवाही वा बद्नियतबाट यो यति रकम वा यो यस्तो कुरा लाभ वा हानी पुऱ्याएको भनी स्पष्ट दाबी लिन सक्नुपर्ने"
  (ने.का.प. २०६६, अङ्क ५ नि.नं. ८१५८, पृ. ८६०)

- नेपाल सरकार वि. रमा थापा, मुद्दाः भ्रष्टाचार
  "बदनियतपूर्ण कार्यले आरोपित व्यक्तिले थोरै वा धेरै रकम लिए खाएको वा मासेको वा गैरकानूनी लाभ लिएको तथा आफू कार्यरत संस्थाको गैरकानूनी हानी पुऱ्याएको देखिने कार्य ठहरेमा बदनियत रहेको प्रमाणित गर्न पर्याप्त हुन सक्ने । आधारहीन, हचुवा अस्पष्ट ढङ्गले अभियोग दाबी गर्दैमा सोही आधारमा भ्रष्टाचारको कसुर प्रमाणित भएको मान्न नमिल्ने।"
- पुनरावेदक सुगत रत्न कंशाकार वि. नेपाल सरकार मुद्दाः भ्रष्टाचार
  "खराव नियत, बद्नियतले अभिप्रेरित भै आफूलाई लाभ र सरकारी निकाय वा सरकारलाई नोक्सानी हुने गरी भ्रष्टाचारमा संलग्न भएको हुन वस्तुतथ्यले प्रमाणित हुनुपर्दछ। अन्यथा देखिन आएमा बाहेक पक्षहरूका बीचमा हुने कारोवारको विषयलाई लिएर भएको सम्झौता र सो सम्झौताको पालना गर्दा अपनाउनु पर्ने विधि र प्रक्रियाअन्तर्गको करारीय शर्त पालनाको विषयवस्तु भ्रष्टाचारको विषयवस्तु बन्न नसक्ने। खराब नियत र भ्रष्टाचारमा संलग्न भएको भन्नाले वस्तुतथ्यले अन्यथा देखिन आएमा बाहेक हरेक करारीय शर्तमा भ्रष्टाचारको आरोप लगाउनु नहुने"
  (ने.का.प. २०६९ अङ्क ७ नि.नं. ८८५९)
- पुनरावेदक नेपाल सरकार वि. सुधिर श्रेष्ठ, मुद्दाः भ्रष्टाचार
  "भ्रष्टाचारजन्य कसुर स्थापित हुनको लागि प्रतिवादीले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याएको भन्ने कुरा प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट शंङ्कारहित तबरले पुष्टि भएको हुनुपर्ने। प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्थाअनुसार फौजदारी कसुरसम्बन्धमा अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शङ्कारहित तबरले पुष्टि गर्नुपर्दछ। अभियोजन पक्षले लगाएको आरोप पुष्टि गर्ने क्रममा शङ्काको कुनै गुन्जाइस रहनु हुँदैन। शङ्काको गुन्जाइस उत्पन्न भएमा त्यसको फाइदा अभियुक्तले पाउने"
  (ने.का.प. २०७२, अङ्क ३ नि.नं. ९३६०, पृ. ४१४)

३९. उल्लिखित फैसलाहरूमा कायम भएका सिद्धान्त तथा अभ्यास प्रस्तुत आरोप दाबीका सन्दर्भमा समेत प्रसङ्गवश आकर्षित हुने अवस्था देखिएको छ। प्रतिवादीहरूले अनुसन्धानका क्रममा तथा अदालतसमक्ष गरेका बयानहरूबाट आरोप दाबी पुष्टि हुने अवस्था रहेको नपाइएको, आरोप दाबीमा आधार ग्रहण गरिएको अष्ट्रेलियन फेडरल पुलिसको तर्फबाट पेस गरेको भनिएको प्रतिवेदन तथा सो साथ रहेका इमेल तथा पत्राचारहरू कानूनसम्मत प्रक्रिया अनुरूप प्रमाणको रूपमा प्राप्त भएको नदेखिएको, त्यस इमेल पत्राचारहरूलाई आरोपित कसुरको सूचनाको स्रोत मानिएमा पनि त्यस सामग्रीको आधारमा विस्तृत अनुसन्धान नगरिएको र प्रत्यक्ष प्रमाणको उपलब्धता रहेको नपाइएको, उक्त इमेल पत्राचारलाई मात्र प्रत्यक्ष, स्वतन्त्र तथा विश्वसनीय प्रमाणको रूपमा मान्न सकिने

अवस्था नरहेको, त्यस अतिरिक्त अन्य कुनै प्रमाण पेस गरेको नदेखिएको, प्रस्तुत आरोप दाबीकै विषयवस्तुमा NPA का सम्बन्धित अधिकारीहरू उपर अष्ट्रेलियनको अदालतमा दायर भएको अभियोगबाट सफाई पाएको देखिएको समेतको अवस्थामा उपर्युक्त प्रकृतिको इमेल पत्राचारहरू, स्वदेशी तथा वैदेशिक पत्रपत्रिकामा प्रकाशित समाचार, प्रतिवेदनसमेतको आधारमा शङ्का र अनुमान गरि वा परिस्थितिजन्य आधार रहेको भनी भ्रष्टाचारसम्बन्धि प्रस्तुत आरोप दाबीअनुसारको कसुर गरेको भन्न न्याय र कानूनसङ्गत हुन सक्ने देखिन आएन।

४०. अतः रु.१०।- को पोलिमर नोट छपाइ गर्ने सम्बन्धमा Note Printing Australia Ltd. सँग सम्झौता भएकोमा विवाद नरहेको, पोलिमर नोट छपाइ गर्ने कार्य विरुद्ध आरोप दाबी रहेको नदेखिएको, पोलिमर नोट छपाइ गर्ने पहिलो चरणको कार्यमा रु.९१,०९,८८९।५८ हानी नोक्सानी भएको भन्ने आरोप दाबी पुष्टि गर्ने प्रत्यक्ष र विश्वसनीय प्रमाणको अभाव रहेको, आरोपपत्रमा आधार ग्रहण गरिएका Email का विषयमा पर्याप्त अनुसन्धान भएको नदेखिएको, Email सम्बन्धी प्रमाणहरू भनी पेस गरेकोमा प्रत्यक्ष प्रमाणको रूपमा रहेको नदेखिएको, प्रत्यक्ष र विश्वसनीय प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा अनुमान र शङ्काको आधारमा मात्र प्रस्तुत आरोप दाबीअनुसारको कसुर भएको भन्न कानूनसम्मत र न्यायोचित हुन नसक्ने भएकोले प्रथम चरणको रु.१०।- को पोलिमर नोट छपाइको लागि लागत मूल्य बढाई नेपाली रु.९१,०९,८८९।५८ नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको भन्ने प्रतिवादीहरू डा.तिलक रावल, उपेन्द्र केशरी पौडयाल र हिमालय बहादुर पाँडे उपरको आरोप दाबी पुग्न सक्दैन । प्रस्तुत आरोप दाबीबाट प्रतिवादीहरू डा.तिलक रावल, उपेन्द्र केशरी पौडयाल र हिमालय बहादुर पाँडेले सफाई पाउने ठहर्छ ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः केशव पराजुली

इति संवत् २०७७ साल आषाढ ३० गते रोज ३ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री शिवराज अधिकारी

सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती

सदस्य माननीय न्यायाधीश डा.रवि शर्मा अर्याल

फैसला

इजलास नं. १

मुद्दा नं. ०७३-CR-००४४

निर्णय नं. ७२

फैसला मिति : २०७६।११।१६

मुद्दाः भ्रष्टाचार (नक्कली प्रमाणपत्र)

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत राजेन्द्र न्यौपानेको प्रतिबेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जका मेडिकल अधिकृत कुशराज गिरी

- **कसुरको प्रकृति, कसुरको मात्रा तथा कसुर ठहरबाट पर्न जाने असर र प्रभावलाई समेत विचार गरी कैद समेत गर्नुपर्ने हो वा जरिवाना मात्र गर्दा पनि हुने हो भन्ने तर्फ विवेक सम्मत रूपमा विचार गर्नुपर्ने ।**

प्रकरण नं.१७

वादीका तर्फबाट : विद्वान् शाखा अधिकृत श्री संजित गौतम

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल र श्री उपेन्द्र केशरी न्यौपाने तथा विद्वान् अधिवक्ता श्री इन्द्र बहादुर अधिकारी

अवलम्बित नजिर :

- ने.का.प. २०६२ अङ्क १०, नि.न. ७६०५
- ने.का.प. २०६५ अङ्क ६, नि.न. ७९७४
- ने.का.प. २०६७ अङ्क ६, नि.न. ८४०३
- ने.का.प. २०७४ अङ्क ०३, नि.न. ९७७५

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०१७

- प्रमाण ऐन, २०३१
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मुलुकी अपराध संहिता, २०७४

<u>ठहर खण्ड</u>

१. प्रस्तुत मुद्दामा निम्नलिखित विवादित विषयवस्तुको निरूपण गर्नुपर्ने देखियोः-

- प्रतिवादीले प्राप्त गरेको आइ.एस्सी.को प्रमाणपत्रलाई झुठो प्रमाणपत्र मान्न मिल्ने हो होइन?
- प्रतिवादीले आइ.एस्सीको प्रमाणपत्र पेस गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता गराएको र मेडिकल अफिसर पदमा नियुक्ति भएको हो वा होइन ?
- आरोप दाबीअनुसारको कसुर भएको हो होइन ?
- आरोप दाबीअनुसारको कसुर भएको देखिन आएमा प्रतिवादीलाई हुन सक्ने सजाय के हो?

२. सर्वप्रथम उल्लिखित पहिलो विषयतर्फ विचार गर्दा प्रतिवादी कुशराज गिरीले भारतको विहार विद्यालय परिक्षा समिति (उच्च माध्यमिक) पटनाबाट जारी भएको कुशराज गिरी, वर्ष १९९०, नम्वर TS १५७६६ Enlistment No. W५०१५-८७ जम्मा अङ्क ५९७ रहेको आइ.एस्सी. तहको प्रमाणपत्र नेपाल मेडिकल काउन्सिलमा पेस गरी NMC नं. प्राप्त गरी नारायणी उप-क्षेत्रिय अस्पताल, वीरगञ्जमा मेडिकल अफिसर पदमा नियुक्ती भई कार्यरत रहेको, निजको उक्त शैक्षिक योग्यता Not Verified, Only ३९२ is in Record भन्ने विवरण प्राप्त भएकोले झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी मेडिकल अफिसर पदमा नियुक्ति भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको मागदाबी लिई प्रस्तुत आरोपपत्र दायर हुन आएको देखियो।

३. कुशराज गिरीको नाममा जारी भएको सन् १९९०, नम्वर TS १५७६६ Enlistment No. W५०१५-८७ कुल प्राप्ताङ्क ५९७ रहेको आइ.एस्सी. तहको प्रमाणपत्र आफ्नो हो भनी प्रतिवादीले स्वीकार गरी अनुसन्धानको क्रममा बयान गरेको र उक्त बयान व्यहोरालाई अदालतमा समेत स्वीकार गरी बयान गरेको देखिन्छ । उल्लिखित विवरण रहेको आइ.एस्सी.को शैक्षिक प्रमाणपत्रलाई प्रतिवादीले स्वीकार गरी आफूले अध्ययन गरी प्राप्त गरेको सक्कली प्रमाणपत्र हो भनी जिकिर गरेको देखिदा प्रतिवादीको नाउँको उपर्युक्त विवरण भएको प्रस्तुत आरोप दाबीअनुसारको मिसिल संलग्न आइ.एस्सी.को प्रमाणपत्र रहेको तथ्यमा विवादको अवस्था देखिएन।

४. प्रतिवादीले आइ.एस्सी.को नक्कली प्रमाणपत्र पेस गरी मेडिकल काउन्सीलको सदस्यता प्राप्त गरेको र जागीरसमेत खाएको भन्ने उजुरी रहेकोले अनुसन्धानको क्रममा प्रतिवादी कुशराज गिरीले

नियुक्तिको लागि पेस गरेको भनेको आइ.एस्सी.को प्रमाणपत्र प्रमाणीकरण गर्न तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद, सानोठिमी भक्तपुरबाट पत्राचार भएकोमा सम्बन्धित शैक्षिक संस्थाबाट कैफीयत महलमा "Not Verified, Only ३९२ is in Record" भन्ने व्यहोरा जनिएको प्रमाणीकरण विवरण प्राप्त हुन आएको भनी उच्च माध्यमिक शिक्षा परिषद, सानोठिमीको च.नं. ३०१० बाट मिति २०७३।०२।२६ मा जवाफ प्राप्त भएको देखिन्छ। यसै आधारमा प्रस्तुत आरोपपत्र दायर हुन आएको देखियो।

५. उल्लिखित प्रमाणीकरण विवरण झुठो हो, Bihar School Examination Board (SS) पटनाबाट पढेको होइन र कुनै पनि परीक्षा दिएको छैन, कुनै प्रकारको सर्टिफिकेट पनि लिएको छैन, विहार इन्टरमिडिएट एजुकेशनल काउन्सीलबाट पढेको र आइ.एस्सी.को प्रमाणपत्र प्राप्त गरेको भनी प्रतिवादीले अदालतमा बयान गरेको देखियो। प्रतिवादीको नाउँको आइ.एस्सीको प्रमाणपत्रको सबै विवरण खुलाई प्रमाणीकरण गर्न पठाइएकोमा कुल प्राप्ताङ्क ३९२ रहेको अभिलेखबाट देखिएको आधारमा "Not Verified" भनी जनाएको देखिदा प्रमाणपत्रमा अन्य विवरणहरूमा कुनै कैफियत रहेको देखिन आएन । सम्बन्धित शैक्षिक निकायमा रहेको अभिलेखबाट अन्य विवरणमा कैफियत नदेखिएको अवस्थामा अन्य विवरण मिले भिडेको मान्नुपर्ने भएबाट प्रतिवादीले भने जस्तो निजले अध्ययन गरेको संस्था फरक परेकोले विवरण फरक आएको मान्न मिल्ने देखिएन।

६. मुद्दाको पुर्पक्षको क्रममा प्रतिवादीले मिति २०७५।०२।११ मा यस अदालतसमक्ष निवेदन दिई आफ्नो प्रमाणपत्रको पुष्ट्याईका लागि कर्पुरी ठाकुर इन्टरमहाविद्यालय, मोतिहारीबाट प्राप्त लिखत साथ राखी पुनः प्रमाणीकरण माग गरेकोले यस अदालतको मिति २०७५।०२।११ को आदेशानुसार उक्त निवेदन साथ पेस गरेको कागजातको प्रतिलिपि साथै राखी यथार्थ बुझि खुलाई पठाउन भनी राष्ट्रिय परीक्षा बोर्डलाई पत्राचार भएकोमा शैक्षिक प्रमाणपत्र प्रमाणीकरण समितिको मिति २०७६।०३।१८ को निर्णयानुसार भनी प्रतिवादीको आइ.एस्सी.को प्रमाणपत्रलाई अपुष्ठित ("Not Verified") भनी जवाफ प्राप्त भएको देखियो। मिति २०७५।०२।११ को आदेशानुसारको जवाफ प्राप्त नभएकोले सम्बन्धित शैक्षिक संस्था बुझ्नु पर्ने भए बुझि स्पष्ट जवाफ पठाउनु भनी आदेशानुसार राष्ट्रिय परीक्षा बोर्डलाई पटक पटक पत्राचार भएकोमा उल्लिखित शैक्षिक प्रमाणपत्र प्रमाणीकरण समितिको मिति २०७६।०६।२९ को निर्णयानुसार "Not Verified" भनी जवाफ प्राप्त भएको र अन्त्यमा मिति २०७६।०९।२८ मा शैक्षिक प्रमाणपत्र प्रमाणीकरण कार्य सम्बन्धित परीक्षा बोर्ड, Bihar School Examination Board(SS) Patna, India बाट मात्र हुने भएकोले निजको प्रमाणपत्रहरू उक्त बोर्डमा गई प्रमाणीकरण गर्दा प्रमाणीकरण हुन नसकेको (Not verified) देखिएको छ। निजको सम्बन्धमा कर्पुरी ठाकुर इन्टर महाविद्यालय, मोतिहारीबाट दिइएको पत्रको प्रमाणीकरण नहुने र प्रमाणीकरण कार्य हुनको लागि Bihar School Examination Board(SS) Patna,

India बाट जारी गरेका प्रमाणपत्रहरूको मात्र प्रमाणीकरण हुने व्यहोरा निर्देशानुसार अनुरोध छ भन्ने व्यहोराको जवाफ प्राप्त हुन आएको देखियो।

७. प्रमाण ऐन, २०३१ को दफा ६ को देहाय खण्ड (ग) अनुसार अन्यथा प्रमाणित नभएमा "कुनै अदालत वा सरकारी कार्यालयमा कानूनबमोजिम राखु पर्ने स्याहा, श्रेस्ता वा कागजपत्रमा उल्लिखित गरिएका कुराहरू सही रूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। शैक्षिक योग्यताका विवादित प्रमाणपत्र छानबिन गर्न टोली गठन गरी सम्बन्धित भारतीय शैक्षिक निकायमा पठाइएको देखिन्छ। भारतीय शैक्षिक निकाय "विहार विद्यालय परीक्षा समिति पटना-17" को पत्राङ्क नि.5805 दिनाङ्क 30/12/2017 को पत्रबाट छानबिन गरी प्रतिवेदन बनाउन उल्लिखित टोलीलाई नै अख्तियारी प्रदान गरेको देखिएको, त्यसै अनुरुप छानबीन टोलीले सम्बन्धित अभिलेख हेरी प्रतिवेदन पेस गरेको देखिन्छ। त्यस्तो प्रतिवेदनलाई प्रतिवादीले अदालतमा बयान गर्दा भने जस्तो अन्यथा आशङ्का गर्न कानूनसम्मत हुने देँखिदैन। यसरी सम्बन्धित आधिकारिक निकायमार्फत् प्राप्त जवाफलाई अस्वीकार गरी प्रतिवादीले निजी तवरबाट प्राप्त गरेको कागजातलाई मान्यता दिन मिल्ने भएन। यसै सम्बन्धमा तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्, प्रमाणपत्र प्रमाणिकरण समितिको मिति २०६४।०३।१७ को बैठकको निर्णय नं. ६ र ७ मा यस परिषद्बाट मागै नभएका शैक्षिक प्रमाणपत्र प्रमाणिकरण सम्बन्धी पत्रहरू सञ्चारका बिभिन्न माध्यम (हुलाक, इमेल, Fax) मार्फत् प्राप्त पत्रलाई आधिकारिक नमान्ने निर्णय भएको व्यहोरा अनुरोध छ। त्यसैले शैक्षिक प्रमाणपत्र प्रमाणीकरण सम्बन्धी कुनै पनि विवरण हुलाकबाट नमगाउने र हुलाकबाट प्राप्त हुन आएको प्रमाणपत्र प्रमाणिकरण विवरणलाई पनि मान्यता नदिने भनी निर्णय भएको भनी राष्ट्रिय परीक्षा बोर्डबाट लेखि आएकोलाई अन्यथा भन्न मिल्ने भएन।

८. पुनरावेदक/प्रतिवादीः शैलेन्द्रकुमार शर्मा वि. विपक्षी/वादी : नेपाल सरकार, मुद्दा- भ्रष्टाचार (नक्कली प्रमाणपत्र) मुद्दामाः-

- "सत्यापनको वेहोरा हातैहात ल्याई अदालतमा दाखेल गरेकै कारणले पेस गरेको सत्यापनमा उल्लिखित वेहोरा सत्य मान्न नसकिने"
- "व्यक्तिगत रूपमा आफ्नोतर्फबाट पेस गरेको लिखत प्रमाण हुन्छ र त्यही लिखतका सम्बन्धमा एउटा कार्यालयले अर्को कार्यालयलाई सोधी कार्यालयमा जवाफ आएको हुन्छ भने त्यस्तो अवस्थामा व्यक्तिगत रूपमा आफैंले ल्याएको प्रमाणपत्र (प्रतिलिपि) भन्दा कार्यालयस्तरीय रूपमा पेस भएको प्रमाणपत्रलाई विश्वसनीय मान्नुपर्ने"
- "कार्यालयतगत रूपमा पेस भएको लिखित प्रमाणलाई व्यक्तिगत रूपमा पेस भएको लिखतभन्दा तुलनात्मक रूपमा बढी ठोस, वस्तुनिष्ट एवं विश्वसनीय मान्नु पर्ने देखिँदा व्यक्तिले साथैमा ल्याई पेस गरेको प्रमाणपत्रको प्रतिलिपिको प्रमाणलाई ग्राह्य गर्न नमिल्ने" भनी

सिद्धान्त कायम भएको (ने.का.प. २०६७ अङ्क ६, नि.न. ८४०३) पाइएकोले प्रतिवादीले मिति २०७५।०२।११ मा निवेदनसाथ पेस गरेको कागजातको आधारमा प्रतिवादीको नाउँको आइ.एस्सी.तहको विवादित प्रमाणपत्रमा लेखिएको कुल प्राप्ताङ्क ५९७ लाई सद्दे साँचो विवरण रहेको मान्न मिलेन। अभिलेखबाट कुल प्राप्ताङ्क ३९२ मात्र देखिएकोमा त्यस अङ्कको सट्टा कुल प्राप्ताङ्क ५९७ जनाई प्रथम श्रेणीमा उत्तीर्ण गरेको भनिएको प्रमाणपत्रलाई झुठो व्यहोराको प्रमाणपत्र रहेको मान्नुपर्ने देखियो।

९. प्रतिवादीले उल्लिखित आइ.एस्सी.को प्रमाणपत्र पेस गरी Nepal Medical Council मा नाम दर्ता गराएको र मेडिकल अफिसर पदको नियुक्ति लिएको हो, होइन भन्ने अर्को विवादित विषयतर्फ विचार गर्दा आइ.एस्सी.तहको प्रमाणपत्र कुनै पनि प्रयोजनको लागि पेस गरेको छैन, एस.एल.सीबाट रसियामा MBBS गरेको र त्यसै डिग्रीबाट मेडिकल काउन्सिल नम्बर पाएको, I.Sc. को सर्टिफिकेटबाट मैले रजिष्ट्रेशन लिएको होइन भन्नेसमेत व्यहोराको बयान प्रतिवादीले अदालतसमक्ष गरेको देखियो। अनुसन्धानको सिलसिलामा नेपाल मेडिकल काउन्सिलबाट प्राप्त कागजातबाट प्रतिवादीले नेपाल मेडिकल काउन्सिल दर्ताको लागि I.Sc. को प्रमाणपत्रसमेत पेस गरेको देखिएको छ । सोही I.Sc. तहको प्रमाणपत्रसमेत पेस गरीस नेपाल मेडिकल काउन्सिलबाट २०६०।०४।१५ मा NMC no. समेत प्राप्त गरेको भनी अनुसन्धानको सिलसिलामा बयान गरेकोमा त्यस बयानलाई स्वीकार गरी अदालतमा बयान गरेको पाइन्छ। नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगञ्जको मेडिकल अफिसर पदमा मिति २०७२।०९।०२ मा सोही I.Sc. को प्रमाणपत्रसमेत पेस गरी नियुक्ती लिएको भन्ने उक्त अस्पतालबाट प्राप्त फायलबाट देखिन्छ। उक्त दुवै प्रयोजनको लागि 11 September, 1991 मा TRIBHUVAN UNIVERSITY, CURRICULUM DEVELOPMENT CENTRE बाट प्राप्त गरेको I.Sc. को Equivalent Certificate समेत पेस गरेको देखिन आएबाट उल्लिखित अदालतसमक्षको बयान व्यहोरा यथार्थपरक देखिएन।

१०. एस.एल.सी.बाट रसियामा MBBS गरेको भन्ने प्रतिवादीको जिकिर रहेको र I.Sc. को प्रमाणपत्रको आधारमा MBBS नगरेको, SLC बाट सिधै MBBS अध्ययन गर्न पाउने व्यवस्थाअन्तर्गत भर्ना भई अध्ययन गरेको हो भनी बहसको क्रममा मुख्य रूपमा जोड गरे तर्फ विचार गर्दा, प्रतिवादीले सन् 1990 मा I.Sc. उत्तिर्ण गरेको प्रमाणपत्रबाट देखिएको छ भने प्रतिवादीले ST.Petersberg State Pediatric Medical Academy बाट प्राप्त गरेको प्रमाणपत्रबाट सन् 1993 मा भर्ना भएको देखिएको छ। प्रतिवादी कुशराज गिरीले SLC को आधारमा MBBS मा भर्ना भएको पुष्टि हुने आधिकारिक अभिलेखजन्य प्रमाण पेस गर्न सकेको देखिदैन। SLC बाट पनि सिधै MBBS तहमा अध्ययन गर्न पाउने गरी कुनै खास शैक्षिक संस्थाको पद्धति (System) रहेको हो भने पनि प्रतिवादीले सोही पद्धती (System) अन्तर्गत MBBS अध्ययन गरेको भन्ने कुराको आधिकारिक प्रमाणको आवश्यक

पर्ने हुन्छ। त्यस्तो कुनै प्रमाण पेस गर्न सकेको देखिएन। मौखिक भनाई मात्रको आधारमा यी प्रतिवादीले SLC बाट सिधै MBBS मा भर्ना भएको स्वीकार गर्न मिलेन।

११. प्रस्तुत आरोपदाबीका सम्बन्धमा प्रतिवादीले यस अदालतमा मिति २०७३।०८।२० मा बयान गर्दा SLC बाट सिधै MBBS अध्ययन गरेको, I.Sc. को प्रमाणपत्र कही पनि प्रयोग नभएको बताए पनि यसै विवादित प्रमाणपत्रकै आधारमा यिनै प्रतिवादीउपर ठगीतर्फ समेत अभियोग दायर भएको देखिन्छ। उक्त मुद्दामा सफाइ पाएको भनी प्रमाणको रूपमा फैसलाको प्रतिलिपि बयान साथ पेस गरेकोसमेत देखिएको छ। सोही ठगी मुद्दाको अनुसन्धानको सिलसिलामा मिति २०७३।०३।०६ मा प्रतिवादीले बयान गर्दा स्पष्ट रूपमा I.Sc. को आधारमा MBBS पढ्न गएको भनी बताएको र सो बयानलाई समर्थन गरी अदालतमा मिति २०७३।०३।१९ मा बयान गरेको पाइन्छ। SLC बाट सिधै MBBS अध्ययन गरेको हो भने ठगी मुद्दामा बयान गर्दा समेत सोही व्यहोरा बताउनु पर्नेमा I.Sc. को आधारमा पढ्न गएको भनेको देखियो। प्रमाण ऐन, २०३१ को दफा १० अनुसार प्रतिवादीले मौकामा अदालतसमक्ष समेत व्यक्त गरेको कुरा प्रमाणमा लिन मिल्ने नै हुन्छ। तसर्थ SLC कै आधारमा MBBS अध्ययन गरेको भनी यस अदालतसमक्ष प्रतिवादीले प्रस्तुत गरेको भनाईको प्रमाणिक मूल्य रहेको नदेखिदा स्वीकार गर्न मिल्ने देखिएन। यस प्रकार प्रतिवादी कुशराज गिरीले प्राप्त गरेको झुठो व्यहोराको I.Sc. प्रमाणपत्रको आधारमा MBBS अध्ययन गरेको, NMC दर्ताको लागि पेस गरेको र मेडिकल अधिकृतको नियुक्तिको लागिसमेत पेस गरेको देखियो।

१२. I.Sc. को कुल प्राप्ताङ्क तथा श्रेणीमा फरक देखिएकै आधारमा मात्र तात्विक रूपले फरक नपर्ने, I.Sc. अध्ययन गरेको र उत्तीर्ण गरेकोलाई अन्यथा भन्ने अवस्था नरहेको भन्नेसमेत तर्क प्रस्तुत भएतर्फ हेर्दा MBBS जस्तो गहन र संवेदनशील विषय अध्ययनको लागि हुने छनौट प्रतिस्पर्धामा आधारभूत योग्यता (Basic Qualification) को कुल प्राप्ताङ्क र श्रेणीले निर्णायक महत्त्व राख्ने नै हुन्छ। आधारभूत योग्यता र सोको कुल प्राप्ताङ्क र श्रेणीसमेतका आधारमा योग्यताक्रम निर्धारण हुने र त्यसै आधारमा छनौट हुने स्थितिमा कुल प्राप्ताङ्क फरक भए पनि तात्विक रूपले फरक नपर्ने भन्न मिल्ने हुँदैन। I.Sc. मा प्राप्त गरेको कुल प्राप्ताङ्क 392 को आधारमा प्रतिस्पर्धात्मक छनौटमा पर्न नसक्ने पूर्वानुमानबाटै प्रतिवादीले कुल प्राप्ताङ्क 597 र प्रथम श्रेणी जनाइएको प्रमाणपत्र पेस गरेको मान्नु पर्ने हुन्छ। I.Sc. प्रमाणपत्र रहेको कुल प्राप्ताङ्क र श्रेणी नै झुठो व्यहोराको देखिन आएको अवस्थामा त्यसै प्रमाणपत्रको अन्य व्यहोरालाई सदे साँचो मान्न मिल्ने भएन। कुल प्राप्ताङ्कमा २०० भन्दा बढी अङ्क थप गरी सृजना गरिएको त्यस्तो प्रकृतिको प्रमाणपत्रको आधारमा MBBS अध्ययन गरेको देखिएको, NMC दर्ता गरेको र मेडिकल अधिकृतको नियुक्तिसमेत प्राप्त गरेको देखिदा झुठो व्यहोराको प्रमाणपत्रबाट उपर्युक्त अनुसारको श्रृङ्खलाबद्ध असर पर्ने नै देखियो।

यसस्थितिमा बहसको क्रममा प्रस्तुत गरिएको सरोज कुमार सिंह प्रतिवादी भएको मुद्दामा यस अदालतबाट भएको फैसलामा लेखिएको आधार प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखिएन।

१३. अब प्रतिवादीले आरोप दाबीअनुसारको कसुर गरेको हो, होइन भन्नेतर्फ विचार गर्दा, प्रतिवादी कुशराज गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको भनी आरोप दाबी रहेको पाइन्छ। उक्त दफा १६ को उपदफा (१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुठा विवरण दिएमा वा सो सम्बन्धी झुठ्ठा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्रा अनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दस हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ" भन्ने कानूनी व्यवस्था गरेको देखियो। भ्रष्टाचार निवारण ऐन, २०५९ प्रारम्भ हुनुअघि प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई कसुरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्थासमेत रहेको पाइन्छ। प्रतिवादी कुशराज गिरीले प्राप्त गरेको भनिएको I.Sc. को प्रमाणपत्रको आधारमा MBBS अध्ययन गरेको देखिएको, सोही I.Sc. को प्रमाणपत्रसमेत पेस गरी NMC दर्ता नं. प्राप्त गरेको र नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा मेडिकल अफिसरको रूपमा नियुक्तिसमेत प्राप्त गरेको स्पष्ट रूपमा देखिन आएको स्थितिमा चिकित्सा सेवाको लागि अत्यावश्यक रहेको नेपाल मेडिकल काउन्सिल (NMC) दर्ता तथा मेडिकल अफिसर नियुक्तिका लागि I.Sc. को प्रमाणपत्रसमेत आवश्यक रहेको र प्रयोग भएको देखियो।

१४. प्रतिवादीले नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगञ्जमा मिति २०७२।०९।०२ मा मेडिकल अफिसरको रूपमा नियुक्ति लिई कार्यरत रहेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसारको राष्ट्रसेवक रहेकोमा विवाद देखिएन। राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यतासमेतको झुठा विवरण दिएमा वा त्यससम्बन्धी झुठा प्रमाणपत्र पेस गरेमा कसुर हुने उपर्युक्त कानूनी व्यवस्था तथा यस्तै प्रकृतिको देहायको मुद्दामा श्री सर्वोच्च अदालतबाट कायम भएको निम्नानुसारको सिद्दान्तसमेत प्रतिवादी कुशराज गिरी उपरको प्रस्तुत आरोप दाबीको सन्दर्भमा आकर्षित हुने देखिन आएको छः-

- पुवे/प्रतिवादी कुमार बहादुर कटुवाल वि.तत्कालीन श्री ५ को सरकार, मुद्दा- भ्रष्टाचार (नक्कली प्रमाणपत्र) (ने.का.प. २०६२ अङ्क १०, नि.न. ७६०५)

- "राष्ट्रसेवक कर्मचारीले पेस गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू गलत देखिन आएको स्थितिमा निजले गलत प्रमाणपत्रबाट के कति फाइदा लियो वा लिएन भन्ने कुरा निजले गलत प्रमाणपत्र पेस गरी योग्यता ढाँट्ने कार्य गरेको कसुरको सन्दर्भमा गौण महत्त्वको मान्नु पर्ने भएबाट पनि प्रतिवादीले उक्त प्रमाणपत्रबाट कुनै लाभ प्राप्त नगरेको भन्ने जिकिरको आधारमा प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने अवस्था नदेखिने"

- नेपाल सरकार वि. तारा राज राजभण्डारी, मुद्दा- भ्रष्टाचार (नक्कली प्रमाणपत्र) (ने.का.प. २०६५ अङ्क ६, नि.न. ७९७४)
  - "शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली देखिन्छ भने त्यस्तो प्रमाणपत्रबाट लाभ लिए पनि नलिए पनि कसुरदार ठहर गर्नु पर्ने"
  - "पेस गर्न आवश्यकै नभएको प्रमाणपत्र नक्कली बनाई पेस गर्ने कार्य पछाडि ओहदाको लाभ प्राप्त गर्ने सम्भावित अपराधिक अभिप्राय वा अपराधी मन (Mens rea) रहेको हुन्छ".....
- पुनरावेदक/ प्रतिवादीः शैलेन्द्रकुमार शर्मा वि. विपक्षी/वादी : नेपाल सरकार, मुद्दा- भ्रष्टाचार (नक्कली प्रमाणपत्र) (ने.का.प. २०६७ अङ्क ६, नि.न. ८४०३)
  - "भ्रष्टाचार मुद्दामा पेस गरेको प्रमाणपत्र नक्कली ठहरेपछि त्यसबाट कुनै लाभ प्राप्त नगरे पनि बढुवा पाउने उद्देश्यले नै उक्त प्रमाणपत्र पेस गरेको मान्नु पर्ने हुनाले प्रतिवादीको बद्नियत स्पष्ट रूपमा देखिन आएको हुँदा यस्तो अवस्थामा नक्कली प्रमाणपत्रको लिखत पेस गरेकै आधारमा भ्रष्टाचार भए गरेको पुष्टि हुने".....

१५. उल्लिखित आधारहरूबाट प्रतिवादीले आरोप दाबीअनुसारको कसुर गरेको देखिन आएको छ। यस स्थितिमा अब प्रतिवादीलाई के कस्तो सजायँ हुन सक्ने हो भन्नेतर्फ विचार गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको सजाय हुन भनी दाबी गरेको देखियो। नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा मेडिकल अफिसरको नियुक्तिका लागी मिति २०७२।०९।०२ मा झुठो व्यहोराको I.Sc. को प्रमाणपत्र पेस गरेको आधारमा उपरोक्त कानूनी व्यवस्था अनुसारको कसुर र सजायँको दाबी गरेको देखियो। उक्त I.Sc. को प्रमाणपत्रको आधारमा MBBS अध्ययन गरेको भन्ने देखिएकोमा MBBS अध्ययनको लागि सन् 1993 मा भर्ना भएको भन्ने सम्बन्धित शैक्षिक संस्था ST.Petersberg State Pediatric Medical Academy बाट जारी भएको प्रमाणपत्रबाट देखिँदा सोही बखत I.Sc. को प्रमाणपत्र प्रयोगमा ल्याइसकेको देखियो। I.Sc. को प्रमाणपत्र प्रयोग गर्ने उद्देश्यबाटै त्रिभुवन विश्वविद्यालय, CURRICULUM DEVELOPMENT CENTRE बाट समकक्षता प्रमाणपत्र 11 september 1991 (मिति २०४८।०५।२६) मा जारी भएकोसमेत

देखिन आएबाट त्यसै समय देखि नै उक्त I.Sc. को प्रमाणपत्र प्रकाशमा ल्याएको, प्रयोग गरि आएको मान्नु पर्ने देखियो।

१६. नेपालको संविधानको धारा २० को उपधारा (४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने प्रावधान रहेको र मुलुकी अपराध संहिता, २०७४ को दफा ७ मा "कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय हुने छैन" भन्ने फौजदारी न्यायको सामान्य सिद्धान्तसमेत रहेको पाइन्छ। उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था, फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको आधारमा प्रतिवादीले I.Sc. को प्रमाणपत्र प्रयोगमा ल्याएको अवस्थामा प्रचलनमा रहेको कानूनी व्यवस्थाअनुसारको कसुर कायम गर्नु पर्ने र सोही अनुरूपको सजाय आकर्षित हुने हुन्छ। तत्कालको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०१७ प्रचलनमा रहेको देखिएकोमा उक्त ऐनको दफा १२ अनुसारको कसुरसमेत भएको देखिन आएको छ। यसै प्रसङ्गमा पुनरावेदक/प्रतिवादी : नागेन्द्रबहादुर तिवारी, विपक्षी/वादी :नेपाल सरकार भएको भ्रष्टाचार (नक्कली प्रमाणपत्र) मुद्दामा श्री सर्वोच्च अदालतबाट व्याख्या भई फाइदा प्राप्त गर्नका लागि प्रमाणपत्र पेस गरेको समयमा तत्काल बहाल रहेको कानूनी व्यवस्था नै आकर्षित हुने भन्ने आधारमा फैसला भएको (ने.का.प. २०७४ अङ्क ०३, नि.न. ९७७५) पाइएकोले यस्तो अवस्थामा तत्काल प्रचलनमा रहेको कानूनी व्यवस्था नै आकर्षित हुने भई सोही कानूनबमोजिमको सजाय निर्धारण गर्नु पर्ने हुन्छ ।तसर्थ प्रतिवादीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को १२ र दफा २९ बमोजिम सजाय गर्नुपर्ने देखिन आयो।

१७. तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले "कसुरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था गरेको र सोही ऐनको दफा २९(२) अनुसार जरिवाना तोक्दा जरिवानाको माथिल्लो हद रु.५०००।- (पाँच हजार) हुनेछ भन्ने कानूनी व्यवस्था रहेको पाइएकोले उपर्युक्तअनुसारको कैद वा जरिवाना मध्ये कुनै एक वा दुवै सजाय गर्न सकिने अवस्था देखिएको छ । कसुरको प्रकृति, कसुरको मात्रा तथा कसुर ठहरबाट पर्न जाने असर र प्रभावलाई समेत विचार गरी कैदसमेत गर्नुपर्ने हो वा जरिवाना मात्र गर्दा पनि हुने हो भन्नेतर्फ विवेक सम्मत रूपमा विचार गर्नुपर्ने हुन्छ । प्रतिवादीको अवस्थालाई विचार गर्दा र प्रस्तुत आरोप दाबीअनुसारको कसुर ठहरबाट प्रतिवादीलाई पर्न सक्ने असर र प्रभावसमेतलाई विचार गर्दा जरिवाना मात्रको सजाय गर्दा पनि पर्याप्त हुने अवस्था देखिएको छ ।

१८. अतः प्रतिवादीले प्राप्त गरेको I.Sc. Intermediate तहको प्रमाणपत्र प्रमाणीकरण हुन सकेको नदेखिएको, कुल प्राप्ताङ्क ३९२ भई तृतीय श्रेणीमा उत्तीर्ण भएको देखिएकोमा कुल प्राप्ताङ्क ५९७/प्रथम श्रेणीको प्रमाणपत्र पेस गरेको देखिई झुठा विवरणको प्रमाणपत्रको आधारमा MBBS अध्ययन गरेको, सो प्रमाणपत्रसमेत पेस गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता गराएको, सरकारी सेवा गर्दासमेत पेस गरेको देखिँदा तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर भएको देखिन आएकोले तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा २९ अनुसार प्रतिवादी कुशराज गिरीलाई रु.५०००।- (पाँचहजार रुपैयाँ) जरिवाना हुने ठहर्छ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः हिरादेवी पाण्डे

इति संवत् २०७६ साल फाल्गुण १६ गते रोज ६ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नं. ०७५-CR-०२५७

नि.नं. २५

फैसला मिति : २०७६।७।२२

मुद्दा : भ्रष्टाचार (नक्कली प्रमाण पत्र)

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत रमेश घिमिरेको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : साझा प्रकाशन क्षेत्रीय कार्यालय, नेपालगञ्जमा कार्यरत सहायक द्वितीय मुन्नी बस्नेत

- **प्रतिवादीले आफूले उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको बेहोरासँग फरक रहेको भन्ने आधिकारिक निकायबाट प्रमाणित भएको प्रमाणीकरण बेहोरालाई प्रतिवादीले आयोगसमक्ष एवम् अदालतसमक्ष बयान गर्दा अन्यथा हो भनी जिकिर लिई प्रमाणद्वारा पुष्टि गराउन सकेको नदेखिँदा उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्र निजले परीक्षा दिएरै उत्तीर्ण गरेको रहेछन् भनी मान्न नमिल्ने ।**

(प्रकरण नं.५)

- **सरकारी सेवा प्रवेश गर्दाका अवस्थामा नै आफ्नो शैक्षिक योग्यता ढाँटी शैक्षिक योग्यताको झुठा प्रमाणपत्र प्रस्तुत गरी राष्ट्रसेवकको ओहदामा बहाल रही लाभ र सुविधासमेत लिएको देखिएबाट प्रतिवादीले तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको भन्ने तथ्य स्थापित हुने ।**

(प्रकरण नं.६)

वादीका तर्फबाट : विद्वान् शाखा अधिकृत श्री कृष्णबहादुर ओली

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री भोजबहादुर ढकाल

अवलम्बित नजिर :

- सर्वोच्च अदालत बुलेटिन, २०६६ पूर्णाङ्क ४०९ पृष्ठ ६

सम्बद्ध कानून :

- नेपालको संविधान
- भ्रष्टाचार निवारण ऐन, २०१७
- प्रमाण ऐन, २०३१
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मुलुकी अपराध संहिता, २०७४

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा देहायका विषयमा निर्णय गर्नुपर्ने देखिन आयो ।

पहिलो प्रश्नः	प्रतिवादीले आरोप दाबीबमोजिम कसुर गरेका हुन्, होइनन् ?
दोस्रो प्रश्नः	प्रतिवादीलाई आरोपित कसुरमा सजाय हुने हो, होइन ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा, साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ ले "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई कसुरको मात्राअनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ "[१] भन्ने र "उपर्युक्त अनुसार अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा जरिवाना तोक्दा जरिवानाको माथिल्लो हद रु.५०००।- (पाँच हजार) हुनेछ "[२] भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ। त्यस्तै, हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ ले "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुठा विवरण दिएमा वा सोसम्बन्धी झुठा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्रा अनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दस हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ"[३] भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ ।

३. अभियोजन पक्षबाट प्रतिवादी मुन्नी बस्नेतले झुठा शैक्षिक योग्यताका प्रमाणपत्र पेस गरी सेवामा बहाल रही लाभसमेत लिइरहेको तथ्य पुष्टि भएको देखिएकोले निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुरमा निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ को उपदफा (२)

[१] भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२.

[२] भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ (२).

[३] भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१).

तथा प्रचलित भ्रष्टाचार निवरण ऐन, २०५९ को दफा १६(१) बमोजिमको सजाय हुन भनी आरोपपत्र प्रस्तुत भएको देखियो ।

४. प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष मैले कक्षा १० सम्म नेपालगंजको सिमानामै पर्ने श्री एस. आर. जे. इण्टरकलेज रुपइडिहा, बहराइच, भारतमा अध्ययन गरी सन् १९९१ मा एस. एल. सी. को नियमित परीक्षा पास गरेको र सन् १९९४ मा माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेशबाट आइ. ए. को प्राइभेट परीक्षा दिएकी हुँ। साथै २०५७ सालमा मैले जागिर सुरू गर्दा एस. एल. सी. को योग्यताले पुग्ने भएपनि एस. एल. सी. स्तरका प्रमाण पत्रहरूका साथसाथै आइ.ए. का प्रमाणपत्रहरू पनि म आफैं पेस गरेकी हुँ । तर मैले हालसम्म एस. एल. सी. स्तरको मात्र जागिर खाएको छु भनी र यस अदालतसमक्ष मैले भारतको रुपेडियाबाट एस.एल.सी. र आइ.ए.भारतको माध्यमिक शिक्षा परिषद उत्तर प्रदेशबाट पास गरेको छु । मैले २०५७ सालमा सहायक तृतीय पदमा नोकरी प्रवेश गर्दा एस.एल.सी. पास गरेको प्रमाणपत्रहरू पेस गरेको हुँ ।मैले जागिर खाँदा एस.एल.सी. को प्रमाणपत्र आवश्यक पर्दथ्यो। मसँग भारतबाटै उत्तिर्ण गरेको आइ.ए. पासको सर्टिफिकेट पनि रहेकोले र उक्त सर्टिफिकेट सक्कली नै भएकाले पेस गरेकी हुँ। उक्त प्रमाणपत्रबाट कुनै पदोन्नती तथा लाभ नलिएको हुँदा आरोप दाबीबाट सफाई पाउँ भनि बयान गरेको देखिन्छ।

५. प्रतिवादीले मौकामा र अदालतसमक्ष निजको आइ.ए. को शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली हो भन्ने बयान गरे पनि उक्त शैक्षिक योग्यताको प्रमाणपत्रहरू प्रमाणीकरणको लागि पठाएकोमा राष्ट्रीय परीक्षा बोर्ड सानोठिमी, भक्तपुरको च.नं. १०४२ मिति २०७५।०९।१९ को पत्रानुसार निज मुन्नी बस्नेतको माध्यमिक शिक्षा परिषद उत्तर प्रदेशबाट आइ.ए. परीक्षा वर्ष १९९४, अनुक्रमाङ्क ८५२११७ को कैफियतमा 'सम्पूर्ण विवरण भिन्न अपुष्टित (Not Verified)' भनी प्रमाणीकरण भई आएको बेहोरा मिसिल संलग्न रहेबाट प्रतिवादीले आफूले आइ.ए. तहको परीक्षा उत्तीर्ण गरेको हुँ भनी पेस गरेको प्रमाणपत्रको बेहोरासँग फरक रहेको भन्ने आधिकारिक निकायबाट प्रमाणित भएको देखिन आयो। उक्त प्रमाणीकरण बेहोरालाई प्रतिवादीले आयोगसमक्ष एवम् यस अदालतसमक्ष बयान गर्दा अन्यथा हो भनी जिकिर लिई प्रमाणद्वारा पुष्टि गराउन सकेको देखिँदैन जसबाट निजको हाइस्कूल उत्तीर्णको शैक्षिक योग्यताको प्रमाणपत्र निजले परीक्षा दिएरै उत्तीर्ण गरेकी रहेछन् भनी मान्न मिल्ने देखिएन।

६. प्रमाण ऐन, २०३१ ले "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ" [४] भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ तर निज प्रतिवादीले सो कानूनी व्यवस्थाबमोजिम

[४] प्रमाण ऐन,२०३१ को दफा २७(१).

आफ्नो जिकिर पुष्टि हुने कुनै ठोस र निश्चयात्मक प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न सकेको पाइएन। यस सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट "सम्बन्धित बोर्डबाट नै सो योग्यताको प्रमाणपत्र गलत... उल्लेख भई आएबाट प्रतिवादीले आरोपपत्र मागबमोजिमको कार्य गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अन्तर्गतको कसुर गरेकोमा निजलाई ...जरिवाना हुने"[५] भनी व्याख्यासमेत भइरहेको परिप्रेक्ष्यमा यी प्रतिवादीले २०५७ सालमा सरकारी सेवा प्रवेश गर्दाका अवस्थामा नै आफ्नो शैक्षिक योग्यता ढाँटी शैक्षिक योग्यताको झुठा प्रमाणपत्र प्रस्तुत गरी राष्ट्रसेवकको ओहदामा बहाल रही लाभ र सुविधासमेत लिएको देखिएबाट निज प्रतिवादीले तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको भन्ने तथ्य स्थापित भएको पाइयो।

७. दोस्रो प्रश्नतर्फ विचार गर्दा, जसले जति मात्राको कसुर गरेको छ सोही अनुरूप सजाय दिनु नै दण्डको सार र सिद्धान्त हो । नेपालको संविधानले "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुनेछैन र कुनैपनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन"[६] भनी मौलिक हकको रूपमा समाहित गरेको पाइन्छ । तदनुरूप मुलुकी अपराध संहिता, २०७४ ले "कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनैपनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय हुने छैन।"[७] भनी फौजदारी न्यायको सामान्य सिद्धान्तको रूपमा समाहित गरेको पाइन्छ । अतः प्रतिवादीले २०५७ सालमा गरेको कार्य कसुरका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय गर्नुपर्ने देखिएको र निज प्रतिवादीलाई सोही तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम जरिवाना मात्र गर्दासमेत उक्त ऐनको उद्देश्य पूरा हुने हुँदा निज प्रतिवादीलाई सोही दफा १२ र २९(२) बमोजिम रु.५,०००।- जरिवाना गर्दा मनासिब हुने देखियो ।

८. तसर्थ, प्रतिवादी मुन्नी बस्नेतले २०५७ सालमा साझा प्रकाशनमा सेवा प्रवेश गर्दा झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी सेवामा बहाल रही लाभसमेत प्राप्त गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको पुष्टि हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रु.५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः केशव पराजुली

इति संवत् २०७६ साल कार्तिक २२ गते रोज ६ शुभम्.....।

[५]सर्वोच्च अदालत बुलेटिन , २०६६ पूर्णाङ्क ४०९ पृष्ठ ६.

[६]नेपालको संविधान, धारा २०(४).

[७]मुलुकी अपराध संहिता, २०७४ दफा ७.

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नं. ०७५-CR-०१०९

नि.नं. ३९

फैसला मिति : २०७६।८।२९

मुद्दाः भ्रष्टाचार (घुस/रिसवत) ।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृतद्वय अशोकराज रेग्मी र दिनेश कुमार आचार्यको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंमा कार्यरत कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक श्यामकुमार राई

- **प्रतिवादीले हात धोएको पानीमा फेनाल्फथालिन पाइएको आधारमा मात्र यान्त्रिक रूपमा भ्रष्टाचार जस्तो गम्भीर कसुरमा कसुरदार मान्न फौजदारी न्यायको मान्य सिद्धान्त विपरित हुन जाने ।**
- **प्रतिवादीले हात धोएको पानीको वैज्ञानिक परीक्षण गर्दा फेनाल्फथालिन पाइएको भन्ने प्रतिवेदन प्राप्त भएपनि तत्काल उठान भएको मुचुल्का शङ्कास्पद देखिएको र अन्य स्वतन्त्र प्रमाणबाट परीक्षण प्रतिवेदन समर्थित हुन नसकेको अवस्थामा प्रतिवादीको विरुद्ध भरपर्दो र वस्तुनिष्ठ प्रमाणको रूपमा ग्रहण गर्नु न्यायोचित नहुने ।**

(प्रकरण नं.१३)

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता मुरारी प्रसाद पौडेल

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा र श्री उपेन्द्रकेशरी न्यौपाने, विद्वान् अधिवक्ताहरू श्री सुनिल पोखेल, श्री नरेन्द्रप्रसाद पाठक, श्री टीका बहादुर कुँवर, श्री अम्वर बहादुर राउत, प्रदिपकुमार पोखेल र श्री भीम ढकाल

अवलम्बित नजिर :

- नेकाप २०२१, नि.नं.२२९, पृ.२६
- नेकाप २०६६, अङ्क २, नि.नं.८०८५
- सर्वोच्च अदालत बुलेटिन, २०६८, पूर्णाङ्क ४६९, पृ.१३
- सर्वोच्च अदालत बुलेटिन, २०७५, पूर्णाङ्क ६२९, पृ.१६

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- भ्रष्टाचार निवारण ऐन२०५९ ,
- मुलुकी फौजदारी कार्यवीधी संहिता, २०७४

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गर्दा देहायका प्रश्नउपर न्याय निरुपण गर्नुपर्ने देखिन्छ।
   क. उजुरकर्ता सुजन पौडेल सेवाग्राही हुन् होइनन् ? उजुरकर्ताले प्रतिवादी समक्ष के कुन प्रकृतिको काम लिई सेवा प्राप्त गर्न गएका हुन् ?
   ख. उजुरकर्ताको काम प्रतिवादीले गरिदिएबापत वा नगरिदिएबापत उजुरकर्तासँग घुस रिसवत माग गरी दिन बाध्य पारेका हुन् होइनन् ?
   ग. उजुरकर्ताले प्रतिवादीसँग माग गरेको भनिएको आरोपपत्रमा दाबी लिएको घुस रिसवतबापतको रकम के कुन अवस्थामा कहाँबाट बरामद भएको हो ?
   घ. प्रतिवादीले आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुर गरेको हुन् होइनन् ?
   ङ. प्रतिवादीलाई आरोप दाबीबमोजिम सोही ऐनको दफा ३(१) र ३(१) को देहाय (घ) बमोजिम सजाय हुन सक्ने हो होइन ?
२. पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा, महानगरीय प्रहरी वृत्त बौद्ध, काठमाडौंका कार्यालय प्रमुख, प्र.ना.उ. श्यामकुमार राईले निवेदक सुजन पौडेललाई आफ्नै कार्यालयको कार्यकक्षमा बोलाई सोनी कम्पनीको टि.भी. खरिद गरेबापतको रकम रु. १,४०,०००।- घुस रिसवत उजुरकर्ताबाट लिई आफ्नै कार्यकक्षको टेबुलको बायाँ घर्रामा राखेको अवस्थामा बरामद भएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निबारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर भएकोले निज प्रतिवादी श्यामकुमार राईलाई सोही ऐनको दफा ३(१)(घ) बमोजिम सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आरोप पत्र दायर भएको देखिन्छ।
३. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) मा "राष्ट्रसेवक वा राष्ट्रसेवक हुनलागेको कुनै व्यक्तिले आफ्नो ओहोदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा

नगरिदिएबापत वा आफ्नो ओहोदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलहिजा वा अनिष्ट गराईदिएबापत वा नगर्न वा नगरिदिएबापत आफ्नो वा अरू कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गरेमा रिसवत लिनेलाई कसुरको मात्राअनुसार कैद र जरिवानासमेत हुने" भन्ने र सोही ऐनको दफा ३(१) को देहाय (घ) मा "एक लाख रुपैयाँ भन्दा बढी पाँच लाख रुपैयाँसम्म घुस रिसवत लिनेलाई छ महिनादेखि एक वर्ष छ महिनासम्म कैद सजाय हुने" कानूनी प्रावधान रहेको छ ।

४. उल्लिखित कानूनी प्रावधानअनुसार कुनै व्यक्ति कुनै सेवा लिन सम्बन्धित कार्यालयमा जाँदा सो कार्यालयको सेवाप्रदायक राष्ट्रसेवक कर्मचारीले सेवाग्राहीलाई सेवा प्रदान गर्ने सिलसिलामा सेवाग्राहीको काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहोदासँग सम्बन्धित कुनै काम गर्दा मोलहिजा वा अनिष्ट गर्न वा गराईदिएबापत वा नगर्न वा नगराईदिएबापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिन वा लिन मन्जुर गर्न हुँदैन। यसको लागि उजुरकर्ताले सन्चालन गरेको पेशा व्यवसायसँग सम्बन्धित काम र प्रतिवादीले उजुरकर्तालाई उपलव्ध गराउनु पर्ने सेवा सो क्रममा सम्पादन गर्नुपर्ने कानूनी कर्तव्य परस्परमा अन्तर्सम्बन्धित रहेको देखिनु पर्दछ।

५. निवेदक सुजन पौडेलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष दिएको उजुरी निवेदन र अनुसन्धानको क्रममा गरिदिएको कागज बेहोरा हेर्दा "म विगत एक वर्षदेखि का.जि. शङ्खरापुर नगरपालिकामा वालुवाको व्यवसाय सन्चालन गर्दै आएकोमा प्रतिवादीसँग सोही समयमा भेटघाट भई चिनजान हुँदा व्यवसाय गर्ने व्यक्तिहरू मलाई चाहिँदैन तर भाइलाई म चाहिन्छ भनी मलाई कार्यालयमा बोलाई व्यवसाय गर्ने मानिसले सबैतिर मिलाउनु पर्छ भनी सोनी कम्पनीको टि.भी.खरिद गरेको बिलको भुक्तानी बापतको रकम दिन बारम्बार घुस रिसवत माग गरेको" भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ। निजले के कुन ठाउँमा कहिलेदेखि के कुन नामको फर्म दर्ता गरी विधिवत वालुवा व्यवसाय गरेको हो सो प्रस्ट खुलाएको पाईदैन । यस सम्बन्धमा अदालतमा बकपत्र गर्दा "आफ्नो नाममा फर्म उद्योग दर्ता नगरी साझेदारीमा लगानी गरेको" भन्ने दाबी गरेकोमा उक्त साझेदारी फर्मको नाम, दर्ता गर्ने निकाय, दर्ता नं. विवरण सोधनी गर्दा खुलाउन चाहान्न भनी जवाफ दिन ईन्कार गरेको देखिन्छ। अदालतको आदेशानुसार महानगरीय प्रहरी वृत्त बौद्धको प्राप्त मितिः२०७५।१०।४ को पत्रबाट समेत निवेदक सुजन पौडेलको नाममा शङ्खरापुर नगरपालिकाको अभिलेखमा कुनै पनि व्यवसाय दर्ता रहेको नदेखिएको भन्ने जानकारी प्राप्त भएको देखिन्छ। यसबाट निजको तत्सम्बन्धमा कुनै काम कारोबार रहेको भन्ने देखिन आएन।

६. मितिः २०७५।२।३ देखि महानगरीय प्रहरी वृत्त बौद्धको कार्यालय प्रमुखको रूपमा खटिएका प्र.ना.उ. प्रतिवादी श्याम कुमार राई र उजुरकर्ता सुजन पौडेलविच प्रतिवादी हाजिर भएको मितिबाटै

चिनजान सम्बन्ध भएको, उजुरकर्ता दिनै जसो प्रतिवादीको प्रहरी कार्यालयमा आउजाउ गर्ने, कहिले काहीं दिनमा दुई तीन पटक पनि जाने तर कुनै काम विशेष लिई जाने नगरेको र के काम छ भनी सोधनी गर्दा केही काम छैन आउँदा जाँदा भेटघाट गर्न पसेको भन्नेसमेतको तथ्य प्रतिवादीको बयानबाट खुल्न आएको छ भने उजुरकर्ताले पनि प्रस्तुत बेहोरालाइ अन्यथा भन्न सकेका छैनन्। उजुरकर्ता सुजन पौडेलले रेकर्ड गरेको मितिः२०७५।३।२८ देखि घटना वारदातको दिन मितिः २०७५।६।२० सम्मको प्रतिवादी श्यामकुमार राईसँग भएको फोन संवादको स्क्रिप्ट राईटिङको बेहोरा अध्ययन गर्दा निजहरू बीच निकै सुमधुर र सौहार्दपूर्ण तरिकाले कार्यालय प्रमुख र सेवाग्रहीको हैसियतले भन्दा पनि नितान्त व्यक्तिगत सम्बन्ध दाई भाईको हैसियतले पटक पटक कुराकानी भएको, कहिले काहीं त दिनमा चार पाँच पटक संवाद हुने गरेको, अधिकांश नितान्त व्यक्तिगत र निजी विषयमा कुराकानी हुने गरेको, मितिः २०७५।५।१५ पश्चात् सोनी टि.भी. खरिदको विषयमा र सोको मूल्यको विषयमा समेत कुराकानी भएको खुल्न आउँछ।

७. उजुरकर्ता र प्रतिवादीबीच भएको सम्वादको लामो श्रृङ्खलामा उजुरकर्ता सुजन पौडेलले कुनै काम गरिदिनको लागि प्रतिवादीको कार्यलयमा गएको, उजुरकर्ता वालुवा व्यवसायको कारोवारी भई सोसँग सम्बन्धित काम लिई प्रतिवादीको कार्यलायमा गई प्रतिवादीलाई सहजीकरण गरिदिनका लागि अनुरोध आग्रह गरेको, प्रतिवादीले उजुरकर्ताको काम नगरी मोलमोलाई मोलाहिजा गरी घुस रिसवत माग गरेको, प्रतिवादीलाई घुस रिसवत दिन बाध्य पारेको, दुःख हैरानीमा पारेको भन्ने कहीं कतैबाट खुल्न आएको देखिँदैन। यसबाट उजुरकर्ता कुनै खास प्रकृतिको सेवा लिन प्रतिवादीको कार्यालयमा गएको, सो सेवा प्रदान गर्न प्रतिवादीले ईन्कार गरेको भन्ने देखिन आएन।

८. दोस्रो प्रश्नउपर विचार गर्दा, माथि प्रकरण नं. ३७ र ३८ मा विवेचना गरिएअनुसार उजुरकर्ता प्रतिवादीले सम्पादन गर्ने कानूनी कर्तव्यसँग सम्बन्धित सेवाग्राही नभएको र कुनै काम लिई प्रतिवादीको कार्यालयमा गएको सो काम नगरिदन वा गरिदनको लागि प्रतिवादीले उजुरकर्तालाई दुःख हैरानीमा पारेको भन्ने तथ्य वादी नेपाल सरकारले र उजुरकर्ता स्वयमले पनि स्थापित गर्न सकेको पाइँदैन। प्रतिवादीले निर्वाह गर्नुपर्ने कानूनी कर्तव्यसँग सम्बन्धित वालुवा व्यवसाय बाहेकका उजुरकर्ताको अन्य कुनै व्यक्तिगत कामको विषयमा मोलाहिजा गरी घुस रिसवत माग गरी उजुरकर्तालाई दिन बाध्य पारेको हो की भन्ने संशय र सन्देह पनि कहीं देखिँदैन।

९. उजुरकर्ताले प्रतिवादीले वर्ल्ड कप आएको छ सोनी टि.भी. किनिदिन भनेको, पछि टि.भी. मैले आफैं किनिसकें त्यसको पैसा भुक्तानी दिनको लागि पटक पटक कार्यालयमा बोलाई रुपैयाँ मागेको भन्ने बेहोरा निवेदनमा खुलाएका छन्। तर सोबापत के कति रकम माग गरको हो भन्ने सम्बन्धमा उजुरकर्ताले सो निवेदनमा कहीं रु.१,००,०००।- कतै १,७०,०००।- कतै १,४०,०००।- त कहीं २०,००,०००।- रुपैयाँ माग गरेको भन्ने उल्लेख गरेको पाइयो। त्यस्तै प्रतिवादी र उजुरकर्ता

बीच भएको संवादमा कतै २०।३०।४०।७० त कहीं १,७१,०००।-, १,७६,०००।- भन्ने उल्लेख छ। कतै ४०% डिस्काउन्टको कुरा पनि खुल्न आउँछ। यसबाट प्रतिवादीले उजुरकर्ताबाट के कति रकम माग गरेको हो ? निश्चितरूपमा खुल्दैन भने के कुन कामबापत रकम माग गरेको हो ? सो काम गरिदिनको लागि प्रतिवादी र उजुरकर्ताबीच मोलमोलाई भई रु.१,४०,०००।- लिने दिने तय भई सो रकम उपलव्ध गराउन प्रतिवादीको कार्यालयमा उजुरकर्ता गएको भन्ने पनि देखिँदैन। प्रतिवादी र उजुरकर्ता बीच भएको संवादको ठाउँ ठाउँमा सोनी टि.भी.को कुरा भएको विषयमा प्रतिवादीले व्यक्त गरेको "मैले साउन महिनाको अन्तिममा टि.भी. खरिद गरिसकेको, टि.भी. र सोको बिल उजुरकर्ताले देखि मलाई पनि डिस्काउन्ट अफरमा यस्तै टि.भी. किन्ने व्यवस्था गरिदिन पऱ्यो भनेकोले सोही प्रसङ्गमा टि. भी.को विषयमा कुराकानी भएको" भन्ने भनाईलाई प्रतिवादी र उजुरकर्ता बिच देखिएको व्यक्तिगत सम्बन्धको कडी, घटनाक्रमले उजगार गरेको तथ्यगत श्रृङ्खलासँग तुलना गर्दा अविश्वास गर्नुपर्ने कुनै कारण देखिँदैन। मितिः २०७५।६।२० को ५ बजेर ४८ मिनेट जाँदाको समयमा भएको संवादको स्क्रिप्ट राईटिङको पृष्ठ ३० मा उल्लिखित " उनलाई एकचोटी फोन गरेर मेरो नम्वर दिनु न, को कहाँ हो।"(सुजन पौडेलको संवाद), "अँ ज्ञानबहादुर भन्ने ज्ञानबहादुर गुरुङ के" (श्यामकुमार राईको संवाद) भन्ने बेहोराबाट प्रतिवादीको भनाई समर्थित भईरहेको छ। यदि उजुरकर्ताको भनाईअनुसार प्रतिवादीले खरिद गरेको टि.भी.को बिलवापतको रकम भाटभटेनीका ज्ञानबहादुर गुरुङलाई भेटी तिरिदिन उजुरकर्तालाई प्रतिवादीले अह्राएको हो की भन्नलाई पनि उजुरकर्ताले बिल बापतको रकम कार्यालयमै आएर दिन्छु भनेको र प्रतिवादीले पनि सहमति प्रकट गरी उजुरकर्ता प्रतिवादीको कार्यालयमा रुपैयाँ लिई आई प्रतिवादीलाई दिएको भन्ने पनि खुल्दैन। बौद्धको भाटभटेनीमा शाखा प्रबन्धकको रूपमा काम गर्ने तीनै ज्ञानबहादुर गुरुङले प्रतिवादीको साक्षीको रूपमा अदालतमा उपस्थित भई गरेको बकपत्रमा "डि.एस.पी. श्यामकुमार राईले श्रावणको अन्तिममा ५५" को सोनी टि.भी. डिस्काउन्टसहित रु.१,६१,२५०।०१ मा खरिद गरेको, सोही अफरमा यस्तै टि.भी. मेरो एक जना सुजन पौडेललाई राखिदिनु, उहाँ आई पैसा तिरेर लानुहुन्छ भन्नु भएकोले टि.भी. राखिदिएकोमा वहाँ लिन आउनु भएन" भन्ने बेहोरा लेखाईदिएबाट प्रतिवादीको जिकीर गम्भिर र विश्वसनीय देखिन आई उजुरकर्ताको भनाई प्रतितलायक देखिन आएन। यस रीतका तथ्य प्रमाणबाट उजुरकर्ताको कुनै काम गरिदिएबापत प्रतिवादीले उजुरकर्तासँग घुस रिसवतबापत रकम माग गरेको र उक्त रकम वाध्य भई प्रतिवादीलाई उजुरकर्ताले दिएको भन्ने वादी दावी पुष्टी भएको देखिएन।

१०. तेस्रो पश्नका सम्बन्धमा विचार गर्दा, उजुरकर्तालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपलव्ध गराएको एक हजार दरका १४० थान नोट रु.१,४०,०००।- प्रतिवादीको कार्यालय कक्षमा रहेको टेबुलको बायाँ घर्रामा पत्रिकाले बेरेको अवस्थामा मितिः २०७५।६।२० का दिन

राती आठ बजेको समयमा बरामद भएको तथ्यमा विवाद छैन। उजुरकर्ताले मौकामा गरिदिएको कागज र अदालतमा गरिदिएको वकपत्रमा प्रतिवादीले सोनी टि.भी खरिद गरेबापतको रकम माग गरेकोले उक्त रकम लिई प्रतिवादीको कार्यकक्षमा गई प्रतिवादीले ईशारा गरेअनुसार टेबुलको बायाँ घर्रामा राखिदिएको, तत्पश्चात् प्रतिवादीले आफैले भित्र राखी घर्रा बन्द गरेको भन्ने बेहोरा उल्लेख छ। प्रतिवादीले सो भनाईलाई अस्वीकार गर्दै उजुरकर्ता एक जना महिलासहित कार्यालय कक्षमा प्रवेश गरी टेबुलनिर बस्यो। त्यही समयमा बाहिर ४/५ जना सादा पोशाकका मानिसहरू दौडिँदै कार्यालयको मूलगेटतर्फ आएको देखि म बाहिर जाने क्रममा उजुरकर्ताले पत्रिकामा बेरी राखेको केही चिज घर्रामा राख्यो। मैले के हो भनी उतिरै धकेली ढोकाबाट बाहिर निस्कँदा सादा पोशाकका मानिसले मलाई ठेली भित्र लगे। मैले उजुरकर्तासँग कुनै घुस रिसवत मागेको छैन। मैले अवैध वालुवा व्यवसायलाई कडाई गर्दै आएकोले (सो जिकिर अदालतको आदेशानुसार महानगरीय प्रहरी वृत्त, बौद्धको मितिः२०७५।१०।०४ को प्राप्त पत्रबाट समेत पुष्टी हुने) सोही कारणले मलाई फसाएको हो। सो समयमा कार्यालयको बाहिर युवराज लामा समेतका सेवाग्राही थिए। साँझ भएपनि कार्यालयको झ्यालका पर्दा खुलानै रहेकाले निजहरूले पनि यो घटनालाई हेरिरहेका थिए भन्ने प्रतिवादीको मौकाको बयान रहेको देखिन्छ। मौकाको बयानमा उक्त घटना हुँदा सोही कार्यालयको बाहिर बसी सबै दृश्य देखेका भनिएका युवराज लामाले पनि प्रतिवादीको बयानसँग मिलान हुने गरी भोलिपल्टको कार्यक्रमको समन्वयको लागि श्यामकुमार राई सरलाई कुरिरहेको समयमा एक जना फ्रेन्चकट काटेको मानिस श्याम सरको कार्यकक्षमा पस्यो। त्यसको लगत्तै २४/२५ वर्षको महिला भित्र पसी। उक्त मानिस श्यामकुमार राईको बायाँ पट्टी बसेको थियो। त्यसपछी क्याप लाएका केटाहरू दौडिदै भित्र पसे। उभिएर झ्यालबाट हेर्दा सो मानिसले पत्रिकामा प्याक गरेको सामान घर्रा तानी राखिदियो भन्ने बेहोराको बकपत्र गरेको पाईन्छ।

११. उजुरकर्ता र प्रतिवादीबिच रकम लिने दिने क्रममा उजुरकर्ताको Bugging device बाट तैयार भएको श्रव्यदृश्य भिडियोको इजलासबाट अवलोकन गर्दा उजुरकर्ता र एक जना महिला प्रतिवादीको कार्यकक्षमा प्रवेश गरेको, उजुरकर्ता टेबुलनिर बसेको देखिन्छ तर प्रतिवादीले इसारा गरेअनुसार टेबुलको बायाँ घर्रामा पत्रिकाले बेरेको रकम राखिदिएको, प्रतिवादीले सो रकम भित्र घचेटी घर्रा बन्द गरेको भन्ने उजुरकर्ताको भनाईबमोजिमको कुनै दृश्य देखिँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोली प्रतिवादीको कार्यकक्षमा प्रवेश गर्दाको अवस्थादेखि तयार भएको श्रव्य दृश्यसहितको भिडियो अवलोकन गर्दा टोली प्रवेश गरे लगत्तै पूर्व जानकारी भएझैं गरी प्रतिवादीलाई "टेबुलको घर्रामा रकम छ निकाल्नुस्" भनिएको सुनिन्छ। खानतलासी तथा बरामदी मुचुल्का तयार गर्ने क्रममा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १८(४) बमोजिम खानतलासीको लागि खटिएका अनुसन्धान अधिकारीको जीउ शरीर खानतलासी भएको देखिँदैन ।

उजुरकर्तासँग साथै प्रतिवादीको कार्यकक्षमा पसेकी महिलाको बारेमा प्रतिवादीले वैनी हो भनी उजुरकर्तासँग सोधेकोमा उजुरकर्ताले मेरो मिसेज भनेको पनि सुनिन्छ। तत्कालै प्रतिवादीले आफ्नो सहयोगी प्रहरी कर्मचारीलाई चिया ल्याउन अह्राएको पनि सुनिन्छ। उजुरकर्तासँग साथै गएकी महिला आयोगकै अनुसन्धान अधिकृत विना के.सी. हुन् भन्ने बेहोरा खानतलासी तथा बरामदी मुचुल्कामा निजको समेत नाम उल्लेख भई उक्त मुचुल्कामा सहिछापसमेत गरेकोबाट प्रष्ट हुन्छ। तर उजुरकर्तासँग सँगै प्रतिवादीको कार्यकक्षमा प्रवेश गर्ने निज विना के.सी.को घटना बारदातको विषयमा देखे जानेको तथ्य खुलाई कागज गराएको अवस्था छैन । यदि उजुरकर्ताले भनेजस्तै प्रतिवादीको सहमतीले रकम घर्रामा राखिदिएको, प्रतिवादीले सो रकम भित्र घचेटी घर्रा बन्द गरेको हो भने मौकामा उपस्थित अर्थात् प्रत्यक्षदर्शी निज विना के.सी. समेतको घटना विवरण कागज गराई वादी पक्षले निजलाई साक्षीको रूपमा अदालतमा उपस्थित गराई प्रतिवादीको भनाईलाई असत्य झुठा सावित गर्नु पर्नेमा वादी पक्षले उक्त कानूनी दायित्व निर्वाह गर्नबाट चुकेको अवस्था छ। उपर्युक्त समग्र तथ्य बेहोराबाट उजुरकर्ता प्रतिवादीको कार्यकक्षमा प्रवेश गरी टेबुलनिर बसे लगत्तै सादा पोशाकका मानिसहरू कार्यालयको मूलगेटतर्फ प्रवेश गरेको देखि प्रतिवादी निजको कार्यकक्षको ढोकातर्फ जानेक्रममा प्रतिवादीको सहमति वेगर टेबुलनिर बसेका उजुरकर्ताले पत्रिकामा वेरेको रकम टेबुलको घर्रामा हालिदिएको पुष्टि हुन आएको देखिन्छ ।सोही रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको टोलीले बरामद गरेको अवस्था छ।

१२. अब चौथो प्रश्नउपर विचार गर्दा, आरोपित कसुर प्रतिवादीले मनसायपूर्वक गरेको थियो भनी सप्रमाण पुष्टि गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी नेपाल सरकारको हुन्छ। अर्थात् प्रतिवादीको मनसाय (Mens Rea) र अपराधिक कार्य (Actus Reus) बाट भ्रष्टाचारजन्य कसुर घटित भएको वस्तुनिष्ठ प्रमाणबाट देखिनु पर्दछ। प्रतिवादीउपर भ्रष्टाचारको आरोप लगाउँदैमा कसुरदार कायम भइहाल्ने होइन । विश्वासनीय प्रमाणको अभाव देखिए एवम् शङ्काको गुन्जाईस रहे शङ्काको सुविधा प्रतिवादीले पाउने (Benefit of doubt goes to the accused) फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको देखिन्छ। माथि बिभिन्न प्रकरणहरूमा विवेचना भएअनुसार प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाणहरू हेर्दा, प्रतिवादी मौकामा र अदालत समक्ष आरोपित कसुर गरेमा ईन्कार रही बयान गरेको र उक्त ईन्कारी बयानलाई निजका साक्षीको वकपत्रबाट समर्थन भएको देखिन्छ। उजुरकर्ताको भनाईअनुसार प्रतिवादीले ईसारा गरेपछि रकम घर्रामा राखिदिएकोमा प्रतिवादीले भित्र घचेटी घर्रा बन्द गरेको भन्ने तथ्य श्रव्य दृश्य डि.भि.डी. बाट पुष्टि भएको छैन। प्रतिवादी र उजुरकर्ताबीच भएको संवादको स्क्रिप्ट राईटिङको बेहोराबाट उजुरकर्ता सेवाग्राही भएको, निजले प्रतिवादीलाई कुनै काम गरिदिन अनुरोध गरेको, सोबापत प्रतिवादीले मोलहिजा गरी उजुरकर्तासँग

घुस रिसवत मागेको, घुस रिसवत दिन बाध्य तुल्याई प्रतिवादीले लिई साथमा राखेको अवस्थामा रकम बरामद भएको भन्ने पनि देखिएको छैन।

१३. घटनास्थल प्रतिवादीको कार्यकक्षमा उठाईएको रङ्गेहात परीक्षण तथा नमुना सङ्कलन मुचुल्काको श्रव्य दृश्य भिडियो अवलोकन गर्दासमेत प्रतिवादीले गिलासमा रहेको सफा पानीमा हात डुवाउँदा उक्त पानी वैजनी रातो रंगमा परीणत भएको देखिँदैन। उक्त मुचुल्का कागजमा वैजनी रातो भन्ने बेहोरालाई काटी हल्का रातो लेखि थप गरिएको देखिएकोमा थपघट भएको, काटिएको बेहोरामा अनुसन्धान अधिकृतले सहीछाप गरी प्रमाणित गरेको देखिँदैन। प्रतिवादीले हात डुबाएको पानीको नमूना परीक्षण गर्दा फेनाल्फथालिन पाइएको भन्ने परीक्षण प्रतिवेदन प्राप्त भएको देखिए पनि सिद्धान्ततः कुनै व्यक्तिले हात धोएको पानीको रङ्ग परिणत हुँदैमा स्वतः आरोपित कसुर गरेको सिद्ध हुँदैन। वस्तुतः प्रतिवादीले उजुरीकर्तासँग के कुन प्रयोजनार्थ रकम लिएको थियो? निजले घुस रिसवत माग गरेको थियो थिएन ? निजको घुस रिसवत खाने ईच्छा वा मनसाय थियो थिएन? भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ । ती प्रश्नको निरुपण बेगर प्रतिवादीले हात धोएको पानीमा फेनाल्फथालिन पाइएको आधारमा मात्र यान्त्रिक रूपमा भ्रष्टाचार जस्तो गम्भीर कसुरमा कसुरदार मान्न फौजदारी न्यायको मान्य सिद्धान्त विपरित हुन जान्छ। साथै उक्त पानीको वैज्ञानिक परीक्षण गर्दा फेनाल्फथालिन पाईएको भन्ने प्रतिवेदन प्राप्त भएपनि तत्काल उठान भएको मुचुल्का शङ्कास्पद देखिएको र अन्य स्वतन्त्र प्रमाणबाट परीक्षण प्रतिवेदन समर्थित हुन नसकेको अवस्थामा यसलाई प्रतिवादीको विरुद्ध भरपर्दो र वस्तुनिष्ठ प्रमाणको रूपमा ग्रहण गर्नु न्यायोचित हुँदैन। उजुरकर्ताले पत्रिकामा बेरेको चिजवस्तु घर्रामा राख्ने क्रममा मैले के हो भनी धकेलिदिएको भन्ने प्रतिवादीको बयान बेहोराको सन्दर्भमा प्रतिवादीले हात धोएको पानीमा फेनाल्फथालिन पाइनुलाई स्वाभाविक नै मान्नुपर्ने देखिन्छ ।

१४. भ्रष्टाचार जस्तो गम्भीर कसुर स्थापित हुनका लागि प्रतिवादी कार्यरत कार्यालयको कार्यकक्षभित्र रहेको टेबुलको घर्राबाट रकम बरामद हुनु नै प्रयाप्त प्रमाण बन्न सक्दैन। प्रतिवादीले नै सो रकम घर्रामा राखेको, स्वेच्छाले माग गरेको र स्वेच्छाले नै घुसको रूपमा रकम लिएको तथ्य वस्तुनिष्ठ एवम् विश्वसनीय र प्रचुर एवम् प्रयाप्त प्रमाणबाट पुष्टि हुनुपर्दछ। प्रस्तुत मुद्दाको तथ्यसँग अनुसाङ्गिक हुने भारतीय सर्वोच्च अदालतबाट र सम्मानित सर्वोच्च अदालतबाट बिभिन्न भ्रष्टाचार मुद्दाहरूमा व्याख्या भई प्रतिपादित भएका देहायका न्यायिक सिद्धान्तहरूलाई प्रस्तुत मुद्दामा इन्साफ गर्दा अवलम्बन गर्नुपर्ने देखिन्छ।

- "The Law on the issue is well settled that demand of illegal gratification is sine qua non for constituting an offence under the act, 1988. Mere recovery of tainted money is not sufficient to convict the accused when substantive evidence in the case is not reliable, unless there is evidence to prove payment of bribe or to show that the money was

taken voluntarily as a bribe, Mere receipt of the amount by the accused is not sufficient to fasten guilt, in the absence of any evidence with regard to demand and acceptance of the amount as illegal gratification." (State of Punjab vs. Madan lal verma, 2013(6) Supreme/:2013(10), Scale 211, 2013 SCJ: AIR 2013 SC 3368.)

- "घुस खाई भ्रष्टाचार गरेको साबित गर्ने बुँदा प्रमाणहरू शङ्कारहित हुनुपर्ने, घुस खाई भ्रष्टाचार गऱ्यो भन्ने आरोप कुनै कर्मचारीउपर लगाई निजलाई दोषी बनाउँदा उक्त कर्मचारीले घुस मागी लिएको हो र घुस लिने मनसाय थियो भन्ने कुरा प्रमाणित गर्न सक्नु पर्दछ "(नेकाप २०२१, नि.नं.२२९, पृ.२६)
- कसैउपर दोषारोपण गर्नुमात्र प्रयाप्त हुँदैन, शङ्कारहित ढङ्गबाट ठोस प्रमाणद्वारा आरोप प्रमाणित गराउनु पर्दछ (सर्वोच्च अदालत बुलेटिन, २०६८, पुर्णाङ्क ४६९, पृ.१३)
- "राष्ट्रसेवकको मन्जुरीले घुस लिएको प्रमाणित हुनुपर्दछ" (सर्वोच्च अदालत बुलेटिन, २०७५, पुर्णाङ्क ६२९, पृ.१६)
- "भ्रष्ट्रचार जस्तो गम्भीर अपराधमा अपराध स्थापित हुनको लागि आवश्यक पर्ने आधारभूत तत्त्वको विद्यमानता गम्भीर रूपमा प्रमाणित हुन नसकेको र अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा भ्रष्टाचारको कसुरमा बिना प्रमाण दोषी करार गर्न नमिल्ने" (नेकाप २०६६, अङ्क २, नि.नं.८०८५)

१५. अतः माथि विवचना भएको तथ्य प्रमाण कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तबमोजिम प्रतिवादीले आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुर गरेको पुष्टि भएको नदेखिँदा प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने देखियो ।

१६. अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा, प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन नसकी आरोप दाबीको कसुरबाट सफाई पाउने देखिँदा प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) को देहाय (घ) बमोजिम सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको आरोप दाबीसँग सहमत हुन सकिएन ।

१७. तसर्थ उजुरकर्ताबाट घुस रिसवत माग गरेको र लिएकोमा प्रतिवादी मौकामा र अदालतसमक्ष इन्कार रही बयान गरेको, उजुरकर्ता सुजन पौडेलले मौकामा र अदालतसमक्ष प्रतिवादीले इशारा गरेअनुसार टेबुलको घर्रामा रकम राखिदिएपछि प्रतिवादीले घर्राभित्र धकेलेको भन्ने बेहोरा लेखाएकोमा लेनदेन र खानतलासी तथा बरामदी मुचुल्का तयार गर्ने सन्दर्भमा तयार भएको श्रव्यदृश्य, DVD अवलोकन गर्दा उक्त भनाई समर्थित भएको नदेखिएको, प्रतिवादीको साथबाट रकम बरामद भएको नदेखिएको एवम् उजुरकर्ता सेवाग्राही भई निजको कुनै काम गरिदिएबापत वा नगरिदिएबापत प्रतिवादीले उजुरकर्ताबाट घुस/रिसवत मागेको वा उजुरकर्तालाई घुस/रिसवत

दिन बाध्य पारेको भन्नेसमेत मिसिल संलग्न तथ्य प्रमाणबाट पुष्टि भएको नदेखिँदा प्रतिवादी श्यामकुमार राईले आरोप दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको देखिन नआएकोले निजले आरोप दाबीको कसुरबाट सफाई पाउने ठहर्छ।

सदस्य **सदस्य** **सदस्य**

इजलास अधिकृतः केशव पराजुली

इति सम्वत् २०७६ साल मङ्सीर २९ गते रोज १ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री शिवराज अधिकारी

सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती

फैसला

इजलास नं. १

मुद्दा नं. ०७५-CR-०१८९

निर्णय नं. ३४

फैसला मिति : २०७६।८।२६

मुद्दाः भ्रष्टाचार (घुस/रिसवत)।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतद्वय केदार कोइराला र कपिल वाग्लेको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा प्रा.वि द्वितीय पदमा कार्यरत प्रधानाध्यापक प्रभु गिरीसमेत

- **प्रतिवादीबाट निवेदकले दिएको रकम बरामद भएको र रङ्गेहात परीक्षणबाट निजले उक्त रकम लिएको देखिएकै आधारमा मात्र आरोप दाबीअनुसारको घुस/रिसवत लिएको मान्न नहुने ।**

(प्रकरण नं.११)

वादीका तर्फबाट : विद्वान् शाखा अधिकृत श्री विजयराज घिमिरे

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री नरेन्द्रप्रसाद पाठक र श्री हरिवंश त्रिपाठी

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४
- भ्रष्टाचार निवारण ऐन, २०५९

<u>ठहर खण्ड</u>

१. प्रस्तुत आरोप दाबीअनुसारको कसुर प्रतिवादीहरूबाट भएको हो होइन? प्रतिवादीहरूले कसुर गरेको देखिन आएमा के कस्तो सजाय हुन सक्ने हो भन्ने सम्बन्धमा मिसिल संलग्न सम्बद्ध तथ्य र प्रमाणको आधारमा निरूपण गर्नु पर्ने देखिएको छ ।

२. कुखुरा फर्म सञ्चालन गर्नसमेतको लागि ऋणको आवश्यकता परी बैङ्कमा ऋण माग गर्दा उपलव्ध नभएकोले एकै गाउँका शिक्षक अब्बास मियाँले बैङ्कका कर्मचारीसँग चिनजान रहेको भनी ऋण निकासाको लागि नेपाल बैङ्क लि. श्रीपुर वीरगञ्जमा निवेदन दिएको, बैङ्कका कर्मचारीहरूलाई रु.६०,०००।- दिनुपर्ने भनेकाले पटक पटक गरी रु.४०,०००।- अब्बास मियाँलाई दिएकोमा पनि रु.२०,०००।- माग गरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयमा जानकारी गराएको, अब्बास मियाँले बाँकी रकम प्रभु गिरीलाई दिनु भनेकोले प्रभु गिरीले रु.१२,०००।- माग गरेको भनि निवेदक वीरेन्द्र प्रसाद चौरसियाले आयोग हेटौंडा कार्यालयमा उजुर गरेकाले त्यस कार्यालयबाट उपलव्ध भएको रु.१२,०००।- निवेदकबाट प्रतिवादी प्रभु गिरीले लिएको र निजबाट बरामद भएको भन्ने आधारमा प्रतिवादीहरू अब्बास मियाँ र प्रभु गिरी उपर प्रस्तुत आरोपपत्र दायर भएको देखिएको छ । प्रभु गिरीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा रु.१२,०००।- आफ्नो साथबाट बरामद भएकोलाई स्वीकारै गरेका छन् । अब्बास मियाँले फोनमा भनेअनुसार उक्त रकम लिई राखेको, अब्बास मियाँ मार्फत् थोरै पैसामा काम गराई दिन्छु भन्ने विश्वासमा पारी रु.१२,०००।- निवेदकसँग लिएको भनी प्रभु गिरीले अनुसन्धानको क्रममा बयान गरेको र अदालतमा बयान गर्दा अब्बास मियाँलाई दिन भनी निवेदकले दिएको रकम राखेको, बैङ्कमा ऋण मिलाई दिन रकम नमागेको भनी आरोपित कसुरमा इन्कारी रहेको देखियो। निवेदकले सापटी लगेको रु.१२,०००।- फिर्ता दिन बोलाएकोमा मलाई फुर्सद नहुँदा प्रभु गिरीलाई दिन भनेको, सोही रकम प्रभु गिरीले लिई राखेकोमा बरामद भएको भनी अब्बास मियाँले अदालतसमक्ष बयान गरेको देखिएको छ ।

३. प्रभु गिरीबाट उपर्युक्त अनुसारको रु.१२,०००।- बरामद भएको र निजको रङ्गेहात परीक्षण गरिएको सम्मको तथ्यमा विवाद नरहे पनि प्रतिवादीहरूको बयान जिकिरको आधारमा घुस/रिसवत बापतकै रकम हो होइन भन्ने विषय विवादित रहेको देखियो। बैङ्कबाट ऋण निकाली दिने भनी पहिले रु.४०,०००।- लिएको र त्यसैबापत पुनः रु.१२,०००।- माग गरी लिएको भन्ने उजुरी निवेदन रहे पनि उजुरकर्तालाई वादी पक्षले अदालतसमक्ष उपस्थित गराउन सकेको देखिएन । उजुरी ब्यहोरा अनुरुप हुने गरी उजुरकर्ताका दाई नाताका योगेन्द्र प्रसाद चौरासियाले अनुसन्धानको सिलसिलामा घटना विवरण खुलाई दिएकोमा निजलाई समेत अदालतमा उपस्थित गराएको देखिएन। प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयान ब्यहोराबाट उजुरकर्ता तथा निजको दाइ नाताका योगेन्द्र चौरसीयाको भनाई विवादित देखिएको अवस्थामा निजहरूलाई अनिवार्यतः अदालतसमक्ष उपस्थित गराई निजहरूको भनाई परीक्षण गरी पुष्टि गराउनु पर्नेमा वादी पक्षले निजहरूलाई प्रमाणको रूपमा अदालतसमक्ष प्रस्तुत गर्न सकेको देखिएन।

४. अनुसन्धानको सिलसिलामा नेपाल बैङ्क लि. श्रीपुर शाखा वीरगञ्जमा पत्राचार गर्दा निवेदक वीरेन्द्रप्रसाद चौरसियाले ऋण माग गरेकोमा ऋण स्वीकृत भएको, आवश्यक पर्ने सेवा शुल्क जम्मा नभएको भन्नेसम्मको जवाफ प्राप्त भएको र तत्सम्बन्धी काम कारवाहीको कागजात मिसिल संलग्न रहेको पाइन्छ । सोही बैङ्कका शाखा प्रबन्धक प्रवीन पौडैल र उप-प्रबन्धक भूवनेश यादवले अनुसन्धानको सिलसिलामा गरेको कागज ब्यहोराबाट मागबमोजिमको ऋण स्वीकृत भएकोमा सुरक्षण धितो दिने ऋणीको बाबुको निधन भएको, सम्बन्धित कागजात प्राप्त नभएकोले तत्काललाई लगानी गर्न नसकिएको, अब्बास मियाँ, प्रभु गिरीलगायतका व्यक्तिसङ्ग बैङ्कका कर्मचारीसङ्ग लेनदेन वा कुराकानी भएको जानकारीमा नरहेको भन्नेसमेतको अवस्था देखिएकोले वीरेन्द्रप्रसाद चौरसियाको उजुरी ब्यहोरा तथा निजका दाई योगेन्द्रप्रसाद चौरसियाको भनाई नै शङ्कास्पद अवस्थाको देखिन आएको छ । निजहरूको भनाई अनुरूप बैङ्कको कर्मचारीसङ्ग मिलेमती गरी ऋण निकासा गराई दिएवापत प्रतिवादीहरूले पटक पटक रकम लिएको हो भने बैङ्कका सम्बन्धित कर्मचारीहरू उपर पनि छानविन गरिनु पर्नेमा त्यस किसिमको छानविन गरेको देखिएन ।

५. प्रस्तुत आरोप दाबीका सम्बन्धमा उपर्युक्तअनुसारको अवस्था देखिन आएकोमा आरोप दाबीअनुसारको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर यी प्रतिवादीहरूका हकमा स्थापित हुन सक्ने हो होइन भन्नेतर्फ मुख्यरूपमा विचार गर्नु पर्ने देखिन आएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) मा "राष्ट्रसेवक वा राष्ट्रसेवक हुनलागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिए वापत वा नगर्न वा नगरिदिए वापत वा आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गराईदिएबापत वा नगर्न वा नगरिदिएबापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गरेमा रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसुरको मात्राअनुसार कैद र जरिवानासमेत हुने" भन्ने कानूनी व्यवस्था रहेको देखिएको छ । उपर्युक्त कानूनी व्यवस्थाअनुसारको कसुर स्थापित हुन निम्नानुसारको आधारभूत तत्त्वको विद्यमानता हुनु अनिवार्य हुने देखिन्छः-

क. घुस/रिसवत लिएको व्यक्ति राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको व्यक्ति हुनु पर्ने;

ख. त्यस्तो व्यक्तिले आफ्नो ओहदासम्बन्धी कामसँग सम्बन्धित विषयमा घुस/रिसवत लिएको हुनुपर्ने;

ग. त्यस्तो काम गर्नका लागि वा गरिदिएबापतको लागि वा त्यस्तो काम नगर्न वा नगरिदिएबापतको लागि घुस/रिसवत लिएको हुनु पर्ने;

घ. आफ्नो ओहदासम्बन्धी कुनै काम गर्दा कसैलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराईदिएबापत वा नगर्न वा नगराइदिएबापत घुस/रिसवत लिएको हुनु पर्ने;

ङ. आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएको वा लिन मन्जुर गरेको हुनुपर्ने;

च. उपर्युक्त सबै अवस्थाको विषय प्रकृतिबाट जानाजान दुराशय तथा बदनियतपूर्ण रूपमा उल्लिखित कार्य गरे भएको देखिनु पर्ने;

६. प्रस्तुत आरोप दाबीका सन्दर्भमा प्रतिवादीहरूका हकमा उपर्युक्त कानूनबमोजिमको अवस्था विद्यमान रहेको छ छैन भन्नेतर्फ हेर्नु पर्ने देखिएको छ । जिल्ला पर्सा, छिपहरमाई गाउँपालिका वडा नं. ४ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको प्रा.शि.द्वितीय पदमा रहेको प्रतिवादी प्रभु गिरी प्रधानाध्याकको रूपमा कार्यरत रहेको र श्री रेडक्रस प्राथमिक विद्यालय मुडली फुलवारीया, पर्साका प्रधानाध्यापकको रूपमा अर्का प्रतिवादी अब्बास मियाँ कार्यरत रहेको भन्ने आरोपपत्रबाट देखिएकोमा प्रतिवादीहरूको बयानसमेतबाट दुबै प्रतिवादीहरू छुट्टाछुट्टै विद्यालयका प्रधानाध्यापक रहेको तथ्यमा विवाद नरही स्पष्ट रहेको छ । यी दुबै प्रतिवादीहरू नेपाल बैङ्क लिमिटेड श्रीपुर वीरगञ्ज शाखाका सरोकारवाला अधिकारिक व्यक्ति रहेको देखिने कुनै पनि आधार प्रमाण देखिन सकेको छैन । प्रतिवादीहरू प्रधानाध्यापकको रूपमा राष्ट्रसेवक रहेको देखिए पनि निवेदकले ऋण माग गरेको र कारवाही भएको नेपाल बैङ्क लिमिटेड श्रीपुर वीरगञ्ज शाखासँग राष्ट्रसेवकको हैसियतमा कानूनबमोजिमको सम्बन्ध रहेको देखिंदैन ।

७. बैङ्कले प्रवाह गर्ने ऋणको सम्बन्धमा प्रधानाध्यापकको हैसियतबाट कुनै भूमिका निर्वाह गर्न सक्ने हुँदैन । कुनै बैङ्कको ऋण प्रवाह गर्ने वा नगर्ने विषयमा प्रधानाध्यापकको ओहदाको हैसियतबाट कुनै पनि काम कारवाही गर्न नसक्ने हुँदा निवेदकले बैङ्कबाट माग गरेको ऋणका सम्बन्धमा प्रतिवादीहरूले प्रधानाध्यापकको हैसियतबाट कुनै भूमिका निर्वाह गर्न सक्ने देखिदैन । प्रधानाध्यापकको ओहदाको हैसियतले नै गर्ने कुनै कामका सम्बन्धमा घुस/रिसवत माग गरी घुस/रिसवत लिएमा नै प्रस्तुत आरोप दाबीअनुसारको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर स्थापित हुने हो । अन्य कुनै निकाय वा संस्थासँग सम्बन्धित काम कुरा गराई दिने भनी सो कामसँग सम्बन्ध नरहेको राष्ट्रसेवकले कसैसँग कुनै रकम माग गर्ने र लिने कार्य गरेको आधारमा उल्लिखित दफा ३(१) मा रहेको कानूनबमोजिमको कसुर भएको मान्न मिल्ने हुँदैन । अन्य प्रचलित नेपाल कानूनबमोजिमको कसुर भए गरेको देखिएमा सोही कानूनबमोजिमको कारवाही गर्न नमिल्ने होइन ।

८. प्रधानाध्यापक रहेको आधारमा बैङ्कबाट ऋण उपलव्ध गराई दिने भनी विश्वासमा पारी त्यसबापत रकम माग गरि लिएको स्थितिमा आफ्नो ओहदाको दुरुपयोग गरी सम्बन्धित व्यक्तिलाई विश्वास दिलाई झुक्याइ, गफलतमा पारी कुनै लाभ प्राप्त गरेमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ वा अन्य कुनै सम्बद्ध कानून बमोजिमको कसुर भएको देखिएमा सोही सम्बद्ध कानूनबमोजिम नै कारवाही गर्नुपर्ने हुन्छ । नेपालको संविधानको धारा २० को उपधारा (४) मा "तत्काल

प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजाय भागी हुने छैन" भन्नेसमेतको न्यायसम्बन्धी मौलिक हकको व्यवस्था रहेको पाइन्छ । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २ मा रहेको फौजदारी न्यायका मान्य सिद्धान्तअन्तर्गत दफा ७ मा कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्त सजाय भागी हुने छैन भन्नेसमेतको व्यवस्था रहेको पाइन्छ । यस स्थितिमा कुनै व्यक्तिले प्रचलित कानूनबमोजिमको कसुर हुने कार्य गरेमा सोही कानूनबमोजिम नै कारवाही र सजाय गरिनु पर्ने हुन्छ ।

९. सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको सम्बन्धमा भएको अनुसन्धानबाट त्यस्तो व्यक्तिको काम कारवाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारवाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखि पठाउन सक्ने गरी नेपालको संविधानको धारा २३९ को उपदफा (४) मा व्यवस्था रहेको पाइएकोले अनुसन्धान गर्दै जाँदा अन्य प्रचलित कानूनबमोजिमको कसुर भए गरेको देखिएमा आवश्यक कारवाहीको लागि सम्बन्धित क्षेत्राधिकार भएको अधिकारी वा निकायलाई लेखि पठाउन सकिने देखियो। यस स्थितिमा पनि फरक कानून प्रयोग गरी कारवाही र सजाय गरिएमा उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाअनुसारको फौजदारी न्यायका मान्य सिद्धान्त अनुकूल हुन सक्ने देखिँदैन। ।

१०. पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका वडा नं. ४ मा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापकको रूपमा प्रतिवादी प्रभु गिरी कार्यरत रहेको र पर्सा जिल्लाकै कालिकामाई गाउँपालिका वडा नं.१ मा रहेको श्री रेडक्रस प्राथमिक विद्यालय मुडली फूलवारियाको प्रधानाध्यापकको रूपमा प्रतिवादी अब्बास मियाँ कार्यरत रहेको देखिई राष्ट्रसेवक रहेको देखिए पनि प्रधानाध्यापकको ओहदाको हैसियतले गर्नु पर्ने कुनै कार्य गरेबापत वा गर्नु पर्ने कुनै कार्य नगरेबापत समेतको आधारमा निवेदक वीरेन्द्र प्रसाद चौरसियाबाट कुनै रकम लिएको भन्ने देखिन आएन । आरोप दाबीअनुसार अब्बास मियाँले बैङ्कबाट ऋण निकासा गराई दिने भनी माग गरेको रकम निजले भनेअनुसार प्रभु गिरीलाई दिएको र प्रभु गिरीबाट बरामद भएको देखिएपनि दुबै प्रतिवादीले राष्ट्रसेवकको ओहदाको हैसियतले भए गरेको काम हो भन्न मिलेन । प्रधानाध्यापक हैसियतमा रहेका आधारमा अब्बास मियाँले निवेदकलाई बैङ्कबाट ऋण निकासा गराई दिने कुरामा विश्वास दिलाउन सफल भई, झुक्याई रकम लिन सफल भएको अवस्था हो भने सम्बद्ध कानूनबमोजिमको कारवाही हुन सक्नेमा उपर्युक्त तथ्यका आधारमा नै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसारको कसुर भएको भन्न मिलेन ।

११. राष्ट्रसेवक रहेका व्यक्तिले आफ्नो ओहदाको हैसियतमा गर्ने काम कुराबाहेक सामान्य नागरिकका हैसियतले कसैलाई झुक्याई गफलतमा पारी रकम लिने कार्य गरेकोमा राष्ट्रसेवक भएकै नाताले

भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसारको कसुर भएको मान्न मिल्ने देखिएन । यस स्थितिमा प्रतिवादी प्रभु गिरीबाट निवेदकले दिएको रकम बरामद भएको र रङ्गेहात परीक्षणबाट निजले उक्त रकम लिएको देखिएकै आधारमा मात्र प्रस्तुत आरोप दाबीअनुसारको घुस/रिसवत लिएको मान्न पर्याप्त हुँदैन । तसर्थ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर स्थापित हुनका लागि आवश्यक पर्ने उल्लेखित आधारभुत तत्त्वहरूको विद्यमानता रहेको नदेखिएकोले प्रतिवादीहरू उपरको प्रस्तुत आरोप दाबी कानूनसम्मत रहेको देखिन आएन ।

१२. अतः माथि विवेचित आधार प्रमाणबाट आरोप दाबीको तथ्यका आधारमा प्रतिवादीहरूबाट भ्रष्ट्राचार निवारण ऐन २०१७ को दफा ३ को उपदफा (१) अनुसारको कसुर भएको भन्न मिल्ने अवस्था नदेखिएकोले प्रतिवादीहरू प्रभु गिरी र अब्बास मियाँ उपरको प्रस्तुत आरोप दाबी पुग्न सक्दैन। निज प्रतिवादीहरूले प्रस्तुत आरोप दाबीबाट सफाई पाउने ठहर्छ।

सदस्य **अध्यक्ष**

इजलास अधिकृतः भुपेन्द्र उपाध्याय

इति संवत् २०७६ साल मङ्सिर २६ गते रोज ५ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

सदस्य माननीय न्यायाधीश श्री नारायणप्रसाद पोखरेल

फैसला

इजलास नं. १

मुद्दा नं. ०७२-CR-००३५

निर्णय नं. ७१

फैसला मिति : २०७५।२।२४

मुद्दाः- राज्य विरुद्धको अपराध।

वादी : प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : राष्ट्रिय फुटबल टिमको पूर्व खेलाडी हाल प्रशिक्षक अन्जन के.सी.समेत

- **नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले अव्यवस्था उत्पन्न गरेको वा सो गर्ने उद्योग गरेको अवस्था नदेखिँदा आरोप-पत्रमा दाबी लिइएको जस्तो म्याच फिक्सिङ्ग (Match-Fixing) गरेकै भए पनि उक्त कार्यबाट आफूलाई गैरकानूनी फाइदा पुऱ्याउने नियतबाट प्राप्त गरेको हुनुपर्ने ।**

प्रकरण नं. ५

- **खेलकुदसँग सम्बन्धित म्याच फिक्सिङ्ग (Match-Fixing) लाई कसुर कायम गरी कतिपय मुलुकमा फौजदारी कानूनमा भ्रष्टाचार एवम् ठगीअन्तर्गत राखेर सजायको व्यवस्था गरेको भए पनि म्याच फिक्सिङ्ग (Match-Fixing) को कसुर जन्मकैदको सजाय हुने राष्ट्र विप्लवको कसुरअन्तर्गत पर्ने नदेखिने ।**

प्रकरण नं.७

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री निर्मला शर्मा सुवेदी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री प्रेमबहादुर खड्का र श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री पवित्रा राउत, श्री बुद्धिबहादुर कटुवाल, श्री सेमन्त दाहाल, श्री सन्तोष भण्डारी, श्री शार्दुल थापा र श्री गोविन्द शर्मा "बन्दी"

सम्बद्ध कानून :

- मुलुकी अपराध (संहिता) ऐन, २०७४

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा मूलभूत रूपमा निम्न प्रश्नको निरुपण गर्नुपर्ने देखिन्छ :-

(क) म्याच फिक्सिङ्ग (Match-Fixing) भयो भनिएको समयमा नेपालमा फुटबल खेलमा हुने म्याच फिक्सिङ्ग (Match-Fixing) लाई कसुर कायम गर्ने कानून थियो वा थिएन ?

(ख) म्याच फिक्सिङ्ग (Match-Fixing) लाई सम्बोधन हुने स्पष्ट कानूनको अभावमा म्याच फिक्सिङ्ग (Match-Fixing) को विषय राज्य विरुद्धको (अपराध र सजाय) ऐन, २०४६ बमोजिम राष्ट्र विप्लवको कसुर बन्न सक्छ वा सक्तैन ?

(ग) समग्रमा आरोप दाबी पुग्न सक्छ वा सक्तैन ?

२. पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, सन् २००८ देखि २०१४ सम्म विभिन्न मुलुकमा सम्पन्न भएका विभिन्न प्रकारका अन्तर्राष्ट्रिय खेलमा म्याच फिक्सिङ्ग (Match-Fixing) भयो भन्ने आरोप दाबी छ । सन् २००८ देखि २०१४ सम्मको अवधि भनेको विक्रम संवत् करिब २०६५ देखि २०७१ सम्मको अवधि हुन आउँछ । सो अवधिमा नेपालमा फुटबल खेलमा हुने म्याच फिक्सिङ्ग (Match-Fixing) लाई कसुर कायम गर्ने कुनै कानून प्रचलनमा रहेको पाइएन । म्याच फिक्सिङ्ग (Match-Fixing) को कार्यलाई कसुर कायम गरेर त्यसरी म्याच फिक्सिङ्ग (Match-Fixing) गर्ने खेलाडी, प्रशिक्षक वा सोसँग सम्बन्धित अन्य व्यक्तिलाई सजायको व्यवस्था गर्ने कानूनको अभावमा म्याच फिक्सिङ्ग (Match-Fixing) के हो र मूलभूत रूपमा के प्रयोजनका लागि फुटबल खेलमा म्याच फिक्सिङ्ग (Match-Fixing) गरिन्छ भन्ने कुराको परिभाषा कानूनमा रहने कुरै भएन ।

३. अन्तर्राष्ट्रिय स्तरमा म्याच फिक्सिङ्ग (Match-Fixing) लाई कसरी सम्बोधन गरिएको रहेछ भन्ने विषयमा विचार गर्दा International Olympic Committee र United Nations Office on Drugs and Crimes को संयुक्त तत्त्वावधानमा गरिएको अनुसन्धानलाई आधार बनाएर तयार पारिएको Criminalization approaches to combat Match-Fixing and Illegal/Irregular Betting: A Global Prospective नामक प्रतिवेदनमा म्याच फिक्सिङ्ग (Match-Fixing) लाई यस प्रकार परिभाषा गरेको पाइन्छ :-

"Match-Fixing" shall mean the arrangement on an irregular alteration of the course or the result of a sporting competition or any of its particular events (e.g. Matches, races etc) in order to remove all or part of the uncertainty normally associated with a competition.

त्यसैगरी, म्याच फिक्सिङ्ग (Match-Fixing) सँग सम्बन्धित रहेको अर्को शब्द Irregular betting लाई यस प्रकार परिभाषा गरेको पाइन्छः- "Irregular betting" shall mean all types of betting based on Match fixing.

४. यसरी स्वच्छ प्रतिस्पर्धा भएर खेलिने खेलको नतिजा अनिश्चित हुनेमा म्याच फिक्सिङ्ग (Match-Fixing) भएको खण्डमा चाहेअनुसारको खेलको नतिजा निकाल्नका लागि विभिन्न अनियमित किसिमका व्यवस्था गर्ने, खेल कुन टिमले जित्छ भन्ने बाजी राखी बाजी जिताउन वा हराउन सहयोग पुऱ्याउने र अन्ततः गैरकानूनी किसिमबाट रकम आर्जनको चाँजोपाँजो मिलाइने रहेछ । यी सबै गैरकानूनी कार्य रोक्नका लागि तदनुसारको कानून निर्माण गर्नु पर्नेमा नेपालमा त्यस्तो कार्य रोक्ने कुनै कानून सो अवस्थामा प्रचलनमा रहेको पाइएन । लामो प्रयासपछि २०७४।६।३० मा प्रमाणीकरण भएर २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा पहिलो पटक म्याच फिक्सिङ्ग (Match-Fixing) लाई कसुर कायम गरेर सजायको समेत व्यवस्था गरिएको तथ्यले पनि यसभन्दा अगाडि यस किसिमको कानूनी व्यवस्था नरहेको भन्ने कुरालाई थप पुष्टि भएको छ।

५. अब दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, सबै प्रतिवादीहरू उपर राज्यविरुद्धको (अपराध र सजायँ) ऐन, २०४६ को दफा ३ अर्थात् राष्ट्र विप्लवअन्तर्गत दफा ३.१ को कसुर गरेको अभियोग लगाएर सोही दफाबमोजिम सजायको माग दाबी लिएको देखिन्छ । उक्त ऐनको दफा ३.१ मा "कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा जन्म कैद हुन्छ" भन्ने व्यवस्था भएको पाइन्छ । प्रतिवादीहरू उपर म्याच फिक्सिङ्ग (Match-Fixing) गरी अन्तर्राष्ट्रिय फुटबल खेल हार्ने योजना बनाई मोटो रकम लिई खेल हार्ने गरेको भन्ने आरोप लगाइएको छ । सो आरोपलाई प्रतिवादीहरूले इन्कार गरी बयान गरेका छन् । प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कार्य गरेकै भए पनि निजहरूको उक्त कार्यबाट नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले अव्यवस्था उत्पन्न गरेको वा सो गर्ने उद्योग गरेको अवस्था देखिएन । प्रतिवादीहरूले म्याच फिक्सिङ्ग (Match-Fixing) गरी आरोपपत्रमा दाबी लिइएको जस्तो मोटो रकम प्राप्त गरेकै भए पनि उक्त रकम आफूलाई गैरकानूनी फाइदा पुऱ्याउने नियतबाट प्राप्त गरेको हुनु पर्दछ । अभियोजन पक्षले पनि त्यस किसिमको दाबी लिएको पाईँदैन । जन्मकैद अर्थात् २० वर्ष कैदको सजाय हुने राष्ट्र विप्लवको कसुरअन्तर्गत म्याच फिक्सिङ्ग (Match-Fixing) को कसुर पर्न सक्ने देखिएन ।

६. मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ५१ मा राष्ट्रहित प्रतिकूल काम गर्न नहुने दफा शीर्षकअन्तर्गत सोही दफा ५१ को उपदाफा (३) मा "नेपालको प्रतिनिधित्व गरी नेपाली वा विदेशी मुलुकमा कुनै खेलाडी वा खेलाडीहरूसँग प्रतिस्पर्धा गर्न कुनै खेल खेल्ने नेपाली खेलाडी वा

खेलाडीहरूको समूहले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्न वा खेलाउनु हुँदैन र त्यसरी कुनै खेल खेलिएको रहेछ भने राष्ट्रियहित विरुद्धको कसुर भएको मानिने छ" भन्ने व्यवस्था भएको पाइन्छ भने सोही दफाको उपदफा (४) को खण्ड (ख) मा उक्त कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको पाइन्छ । २०७५ साल भदौ १ गते उप्रान्त ३ वर्षसम्म (१ दिन पनि हुनसक्छ) कैदको सजाय हुने व्यवस्था गरिएको कसुर सो ऐन प्रारम्भ हुनुभन्दा अगाडि जन्मकैद अर्थात् बीस वर्ष (१ दिन पनि घटि हुन सक्तैन) कैदको सजायअन्तर्गत पर्ने कसुर थियो भन्ने कुराको अनुमान गर्नसम्म सकिने अवस्था देखिएन ।

७. खेलमा हुने म्याच फिक्सिङ्ग (Match-Fixing) लाई नियन्त्रण गर्ने प्रयोजनको लागि कानून बनाएर Match-Fixing लाई कसुर घोषणा गरी सजायको व्यवस्था गरेका मुलुकमध्ये जापानमा The Sport Promotion Lottery Law, 1998; गणतन्त्र कोरियामा National Sports Promotion Act (NSPA), 2007; रुसी महासंघमा Criminal Code, 1996; दक्षिण अफ्रिकामा Prevention and Combating of Corruption Activities Act,2004; संयुक्त राज्य अमेरिकामा The United States Code (USC), 2007; संयुक्त अधिराज्यमा British Gambling Act, 2005; र जर्मनीमा German Criminal Code मा Match-Fixing र Illegal Betting लाई कसुरकायम गरेर सजायको व्यवस्था गरेको पाइन्छ । यसरी केही मुलुकमा खेलकुदसँग सम्बन्धित ऐनमा म्याच फिक्सिङ्ग (Match-Fixing) लाई कसुर कायम गरेको पाइन्छ भने अन्य कतिपय मुलुकमा फौजदारी कानूनमा भ्रष्टाचार एवम् ठगीअन्तर्गत राखेर सजायको व्यवस्था गरेको पाइन्छ। ती मुलुकहरूमा फरक-फरक सजायको व्यवस्था गरिएको भए पनि बढीमा ५ वर्षसम्म कैदको सजाय र जरिवानाको प्रावधानसमेत राखेर कानून निर्माण भएको देखिन्छ । यसरी सबै दृष्टिकोणबाट विचार गर्दा म्याच फिक्सिङ्ग (Match-Fixing) को कसुर जन्मकैदको सजाय हुने राष्ट्र विप्लवको कसुरअन्तर्गत पर्ने देखिएन ।

८. अन्तिम प्रश्न अर्थात् समग्रमा आरोप दाबी पुग्न सक्छ वा सक्तैन भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा, माथिका प्रकरणमा विवेचना गरिएजस्तो म्याच फिक्सिङ्ग (Match-Fixing) भयो भनिएको समयमा म्याच फिक्सिङ्ग (Match-Fixing) लाई कसुर कायम गरेको ऐन प्रचलनमा नै नभएको, नेपालको संविधानको धारा २० को उपधारा (४) मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन भन्ने व्यवस्था भएअनुसार प्रतिवादीहरू उपरको आरोप दाबी पुग्न सक्ने देखिएन । त्यसैगरी, राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३.१ को कसुर अर्थात् राष्ट्र विप्लवको कसुरअन्तर्गत पनि प्रतिवादीहरूले गरे भनिएको कार्य पर्न सक्ने अवस्था नदेखिएको हुँदा आरोप दाबी पुग्न सक्ने देखिएन ।

९. तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूले राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ अन्तर्गत राष्ट्र विप्लवको कसुर गरेको नदेखिएको हुँदा सोही दफा ३.१ बमोजिम गरिपाउँ भन्ने आरोप दाबी पुग्न सक्तैन । प्रतिवादीहरू अन्जन के.सी., रितेश थापा, सागर थापा, सन्दिप राई, विकास सिंह क्षेत्री र डेजिब थापाले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः टीकाराम आचार्य

इति संवत् २०७५ साल जेठ २४ गते रोज ५ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द

सदस्य माननीय न्यायाधीश श्री चण्डीराज ढकाल

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. २

सम्वत २०७२ सालको ०७२-CR-००८२

नि.नं. ३०

फैसला मिति : २०७४।११।३

मुद्दाः- <u>राज्य विरुद्धको अपराध।</u>

वादी : प्रहरी निरीक्षक सुरज खड्कासमेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : सुरेन्द्र शर्मासमेत

- **कुनै राजनैतिक विचारधाराको उद्देश्य पूर्तिका लागि जनचेतना अभियान, अन्तरक्रिया, कोणसभा, गोष्ठी, स्वयंसेवक दस्ता निर्माण, सङ्गठन विस्तार र नमूना जनमत सङ्ग्रह गर्ने जस्ता कार्यहरूको सञ्चालन गर्दा हातहतियार र विष्फोटक पदार्थको प्रयोग नगरिनुका साथै कुनै डर-त्रास र आतङ्क बिना विशुद्ध राजनैतिक विचारधाराको उद्देश्य पूर्तिका लागि गरिने गतिविधिहरू गैरकानूनी नहुने।**

(प्रकरण नं.९)

- **नागरिकहरूको असन्तुष्टिको रूपमा उठ्ने त्यस्तो आवाजलाई दमन नगरी अत्यन्त संयमित भई असन्तुष्ट नागरिक अगुवाहरूसँग वार्ता र संवादको माध्यमबाट समस्या समाधान गर्न राज्यव्यवस्था हमेशा अग्रसर रहनुपर्ने ।**

(प्रकरण नं.१५)

- **संवैधानिक प्रावधानको सिमा कसैले पनि नाघ्न नमिल्ने ।**

(प्रकरण नं.१०)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री निर्मला शर्मा सुवेदी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री नारायण झा र श्री सुरेन्द्रकुमार महतो तथा अधिवक्ताहरू श्री धीरेन्द्रकुमार शाह, श्री वीरेन्द्रकुमार ठाकुर, श्री सुरेन्द्रकुमार पटेल र डा. श्री राजेश अहिराज

अवलम्बित नजिर :

- ने.का.प. २०३६, अङ्क १, नि.नं.१२७१
- ने.का.प. २०७३, अङ्क ३, नि.नं. ९५६३

सम्बद्ध कानून :

- नेपालको संविधान
- राज्य विरुद्धका अपराध र सजाय ऐन, २०४६

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निरूपण गरी अभियोग दाबी पुग्न सक्ने-नसक्ने के हो, सो सम्बन्धमा निर्णय गर्नुपर्ने देखियोः-

क) राज्य विरुद्धको अपराध के कस्तो अपराध हो ?

ख) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेको वा सोको उद्योग गरेको भनी मान्न के-कस्तो कार्य भएको हुनुपर्दछ?

ग) विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यापकता र सीमितताको हद कति हो?

घ) कुनै राजनैतिक विचारधाराको उद्देश्य पूर्तिका लागि जनचेतना अभियान, अन्तरक्रिया, कोणसभा, गोष्ठी, स्वयंसेवक दस्ता निर्माण, सङ्गठन विस्तार र नमूना जनमत सङ्ग्रह जस्ता बिना कुनै हातहतियार विष्फोटक पदार्थको प्रयोग, बिना कुनै बलपूर्वक सहभागिता गराइएको र बिना कुनै डर-त्राश फैलाई तथा बिना कुनै आतङ्क मच्चाई गरिने कार्यबाट राज्य विप्लवको कार्य हुन सक्छ-सक्तैन?

ङ) प्रस्तुत मुद्दामा भएको वारदात के कस्तो गैरकानूनी कार्य हो?

२. पहिलो प्रश्न, राज्य विरुद्धको अपराध के-कस्तो अपराध हो भनी विचार गर्ने सन्दर्भमा राज्य विरुद्धको अपराध र सजाय ऐन,२०४६ को प्रस्तावना अध्ययन गर्दा "नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षुण्ण राख्न, विभिन्न वर्ग, जाति, धर्म एवम् सम्प्रदायका जनताका बिच सुसम्बन्ध कायम राख्न तथा विदेशी राज्यसँग मित्रताको सम्बन्ध कायम राख्न राज्यविरुद्ध गरिने अपराध र सजायका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न" उक्त ऐन बनाइएको भन्ने उल्लेख भएको पाइन्छ। त्यसैगरी, सोही ऐनको दफा ३ को उपदफा ३(१) मा "कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्मकैद हुनेछ" भन्ने उल्लेख छ। उपर्युक्त ऐनको प्रस्तावना र दफा ३(१) मा गरिएको प्रावधानलाई बुझ्नका लागि उक्त ऐनमा प्रयुक्त शब्द र शब्दावलीहरू 'राष्ट्र विप्लव', 'सार्वभौमसत्ता',

'अखण्डता', 'राष्ट्रिय एकता', 'अक्षुण्ण', 'खलल', 'उत्पात' र 'विखण्डन' को अर्थ र अवधारणा केलाउनु आवश्यक देखियो।

३. यस सन्दर्भमा नेपाली बृहद शब्दकोष (नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि.सं. २०७२, नवौं संस्करण) समेत अध्ययन गरी हेर्दा, 'राष्ट्र विप्लव' को अर्थ 'राष्ट्रमा उत्पात मचाई मुलुक विखण्डन गर्ने प्रयास वा राष्ट्र टुक्र्याउने गतिविधि' हो भन्ने उल्लेख छ (पृ.१०७५)। 'सार्वभौमसत्ता' को अर्थ, 'राज्यका चारतत्त्व जनसङ्ख्या, भूभाग, सार्वभौमसत्ता र सरकारमध्ये एक तत्त्व' अर्थात् 'नेपालको राजनैतिक व्यवस्थाअनुसार सर्वसाधारण जनतामा रहेको राज्यगत सर्वोच्च शक्ति' भन्ने उल्लेख छ (पृ.१२६७)।'अखण्डता' शब्दको अर्थ 'अटुटपना, सिङ्गो अवस्था वा रूप' भनि उल्लेख छ (पृ. ६)। 'राष्ट्रिय एकता' को अर्थ 'राष्ट्रिय हितका निम्ति राष्ट्रिय अखण्डताको उद्देश्यले सबै जनता परस्पर मिलेर एक भई बसेको अवस्था' लाई भनिएको पाइन्छ (पृ.१०७६ र पृ.१५६)। 'अक्षुण्ण' को अर्थ 'अखण्डित वा समुच्चा' वा नटुक्रिएको' भन्ने हुन्छ । त्यसैगरी, 'खलल' को अर्थ 'चल्दै आएको चलन भाँड्ने वा बिगार्ने काम, विध्नबाधा विरोध' भन्ने रहेको देखिन्छ (पृ.२७४)।'अव्यवस्था'को सम्बन्धमा हेर्दा, व्यवस्था (क्रम, नियम, मर्यादा आदि) को अभाव, शास्त्रविरुद्ध आचरण, प्रबन्ध आदिमा गडवडी, गोलमाल कुव्यवस्था' भन्ने अर्थ गरिएको पाइन्छ (पृ.८३)। 'उत्पात' को अर्थ हेर्दा, 'आकस्मिक रूपमा हुने कष्टदायक कुनै घटना, उपद्रप, अशान्ति, कोलाहल, हलचल, ठुलै झैझगडा, दङ्गा' भन्ने अर्थ गरिएको पाइन्छ (पृ.११४६)। 'विखण्डन' को अर्थ 'कुनै वस्तु खण्ड-खण्ड वा टुक्रा-टुक्रा हुने क्रिया या स्थिति' भन्ने रहेको देखिन्छ (पृ.११४६)।

४. नेपालको संविधानको धारा ३ मा 'राष्ट्र' के हो भन्ने सम्बन्धमा, 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो' भनी राष्ट्रको परिभाषा गरिएको पाइन्छ।

५. 'नेपाल राज्य' को सम्बन्धमा 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनी संविधानको धारा ४ मा भनिएको छ।

६. यसरी, नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रियहित तथा समृद्धिप्रति आस्थावान् रहेका तथा एकताको सूत्रमा आवद्ध सबै नेपाली जनताको अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख एउटा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको पहिचान निर्माण गरेको देश हो । सर्वसाधारण जनतामा अन्तरनिहित राज्यगत सर्वोच्च शक्तिको अटुटपनसहित, अखण्डित, समुच्चा र सिंगो रूपमा रहेको

अर्थात् राष्ट्रिय अखण्डताको उद्देश्यले सम्पूर्ण जनता आपसमा मिलेर एक भई बसेको अवस्थाको देश हो । यसरी, सुव्यवस्थित गरी सञ्चालन गरिएको राज्य व्यवस्थामा कुनै किसिमको विध्नबाधा, उत्पात एवम् अशान्ति मच्चाई कुव्यवस्था र राष्ट्र टुक्रिने विखण्डनको स्थिति सिर्जना गरेको अवस्थामा 'राज्य विरुद्ध अपराध' भएको अर्थात् 'राज्य विप्लव' को गतिविधि गरेको ठहरिने भन्ने प्रावधान राज्य विरुद्धको अपराध र सजाय ऐन, २०६४ को दफा ३(१) मा गरिएको देखिन्छ।

७. दोस्रो प्रश्न, नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेको वा सो को उद्योग गरेको मान्न के कस्तो कार्य भएको हुनुपर्दछ भन्ने सम्बन्धमा विचार गर्दा, नेपालको राजनैतिक व्यवस्थाअनुसार सर्वसाधारण जनतामा अन्तरनिहित राज्यगत सर्वोच्च शक्तिको अटुटपनसहित, अखण्डित समुच्चा र सिँगो रूपमा रहेको अर्थात् राष्ट्रिय अखण्डताको उद्देश्यले सबै जनता परस्पर मिलेर एक भई बसेको अवस्थामा खलल पुऱ्याउने अर्थात् विध्नबाधा र अवरोध उत्पन्न गर्ने अथवा राज्यव्यवस्थामा दङ्गा, उपद्रप, उत्पात र अशान्ति मच्याई कुव्यवस्था र राष्ट्र टुक्र्याउने विखण्डनको स्थिति सिर्जना गरेको खण्डमा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेको वा सोको उद्योग गरेको भनी मान्न सकिन्छ ।

८. तेस्रो प्रश्न, विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यापकता र सीमितताको हद कति हो भन्ने प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको भाग तीन, मौलिक हक र कर्तव्यअन्तर्गत धारा १७(२) मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्ण भेला हुने स्वतन्त्रता र संघ र संस्था खोल्ने स्वतन्त्रता हुने कुराको प्रत्याभूति गरिएको देखिन्छ। संविधानको यस व्यवस्थाले नागरिकको विचार र अभिव्यक्तिलाई त्यसमा अपराध भनी प्रचलित कानूनले परिभाषित गरेको आपराधिक तत्त्वको विद्यमानता नरहेसम्म सोउपर नियन्त्रण गरिने परिकल्पना गरिएको पाइँदैन। त्यसैगरी, राष्ट्रहित, समाजहित, र मानवहितका लागि शान्तिपूर्ण भेलाको आयोजना गरिन्छ र त्यसमा मानिसहरू सामेल हुन्छन् वा त्यस्तो उद्देश्यका लागि संघ संस्था खोल्दछन् भने त्यस्तो भेला हुने वा संघ संस्था खोल्ने हक नागरिकको मौलिक हक हुने कुराको प्रत्याभूति गरिएको पाइन्छ । तर यदि, आयोजना गरिएको त्यस्तो भेलामा हातहतियारको प्रयोग हुन्छ भने त्यस्तो भेलाको आयोजना वा संघ संस्थाको स्थापना र सञ्चालन आपराधिक कार्यमा परिणत हुन पुग्दछ। साथै, त्यस्तो कार्यलाई संवैधानिक व्यवस्थाद्वारा प्रतिबन्ध लगाइएको हुँदा प्रचलित कानूनबमोजिम नियन्त्रित गरिएको देखिन्छ। त्यसैले, विशुद्ध रूपमा राष्ट्र, जनता एवम् मानवताको हितार्थ प्रकट गरिने र सम्प्रेषण गरिने विचार र अभिव्यक्ति तथा सँगठित हुने कार्य मात्र मौलिक हक संरक्षणको परिधिभित्र राज्यद्वारा संरक्षित रहन्छ । तर यदि मौलिक हक संरक्षणको आवरणमा हातहतियार र बल प्रयोग गरी कुनै पनि कार्य गरिन्छ भने त्यस्तो अवस्थामा यस धाराले संरक्षित गरेको विचार

र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रतासम्बन्धी हकको व्यापकताको हद समाप्त हुन गई कानूनको सीमा हद सुरू हुन जान्छ। साथै, त्यस्तो कार्य प्रचलित कानूनद्वारा निसन्देह दण्डनीय हुनुका साथै त्यस्ता राष्ट्रहित, समाजहित र मानवहित विरुद्धका तत्त्वहरूको विद्यमानतामा संविधानको सोही धारा १७ (२) को प्रतिबन्धात्मक व्यवस्थाको रूपमा रहेको उपधारा १ देखि ६ सम्मले कानूनबमोजिम नियन्त्रण हुने सुनिश्चितता प्रदान गरिएको देखिन्छ।

९. चौथो प्रश्न, कुनै राजनैतिक विचारधाराको उद्देश्य पूर्तिका लागि जनचेतना अभियान, अन्तरकृया, कोणसभा, गोष्ठी, स्वयंसेवक दस्ता निर्माण, सङ्गठन विस्तार र नमूना जनमत सङ्ग्रह गर्ने जस्ता कार्यहरूको सञ्चालन गर्दा यदि हातहतियार र विष्फोटक पदार्थको प्रयोग नगरिनुका साथै कुनै डर-त्रास र आतङ्क बिना विशुद्ध राजनैतिक विचारधाराको उद्देश्य पूर्तिका लागि जनताको सहभागिता गराई जनचेतना अभियान, अन्तरक्रिया, कोणसभा, गोष्ठी स्वंयसेवक दस्ता निर्माण र परिचालन, सङ्गठन विस्तार र नमूना जनमत सङ्ग्रह जस्ता कार्यहरू सञ्चालन गरिन्छ भने त्यस्ता गतिविधिहरू गैरकानूनी हुँदैनन् । त्यस्ता गतिविधिहरू एकाइसौं शताब्दीको लोकतन्त्रको प्रतिफलस्वरूप प्राप्त विश्वव्यापी रूपमा स्वीकृत मान्यता र व्यवहारअन्तर्गत पर्दछन्। त्यस्ता गतिविधिहरू राज्यव्यवस्थाअन्तर्गत गरिने प्रचलित राजनैतिक अभ्यासहरूको रूपमा मान्यता पाएका हुन्छन्। त्यस्ता अभ्यासहरू गरिदैँमा सर्वसाधारण जनतामा अन्तरनीहित राज्यगत सर्वोच्च शक्तिको अटुटपन, अखण्डित, समुच्चा र सिंगोरूप खण्डित हुन सक्छ भनी मानिँदैन। यसका अतिरिक्त, राष्ट्रिय अखण्डताको उद्देश्यले सबै जनता परस्पर मिलेर एक भई बसेको अवस्थामा कुनै किसिमले खलल, विध्नबाधा, अवरोध र राज्यव्यवस्था विरुद्ध दङ्गा, उपद्रप, उत्पात र अशान्ति हुन सक्छ भनी कल्पना गरिएको पाइँदैन। त्यस्ता गतिविधिहरूबाट राज्यव्यवस्थामा कुव्यवस्था उत्पन्न भई राष्ट्र टुत्र्याउने विखण्डको स्थिति सिर्जना हुनसक्छ भन्ने जस्ता कुराहरूको संविधान निर्माणकर्ताहरूले कल्पना गरेको पाइँदैन। साथै, त्यस्ता राजनैतिक अभ्यासको सट्टा कसैले राजनैतिक विचार र अभिव्यक्ति तथा संघ संस्था खोल्ने नाममा मानिसहरूलाई हातहतियार वा विष्फोटक पदार्थ वा कुनै त्यस्तै वस्तुको प्रयोग गरी वा नगरी डरत्रास देखाई आतङ्कित बनाई बलपूर्वक भेलामा सामिल हुन बाध्य पारेको अवस्थाबाट मात्र राज्य विप्लव हुन सक्दछ भन्ने विधिशास्त्रीय मान्यता रहेको देखिन्छ।

१०. अब, पाँचौ तथा अन्तिम, प्रस्तुत मुद्दामा भएको वारदात के कस्तो गैरकानूनी कार्य हो भन्ने प्रश्नतर्फ विचार गर्दा, प्रतिवादीहरूले जनचेतना अभियान, अन्तरक्रिया, कोणसभा, गोष्ठी स्वयंसेवक युवादस्ता गठन र सञ्चालन, सङ्गठन विस्तार र जनमत सङ्ग्रह जस्ता गतिविधि सञ्चालन गरेका हुन् भन्ने तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको देखिन्छ। साथै, प्रतिवादीहरूको उल्लिखित कार्यहरूद्वारा मधेसलाई आजादी दिलाउन आफ्नै सेना, प्रहरी, सरकार बनाउने, स्वतन्त्र मधेस निर्माण गर्ने जस्ता विचारहरू केही मानिसहरूसम्म सम्प्रेषण भइरहेको भन्ने तथ्यलाई पनि पुष्टि गर्दछ। यस अवस्थामा

प्रतिवादीहरूबाट भएका उक्त कार्यहरू राज्य व्यवस्थासँगको असन्तुष्टिको स्वरूप मात्र हुन् वा अभियोग दाबीबमोजिमका गैरकानूनी कार्यहरू हुन्, सो सम्बन्धमा समेत विचार गर्नु आवश्यक देखिन्छ । यस सम्बन्धमा विचार गर्ने क्रममा प्रतिवादीहरूबाट तयार भएका राजनैतिक दस्तावेज र अभिव्यक्त विचारहरूलाई अध्ययन गरी हेर्दा, तराई मधेसका जनताहरूलाई राज्यव्यवस्थाबाट अन्य भू-भागका जनताहरूलाई गरिने जस्तो उचित व्यवहार नगरी विभेदजन्य व्यवहार गरिँदै आएको भन्ने भाव उक्त दस्तावेजहरूको माध्यमबाट प्रकट भएको पाइन्छ। राज्यबाट कानूनको नजरमा सबै नागरिकहरू समान मानिनुपर्ने र कानूनको प्रयोगमा सबै नागरिकहरूका बीच कुनैपनि किसिमको विभेद नगरिनुपर्नेमा त्यसो नभई विभेदपूर्ण व्यवहार गरिएको छ भन्ने असन्तुष्टी प्रतिवादीहरूमा व्याप्त रहेको छ भन्ने कुरा उक्त दस्तावेजहरूको अध्ययनबाट अनुभूति हुन्छ। प्रतिवादीहरूको अभिव्यक्तिको गहिराई र गम्भीरतालाई मध्यनजर गर्दा राज्यव्यवस्थाबाट देशको अन्य भू-भागमा बसोवास गर्ने जनतालाई व्यवहार गरिए सरहको समान व्यवहार नगरिने हो भने मधेस भू-भागका जनतालाई पूर्णसंरक्षण प्रदान गर्न छुट्टै राजनैतिक विषयवस्तु र भिन्न पहिचान तथा स्वतन्त्र अस्तित्वको भूगोल चाहिन्छ भन्ने सन्देश उक्त दस्तावेजमार्फत् प्रतिवादीहरूले दिन खोजेको पाइन्छ । मिसिल संलग्न दस्तावेजहरूमा अभिव्यक्त प्रतिवादीहरूको यस्तो विचारले निरन्तर प्रश्रय पाइरहने हो भने त्यसले मधेसका जनतालाई विद्रोहका लागि उक्साउने र देशको अन्य भू-भागमा बसोबास गर्ने जनताविरुद्ध द्वेष र घृणा उत्पन्न गर्न सक्छ भन्ने कुरामा शङ्का गरिरहनु पर्दैन। यद्यपि, प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट उठाइएको विषयवस्तु र बिरोधको स्वर केवल राज्यव्यवस्थाप्रतिको असन्तुष्टिस्वरूप उत्पन्न भाव हो वा राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गतको आपराधिक कार्य हो भन्ने समेत यहाँ केलाएर हेर्नु आवश्यक देखिन्छ ।

११. प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मूलतः तराई मधेस क्षेत्रको रूपमा रहेको देशको एउटा ठूलो भू-भाग र त्यस भू-भागमा बसोबास गर्ने लाखौँलाख जनताको अधिकारसँग सम्बन्धित विषयलाई लिएर वैकल्पिक एजेन्डा बनाई जनजागरण गर्न खोजेको देखिन्छ। प्रतिवादीहरूले तयार पारेको दस्तावेजहरू हेर्दा शान्ति र अहिंसाका अग्रजहरूको रूपमा स्थापित विश्वविख्यात दार्शनिकहरू गौतम बुद्ध, महात्मा गान्धी र नेल्सन मण्डेलालाई साङ्केतिक रूपमा प्रतिवादीहरूले आदर्श मानेको भन्ने पनि देखिन्छ। प्रतिवादीहरूको कुनै पनि गतिविधिमा हातहतियार वा विष्फोटक पदार्थको प्रयोग तथा जोरजुलम गरी बलपूर्वक मानिसहरूलाई सहभागी हुन बाध्य बनाइएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट नदेखिनुले प्रतिवादीहरूले अहिंसाको नीतिलाई अबलम्वन गरेकै छन् भन्ने तथ्य पुष्टि भइरहेको देखिन्छ ।

१२. त्यसकारण, प्रतिवादीहरूबाट गरिएको कार्य अभियोजित राज्य विरुद्ध अपराध र सजाय ऐन, २०४६ को दफा ३.१ अन्तर्गतको अपराध हो भन्ने देखिएन । यद्यपि, सोही ऐनको दफा ४ अन्तर्गतको

राजद्रोहको अपराध हो-होइन भनी विचार गर्न मिल्छ-मिल्दैन भन्ने सन्दर्भमा हेर्दा, यस्तै विषयवस्तु समावेश भएको राजकाज (अपराध र सजाय) ऐन, २०१९ को दफा २ अन्तर्गत सजाय गरिपाउँ भनी अभियोजन भएको एउटा मुद्दा (ने.का.प. २०३६, अङ्क १, वैशाख, निर्णय मिति २०३६।०६।०७, नि.नं.१२७१, 'ईश्वरकुमार घिमिरे विरुद्ध श्री ५को सरकार) मा "...राजकाज (अपराध र सजाय) ऐन,२०१९ को दफा (४) को उपदफा (१) र (२) अन्तर्गत भनी सुरू अञ्चलाधीशको कार्यालय बागमती अञ्चलले जन्मकैदको सजाय गरेको मध्यमाञ्चल क्षेत्रीय अदालतले सदर गरेको देखिन्छ तर उक्त राजकाज (अपराध र सजाय) ऐन, २०१९ को दफा ४ को उपदफा (१) अन्तर्गतको दाबी नै नभएकोमा सो ऐन लगाई जन्मकैदको सजाय गरेको सुरू अञ्चालाधीशको कार्यालय, वागमती अञ्चलको फैसला सदर गरेको मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला मिलेको देखिएन" भनी श्री सर्वोच्च अदालतबाट फैसला भइरहेको पृष्ठभूमिमा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारबाट अभियोजन नै नभएको राज्य विरुद्धको अपराध र सजाय ऐन, २०६४ को दफा ४ अन्तर्गत प्रस्तुत मुद्दाको वारदात भए-नभएको सम्बन्धमा विचार गरिरहनुको औचित्य नहुने हुँदा त्यसतर्फ विचार गरिरहुन परेन।

१३. प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट गरिएका कार्यहरू राज्यव्यवस्था विरुद्धको असन्तुष्टिस्वरूप उत्पन्न भाव मात्र हो त भन्ने सम्बन्धमा विचार गर्दा, राज्यव्यवस्था त्यस्तो आधारभूत सिद्धान्तबाट संरचित र स्थापित भएको हुन्छ, जसमा अवलम्बन गरिएको शासन पद्धतिको निर्देशक सिद्धान्त परिवर्तन भएपनि राज्यव्यवस्था सञ्चालनको आधारभूत संरचना मौलिक रूपले परिवर्तन हुँदैन । राज्यव्यवस्था सञ्चालन पद्धतिको प्रतिरूप (Model) परिवर्तन हुनसक्ला, साथै, कायम गरिआएको प्राथमिकताक्रम र विषयहरू संशोधन हुन सक्लान्, तर तिनबाट राज्यव्यवस्था सञ्चालनको स्थायित्वमा असर पर्न सक्तैन।किनकि, राज्य सञ्चालनको आधारभूत संरचना न त त्यस्तो कुनै कमजोर सामाग्रीहरूको संयोजनबाट बनेको घर जस्तो हुन्छ, न कुनै त्यस्तो कमजोर राजनैतिक विचारधाराको जगमा स्थापना भएको हुन्छ, जो कुनै फरक राजनैतिक उद्देश्यले गरिने कुनै गतिविधिले वा कुनै विचारको अभिव्यक्तिले ढल्ने वा भत्किने अर्थात् राज्य विप्लव हुन सकोस् । नागरिकहरूको कुनै समूहले देशमा कायम रहेको राजनैतिक वितरण प्रणाली र शासन व्यवस्था खण्डित हुने गरी कुनै नयाँ प्रतिरूप (Model) को विकल्प प्रस्तुत गर्दै राजनैतिक वितरण प्रणाली र शासन व्यवस्था यस्तो हुनुपर्दछ भनेर जनतामा आफ्नो विचार सम्प्रेषण गर्ने किसिमको गतिविधि गर्दछ र त्यसमा कानूनद्वारा वर्जित हिंशा, बल, हातहतियार, विष्फोटक पदार्थ वा त्यस्तो कुनै वस्तुको प्रयोग गरिँदैन भने त्यस्तो गतिविधिबाट राज्य विप्लप हुन्छ भनी मान्न सकिँदैन।

१४. यसका अतिरिक्त, नेपालको संविधानमा सङ्कल्प गरिएको बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता,

सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, क्षेत्रीय, भाषिक र सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने दायित्व राज्यव्यवस्थामा सन्निहित रहेको देखिन्छ। यद्यपि, त्यस्तो दायित्व पालना गर्न राज्यव्यवस्था सधैं अत्यन्त सक्रिय रही राज्यमा उपलब्ध स्रोतसाधन र अवसरहरूको आफ्ना नागरिकहरूमा न्यायोचित वितरण गर्न र समान रूपमा उनीहरूको संरक्षण गर्न सफल हुन्छ नै भनेर भन्न सकिन्न । राज्यको आवश्यकता र संचालकको दृष्टिकोणका आधारमा राज्यको साधनस्रोतको वितरण प्रणाली कायम हुने र समयसापेक्ष रूपमा तिनको प्राथमिकताका विषयहरूमा अन्तर आउन सक्छ । त्यसरी, साधनस्रोतको वितरण प्रणाली र प्राथमिकतामा आउने परिवर्तनले जनसंख्याको ठूलो हिस्सा राज्यमा उपलब्ध साधनस्रोतको लाभ पाउनबाट बञ्चित हुनगई असन्तुष्टिको लहर पनि उत्पन्न हुन सक्छ । त्यसरी, असन्तुष्टिको लहर उत्पन्न हुँदा राज्यबाट लाभ पाउनबाट वञ्चित हुन पुगेका नागरिकहरूमध्येको कुनै समूहद्वारा राज्यव्यवस्थाको आफूतर्फ ध्यानाकर्षण गर्न विभिन्न किसिमका राजनैतिक गतिविधि सञ्चालन गर्ने र त्यसलाई तीव्र पार्ने कार्य हुन सक्छ । राज्यव्यवस्थाप्रति असन्तुष्टिस्वरूप अभिव्यक्त हुने त्यस्ता विचार कुनै पनि गतिविधिमार्फत् प्रकट हुन सक्दछ। जुन वस्तुतः यी यस्ता विचार, व्यवहार एवम् गतिवधि लोकतन्त्रका लागि अमूल्य उर्जा हुन्छन्। नागरिकस्तरबाट राज्यप्रति लक्षित भई गरिने त्यस्ता गतिविधिबाट राज्यव्यवस्थाले आफू कहाँ चुकियो र कहाँ आफ्नो ध्यान पुग्न सकेन भनी विचार गर्दै विरोधको रूपमा देखिएको नागरिक असन्तुष्टिलाई के कसरी सम्बोधन गर्नुपर्ने हो, सो सम्बन्धमा राज्यद्वारा आवश्यक र उचित कदम चालेर ती असन्तुष्ट नागरिकहरूको असन्तुष्टि र असजिलोपनलाई हटाउने प्रयत्न गरिनुपर्ने हुन्छ ।

१५. नागरिकहरूको असन्तुष्टिको रूपमा उठ्ने त्यस्तो आवाजलाई दमन नगरी अत्यन्त संयमित भई असन्तुष्ट नागरिक अगुवाहरूसँग वार्ता र संवादको माध्यमबाट समस्या समाधान गर्न राज्यव्यवस्था हमेशा अग्रसर रहनुपर्ने हुन्छ । नागरिकहरूको आवाज र गुनासाहरूलाई सुनेर समस्या समाधान गर्न सधैं अग्रसर रहने राज्यव्यवस्थाको यिनै गुण र स्वभावले कहिलेकहीं नागरिकहरूमा छाउने निराशा र वितृष्णालाई मेटाई राज्यप्रति आस्था र भरोसा जगाउन मद्दत गर्दछ। त्यसैले, आफ्ना नागरिकहरूप्रति जन्म, जात, लिङ्ग, वर्ण, वर्ग, धर्म र भूगोलको आधारमा हुनसक्ने पूर्वाग्रह र विभेदलाई अत्यन्त संवेदनशीलताका साथ हेरी सम्पूर्ण नागरिकहरूप्रति समताभाव कायम गर्ने गराउने राष्ट्रिय दायित्वबाट राज्यव्यवस्था कहिल्यै पनि उदासीन रहन मिल्दैन । अन्यथा, साँच्चिकै राज्य विप्लवको अत्यन्त खराब, हानिकारण र राष्ट्रघाती परिस्थितिले टाउको उठाउने अवसर पाउन सक्ने सम्भावना हुन्छ । यस्तो राष्ट्रघाती परिस्थितिको सम्भावनालाई कहिल्यै पनि कसैले पनि नजरअन्दाज गर्न मिल्दैन ।

१६. यिनै प्रतिवादीहरूमध्येका डा. सि. के. राउत भन्ने चन्द्रकान्त राउत विरुद्ध नेपाल सरकार वादी भएको यसै प्रकृतिको राज्य विरुद्धको अपराध मुद्दा (ने.का.प. २०७३, भाग ५८, असार, अङ्क ३, नि.नं. ९५६३, २०७२।१०।०३) मा प्रतिवादीले बल प्रयोग गरी शान्ति अमनचयन भङ्ग गरी शान्ति व्यवस्थालाई खलल पुऱ्याई अव्यवस्था उत्पन्न गरेको भन्ने साथै प्रतिवादीबाट कुनै हातहतियार, आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्वलनशील तथा मधेशलाई नेपालबाट विखण्डन गर्ने खालको कुनै वस्तु बरामद भएको नदेखिँदा प्रतिवादीलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसला सदर हुने भनी श्री सर्वोच्च अदालतबाट फैसला भएको समेतका आधारलाई मध्यनजर गर्दा वादी दाबी पुग्न सक्ने देखिएन।

१७. अतः उपर्युक्त विवेचित तथ्य, प्रमाण र कानूनी व्यवस्थाहरूको आधारमा प्रतिवादी चन्द्रकात राउतसमेतका जना ४(चार) प्रतिवादीहरूलाई राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) को कसुरमा ऐ.दफा ३(१) बमोजिम सजाय गरिपाऊँ भन्ने आरोप दाबीसहित मुद्दा पेस भएकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७२।१०।०३ मा यसै विषयमा भएको फैसला र राष्ट्र विप्लव गरेको भन्ने ठोस र वस्तुनिष्ठ थप प्रमाण अभियोजन पक्षले पेस गरी प्रतिवादीहरूउपरको आरोप दाबी पुष्टि गर्न सकेको नदेखिँदा सम्पूर्ण प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ ।

रत्नबहादुर बागचन्द
सदस्य

१. प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई अभियोगदाबीको कसुरबाट सफाइ दिने भन्ने सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्दज्यूको रायमा सहमत भए पनि प्रतिवादीहरूलाई सफाइ दिने गरी प्रस्तुत गरिएका निर्णयाधारहरूमा सहमती हुन नसकेकोले देहायबमोजिमका अलग्गै निर्णयाधारका आधारमा सफाइ दिन उपयुक्त ठानेकाले विशेष अदालत ऐन, २०५९ को दफा ६(३) बमोजिम अलग्गै राय पेस गरेका छौं।

सदस्यद्वय माननीय न्यायाधीश श्री चण्डीराज ढकाल तथा माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्यको फरक निर्णयाधार र बहस बुँदा :-

१. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विदुषी उप-न्यायाधिवक्ता श्री निर्मला शर्मा सुवेदीले, प्रतिवादीहरूले नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पार्ने नियतले राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) बमोजिमको कसुर गरेको तथ्य निजहरूबाट बरामद भएका व्यानर, पर्चा, पम्पलेट एवम् निज प्रतिवादीहरूले गरेका कार्यक्रम, गतिविधिहरूबाट

पुष्टि भइरहेका छन । प्रतिवादीहरू निजहरूले गरेका कार्यक्रमस्थलबाटै पक्राउ गरिएका छन् । सो कार्यक्रमहरूमा निजहरू उपस्थित रहेको कुरा मौकामा गरेको बयानमा स्वीकार गरेको समेत पाइन्छ । प्रतिवादीहरूले जनचेनता अभियान, कोणसभालगायतका विविध कानून विपरीतका गतिविधि गरेका र प्रतिवादीमध्येका सि.के राउत भनिने चन्द्रकान्त राउत संयोजक रहेको स्वतन्त्र मधेश गठबन्धन नामक सङ्गठन निर्माण एवम् सङ्गठन विस्तारका कार्य गरेको समेत देखिएबाट प्रतिवादीहरूले आरोपित कसुर गरेको सम्पुष्टी भएको स्थितिमा प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय हुनु पर्दछ भन्ने समेत वहस प्रस्तुत गर्नु भयो।

२. प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्धय श्री नारायण झा र श्री सुरेन्द्रकुमार महतो तथा विद्वान् अधिवक्ताहरू श्री धिरेन्द्रकुमार शाह, श्री विरेन्द्र कुमार ठाकुर श्री सुनिल पट्टेल र श्री राजेश अहिराजले, प्रतिवादीहरूले राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) अन्तर्गत राष्ट्र विप्ल्वको कसुर गरेका छैनन् । निजहरूले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतबाट देशमा कुनै अव्यवस्था उत्पन्न गर्ने कार्य गरेका छैनन् । नेपालको संविधानबमोजिम शान्तिपूर्ण तवरबाट भेला हुने, विचार अभिव्यक्त गर्न पाउने, संघ, सङ्गठन खोल्न पाउनेलगायतका अधिकार प्रत्येक नेपाली नागरिकलाई भएकोले प्रतिवादीहरूले संविधान प्रदत्त अधिकारको उपभोगका क्रममा सि.के. राउत भनिने चन्द्रकान्त राउतको संयोजकत्वमा स्वतन्त्र मधेश गठवन्धन नामक सङ्गठन स्थापना गरी त्यसका उद्देश्य बमोजिम सङ्गठन विस्तारका विभिन्न विधि अवलम्वन गर्ने क्रममा आवश्यक क्रियाकलाप र गतिविधि सञ्चालन गरेका हुन । प्रतिवादीहरूबाट बरामद भएका पर्चा, पम्पेलट र व्यानरलगायतका सामग्रीबाट अभियोग दाबीबमोजिमको कसुर कायम गर्न मिल्ने अवस्था छैन । प्रतिवादीहरूको कार्यलाई छापाखाना तथा प्रकाशन ऐनअन्तर्गत वा राज्य विरुद्धका अपराध र सजाय ऐनअन्तर्गत अन्य दफाहरू प्रयुक्त हुन सक्दथ्यो तर अन्य दफाअन्तर्गत अभियोग दाबी नै प्रस्तुत नभएको र राष्ट्र विप्लवको कसुर प्रतिवादीहरूको कार्यहरूबाट प्रमाणित हुन सक्ने नदेखिएबाट आरोपित कसुरबाट प्रतिवादीहरूले सफाई पाउनु पर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नु भएको पाइयो ।

३. प्रतिवादीहरू बुधेश्वर मण्डल, मोहम्मद उसमान मियाँ, सुरेन्द्र शर्मा र सि.के राउत भनिने चन्द्रकान्त राउतले राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ को उपदफा ३(१) बमोजिमको कसुर गरेकाले सोही ऐनको दफा ३(१) बमोजिम निज प्रतिवादीहरूलाई जन्म कैदको सजाय गरी पाउँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा, विद्वान्हरूको बहस जिकिर एवम् मिसिल कागजातसमेतलाई दृष्टिगत गरी प्रतिवादीहरूले आरोपित कसुर गरेका

हुन, होइनन् ? निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुने हो, होइन भन्ने सन्दर्भमा न्याय निरूपण गर्नु पर्ने देखिन आयो ।

४. निर्णय तर्फ हेर्दा, जिल्ला सप्तरी, राजविराज न.पा.वडा नं ३ स्थित नेता चौकबाट पूर्व मिति २०७२।११।९ गते दिनको १३.४५ बजेको समयमा स्वतन्त्र मधेश गठबन्धन लेखिएको व्यानरसहित नेपालको तराई भू–भागलाई नेपालबाट छुट्टै राज्य बनाई मधेश आफ्नो कव्जामा लिई आफ्नै छुट्टै देश बनाउनु पर्छ भन्दै नेपालको संविधान विपरितको कार्य गरिरहेका सुरेन्द्र शर्माको साथबाट मोवाइल थान १ र स्वतन्त्र मधेश गठबन्धन क्या है भनि लेखिएको कागज, बुधेश्वर मण्डलको साथबाट मोबाइल थान १, उस्मान मियाँको साथबाट मोवाइन थान १ स्वतन्त्र मधेश निर्वाचनमा भागले लेखिएको कागज १ अब क्या देखना बाँकी है लेखिएको कागज थान १ र विरोधच्याली लेखिएको व्यानर थान १ बरामद गरिएको भन्ने बरामदी मुचुल्का साथ सुरेन्द्र शर्मा, उस्मान मियाँ र बुधेश्वर मण्डललाई पक्राउ गरी कानूनबमोजिम कारवाही र सजाय गरी पाउँ भनी प्रहरी निरीक्षक सुरज खड्कासमेतको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको कारवाही प्रारम्भ भएको देखिन्छ ।

५. प्रतिवादी सि.के.राउतको स्वतन्त्र मधेश गठबन्धन नामक सङ्गठनमा कार्यकर्ता भई लागेको हुँ । यसको संस्थापक सि.के.राउत हुन्, निजैले यस संस्थाको घोषणा पत्रलगाएतका कागजात बनाएका हुन। समग्र मधेशलाई नेपाल सरकारले उपनिवेश बनाई राखेको हुँदा उपनिवेशबाट मधेशलाई मुक्त गराउन स्वतन्त्र मधेश गठबन्धनमा लागेको हुँ भन्नेसमेत मौकामा पक्राउ परेका प्रतिवादीहरू सुरेन्द्र शर्मा, मो.उसमान मियाँ र बुधेश्वर मण्डलले अनुसन्धानको क्रममा बयान गरेका छन । अदालतसमक्ष प्रतिवादी बुधेश्वर मण्डलले बयान गर्दा मिति २०७२।११।९ गते म कुनै कार्यक्रममा गएको थिइन, सडकछेउ उभिएको अवस्थामा अमानवीय व्यवहार गरी भेदभावपूर्ण शब्द प्रयोग गरी पक्रेकोले स्वेच्छिक गिरफ्तारी दिएको हो । मैले आरोप दाबीअनुसार राज्य विरुद्धको कुनै कार्य गरेको नहुँदा सफाई पाउँ भन्ने र प्रतिवादी सुरेन्द्र शर्माले, म मधेश देश टुक्राउन पाउनु पर्छ भनी माग भएको कुनै पनि सङ्गठनमा आवद्ध छैन । मैले राज्य विद्रोही हुने कुनै पनि गतिविधि गरेको नहुँदा सफाइ पाउँ भन्ने र प्रतिवादी मोहमद उस्मान मियाले, मैले राज्य विरुद्धको कुनै अपराध हुने गरी कुनै कार्य गरेको छैन, स्वतन्त्र मधेश गठबन्धन संस्थासँग म आवद्ध छैन । म नेपाल राज्यको स्वतन्त्रता अखण्डता अक्षुण हुनुपर्छ भन्ने मान्यता राख्दछु म निर्दोष हुँदा सफाई पाउँ भनी र प्रतिवादी सि.के. राउत भनिने चन्द्रकान्त राउतले, लगभग ४ वर्षदेखि सामाजिक आर्थिक, साँस्कृतिकलगायतका पक्षको उत्थान गर्ने हेतुले स्वराज अभियान सुरू गरेको हुँ । स्वतन्त्र मधेश गठबन्धन एउटा अनौपचारिक समूह हो । यो

कहीं कतै दर्ता छैन । उत्पीडनमा परेका मधेशी समुदायलाई सफाइ तर्फ डोऱ्याउन यो संस्थाको संयोजक भई कार्य गर्दै आएको हुँ । नेपालको वर्तमान संविधानले सार्वभौमसत्ता जनतामा निहित रहने व्यवस्था गरेकोले समाजमा रहेका ब्याप्त विभेद र असमानताको प्रेरणाबाट स्वराज अभियानमा लागेको हुँ । मसमेत प्रतिवादी भएको स.फौ.नं. ०७१–CR–००९३ को राज्य विरुद्धको अपराध मुद्दामा विशेष अदालतबाट सफाई पाएकोमा श्री सर्वोच्च अदालतबाट पनि सदर फैसला भएकाले प्रस्तुत मुद्दाबाट पनि सफाइ पाउँ भनी बयान जिकिर गरेको देखियो ।

६. प्रतिवादीहरू उपर कसुर आरोपित गरिएको राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) मा "कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्मकैद हुन्छ" भन्ने कानूनी व्यवस्था रहेकोछ । नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षुण राख्न, विभिन्न वर्ग, जाति, धर्म एवम् सम्प्रदायका जनताका बिच सुसम्बन्ध कायम राख्न, शान्ति र व्यवस्था कायम राख्न तथा विदेशी राज्यहरूसँग मित्रताको सम्बन्ध कायम राख्ने उद्देश्यले राज्य विरुद्ध गरिने अपराध र सजायको व्यवस्था गर्न सो ऐनको निर्माण भएको यस्को प्रस्तावनाबाट देखिन्छ ।

७. संयुक्त राष्ट्र संघद्वारा अन्तराष्ट्रिय मानव अधिकार घोषणापत्रमा उद्घोषित मानव अधिकारहरू, नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र भएकाले तदनुरूपका मानव अधिकार मौलिक हकको रूपमा नेपालको संविधानको भाग ३ मा समावेश गरिएका छन् । तीमध्ये नेपालको संविधानको धारा १७ मा स्वतन्त्रता सम्बन्धी हकको प्रावधान छ भने सोही धारा १७ को उपधारा २ मा देहाय बमोजिमको स्वतन्त्रतासमेतको प्रत्याभूत गरिएको छ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता ,

(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता ।

७. उल्लेखित स्वतन्त्रताको प्रत्याभूतिका अतिरिक्त सोही धारा १७(२) को देहाय १ देखि ६ सम्म उल्लेखित स्वतन्त्रतासमेतलाई राष्ट्रले कानून बनाई. रोक लगाउन सकिने प्रतिबन्धात्मक प्रावधान पनि रहेका छन् । नेपालको संविधानको धारा १७(२) को देहाए (१) मा "खण्ड (क) को कुनै कुराले नेपालको सार्वमौमसत्ता, भौगोलिक, अखण्डता, राष्ट्रियता र स्वाधिनतामा वा संघीय इकाई वा बिभिन्न जातजाति, धर्म, सम्प्रदाय बिचको सुसम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार

वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरि ऐन बनाउन रोक लगाएको मानिने छैन"।

८. देहाय (२)मा "खण्ड (ख)को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय इकाई बिचको सुसम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन"।

९. देहाय(३) मा, "खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राजद्रोह गर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बिचको सुसम्बन्धमा खलल पर्ने वा केवल जाति भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरू बिच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहस गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन" ।

१०. देहाय (४) मा, "खण्ड (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा सङ्घीय इकाईबिचको सुसम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बिचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरि ऐन बनाउन रोक लगाएको मानिने छैन" भन्नेसमेतका संवैधानिक प्रावधानबाट नेपाली नागरिकलाई प्रदत्त स्वतन्त्रता सम्बन्धी हक निरपेक्ष नभै नेपालको संविधानको धारा १७(२) को देहाय १ देखि ६ सम्मका प्रतिबन्धात्मक वाक्यांशका सापेक्षतामा रहेर प्रत्येक नेपालीले स्वतन्त्रतासम्बन्धी हकको उपभोग गर्नु पर्ने कर्तव्यसमेत सोही धाराले तोकिदिएको देखिँदा उल्लेखित संवैधानिक प्रावधानको सिमा कसैले पनि नाघ्न मिल्दैन ।

११. प्रस्तुत मुद्दाको वारदात मिति २०७२।११।९ पूर्व यिनै प्रतिवादीमध्येका सि.के राउत भन्ने चन्द्रकान्त राउतले मिति २०७१।५।२८ मा जिल्ला मोरङ्ग, सोराभाग गा.वि.स. वडा नं ३ मा सर्वसाधारणलाई भेला जम्मा गरी डरत्रास र आतङ्कित बनाई सामाजिक सद्भाव भङ्काउने, शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्य गरिरहेको अवस्थामा निजलाई नियन्त्रणमा लिई निजको

साथबाट स्वतन्त्र मधेश निर्वाचनमा भागले लेखिएका कागज, अब क्या देखना बाँकी है लेखिएको कागज, र विरोधाभाली लेखिएको व्यानरसमेतका सामान बरामद गरिएकोमा, निज सि.के.राउत भन्ने चन्द्रकान्त राउतले मधेशलाई नेपाल राष्ट्रबाट टुक्राएर छुट्टै मधेश राष्ट्र बनाउने उद्देश्यसाथ मधेश राष्ट्रको छुट्टै झन्डा, राष्ट्रिय गान र नेपाल तथा मधेशलाई छुट्टाछुट्टै देश बनाउने व्यवस्थासमेत तयार गरी मधेशलाई नेपालबाट छुट्याउनुपर्छ भन्ने अभिव्यक्ति दिई सोअनुरूप लेख, रचना र किताव छपाएकोबाट नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पारी अव्यवस्था उत्पन्न गरेकोले प्रतिवादी डा सि.के. राउत भन्ने चन्द्रकान्त राउतको उक्त कार्य राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ को ३(१) को कसुर भएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ३(१) बमोजिम गरिपाउँ भनी ०७१- CR -०९३ को राज्य विरुद्धको अपराध (राष्ट्र विप्लव) मुद्दाको अभियोगपत्र प्रस्तुत भएकोमा, डा.सि.के.राउत भन्ने चन्द्रकान्त राउतउपरको नेपाल सरकारको वादी दाबी पुग्न नसक्ने भई निज प्रतिवादीले कसुरबाट सफाई पाउने ठहरी मिति २०७२।१।१० मा यस अदालतबाट फैसला भएको र सो फैसलाउपर नेपाल सरकारको श्री सर्वोच्च अदालतमा पुनरावेदन परेकोमा प्रतिवादीले यस ठाउँमा यस्तो बल प्रयोग गरी शान्ति अमन–चयन भङ्ग गरी अशान्ति मच्याएको वा हुलदङ्गा गरी शान्ति र व्यवस्थामा खलल पुऱ्याई अव्यवस्था उत्पन्न गरेको भन्ने तथा प्रतिवादीबाट कुनै हातहतियार आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्जवलनशील तथा मधेशलाई नेपालबाट विखण्डन गर्ने खालको कुनै वस्तु बरामद भएको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्न मिल्ने देखिएन भनी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको विशेष अदालत काठमाडौँको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भनी मिति २०७२।१०।३ मा ०७२–CR–०३१३ को राज्य विरुद्धको अपराध (राज्य विप्लव) मुद्दामा श्री सर्वोच्च अदालतबाट फैसला भई अन्तिम रहेको मिसिल संलग्न सो फैसलाको प्रतिलिपिबाट देखियो।

१२. श्री सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको उल्लेखित ०७२–CR–०३१३को प्रतिवादी सि.के. राउत भन्ने चन्द्रकान्त राउत विरुद्धको राज्य विरुद्धको अपराध (राज्य विप्लव) मुद्दामा निज प्रतिवादीबाट स्वतन्त्र मधेश गठबन्धन (AIM) को घोषणापत्र डा. सि.के. राउतद्वारा लेखिएको मधेश स्वराज नामक किताब, वीर मधेश नामक किताब लगायतका दस्तावेज बरामद भएकोमा स्वतन्त्र मधेश गठवन्धन (AIM) को घोषणपत्रसमेतका दस्तावेजहरूको सम्बन्धमा परीक्षण र निरूपणसमेत श्री सर्वोच्च अदालतबाट भईसकेको अवस्था विद्यमान छ। सोही स्वतन्त्र मधेश गठबन्धक (AIM) को घोषण–पत्रलाई मूर्तरूप दिने प्रयोजनले प्रतिवादीहरूबाट अभियोजित कार्यक्रम गरे, भएको देखिन्छ । कार्यक्रमस्थलबाट स्वतन्त्र

मधेश गठबन्धन क्या है भनि लेखिएको कागज, स्वतन्त्र मधेश निर्वाचनमा भागले लेखिएको कागज, अब क्या देखना बाँकी है लेखिएको कागज र विरोध ्याली लेखिएको व्यानर बरामद भई साथमा प्रतिवादीहरू सुरेन्द्र शर्मा, बुधेश्वर मण्डल र मो.उसमान मियाँ मौकामा पक्राउ परेका छन् ।

१३. आरोप दाबीबमोजिमको राज्य विरुद्धका कुनै कार्य गरेको छैन भनी प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेका छन् । वादी नेपाल सरकारकातर्फबाट उपस्थित भएका साक्षीहरू सुरज खड्का र रविन अधिकारीको बकपत्रबाट प्रतिवादीहरूले डर त्रासमा पारी, बल प्रयोग गरी, अशान्ति मच्याएको, हुलदङ्गा गरी शान्ति र व्यवस्थामा खलल पुऱ्याई अव्यवस्था उत्पन्न गरेको तथा हातहतियार उठाएको वा हिंसात्मक गतिविधि गरेको भन्नेसमेत देखिँदैन । मौकामा पक्राउ परेको प्रतिवादीहरूबाट स्वतन्त्र मधेश गठबन्धन भन्ने जुन सि.के.राउत भन्ने चन्द्रकान्त राउतद्वारा संस्थापित सङ्गठनका दस्तावेजहरू बरामद भई विरोध्याली कार्यक्रम गरी रहेको अवस्थामा प्रतिवादीहरू पक्राउ परेको देखिन्छ । स्वतन्त्र मधेश गठबन्धनको संयोजक सि.के.राउत भन्ने चन्द्रकान्त राउत भई निजद्वारा संस्थापित सङ्गठनको घोषणा–पत्र एवम् सो सङ्गठनको गतिविधिलाई राज्य विरुद्धका अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) बमोजिम राज्य विरुद्धको अपराध (राज्य विप्लव) नठहर्ने फैसला भई कायमै रहिरहेको अवस्थामा सोही अनुरूपको कसुरको अभियोग दाबी प्रस्तुत मुद्दासमेत रहेको देखियो ।

१४. श्री सर्वोच्च अदालतबाट २०७२–CR–०३१३ को प्रतिवादी सि.के.राउत भन्ने चन्द्रकान्त राउतउपरको राज्य विरुद्धको अपराध (राज्य विप्लव) मुद्दामा आरोपित कसुर नठहरी प्रतिवादी सि.के. राउत भन्ने चन्द्रकान्त राउत संयोजक भएको स्वतन्त्र मधेश गठबन्धन नामक सङ्गठनको घोषणापत्र लगायतका बरामद दस्तावेजहरूका सम्बन्धमा न्यायिक परीक्षण भई सो अन्तिम फैसला कायम रहिरहेको र यसै लगाउको ०७२–CR–००५३ को यिनै प्रतिवादीहरू समेतका विरुद्धमा राज्य विरुद्धको अपराध मुद्दामा आजै यसै इजलासबाट वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहरी फैसला भएकोले सोही मुद्दामा उल्लिखित कारण र आधारबाट प्रस्तुत मुद्दामा समेत वादी नेपाल सरकारको आरोप दाबी पुग्न सक्ने अवस्था देखिन आएन ।

सदस्य **सदस्य**

इजलास अधिकृतः प्रभाकर कुमार मल्लिक

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द

फैसला

इजलास नं. १

०६९-CR-०१०४

निर्णय नं. ५

फैसला मिति : २०७५।४।२४

मुद्दाः सम्पत्ति शुद्धीकरण

वादी : सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अनुसन्धान अधिकृत दिनेशकुमार आचार्यको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : गणेश लामासमेत

- **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लागू हुनुभन्दा अगाडि सम्पत्ति शुद्धीकरण गरेको कार्यलाई कसुर मानिने कानूनी व्यवस्था नै नरहेको अवस्थामा आर्जन गरिएको सम्पत्तिका हकमा प्रस्तुत ऐनको व्यवस्था आकर्षित हुन नसक्ने हुँदा उक्त ऐन प्रारम्भ हुनुपूर्व प्रतिवादीहरूले आर्जन गरेको सम्पत्तिका हकमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को व्यवस्था लगाएर कसुर कायम गर्न नमिल्ने ।**

(प्रकरण नं.८)

- **सम्पूर्ण तथ्यको गहिराइसम्म नपुगी सतही अनुसन्धानको भरमा बैङ्क कारोबारसम्म भएको रकमलाई आधार मानेर सो बिगोको हकमा कसुर कायम गर्न नमिल्ने ।**
- **बिभिन्न व्यवसाय सञ्चालन गरेका र पैत्रृक सम्पत्तिको रूपमा प्राप्त गरी पेस भएका प्रमाणसमेतबाट निजहरूका नाममा रहेको रकम मौज्दात हुनुलाई अस्वाभाविक मान्न नसकिने ।**

(प्रकरण नं.१४)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री मोना सिंह

प्रतिवादीका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी. तथा विद्वान् अधिवक्ताहरू श्री योगेन्द्रबहादुर अधिकारी, श्री नरबहादुर योगी र श्री जयन्तिकुमार ढकाल

अवलम्बित नजिर :

- ने.का.प.२०७१ अङ्क ४ नि.नं.९१४९ पेज ५०९
- ने.का.प.२०७२ नि.नं.९४१४ पृ.९७०

सम्बद्ध कानून :

- नेपालको संविधान
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४

विशेष अदालत ऐन, २०५९ को दफा ६ तथा मिति २०६६।२।११ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर निम्नानुसार रहेको छः-

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा मूलतः निम्न प्रश्नहरूको निरुपण गरी निष्कर्षमा पुग्न पर्ने देखिएको छः-

(क) प्रतिवादी गणेश लामाको हकमा एक पटक सम्पत्ति शुद्धीकरणको विषयमा अनुसन्धान तहकिकात भएर नेपालका महान्यायाधिवक्ताबाट मिति २०६७।३।२० मा निज गणेश लामाका विरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा चलाउन पर्याप्त प्रमाण नभएको भन्ने आधारमा मुद्दा नलाउने निर्णय भएपछि पुनः सोही सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान तहकिकात भई मुद्दा चलाउन मिल्ने हो वा होइन ?

(ख) अभियोग दाबीमा बिगो कायम गरिएका सम्पत्तिमध्य सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ प्रारम्भ हुनुपूर्व सम्पत्तिको हकमा के हुने ?

(ग) समग्रमा प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्ने वा नठहर्ने के हो ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा, हाम्रो मुलुकको कानूनी प्रणाली कमन ल (common law) बाट प्रभावित कानूनी प्रणाली मानिन्छ । यस्तो प्रणालीमा अपराध अनुसन्धानको जिम्मा राज्यले लिएको हुन्छ। अतः अपराध अनुसन्धान गर्न मुद्दाको प्रकृति हेरी विषयगत आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वैदेशिक रोजगार विभाग, राजश्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग आदि जस्ता निकाय एवम् अन्यमा प्रहरीको व्यवस्था रहेको हुन्छ भने सङ्कलित प्रमाण केलाउने, अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई निर्देशन दिने, मुद्दा चलाउने र अदालतमा प्रतिरक्षार्थ सरकारी वकीलको व्यवस्था रहेको हुन्छ । वस्तुतः कमन लबाट प्रभावित मुलुकहरूको कानून प्रणालीमा अनुसन्धानबाट प्राप्त प्रमाणहरूको उचित मूल्याङ्कन गरी प्रचलित सारभूत र कार्यविधि कानूनको आधारमा कुनै व्यक्तिउपर मुद्दा चलाउने वा नचलाउने अधिकार अभियोजन पक्ष अर्थात् अभियोक्तामा अन्तर्निहित रहेको हुन्छ । यिनै सैद्धान्तिक मान्यतालाई आत्मसात् गर्दै नेपालको अन्तरिम संविधान,

२०६३ को धारा १३५(२) र नेपालको संविधानको धारा १५८(२) ले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा अन्तर्निहित हुने व्यवस्था गरेको पाइन्छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७ ले पनि तदनुरूपको कानूनी व्यवस्था गरेको पाइन्छ ।

३. यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "निवेदकहरू उपर परेको पहिलो उजुरीमा अनुसन्धानको क्रममा रिट निवेदकहरूलाई कानूनबमोजिम बयान गराई प्रमाण संकलन गर्नेसमेतका काम सम्पन्न भएको अवस्थामा कसुरदार नदेखिएको आधारमा एक पटक निवेदकहरूलाई मुद्दा नै नचलाउने भनि निर्णय गरिसकेपछि पुनः सोही अभियोगमा मुद्दा चलाउने भनि गरेको निर्णय कानूननतः मिल्ने देखिँदैन । ... सो मुद्दा नचलाउने निर्णय भए पश्चात् निवेदकहरू कसुरदार भएको भन्ने देखिने कुनै नयाँ सबूद प्रमाण पनि पेस भएको भन्ने देखिन आएको छैन ।" भनि नेपाल कानून पत्रिका, २०७२ नि.नं. ९४१४ पृ. ९७० मा र "एउटै फौजदारी अपराधका सम्बन्धमा एक पटकभन्दा बढी अनुसन्धान तहकिकात भै मुद्दा चल्न सक्ने अवस्थालाई दोहोरो खतराको सिद्धान्त (Principle of double Jeopardy) ले सुरक्षा प्रदान गर्ने ।"भनी नेपाल कानून पत्रिका, २०६५ नि.नं. ७८७८ पृ.११८१ मा कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइन्छ । यस परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको मिसिलसाथ रहेको प्रमाण मिसिलसमेत अध्ययन गरी हेर्दा, प्रतिवादी गणेश लामाको हकमा सम्पत्ति शुद्धीकरणको विषयमा महान्यायाधिवक्ताबाट प्रतिवादीको के कति जग्गा जमिन छ भन्ने कुरा मालपोत कार्यालय बुझिएको देखिन्छ भने के कति सम्पत्ति (रकम), बैङ्क व्यालेन्स छ भन्ने कुरा बैङ्कसमेत बुझी सो कुरा प्रतिवादीको बयानबाट समेत पुष्टि गरिरहेको स्थितिमा अरू सम्पत्ति पनि निज र निजको परिवारको नाममा छ भनी प्रमाणित गर्ने कागजातको अभावमा र जुन निकायले अनुसन्धान गरी प्रमाणको अभावमा मुद्दा नचलाउने गरी राय पेस गरेको छ र सो कुरा दुई-दुई तहको सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी निर्णय भइसकेको र पुनः तहकिकात के कुन क्षेत्रमा गर्नुपर्ने सोसमेत नदेखिएको अवस्थामा हाललाई प्रस्तुत मुद्दा चल्न नसक्ने देखि मुद्दा नचलाउने गरी पुनरावेदन सरकारी वकील कार्यालय, पाटनसमेतबाट भएको निर्णय मनासिव देखिंदा सोही सदर हुने भनी मिति २०६७।३।२० मा निर्णय भएको देखिन्छ ।

४. सिद्धान्ततः एक पटक कुनै व्यक्तिउपर कुनै विषयमा मुद्दा नचल्ने निर्णय भई अन्तिम भएपछि पुनः सोही विषयमा सोही व्यक्तिउपर नयाँ प्रमाणको अभावमा मुद्दा चलाई सजाय गर्न राज्य विबन्धित हुन्छ । महान्यायाधिवक्ताबाट मिति २०६७।३।२० मा भएको निर्णयमा "हाललाई प्रस्तुत मुद्दा चल्न नसक्ने" शब्दावली प्रयोग भएको र माथि उल्लिखित कानूनी सिद्धान्तसमेतबाट नयाँ प्रमाण भएको अवस्थामा पुनः मुद्दा चलाउनै नमिल्ने भन्न सकिने अवस्था देखिएन । तर पहिले मुद्दा नचल्ने

भनी भएको निर्णयसँग सम्बद्ध मिसिल संलग्न प्रमाण वा सम्पत्तिको हकमा पुनः मुद्दा चलाउन दोहोरो खतराको सिद्धान्त (Principle of double jeopardy) को भावना र माथि उल्लिखित कानूनी सिद्धान्तले मिल्ने देखिएन ।

५. अतः प्रतिवादीमध्ये गणेश लामाउपर सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा नचलाउने गरी मिति २०६७।३।२० मा भएको निर्णय र तत्सम्बन्धी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी गणेश लामाको नाममा रहेको ललितपुर जिल्ला भट्टेडाँडा वडा नं.३ कित्ता नं.८७ को जग्गा, निज प्रतिवादीको श्रीमती लक्ष्मी लामाको नाममा रहेको का.जि.का.म.पा. वडा नं.१० कित्ता नं.७२७ को जग्गा, सुनाकोठीको कित्ता नं.३९२ को जग्गा बा.१.क ६६५२, बा.१ क ६६२३, बा.३ च ३३७३ को सवारी साधनहरू, स्मृति कन्स्ट्रक्सन प्रा.लि. र सिरुवा कन्स्ट्रक्सन प्रा.लि. मा लगानी भएको अमरावती बहुउद्देशीय सहकारी र मेट्रो सहकारी संस्थाबाट कर्जा लिएको विषयसमेत समावेश भई त्यसमा अनुसन्धान भएकोमा पछि मुद्दा नचल्ने निर्णय भएको देखिँदा सो निर्णय भएको मिसिलमा समावेश भएको माथि उल्लिखित जग्गाहरू, सवारी साधन, लगानी र कर्जासमेतमा पुनः मुद्दा चलाउन सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित माथि उल्लिखित कानूनी सिद्धान्तले मिल्ने नदेखिँदा माथि उल्लिखित जग्गाहरू, सवारी साधन कर्जा एवम् लगानीको हदसम्मको विषयमा प्रवेश गरी प्रतिवादीहरूले आरोप दाबीअनुरूप कसुर गरेका हुन् वा होइनन् भनी विवेचना गर्न मिल्ने देखिएन । अतः मिति २०६७।३।२० मा मुद्दा नचलाउने भनी भएको निर्णयसँग सम्बद्ध मिसिलमा रहेका माथि उल्लिखित जग्गाहरू, सवारी साधन लगानी र कर्जाको हदसम्ममा अभियोग दाबी पुग्न सक्दैन तर सोबाहेक आरोपपत्रमा उल्लिखित अन्य सम्पत्ति कर्जा लगानीसमेतको विषयमा प्रवेश गरी प्रमाणको मूल्याकङ्कन गरी प्रतिवादीहरूले अभियोग दाबीअनुरूप कसुर गरेका हुन् वा होइनन् भनी न्यायिक निष्कर्षमा पुग्नुपर्ने देखियो ।

६. दोस्रो प्रश्न अर्थात् सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ प्रारम्भ हुनुपूर्वका सम्पत्तिको हकमा के हुने भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरूका विरुद्ध यस अदालतसमक्ष आरोपपत्र दायर गर्दाका बखत प्रचलनमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ मा मौलिक हकको रूपमा रहेको न्यायसम्बन्धी हकअन्तर्गत सोही धारा २४ को उपधारा (४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनैपनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने व्यवस्था भएको पाइन्छ । उक्त व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ मा पनि मौलिक हकअन्तर्गत फौज्दारी न्यायसम्बन्धी हकको नामबाट धारा १४ को उपधारा (१) मा राखिएको थियो । वर्तमान नेपालको संविधानको धारा २० को उपधारा (४) मा पनि सोही व्यवस्था पूर्ववतरूपमा नै रहेको छ। यी सबै संविधानमा फौजदारी कानूनको पश्चातदर्शी असरका

सम्बन्धमा एउटै बेहोराको व्यवस्था रहेकोबाट हाम्रो मुलुकले पश्चातदर्शी असर हुने गरी फौजदारी कानून नबनाउने प्रतिबद्धता जाहेर गरेको कुरा स्पष्ट हुन्छ ।

७. संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतमा नेपालले संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्रलाई अन्तराष्ट्रिय कानूनको रूपमा स्वीकार गरिआएको छ । उक्त घोषणपत्रको धारा ११ को उपधारा (२) मा "No one shall be held guilty of any penal offence on account of any act or omission which did not constitute a penal offence, under national or international law, at the time when it was committed. Nor shall a heavier penalty be imposed than the one that was applicable at the time the penal offence was committed." भन्ने व्यवस्था रहेको पाइन्छ । यो व्यवस्थाले पश्चातदर्शी असर पर्ने गरी फौजदारी कानून निर्माण नगरिने कुराको प्रत्याभूति संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रबाट खोजिएको र सदस्य राष्ट्रले पनि आफ्नो प्रतिबद्धता जनाएको भन्ने कुरा स्पष्ट छ । उक्त घोषणापत्र कार्यान्वयनका लागि तयार पारिएको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र (International covenant on civil and political rights) को धारा १५ को उपधारा (१) ले पनि पश्चातदर्शी असर हुने गरी फौज्दारी कानून निर्माण नगरिने कुराको प्रत्याभूति गरेको छ । मानवता विरोधी केही अपराधका हकमा पश्चादर्शी असर हुने गरी कानून बन्न सक्ने सैद्धान्तिक पक्ष रहेको छ । अन्य अवस्थामा पश्चातदर्शी असर हुने गरी फौजदारी कानूनको निर्माण नगरिने विषयलाई विश्वव्यापीरूपमा नै स्वीकार गरिएको छ ।

८. कुनै पनि ऐनको व्यवस्थाको पश्चातदर्शी असर सामान्यतः हुन सक्दैन कहिलेकाँही एउटा पुरानो ऐनको प्रावधान सो ऐन खारेज भए पनि नयाँ ऐनले समेटेको अवस्थामा एउटा निरन्तरताको अवस्था हुन सक्लान् तर माथि उल्लिखित संवैधानिक व्यवस्था तथा अन्तरराष्ट्रिय कानूनको व्यवस्थालाई हृदयङ्गम गरेर नयाँ रूपमा आएको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को पश्चातदर्शी असर नहुने गरी विधायिकाले निर्माण गरेको भन्ने कुरा स्फटिक जस्तै छर्लङ्ग छ । यसरी विधायिकाले नै पश्चातदर्शी असर नहुने गरी निर्माण गरेको ऐनलाई जबरजस्ती पश्चातदर्शी असर भएको जस्तो व्याख्या गरेर कुनै पनि व्यक्तिका विरुद्ध प्रयोग गरिनु मानव अधिकारसम्बन्धी विश्वव्यापी मान्यताको पनि प्रतिकूल हुन जान्छ । मिति २०६४।१०।१४ अर्थात् सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लागू हुनुभन्दा अगाडि सम्पत्ति शुद्धीकरण गरेको कार्यलाई कसुर मानिने कानूनी व्यवस्था नै नरहेको अवस्थामा आर्जन गरिएको सम्पत्तिका हकमा प्रस्तुत ऐनको व्यवस्था आकर्षित हुन नसक्ने हुँदा उक्त ऐन प्रारम्भ हुनुपूर्व प्रतिवादीहरूले आर्जन गरेको सम्पत्तिका हकमा यो ऐनको व्यवस्था लगाएर कसुर कायम गर्न मिल्ने देखिएन । उक्त ऐन लागु हुनुपूर्वको सम्पत्तिका हकमा तत्काल प्रचलनमा रहेको कानूनद्वारा नियमन गर्नुपर्ने र त्यसरी नियमन नगरिएको अवस्थामा सो अवधिमा आर्जन भएको सम्पत्तिलाई गैरकानूनी आर्जन

मान्न र आकर्षण हुन नसक्ने कानून लगाएर कसुर कायम गर्न मिल्ने पनि देखिएन ।अतः अभियोगपत्रमा २०६२।०३।२७ मा प्राप्त भएको भट्टेडाँडा-३, कि.नं. ३१ को जग्गा, २०६४।०८।०२ मा प्राप्त भएको का.म.पा. वडा नं. ३५, कि.नं. ८७ को जग्गा, २०६३।०८।१९ मा प्राप्त का.म.पा. वडा नं. ३५, कि.नं. ७२७ को जग्गा, आ.व. २०६२।०६३ मा प्राप्त भएको का.म.पा. वडा नं. ३५, कि.नं. ५११ र ५१३ का जग्गा तथा २०५८।०८।०४ मा प्राप्त दधिकोट, कि.नं. १५७० का जग्गाका सम्बन्धमा विचार गर्नु पर्ने देखिएन । उक्त कि.नं. का जग्गाका मूल्यलाई समेत बिगो कायम गरेको मिलेको देखिएन ।

९. तेस्रो प्रश्नः

आरोपपत्रमा उल्लिखित जग्गाहरू सवारी साधन लगानी एवम् कर्जाहरूमध्ये माथि पहिलो प्रश्न र दोस्रो प्रश्नको हकमा विवेचना गरेअनुरूप अभियोग दाबी पुग्न नसक्ने जग्गा सवारी साधन, लगानी एवम् कर्जाबाहेक अन्यमा मिसिल संलग्न प्रमाण अभियोग दाबी र प्रतिवादीहरूको बयानसमेत अध्ययन गरी हेर्दा देहायबमोजिमका विषयमा देहायबमोजिम देखिन आएको छः-

(क) अचल सम्पत्तितर्फः

(१) प्रतिवादी गणेश लामाको नाममा दर्तायुक्त ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ६ कित्ता नं. ९८५ को जग्गा अंशबण्डाबाट प्राप्त भएको तथ्य अभियोगपत्रमा नै प्रष्ट रूपमा उल्लेख भएबाट सो जग्गा सम्पत्ति शुद्धीकरण गरी आर्जन गरेको भन्न न्यायोचित हुन सक्दैन ।

(२) प्रतिवादी गणेश लामाको नाममा दर्तायुक्त काठमाडौं जिल्ला सितापाइला ७ कित्ता नं. ९९ को जग्गा मिति २०६५।८।१६ मा रु.६,७५,०००।- खरिद गरेको देखिन्छ। प्रतिवादी गणेश लामाले वर्ल्ड मर्चेन्ट बैङ्क एण्ड फाइनान्स लिमिटेड मा धितो राखी खरिद गरेको भनी बयान गरेको देखिन्छ । त्यस्तै निज प्रतिवादीकै नाममा दर्तायुक्त काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१६ कित्ता नं. १६२ र २७१ को जग्गा मिति २०६६।६।७ मा रु.१,००,००,०००।- मा खरिद गरेको देखिन्छ। निज प्रतिवादीले सो जग्गाको स्रोतको सम्बन्धमा वर्ल्ड मर्चेन्ट बैङ्क एण्ड फाइनान्स लिमिटेडबाट रु.४०,००,०००।- कर्जा लिएको मध्ये रु.३०,००,०००।- बैना दिई पछि सोही जग्गा धितो राखी युनिभर्सल फाइनान्स लि.बाट रु.४,००,००,०००।- ऋण लिई बाँकी रु.७०,००,०००।- तिरेको भनी बयान गरेको देखिन्छ । त्यस्तै प्रतिवादी गणेश लामाको नाममा नै दर्तायुक्त भक्तपुर जिल्ला नंखेल वडा नं. ९ कित्ता नं. १४८९ र १४९१ को जग्गा मिति २०६६।९।१६ मा रु.७०,००,०००।- मा खरिद गरेको देखिन्छ । निज प्रतिवादीले सो जग्गाको

स्रोतको सम्बन्धमा बालुवा खानीबाट कमाई भएको रु.१०,००,०००।- र वर्ल्ड मर्चेन्ट बैङ्क एण्ड फाइनान्सबाट सोही जग्गा धितो राखी कर्जा लिएको रु.१,७६,००,०००।- बाट तिरेको भनी बयान गरेको देखिन्छ । मिसिल संलग्न वर्ल्ड मर्चेन्ट बैङ्क एण्ड फाइनान्स लि.को मिति २०६९।८।३ को पत्रानुसार निज प्रतिवादीले सो फाइनान्सबाट मिति २०६६।१।१५ मा रु.४०,००,०००।- मिति २०६६।९।२२ मा रु.१,७६,००,०००।- र मिति २०६५।१२।१९ मा रु.२२,००,०००।- कर्जा लिएको देखिन्छ । त्यस्तै युनिभर्सल फाइनान्स लि.को मिति २०६८।८।४ को पत्रबाट मिति २०६६।६।७ मा रु.१,५०,००,०००।- र मिति २०६६।६।८ मा रु.२,५०,००,०००।- गरी जम्मा रु.४,००,००,०००।- कर्जा लिएको देखिन्छ । त्यस्तै यी प्रतिवादीले बिभिन्न व्यवसाय कारोबारको आयकरसमेत तिरेको निस्सा प्रमाण मिसिल संलग्न रहेको देखिन्छ । यस स्थितिमा यी प्रतिवादीले माथि उल्लिखित कित्ता नं. ९९, १६२, २७१, १४८९ र १४९१ को जग्गा खरिद गर्दा केही रकम व्यक्तिबाट सापट लिई केही व्यापार व्यवसायबाट प्राप्त रकम र प्रचलित कानूनबमोजिम जगगा जमिन धितो राखी बैङ्क वा फाइनान्सबाट कर्जा लिई तिरेको देखिन्छ । वस्तुतः प्रचलित कानूनबमोजिम बैङ्क वा फाइनान्सबाट प्रष्ट रूपमा कर्जा लिई खरिद गरेको उक्त जग्गाहरूलाई अवैध एवम् अस्वाभाविक भन्न मिल्ने देखिएन ।

१०. प्रतिवादी गणेश लामाको भाइ प्रतिवादीमध्ये राकेश लामाको नाममा दर्तायुक्त काठमाडौं जिल्ला वाडभन्ज्याङ्ग ९ कित्ता नं. १८ को मिति २०६६।९।२१ मा रु.४०,३२,०००।- मा खरिद गरेको तथ्य सम्बद्ध लिखतको प्रमाणित प्रतिलिपिबाट देखिएको छ । तर अभियोजन पक्षले आरोपपत्रमा सो जग्गाको बिगो रु.३५,००,०००।- मात्र उल्लेख गरेबाट सोभन्दा बढी बिगोतर्फ विचार गरिरहन परेन । प्रतिवादी राकेश लामाले मौकामा कागज गर्दा, सो जग्गा व्यापार गर्ने उद्देश्यले म र राम थापा मिली अन्दाजी रु.३५,००,०००।- मा खरिद गरेको हो । मैले सो जग्गा बुबाबाट लिएर रु.१०,००,०००।- लगानी गरी मेरो नाममा खरिद गरेको हो तर सो जग्गासम्बन्धी सम्पूर्ण दायित्व राम थापाको हो भनी बयान कागज गरेको देखिन्छ । तर निज प्रतिवादीले यस अदालतसमक्ष वर्ल्ड मर्चेन्ट बैङ्कमा सोही जग्गा धितो राखी कर्जा लिएको समेत भनी बयान गरेको देखिन्छ । त्यस्तै प्रतिवादी गणेश लामाकी आमा रञ्जु लामाको नाममा दर्तायुक्त काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ कित्ता नं.४४१० को जग्गा मिति २०६६।७।१८ मा रु.१,०५,५०,०००।- मा खरिद गरी बिक्री गरेको भन्ने देखिन्छ । निज प्रतिवादी रञ्जु लामाले मौकामा माइतीबाट प्राप्त जग्गा बिक्री गरी आएको १२/१५ लाख र श्रीमान्

र छोराहरूले घर खर्च गर्न दिएको बचत पैसाबाट सो जग्गा खरिद गरेको र सो किन्दा वर्ल्ड मर्चेन्ट बैङ्कबाट ८०/८५ लाख ऋण लिएकोमा पछि बैङ्कलाई सो जग्गा छाडिदिएको भनी बयान कागज गरेको देखिन्छ । तर निज प्रतिवादीले यस अदालतसमक्ष सो जग्गा पैतृक सम्पत्ति बिक्री गरी प्राप्त रकमसमेतबाट गणेश लामाको बैङ्किङ्ग कारोवार गर्न सजिलो होस् भनेर खरिद गरेको हो। यसमा मैले सहिछाप मात्र गरेको हो । अरु केही थाहा छैन भनी बयान गरेको देखिन्छ । वस्तुतः प्रतिवादीमध्ये गणेश लामाले सम्पत्ति शुद्धीकरण गर्ने उद्देश्यले उक्त कित्ता नं.१८ र ४४१० को जग्गा क्रमशः भाइ र आमाको नाममा खरिद गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूको समग्र अध्ययनबाट देखियो । प्रतिवादीहरूले प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम उक्त कित्ता नं.१८ र ४४१० को जग्गा यो यस्तो वैध स्रोतबाट खरिद गरेको भनी वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । निज प्रतिवादीहरूले मौकामा गरेको बयान कागज र यस अदालतसमक्ष गरेको बयानमा तादात्म्यता देखिएको छैन । प्रतिवादी रञ्जु लामाले कित्ता नं. ४४१० को बैङ्कलाई छाडिदिएको भनी बयान गरे तापनि मिसिल संलग्न प्रमाणबाट नवीन गुरुङ र ईश्वरी गुरुङलाई बिक्री गरेको देखिन्छ । त्यस्तै प्रतिवादी राकेश लामाले कित्ता नं.१८ को जग्गा रु.१०००००।- लगानी गरी मेरो नाममा रु.३५००००।- मा खरिद गरेको भने पनि लिखतमा सोभन्दा बढी मूल्य उल्लेख भएको देखिन्छ । त्यस्तै सो जग्गासम्बन्धी सम्पूर्ण दायित्व राम थापाको हो भनी मौकामा कागज गरे पनि आफ्नै नाममा सो जग्गा खरिद गरेको देखिन्छ । राम थापा र निजमा के कस्तो सम्बन्ध रहेको र निजको बारेमा पूर्ण विवरण दिन सकेको पनि देखिँदैन । अतः अभियोगपत्रमा उल्लिखित बिगो रु.३५००००।- भएको कित्ता नं. १८ को जग्गा र बिगो रु.१०५५०००।- भएको कित्ता नं. ४४१० को जग्गा अवैध र अस्वाभाविक सम्पत्तिका रूपमा देखियो ।

११. यसरी माथि विवेचना गरिएअनुसार प्रतिवादीहरू मध्ये रञ्जु लामा र राकेश लामाको नाममा दर्ता रहेका कि.नं. ४४१० र कि.नं. १८ को जग्गा खरिद गर्दाको रकमको वैध आयस्रोत देखाउन नसकेको अवस्थामा उक्त कित्ताको जग्गा खरिद गर्दाका वखतको वैध आयस्रोत देखाउनु पर्ने दायित्व जसको नाममा जग्गा दर्ता छ उनीहरूकै हो वा मुख्य अभियुक्तको रूपमा प्रस्तुत गरिएका प्रतिवादी गणेश लामाको हो भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरू गणेश लामा, रञ्जु लामा र राकेश लामाका बीचमा छुट्टि भिन्न नभएको र सबै परिवार एकासगोलमा रहे बसेको भन्ने कुरा प्रतिवादीहरूको बयानबाट देखिएको छ। अभियोगपत्रमा प्रतिवादीमध्येका गणेश लामाले गैर कानूनी माध्यमबाट आर्जन गरेको सम्पत्ति परिवारका अन्य सदस्यको नाममा राखेको र सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा परिवारका अन्य सदस्यको समेत सहयोग रहेको भन्ने बेहोरा उल्लेख गरिएको भए पनि परिवारका अन्य सदस्यले त्यस प्रकारको सहयोग गरेको भन्ने कुरा स्थापित हुन नसकेको हुँदा उक्त

सम्पत्ति जफत गर्ने प्रयोजनका लागि गणेश लामा बाहेकका अन्य प्रतिवादीहरू उपर समेत मुद्दा चलाएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट देखिएको छ। प्रतिवादी रञ्जु लामाले यस अदालत समक्ष बयान गर्दा आफ्नो नाममा खरिद गरिएको किनं. ४४१० को जग्गा पैत्रिक सम्पत्ति बिक्री गरी खरिद गरेको भन्ने बेहोरा लेखाएको भए पनि कुन चाँही पैत्रिक सम्पत्ति कसलाई बिक्री गरेर कति रकम आर्जन भएको थियो भन्ने कुरा खुलाउन सकेको नपाइएबाट निजको सो भनाई पत्यारलायक देखिएन । निजै रञ्जु लामाले यस अदालत समक्षकै बयानको क्रममा प्रतिवादी गणेश लामालाई बैङ्किङ्ग कारोबार गर्न सजिलो होस् भनेर जग्गा खरिद गरेको भन्दै जग्गा खरिद गर्दा आफूले सहिछापसम्म गरेको तर अरु कुरा केही थाहा नभएको भन्ने बेहोरासमेत लेखाएको पाइएबाट उक्त किनं. ४४१० को जग्गा खरिद गर्दाको आयस्रोत देखाउने दायित्व प्रतिवादी गणेश लामाकै रहे भएको भन्ने कुरा स्पष्ट छ ।

१२. त्यसैगरी प्रतिवादी राकेश लामाको नाममा खरिद भएको कि.नं. १८ को जग्गाको हकमा समेत निज राकेश लामाले अनुसन्धान अधिकारी र यस अदालतसमक्ष गरेको बयानमा उल्लेख गरेको बेहोरा कुनै लिखत प्रमाणबाट पुष्टि हुन सकेको नपाइएको हुँदा निज राकेश लामाका दाजु प्रतिवादी गणेश लामाले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति लुकाउने अभिप्रायका साथ निज राकेश लामाको नाममा खरिद गरेको मान्नु पर्ने देखियो । प्रतिवादी राकेश लामाउपर सम्पत्ति शुद्धीकरण गरेको भन्ने स्पष्ट अभियोग नभई प्रतिवादी गणेश लामाले नै सम्पत्ति शुद्धीकरण गरी आर्जन गरेको सम्पत्ति भाइ राकेश लामाको नाममा रखेको भन्ने अभियोग दाबी भएको र प्रकारान्तरले निज गणेश लामाकै सम्पत्तिबाट उक्त कि.नं. १८ को जग्गा खरिद भएको देखिन आएको हुँदा सम्पत्ति आफ्नो नाममा रहेको कारणले मात्र यी प्रतिवादीहरू रञ्जु लामा र राकेश लामाले अभियोग दाबीबमोजिम सम्पत्ति शुद्धीकरणको कसुर गरेको मान्न मिल्ने देखिएन । प्रतिवादीहरू लक्ष्मी लामा, पाल्साङ्ग लामा र विनोद लामाको नाममा कुनै पनि स्रोत नखुलेको सम्पत्ति रहेको नदेखिएको भन्ने कुरा माथिका बिभिन्न प्रकरणमा विवेचना भईसकेको हुँदा गैरकानूनी अर्थात् स्रोत नखुलेको सम्पत्ति निजहरूको नाममा नरहेको र निजहरूले प्रमुख अभियुक्तको रूपमा प्रस्तुत गरिएका प्रतिवादी गणेश लामालाई गैरकानूनी सम्पत्ति आर्जन गर्नमा सहयोग पुऱ्याएको भन्ने कुरासमेत मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा निज प्रतिवादीहरू लक्ष्मी लामा, पाल्साङ्ग लामा र विनोद लामाको अभियोग दाबीबमोजिमको कसुरमा संलग्नता रहे भएको देखिएन ।

१३. अब अभियोगपत्रमा प्रतिवादीहरूको बैङ्कखातामा कारोवार भएको रकमलाई बिगो कायम गरेको सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरू र प्रतिवादीबाट संचालन भएका कम्पनीको नाममा बैङ्क खाता सञ्चालन गरी बैंकिङ्ग कारोबार गरेको रकम रु.१५,२६,८८,८५७।९१ लाई सम्पत्ति शुद्धीकरणको कसुरको बिगो कायम गरेको देखिएको छ । आरोपपत्रमा उल्लेख भएको प्रतिवादीहरूको बैङ्कखाताहरूको विवरणबाट

प्रतिवादी गणेश लामाको नाममा रहेको सिभिल बैङ्क कमलादीमा रु.११,०२६।८३, सनराइज बैङ्क तीनकुनेमा रु.१,८१७।६४ र इन्टरनेशनल डेभलपमेण्ट बैङ्कमा रु.२०६।९४ रकम मौज्दात रहेको देखिन्छ । प्रतिवादी राकेश लामाको ICFC Finance भाटभटेनीमा रु.१,०७७।४९, सनराइज बैङ्क तीनकुनेमा रु.१,५६३।२३, सिद्धार्थ बैङ्क गठ्टाघरमा रु.८९९।२७, नेपाल इन्भेष्टमेन्ट बैङ्कमा रु.७,५६१।१३ र नबिल बैङ्क दरबारमार्गमा रु.४७,८५०।७६ रकम मौज्दात रहेको देखिन्छ । प्रतिवादी पासाङ लामाको नामको सिटिजन्स बैङ्क इन्टरनेशनल कमलादीमा रु.१७,७४७।०२ र नबिल बैङ्कमा रु.७,४४५।०८ रकम मौज्दात रहेको र प्रतिवादी लक्ष्मी लामाको नामको नेपाल ईन्भेस्टमेण्ट बैङ्क दरबारमार्गमा रु.७,६१६।७२ मौज्दात रहेको देखिन्छ । प्रतिवादीहरूले संचालन गरेको सिरुवा निर्माण कम्पनीका नाममा रहेको कृषि विकास बैङ्क चावहिलमा रु.८,६२७।- सिटिन्स बैङ्क ईन्टरनेशनल कमलादीमा रु.३,९४६।- रकम मौज्दात रहेको, स्मृति निर्माण फर्म नामको सनराइज बैङ्क तीनकुनेमा रु.१९,५५९।- । मेलम्ची क्रसर उद्योगका नामको NEDEP Development Bank Ltd. पाँचखालमा रु.५,०००।- र सोही बैङ्कमा रु.६७,३३६।९४ मौज्दात रहेको देखिन्छ । प्रतिवादीहरूको Joint Venture Company खाताहरू तर्फ शंकर माली/सिरुवा/ निलगिरीको N.B. Bank को खातामा रु.१०,५६५।-, रसुवा डाँफे सिरुवा ईलाईट जे.भी.का नामको महालक्ष्मी फाईनान्समा रहेको खातामा रु.१,००,८९९।४१ र सोही फाइनान्स कम्पनीमा रु.२,१९,११२।५० गरी प्रतिवादीहरूका नाममा तथा निजहरूले संचालन गरेका खाताहरूमा समेत जम्मा रु.५,३९,८५७।९६ रकम मौज्दात रहेको भन्ने दाबी रहेको देखिन्छ । अनुसन्धानको सिलसिलामा बैङ्कमा मौज्दात रहेको देखिएकोभन्दा बढी रकम प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण गर्ने अभिप्रायबाट यो-यो ठाउँमा लगानी गरेको वा यो यस किसिमबाट अन्यत्र लगेको वा लुकाएको भन्ने कुरा अभियोग पत्रमा खुलाउन सकेको पाइएन । यसरी, प्रतिवादीको खातामा मौज्दात नै नभएको रकमलाई बिगो कायम गर्न मिल्ने हो वा होइन भन्ने विषयका सम्बन्धमा, नेपाल सरकार विरुद्ध गणेश अर्यालसमेत भएको पदीय अधिकारको दुरुपयोग गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट "खाता खोली बैङ्किङ्ग कारोबार गर्नु स्वभाविक रूपमा भै रहने कुरा हो । त्यो सञ्चय वा सुरक्षा वा जुनसुकै कारणले खातामा जम्मा गरी कारोबार गरिदिएको हुन सक्दछ । खाताबाट झिकिएका रकमहरू आफ्नो फौजदारी दायित्वबाट बच्ने उद्देश्यले कतै लुकाएको हो भने त्यो तथ्यगत हिसाबले नै पुष्टि गर्नु पर्ने । "खाताबाट रकम झिकिनु नै रकम लुकाएको आधार बन्न सक्दैन यस्ता प्रश्नहरूमा अपराध अनुसन्धानको पक्ष सतही नबनी गम्भीर र क्षमतावान हुनु जरुरी छ । यथार्थमा कुनै राष्ट्रसेवकले अकुत सम्पत्ति कति आर्जन गर्यो भन्ने प्रयोजनको लागि तत्कालीन अवस्थामा कति उसको साथमा वा नियन्त्रणमा छ भन्ने आधारमा मूल्याङ्कन गरिने हो न कि कति उसको साथमा थियो वा हुन सक्थ्यो होला भनी अनुमान गर्ने हो" (ने.का.प.२०७१ अङ्क ४ नि.नं.९१४९ पेज ५०९)।

१४. सर्वोच्च अदालतबाट प्रतिपादित भएको उपर्युक्त सिद्धान्तबाट बैङ्क खातामा नभएको रकमलाई बिगोमा समावेस गरेर कसुर कायम गर्न नमिल्ने भन्ने बिषयमा स्पष्ट भएको हुँदा खातामा मौज्दात नरहेको रकमलाई समेत बिगो कायम गरिएको प्रस्तुत मुद्दाको अभियोग पत्रका आधारमा मात्र बिगो कायम गर्न मिल्ने देखिएन । त्यसका अतिरिक्त प्रस्तुत मुद्दाका प्रतिवादीले बैङ्कबाट कर्जा लिएर कर्जा भुक्तान गर्ने प्रयोजनका लागि खोलिएको कर्जा खातामा निजै प्रतिवादीको अर्को खाताबाट रकमान्तर भई गएको रकमलाई समेत दुबै खाताको रकम जोडेर बिगोको रकम बढाएको देखिन्छ । प्रतिवादीको एउटा खाताबाट निजै प्रतिवादीले कर्जा भुक्तानीको प्रयोजनको लागि खोलेको अर्को खातामा रकमान्तर भई गएको रकमसमेतलाई छुट्टा-छुट्टै मानी दुवै रकम जोडेर बिगो कायम गरिएको अभियोगपत्र नै त्रुटिपूर्ण देखिएको छ । यसरी, सम्पूर्ण तथ्यको गहिराइसम्म नपुगी सतही अनुसन्धानको भरमा कायम भएको बैङ्क कारोबारसम्म भएको रकमलाई आधार मानेर सो बिगोको हकमा कसुर कायम गर्न मिल्ने देखिएन । आरोपपत्रमा नै प्रतिवादीहरूको बैङ्कखाताहरूमा मौज्दात रहेको रकमको विवरणमा प्रतिवादी गणेश लामाको नामका बैङ्क खाताहरूमा रु.१३,०५१।४१, प्रतिवादी राकेश लामाको बैङ्क खाताहरूमा रु.५८,९५१।८८, प्रतिवादी पासाङ लामाको बैङ्क खाताहरूमा रु.२५,१९२।१० र प्रतिवादी लक्ष्मी लामाको बैङ्क खातामा रु.७,६१६।७२ मौज्दात रहेको देखिन्छ । प्रतिवादीहरूले सञ्चालन गरेको सिरुवा निर्माण कम्पनीका नाममा रहेका बैङ्क खातामा रु.३२,१३२।-, मेलम्ची क्रसर उद्योगका नामका बैङ्क खातामा रु.७२,३३६।९४ मौज्दात रहेको देखिन्छ । प्रतिवादीहरूको Joint Venture Company खाताहरू मध्ये शङ्कर माली/सिरुवा/निलगिरीको बैङ्क खातामा रु.१०,५६५।-, रसुवा डाँफे सिरुवा ईलाईट जे.भी.का नामका बैङ्क खाताहरूमा रु.३,२०,०११।९१ समेत जम्मा रु.५,३९,८५७।९६ रकम मौज्दात रहेको भन्ने दाबी रहेको देखिन्छ । सो कुरालाई यस अदालतको आदेशानुसार माग गरिएको बैङ्क स्टेटमेन्ट समेतबाट पुष्टि भएको पाइयो। बिभिन्न व्यवसाय सञ्चालन गरेका र उक्त मौज्दात रकम पैत्रृक सम्पत्तिको रूपमा बाबु/ससुरासमेतबाट प्राप्त गरेका प्रतिवादीहरूबाट पेस भएका प्रमाणसमेतबाट निजहरूका नाममा उक्त रकम मौज्दात रहनुलाई अस्वाभाविक मान्न सकिएन ।

१५. माथिका बिभिन्न प्रकरणमा विवेचना भएर वैध स्रोत नभएको देखिएको कित्ता नं. ४४१० र कित्ता नं. १८ को जग्गा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ बमोजिम जफत हुनेमा कित्ता नं. ४४१० को जग्गा अभियोगपत्र दायर हुँदाकै बखत प्रतिवादी गणेश लामाकी आमा रञ्जु लामाको नाममा कायम नरही नबीन गुरुङ्ग र ईश्वरी गुरुङ्गलाई बिक्री गरेको भन्ने कुरा अभियोग पत्रबाटै देखिएको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा जफत गर्नुपर्ने सम्पत्ति, उपकरण वा वस्तुको धनीको सहमती वा जानकारी बिना प्रयोग वा खरिद बिक्री भएको प्रमाणित भएमा त्यस

उपरको दायित्व कसुर गर्ने व्यक्तिले तिर्ने वा बुझाउने गरी त्यस्तो सम्पत्ति, उपकरण वा वस्तु सोको धनीलाई फिर्ता दिनुपर्ने भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त कित्ता नं. ४४१० को जग्गाको स्वामित्व हस्तान्तरण हुँदा उक्त जग्गाको स्वामित्व प्राप्त गर्ने नबीन गुरुङ्ग र ईश्वरी गुरुङ्गलाई उक्त कि.नं. ४४१० को जग्गा आफ्नो दाताले खरिद गर्दा सो जग्गा स्रोत नखुलेको सम्पत्तिबाट आर्जन भएको थियो भन्ने कुरा जानकारी भएको भन्ने कुरा कहिँ कतैबाट खुल्न नआएको र सो सम्पत्ति जफत प्रयोजनार्थ प्राकृतिक न्यायको सिद्धान्तको भावनानुरूप अन्य व्यक्तिलाई जस्तै निजहरूलाई प्रतिवादी पनि बनाउन नसकेको र उक्त जग्गा रोक्कासमेत भएको नदेखिँदा धनीलाई फिर्ता दिने विषयमा केही बोल्न पर्ने देखिएन । उक्त कि.नं. ४४१० को जग्गा रु.१,०५,५०,०००।- (एक करोड पाँच लाख पचास हजार) मा खरिद गरेको भन्ने कुरा अभियोगपत्रमा नै स्वीकार गरिएको हुँदा सो बराबरको रकम कसुर ठहर भएका प्रतिवादी गणेश लामाको अन्य वैद्य सम्पत्तिबाट असूल उपर गर्नुपर्ने देखियो। खरिद गर्दा स्रोत नखुलेको राकेश लामाको नाममा दर्ता कायम रहेको कि.नं. १८ को जग्गाको हकमा उक्त जग्गा राकेश लामाको नाममा खरिद भएको र त्यसरी खरिद हुँदा एक सगोलका दाजु गणेश लामाले आर्जन गरेको सम्पत्तिबाट खरिद भएको भन्ने कुरा माथिको प्रकरणमा विवेचना भैसकेको हुँदा निज राकेश लामाको नाममा दर्ता रहेको काठमाडौं जिल्ला वाडभञ्याङ्ग-९, कि.नं.१८ को १४-०-०-० (६१२२.३६ व.मी.) जग्गा उक्त दफा ३४ बमोजिम जफत गर्नुपर्ने देखिन आयो ।

१६. अतः माथिका बिभिन्न प्रकरणमा विवेचना गरिएका आधार, कारण र प्रमाणबाट प्रतिवादीहरू गणेश लामा, लक्ष्मी लामा, पाल्साङ्ग लामा, रन्जु लामा, विनोद लामा र राकेश लामाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ एवम् दफा २८ अनुसारको कसुर गरेकोले रु.२७,०१,६१,०५८।६० (सत्ताइस करोड एक लाख एकसठ्ठी हजार अन्ठाउन्न रुपैंया साठी पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३०(२) बमोजिम सजाय गरी सम्पत्ति शुद्धीकरण गरी आर्जन गरेका सम्पत्ति सोही ऐनको दफा ३४ अनुसार जफतसमेत हुन अभियोग माग दाबी लिइएकोमा प्रतिवादीमध्ये गणेश लामाले बिगो रु.१,४०,५०,०००।- (एक करोड चालीस लाख पचास हजार रुपैंया) बिगोसम्मको हकमा आरोप दाबीबमोजिमको कसुर गरेको पुष्टि हुँदा निज प्रतिवादी गणेश लामालाई सोही ऐनको दफा ३०(२) बमोजिम १ बर्ष कैद हुने र सोही ऐनको दफा ३४ बमोजिम बिगो रु.१,४०,५०,०००।- बराबरको प्रतिवादी गणेश लामाको सम्पत्ति जफत हुने र प्रतिवादीहरू लक्ष्मी लामा, पाल्साङ्ग लामा, रन्जु लामा, विनोद लामा र राकेश लामाले आरोप दाबीबाट सफाई पाउने ठहर्छ ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः मुकुन्द निरौला

इति संवत २०७५ साल श्रावण २४ गते रोज ५ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. १

मुद्दा नं. ०७२-CR-००७३

निर्णय नं.६७

फैसला मिति : २०७५।१०।९

मुद्दा:- सम्पत्ति शुद्धीकरण।

वादी : अनुसन्धान अधिकृत राजेन्द्रसिंह भण्डारीसमेतको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : बिनोदकुमार सोनीसमेत

- **झट्ट हेर्दा एउटै कसुर जस्तो देखिए पनि कसुरको प्रकृति, त्यसमा संलग्न व्यक्तिहरूको भूमिका, कसुर गर्दाको अवस्था र त्यो कसुरका सम्बन्धमा गरिएको कानूनी व्यवस्थाका आधारमा सो सिद्धान्त आकर्षित हुने अवस्थाको विद्यमानता छ वा छैन भन्ने कुराको निक्यौंल गर्नुपर्ने ।**

(प्रकरण नं.२)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री पदमबहादुर कार्की

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिशंकर निरौला, श्री सतिशकृष्ण खरेल, श्री कृष्णप्रसाद सापकोटा र श्री किरण शर्मा, विद्वान् अधिवक्ता श्री भोजराज रेग्मी

अवलम्बित नजिर :

- ने.का.प. ०७३ अङ्क ७ नि.नं. ९९३० पृ. १२५७

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४

विशेष अदालत ऐन २०५९ को दफा ६ तथा मिति २०५९।५।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर निम्नानुसार छः-

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा मुलतः निम्न विषयको निरुपण हुनुपर्ने देखियो :-

(क) प्रतिवादीहरूका तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीहरूले जिकीर लिएजस्तो दोहोरो खतराको सिद्धान्त (Principle of Double Jeopardy) प्रस्तुत मुद्दामा आकर्षित हुने वा नहुने के हो भन्ने सम्बन्धमा,

(ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (पहिलो संशोधन) ऐन, २०६४ प्रचलनमा रहेको अवस्थामा घटेको वारदातका सम्बन्धमा सो ऐनमा वारदात मितिभन्दा पछाडि गरिएको संशोधनद्वारा राखिएको कसुर र सजायसम्बन्धी व्यवस्था आकर्षित हुन सक्छ वा सक्तैन भन्ने सम्बन्धमा,

(ग) प्रतिवादीहरूले कसुर गरेको ठहर्छ वा ठहर्दैन, र

(घ) कसुर ठहर भएमा के कति सजाय गर्नुपर्ने हो ?

२. पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा, कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने सिद्धान्तलाई हामीले संविधानमा मौलिक हकअन्तर्गत समावेश गरेर अभ्यास गरेको धेरै पहिलेदेखि नै हो । एउटै कसुरमा एकपटकभन्दा बढी मुद्दा नचलाइने र सजाय नगरिने कुराको प्रत्याभूति दोहोरो खतराको सिद्धान्तले गरेको छ । हाम्रो वर्तमान संविधानले पनि मौलिक हकअन्तर्गत न्यायसम्बन्धी हकमा समावेश गरिएको छ, धारा २४ को उपधारा (६) मा यो सिद्धान्तले कुनै व्यक्तिका विरुद्धमा एउटै कसुरमा पटक-पटक दुःख हैरानी दिने कार्य नहोस् भनेर व्यक्तिलाई राज्यकातर्फबाट हुनसक्ने सम्भावित खतराबाट संरक्षण गरिएको हो । यसमा दुईमत छैन । तथापि, यो सिद्धान्तको प्रयोग सधैं एकै किसिमबाट र यान्त्रिक तवरले हुन सक्दैन । झट्ट हेर्दा एउटै कसुर जस्तो देखिए पनि कसुरको प्रकृति, त्यसमा संलग्न व्यक्तिहरूको भूमिका, कसुर गर्दाको अवस्था र त्यो कसुरका सम्बन्धमा गरिएको कानूनी व्यवस्थाका आधारमा सो सिद्धान्त आकर्षित हुने अवस्थाको विद्यमानता छ वा छैन भन्ने कुराको निक्यौंल गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "एउटै क्रियाबाट अलग अलग ऐनअन्तर्गत कसुर भएमा अलग अलग मुद्दा चलाउन र सजाय गर्न बाधा नहुने" (ने.का.प. ०७३ अङ्क ७ नि.नं. ९९३० पृ. १२५७) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । त्यसका अतिरिक्त, सम्पत्ति शुद्धीकरणको अपराध आफैंमा मूल वा सम्बद्ध कसुर (Predicate Offence) नभई मूल कसुरको सह-उत्पादन

(By-Product) को रूपमा देखापर्ने कसुर भएको हुनाले सम्बद्ध कसुरबाट आर्जन भएको सम्पत्ति नै सम्पत्ति शुद्धीकरण मुद्दाको विषयवस्तु हुने हुनाले हेर्दा एउटै बिगो, एउटै वारदात जस्तो लागे तापनि फरक-फरक ऐनद्वारा व्यवस्था गरिएका कानूनी प्रावधानबमोजिमका फरक-फरक कसुर भएको हुनाले विदेशी विनिमयको अवैध कारोबार मुद्दा र प्रस्तुत सम्पत्ति शुद्धीकरण मुद्दाका हकमा दोहोरो खतराको सिद्धान्त (Principle of Double Jeopardy) आकर्षित हुने अवस्था नदेखिई दुवै कसुरमा छुट्टाछुट्टै मुद्दा चल्न सक्ने नै देखिँदा विद्वान् कानून व्यवसायीहरूको बहस जिकीरसँग सहमत हुन सकिएन ।

३. दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, प्रतिवादी बिनोदकुमार सोनीको झोलाबाट रु.१,२४,३२,०४६।१४ बराबरका बिभिन्न विदेशी मुद्रा मिति २०६९।०६।१९ मा बरामद भएको भन्ने कुरा बरामदी मुचुल्काबाट देखिएको छ । सोही रकमलाई प्रस्तुत सम्पत्ति शुद्धीकरण मुद्दामा बिगो कायम गरिएको छ । प्रतिवादीहरूले आर्जन गरेको अन्य सम्पत्तिका सम्बन्धमा अनुसन्धान नै भएको नदेखिएको हुँदा प्रस्तुत मुद्दाको वारदात उल्लिखित विदेशी मुद्रा बरामद भएको दिन अर्थात् मिति २०६९।०६।१९ हो भन्ने कुरामा विवाद देखिएन ।

४. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ मिति २०६४।१०।१४ देखि प्रारम्भ भएको छ । सो ऐनमा पहिलो संशोधन मिति २०६८।०२।२८ र दोस्रो संशोधन मिति २०७०।१२।१२ मा भएको देखिन्छ । प्रस्तुत मुद्दामा मिति २०६९।०६।१९ लाई वारदात कायम गरेको पाइएबाट सो वारदात हुँदाका बखत सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को पहिलो संशोधन सहितको ऐन प्रचलनमा रहेको देखिन्छ । नेपालको संविधानले समेत "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनैपनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भनी (वर्तमान संविधानको धारा २० को उपधारा (४) मा मौलिक हकअन्तर्गत राखेको पाइन्छ। कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी नहुने र कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय नगरिने विषयलाई हामीले फौजदारी न्यायको सामान्य सिद्धान्तको रूपमा स्वीकार गरी आएकोमा २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पनि फौजदारी न्यायको सामान्य सिद्धान्तको रूपमा लिपिबद्ध गरेको छ । यस्तो पृष्टभूमिमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको दोस्रो संशोधनले कसुर र सजायका सम्बन्धमा गरेको व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुनसक्ने नदेखिएको हुँदा वारदात हुँदाका बखत प्रचलनमा रहेको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को पहिलो संशोधनसहितको व्यवस्थाअनुसारकै कसुर कायम हुने वा नहुने विषयको निक्यौंल गरेर सोहीबमोजिमको सजाय हुने वा नहुने भन्ने कुराको निष्कर्ष

निकाल्नु पर्ने देखियो । दोस्रो संशोधन सहितको कानूनी व्यवस्था लगाएर कसुर कायम गरी सोहीअनुरूप सजायको माग दाबी लिएको हदसम्म अभियोगपत्र मिलेको देखिएन ।

५. तेस्रो प्रश्न अर्थात् प्रतिवादीहरूले कसुर गरेको ठहर्छ वा ठहर्दैन भन्ने सम्बन्धमा विचार गर्दा, विदेशी विनिमय अवैध कारोबार मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।०५।२३ मा फैसला हुँदा प्रतिवादीमध्येका राजेश अग्रवाललाई विदेशी मुद्राको अवैध ओसारपसार कार्यका मुख्य व्यक्ति मानेको देखिन्छ।यिनै प्रतिवादी राजेश अग्रवालले अर्का प्रतिवादी सोबितबाबु कार्की भनिने सोबितबहादुर कार्कीलाई बिभिन्न देशका विदेशी मुद्रा दिएर अर्का प्रतिवादी बिनोदकुमार सोनीसम्म पुऱ्याउने जिम्मा दिएको र निज सोबितबहादुर कार्कीले उक्त विदेशी मुद्रा अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुऱ्याएर निज बिनोदकुमार सोनीलाई दिएको भन्ने निष्कर्ष निकालेर सोहीबमोजिम कसुर र सजाय निर्धारण गरेको पाइन्छ ।

६. काठमाडौं जिल्ला अदालतबाट भएको उक्त फैसला निज प्रतिवादी राजेश अग्रवालको हकमा उच्च अदालत पाटनबाट मिति २०७३।११।२४ मा फैसला हुँदा जिल्ला अदालतको फैसला सदर भएको देखिँदा बरामदीको विदेशी मुद्रा निज राजेश अग्रवालको स्वामित्वको भएको भन्ने कुरामा थप विवेचना गर्नपर्ने देखिएन । उक्त दुईतहबाट भएका फैसला नै पर्याप्त छन् । प्रतिवादी राजेश अग्रवालले प्रस्तुत मुद्दामा समेत कुनै सबुद प्रमाण पेस गरेर आफ्नो निर्दोषिता प्रमाणित गर्नुको सट्टा सुरु म्याद नै गुजारी बसेको हुँदा काठमाडौं जिल्ला अदालत र उच्च अदालत, पाटनबाट भएका फैसलाले स्थापित गरेको तथ्यलाई अन्यथा भन्नुपर्ने अवस्था रहेन । अपराध हुँदाका अवस्थामा प्रचलनमा रहेको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) ऐन, २०६४ को दफा २८ मा "यस ऐनअन्तर्गतको कसुरमा मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नुपर्ने छ र त्यसरी प्रमाणित गर्न नसकेमा त्यस्तो सम्पत्ति यस ऐनअन्तर्गतको कसुर गरी प्राप्त गरेको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको र निज प्रतिवादी राजेश अग्रवालले आफूले परिचालन गरेको ठूलो मात्राको विदेशी मुद्राको कुनै स्रोत पेस गर्न नसकेको अवस्था हुँदा निजले उक्त दफा २८ अन्तर्गतको कसुर गरेको देखिन आयो ।

७. त्यसैगरी, प्रतिवादीहरू बिनोदकुमार सोनी र सोबितबाबु कार्की भन्ने सोबितबहादुर कार्कीको हकमा पनि विदेशी विनिमय अवैध कारोवार मुद्दामा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने कुरा ठहर गरी काठमाडौं जिल्ला अदालत र उच्च अदालत, पाटन दुबै तहबाट फैसला भएको अवस्था छ । प्रतिवादीहरूलाई जनही ३ वर्ष कैद सजाय हुने ठहर काठमाडौं जिल्ला अदालतबाट भएकोमा कैद

सजायमा १ वर्ष कम गरेर २ वर्ष कैद सजाय गरेको बाहेक बिगोको दोब्बर जरिवाना गरेतर्फ जिल्ला अदालतको फैसलामा केही परिवर्तन नगरी सदर गरेको भन्ने कुरा उक्त फैसलाको मिसिल संलग्न प्रतिलिपिबाट देखिएको छ । यसबाट बरामद भएको विदेशी मुद्राको स्वामित्व यी प्रतिवादीमा रहेको नभई यी दुवैजना प्रतिवादीले उक्त विदेशी मुद्रामा स्वामित्व रहेका राजेश अग्रवाललाई कसुर गर्नमा दुरुत्साहन गरी सघाएको देखिन आयो। प्रतिवादीमध्येका बिनोदकुमार सोनीले प्रतिवादी राजेश अग्रवालबाट केही रकम लिएर यस अघि पनि दुबई जाने आउने गरेको देखिएको र प्रतिवादी सोबितबहादुर कार्कीले राजेश अग्रवालको विदेशी मुद्रा निज बिनोदकुमार सोनीसम्म पुऱ्याइदिने गरेको भन्ने तथ्य खुल्न आएको अवस्थामा निजहरूले मुख्य कसुरदारलाई मद्दतसम्म गरेको देखिन आयो ।

८. प्रतिवादीहरू रविराज श्रेष्ठ र मुरारीलाल गोयलको हकमा पुरक अभियोगपत्रबाट मुद्दा दायर भएकोमा काठमाडौं जिल्ला अदालत र उच्च अदालत, पाटनसमेतबाट आरोपित कसुरबाट सफाइ पाउने गरी फैसला भएको देखिन्छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट बरामद भएको बिभिन्न देशका विदेशी मुद्रासँग यी दुबै प्रतिवादीको केही संलग्नता रहेको भन्ने कुरा पुष्टि हुन नसकेको भनी दुई तहका अदालतबाट फैसला भएको र प्रस्तुत मुद्दामा समेत निजहरूका विरुद्ध थप प्रमाण केही संकलन भएको नभई सोही बरामद भएको विदेशी मुद्रा बराबरको नेपाली रुपैयाँलाई बिगो कायम गरेर प्रस्तुत मुद्दा चलेको देखिँदा प्रस्तुत मुद्दामा समेत ती दुबैजना प्रतिवादीहरूको कुनै संलग्नता रहेको पाइएन । प्रतिवादीमध्येका रविराज श्रेष्ठलाई सोही विदेशी विनिमय अवैध कारोवारमा संलग्न रहेको भन्ने आधारमा भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी गृहमन्त्रीबाट निर्णय भई सो निर्णय नेपाल सरकार मन्त्रिपरिषद्बाट समेत सदर भएकोमा उक्त दुवै निर्णयहरू पूर्वाग्रहयुक्त र श्री सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्तसमेत विपरीत भएको ठहर गरी निज प्रतिवादीले कानूनबमोजिम तलब, सुविधा र निवृत्तभरण पाउने गरी श्री सर्वोच्च अदालतबाट २०७४।०७।२० मा आदेश भएको भन्ने कुरा ०७०-WO-०३८० को उत्प्रेषण/परमादेशको मुद्दामा आदेश भएको परिप्रेक्ष्यमा समेत निज प्रतिवादी रविराज श्रेष्ठको प्रस्तुत मुद्दामा कुनै संलग्नता नरहेको भन्ने कुरालाई पुष्टि गरेको छ । अतः प्रतिवादीहरू रविराज श्रेष्ठ र मुरारीलाल गोयलको सम्पत्ति शुद्धीकरणको कसुरमा कुनै संलग्नता रहेको देखिएन ।

९. अब, अन्तिम प्रश्न अर्थात् कसुर ठहर भएका प्रतिवादीहरूका हकमा के कति सजाय गर्ने भन्ने सम्बन्धमा विचार गर्दा, माथिका प्रकरणमा विवेचना भएअनुसार वारदात भएको अवस्थामा प्रचलनमा रहेको कानूनी व्यवस्थाअनुसारको कसुर कायम गरी सोहीबमोजिम सजाय गर्नुपर्ने भन्ने कुराको निक्र्यौल भइसकेको छ । उक्त सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको पहिलो संशोधनसहितको व्यवस्था रहेको दफा ३० को उपदफा (२) मा उपदफा (१) मा

उल्लेख भएबाहेक परिच्छेद २ अन्तर्गतको अन्य कसुर गर्नेलाई बिगोबमोजिमको वा एक वर्षदेखि चारवर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको पाइन्छ । सोही दफा ३० को उपदफा (५) मा "यस ऐनअन्तर्गतको कसुर गर्न उद्योग गर्ने वा मद्दत गर्ने वा दुरुत्साहन दिनेलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरेको हुँदा प्रतिवादी राजेश अग्रवाललाई दफा ३०(२) अन्तर्गतको कैदको सजाय र अन्य दुईजना प्रतिवादीहरू सोबितबाबु कार्की भन्ने सोबितबहादुर कार्की र बिनोदकुमार सोनीलाई दफा ३०(५) बमोजिम मुख्य कसुरदारलाई भएको सजायको आधा सजाय गर्न उपयुक्त हुने देखियो ।

१०. तसर्थ, माथि विवेचना गरिएको जस्तो प्रतिवादीमध्येका बिनोदकुमार सोनीको झोलाबाट रु.१,२४,३२,०४६।१४ (एक करोड चौबीस लाख बत्तीस हजार छ्यालीस रुपैया चौध पैसा) बरामद भएको भन्ने कुरा विदेशी विनिमय (नियन्त्रण गर्ने) ऐन, २०१९ अन्तर्गत चलेको विदेशी विनिमयको अवैध कारोवार मुद्दाबाट स्थापित भएको र सो रकम अर्का प्रतिवादी राजेश अग्रवालबाट लिएर निज बिनोदकुमार सोनीसम्म प्रतिवादी सोबितबाबु कार्की भन्ने सोबितबहादुर कार्कीले पुऱ्याइदिएको भन्ने तथ्यसमेत सोही मुद्दाबाट स्थापित भएको हुँदा बरामद भएको रकमको स्वामित्व प्रतिवादी राजेश अग्रवालको रहेको पाइएबाट र निज राजेश अग्रवालले सो रकमको वैध स्रोत पुष्टि गर्नुको सट्टा सुरू म्याद नै गुजारी बसेको देखिँदा निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको पहिलो संशोधनसहितको दफा २८ अन्तर्गतको कसुर गरेको पाइयो । निज प्रतिवादी राजेश अग्रवाललाई सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम एकवर्ष कैद सजाय हुने र प्रतिवादीहरू सोबितबाबु भन्ने सोबितबहादुर कार्की र बिनोदकुमार सोनीले स्रोत नखुलेको सम्पत्ति ओसारपसार गर्न सहयोग पुऱ्याएर निज प्रतिवादी राजेश अग्रवाललाई कसुर गर्न दुरुत्साहन दिएको पाइएको हुँदा निजहरू दुवै जनालाई सोही दफा ३० को उपदफा (५) बमोजिम मुख्य कसुरदारलाई भएको सजायको आधा जनही ६(छ) महिना कैद सजाय हुने ठहर्छ । प्रतिवादीहरू रविराज श्रेष्ठ र मुरारीलाल गोयलको कसुरमा संलग्नता रहेको नपाइएको हुँदा निजहरू दुवैजनाको हकमा अभियोग दाबी पुग्न सक्ने देखिएन। निजहरूले सफाइ पाउने ठहर्छ । बरामद भएका विदेशी मुद्राहरू विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत चलेको विदेशी विनिमय अवैध कारोवार मुद्दामा जफत भइसकेको हुँदा उक्त मुद्रा जफत गरिपाउँ भन्नेसमेतको अन्य अभियोग दाबी पुग्न सक्तैन ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः नवराज जोशी

इति संवत् २०७५ साल माघ ०९ गते रोज ४ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौँ

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्रवहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नः- ०७४-CR-०१०२

कसुर ठहर निर्णय नं.- ८१

कसुर ठहर मितिः- २०७६/११/१५

सजाय निर्धारण निर्णय नं.- ०३

सजाय निर्धारण मितिः- २०७६/११/२९

मुद्दा :- सम्पत्ति शुद्धीकरण ।

वादी : सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकार प्राप्त अनुसन्धान अधिकृत प्र.ना.उ. श्यामबाबु ओलियाको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : संजयकुमार साहसमेत

- **कुनै व्यक्तिलाई कुनै कसुरमा अदालतमा एक पटक मुद्दा चलाई न्यायिक किनारा लागि अन्तिम भएपछि सोही कसुरमा उही पक्ष वा व्यक्तिलाई पुन मुद्दा चलाउन नपाइने ।**

(प्रकरण नं.५)

- **अवैध तरिकाले कमाएको सम्पत्तिलाई वैध सम्पत्ति सरह शुद्ध देखाउँदै राष्ट्रिय अर्थतन्त्रमा मिसाउने कार्यलाई सम्पत्ति शुद्धीकरण (**Money Laundering**) भन्ने बुझ्नु पर्ने ।**

(प्रकरण नं.१४)

- **अचल सम्पत्तिको खरिद विक्रि, गैरकानूनी सम्पत्तिलाई कानूनी सम्पत्तिमा मिसाउने, वित्तीय संस्थाहरूको प्रयोग, बहुमूल्य वस्तुहरूको खरिद बिक्रि, शेयर बिक्रि, बैङ्कमा जम्मा, ठेक्कापट्टाबाट भएको आय देखाउने, उद्योगधन्दामा लगानी गर्ने लगायतका कार्यहरू सम्पत्ति शुद्धीकरण गर्ने तरिकाहरू हुने।**
- **सम्बद्ध** (predicate offence) **अपराधअन्तर्गत गैर कानूनी कार्यबाट धन आर्जन गरी सङ्कलन अर्थात्** collection **गर्ने, गैरकानूनी आर्जनलाई कुनै बैङ्क वा वित्तीय संस्थामा जम्मा गर्ने, ठुलो रकमलाई**

खन्डीकरण गर्दै बिभिन्न बैङ्क तथा वित्तीय संस्थामा राख्ने, झिक्ने, स्थानान्तरण गर्ने, मुद्रा परिवर्तन गर्ने, आफ्नो रकम अरु कसैको नाममा जम्मा गर्ने वा लगानी गर्ने अर्थात् Placement गर्ने, शेयर, डिवेन्चरको खरिद बिक्री गर्ने, कागजी कम्पनी खडा गर्ने, देशभित्रै वा बाहिर रहेका आफन्तका वा आफ्नै नाममा बैङ्क खातामा रकम स्थानान्तरण गर्ने, अस्तित्वमै नरहेका सेवामा भुक्तानी गरेको देखाउने अर्थात् Layering गर्ने, बिभिन्न निकाय र इकाईमा छरिएर रहेको रकमलाई समेटेर वैधानिक क्षेत्रमा प्रवाह गर्ने, वैध र अवैध सम्पत्तिलाई एकै ठाउँ मिसाउने, आम्दानीको कृत्रिम स्रोत देखाउने, घरजग्गा व्यापार व्यवसाय, गहना, संस्थागत क्षेत्रमा लगानी गर्ने, बढी आय देखाएर सोहीअनुसार कर तिरेको जस्तो गर्ने, कृत्रिम नाफा देखाउने अर्थात् Integration गर्ने लगायतका बिभिन्न चरणगत क्रियाहरू सम्पन्न भएको हुने।

(प्रकरण नं.१५)

- गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति अपराधिक कार्यमा प्रयोग नहोस, अपराधिक कार्य रोकियोस् भनि निवारणात्मक व्यवस्था (Preventive Measures) को प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन आएको हो । सम्पत्ति शुद्धीकरण आफैंमा सम्बध्द कसुर (Predicate offence) होइन अपितु मूल कसुरको सह-उत्पादन (By-Product) को रूपमा सह अपराध (Secondary offence) हो । मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐन अन्तर्गत पर्दछ। यो एउटा बहु आयामिक वित्तीय अपराध (Multi-Dimensional Financial Crime) पनि हो।
- अस्वभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादीमा राखिएको छ । प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नु पर्ने ।

(प्रकरण नं.१६)

- गैरकानूनी स्रोत (illicit origin) बाट आर्जित रकम ठेक्का पट्टामा लगानी गर्ने, ठेक्का पट्टाबाट मुनाफा भएको देखाउनेलगायतका कार्यलाई सम्पत्ति शुद्धीकरण गर्ने तरिका (Modus Operandi) कै रूपमा लिईने भएकोले प्रतिवादीको उक्त जिकीरलाई निर्दोषिता पुष्टिको आधार प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

(प्रकरण नं.१७)

वादीका तर्फबाट : विद्वान् उप-न्यायाधिवक्ता देवेन्द्रराज आचार्य

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू लवकुमार मैनाली, सुरेन्द्रकुमार महतो र श्री नरेन्द्रकुमार पाठक, विद्वान् अधिवक्ता ओमप्रकाश सिंह

अवलम्बित नजिर :

- ने.का.प. २०४९, अङ्क १०, नि.न. ४६३१

- ने.का.प. २०७३, अङ्क ७, पृष्ठ १२५७, नि.न. ९६३०
- ने.का.प. २०७३, अङ्क ११, पृष्ठ २०१९, नि.न. ९७०८

सम्बद्ध कानून :

- नेपालको संविधान
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४
- फौजदारी अपराध संहिता, २०७४

कसुर निर्धारण खण्ड

१. प्रस्तुत मुद्दामा देहायका कानूनी प्रश्नउपर न्याय निरूपण गर्नुपर्ने देखिन्छ ।
   - सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ लागू हुनु पूर्व प्रतिवादीहरूले आय आर्जन गरेको सम्पत्तिको हकमा प्रस्तुत ऐन आकर्षित भई कसुर कायम हुनसक्ने हो होइन ?
   - प्रतिवादीहरू उपर प्रस्तुत मुद्दामा उल्लिखित चल अचल सम्पत्तिको विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम स्रोत नखुलेको सम्पत्ति आर्जन (भ्रष्टाचार) मुद्दा चलेको अवस्थामा उही सम्पत्तिको विषयमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ बमोजिमसमेत मुद्दा चल्न सक्ने हो, होइन ?
   - प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेका हुन् होइनन् ? प्रतिवादीहरूले के कति बिगो बराबरको सम्पत्ति शुद्धीकरण गरेका हुन् ? प्रतिवादीहरूको नाममा रहेका के कुन सम्पत्ति जफत हुने हो ?

२. पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मितिः २०६४।१०।१४ देखि लागू भएको देखिन्छ । प्रस्तुत मुद्दाको मिसिल अध्ययन गर्दा प्रतिवादीहरू संजयकुमार साह, साधु साह सुडी, दुलारीदेवी सुडीसमेतले प्रस्तुत ऐन लागू हुनु पूर्व अर्थात् मितिः२०६४।१०।१४ अघि खरिद गरेको जग्गा जमिन र कम्पनी/फर्ममा लगानी गरेको शेयर रकमसमेतलाई बिगो कायम गरी प्रस्तुत ऐनअन्तर्गतको कसुर कायम गरी अभियोग पत्र दायर भएको देखिन्छ । नेपालको संविधानको धारा २०(४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने न्यायसम्बन्धी मौलिक हक प्रदान गरी पश्चातदर्शी असर (Retrospective Effect) हुने गरी विधायिकाले फौजदारी कानून निर्माण गर्न नपाईने संवैधानिक व्यवस्था गरेको छ । त्यस्तै फौजदारी अपराध संहिता, २०७४ को परिच्छेद २ को फौजदारी न्यायका सामान्य सिद्धान्तहरूअन्तर्गत दफा ७ मा "कानूनले सजाय नहुने कुनै

काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय हुने छैन" भन्ने व्यवस्था गरेको पाईन्छ ।

३. संयुक्त राष्ट्रसंघको सदस्यराष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration on Human Rights, 1948) लाई अन्तर्राष्ट्रिय कानूनको रूपमा स्वीकार गरेको छ । उक्त घोषणापत्रको धारा ११(२) मा "No one shall be held guilty of any penal offence on any act or omission which did not constitute a penal offence, under National or International law, at the time when it was committed. Nor shall a heavier penalty be imposed than the one that was applicable at the time the penal offence was committed" भन्ने व्यवस्था गरेको पाईन्छ । यो व्यवस्थाबमोजिम सबै सदस्यराष्ट्रहरूले पश्चातदर्शी असर पर्ने गरी फौजदारी कानून निर्माण नगर्ने प्रतिबध्दता जनाएको पाइन्छ । उक्त घोषणापत्र कार्यान्वयनको लागि तयार पारिएको नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International covenant on civil and political Rights, 1966) को धारा १५ को उपधारा १ ले पनि "No one shall be held guilty of any penal offence on any act or omission which did not constitute a penal offence, under National or International law, at the time when it was committed. Nor shall a heavier penalty be imposed than the one that was applicable at the time the penal offence was committed" भन्ने व्यवस्था गर्दै पश्चातदर्शी असर हुने गरी फौजदारी कानूनको निर्माण नगरिने कुराको प्रत्याभूति गरेको छ ।

४. माथि उल्लिखित संवैधानिक तथा अन्तर्राष्ट्रिय कानूनको व्यवस्था प्रतिकूल नहुने गरी निर्माण भएको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ लाई पश्चातदर्शी असर पर्ने गरी व्याख्या गरि ऐन जारी हुनु पूर्व भएको काम क्रियाको सम्बन्धमा लागू गर्नू विधायिकाको मनसाय विपरीत हुन जान्छ । अतः प्रस्तुत ऐन लागू हुनू पूर्व सम्पत्ति शुद्धीकरण गरेको कार्यलाई कसुर मानिने कानूनी व्यवस्था नरहेको अवस्थामा यो ऐन प्रारम्भ हुनु पूर्व प्रतिवादीहरूले आर्जन गरेको सम्पत्तिको हकमा प्रस्तुत ऐनको प्रयोग गरी कसुर कायम गर्न मिल्ने देखिएन । सम्मानित सर्वोच्च अदालतबाट समेत "कुनै पनि व्यक्तिको हकहितमा असर पर्ने सारवान कानून भूतलक्षी असर हुने गरी लागू गर्नु न्याय प्रशासनको विपरित हुन जाने" (ने.का.प. २०४९, अङ्क १०, नि.न.४६३१) भन्ने सिद्धान्त प्रतिपादनसमेत भएको परिप्रेक्षमा प्रतिवादीहरूले प्रस्तुत ऐन लागू हुनू पहिल्यै प्राप्त गरेको, आर्जन गरेको लगानी गरेको हदसम्मको सम्पत्तिको विषयमा वैधानिक स्रोत खुलाउन नसकेको, गैरकानूनी तरिकाले आर्जन गरेको सम्पत्तिलाई शुद्धीकरण गरेको भनी यस ऐनबमोजिम मुद्दा चलाउन एवम् कसुर कायम गर्न मिल्ने नदेखिँदा प्रतिवादीहरूको विद्वान् कानून व्यवसायीहरूको जिकिर मनासिव देखिन आयो ।

५. दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी

अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International covenant on civil and political Rights, 1966) को धारा १४(७) मा "No one shall be liable to be tried or punished again for an offence for which he has already been finally convicted or ecquitted in accordance with the law and penal procedure of each country" भन्ने व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २० को उपधारा (६) मा "कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाईने र सजाय गरिने छैन" भन्ने न्यायसम्बन्धी मौलिक हकको व्यवस्था गरेको पाईन्छ । त्यस्तै मुलुकी अपराध संहिता, २०७४ को दफा ९ मा "कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाईने र सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ। उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्थाले दोहोरो खतराको सिद्धध्दान्त (Principle of double Jeopardy) लाई आत्मसात गरेको पाइन्छ । दोहोरो खतराको सिध्दान्तले मूलतः एउटै व्यक्तिका विरुद्धमा उही कसुरमा पहिले नै कारवाही भई सजाय पाईसकेको वा सफाई पाईसकेको अवस्थामा उक्त कसुरमा पुनः मुद्दा चलाउन र सजाय गराउनलाई रोक्दछ । यो सिद्धान्त आकर्षित हुन मुख्यतः सक्षम निकायबाट निर्णय भएको हुनु पर्ने, निर्णय स्वच्छ सुनुवाई गरी अन्तिमसमेत भएको हुनुपर्दछ । अर्थात् कुनै व्यक्तिलाई कुनै कसुरमा अदालतमा एक पटक मुद्दा चलाई न्यायिक किनारा लागि अन्तिम भएपछि सोही कसुरमा उही पक्ष वा व्यक्तिलाई पुन मुद्दा चलाउन पाइँदैन। यी प्रतिवादीहरूले गैरकानूनी तवरले सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको र सोही सम्पत्तिको बिषयमा सम्पत्ति शुद्धीकरण विभागले आवश्यक अनुसन्धान गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ बमोजिम मुद्दा दायर गरेको देखिन्छ। प्रतिवादीहरूले गरेको काम क्रिया पृथक् पृथक् कानूनले गरेको कसुरको परिभाषा र दायराभित्र परेको देखिएमा सोसम्बन्धमा पृथक् पृथक् कानूनबमोजिम पृथक् पृथक् मुद्दा चल्न सक्नेनै देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत दायर भएको भ्रष्टाचार मुद्दा र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गत दायर भएको सम्पत्ति शुद्धीकरण मुद्दालाई एउटै मुद्दा मान्न मिल्ने देखिँदैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले "कुनै राष्ट्रसेवक वा कुनै व्यक्तिले यस ऐनअन्तर्गत कसुर गरेको मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानूनबमोजिम कसुर गरेको मानिने कुनै कामसमेत गरेको रहेछ भने निज उपर अन्य प्रचलित कानूनबमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन" भन्ने कानूनी व्यवस्था गरेको परिप्रेक्षमा प्रतिवादीहरूले गरेको काम क्रिया पृथक् पृथक् कानूनले परिभाषा गरेको कसुरको दायराभित्र परेको अवस्थामा तत् तत् कानूनबमोजिम छुट्टाछुट्टै मुद्दा चलाउन बाधा पर्ने देखिँदैन । नेपाल सरकार वि. नेत्रबहादुर लिम्बूसमेत भएको प्रश्नपत्रको गोपनीयता भङ्ग गरी भ्रष्टाचार

गरेको भन्ने मुद्दामा (नेकाप २०७३, अङ्क ७, पृष्ठ १२५७, नि.न. ९६३०) प्रतिवादीहरूलाई शिक्षा ऐन, २०२८ को दफा १७(१) (क) को कसुरमा समेत जिल्ला अदालतमा मुद्दा चलाएको देखिएकोमा सम्मानित सर्वोच्च अदालतबाट" भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) मा भएको कानूनी व्यवस्थालाई उद्धृत गर्दै "कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाईने र सजाय दिईने छैन भन्ने कुरा अर्थात् दोहोरो खतराको सिद्धान्त कुनै एक कसुरमा उही व्यक्तिउपर मुद्दा चलाई निर्णय भईसकेकोमा सोही कसुरको सम्बन्धमा पुन: कारवाही चलाउन रोक लगाउने सम्बन्धमा आकर्षित हुने हो । विवादको विषयमा एकै प्रतिवादीबाट भएको कार्यको लागि दुई छुट्टाछुट्टै ऐनअन्तर्गतको कसुरमा छुट्टाछुट्टै अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन र अदालतबाट निर्णय गर्न यस सिद्धान्तले रोक लगाएको देखिँदैन। यसबाट एउटै क्रियाबाट अलग अलग ऐनअन्तर्गतमा कसुरसमेत भएमा अलगअलग मुद्दा चलाउन र बाधा हुने अवस्था नदेखिने" भन्ने न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको सन्दर्भमा प्रतिवादीहरूको कानून व्यवसायीले उठाउनु भएको तर्कसँग इजलास सहमत हुन सकिएन । यसका अतिरिक्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) बमोजिम ऐनको अनुसूची १ को (ज) मा भ्रष्टाचारको कसुरलाई सम्बद्ध कसुर (Predicate offence) मानेको परिप्रेक्ष्यमा प्रतिवादीहरूलाई यस ऐनबमोजिमसमेत मुद्दा चलाउन मिल्ने नै देखिन्छ ।

६. अब तेस्रो पश्नका सम्बन्धमा विवेचना गरी हेर्दा "जिल्ला धनुषा, लोहना गा.वि.स. वडा न. ७ घर भई हाल जिल्ला धनुषा, जनकपुर न.पा. वडा न. २ वस्ने संजयकुमार साहले कर्तव्य ज्यान, अपहरण, बम बिष्फोट, जबरजस्ती चन्दा असुलीसमेतका अपराधिक क्रियाकलापहरू घटाई घटाउन लगाई सो क्रियाकलापबाट गैह्र कानूनी तवरले ठूलो परिमाणमा चल-अचल सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ विपरीतको कसुर अपराध गरेकोले कारवाही गरी पाँउ भन्नेसमेत एकै मिलानको बेहोराको उजुरी निवेदन रामनाथ यादवसमेतले दिएपश्चात् यस सम्बन्धमा आवश्यक अनुसन्धान प्रारम्भ भएको देखिन्छ । अनुसन्धान अधिकारीबाट यस सम्बन्धमा निम्नबमोजिमको अनुसन्धान कार्य भएको देखिन्छ ।

६.१ प्रतिवादीहरू संजयकुमार साह, रामकुमार साह, निलम सिंह, मनोजकुमार सिंह, राममिलन राउत कुर्मी, ओमप्रकाश यादव र बबिता पन्जियारको बयान लिइएको देखिन्छ । बयानको क्रममा प्रतिवादी संजयकुमार साहले" मेरो बुबा साधु साह सुडीको नाममा सर्लाही र धनुषा जिल्लामा गरी १२ विघा १३ कठ्ठा, आमाको नाममा ३ विघा ४ कठा, मेरो नाममा ३ कठ्ठा ४ धुर, मेरो श्रीमती र नाबालक छोराहरूको नाममा ललितपुरस्थित नख्खीपोटमा १३ आनामा बनेको ३ तले घर, ललितपुरकै छम्पीमा श्रीमतीको नाममा २० रोपनी जग्गा रहेको छ । म, मेरो पिता र श्रीमतीको नाममा बिभिन्न कम्पनी/फर्म दर्ता गरी सञ्चालनमा

रहेको र बिभिन्न ५ ओटा सवारी साधन रहेका छन् । मैले हातहतियार तथा खरखजना मुद्दामा सजाय पाएको छु । एउटा कर्तव्य ज्यान मुद्दामा सफाई पाएको छु । हाल जनकपुरमा भएको बम विष्फोट घटनामा कर्तव्य ज्यान मुद्दा चली पुर्पक्षको लागि थुनामा छु । हाल मेरो नाममा र मेरो संगोलको परिवारको नाममा जे जति चल अचल सम्पत्ति रहेका छन् सबै वैधानिकतरिकाले आय आर्जन गरेका सम्पत्ति हुन् । मिति २०५४ सालभन्दा अघि पिताको नाममा १४ कट्ठा २ धुर मात्र जग्गा रहेको भन्ने बेहोरा झुठा हो। त्यतिबेलै मेरो तथा मेरो घर परिवारको नाममा ६ विघा जग्गा रहेको थियो । प्रस्तुत मुद्दाका अन्य प्रतिवादीहरू कसैसँग पनि मेरो व्यापारिक साझेदारी छैन" भन्ने बेहोराको बयान गरेको पाइन्छ । प्रतिवादी रामकुमार साहले प्रतिवादी संजयकुमार साहको बयानसँग मिलान हुने गरी "मिथिला मनी ट्रान्सफरमा बुबा साधु साह सुडीले लगानी गरिदिएको, दाजु संजयकुमार साह, बुबा साधु साह सुडी, भाउजु रंगिलादेवी साहको नाममा बिभिन्न फर्म/कम्पनीहरू सन्चालनमा छन भने बिभिन्न सवारी साधनसमेत रहेको छन । दाजु संजयकुमार साह र बुबाले कसैको नाममा सम्पत्ति राखी लुकाउने छिपाउने कार्य गरेका छैनन", भन्ने बयान गरेको पाईन्छ । प्रतिवादी मनोजकुमार सिंहले" प्रतिवादी संजयकुमार साहसँग साझेदारीमा गङ्गा सागरग्रुप अफ ईन्स्टिच्युट दर्ता गरे पनि सञ्चालनमा आएको छैन। मेरो नाममा सर्लाही जिल्लामा ४ बिगाहा, ललितपुरमा ८ आना ६ दाम ९ पैसा, श्रीमती निलम सिंहको नाममा सर्लाहीमा ६ बिगाहाभन्दा बढी जग्गालगायत पक्की घर, टेक्टर, भ्यान, कार, मोटरसाईकलसमेतका सवारी साधन छन् । मेरो नाममा सोनी सप्लायर्सलगायतका बिभिन्न ५ ओटा कम्पनी दर्ता सञ्चालनमा छन् । श्रीमती निलम सिंहको नाममा स्वर्णिम ईन्टरनेशन स्कुल सञ्चालनमा छ । मेरो र मेरी श्रीमतीको नाममा जे जति चल अचल सम्पत्ति छन सबै आफ्नो स्वआर्जन र पैत्रिक हुन् । प्रतिवादी संजयकुमार साहसँग मेरो कुनै कारोवार छैन । निजको सम्पत्ति लुकाउन छिपाउन कुनै सहयोग गरेको छैन" भन्नेसमेत बेहोराको बयान गरेको देखिन्छ भने निजकी श्रीमती प्रतिवादी निलम सिंहले पनि निजकै बयान वेहोरासँग मिलान हुने गरी बयान गरेको पाइन्छ। त्यस्तै प्रतिवादी राममिलन राउत कुर्मीले "मैले प्रतिवादी संजयकुमार साहको सहयोगी भई काम गरेको साँचो हो । संजयकुमार साहले सर्लाही जिल्ला, जब्दी गा.वि.स. को कि.न. ८६, ८७, ८८, ९०, ९१ को जग्गा दीपक श्रेष्ठबाट खरिद गरि मेरो नाममा पास गराएका हुन् । पछि निलम सिंहको नाममा राजीनामा गराउन लगाएका हुन् । सारस ट्रेडिङ कम्पनी पनि संजयकुमार साहले मेरो नाममा दर्ता गराएका हुन् । सम्पत्ति शुद्धीकरण गर्नका लागि यी सबै काम संजयकुमारले गरेका हुन" भन्ने बयान गरेको

पाइन्छ। अर्का प्रतिवादी ओमप्रकाश यादवले" प्रतिवादी संजयकुमार साहलाई सम्पत्ति शुद्धीकरण गर्न कुनै सहयोग गरेको छैन । निजले मेरो नाममा कुनै सम्पत्तिहरू राखेको छैन र निजको सम्पत्ति मैले लुकाउने छिपाउने कार्य गरेको छैन" भन्ने बयान गरेको देखिन्छ । प्रतिवादी बबिता पन्जियारले" मेरो नाममा रहेको कि.नं. ४३७ र ४२८ को जग्गा मेरो श्रीमान्को स्वआर्जित रकमसमेतबाट आमा दुलारीदेवीको नाममा खरिद गरी पछि आमाले सोही जग्गा मलाई बकस गरिदिएकी हुन् । मेरो नाममा दाई संजयकुमार साहले कुनै कम्पनी/फर्म राखु भएको छैन । निजले के कति सम्पत्ति के कसरी आर्जन गर्नु भयो, कहाँ के कसरी राखु भएको एवम् कारोवार गर्नु भएको छ मलाई केही थाहा छैन" भन्ने बयान गरेको पाईन्छ ।

६.२ निभा ठाकुर, दीपेन्द्रकुमार ठाकुर, राजकुमार पुर्वेसमेतको बयान कागज गराइएकोमा निजहरू तीनै जनाले "संजयकुमार साहको सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा कुनै संलग्नता छैन भन्ने बेहोरासमेतको बयान गरेको पाइन्छ । त्यस्तै अनुसन्धानको क्रममा विक्रम पन्जियारसमेत बिभिन्न १३ जनाको घटना विवरण कागज गराइएकोमा विक्रम पन्जियार, नवनित झा, किशोरी सहनी, नरेशकुमार यादव, अजितकुमार पन्जियार, अमर पन्जियार, गुलावदेवी महतो, रामनरेश महतो, लक्ष्मण साह सुडी, सुजित पन्जियार र विजयकुमार झा ले" संजयकुमार साह बिभिन्न अपराधिक कार्यमा संलग्न रही ठुलोमात्रमा सम्पत्ति आर्जन गरेको सुनेको हो" भन्नेसमेत वेहोराको, मनोहर खड्काले" के.बि.पेट ईन्डष्ट्रिज प्रा.लि.को ७५% शेयर रंगिलादेवी साहको नाममा नामसारी गरिदिएको हो" भन्ने बेहोराको र नरेश कुमार यादवले" संजयकुमार साहले सम्पत्ति शुद्धीकरणको कसुर गरेको भन्ने बारेमा केही थाहा छैन" भन्ने वेहोराको कागज गरिदिएको देखिन्छ ।

६.३ प्रतिवादीहरू संजयकुमार साह, साधु साह सुडी, दुलारीदेवी सुडी, रंगिलादेवी साह, निलम सिंह, मनोजकुमार सिंह, ओमप्रकाश यादव, बबिता पन्जियार, राममिलन राउत कुर्मी, सुजितकुमार पाण्डेको नाममा रहेका चल अचल सम्पत्ति (जग्गा जमिन, घर, सवारी साधन, कम्पनी, फर्म, शेयर लगानी, बैङ्क खाता र बैङ्कमा मौजदात रकम) विवरण सङ्कलन गरेको देखिन्छ ।

६.४ अभियोगपत्रको पृष्ठ २८-३३ सम्म अनुसन्धान अधिकारीले कसुरको विश्लेषण गरेको देखिन्छ । यस अन्तर्गत प्रतिवादी संजयकुमार साह र निजको परिवारको शैक्षिक, पारिवारिक, आर्थिक अवस्था, सुरुको पैत्रिक सम्पत्ति र हालको सम्पत्तिको तुलना, सम्पत्ति आर्जन गरेको समय, लगानी रकमको विवरण, प्रतिवादी संजयकुमार साहको आपराधिक पृष्ठभूमि, संजयकुमार साह र अन्य प्रतिवादीहरू राममिलन राउत कुर्मी समेतसँगको

कारोवारको सम्बन्ध, निजहरूको नाममा जग्गा खरिद, कम्पनी/फर्म दर्ता, शेयर लगानी, आर्थिक कारोवार, प्रतिवादीहरू र कम्पनी/फर्मको नाममा बिभिन्न बैङ्कमा खोलिएको खातामा भएको रकमको कारोवारसमेतको विश्लेषण भएको देखिन्छ ।

६.५ अनुसन्धानको क्रममा सङ्कलित कागज प्रमाणहरू संलग्न रहेका फायलहरू (जग्गा जमिन सम्बन्धी स्रेस्ता, खरिद/बिक्री गरेको पारित लिखत फायल, सोको मूल्याङ्कन फायल, प्रतिवादीहरूको नाममा बिभिन्न बैङ्कहरूमा खोलिएको खाताको बैङ्क स्टेटमेन्ट विवरण फायल, कर्णाली बिल्डर्स, ध्रुवतारा कन्सट्रक्सन कम्पनी, मिथिला मनी ट्रान्सफर, मिथिला आयल स्टोर्स, सारस ट्रेडिङ प्रा.लि., के.वि. पेट ईन्डष्ट्रिज, प्यासन सेक्युरिटि सलुसन प्रा.लि. सँग सम्बन्धित शेयर लगानी, बैङ्क स्टेटमेन्ट, आर्थिक कारोबारसम्बन्धी फायल, सवारी साधनको विवरण खुल्ने फायल, प्रतिवादी संजयकुमार साह बिभिन्न आपराधिक कार्यमा संलग्न रही बिभिन्न अदालतमा मुद्दा चलेको देखिने कागजात संलग्न रहेको फाईल आदि मिसिल संलग्न रहेको देखिन्छ ।

७. उपर्युक्तानुसारको अनुसन्धानकार्य भई निम्न प्रतिवादीहरूलाई निम्नानुसारको बिगो कायम गरी निम्नानुसारको सजायको मागदाबी लिई अभियोग पत्र दायर हुन आएको देखिन्छ ।

तालिका न. १

क्र.स.	प्रतिवादीको नाम	दाबी बिगो रु.	अभियोग दाबी
१.	संजयकुमार साह	३२,०४५०३०४।७६	सम्पत्ति शुद्धीकरण(मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१), ४(क), २८ ऐ. ऐनको पहिलो संशोधन (२०६८) को दफा ३(१), ४(घ)(ठ), २८ र ऐ. ऐनको (दोस्रो संशोधन) २०७० को दफा २(श) सँग सम्बन्धित अनुसूची १ न. को देहाय (च), (ज) र (ढ) समेतको सम्बद्ध कसुर गरी ऐ. ऐनको दफा ३(१) को देहाय (क),(ख),(ग), दफा ३(३), दफा २८(१) समेतको कसुरमा ऐ. को दफा ३०(१) समेत बमोजिम सजाय हुन र सम्पत्ति शुद्धीकरण गरिएको सम्पत्ति ऐ. ऐनको दफा २८(२) र दफा ३४(१) समेत बमोजिम जफत हुन ।

२.	रंगिलादेवी साह	७,६६,९६,८१९।५४	सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१), ४(क), २८ ऐ. ऐनको पहिलो संशोधन (२०६८) को दफा ३(१), ४(घ) (ठ), २८ ऐ. (दोस्रो संशोधन) २०७० को दफा ३(१) को देहाय (क),(ख),(ग), दफा ३(३) र दफा २८(१) समेतको कसुरमा ऐ. ऐनको दफा ३०(१) समेत बमोजिम सजाय हुन र सम्पत्ति शुद्धिकरण गरिएको सम्पत्ति ऐ.ऐनको दफा २८(२) र दफा ३४(१) समेत बमोजिम जफत हुन ।
३.	साधु साह सुडी	९,१७९७०८२।८०	ऐ. ऐ. ऐ.
४.	दुलारीदेवी साह	३,५१,८१,८७७।२०	ऐ. ऐ. ऐ.
५.	रामकुमार साह	७५१६८५७।-	ऐ. ऐ. ऐ.
६.	मनोजकुमार सिंह	१,२७,२४,८४०।५०	ऐ. ऐ. ऐ.
७.	निलम सिंह	८६,१८०००।-	ऐ. ऐ. ऐ.
८.	ओमप्रकाश यादव	१०,५८,०००।-	ऐ. ऐ. ऐ.
९.	राममिलन राउत कुर्मी	३१,००,०००।-	ऐ. ऐ. ऐ.
१०.	सुजितकुमार पाण्डे	४३,२०,३६०।-	ऐ. ऐ. ऐ.
११.	बबिता पन्जियार	४८,३५,०००।-	ऐ. ऐ. ऐ.
१२.	चैतन्यराज साह (नाबालक)		आमा रंगिलादेवी साहसमेतको नाममा रहेका घर जग्गा जफत प्रयोजनको लागि प्रतिवादी कायम गरिएको ।

१३.	प्रेमराज साह (नाबालक)		ऐ. ऐ. ऐ.

८. प्रतिवादी संजयकुमार साहले अदालतसमक्ष बयान गर्दा सम्पत्ति शुद्धीकरण ऐन, २०६४ लागू हुनुभन्दा अगाडि मैले र मेरो परिवारले आर्जन गरेको सम्पत्तिलाई शुद्धीकरण गरेको भनी यो ऐन लगाई कसुर कायम गर्न मिल्दैन । जग्गा जमिन खरिद गर्दा लिखतमा उल्लेख भएको रकमलाई बिगो कायम नगरी स्वतन्त्र मूल्याङ्कनकर्ताले निर्धारण गरेको मूल्यलाई बिगो कायम गरेको मिलेको छैन ।पैत्रिक जग्गा जमिन बिक्रिबाट प्राप्त रकम, घरबहाल, कृर्षिबाट प्राप्त आम्दानी, मेरो र मेरो परिवारको नाममा रहेका बिभिन्न कम्पनीहरूले गरेको कारोबारबाट प्राप्त मुनाफा, बैङ्कबाट लिएको कर्जासमेतबाट जग्गा जमिन, सवारी साधन खरिद गरेको हो । मेरो र मेरो परिवारको नाममा रहेका सबै चल अचल सम्पत्ति वैधानिक स्रोतबाटै आर्जन गरेको हो । सोसँग सम्बन्धि कागज प्रमाण मसमेत विरुद्ध यसै अदालतमा दायर भएको २०७३-CR-००९० को गैर कानूनी सम्पत्ति आर्जन (भ्रष्टाचार) मुद्दामा बयान गर्ने क्रममा पेस गरेको छु । मैले अन्य व्यक्तिको नाममा सम्पत्ति खरिद गर्ने, रकम लगानी गरी कम्पनी स्थापना गर्ने, सम्पत्ति लुकाउने कार्य गरेको छैन । राममिलन राउत कुर्मीले गरेको बयान झुठा हो । मैले आरोप दाबीको कसुर गरेको छैन भन्नेसमेत बेहोराको बयान गरेको पाइन्छ । प्रतिवादीहरू साधु साह सुडी, दुलारीदेवी साह, रंगिलादेवी साह र रामकुमार साहले समेत प्रतिवादी संजयकुमार साहले गरेको बयानलाई समर्थन गर्दै आफूहरूको नाममा रहेका जग्गा, जमिन, सवारी साधन खरिद र कम्पनीमा लगानी वैधानिक स्रोत एवम् आय आर्जनबाट गरेको हो । अभियोग दाबीको कसुर गरेको छैनौ भन्नेसमेत बेहोराको बयान गरेको पाइन्छ ।

९. त्यस्तै प्रतिवादी ओमप्रकाश यादवले "मैले संजयकुमार साहबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन । मोटरसाइकल र ३०८ नं कित्ताको जग्गा मेरो निजी तथा पैत्रिक आयबाट खरिद गरेको हुँदा जफत हुनुपर्ने होइन भन्नेसमेत बेहोराको बयान गरेको पाइन्छ भने प्रतिवादी राममिलन राउत कुर्मीले सर्लाही जिल्ला, जब्दी गा.वि.स. वडा नं ९/ज को कि.नं ८६, ८७, ८८, ९० र ९१ को जग्गा संजयकुमार साहले नै लगानी गरी मेरो नाउँमा खरिद गरि दिई पुन: उक्त जग्गाहरू निलम सिंहको नाममा रजिष्ट्रेशन गरिदिएको हुँ । सारस इन्भेष्टमेन्ट कम्पनीमा ६ लाख र सारस ट्रेडिङ्ग लि मा रु.२५,००,०००।- को शेयर प्रतिवादी संजयकुमार साहले नै लगानी गरी उक्त कम्पनी मेरो नाममा दर्तासम्म भएको हो आरोप दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको बयान गरेको पाइन्छ। अन्य प्रतिवादीहरू मनोजकुमार सिंह, निलम सिंह, सुजितकुमार पाण्डे र बबिता पन्जियारले मौकामा गरेक बयान बेहोरासँग मिलान हुने गरी आफूहरूको नाममा रहेका चल अचल सम्पत्ति

वैधानिक स्रोतबाटै आर्जन गरेको, प्रतिवादी संजयकुमार साहसँग मिलेमतो गरी निजले गैरकानूनी तवरले आर्जन गरेको सम्पत्ति आफ्नो नाममा राखी निजलाई सम्पत्ति शुद्धीकरण गर्न सहयोग गरेको र अभोयोग दाबीबमोजिमको कसुर गरेको होइन भन्नेसमेत बेहोराको बयान अदालतसमक्ष गरेको पाइन्छ ।

१०. प्रतिवादीहरूले मौकामा र अदालतमा गरेको बयान, निजहरूले लिएको जिकिर, अनुसन्धानको क्रममा सङ्कलित मिसिल संलग्न कागज प्रमाणहरूको प्रमाण मूल्याङ्कनको रोहबाट विश्लेषण गर्दा देहायको तथ्यमा विवाद देखिदैन ।

१०.१ मितिः २०६५।२।१४-२०६९।२।१४ सम्म पहिलो संविधान सभा, मितिः २०७०।१०।१७ मा दोस्रो संविधान सभाको सदस्य पदमा निर्वाचित भई मितिः २०६५।५।१७ देखि २०६७।९।११ सम्म भौतिक योजना तथा निर्माण मन्त्री पदमा रहेका प्रतिवादी संजयकुमार साहलाई जिल्ला प्रशासन कार्यालय धनुषामा मितिः २०५४।१।१२, २०५४।१०।२८ र २०५८।७।३० मा केही सार्वजनिक अपराध मुद्दा चलेको, मितिः२०६०।२।४ मा निजको साथबाट ९ एम.एम पेस्तोल र गोलीसमेत बरामद भई हात हतियार खरखजना मुद्दा चली सर्वोच्च अदालतको अन्तिम फैसलाले १ वर्ष ९ महिना कैद र रु.५,०००।- जरिवाना सजाय भएको, मितिः२०६९।१।१८ मा जिल्ला धनुषा, जनकपुर नगरपालिकाको रामानन्द चोकमा बम बिष्फोट गराई ५ जनाको मृत्यु भएको घटना वारदातमा धनुषा जिल्ला अदालतमा कर्तव्य ज्यान/ज्यान मार्ने उद्योग मुद्दा चली धनुषा जिल्ला अदालतबाट मितिः २०७५।१२।१४ मा भएको फैसलाले निजलाई तत्काल प्रचलनमा रहेको मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) न. बमोजिम जन्म कैद र ऐ. को १५ न. बमोजिम १२ वर्ष कैद सजाय भएको, त्यस्तै प्रतिवादी ओमप्रकाश यादवलाई समेत सोही मुद्दामा धनुषा जिल्ला अदालतबाट मितिः २०७५।१२।१४ मा तत्काल प्रचलनमा रहेको मुलुकी ऐन ज्यानसम्बन्धी महलको १६ न. बमोजिम १० वर्ष कैद र ऐ. को १५ न. बमोजिम ५ वर्ष कैद सजाय भएको, हाल उक्त मुद्दा उच्च अदालत जनकपुरमा पुनरावेदनको रोहमा विचाराधीन अवस्थामा रहेको देखिएको । यसबाट प्रतिवादी संजयकुमार साह र ओमप्रकाश यादव आपराधिक पृष्ठभूमिको व्यक्ति भएको भन्ने देखिएको ।

१०.२ प्रतिवादी संजयकुमार साहका बुबा प्रतिवादी साधुसाह सुडीको पैत्रिक सम्पत्ति दर्ता स्रेस्ताअनुसार २०५४ साल अघि १४ कट्ठा २ धुर मात्र रहेको देखिएकोमा तत्पश्चात् खास गरी प्रतिवादीले सार्वजनिक पद धारण गरेको अवधिमा निजले आर्जन गरेको चल अचल सम्पत्तिमा अस्वाभाविक बढोत्तरी भई प्रतिवादी संजयकुमार साह, निजको बुबा साधुसाह

सुडी, आमा दुलारीदेवी सुडी, पत्नी रंगिलादेवी साहको नाममा धनुषा, सर्लाही र ललितपुरमा जग्गा जमिन घर घडेरी खरिद गरिएको, ध्रुवतारा कन्सट्रक्सन प्रा.लि., कर्णाली बिल्डर्स, सारस ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि., गङ्गासागर ग्रुप अफ ईन्सिटिच्युसन, के.बि. पेट ईन्डष्ट्रिज प्रा.लि. क्लाउड नाईन नेपाल, सेभेन स्टार म्यान पावर कम्पनी, मिनाज कन्सट्रक्सन प्रा. लि., मिथिला आयल स्टोर्स, माँ जानकी सप्लायर्स, मिथिला मनी ट्रान्सफर, जय मां सोना ट्रेडर्सलगायतका व्यापार, व्यावसायिक कम्पनी/फर्म दर्ता सञ्चालन एवम् रकम लगानी गरेको र लालितपुरसमेतका ठाँउमा प्रशस्त जग्गा जमिन घरसमेत खरिद गरेको देखिएको।

१०.३ कर्णाली विल्डर्स प्रा.लि.को नाममा स्काभेटर-२, टाटा ऐरा प्राईड-१, मिथिला आयल स्टोर्सको नाममा निशान पीक अप र साधु साह सुडीको नाममा मारुती भ्यानलगायतका सवारी साधनहरू रहेको देखिएको । प्रतिवादीहरू र ध्रुवतारा कन्सट्रक्सन प्रा. लि.लगायतका कम्पनी/फर्मको नाममा बिभिन्न बैङ्कहरूमा खाता सञ्चालन भई रकमको कारोवार भएको बैङ्क स्टेटमेन्टबाट देखिन आएको ।

१०.४ प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेका सम्पत्तिहरूको शुद्धीकरण गर्न सहयोग पुऱ्याएको भनी आरोप लागेका प्रतिवादी संजयकुमार साहको सगोलको परिवारबाहेकका अन्य प्रतिवादीहरू मनोजकुमार सिंहको नाममा गंगासागर ग्रुप अफ ईन्स्टिच्युसन,स्वर्णिम ईन्टरनेशनल स्कुल नामक कम्पनी दर्ता रहेको, सवारी साधनहरू मारुती भ्यान, किया भ्यान, ट्याक्टर रहेका, ललितपुर जिल्ला ईमाडोल-२ मा तीन कित्ता जग्गाहरू रहेको र बिभिन्न बैङ्कहरूमा खाता सन्चालन रहेको, प्रतिवादी निलम सिंहको नाममा सवारी साधन सफारी जीप, सेन्ट्रो कार रहेको, सर्लाही जव्दी-९ मा बिभिन्न ५ कित्ता जग्गा रहेको, प्रतिवादी ओमप्रकाश यादको नाममा सारस ईन्भेष्टमेन्ट कम्पनी, एक मोटर साईकल र धनुषा जिल्लामा १ कित्ता जग्गा रहेको, प्रतिवादी राममिलन राउत कुर्मीको नाममा सारस ईन्भेष्टमेन्ट कम्पनी लि. र सारस ट्रेडिङ लि. दर्ता रहेको, प्रतिवादी सुजितकुमार पाण्डेको नाममा प्यासन सेक्युरिटी सलुशन प्रा. लि. ओम मनी ट्रान्सफर, प्यासन ओभरसिज प्रा.लि. दर्ता रहेको एवम् एन.आई.सी. एसिया र बैङ्क अफ काठमाडौँमा खाता सञ्चालनमा रहेको, प्रतिवादी बबिता पञ्जियारको नाममा काठमाडौँ चपलीमा २ कित्ता जग्गा रहेको देखिएको ।

१०.५ अभियोगपत्रमा प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण गरेको भनी दाबी लिएका सम्पत्तिहरू मध्ये प्रतिवादी संजयकुमार साहको नाममा दर्ता रहेका आरोपपत्रको पृष्ठ ४० मा उल्लिखित कि.न. १०९०, ७१, ४३ ,८१, ७३, ४०, १४०६ समेतका ७ कित्ता जग्गा, प्रतिवादी साधु साह सुडीको नाममा दर्ता रहेका आरोपपत्रको पृष्ठ ४५ मा उल्लिखित कि.न. ८४,

८९, ११४, ११६, ११८, १२०, १२३, १३२ समेतका ८ कित्ता जग्गा, प्रतिवादी दुलारीदेवी साह को नाममा दर्ता रहेका आरोपपत्रको पृष्ठ ४६ र ४७ मा उल्लिखित कि.न. २५७, ८८, ७०, ७१, ४६६, (हाल १०००) ४४, र २१ का जग्गाहरू मितिः २०६४।१०।१४ भन्दा अघि खरिद गरेको, बबिता पञ्जियारको नाममा दर्ता रहेका कि.न. ४२८ र ४३७ का जग्गाहरू निजकी आमा दुलारीदेवीको नाममा मितिः २०६२।६।१९ मा खरिद भई निजले बबिता पञ्जियारलाई मितिः २०६५।८।३ मा बकस गरी दिएको देखिएको । त्यस्तै साधु साह सुडीको नाममा दर्ता रहेको मिनाज कन्सट्रक्सन प्रा.लि. प्रतिवादी संजयकुमार साहको नाममा दर्ता रहेको ध्रुवतारा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. समेत मितिः २०६४।१०।१४ पूर्व दर्ता भएको देखियो भने प्रतिवादी सुजितकुमार पाण्डेको नाममा दर्ता रहेको ओम सव मनी ट्रान्सफर र प्यासन ओभरसिज प्रा. लि. को शेयर अभिलेख नरहेको भन्ने कम्पनी रजिष्ट्रारको कार्यालयको मितिः २०७६।१।५ को पत्रबाट खुल्न आएको देखियो ।

११. उपर्युक्त स्थापित तथ्य र यिनै प्रतिवादीसमेत विरुद्ध यसै अदालतमा दायर भई आजै फैसला भएको २०७३-CR-००९० को स्रोत नखुलेको सम्पत्ति आर्जन (भ्रष्टाचार) मुद्दा (सम्बद्ध कसुर) मा समेत खुल्न आएको निज र निजको संगोलका परिवार बाबु, आमा, भाइ, पत्नी, नाबालिग छोराहरूको र अन्य सहयोगी राममिलन राउत कुर्मी, निलम सिंहसमेतको नाममा रहेको घरजग्गा, बिभिन्न कम्पनी/फर्ममा लगानी गरेको शेयर, बैंकिङ कारोबार, सवारी साधन समेतका सम्पत्तिको परिमाण, निजको विगतको आर्थिक हैसियत, सम्पत्ति आर्जन गरेको समय चक्र र बढोत्तरी, निजको आपराधिक पृष्ठभूमिसमेतलाई दृष्टिगत गर्दा प्रतिवादी संजयकुमार साह, निजको परिवारका सदस्य एवम् सहयोगीहरूसँग रहेको सम्पत्ति अस्वभाविक र अमिल्दो देखिन्छ । स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको (भ्रष्टाचार) मुद्दामा निजले जिकीर गरेको आयस्रोतलाई नै प्रस्तुत मुद्दामा समेत जिकीर लिएको देखिएकोमा उक्त मुद्दामा निजको स्रोत नखुलेको सम्पत्ति रु.१९,४४,३८,३८३।९० (जाँच अवधि मितिः२०६५।२।१४ देखि २०७३ श्रावण मसान्तसम्म) बराबरको देखिन आएको छ । सो अनुसार जाँच अवधिभन्दा अघि अर्थात् मितिः २०६५।२।१४ अघि आय आर्जन गरेको सम्पत्तिलाई उक्त मुद्दामा गणना गरिएको छैन ।

१२. माथि तालिका न. १ मा उल्लेख भएबमोजिम प्रतिवादीहरू विरुद्ध माग दाबी लिइएको कसुर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१), ४(क), २८ ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४ (घ), (ठ), २८ (दोस्रो संशोधन) २०७० को दफा ३(१) को खण्ड (क), (ख), (ग) दफा, ३(३) र दफा २८(१) मा देहायबमोजिमको कानूनी व्यवस्था रहेको पाईन्छ ।

- कसैले पनि सम्पत्ति शुद्दीकरण गर्न गराउन हुँदैन-सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ), निवारण ऐन २०६४ को दफा ३(१), र ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१)
- "सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट ओरिजन) लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उदेश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै प्रकारले रूपान्तर वा हस्तान्तरण गर्ने"-उक्त ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१)(क)
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निसर्ग (डिस्पोजिसन) कारोबार (मुभमेन्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने बदल्ने वा- उक्त ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१)(ख)
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने वा धारण गर्ने- उक्त ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१) (ग)
- कसैले कर छल्ने वा आतङ्ककारी क्रियाकलापबाट आर्जन वा त्यस्तो क्रियाकलापमा लगानी गर्ने कार्य वा देहायबमोजिमको कुनै वा कसैले उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर हुनेछ- उक्त ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३((३)
- कसैले कर छल्ने वा आतङ्ककारी क्रियाकलापबाट आर्जन वा त्यस्तो क्रियाकलापमा लगानी गर्ने कार्य वा देहायबमोजिमको कुनै वा सबै कसुर गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त गरेको, धारण गरेको, भोगचलन गरेको वा प्रयोग गरेको सम्पत्ति र त्यस्तो सम्पत्ति कुनै प्रकारबाट लगानी गरी प्राप्त गरेको वा भएको वा बढे बढाएको सम्पत्तिलाई कानुनी रूपले प्राप्त गरेको, आर्जन गरेको सम्पत्तिको रूपमा भोगचलन गरेमा, धारण गरेमा वा प्रयोग, उपयोग वा उपभोग गरेमा वा त्यस्तो सम्पत्तिको स्रोत लुकाउने वा त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने उद्देश्यले त्यस्तो सम्पत्ति रूपान्तरण गर्न, लुकाउन वा स्थानान्तरण गर्न कसैलाई मद्दत गरेमा सम्पति शुद्धीकरण गरेको मानिनेछ भन्ने व्यवस्था गरी देहाय (क) मा हातहतियार खरखजाना सम्बन्धी कसुरलाई सम्बध्द कसुरको रूपमा समावेश गरेको-सम्पत्ति शुद्धीकरण(मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ४ (क)

- यस ऐनको प्रयोजनको लागि कसैले देहायको कुनै वा सबै कसुर गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त, धारण, भोगचलन गरे वा गराएको सम्पत्ति वा त्यस्तो सम्पत्ति कुनै प्रकारबाट लगानी गरी बढे वा बढाएको सम्पत्ति सम्बन्धित व्यक्ति वा अन्य कसैले प्राप्त, धारण, भोगचलन, प्रयोग, उपभोग, उपयोग वा आर्जन गरे वा गराएमा वा देखाएमा वा अन्य कुनै पनि तरिकाले कारोबार वा व्यवहार गरे वा गराएमा वा त्यस्तो सम्पत्तिको स्रोत, प्रकृति, स्थान, स्वामित्व, अधिकार, कारोबार (डिस्पोजल) लुकाउने, परिवर्तन गर्ने वा छल्ने उद्देश्यले त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण, परिवर्तन वा हस्तान्तरण गरे वा गराएमा वा त्यसरी प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिव कारण भई त्यस्तो सम्पत्ति प्राप्त, खरिद, धारण, भोगचलन, प्रयोग, उपभोग वा उपयोग गरे वा गराएमा वा अन्य कुनै पनि तरिकाले कारोबार वा व्यवहार गरे वा गराएमा वा सम्पत्ति रूपान्तरण, परिवर्तन वा हस्तान्तरण गर्न गराउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि सहयोग गरे वा गराएमा निजले सम्पत्ति शुद्धीकरण गरेको मानिनेछ भन्ने व्यवस्था गरी देहाय (च) र (ठ) मा हातहतियार खरखजना र भ्रष्टाचारको कसुरलाई सम्बध्द कसुरको रूपमा समावेश गरेको- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (दोस्रो संशोधन) २०६८ को दफा ४ को देहाय (घ) र (ठ)
- यस ऐनअन्तर्गतको कसुरमा मुद्दा चलाईएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने प्रमाणित गर्नुपर्नेछ- सम्पत्ति शुद्धीकरण(मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २८ र ऐ . ऐनको (पहिलो संशोधन) २०६८ को दफा २८
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरमा मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने प्रमाणित गर्नु पर्नेछ -उक्त ऐनको (दोस्रो संशोधन) २०७० को दफा २८(१)

१३. माथी उल्लेख भएको कानूनी व्यवस्थाले सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने, गैरकानूनी स्रोत छल्ने, कसुरबाट प्राप्त सम्पत्तिको सही प्रकृती, स्रोत, स्थान, निसर्ग, कारोबार, स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने, बदल्ने, सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर वा सम्बध्द कसुरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त सम्पत्ति हो भनी जानी जानी त्यस्तो सम्पत्ति प्राप्त गर्ने,

प्रयोग गर्ने वा धारण गर्ने कार्यलाई सम्पत्ती शुद्धीकरणको कसुर मानेको पाइन्छ । त्यस्तै सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलानामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नु पर्ने व्यवस्था गरेको पाइन्छ ।

१४. अब उपर्युक्त कानूनी व्यवस्थाबमोजिम सम्पत्ति शुद्धीकरणको कसुर हुनका लागि आवश्यक पर्ने आधारभूत तत्त्व, यसमा कसुरदारबाट हुने क्रियकलापको सम्बन्धमा विवेचना गर्नु वाञ्छनीय देखिन्छ। अवैध तरिकाले कमाएको सम्पत्तिलाई वैध सम्पत्तिसरह शुध्द देखाउदै राष्ट्रिय अर्थतन्त्रमा मिसाउने कार्यलाई सम्पत्ति शुद्धीकरण (Money Laundering) भन्ने बुझ्नु पर्दछ । गैरकानूनी रूपमा आर्जन गरिएको सम्पत्तिलाई अन्य हैसियतमा रूपान्तरण गर्दै वैध बनाउने प्रयासलाई सम्पत्ति शुद्धीकरण भनिन्छ । सम्पत्ति शुद्धीकरणको कसुर वित्तीय कारोबारसँग सम्बध्द कसुर हो । यसमा आफूले अवैध रूपमा वा कसुर गरी कमाएको सम्पत्तिको वास्तविक उत्पत्ति तथा त्यसको स्रोत लुकाउने र बिभिन्न वित्तीय कारोबारको माध्यमबाट नया कानूनी स्रोत सिर्जना गरी त्यस्तो सम्पत्तिलाई शुध्द बनाउने कार्य भएको हुन्छ ।वित्तीय कारवाही कार्यदल (Financial Action Task Force, FATF) ले सम्पत्ति शुद्धीकरणको परिभाषा गर्दै "The processing of criminal proceeds to disguise their illegal origin in order to legitimize the illegitimate gains of the initial underlying crime" भन्ने उल्लेख गरेको छ । त्यस्तै Interpol को १९८५ को साधारण सभाले "सम्पत्ति शुद्धीकरण भन्नाले त्यस्तो कार्य हो जसमा अवैधानिक रूपबाट प्राप्त भएको धनको स्रोत लुकाइन्छ वा रूप परिवर्तन गरिन्छ जसको कारणबाट त्यस्तो धन वैधानिक स्रोतबाट आएको जस्तो देखिन्छ" भन्ने परिभाषा गरेको पाइन्छ ।

१५. अचल सम्पत्तिको खरिद विक्रि, गैरकानूनी सम्पत्तिलाई कानूनी सम्पत्तिमा मिसाउने, वित्तीय संस्थाहरूको प्रयोग, बहुमूल्य वस्तुहरूको खरिद बिक्रि, शेयर बिक्रि, बैङ्कमा जम्मा, ठेक्कापट्टाबाट भएको आय देखाउने, उद्योगधन्दामा लगानी गर्नेलगायतका कार्यहरू सम्पत्ति शुद्धीकरण गर्ने तरिकाहरू हुन् । यसअन्तर्गत गैरकानूनी रूपमा आर्जित आय वा कालो धनलाई धोई पखाली शुध्द बनाउने कार्य, सम्पत्तिको गैरकानूनी स्रोत लुकाउन वा छल्ने कार्य, सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निसर्ग, स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने कार्य, कसुर गरी सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्नेलगायतका कार्य पर्दछन् । यो कार्य आफैं अपराधको प्रमुख पक्ष नभई अन्य सम्बद्ध (predicate offence) अपराधको रूपमा रहने (by product) अपराध हो । यसअन्तर्गत गैर कानूनी कार्यबाट धन आर्जन गरी सङ्कलन अर्थात् collection गर्ने, गैरकानूनी आर्जनलाई कुनै बैङ्क वा वित्तीय संस्थामा जम्मा गर्ने, ठुलो रकमलाई खन्डीकरण गर्दै बिभिन्न बैङ्क तथा वित्तीय संस्थामा राख्ने, झिक्ने, स्थानान्तरण गर्ने, मुद्रा परिवर्तन गर्ने, आफ्नो रकम

अरु कसैको नाममा जम्मा गर्ने वा लगानी गर्ने अर्थात् Placement गर्ने, शेयर, डिवेन्चरको खरिद बिक्री गर्ने, कागजी कम्पनी खडा गर्ने, देशभित्रै वा बाहिर रहेका आफन्तका वा आफ्नै नाममा बैङ्क खातामा रकम स्थानान्तरण गर्ने, अस्तित्वमै नरहेका सेवामा भुक्तानी गरेको देखाउने अर्थात् Layering गर्ने, बिभिन्न निकाय र इकाईमा छरिएर रहेको रकमलाई समेटेर वैधानिक क्षेत्रमा प्रवाह गर्ने, वैध र अवैध सम्पत्तिलाई एकै ठाउँ मिसाउने, आम्दानीको कृत्रिम स्रोत देखाउने, घरजग्गा व्यापार व्यवसाय, गहना, संस्थागत क्षेत्रमा लगानी गर्ने, बढी आय देखाएर सोहीअनुसार कर तिरेको जस्तो गर्ने, कृत्रिम नाफा देखाउने अर्थात् Integration गर्ने लगायतका बिभिन्न चरणगत क्रियाहरू सम्पन्न भएको हुन्छ ।

१६. यसै सन्दर्भमा सम्मानि सर्वोच्च अदालतबाट माधव कुमार भगत वि. नेपाल सरकार भएको सम्पत्ति शुद्धीकरण मुद्दामा (नेकाप २०७३, अङ्क ११, पृष्ठ २०१९, नि.न. ९७०८) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को उद्देश्य एवम् सम्पत्ति शुद्धीकरण अपराधको स्वरूप र प्रकृतिको वारेमा भएको व्याख्या उल्लेख गर्नु प्रासङ्गिक हुने देखिन्छ । उक्त मुद्दामा" सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को उद्देश्य अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने रहेको भन्ने यसको प्रस्तावनामा उल्लेख छ । अपहरण, भ्रष्टाचार, आतङ्कवाद तथा राजश्वको छली आदि गैर कानूनी कार्यबाट आर्जित सम्पत्ति भूमिगतरूपमा पुनः त्यस्तै गैरकानूनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरू चलीरहने हुँदा पुनः त्यस्तो गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति अपराधिक कार्यमा प्रयोग नहोस्, अपराधिक कार्य रोकियोस भनि निवारणात्मक व्यवस्था (Preventive Measures) को प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन आएको हो । सम्पत्ति शुद्धीकरण आफैंमा सम्बध्द कसुर (Predicate offence) होइन अपितु मूल कसुरको सह-उत्पादन (By-Product) को रूपमा सह अपराध (Secondary offence) हो । मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐनअन्तर्गत पर्दछ। यो एउटा बहु आयामिक वित्तीय अपराध (Multi-Dimensional Financial Crime) पनि हो। मूल अपराध लुक्ने हुनाले शुद्धीकरणको अपराध भए पछि उसले मूल अपराध xS1'वा गरेन र उसको अपराध गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिदैन । त्यसैगरी उक्त ऐनको दफा २८ ले कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वाभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको हो। अस्वाभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादीमा राखिएको छ । प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नु पर्ने हुन्छ" भन्ने न्यायिक धारणा व्यक्त भएको पाईन्छ ।

१७. माथी प्रकरणमा उल्लेख भएबमोजिम प्रतिवादीहरू उपर लिइएको आरोप दाबी, सोसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ र उक्त ऐनमा भएको (पहिलो संशोधन) २०६८ र (दोस्रो संशोधन) २०७० मा भएको कानूनी व्यवस्था, सम्पत्ति शुद्धीकरण कसुरको विश्लेषण र कसुर हुनको लागि आवश्यक पर्ने आधारभूत तत्त्व, अनुसन्धानको क्रममा संङ्कलित कागज प्रमाण, प्रतिवादीहरूले लिएको जिकीर, सम्मानित स्रवोच्च अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तसमेतको सापेक्षतामा प्रतिवादीहरू उपरको वादी नेपाल सरकारको आरोप दाबी पुष्टी भए नभएको सम्बन्धमा निम्न न्यायिक निष्कर्षमा इजलास पुगेको छ ।

१७.१ प्रतिवादी संजयकुमार साहको हकमा विचार गर्दा निजले मौकामा र अदालतमा गरेको बयानमा "आफ्नो बाबु साधु साह सुडीको पैत्रिक जग्गा जमिन प्रशस्त रहेको थियो । बाबुले रासन ठेक्कालगायतका व्यवसायबाट आर्जन गरेको रकम, आफूले समेत धनुषा जि.वि.स.बाट वालुवा गिट्टी ठेक्का लिई आय आर्जन गरेको रकम, बिभिन्न निर्माण कम्पनीहरूको Third party counter guarantee ध्रुवतारा कम्पनीले दिएको वापत उक्त कम्पनीको खातामा जम्मा भएको रकम, साधु साह सुडी बिभिन्न निर्माण कम्पनीहरूको जे/भी एजेन्ट नियुक्त भएकोले निजको बैङ्क खातमा जम्मा भएको रकम, ध्रुवतारा कन्सट्रक्सन प्रा.लि समेतले ठेक्कापट्टा ,मिथिला आयल स्टोर्स र जय मां सोना ट्रेडर्ससमेतले सन्चालन गरेको राशन ठेक्काबाट प्राप्त मुनाफा रकम, बिभिन्न बैङ्कबाट पटक पटक कर्जा लिएको रकम, घरवहाल र कृषि फसलबाट प्राप्त रकमसमेतबाट आफू र आफ्नो परिवारको सदस्यहरू समेतको नाममा घर, जग्गा, सवारी साधन खरिद गरेको, कम्पनी/फर्ममा शेयर लगानी गरेको भन्ने जिकिर लिएको पाइन्छ । बैङ्कबाट लिएको कर्जा चुक्ता गर्न बाँकी नै रहेको, कर्णाली विल्डर्सको नाममा रहेका सावारी साधनहरू बैङ्कबाट हायर पर्चेज कर्जाअन्तर्गत लिएको, बिभिन्न कम्पनी/फर्ममा लगानी भएको शेयरहरू कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख नरहेको, परिवारका सदस्यबाहेकका अन्य प्रतिवादीहरू राममिलन राउत कुर्मीसमेतको नाममा रहेको सम्पत्ति, सवारी साधन, कम्पनी/फर्म र तिनमा लगानी भएको शेयर आफ्नो नभएको, सम्पत्ति लुकाउन छिपाउन निजहरूको नाममा जग्गा जमिन खरिद नगरेको, सम्पत्ति शुध्दीकरण ऐन २०६४ लागू हुन पूर्व आर्जन गरेको सम्पत्तिको हकमा प्रस्तुत ऐन लागू हुन नसक्ने, जग्गाको बिगो कायम गर्दा पारित लिखतमा उल्लेख भएको रकमलाई नमानी स्वतन्त्र मूल्याङ्कनकर्ताले कायम गरेको मूल्यको आधारमा बिगो कायम गरिएको" भन्ने जिकिरसमेत निजले लिएको देखिन्छ ।

२०५४ सालसम्ममा निजको बाबु साधु साह सुडीको नाममा १४ कट्ठा २ धुर जग्गा रहेको दर्ता श्रेस्ताबाट देखिन्छ । २०२२ सालमै प्रशस्त पैत्रिक जग्गा जमिन रहेको भन्ने

प्रतिवादीको जिकिर लिखत प्रमाणबाट पुष्टि हुन सकेको छैन । साधु साह सुडीले ७ न. अनुसूची फारममा उल्लेख गरेका ६ बिगाहाभन्दा बढी जग्गा निजको नाममा नापी दर्ता भई स्रेस्ता पुर्जा प्राप्त गरेको अवस्था छैन । २०५४ साल अघी साधु साह सुडी र दुलारीदेवी साहबाहेक अन्य परिवारको नाममा कुनै चल अचल सम्पत्ति रहेको देखिदैन। २०५४ साल पश्चात प्रतिवादी संजयकुमार साह हातहतियार, ज्यान, भ्रष्टाचारलगायतका बिभिन्न सम्बद्ध कसुर (predicate offence) मा संलग्न रहेको देखिएको छ । तत्पश्चात २०६० सालदेखि २०६९ बिचको नौ वर्षको अबधिमा निज प्रतिवादी र निजको परिवारका सदस्यको नाममा चल अचल सम्पत्तिको चक्र बृद्धी, आर्जन भएको सम्पत्तिको परिमाण अत्यधिक र अस्वभाविक देखिन आएको छ । सोही अवधिमा प्रतिवादी संजयकुमार साह, निजको परिवारका सदस्यहरू पिता साधु साह सुडी, पत्नि रंगिलादेवी साह, अन्य राममिलन राउत कुर्मी, सुजितकुमार पाण्डेसमेतको नाममा बिभिन्न कम्पनी/फर्म दर्ता गरी रकम लगानी गरेको एवम् उक्त कम्पनी/फर्मको नाममा रहेका बैङ्क खातामा राममिलन राउत कुर्मीलगायतका बिभिन्न व्यक्तिले पटक पटक ठुलो परिमाणमा रकम जम्मा गरेको, कारोबार गरेको यिनै संजयकुमार साहसमेत प्रतिवादी भएको यस इजलासबाट आजै फैसला भएको २०७३-CR-००९० को गैर कानुनी सम्पत्ति आर्जन (भ्रष्टाचार) मुद्दाको मिसिल संलग्न बैङ्क स्टेटमेन्ट र सो सम्बन्धमा भएको विवेचनाबाट पुष्टि भएको देखिन्छ। त्यस्तै सर्लाही, धनुषा र ललितपुर लगयातका स्थानमा ठुलो परिमाणमा बहुमूल्य जग्गा, जमिन, घर, सबारी साधन खरिद गरेको, बिभिन्न कम्पनी/फर्ममा शेयरमा लगानी गरेको र बैङ्कमा रकम जम्मासमेत गरेको देखिएन आएको छ ।

प्रतिवादी संजयकुमार साह, साधु साह सुडी, रंगिलादेवी साहसमेतको नाममा दर्ता रहेका कर्णाली बिल्डर्स प्रा.लि., ध्रुवतारा कन्स्ट्रक्सन प्रा.लि. जय मां सोना ट्रेडर्स, मिथिला आयल स्टोर्सलगायतका कम्पनीहरूले के कती आय आर्जन गरेको हो ? कर तथा राजश्व फछ्र्यौंटको लागि आन्तरिक राजश्व विभागमा अनिवार्य रूपमा पेस गर्नु पर्ने आय व्ययको विवरण पेस गरी कानून बमोजिम लाग्ने आयकर सालिन्दा चुक्ता गरेको प्रमाण पेस गरी कम्पनी फर्ममा लगानी गरेको रकमको बैधानिक स्रोत एवम् उक्त कम्पनी फर्महरूबाट प्राप्त गरेको वैधानिक मुनाफा यो यस्तो र यति हो भनी प्रतिवादील सप्रमाण पुष्टी गर्न सकेको अवस्था छैन । गैरकानूनी स्रोत (illicit origin) बाट आर्जित रकम ठेक्का पट्टामा लगानी गर्ने, ठेक्का पट्टाबाट मुनाफा भएको देखाउने लगायतका कार्यलाई सम्पत्ति शुद्धीकरण गर्ने तरिका (Modus Operandi) कै रूपमा लिइने भएकोले प्रतिवादीको उक्त जिकीरलाई निर्दोषिता पुष्टिको आधार प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन । प्रधानमन्त्री तथा

मन्त्रिपरिषदको कार्यालयको च.न. ११३९, मिति २०७३।५।१९ को पत्रमार्फत् प्राप्त भएको निजले बुझाएको सम्पत्ति विवरणमा फारममा ललितपुर जिल्लामा जम्मा १३ आना जग्गा मात्र देखाउनुका साथै निजले सार्वजनिक पद धारण गरेको अवधिको मात्र सम्पत्ति विवरण फारम भरी अन्य समयावधिको सम्पत्ति विवरण पेस गरेको देखिएको छैन । बैङ्कबाट लिएको कर्जा के कुन प्रयोजनमा कति लगानी गरेको हो ? कहाँको जग्गा जमिन खरिद गरेको हो सम्पुष्टि गर्न सकेको देखिँदैन । रासन ठेक्कावापत बिभिन्न निकायबाट प्राप्त रकम सोही प्रयोजनै खर्च हुने अवस्था छ भने अन्य निर्माण कम्पनीको Third party counter guarantee बापत बिभिन्न कम्पनीहरूले बिभिन्न समयमा कर्णाली विल्डर्सलाई रकम भुक्तानी दिएको र निर्माण कम्पनीहरू जे/भी ले प्रतिनिधि नियुक्त गरी चेकबाट साधु साह सुडीलाई भुक्तानी भएको रकम केही समयको लागि साधु साहको खातामा रहने प्रकृतिको भएकोले त्यस्तो रकमलाई प्रतिवादीको वास्तविक एवम् वैधानिक आय मान्न मिल्ने देखिँदैन । बैङ्कबाट जे जुन प्रयोजनको लागि कर्जा लिएको हो सोही प्रयोजनमा लगानी खर्च गर्नु पर्नेमा अन्य प्रयोजनमा लागि लिएको बैङ्क कर्जा, रासन ठेक्का र निर्माण कार्यको ठेक्का सञ्चालनको लागि प्राप्त अग्रिम पेस्की तथा किस्तागत रकम, लगानी गरी जग्गा जमिन खरिद गरेको भन्ने प्रतिवादीको जिकिर स्वीकार गरी त्यसलाई जग्गा जमिन प्राप्तिको वैध स्रोत मान्ने अवस्था रहँदैन । प्रतिवादी संजयकुमार साहको स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा निज संजयकुमार साहसमेत विरुद्ध दायर भई आजै फैसला भएको २०७३-CR-००९० को स्रोत नखुलेको सम्पत्ति आर्जन, भ्रष्टाचार (सम्बद्ध कसुर) मुद्दामा भएको बृहत विवेचना अनुसार पनि प्रतिवादीको जिकिर खम्बिर हुन सकेको छैन । निजको संगोलका परिवारहरू पिता साधु साह सुडी, पत्नी रंगिलादेवी साह, भाइ राम कुमार साह, अन्य राममिलन कुर्मी, ओमप्रकाश यादव, सुजितकुमार पाण्डेसमेतको नाममा रहेका चल अचल सम्पत्तिको मात्रा, बिभिन्न फर्म/कम्पनीहरूमा गरेको लगानी र समयावधिसमेतलाई दृष्टिगत गर्दा उक्त सम्पत्ति निजहरू स्वयमले आर्जन गर्न सक्ने आर्थिक क्षमता र हैसियत निजहरूमा रहे भएको मिसिल संलग्न प्रमाणबाट खुल्न सकेको अवस्थासमेत छैन । उक्त तथ्यलाई प्रतिवादी राममिलन राउत कुर्मीले मौकामा र अदालतमा गरेको बयान बेहोरा एवम् किशोरी सहनीसमेतले गरिदिएको घटना विवरण कागजसमेतबाट समर्थित भएको देखिएको छ । मितिः२०६०।२।४ मा प्रतिवादी संजय साहको साथबाट ९ एम.एम पेस्तोल र गोलीसमेत वरामद भई हातहतियार खरखजना मुद्दा चलि सर्वोच्च अदालतको अन्तिम फैसलाले १ वर्ष ९ महिना कैद र रु.५,०००।- जरिवाना सजाय भएको देखिन्छ भने मितिः२०६९।१।१८ मा जिल्ला धनुषा, जनकपुर नगरपालिकाको रामानन्द चोकमा बम

बिष्फोट गराई ५ जनाको मृत्यु भएको घटना बारदातमा धनुषा जिल्ला अदालतममा कर्तव्य ज्यान/ज्यान मार्ने उद्योग मुद्दा चली धनुषा जिल्ला अदालतबाट मितिः २०७५।१२।१४ मा भएको फैसलाले निजलाई तत्काल प्रचलनमा रहेको मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) न. बमोजिम जन्म कैद र ऐ. को १५ न. बमोजिम १२ वर्ष कैद सजाय भएको, अवस्था छ । यिनै प्रतिवादी संजयकुमार साहसमेत विरुद्ध यसै अदालमा चलेको २०७३-CR-००९० को स्रोत नखुलेको सम्पत्ति आर्जन (भ्रष्टाचार) मुद्दामा समेत यी प्रतिवादीले बिगो रु.१९,४४,३८,३८३।९० बराबरको सम्पत्ति गैरकानूनी तवरले आर्जन गरेको ठहर गरी यसै इजलासबाट आजै फैसला भएको छ। प्रतिवादीहरूको साथमा रहेको सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको प्रमाण प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन २०६४ र ऐ. ऐनमा भएको पहिलो संशोधन २०६८ को दफा २८, एवम् (दोस्रो संशोधन) २०७० को दफा २८(१) बमोजिम गुजार्न सकेको अवस्था पनि छैन ।

माथि विवेचना भएको तथ्य प्रमाणको सापेक्षतमा हेर्दा प्रतिवादी संजयकुमार साहले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को दफा ४(क), सोही ऐनको पहिलो संशोधन २०६८ को दफा ४(घ) र (ठ), एवम् (दोस्रो संशोधन) २०७० को दफा २ (श) बमोजिम अनुसूचि १ को (च), (ज) र (ढ) मा उल्लेख भएको हातहतियार खरखजना, भ्रष्टाचार, ज्यान लिने तथा अङ्गभङ्गसमेतका सम्बध्द कसुर (Predicate Offense) गरी गैरकानूनी स्रोत (Illicit origin) बाट आर्जित रकम ध्रुवतारा कम्पनी प्रा. लि. मिथिला मनी ट्रान्सफरलगायतका कम्पनी, आफू र आफ्नो परिवारको सदस्य एवम् अन्य व्यक्ति राममिलन राउत कुर्मीसमेतको नाममा नेपाल बङ्गलादेश बैङ्क लिमिटेडमा रहेको खातामा रकम जम्मा गरी गराई placement गरेको, उक्त रकम बैङ्कबाट झिकी, झिक्न लगाई आर्थिक कारोबार गरी आफ्नो, आफ्नो परिवारको नाममा तथा अन्य राममिलन राउत कुर्मी समेतको नाममा बिभिन्न कम्पनी फर्म स्थापना गरी शेयरमा लगानी गरी Layering गरेको, बिभिन्न बैङ्कबाट लिएको कर्जा, आफूलाई प्राप्त पारिश्रमिकलगायतका वैधानिक स्रोतसँग गैरकानूनि स्रोत (Illicit Origin) बाट आर्जित रकम मिसाई ठूलो परिमाणमा घर जग्गा, सवारी साधनसमेत खरिद गरी Integration गरेको सप्रमाण पुष्टि भएको देखिन्छ ।

तदनुरूप प्रतिवादी संजयकुमार साहले अभियोग दाबीअनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४को दफा ३(१), ४(क) र उक्त ऐनमा भएको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), सोही ऐनमा भएको (दोस्रो संशोधन) २०७० को दफा ३(१) को (क), (ख) र (ग) बमोजिम सम्पत्तिको गैरकानूनी स्रोत

लुकाउने, गैरकानूनी स्रोत छल्ने, गैरकानूनी स्रोतबाट प्राप्त सम्पत्तिको हस्तान्तरण वा रुपान्तरण गर्ने, कसुरबाट प्राप्त सम्पत्तिको सही प्रकृती, स्रोत, स्थान, निसर्ग, कारोबार, स्वामित्व वा सो सम्पत्तिउपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, प्रयोग गर्ने, धारण गर्ने कार्य गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिन आएको छ । त्यस्तै प्रतिवादी संजयकुमार साह, निजको परिवार र अन्य राममिलन राउत कुर्मीको नाममा निजहरूको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा अस्वभाविक सम्पत्ति रहेको देखिएकोमा उक्त सम्पत्तिहरू के कुन स्रोतबाट आर्जन गरेको हो ? सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ र उक्त ऐनमा भएको (पहिलो संशोधन) २०६८ को दफा २८ एवम् सोही ऐनमा भएको (दोस्रो संशोधन) २०७० को दफा २८(१) बमोजिम प्रमाण गुजार्न सकेको अवस्था पनि छैन । यसरी प्रतिवादी संजयकुमार साहले अवैध रूपमा कमाएको सम्पत्तिको वास्तविक उत्पत्ति तथा त्यसको स्रोत लुकाउन बिभिन्न वित्तीय कारोबारको माध्यमबाट नया कानूनी स्रोत सृजना गरेको, गैरकानूनी स्रोतबाट प्राप्त रकमबाट घर, जग्गा जमिन, सवारी साधन खरिद गरेको, गैरकानूनी सम्पत्तिलाई कानूनी सम्पत्तिमा मिसाएको, शेयरमा लगानी गरेको, बैङ्कमा जम्मा गरेको, गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पिता साधु साह सुडी, पत्नी रंगिलादेवी साह र भाई राम कुमार साह, अन्य व्यक्ति राममिलन राउत कुर्मी, सुजितकुमार पाण्डे, ओमप्रकाश यादवसमेतको नाममा लुकाई छिपाई उक्त सम्पत्तिहरूलाई चरणवद्ध रूपमा collection, Placement, Layering, Integration समेतका कार्य गरी अभियोग दाबीबमोजिम सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को दफा ३(१), ४(क), २८ र उक्त ऐनमा भएको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), २८, एवम् सोही ऐनमा भएको (दोस्रो संशोधन) २०७० को दफा ३(१), ३(३) र २८(१) अन्तर्गतको कसुर गरेको देखिन आयो।

१७.२ प्रतिवादीहरू साधु साह सुडी, रंगिलादेवी साह र राम कुमार साहको हकमा विचार गर्दा यी प्रतिवादीहरूले मौकामा र अदालतमा आरोपित कसुर गरेमा ईन्कारी बयान गर्दै आफूहरूको नाममा रहेका चल अचल सम्पत्ति, बिभिन्न कम्पनी/फर्ममा लगानी गरेको रकम र बैङ्किङ्ग कारोवारको विषयममा प्रतिवादी संजयकुमार साहले गरेको बयानमा उल्लेख भएबमोजिम जिकीर लिएको अवस्था छ । उक्त प्रमाण जिकीरको सम्बन्धमा प्रतिवादी संजयकुमार साहको हकमा गरिएको न्यायिक विवेचना मुताविक प्रतिवादीहरूले लिएको जिकीर प्रामाणबाट प्रतिवादीहरूको निर्दोषिता पुष्टी हुन नसकेको र त्यति ठूलो परिमाणमा जग्गा जमिन खरिद गर्ने, कम्पनी/फर्ममा लगानी गर्ने, बैङ्किङ्ग कारोबार गर्ने आर्थिक हैसियत

रहे भएको पुष्टि हुने आधार कारण र प्रमाणसमेत गुजार्न र आफूसँग रहेको सम्पत्तिको वैधानिक स्रोतसमेत देखाउन सकेको नदेखिदा यी प्रतिवादीहरूले प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको सम्पत्तिमध्ये प्रतिवादी साधु साह सुडीले रु.४,४०,६७,८१०।-, प्रतिवादी रंगिलादेवी साहले रु.३,२४,७३,४१९।५४ र रामकुमार साहले रु.७५,१६,८५७।- बिगो बराबरको सम्पत्ति आ-आफ्नो नाममा राखी, धारण गरी उक्त सम्पत्ति शुद्धीकरण गर्न निजलाई मदत, सहयोग गरेको पुष्टि हुन आयो। अतः निज प्रतिवादीहरू सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ (दोस्रो संशोधन) २०७० को दफा ३(२) मा उल्लिखित" कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै कार्यको मदत गर्न, मतियार हुन हुँदैन" भन्ने कसुरमा संलग्न रहेको देखिन आएको छ । निजहरूले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ (१), ४(क), २८ ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), ऐ. ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१) दफा ३(३) को कसुर गरेको भन्ने हद सम्मको अभियोग दाबी पुष्टि हुन सकेको पाइएन । प्रतिवादी दुलारीदेवी सुडीको हकमा हेर्दा निजको नाममा दर्ता रहेका तालिका न. २ मा उल्लेख भएको सबै जग्गा जमिनहरू सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ लागू भएको मिति २०६४।१०।१४ अगावै खरिद गरेको देखिँदा माथि प्रकरण ३५ र ३६ मा व्याख्या विवेचना गरिएअनुसार यी प्रतिवादीलाई प्रस्तुत ऐनबमोजिम आरोपित कसुरको कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादी दुलारीदेवी सुडी उपरको कसुर कायम हुन नसक्ने भएकोले निजले रु.३,५१,८१,८७७।२० बिगो बराबरको सम्पत्ति शुद्धीकरण गरेको भन्ने निज उपरको अभियोग दाबी पुष्टि भएको देखिन आएन ।

१७.३ प्रतिवादी ओमप्रकश यादवको हकमा विचार गर्दा प्रतिवादीले मौकामा र अदालतमा आरोपित कसुरमा ईन्कार रही बयान गरेको देखिए तापनि यी प्रतिवादी संजयकुमार साहको साथी सहयोगी रहेको देखिन्छ । मितिः२०६९।०१।१८ मा जिल्ला धनुषा जनकपुर नगरपालिका वडा न. ८ स्थित रामानन्द चोकमा बम बिष्फोट गराई ५ जनाको मृत्यु भएको घटना वारदातमा धनुषा जिल्ला अदालतमा यी प्रतिवादी र संजयकुमार साहसमेत विरुद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उधोग मुद्दा चली पूर्पक्षको लागि थुनामा रहेकोमा धनुषा जिल्ला अदालतबाट मितिः२०७५।१२।१४ मा निजलाई तत्काल प्रचलनमा रहेको मुलुकी ऐन ज्यानसम्बन्धी महलको १६ न. बमोजिम १० वर्ष र ऐ. को १५ न. बमोजिम ५ वर्ष कैद सजाय हुने फैसला भएको देखिन आई यी प्रतिवादी र प्रतिवादी संजयकुमार साह बिच आपराधिकलगायतका अन्य गैरकानूनी क्रियाकलापमा साँठ गाँठ सम्बन्धसमेत

रहेको देखिन्छ । निजको नाममा सारस ईन्भेष्टमेन्ट प्रा.लि. दर्ता भई रु.६,००,०००।- को शेयर लगानी भएको भन्ने कम्पनी रजिष्ट्रारको कार्यालयबाट अनुसन्धानको क्रममा प्राप्त पत्रबाट खुल्न आएको, निजको नाममा ज ३प ६८३७ को मोटर साईकल (बिगो नखुलेको) र धनुषा बेंगाशिवपुरमा कि.न. ३०८ को ०-४-२-० को जग्गा मितिः २०६६।९।१६ मा खरिद गरी (लिखतमा उल्लिखित मूल्य रु.६५,०००।-) निजको नाममा दर्ता रहेको देखिएकोमा उक्त सम्पत्तिहरू आर्जन गर्ने आर्थिक हैसियत प्रतिवादीको नरहेको, आफूसँग रहेको सम्पत्तिको वैधानिक स्रोतसमेत खुलाउन नसकेको एवम् निजले गरेको ईन्कारी बयानलाई सप्रमाण पुष्टि गर्न सकेको देखिदैन ।तसर्थ: यी प्रतिवादीले प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको रु.६,६५,०००।- बिगो बराबरको सम्पत्ति आफ्नो नाममा राखी, धारण गरि उक्त सम्पत्ति शुद्धीकरण गर्न निजलाई मद्दत, सहयोग गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ (दोस्रो संशोधन) २०७० को दफा ३(२) मा उल्लिखित" कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै कार्यको मदत गर्न, मतियार हुनु हुँदैन" भन्ने कसुरमा संलग्न रहेको पुष्टि हुन्छ । निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ (१), ४(क), ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), ऐ. ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१) दफा ३(३) को कसुर गरेको भन्ने हदसम्मको अभियोग दाबी पुष्टि हुन सकेको पाइएन ।

१७.४ प्रतिवादी राममिलन राउत कुर्मीको हकमा विचार गर्दा निजको नाममा सारस ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि. र सारस ट्रेडिङ लि. दर्ता भई उक्त कम्पनीहरूमा क्रमशः रु.६,००,०००।- र रु.२५,००,०००।- शेयर लगानी भएको अनुसन्धानको क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त पत्रबाट उल्लेख भएको देखिन्छ । यी प्रतिवादी संजयकुमार साहको सहयोगीको रूपमा ठेक्का पट्टाको कार्यमा पारिश्रमिकमा कार्य गर्दै आएको देखिन्छ । निजले मौकामा र अदालतमा बयान गर्दा उक्त कम्पनीहरू संजयकुमार साहले लगानी गरी मेरो नाममा दर्ता गराएको, त्यसको आयसमेत संजयकुमार साहले भोग चलन गर्ने गरेको भन्ने बयान गरेको देखिन्छ । यी प्रतिवादीको कम्पनीहरू दर्ता गरी लगानी गर्ने आर्थिक हैसियत पनि नरहेको, उक्त कम्पनी संजयकुमार साहको हो भनी बयानसमेत गरेको देखिदा यी प्रतिवादीले प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको रु.३१,००,०००।- बिगो बराबरको सम्पत्ति आफ्नो नाममा राखी, धारण गरी उक्त सम्पत्ति शुद्धीकरण गर्न निजलाई मदत, सहयोग गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ (दोस्रो संशोधन) २०७० को दफा ३(२) मा

उल्लिखित" कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै कार्यको मदत गर्न, मतियार हुन हुँदैन" भन्ने कसुरमा संलग्न रहेको पुष्टि हुन आयो। निजले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ (१), ४(क), ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), ऐ. ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१) र दफा ३(३) को कसुर गरेको भन्ने हदसम्मको अभियोग दाबी पुष्टि हुन सकेको पाइएन ।

१७.५ प्रतिवादी सुजितकुमार पान्डेको हकमा विचार गर्दा प्रतिवादीले आरोपित कसुरमा ईन्कार रही बयान गरेको देखिए तापनि यी प्रतिवादी संजयकुमार साहको भाइ प्रतिवादी रामकुमार साहले सञ्चालन गरेको मिथिला मनी ट्रान्सफरमा काम गर्ने सामान्य आर्थिक हैसितको कर्माचारी रहेको देखिन्छ । सो तथ्यलाई स्वीकारी निजले बयान गरेको पाइन्छ ।यी प्रतिवादीको नाममा प्यासन सेक्युरिटी सोलुसन प्रा.लि., ओम सब मनी ट्रान्सफर र प्यासन ओभरसिज सर्भिसेज नामका कम्पनी/फर्म दर्ता भई उक्त कम्पनीहरूमा क्रमश रु.२,००,०००।-, रु.२५,००,०००।- र रु.१६,००,०००।- को शेयर लगानी भएको भन्ने अभियोग दाबी रहेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयको मितिः २०७६।१।५ को पत्रबाट ओम सब मनी ट्रान्सफर र प्यासन ओभरसिज सर्भिसेजको शेयर अभिलेख नरहेको भन्ने देखिन्छ । यसरी उक्त कम्पनीहरूमा शेयर लगानी नरहेको भनी आधिकारिक निकायबाट खुली आएको देखिएकोले उक्त कम्पनीहरूमा प्रतिवादीको लगानी रहेको भनी बिगो कायम गर्न मिलेन । प्यासन सेक्युरिटी सलुशन प्रा.लि.को एनआईसी एसिया बैङ्कमा रहेको खातामा रु.१९,७७६।२६ र यी प्रतिवादीको बैङ्क अफ काठमाडौंमा रहेको खातामा रु.५२४।३४ गरी जम्मा रु.२०,३६०।- मौज्दात रहेको देखिन्छ र कम्पनीमा लगानी गर्ने निजको आर्थिक हैसितसमेत निजको रहेको र सो को वैधानिक स्रोतसमेत देखाउन नसकेको अवस्था विद्यमान रहेको छ । प्यासन सेक्युरिटी सोलुसन प्रा.लि. मा सहकारी संस्था जनकपुरबाट लिएको कर्जा लगानी गरेको जिकिर अदालतमा लिएकोमा उक्त कम्पनी २०६८ सालमा स्थापना भएको तर कर्जा भने २०७० सालमा लिएको देखिँदा उक्त कर्जा रकमलाई उक्त कम्पनीमा गरेको लगानीको स्रोत मान्न मिलेन । अतः यी प्रतिवादीले प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको बिगो रु.२,२०,३६०।- सम्मको सम्पत्ति आफ्नो नाममा राखी, धारण गरी उक्त सम्पत्ति शुद्धीकरण गर्न निजलाई मद्दत, सहयोग गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (दोस्रो संशोधन) २०७० को दफा ३(२) मा उल्लिखित" कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै कार्यको मदत गर्न, मतियार हुन हुँदैन" भन्ने कसुरमा संलग्न रहेको पुष्टि हुन आयो।

निजले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ (१), ४(क), ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), ऐ. ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१) र दफा ३(३) को कसुर गरी बिगो रु.४१,००,०००।- बराबरको सम्पत्ति शुद्धीकरण गरेको भन्ने हद सम्मको अभियोग दाबी पुष्टि हुन सकेको पाइएन ।

१७.६ प्रतिवादी मनोजकुमार सिंहको हकमा हेर्दा निजको नाममा दर्ता रहेका गङ्गासागर ग्रुप अफ इन्स्टिच्युट, स्वर्णिम ईन्टरनेशनलमा लगानी भएको शेयर रु.८,५०,०००।- निजको नाममा बिभिन्न बैङ्क खातामा रहेको रकम रु.२३,८४०।५०, भ्यान र टेक्टरलगायतका तीन थान सवारी साधनको रु.४२,२०,०००।- र ललितपुर जिल्ला ईमाडोल-२ मा खरिद गरेका कि.न.१४५९, १४६० र १४६१ को रु.७६,३१,०००।- गरी रु.१,२७,२४,८४०।५० बराबरको प्रतिवादी संजयकुमार साहको सम्पत्तिलाई शुद्धीकरण गर्ने कार्यमा संलग्न रहेको भन्ने आरोप दाबी रहेकोमा यी प्रतिवादी मौकामा र अदालतमा समेत आरोपित कसुरमा ईन्कार रही बयान गरेको पाइन्छ । प्रतिवादी संजयकुमार साहको अपराधिक क्रियाकलापमा यी प्रतिवादीको कुनै सम्बन्ध संलग्नता रहेको मिसिल प्रमाणबाट देखिएको छैन । प्रतिवादी संजयकुमार साहले लगानी गरेको रकमबाट प्रतिवादीको नाममा सवारी साधन, जग्गा जमिन खरिद गरेको, कम्पनी/फर्म दर्ता गरेको र प्रतिवादी संजयकुमार साहले गैरकानूनी स्रोतबाट आर्जन गरेको सम्पत्ति छिपाउन मनोजकुमार सिंहको नाममा खरिद गरेको वा मनोजकुमार सिंहलाई हक हस्तान्तरण गरिदिएको भन्ने प्रमाणबाट पुष्टि भएको देखिँदैन । प्रतिवादी मनोजकुमार सिंहको १० बिगाहभन्दा बढी पुख्यौली जग्गाजमिन रही २०६३ सालमा अंश बण्डा हुँदा २-८-७ जग्गा प्राप्त भएको देखिन्छ । यी प्रतिवादी र श्रीमती निलम सिंहले पटक पटक आफ्नो नाममा रहेका जग्गा बिक्री गरेको भन्ने पेस हुन आएका पारित लिखतहरूबाट खुल्न आएको देखिन्छ भने निजको नाममा दर्ता रहेका राधा आयुर्वेदिक स्टोर्स र पृतम आयुर्वेदिक कम्पनीसमेत बिक्री गरेको र सोनी सप्लायर्स मार्फत प्रहरी र नेपाली सेनाको करोडौको राशन ठेक्का सञ्चालन गरेको भन्ने आन्तरिक राजश्व कार्यालय जनकपुर र सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय सर्लाहीको पत्रबाट देखिन्छ । माछा पोखरी ठेक्कामा दिई आम्दानी गर्ने गरेको भन्ने मलंगवा नगरपालिकाको पत्र एवम् ठेक्का सम्झौताको करार कागजबाट खुल्न आएको देखिन्छ । मिसिल संलग्न रहेका यावत तथ्य प्रमाणसमेतलाई दृष्टिगत गर्दा अभियोग दाबीमा उल्लिखित निजको नाममा रहेका चल अचल सम्पत्ति खरिद गर्ने, सन्चय गर्ने, लगानी गर्ने आर्थिक हैसियत भएको व्यक्ति देखिन आएकोले उक्त परिमाणको सम्पत्तिहरू निजको साथमा हुनुलाई

स्वभाविक नै मान्नु पर्ने देखियो । तदनुसार यी प्रतिवादीले प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको बिगो रु.१,२७,२४,८४०।५० बरावरको सम्पत्ति आफ्नो नाममा राखी, धारण गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ (१), ४(क), ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), ऐ. ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१) र दफा ३(३) को कसुर गरेको भन्ने अभियोग दाबी पुष्टि हुन सकेको पाईएन ।

१७.७ प्रतिवादी निलम सिंहको हकमा विचार गर्दा निजको नाममा दर्ता रहेका २ थान सवारी साधन र सर्लाही जिल्ला जब्दी-९ मा रहेका कि.न. ८६, ८७, ८८, ९०, ९१ को ६-७-१२-० जग्गासमेत प्रतिवादी संजयकुमार साहले लगानी गरेको रकमबाट खरिद गरेको भन्ने अभियोग दाबी रहेकोमा उक्त ५ कित्ता जग्गाहरूको हकमा यिनै प्रतिवादीहरू भएको २०७३-CR-००९० को स्रोत नखुलेको सम्पत्ति आर्जन (भ्रष्टाचार) मुद्दामा जफत हुने फैसला भएको, सवारी साधनको हकमा विचार गर्दा माथि प्रकरणमा प्रतिवादी मनोजकुमार सिंहको आर्थिक हैसियत, आयस्रोतको प्रचुरताको सम्बन्धमा भएको विवेचनाअनुसार निज मनोजकुमार सिंहको पत्नी यी प्रतिवादी निलम सिंहको स्वामित्वमा दुई थान सवारी साधन हुनुलाई अस्वभाविक मान्न मिल्ने देखिदैन । प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको रकम लगानी गरी राममिलन राउत कुर्मीको नाममा खरिद गरेको उपरोक्त ५ कित्ता जग्गाहरू प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरी राममिलन कुर्मीको नाममा राखेको भन्ने जानी जानी सम्पत्ति शुद्धीकरण गर्न सहयोग गर्ने मनशायले प्रतिवादी निलम सिंहले आफ्नो नाममा राखेको, धारण गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको पाइएन । तसर्थ यी प्रतिवादीले प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको बिगो रु.८६,१८,०००।- बरावरको सम्पत्ति आफ्नो नाममा राखी, धारण गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ (१), ४(क), ऐ. ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ), ऐ. ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१) र दफा ३(३) को कसुर गरेको भन्ने अभियोग दाबी पुष्टि हुन सकेको पाइएन ।

१७.८ प्रतिवादी बबिता पन्जियारको हकमा हेर्दा निजले आमा दुलारीदेवी साहबाट मितिः २०६५।८।३ मा हालैको वकसपत्रबाट प्राप्त गरेको जिल्ला काठमाडौं चपली-८ मा रहेको कि.न. ४२८ र ४३७ को २ कित्ता जग्गाहरू दुलारीदेवीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ लागू हुनु पूर्व मितिः २०६२।६।१९ मा खरिद गरेको देखिदा माथि प्रकरण ३५ र ३६ मा विवेचना गरिएअनुसार ऐन लागू हुनु पूर्व आर्जन गरेको

सम्पत्तिको हकमा प्रस्तुत ऐन लगाई सम्पत्ति शुद्धीकणको कसुर कायम गर्न नमिल्ने हुँदा यी प्रतिवादीले प्रतिवादी संजयकुमार साहले गैरकानूनी तवरले आर्जन गरेको बिगो रु.४८,३५,०००।- बराबरको सम्पत्ति आफ्नो नाममा राखी, धारण गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको भन्ने निज उपरको अभियोग दाबी पुष्टि भएको देखिएन।

१८. माथी प्रकरण प्रकरणमा विवेचना गरिएबमोजिम प्रतिवादीहरू मनोजकुमार सिंह, निलम सिंह, दुलारीदेवी साह र बबिता पन्जियारले अभियोग दाबीबाट सफाई पाउने देखियो । कसुर ठहर भएका प्रतिवादीहर संजयकुमार साह, साधु साह सुडी, रंगिलादेवी साह, राम कुमार साह, राममिलन कुर्मी, ओमप्रकाश यादव र सुजितकुमार पाण्डेले प्रतिवादी संजयकुमार साहको के कति बिगो बराबरको के कुन सम्पत्ति आफ्नो नाममा राखी, धारण गरी मुख्य प्रतिवादी संजयकुमार साहलाई सम्पत्ति शुद्धीकरणको कसुर गर्न सहयोग मद्दत गरेको हो ? भन्ने सम्बन्धमा विचार गर्दा देहायका प्रतिवादीहरूको नाममा रहेको देहायका जग्गा जमिन खरिद र कम्पनीमा शेयर लगानी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ लागू हुनुपूर्व अर्थात् मितिः२०६४।१०।१४ अघि गरेको देखिन आएकोले प्रकरण ३५ र ३६ मा विवेचना गरिएअनुसार देहायका सम्पत्तिहरू र सो सम्पत्तिको कायम भएको बिगो रु.७,५४,४१,८६४।२० उपर वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन ।

तालिका नं. २

क्र.सं.	प्रतिवादीको नाम	सम्पत्ति विवरण	बिगो रु.	खरिद/लगानी मिति
१	संजयकुमार साह, जम्मा बिगो, रु.२,३०,८६,९८७।-	नकटाझिज-८ धनुषाको कि.नं. १०९०	२,९५,०००।-	०६/२५/२०६०
		ध्रुवतारा कन्सट्रक्सन प्रा.लि.मा शेयर लगानी	५०,००,०००।-	११/३०/२०६०
		जि.धनुषा, ज.न.पा-१४ को कि.नं ७१, ४३, ८१, ७३	७४,६७,९००।-	२०६१/८/२४ र २९
		जि.धनुषा, ज.न.पा-२ को कि.नं ४०	७३,१८,१२५।-	०९/२१/२०६१
		जि.सर्लाही बिष्णुपर-९ को कि.नं १४०६	३०,०५,९६२।-	२०६४/७/८
२		मिनाज कन्स्ट्रक्शन प्रा.लि.मा शेयर लगानी	८,००,०००।-	१२/२४/२०६०

	साधु साह सुडी जम्मा बिगो रू.१,२३,३८,०००।-	जि.धनुषा ज.न.पा-१६ कि.नं. ८४, ८९, ११४, ११६, ११८, १२०, १२३	१,१२,२४,०००।-	२०६४/१०/२४ मा नयाँ नापी कि.नं. १२३ मिति २०३८/११/६ मा खरिद
		ऐ कोकि.नं. १३२	३,१४,०००।-	२०३८/११/६ मा खरिद
३	दुलारीदेवी साह जम्मा बिगो रु.३,५१,८१,८७७।२०	जि.धनुषा, ज.न.पा. ९ कि.नं. २५७	३१,७३,०००।-	०२/२५/२०६४
		ऐ-१६ को कि.नं. ८८	३,२०,०००।-	१२/१०/२०५९
		ऐ-४ को कि.नं ७० र ७१	६,८५,०८७७।२०	२०६०/७/१९
		ऐ ऐ भरतपुर-४ को कि.नं ४६६ कोहाल १०००	१,४१,५५,०००।-	०५/१६/२०६०
		ऐ.-१२ को कि.न. ४४	३२,२६,०००।-	०५/१७/२०६०
		ऐ को कि.नं. २१	७४,५७,०००।-	विक्री भैसकेको
४	बविता पन्जियार जम्मा बिगो रु.४८,३५,०००।-	जि काठमाडौं, चपली-८ कि.नं. ४२८ र ४३७	४८,३५,०००।-	आमा दुलारीदेवीले २०६२/६/१९ मा खरिद गरी २०६५/८/३ मा हा.व.गरिदिएको

१९. यसका साथै प्रतिवादीहरू मनोजकुमार सिंहले रु.१,२७,२४,८४०।५०, प्रतिवादी निलम सिंहले रु.८६,१८,०००।- बिगो बराबरको सम्पत्ति शुद्धीकरण गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी प्रकरण ४९.६ र ४९.७ मा विवेचना गरिएअनुसार र प्रतिवादी सुजितकुमार पाण्डेको हकमा माथि प्रकरण ४९.५ मा विवेचना गरिएअनुसार निजले सम्पत्ति शुद्धीकरणको कसुर गरेको भनी दाबी लिएको बिगो रकम रु.४३,२०,३००।६० मध्ये रु.४१,००,०००।- समेत गरी बिगो रु.२,५४,४२,८४०।५० को हकमा समेत अभियोग दाबी पुग्न नसकेको देखिदा उपर्युक्तानुसारको बिगो रकम एवम् अभियोगपत्रमा प्रतिवादीहरूको नाममा रहेको जग्गाको बिगो स्वतन्त्र मुल्याङ्कनकर्ताको मूल्याङ्कनबमोजिम कायम भएको देखिएकोमा संजयकुमार साहसमेत प्रतिवादी भएको आजै यस इजलासबाट फैसला भएको २०७३-CR-००९० को स्रोत नखुलेको सम्पत्ति आर्जन (भ्रष्टाचार) मुद्दामा जग्गा खरिद गर्दाको पारित लिखतमा उल्लिखित मूल्यलाई बिगो कायम गर्ने न्यायिक मापदण्ड कायम भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा पनि पारित लिखतमा उल्लिखित मूल्यलाई जग्गाको बिगो कायम गर्नु मनासिव हुने देखिँदा सोहीबमोजिम बिगो कायम गर्दा आरोपपत्रमा दाबी लिएभन्दा रु.७,७०,६३,८८३।७० बिगो घटी हुने हुँदा सोबिगोसमेतलाई बाहेक गर्दा देहायमा उल्लेख भएका प्रतिवादीहरूले देहायबमोजिमको जम्मा बिगो

रु.१४,२५,०१,७१६।३६ बराबरकोक सम्पत्ति शुद्धीकरण गरी/गर्न सहयोग मदत गरी निम्नानुसारको कसुर गरेको देखिन आयो । बिगो रु.१७,७९,४८,५८८।४० हदसम्मको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्ने देखिएन।

तालिका नं. ३

सि.नं.	प्रतिवादीको नाम	सम्पत्तिको विवरण	मूल्य रु.	ठहर भएको कसुर
१	संजयकुमार साह जम्मा बिगो रु.५,१५१४२७०।१२ अन्य प्रतिवादीहरूको नाममा लुकाई छिपाई सम्पत्ति शुद्धीकरण गरेको बिगोसमेत जोड्दा हुने जम्मा बिगो रु.१४,२५,०१,७१६।३६	बिभिन्न ५ ओटा बैङ्कमा रहेको ६ ओटा खाताहरूका रहेको रकम	१०,१२,२४८।१२	सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को दफा ३(१), ४(क), २८ र उक्त ऐनमा भएको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ) (ठ),२८, सोही ऐनमा भएको (दोस्रो संशोधन) २०७० को दफा ३(१), ३(३) र २८(१)
		कर्णाली बिल्डर्समा शेयर लगानी	१९,२०,०००।-	
		सारस इन्भेष्टमेन्ट क.प्रा.लि.मा शेयर लगानी	५१,००,०००।-	
		गङ्गासागर ग्रुपमा शेयर लगानी	६,२५,०००।-	
		ध्रुवतारा कन्स्ट्रक्सनको एन.वि.बैकमा रहेको मौज्दात	७३,९०,०००।-	
		ज१क २४९ को स्काभेटर	७६,४१,४४५।-	
		ज१क२५० को स्काभेटर	६०,८१,५७७।-	
		वा.९च. ५८५ को टाटा ऐरा प्राईड	५३,४५,०००।-	
२	रंगिलादेवी साह जम्मा बिगो रु.३,२४७३४४१९।२४	निज र के.बि. पेटको नाममा बिभिन्न बैङ्कमा रहेको ५ ओटा खातामा मौज्दात रकम	५२,८१९।५४	सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन (दोस्रो संशोधन) २०७० को दफा ३(२)
		के.बि. पेट इन्डस्ट्रिजप्रा.लि.मा शेयर लगानी	७५,००,०००।-	
		क्लाउड नाईन नेपालमा शेयर लगानी	५०,००००।-	
		गङ्गासागर ग्रुप अफईन्स्टिच्युशनमा शेयर लगानी	७५,००,०००।-	
		सारस ईन्भेष्टमेन्ट प्रा.लि. मा शेयर लगानी	२५,००००।-	
		ललितपुर छम्पी ५क. कि. नं ५०७,५०८ ५०९ र ऐ ६क को कि.नं. २८	२२,९५,०००।-	
		ऐ ५क को कि.नं. २४३	६,०६,६००।-	
		ऐ ६ग को कि.नं. १७० र ९४	२,१२,५००।-	
		ललितपुर उ.म.न.पा. १४ को कि.नं.७०२ र ५७९	५१,००,५००।-	

		ललितपुर छम्पी ५क. को कि.नं. २०४ र २२१	३,१९,०००।-	
		ऐ को कि.नं. ३३१ र ३४३	२,८७,०००।-	
		धनुषा ज.न.पा. २ को कि.नं. २२२	११,००,०००।-	
३	साधु साह सुडी जम्मा बिगो रु.४,४०,६७८१०।-	सेभेनस्टार मेनपावर कम्पनीमा शेयर लगानी	२८,००,०००।-	ऐ. ऐ.
		ज.१.च. ४३३ नं को मारुती भ्यान खरिद	७,२९,९६०।-	
		बा.८.च. ५९६१ नं को निशान पिकअप खरिद	३०,००,०००।-	
		जि.सर्लाही जब्दी ९ को कि.नं. ८४,८५, ६४ २७३ ८९ का जग्गा खरिद	३१,७५,२००।-	
		जि.धनुषा, ज.न.पा.२ को कि.नं. ३३५ को जग्गा	१,४३,०००।-	
		ऐ ज.न.पा.४ को कि.नं. ७३ को जग्गा	७७,०००।-	
		जि.धनुषा लोहना-८ को कि.नं. ८४३ को जग्गा	६७,०००।-	
		ऐ ज.न.पा.२ को कि.नं. ५७६ को जग्गा	२,२६,४६,२५०।-	
		ऐ को कि.नं. ३०	६६,९९,०००।-	
		ऐ को कि.नं. ४६ को जग्गा	४३,९४,५००।-	
४	राम कुमार साह जम्मा बिगो रु.७५,१६,८५७।-	मिथिला मनी ट्रान्सफरमा शेयर लगानी	७५,००,०००।-	ऐ. ऐ.
		मिथिला मनी ट्रान्सफरको बिभिन्न बैङ्कमा रहेको खातामा मौज्दात	१६,८५७।-	
५	ओमप्रकाश यादव जम्मा बिगो रु.६,६५०००।-	सारस ईन्भेष्टमेन्ट क.लि. मा शेयर लगानी	६,००,०००।-	ऐ. ऐ.
		ज.३प. ६८३७ को मोटरसाईकल खरिद	मूल्य नखुलेको	
		जि.धनुषा बेगाशिवपुर-१ को कि.नं.३०८ को जग्गा खरिद	६५,०००।-	
६		सारस ईन्भेष्टमेन्ट क.लि.मा शेयर लगानी	६,००,०००।-	ऐ. ऐ.

	राममिलन राउत कुर्मी जम्मा बिगो रु.३१,००,००।-	सारस ट्रेनिङ्ग लि.मा शेयर लगानी	२५,००,०००।-	
७	सुजितकुमार पाण्डे जम्मा बिगो रु.२,२०,३६०।-	प्यासन सेकुरीटी सलुशन प्रा.लि. मा शेयर	२,००,०००।-	ऐ. ऐ.
		एन.आई.सी एसिया र बैङ्क अफ काठमाडौंमा रहेको मौज्दात	२०,३६०।-	

द्रष्टव्यः प्रतिवादी साधु साह सुडीको नाममा रहेको जि.धनुषा,ज.न.पा.-२ को कि.न. ५७६ को ०-१४-१७-० को जग्गाको मालपोत कार्यालय धनुषाले निर्धारण गरेको मूल्य दर रेटबमोजिम प्रति कट्ठा रु.१५,२५,०००।- रहेको देखिँदा सोहीअनुसार मूल्य कायम गरिएको छ ।

२०. तसर्थः माथि विवेचना गरिएका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी संजयकुमार साहले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१), ४(क), २८, उक्त ऐनमा भएको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ), (ठ), २८, र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को (दोस्रो संशोधन) २०७० को दफा २ को खण्ड (श) बमोजिम अनूसूचीमा उल्लिखित हातहतियार, भ्रष्टाचार र ज्यान लिनेलगायतका सम्बद्ध कसुर एवम् सोही ऐनको दफा ३(१), ३(३) र २८(१) को कसुर गरी रु.१४,२५,०१७१६।३६ बराबरको चल अचल सम्पत्ति शुद्धीकरण गरेको ठहर्छ । ठहर भएभन्दा बढी हदसम्मको बिगोतर्फको अभियोग दाबी पुग्न सक्दैन । अन्य प्रतिवादीहरू रंगिलादेवी साहले रु.३,२४,७३,४१९।५४, प्रतिवादी साधु साह सुडिले रु.४,४०,६७८१०।- प्रतिवादी रामकुमार साहले रु.७५,१६,८५७।- प्रतिवादी ओमप्रकाश यादवले रु.६,६५,०००।-, प्रतिवादी राममिलन राउत कुर्मीले रु.३१,००,०००।- प्रतिवादी सुजितकुमार पाण्डेले रु.२,२०,३६०।- वीगो बराबरको चल अचल सम्पत्ति शुद्धीकरण गर्न मुख्य प्रतिवादी संजयकुमार साहलाई मदत सघाउ गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन (दोस्रो संशोधन) २०७० को दफा ३(२) को कसुर गरेको ठहर्छ। यी प्रतिवादीहरूले ऐ. ऐनको दफा ३(१) समेतको कसुर गरेको भन्ने र ठहर भएभन्दा बढी बिगो स्कुल १७,७९,४८,५८८।४० हदसम्मको अभियोग दाबी पुग्न सक्दैन । प्रतिवादीहरू दुलारीदेवी साह, मनोजकुमार सिंह, निलम सिंह र बबिता पन्जियारले अभियोग दाबीको कसुरबाट सफाई पाउने ठहर्छ । कसुर ठहर भएका प्रतिवादीहरूको हकमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा ८ र ९ बमोजिम सजाय निर्धारण सुनुवाई प्रयोजनको लागि मितिः २०७६।११।२९ गतेका दिन प्रस्तुत मुद्दा यसै ईजलास समक्ष नियमानुसार पेस गर्नु।

सजाय निर्धारण खण्ड

१. यस अदालतको मितिः२०७६।११।१५ मा भएको आदेशानुसार फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ को नियम ३ बमोजिम सजाय निर्धारणको लागि इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता देवेन्द्रराज आचार्य, प्रतिवादीहरू संजयकुमार साह, साधु साह सुडी, रंगिलादेवी साह, राम कुमार साह, सुजितकुमार पाण्डेको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री लवकुमार मैनाली र श्री सुरेन्द्रकुमार महतो तथा विद्वान् अधिवक्ता श्री ओमप्रकाश सिंहले गर्नु भएको बहस सुनियो ।

२. विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकीर सुनी कसुर ठहर भएका प्रतिवादीहरूलाई के कति सजाय निर्धारण गर्नु पर्ने हो ? भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी संजयकुमार साहले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ दफा ४(क), सोही ऐनको (पहिलो संशोधन) २०६८ को दफा ४(घ) र (ठ), उक्त ऐनको (दोस्रो संशोधन) २०७० को दफा २ को खण्ड (श) बमोजिम अनूसूचीमा उल्लिखित हातहतियार, भ्रष्टाचार र ज्यान लिनेलगायतका सम्बद्ध कसुर गरी गैरकानूनी रूपमा आर्जन गरेको स्कुल१४,२५,०१७१६।३६ बराबरको चल अचल सम्पत्ति शुद्धीकरण गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को दफा ३(१), ४(क), २८, उक्त ऐनमा भएको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ), (ठ), २८ , र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन २०६४ को (दोस्रो शंसोधन) २०७० को दफा ३(१), ३(३) र २८(१) को कसुर गरेको ठहर भएको छ । अन्य प्रतिवादीहरू रंगिलादेवी साहले स्कुल ३,२४,७३४१९।५४, प्रतिवादी साधु साह सुडिले रु.४,४०,६७८१०।- प्रतिवादी रामकुमार साहले रु.७५,१६,८५०।- प्रतिवादी ओमप्रकाश यादवले रु.६,६५,०००।-, प्रतिवादी राममिलन राउत कुर्मीले रु.३१,००,०००।- प्रतिवादी सुजितकुमार पाण्डेले रु.२,२०,३६०।- बिगो बराबरको चल अचल सम्पत्ति शुद्धीकरण गर्न मुख्य प्रतिवादी संजयकुमार साहलाई मद्दत सघाउ गरी सोही ऐनको दफा ३(२) को कसुर गरेको ठहर भएको छ।

३. प्रस्तुत कसुरको शृङ्खला सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ आउनु पूर्वबाटै प्रारम्भ भएको देखिए तापनि ऐन जारी भएको मिति २०६४।१०।१४ अगावै प्रतिवादीले आर्जन गरेको सम्पत्तिको हकमा यो ऐनको प्रायोग गरी कसुर कायम गर्न नमिल्ने सम्बन्धमा कसुर ठहर खण्डको प्रकरण ३४, ३५, ३६ मा विवेचना गरिएको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा पहिलो संशोधन २०६८ र दोस्रो संशोधन २०७० ले सम्पत्ति शुद्धीकरणको कसुर र सजायमा केही संशोधन गरेको देखिए तापनि हातहतियार खरखजाना, ज्यान,

भ्रष्टाचारसमेतका कसुरलाई सम्बध्द कसुरको रूपमा मान्दै गैरकानूनी स्रोत (illicit origin) बाट आर्जन गरेको सम्पत्तिलाई कानूनी रूपमा आर्जन गरेको सम्पत्तिको रूपमा भोगचलन धारण, प्रयोग, उपयोग, उपभोग, रुपान्तरण, स्थानान्तरण गर्ने, लुकाउने सो को लागि कसैलाई मदत गर्नेलगातका काम क्रियालाई सम्पत्ति शुद्धीकरणको कसुरको रूपमा लिने र आफूसँग रहेको सम्पत्तिको कानूनी स्रोत प्रतिवादीले खुलाउनु पर्ने भन्ने कानूनी व्यवस्थालाई ऐनमा गरिएको संशोधित व्यवस्थालेसमेत निरन्तरता दिएको देखिँदा प्रतिवादीहरूलाई ठहर भएको कसुरबापत सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (दोस्रो संशोधन) २०७० मा भएको कानूनी व्यवस्थाबमोजिम सजाय गर्न उपयुक्त र न्यायोचित हुने देखिन्छ । सो मुताविक प्रतिवादी संजयकुमार साहलाई सोही ऐनको दफा ३०(१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसुरको गाम्भिर्यता हेरी दुई वर्षदेखि दस वर्षसम्म, अन्य प्रतिवादीहरूलाई दफा ३०(२) बमोजिम दफा ३०(१) अनुसार मुख्य प्रतिवादी संजयकुमार साहलाई हुने सजायको आधा सजाय हुने देखिन आयो । प्रतिवादीहरूलाई हुने जरिवाना सजायको अङ्क निश्चित भएपनि कैद सजायको हकमा तल्लो र माथिल्लो हद ऐनले तोकेको सन्दर्भमा प्रतिवादीहरूलाई के, कति कैद सजाय निर्धारण गर्न न्यायोचित हुन्छ ? न्यायिक विवेचना गर्नु पर्ने भएको छ ।

४. न्यायकर्ताले कसुरमा दोषी ठहर भएको प्रतिवादीहरू उपर सजाय निर्धारण गर्दा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४ र १५ मा भएको कानूनी व्यवस्थासमेतलाई अबलम्वन गर्नु पर्ने भनी सर्वोच्च अदालतबाट जारी भएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको सजाय निर्धारणसम्बन्धी सामान्य मार्गदर्शनमा उल्लेख भएको छ । कसुरदारलाई सजाय निर्धारण गर्दा कसुरदार वा अन्य व्यक्तिलाई हतोत्साही गर्ने, समाज वा समुदायलाई सुरक्षा गर्ने, कसुरदारलाई समाजबाट अलग राख्नेलगायतका सजायको उद्देश्यलाई विचार गर्नुपर्ने उक्त ऐनको दफा १३ मा रेहेको छ । त्यस्तै कसुरको गम्भिरता र कसुरदारको दोषको मात्राअनुसार सजाय समानुपातिकभन्दा बढी हुन नहुने, सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुनेभन्दा चर्को सजाय हुन नहुनेलगायतका कुराहरूलाई समेत सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने व्यवस्था सोही ऐनको दफा १४ मा भएको पाइन्छ । ऐ. ऐनको दफा १५ बमोजिम कसुरको गम्भीरता र कसुरको दोषको मात्रा, कसुर गर्दाको परिस्थिति, कसुरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरू, कसुरदारको आचरण र विगतको क्रियाकलाप जस्ता आधारहरूलाई सजाय निर्धारण गर्नेक्रममा विचार गर्नु पर्ने हुन्छ । त्यस्तै कैद सजायको आधार विन्दु, कसुरदारलाई हुन सक्ने सजायको दायरा (Range) अर्थात् माथिल्लो र तल्लो हदको व्यवस्थालाई मध्यनजर गरी कसुरको गम्भीरता, कसुरदारको दोषिपना (Culpability), तथा कसुरबाट

पुगेको क्षति तथा कसुरबाट भएको वा हुन सक्ने जोखिम (Risk) समेतको आधारमा कसुरदारलाई हुने सजाय निर्धारण गर्नुपर्ने व्यवस्थासमेत उक्त सामान्य मार्गदर्शनमा उल्लेख छ ।

५. यी प्रतिवादी संजयकुमार साहले सम्पत्ति शुद्धीकरण गरेको सम्पत्तिको बिगो रु.१४,२५,०१७१६।३६ रहेको छ । माथी उद्धृत दफा ३०(१) बमोजिम निजलाई जरिवानाको हकम बिगोको दोब्बर र कैदको हकमा न्यूनतम दुई वर्षदेखि बढीमा दश वर्षसम्म कैद सजाय गर्न सकिने तजविजी अधिकार न्यायकर्तालाई कानूनले प्रदान गरेको छ । उक्त तजविजी अधिकार प्रयोग गर्दा माथि प्रकरण ३ मा उल्लेख भएको कानूनी व्यवस्थालाई मध्यनजर गर्नुपर्ने हुन्छ । सो मुताविक यी प्रतिवादीले सम्पत्ति शुद्धीकरण गरेको सम्पत्तिको बिगोको मात्रा, निजको आपराधिक पृष्ठभूमि अर्थात हातहतियार, कर्तव्य ज्यान र भ्रष्टाचार मुद्दामा दोषी ठहर भई कैद सजाय भएको अवस्था, प्रतिनिधि सभाको संसद एवम् भौतिक योजना तथा निर्माण राज्यमन्त्री जस्तो जवाफ देहिताको सार्वजनिक पदमा रही पद र शक्तिको दुरुपयोग गरी कसुर गरेको देखिएको तथ्यगत अवस्थासमेतलाई विचार गर्दा प्रतिवादी संजयकुमार साहलाई पाँच वर्ष कैद सजाय गर्दा निजले गरेको कसुर र सो कसुर गरेवापत हुने सजाय बिच सन्तुलन कायम भई न्यायको मकसद पूरा हुने देखिँदा निजलाई सोहीबमोजिम र रामकुमार साहबाहेकका अन्य प्रतिवादीहरू मुख्य प्रतिवादी संजयकुमार साहलाई हुने सजायको आधा कैद सजाय निर्धारण गर्न एवम् सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ (दोस्रो संशोधन) २०७० को दफा २८(२) र दफा ३४(१) (क) बमोजिम सम्पत्ति शुद्धीकरण गरेको प्रतिवादीहरूको नाममा रहेको सोबाट बढेबढाएको तालिका न. ३ मा उल्लिखित चल अचल सम्पत्ति जफत गर्नु पर्ने देखिन्छ ।

६. तसर्थः प्रतिवादी संजयकुमार साहलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१), ४(क), २८, सोही ऐनको (पहिलो संशोधन) २०६८ को दफा ३(१), ४(घ), (ठ) तथा दफा २८ एवम् सोही ऐनको (दोस्रो संशोधन) २०७० को दफा ३(१), ३(३) र दफा २८(१) को कसुरमा सोही ऐनको दफा ३०(१) बमोजिम पाँच वर्ष कैद र सम्पत्ति शुद्धीकरण गरेको सम्पत्तिको बिगो रु.१४,२५,०१७१६।३६ को दोब्बर रु.२८,५०,०३४३३।७२ जरिवाना भई निजको नाममा र अन्य प्रतिवादीहरू रंगिलादेवी साह (नाबालक छोराहरू चैतन्यराज साह, प्रेमराज साहसमेतको), साधु साह सुडी, राम कुमार साह, ओमप्रकाश यादव, राममिलन राउत कुर्मी र सुजितकुमार पाण्डेको नाममा रहेको र सोबाट बढे बढाएको तालिका न. ३ मा उल्लेख भएका चल अचल सम्पत्ति सोही ऐनको दफा २८(२) र ३४(१) (क) बमोजिम जफत हुने ठहर्छ।

७. अन्य प्रतिवादीहरू रंगिलादेवी साह, साधु साह सुडी, ओमप्रकाश यादव, रामकुमार साह, राममिलन राउत कुर्मी, सुजितकुमार पाण्डेलाई सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ (दोस्रो संशोधन)

२०७० को दफा ३(२)को कसुरमा प्रतिवादीमध्येका रंगिलादेवि साह, साधु साह सुडी, ओमप्रकाश यादव, राममिलन राउत कुर्मी र सुजितकुमार पाण्डेलाई सोही ऐनको दफा ३०(२) बमोजिम मुख्य प्रतिवादी संजयकुमार साहलाई भएको पाँच वर्ष कैदको आधा जनही दुईवर्ष छमहिना कैद सजाय हुने ठहर्छ ।

८. प्रतिवादी रामकुमार साहको हकमा विचार गर्दा निजको जन्म मितिः २०४५।८।३ रहेको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको देखिन्छ । सो मुताविक मिथिला मनी ट्रान्सफर दर्ता भएको समयमा प्रतिवादीको उमेर १७ वर्ष ४ महीना १८ दिन अर्थात् १७ वर्ष पुगी १८ वर्ष ननाघेको नाबालिग देखिँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) एवम् फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम अन्य प्रतिवादीहरू रंगिलादेवी साहसमेतलाई भएको कैद सजाय २ वर्ष ६ महिनाको दुई तिहाईले हुने १ वर्ष ८ महीना कैद सजाय हुने ठहर्छ ।

९. सम्पत्ति शुद्धीकरण ऐन, २०६४ (दोस्रो संशोधन) २०७० को दफा ३०(२) बमोजिम प्रतिवादीहरू रंगिलादेवी साह, साधु साह सुडी, रामकुमार साह, राममिलन कुर्मी, ओमप्रकाश यादव र सुजितकुमार पाण्डेलाई जरिवाना सजाय पनि गर्नु पर्छ की भन्नलाई मुख्य प्रतिवादी संजयकुमार साहले निजहरूको नाममासमेत सम्पत्ति लुकाई निजहरूले सम्पत्ति शुद्धीकरण गरी धारण गरेको सम्पत्तिहरूको बिगोसमेतको आधारमा प्रतिवादी संजयकुमार साहलाई उक्त ऐनको दफा ३०(१) बमोजिम बिगो रु.१४,२५,०१,७१६।३६ को दोब्बर जरिवाना भईसकेको एवम् निजहरूको नाममा रहेको सम्पत्तिहरू समेत जफत हुने भएकोले निजहरूलाई जरिवाना गरिरहन परेन ।

सदस्य **सदस्य** **सदस्य**

इजलास अधिकृतः बालकृष्ण लबजू

इति संवत २०७६ साल फागुन २९ गते रोज ५ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्ति सिंह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्र बहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नं. ०७५-CR-००८९

निर्णय नं. २३

फैसला मिति : २०७६।७।२१

मुद्दा : गलत लिखत एवम् गलत कागजातहरूमा श्रम स्वीकृती प्रदान गरी भ्रष्टाचार गरेको ।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत शिवराज बस्नेतको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं. ६ विरेन्द्रनगरमा कार्यरत उपसचिव हरिप्रसाद देवकोटासमेत

- **राहदानीको बारकोडमा पेस गरेको कागजात र अनलाइन पठाएको डिजिटल डकुमेन्टको बेहोरासँग भिडाई, रुजु नगरी, श्रम स्वीकृती प्रदान गर्दा देखिन आएको त्रुटीजन्य कार्यलाई लाभ लिई नेपाल सरकारलाई र कुनै व्यक्तिलाई हानी पुऱ्याउने वदनियतले लिखत तयार गरेको अर्थ र व्याख्या गर्न नमिल्ने ।**

(प्रकरण नं.१०)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री देवेन्द्रराज आचार्य

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री कृष्णप्रसाद सापकोटा, श्री खगेन्द्र अधिकारी, श्री मोतिराज गौतम, श्री प्रभात अधिकारी, विद्वान् अधिवक्ताहरू श्री गोविन्द शर्मा वन्दी, श्री अर्जुनकुमार अर्याल, श्री कलमबहादुर खत्री, श्री वासुदेव रिजाल, श्री सुवास आचार्य, श्री गणेशविक्रम कार्की, श्री राधेश्याम घिमिरे र श्री पुष्पराज उप्रेती

अवलम्बित नजिर :

- नेकाप २०४६, अङ्क ११, पृष्ठ ६७७, नि.न. ३९८६

- नेकाप २०५४, अङ्क १०, पृष्ठ १०६५, नि. न. ६४४८
- नेकाप २०७३, अङ्क ३, पृष्ठ ३२

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- भ्रष्टाचार निवारण ऐन, २०५९
- वैदेशिक रोजगार ऐन, २०६४

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा देहायको प्रश्नहरू उपर न्याय निरूपण गर्नुपर्ने देखिन आयो ।
   - व्यक्तिगत प्रयासमा वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई श्रम स्वीकृती प्रदान गर्दा के कस्तो प्रक्रियाको अवलम्वन गर्नु पर्दछ ?
   - उल्लिखित श्रम स्वीकृती प्रदान गर्दा श्रम कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको कानूनी दायित्व एवम् जिम्मेवारी के कस्तो हुन्छ ? उक्त जिम्मेवारी र दायित्व प्रतिवादीहरूले निर्वाह गरेको देखिन्छ देखिँदैन ?
   - प्रतिवादीहरूले आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा २२ को रूप गरेको हो होइन ?
   - प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय हुन सक्ने हो होइन ?

२. पहिलो प्रश्न उपर विचार गर्दा, वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकहरूलाई व्यक्तिगत श्रम स्वीकृती प्रदान गर्ने सम्बन्धमा वैदेशिक रोजगार विभागको आन्तरिक कार्य सन्चालन निर्देशिका, २०६६ को दफा २२ ले आवश्यक व्यवस्था गरेको पाइन्छ । उक्त दफामा उल्लेख भएअनुसार व्यक्तिगत श्रम स्वीकृती प्रदान गर्दा दरखास्त फाराम, भिसाको प्रतिलिपि, राहदानीको प्रतिलिपि, विदेशमा गर्नुपर्ने कामको प्रकृति खुलेको कागजातको प्रतिलिपि, रोजगारी दिने संस्थाले दिएको स्वीकृती पत्र र रोजगारका शर्त तथा सुविधाहरू स्पष्ट उल्लेख भएको सम्झौताको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र, अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र, बीमा गरेको प्रमाणित कागज, वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरेको रसिद र दरखास्तको ढाँचामा तोकिएको अन्य कागजातहरू आवश्यक पर्ने व्यवस्था गरेको छ। त्यस्तै वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालयको च.न. १००३, मितिः २०७४।७।२१ को पत्रले माथि उल्लिखित कागजपत्रको सक्कल प्रतिसमेत हेरी उक्त सक्कल कागजपत्र सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने एवम् अनलाईन मार्फत प्राप्त हुनआएका कागजातहरू सर्भरमा सुरक्षित रहने भन्ने व्यवस्था गरेको पाईन्छ ।

३. वैदेशिक रोजगार ऐन, २०६४ ले श्रम स्वीकृती प्रदान गर्दा संलग्न कागजातहरूमा उल्लेख भएको कम्पनी र कामको प्रकृति फरक पर्ने गरी श्रम स्वीकृत गर्न बन्देज लगाएको पाइन्छ । माथि प्रकण ५ मा उद्धृत वैदेशिक रोजगार विभाग काठमाडौँ कार्यालयको च.न. १००३ मितिः २०७४।७।२१ को पत्रले कुवेत मुलुकमा जान चाहने महिलाहरूलाई श्रम स्वीकृति दिँदा नयाँ, नवीकरण र वैधानिकीकरण प्रक्रियामार्फत् दिइने र यसरी श्रम स्वीकृती दिँदा तोकिएको ढाँचाको निवेदन, Category खुलेको VISA, राहदानीको सक्कल/नक्कल, बिमा गरेको कागजलगायतका तोकिएबमोजिमका कागजातहरू संलग्न गरी पेस गरेको हुनुपर्ने व्यवस्था गरेको पाइन्छ ।

४. दोस्रो पक्ष उपर विचार गर्दा, विकास थापा र राजीवकुमार पन्जियार बाहेकका अन्य प्रतिवादीहरू अमर महरा, चक्रबहादुर पराजुली, डम्बर बहादुर विश्वकर्मा, धनवीर सिंह भाट, राजकुमार साही (कम्प्युटर अपरेटर), केशवराज ढुङ्गाना (टाईपिष्ट नायव सुब्बा), अमरराज जोशी, विष्णुहरि निरौला, दिलबहादुर खत्री, हेमराज पाण्डे, कर्णबहादुर नेपाली, केदार घिमिरे, मदन गिरी, खगेन्द्र पोखेल, लक्ष्मीदेवी भुषाल, नगेन्द्र प्रसाद गौतम, रविन्द्र घिमिरे, रघुनाथ के.सी., योगेन्द्र खत्री (नायव सुब्बा), हरिप्रसाद देवकोटा, दीपककुमार आचार्य, गणेश विक्रम शाह, दिनेशकुमार राई, पवित्रा श्रेष्ठ र रामप्रसाद ओली (शाखा अधिकृत) पदमा वैदेशिक रोजगार विभाग, काठमाडौँ कार्यालय ताहाचलमा कार्यरत रही निजहरूले मितिः 25 August 2017 – 25 October 2017 सम्ममा ४१८ जना महिलाहरूलाई व्यक्तिगत श्रम स्वीकृती प्रदान गरेको देखिन्छ ।

५. व्यक्तिगत श्रम स्वीकृतिको लागि आवश्यक कागजातसहित online मार्फत सक्कल कागजातहरू scan गरी पेस हुन आएका कागजातहरूलाई आवेदकले उपस्थित भई पेस गरेका कागजातहरूसँग कम्प्युटर अपरेटरले Verify गरी नायव सुब्बालाई Transfer गर्नु पर्दछ र नायव सुब्बाले पनि Verify गरी ठीक नभए Reject गर्ने र Ok भए शाखा अधिकृतलाई Send गर्नु पर्दछ । शाखा अधिकृतले प्राप्त हुन आएका आवेदकको Documents हेरि नमिलेको वा कागजात अपुग भएको, रीत नपुगेको देखिएमा Reject गर्नु पर्दछ । ठीक देखिए मात्र Ok click गरी श्रम स्वीकृति गरी आवेदकलाई श्रम स्वीकृतिको स्टीकर प्रदान गर्नु पर्दछ । त्यस्तै आवेदकले Online मार्फत् सक्कल कागजातहरूको Scan गरी Upload गरी पठाउनुपर्छ । Photocopy बाट Scan गरी Upload गरी पठाएका कागजात मान्य हुँदैनन् । यस्ता Documents लाई जाँचबुझ गर्ने कर्मचारीले Reject गरिदिनु पर्दछ । सम्बन्धित मुलुकको भिसा प्राप्त नगरेका, प्राप्त भिषामा वहाल अवधी समाप्त भएका, सच्याएको तथा आफू अनुकुल बनाएका नक्कली भिसालगायतका गलत कागजातहरूलाई आधार मानी श्रम स्वीकृती प्रदान गर्न मिल्दैन ।

६. प्रस्तुत मुद्दाको मिसिल संलग्न आरोपपत्रको पृष्ठ ३० देखि १२८ मा उल्लेख भएअनुसार कुवेतमा रोजगारीको लागि जान पुनःनवीकरण श्रम स्वीकृतीका लागि Online आवेदन दिने फूलमाया

तामाङसमेत १८४ जनालाई श्रम स्वीकृति प्रदान गर्दा आवेदकहरूले Digital Scan गरी पठाएका Documents लाई आवेदकहरूको सक्कल राहदानी कागजातसँग भिडाई परस्परमा मिले नमिलेको यकीन गरी श्रम स्वीकृती प्रदान गर्नुपर्ने कर्तव्य र जिम्मेवारी प्रतिवादीहरूको रहेकोमा उक्त कागजातहरूलाई राम्रोसँग नभिडाई डिजिटल स्क्यान कपि तथा प्रिन्ट प्रमाणित कागजातहरूमा Visa Expiry Date फरक परेको (जस्तोः 2016-12-6 लाई 2018-12-6 बनाइएको) Visa मा उल्लेख भएको, पेशामा फरक परेको (जस्तोः Housemaid लाई cleaning Worker बनाइएको), राहदानीका पेजहरू सक्कलै स्क्यान गरिएका डिजिटल कपीहरू देखिए पनि भिसा कागज भने फोटोकपीबाट स्क्यान गरेको देखिएको, भिसानै प्राप्त नगरेको व्यक्तिलाई गलत विवरण उल्लेख गरी श्रम स्वीकृति प्रदान गरिएको, Entry Visa को रूपमा पेस गरेको पेपर भिसामा नाम, जन्ममिति र राहदानी नम्बर लगायत राहदानीको वहाल अवधिसमेत सच्याएको देखिएको, राहदानीको बारकोडमा भएको बेहोराअध्ययन नगरी यथार्थ विवरण फरक पारी श्रम स्वीकृति प्रदान गरेको देखिन आएको छ ।

७. फूलमाया तामाङसमेतका १८४ जना महिलाहरूलाई श्रम स्वीकृति प्रदान गर्नमा माथि प्रकरणमा उल्लिखित हरिप्रसाद देवकोटासमेतका प्रतिवादीहरूको संलग्नता रहेकोमा प्रतिवादीहरूले मौकामा र अदालतसमक्ष बयान गर्दा स्वीकार गरेको देखिन आउँछ । "श्रम स्वीकृति दिन नमिल्ने गलत कागजातहरूमा श्रम स्वीकृति प्रदान गरेको देखिए पनि बारकोड अध्ययन गर्ने प्राविधिक ज्ञानको अभावमा एवम् हतारमा त्यस्तो कार्य हुन गएको हो । कुनै आर्थिक प्रलोभन तथा गलत मनशायले आवेदकबाट पेस भएका कागजातहरूलाई श्रम स्वीकृतिको लागि Process, Verify र Approve गरेको होइन" भन्ने बेहोराको बयान प्रतिवादीहरूको रहेको देखिन्छ । यसबाट प्रतिवादीहरूले श्रम स्वीकृति प्रदान गर्ने क्रममा प्रचलित कानून, नियम र निर्देशिकाले निर्दिष्ट गरेको कर्तव्य र जिम्मेवारी वहन नगरी आवेदकहरूले अनलाईनबाट श्रम स्वीकृतिको लागि पेस गरेको दरखास्त साथ संलग्न गरेको डिजिटल डकुमेन्ट र आवेदकहरूको साथमा रहेको सक्कल कागजात परस्परमा भिडाई रुजु नगरी सक्कल कागजातमा भएको बेहोरासँग फरक पारी श्रम स्वीकृति प्रदान गरेकोमा विवाद देखिएन ।

८. अब प्रतिवादीहरूबाट भएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र २२ अन्तर्गतको रूप हो होइन ? भन्ने तेस्रो पश्नउपर विचार गर्दा, भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ मा "कुनै लिखत तयार गर्ने कर्तव्य भएको कुनै राष्ट्रसेवकले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानी पुऱ्याउने नियतले त्यस्तो कुनै लिखत तयार गरेमा निजलाई रूपको मात्राअनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ भने ऐ. ऐनको दफा २२ मा "यस ऐनमा अन्यत्र छुटै व्यवस्था भएकोमा बाहेक यस ऐनअन्तर्गत सजाय हुने कुनै रूपको मतियारलाई त्यस्तो रूप गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय

हुनेछ। तर रूप गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो रूप गरेबापत नगदी, जिन्सी, वा अन्य कुनै सुविधा वा लाभ उपलव्ध गराईदिने वा आफूले लिने मतियारलाई रूप गर्ने व्यक्ति सरह नै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । उल्लिखित कानूनी व्यवस्थाअनुसारको रूप स्थापित हुन देहायबमोजिमको कार्य भएको पुष्टि हुनु पर्दछ।

- राष्ट्रसेवकलाई कुनै लिखत तयार गर्ने कानूनी कर्तव्य भएको हुनुपर्ने,
- त्यस्तो लिखत बदनियत पूर्वक तयार गरेको हुनुपर्ने,
- त्यसबाट नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानी पुगेको हुनुपर्ने,
- सो रूप गरेबापत राष्ट्रसेवक प्रतिवादीलाई नगदी, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलव्ध गराएको वा आफूले लिएको हुनुपर्ने ।

९. प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रतिवादीहरूको बयान, वैदेशिक रोजगार ऐन, २०६४, नियमावली २०६४, आन्तरिक कार्य सन्चालन निर्देशिका, २०६६ मा भएको व्यक्तिगत श्रम स्वीकृती प्रदान गर्ने सम्बन्धमा भएको प्रक्रियासमेतको अध्ययन गर्दा व्यक्तिगत श्रम स्वीकृतिका लागि आवेदन दिने व्यक्तिले भिसा, राहदानी, कामको प्रकृति खुलेको कागज, रोजगारदाता कम्पनीको स्वीकृतिपत्र र सम्झौतापत्र, निरोगिताको प्रमाणपत्र, तालिम लिएको प्रमाणपत्र, बिमाको कागजको स्क्यान गरी दरखास्त साथ संलग्न गरी अनलाईन दरखास्त श्रम कार्यालयमा पठाउने, यसरी अनलाईनबाट प्राप्त डिजिटल डकुमेन्ट र आवेदकसँग रहेको सक्कल कागजात परस्परमा भिडाई रुजु गरी आवश्यक पर्ने कागजात दुरुस्त भए नभएको, आवेदकको सक्कल राहदानीलगायतका कागजातको व्यहोरा र आवेदकले अनलाईन पेस गरको डिजिटल डकुमेन्टमा उल्लेखित बेहोरा एकआपसमा मिलेनमिलेको जाँच गरी मिले भिडेको देखिएमा र आवश्यक पर्ने सम्पूर्ण कागजातहरू रहे भएको देखिएमा कम्प्युटर अपरेटरले नायव सुब्बासमक्ष पेस गर्ने कागजातहरू रीतपूर्वकको नदेखिए रिजेक्ट गर्ने, नायव सुब्बाले पनि आवश्यक जाँचबुझ गरी कागजातहरू रीतपूर्वक देखिए शाखा अधिकृतसमक्ष पेस गर्ने नदेखिए रिजेक्ट (Reject) गर्ने, नायव सुब्बाले चेक जाँच गरी पेस गरेका कागजातहरू हेरी जाँच गरी नियम र रीतपूर्वक देखिएमा एप्रुभ (Approve) गरी श्रम स्वीकृति प्रदान गर्ने गरी आवेदकलाई श्रम स्वीकृतिको स्टिकर दिनुपर्ने र रीतपूर्वक नदेखिए रिजेक्ट (Reject) गर्ने प्रतिवादीहरूको कर्तव्य एवम् दायित्व रहेको देखिन्छ ।

१०. प्रतिवादीहरू उपरको आरोपदाबीको रूप पुष्टि हुन आवेदकहरूले श्रम स्वीकृतीका लागि अनलाईन दरखास्तसाथ पेस गरेका कागजातहरू तयार गर्ने वा पेस गर्ने कार्यमा प्रतिवादीहरूको परोक्ष वा अपरोक्ष संलग्नता रहेको वस्तुनिष्ठ प्रमाणबाट देखिनु पर्दछ। आवेदकहरूसँग यी प्रतिवादीहरूले परस्परमा मिलेमतो गरी नेपाल सरकारलाई र कुनै व्यक्तिलाई गैरकानूनी हानी पुऱ्याउने बदनियत

चिताई सक्कल लिखतमा रहेको बेहोरा फरक पारी गलत लिखत तयार गरी सोही गलत लिखतको आधारमा श्रम स्वीकृति प्रदान गरेको भन्ने अनुसन्धानको क्रममा सङ्कलित कुनै पनि प्रमाणबाट पुष्टी हुन सकेको देखिँदैन। मिसिल संलग्न आवेदकहरूले अनलाईनबाट पेस गरेका डिजिटल डकुमेन्ट र उक्त डिजिटल डकुमेन्टसँग रजु गर्ने प्रयोजनको लागि आवेदकहरू स्वयं उपस्थित भई पेस गरेको सक्कल राहदानीलगायतका कागजातहरूको प्रमाणित प्रिन्टप्रति हेर्दा आवेकहरूले स्वयं उपस्थित भई रुजु चेक जाँचको लागि श्रम कार्यालयका कर्मचारी प्रतिवादीहरू समक्ष पेस गरेको कागजातको (राहदानीको) बारकोड भन्दा माथि उल्लिखित विवरण र अनलाईन पठाएको डिजिटल डकुमेन्टमा उल्लिखित विवरण फरक नपरकोले श्रम स्वीकृति प्रदान गरेको देखिन आउँछ । तर राहदानीको बारकोडमा यथार्थ बेहोरा भएको देखिएकोमा सोतर्फ प्रतिवादीहरूको समुचित ध्यानदृष्टि पुग्न गएको देखिँदैन । बारकोडमा उल्लेखित बेहोरासँग भिडाई रुजु नगरी श्रम स्वीकृति प्रदान गर्दा देखिन आएको त्रुटीजन्य कार्यलाई प्रतिवादीहरूले लाभ लिई नेपाल सरकारलाई र कुनै व्यक्तिलाई हानी पुऱ्याउने वदनियतले लिखत तयार गरेको अर्थ र व्याख्या गर्न मिल्ने देखिदैन। श्रम स्वीकृति लिने फूलमाया तामाङलगायतका १८४ जना महिलाहरूको अनुसन्धानको क्रममा कागजसमेत हुन सकेको छैन । आरोपपत्रमा उल्लेख भए जस्तो निजहरूको श्रम स्वीकृति कागजात गलत भएकोले निजहरूको जीवन सुरक्षा जोखिममा परेको, निजहरू कुवेतमा अलपत्र परेको, निजहरू आर्थिक, शारीरिक र मानसिक शोषणमा परेको भन्ने कहिँ कतैबाट खुल्न आएको छैन भनें यस सम्बन्धमा कामदारहरूबाट स्पष्ट उजुरी परेको पनि मिसिलबाट देखिँदैन। श्रम स्वीकृति प्राप्त गर्ने मध्येकी फूलमाया तामाङले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष विकास थापासमेतले गैरकानूनी तवरले घुस रिसवत लिई श्रम स्वीकृति दिएकोले निजहरूलाई कारबाही गरी पाउँ भनी दिएको निवेदनउपर लाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मितिः२०७४/०८/०७ मा आवश्यक कारबाहीको लागि श्रम तथा रोजगार मन्त्रालयमा लेखी सम्बद्ध उजुरी तामेलीमा राख्ने निर्णयसमेत गरेको पुष्टि हुने उक्त आयोगको अनुसन्धान महाशाखाले प्रहरी महाशाखालाई लेखेको मितिः २०७४/०८/२५ को पत्रको छायाप्रति प्रतिवादीहरूको विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा इजलास समक्ष पेस गरेको देखियो । यसबाट प्रतिवादीहरूबाट श्रम स्वीकृति प्रदान गर्ने क्रममा भएको त्रुटीजन्य कार्यलाई आरोप दाबीको भ्रष्टाचारको रूप मान्न मिल्ने देखिएन।

११. प्रतिवादीहरूले गैरकानूनी लाभ लिई नेपाल सरकारलाई र कुनै व्यक्तिलाई हानी पुऱ्याउने बदनियत लिई मनसायपूर्वक आपराधिक कार्य (गलत लिखत तयार) गरेको भनी प्रतिवादीहरू विरुद्ध ठोस, वस्तुनिष्ठ र स्वतन्त्र प्रमाण पेस गरी वादी नेपाल सरकारले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आरोप दाबी पुष्टि गर्न सकेको देखिएन ।

१२. प्रस्तुत मुद्दासँग समान तथ्य रहेको पुनरावेदक वादी नेपाल सरकार वि. प्रतिवादी रामजीप्रसाद बरालसमेत भएको घुस रिसवत लिई दिई गलत कागजातहरूको आधारमा पूर्व तथा अन्तिम श्रम स्वीकृती लिने दिने काम गरी भ्रष्टाचार गरको भन्ने मुद्दामा (०७४-CR-१२९१, फैसला मितिः२०७५।११।२२, अप्रकाशित) बिभिन्न मेन पावर कम्पनीका सन्चालक एवम् श्रम प्रतिनिधि र कर्मचारीसमेत भई आफू सम्बद्ध म्यान पावर कम्पनीबाट वैदेशिक रोजगारमा कामदारहरू विदेश पठाउने क्रममा रोजगारदाता कम्पनीको नाम, रोजगारको प्रकृति, लट नं., कोड नं. फरक पारी निक प्रेसबाट नक्कली स्टिकर, कोडियन नं. छापी टाँसी आवश्यकतानुसार कोड, कोडियन नं.हरू र स्टिकरहरू उक्काई आफू अनुकुलको स्टिकर टाँसी वैदेशिक रोजगार विभागका विपक्षी प्रतिवादीहरूसँगको मिलेमतोमा घुस रिसवतको रकम कर्मचारीहरूलाई लिनु दिनु गरी जथाभावी ढङ्गले श्रम स्वीकृति लिने कार्य गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१), ३(२) र २२ बमोजिमको रूप गरेको भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेकोमा "वैदेशिक रोजगारमा नेपाली नागरिकलाई विदेश पठाउँदा कामदारको पूर्व स्वीकृति तथा श्रम स्वीकृति दिँदा भ्रष्टाचार भएको भन्ने आरोप दाबी रहेकोमा को कसले के कति रकम लिनु दिनु गरे सो कुरा पुष्टि भएको देखिँदैन । कोड, स्टिकरसमेत फरक परेको, नक्कली भएको वा कामदारको पाउने पारिश्रमिक सेवा शर्त तथा सुविधा घटबढ भएको वा कार्यक्षेत्र फरक परेको वा रोजगारदाता कम्पनी र मुलुक समेत फरक परेको सम्बन्धमा कामदारको तर्फबाट स्पष्ट उजुरी परेको भन्ने मिसिलबाट खुलेको छैन। जाँचबुझबाट वैदेशिक रोजगार ऐनको बर्खिलाप भएको देखिए सोबमोजिम कारबाही गर्न सम्बन्धित निकायलाई कानूनले अख्तियार दिएकै देखिन्छ । प्रतिवादीहरूले आरोपित रूपबाट सफाई पाउने ठहर्छ" भन्ने फैसला भएको छ ।

१३. त्यस्तै पुनरावेदक वादी नेपाल सरकार वि. प्रतिवादी कुमार श्रेष्ठसमेत भएको भ्रष्टाचार मुद्दामा (नेकाप २०७३, अङ्क ३, पृ. ३२, निर्णय मितिः २०७२।१०।०३) "कुनै लिखत तयार गर्ने कर्तव्य भएको कुनै राष्ट्रसेवकले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानी नोक्सानी पुऱ्याउने बदनियतले त्यस्तो कुनै लिखत तयार गरेको वा सरकारी निकाय वा सार्वजनिक संस्थामा भएको कागजात गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने कार्य गरेको नदेखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ प्रस्तुत मुद्दामा आकर्षित हुन नसक्ने" भन्ने न्यायिक सिद्धान्त प्रतिपादन भएको छ।

१४. पुनरावेदक प्रतिवादी विष्णुप्रसाद पराजुलीसमेत वि. वादी श्री ५ को सरकार भएको एक अर्को भ्रष्टाचार मुद्दामा (नेकाप २०५४, अङ्क १०, पृष्ठ १०६५, नि. न. ६४४८) सम्मानित सर्वोच्च अदालतबाट "भ्रष्टाचारको रूप प्रमाणित हुनका लागि मनसाय तत्त्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्यकारण भएको भन्ने प्रष्ट रूपमा देखिनुपर्ने हुन्छ । यी तत्त्वको अभावमा भएको क्रियालाई हानी

नोक्सानीको आधारबाट मात्र भ्रष्टाचार गरेको भनी ठहर गर्नु न्यायिक दृष्टिकोणले उपयुक्त हुने देखिँदैन" भन्ने सिद्धान्त प्रतिपादन भएको छ। त्यस्तै पुनरावेदक वादी श्री ५ को सरकार वि. प्रतिवादी ईश्वरीप्रसाद वैजु भएको भ्रष्टाचार मुद्दामा (नेकाप २०४६, अङ्क ११, पृष्ठ ६७७, नि.न. ३९८६) "फौजदारी मुद्दामा अपराध कायम हुनको लागि मनसायसहितको कार्य हुन अनिवार्य हुन्छ, लापरवाहीको अवस्थामा मनसायको विद्यमानता रहेको हुन्न । तसर्थ लापरवाहीबाट पनि भ्रष्टाचारको रूप हुन सक्छ भनी अर्थ गर्न नमिल्ने" भन्ने सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादन भएको देखिन्छ।

१५. अब प्रतिवादीहरूलाई आरोपदाबीबमोजिम सजाय हुने हो होइन भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा, माथि प्रकरणमा विवेचना भएको तथ्य प्रमाण, कानून एवम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको परिप्रेक्ष्यमा प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा २२ मा वर्णित रूप गरेको भन्ने आरोप दाबी वादी नेपाल सरकारले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम निश्चयात्मक र ठोस् प्रमाणबाट पुष्टी गर्न सकेको नदेखिँदा प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय गर्न मिलेन। तसर्थ प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग इजलास सहमत हुन सकेन ।

१६. अतः मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरूले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानी पुऱ्याउने बदनियतले लिखत तयार गरी गैरकानूनी लाभ लिई दिई आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को रूप गरेको पुष्टि हुन आएको नदेखिँदा प्रतिवादीहरूले आरोप दाबीबाट सफाई पाउने ठहर्छ । प्रतिवादीहरूले श्रम स्वीकृतीको लागि आवेदकहरूले online बाट पेस गरेको दर्खास्त संलग्न कागजात र आवेदकको साथमा रहेको उक्त कागजातहरूको सक्कल प्रति र सोमा उल्लेखित विवरणसँग रुजु गरी भिडाई श्रम स्वीकृति दिनुपर्नेमा वैदेशिक रोजगार ऐन,२०६४ सोको नियमावली, २०६४ र आन्तरिक कार्य संचालन निर्देशिका, २०६६ ले निर्दिष्ट गरेको कर्तव्य र जिम्मेवारी बहन नगरी आदवेदकहरूको सक्कल राहदानीको बारकोडमा उल्लेख भएको भिसाको Expiry date, जन्ममितिसमेतको बेहोराहरू फरक पारी कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरी श्रम स्वीकृति प्रदान गर्ने राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरूलाई निजामति सेवा ऐन, २०४९ र नियमावली, २०५० बमोजिम आवश्यक विभागीय कारबाहीको लागि सम्बन्धित अख्तियारवाला निकायमा लेखी पठाउनू।

सदस्य **सदस्य** **सदस्य**

इजलास अधिकृतः केशव पराजुली

इति संवत् २०७६ साल कार्तिक २१ गते रोज ५ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. १

मुद्दा नं. ०७४-CR-०१८८

निर्णय नं. ४०

फैसला मिति : २०७५।८।१७

मुद्दाः भ्रष्टाचार (झुठा विवरण पेस गरेको)

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालका अनुसन्धान अधिकृत बिष्णुदत्त अवस्थीको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : दिपेन्द्रकुमार पैकरासमेत

- **राष्ट्रसेवकको पद पाइसकेको व्यक्तिले सो ओहदामा बसेर नियमानुसार आर्जन गरेको बिरामी बिदा स्वीकृत गराउने उद्देश्यका साथ बेहोरा ढाँटेर अर्थात् बिरामी परेर आराम गर्न पर्ने अवस्थामा नभएको व्यक्तिले बिरामी परेको भन्ने बेहोराको प्रमाणपत्र बनाएर पेस गरी आफूले उपयोग गर्न पाउने र सेवा अवधिमा प्रयोग नगरेका खण्डमा प्रत्येक वर्ष पाक्ने बिरामी बिदा सञ्चित भएर सेवानिवृत्त भएपछि सोबापत सोही अवस्थाको तलब स्केलका आधारमा पाउन सक्ने रकम लिएकोलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) ले समेट्न खोजेको मान्न नमिल्ने ।**

(प्रकरण नं.२)

- **आफूले काम गरेर पकाएको बिरामी बिदाको रकम, जुन रकम बिदा बाँकी रहँदा सेवानिवृत्त भएपछि पनि आफैंले पाउने हो, त्यस्तो प्रकृतिको बिदा लिएको विषय सरकारी सम्पत्तिको हानी नोक्सानीअन्तर्गत पर्न नसक्ने ।**
- **बिदा स्वीकृत गराएर रीतपूर्वक बैङ्कमार्फत् भुक्तानी लिएको रकम सार्वजनिक सम्पत्तिको हानी-नोक्सानी मान्न नमिल्ने ।**

(प्रकरण नं.३)

- **एउटा राष्ट्रसेवक कर्मचारीले आफ्नो कर्तव्य, जिम्मेवारी र नैतिक आचरणको विचार आफैंले गर्नुपर्ने।**

(प्रकरण नं.५)

वादीका तर्फबाट : विद्वान् शाखा अधिकृत श्री विन्दुकुमारी धामी रावल
प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिप्रसाद उप्रेती र श्री कृष्णप्रसाद सापकोटा
सम्बद्ध कानून :

- भष्टाचार निवारण ऐन, २०५९

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेको हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो । अब निर्णयतर्फ विचार गर्दा, प्रतिवादी दिपेन्द्रकुमार पैकरा नेपाल स्वास्थ्य सेवामा सि.अ.हे.व. पदमा कार्यरत रहेको अवस्थामा आफू बिरामी भई उपचारको क्रममा रहेको भनी सिफारिस गराएर पटक पटक बिरामी बिदा स्वीकृत गराएर सोअवधिमा दक्षिण कोरियामा कार्यरत रहेका र त्यसरी बिरामी बिदा स्वीकृत भएको अवधिको तलब भत्ता बुझेर लिएको भन्ने कुरामा विवाद देखिएन । त्यसैगरी निज प्रतिवादी दिपेन्द्रकुमार पैकरा दक्षिण कोरियामा बसेर काम गरेको अवस्थामा निज बिरामी भएर आफू समक्ष स्वास्थ्य परीक्षण गराएका र निजलाई थप आराम गर्न आवश्यक देखिएको छ भन्ने बेहोराको सिफारिस अर्का प्रतिवादी लक्ष्मीप्रसाद मैनालीले गरिदिएको भन्ने कुरामा पनि विवाद देखिएन । प्रस्तुत मुद्दामा प्रतिवादी दिपेन्द्रकुमार पैकराका विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अन्तर्गतको कसुर गरेको भन्ने आरोप दाबी छ । निजले बिरामी बिदा स्वीकृत गराएर तलब भत्ता लिएको अवधिको सबै तलब भत्ताको रकमलाई सोही ऐनको दफा १७ बमोजिम नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको विगो बनाएर सोही ऐनको दफा ३ (१) र ३ (१) (घ) बमोजिम सजाय हुन माग दाबी लिइएको हुँदा उल्लिखित दफाहरूमा के कस्तो कानूनी व्यवस्था रहेछ भनी नियालेर हेर्न आवश्यक देखियो।

२. भष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुठा बिवरण दिएमा वा सोसम्बन्धी झुठा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्राअनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दस हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ" भन्ने व्यवस्था रहेको छ । उक्त दफाको समग्र बनोटको अध्ययन गर्दा राष्ट्रसेवकको पद पाइसकेको व्यक्तिले सो ओहदामा बसेर नियमानुसार आर्जन गरेको बिरामी बिदा स्वीकृत गराउने उद्देश्यका साथ बेहोरा ढाँटेर अर्थात् बिरामी परेर आराम गर्न पर्ने अवस्थामा नभएको व्यक्तिले बिरामी परेको

भन्ने बेहोराको प्रमाणपत्र बनाएर पेस गरी आफूले उपयोग गर्न पाउने र सेवा अवधिमा प्रयोग नगरेका खण्डमा प्रत्येक वर्ष पाक्ने बिरामी बिदा सञ्चित भएर सेवानिवृत्त भएपछि सो बापत सोही अवस्थाको तलब स्केलका आधारमा पाउन सक्ने रकम लिएकोलाई उक्त दफा १६ को उपदफा (१) ले समेट्न खोजेको मान्न मिल्ने देखिएन । प्रतिवादी दिपेन्द्रकुमार पैकराले पटक-पटक एउटै बेहोराको बिरामी परेर आराम गर्न आवश्यक छ भन्ने कुरा लेखिएको प्रमाणपत्र पेस गरेर बिदा माग गरेपछि बिदा स्वीकृत गर्ने अधिकारीले निज दिपेन्द्रकुमार पैकराको स्वास्थ्यका बारेमा चासो राखेर निजलाई आफूसमक्ष उपस्थित गराएर वा आफैं वा अरु कोही जिम्मेवार अधिकृत निज बिरामी कर्मचारीकहाँ पठाएर स्वास्थ्य स्थिति बुझ्नु पर्नेमा सो गरेको देखिएन । एउटा कर्मचारीले बिदा स्वीकृत गरिपाउँ भनेर सोको साथमा प्रमाण स्वरूप राखेको प्रमाणपत्रको बेहोरा ६/६ पटक समान किसिमको रहेको अवस्थामा पनि सोतर्फ केही विचार नगरी बिदा स्वीकृत गरेको देखिएको छ । बिदा स्वीकृत गर्ने अधिकारीले सो सम्बन्धमा ध्यान पुऱ्याएको देखिएन । आफ्नो सञ्चित बिदा स्वीकृत गरिपाउँ भनी निवेदन साथ पेस गरेको प्रमाणपत्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) ले परिकल्पना गरेको झुठा विवरणको कोटीमा राख्न मिल्ने देखिएन ।

३. त्यसैगरी, निज प्रतिवादी दिपेन्द्रकुमार पैकराका विरुद्ध सोही ऐनको दफा १७ अन्तर्गतको कसुर गरेको आरोप पनि लगाइएको छ । उक्त दफा १७ मा "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त दफा १७ को दफा शीर्षकमा नै "सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्नेलाई सजाय" भन्ने वाक्यांश प्रयुक्त भएको छ । आफूले काम गरेर पकाएको बिरामी बिदाको रकम, जुन रकम बिदा बाँकी रहँदा सेवानिवृत्त भएपछि पनि आफैंले पाउने हो, त्यस्तो प्रकृतिको बिदा लिएको विषय सरकारी सम्पत्तिको हानी नोक्सानीअन्तर्गत पर्न सक्ने देखिएन । बिरामी भएको झुठा प्रमाणपत्र लिएर थप आर्थिक सहायता लिएको विषय भए त्यसलाई अलग किसिमबाट हेर्नुपर्ने हुन सक्दथ्यो । प्रतिवादी दिपेन्द्रकुमार पैकराले आफू बिरामी भएको गलत प्रमाणपत्र बनाएर राज्यबाट थप आर्थिक सहायता लिएको विषय प्रस्तुत मुद्दामा उठेको छैन । बिदा स्वीकृत गराएर रीतपूर्वक बैङ्कमार्फत् भुक्तानी लिएको रकम सार्वजनिक सम्पत्तिको हानी-नोक्सानी मान्न मिल्ने देखिएन । स्वीकृत नहुनु पर्ने र नियमानुसार स्वीकृत हुन नसक्ने बिदा स्वीकृत भएर सो अवधिको भुक्तानी नै अनियमित देखिएमा निज प्रतिवादी दिपेन्द्रकुमार पैकराको स्वीकृत भएको बिदा रद्द गरी निजले भुक्तानी लिएको रकम फिर्ता लिन सकिने अवस्था पनि छ ।

यो विभागीय कारवाहीसँग सम्बन्धित विषय हो । यसरी प्रतिवादी दिपेन्द्रकुमार पैकराका विरुद्ध आरोप लगाएर कसुर कायम गर्न खोजिएका दफाहरू नै असम्बद्ध रहेको स्थितिमा सोही दफा १७ को कसुरका लागि सजाय निर्धारण गर्ने दफा ३ (१) र ३ (१) (घ) स्वतः आकर्षित नहुने हुँदा सोसम्बन्धमा थप विवेचना गर्नु पर्ने देखिएन ।

४. अर्का प्रतिवादी लक्ष्मीप्रसाद मैनालीका हकमा निजका विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) को कसुरमा मतियार भएको भन्ने आरोपमा सोही ऐनको दफा २२ बमोजिम सजाय हुन माग दाबी लिएको देखिन्छ । माथिका बिभिन्न प्रकरणमा विवेचना गरिएअनुसार मुख्य कसुरदार बनाइएका प्रतिवादी दिपेन्द्रकुमार पैकराको हकमा आरोप लागेको कसुर स्थापित हुन नसकेको अवस्थामा यी प्रतिवादी लक्ष्मीप्रसाद मैनालीलाई मतियार कायम गर्न मिल्ने अवस्था रहेन ।

५. प्रतिवादी दिपेन्द्रकुमार पैकरा नेपाल स्वास्थ्य सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारी भएको कुरामा विवाद छैन । एउटा राष्ट्रसेवक कर्मचारीले आफ्नो कर्तव्य, जिम्मेवारी र नैतिक आचरणको विचार आफैले गर्नु पर्दछ । त्यसैगरी अर्का प्रतिवादी लक्ष्मीप्रसाद मैनाली पनि नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता भएका जिम्मेवार चिकित्सक भएको भन्ने कुरामा विवाद छैन । यस्ता जिम्मेवार व्यक्तिहरूले मुलुकमा नै नरहेको व्यक्तिको स्वास्थ्य परीक्षण गरेको भनेर पटक-पटक अस्वस्थताको प्रमाणपत्र बनाइदिने, लिने र पेस गर्ने कार्य शोभनीय देखिएन । यस्ता कार्य पुनः नदोहोरियोस् भन्नाका लागि र प्रतिवादी दिपेन्द्रकुमार पैकराको हकमा विभागीय कारवाहीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा र अर्का प्रतिवादी डा.लक्ष्मीप्रसाद मैनालीको हकमा जानकारीसम्मका लागि नेपाल मेडिकल काउन्सिलमा फैसलाको प्रतिलिपि पठाउनु पर्ने देखियो ।

६. तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूले आरोप दाबीबमोजिम झुठा विवरण पेस गरी र सो कार्यको मतियार भई भ्रष्टाचार गरेको भन्ने कुरा पुष्टि हुन सकेको नदेखिएको हुँदा आरोप दाबी पुग्न सक्तैन । प्रतिवादीहरू दिपेन्द्रकुमार पैकरा र डा.लक्ष्मीप्रसाद मैनालीले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ।

सदस्य **अध्यक्ष**

इजलास अधिकृतः टीकाराम आचार्य

इति संवत २०७५ साल मंसिर १७ गते रोज २ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नं. ०७५-CR-०१६७

नि.नं. ३१

फैसला मिति : २०७६।८।८

मुद्दाः झुट्टा हवाई टिकट पेस गरी रकम भुक्तानी लिई भ्रष्टाचार गरेको।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत विश्वराज अधिकारीको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : नेपाल टेलिकम दुरसंञ्चार कार्यालय घोराही दाङका प्राविधिक अधिकृत पदमा कार्यरत अनिल कुमार आचार्यसमेत

- **भ्रमण खर्च नियमावली, २०६४ बमोजिम बुझाउनुपर्ने रकम निजहरूको नाममा बेरुजु कायम भई सरकारी बाँकी सरह रहेको अवस्थामा भ्रमण भत्ता बापत बढी रकम भुक्तानी लिए दिएको विषय भ्रष्टाचारको विषयवस्तु बन्न नसक्ने ।**

(प्रकरण नं.५)

- **भ्रमण खर्च नियमावली, २०६४ मा उल्लिखित कानूनी व्यवस्थाको मर्म र भावना अनुरूप जस्ताको तस्तै कार्यान्वयन गरिनु पर्नेतर्फ सम्बन्धित पदाधिकारी सजग रहनु पर्ने ।**

(प्रकरण नं.७)

वादीका तर्फबाट : विद्वान् शाखा अधिकृत श्री सन्जित गौतम

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री गोपालकृष्ण घिमिरे र श्री हरिप्रसाद उप्रेती, विद्वान् अधिवक्ता श्री सुरेशकुमार पौडेल

अवलम्बित नजिर :

- नेकाप २०७६, अङ्क ३, पृष्ठ ९, नि.नं. १०२०८

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा देहायका प्रश्न उपर न्याय निरूपण गर्नुपर्ने देखिन्छ ।
   - प्रतिवादीहरूले आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) बमोजिमको कसुर गरेका हुन् होइनन् ?
   - प्रतिवादीहरूलाई सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन सक्ने हो होइन ?

२. पहिलो प्रश्न उपर विचार गर्दा, प्रतिवादीहरूले हवाईजहाजबाट यात्रा नै नगरी यात्रा गरेको भनी झुठा टिकट बनाई कार्यालयमा पेस गरी रकम भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) अन्तर्गतको कसुर गरेको भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेको छ । सो ऐन को दफा ८(१) मा "कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले देहायका कुनै काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर गरिनेछ । बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र दस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ भन्ने र देहाय (ङ) मा झुठा बिल, भरपाई बनाई भुक्तानी लिने, दिने वा बिलको दोहोरो भुक्तानी लिने दिने" भन्ने कानूनी प्रावधान रहेको छ ।

३. प्रतिवादीहरू नेपाल टेलिकम दुरसंचार कार्यालय घोराहीका राष्ट्रसेवक कर्मचारी भएका र सरकारी कामको सिलसिलामा बिभिन्न स्थानमा भ्रमण गरेको भन्ने कुरामा विवाद देखिएन। राष्ट्रसेवक कर्मचारीहरू सरकारी कामको सिलसिलामा दैनिक तथा भ्रमण भत्ता बापत कानूनले निर्धारण गरेको दैनिक भत्ता र भ्रमण गरेको साधनको टिकट वा पैदल यात्रा गरेको भए दुरीको हिसाबबाट भत्ताबापत रकम पाउने भन्ने कुरामा पनि कुनै विवाद छैन। प्रस्तुत मुद्दाका प्रतिवादीहरूमध्ये प्रतिवादी अनिलकुमार आचार्यले ४३७८४३९ र ४४२१७१९ नं. को बुद्ध एयर प्रा.लि.को हवाई टिकटबाट नेपालगन्ज-काठमाडौँ, काठमाडौँ- नेपालगन्जको यात्रा गरेको भनी रु.२३,७८०।- बढी भुक्तानी लिएको, प्रतिवादी राजबहादुर सिंहले सोही प्रा.लि.को ४६५२१७० नं. समेतका पाँच बटा टिकटबाट नेपालगन्ज-काठमाडौँ, काठमाडौँ- नेपालगन्ज यात्रा गरेको भनी रु.१,०६,४९०।- बढी भुक्तानी लिएको, त्यस्तै प्रतिवादी विकलकुमार श्रेष्ठले यति एयरलाईन्सको ९९९२१००६३१९२१ नं. लगायत बिभिन्न पाँच ओटा हवाई टिकटबाट र बुद्ध एयर एयर प्रा.लि.को २४८७१०२ नं. लगायतका तीन ओटा टिकटबाट नेपालगन्ज-काठमाडौँ-नेपालगन्जको (परिवारसमेत ल्याएको) यात्रा

गरेको भनी रु.१,२१,७६५।- बढी भुक्तानी लिएको भन्ने बेहोरा नेपाल टेलिकम दुरसञ्चार कार्यालय घोराही, बुद्ध एयर प्रा.लि. र यति एयरलायन्स डोमेस्टिक प्रा.लि. को बिभिन्न मितिको पत्रबाट खुल्न आएको देखिन्छ। प्रतिवादीहरूले मौकामा र अदालतसमक्ष सो तथ्य बेहोरालाई स्वीकार गरी भुक्तानी लिएको उक्त रकम बेरुजु हुने थाहा पाएपछि प्रतिवादी अनिलकुमार आचार्यले मितिः२०७४।३।२२ मा प्रतिवादी राजबहादुर सिंहले मितिः२०७४।३।२७ मा र प्रतिवादी विकलकुमार आचार्यले मितिः२०७४।३।२१ मा जनता विकास बैंकमा रहेको कार्यालयको राजश्व खाता नं. ०३६३०१००५०५३००१ मा जम्मा गरेको देखिन्छ ।

४. राष्ट्रसेवक कर्मचारीहरूले सरकारी कामको सिलसिलामा भ्रमण गर्दा पेस्की लिने, त्यस्तो पेस्की रकम फछ्यौंट गर्ने र नक्कली कागजात पेस गरेर भुक्तानी लिए दिएमा त्यस्तो प्रक्रियाबाट बढी भुक्तानी लिएको रकम फिर्ता गर्ने सम्बन्धमा भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा निम्नानुसारको व्यवस्था भएको पाइन्छ । (१) यस नियमावलीबमोजिम पाउने सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुठा विवरण पेस गरी भुक्तानी लिएको ठहरेमा झुठा विवरण पेस गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलबबाट कट्टा गरी लिइनेछ र निजलाई कारबाहीसमेत गरिनेछ । (२) उपनियम (१) बमोजिम कट्टा नगरेमा त्यस्तो कट्टा नगर्ने पदाधिकारी वा कर्मचारीको तलबबाट असुल उपर गर्नुपर्नेछ र निजलाई विभागीय कारबाहीसमेत गर्न सकिनेछ । (३) उपनियम (१) र (२) बमोजिम त्यस्तो रकम असुलउपर हुन नसकेमा सो रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

५. यसरी झुठा विवरण पेस गरेर भुक्तानी लिन सक्ने अवस्थाको नियमावलीमा नै परिकल्पना गरिएको स्थितिमा प्रतिवादीले झुठा विवरण पेस गरेर हवाइ भाडाबापतको रकम भुक्तानी लिएको भन्ने विषयमा पनि अवस्थाअनुसार सोही नियम २३ को उपनियम (१) (२) र (३) बमोजिम असुल उपर गर्न सक्ने अवस्था रहेको देखिन्छ । प्रतिवादीहरूले भ्रमण आदेशबमोजिम तत् तत् ठाउँमा भ्रमण गरेकोमा विवाद नरहेको तर बसबाट यात्रा गरेकोमा हवाई यातायात प्रयोग गरेको भनी बसबाट यात्रा गरेमा पाउनेभन्दा बढी रकम भुक्तानी लिएकोसम्म देखिन आयो। यस सम्बन्धमा भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ बमोजिम बुझाउनुपर्ने रकम निजहरूको नाममा बेरुजु कायम भई सरकारी बाँकी सरह रहेको अवस्थामा भ्रमण भत्ता बापत बढी रकम भुक्तानी लिए दिएको विषय भ्रष्टाचारको विषयवस्तु बन्न सक्ने देखिएन ।

६. सम्मानित सर्वोच्च अदालतबाट समेत "भ्रष्टाचार हुनु र बेरुजु हुनु फरक फरक विषय हुन् । भ्रष्टाचारमा व्यक्तिगत फाईदा लिने बदनियत तत्त्व विद्यमान हुन्छ भने बेरुजुमा खर्च भएको रकम बिल भरपाईद्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दुषित मनसायबाट खर्च गरी हानी नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको

प्रष्टरूपमा देखिनु पर्ने" (नेकाप २०७६,अङ्क ३, पृष्ठ ९, नि.न. १०२०८) भन्ने न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रतिवादीहरूले भुक्तानी लिएको रकम बेरुजुको विषय भएको, भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ को उपनियम (१) र उपनियम (२) मा झुट्टा विवरण पेस गरी भुक्तानी लिएको अवस्थामा त्यस्ता कर्मचारीहरूबाट भुक्तानी लिएको रकमको दोब्बर रकम असुल उपर गर्नुपर्ने व्यवस्था रहेकोले प्रतिवादीहरूमध्ये अनिलकुमार आचार्यबाट रु.२३,७८०।-, विकल कुमार श्रेष्ठबाट रु.१,२१,७६५।- र राजबहादुर सिंहबाट रु.१,०६,४९०।- को दोब्बर उक्त नियम २३ बमोजिम असुलउपर गर्नुपर्ने देखियो । अतः प्रतिवादीरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) अन्तर्गतको कसुर गरेको भन्ने वादी नेपाल सरकारको आरोप दाबी मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको पाइएन ।

७. अबः दोस्रो प्रश्नउपर विचार गर्दा, माथि प्रकरणहरूमा विवेचना भएको तथ्य प्रमाण र कानून बमोजिम प्रतिवादीहरू उपरको कसुर पुष्टी हुन नसकेकोले प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय गरी पाउँ भन्ने वादी दाबीसमेत पुग्न सक्ने देखिएन । प्रतिवादीहरूको प्रस्तुत कार्य आरोप दाबीबमोजिम भ्रष्टाचारको कसुरअन्तर्गत पर्ने नदेखिए तापनि बाध्यात्मक रूपमा पालना गर्नुपर्ने भ्रमण खर्च नियमावली, २०६४ मा उल्लिखित उपर्युक्त कानूनी व्यवस्थाको मर्म र भावनाअनुरूप जस्ताको तस्तै कार्यान्वयन गरिनु पर्नेतर्फ सम्बन्धित पदाधिकारी सजग रहनु पर्दछ। तसर्थ बसबाट यात्रा गरेकोमा हवाई यात्रा गरेको भनी बढी रकम भुक्तानी लिएको कार्य कसुरमा प्रतिवादीहरूलाई विभागीय कारबाही गर्नुपर्ने व्यवस्था उक्त नियम २३ मा रहेको परिप्रेक्ष्यमा प्रतिवादीहरूलाई सो मुताविक विभागीय कारबाही गर्नका लागि फैसलाको प्रतिलिपि नेपाल टेलिकम, केन्द्रीय कार्यालयको प्रमुखले प्राप्त गर्ने गरी पठाउन उपयुक्त हुने देखियो।

८. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूले गरेको कार्य कसुर बेरुजुसँग सम्बन्धित रहेको देखिन आई सोतर्फ भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ बमोजिम कारबाही हुनुपर्ने अवस्थाको विद्यमानता देखिँदा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८(१)(ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी पुग्न सक्दैन। प्रतिवादीहरू अनिलकुमार आचार्य, विकलकुमार श्रेष्ठ र राजबहादुर सिंहले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ ।

सदस्य **सदस्य** **सदस्य**

इजलास अधिकृतः केशव पराजुली

इति संवत् २०७६ साल मङ्सिर ८ गते रोज १ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

सदस्य माननीय न्यायाधीश श्रीरत्नबहादुर बागचन्द

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. २

मुद्दा नं. ०७३-CR-०१३३

नि.नं. ५६

फैसला मिति :२०७५।२।१४

मुद्दाः परीक्षाको परिणाम फेरबदल गर्ने गराउने काम गरी भ्रष्टाचार गरेको।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत रामप्रसाद सुवेदीको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी :त्रिभुवन विश्वविद्यालयका प्राध्यापक रामविश्वासाप्रसाद साहसमेत

- **विज्ञ समूहको रोस्टरबाट सेवा आयोगको प्रश्नपत्र निर्माण गर्न र उत्तरपुस्तिका परीक्षण गर्न एक-अर्काको पहिचान सार्वजनिक नगरी दोहोरो जिम्मेवारी दिने गरी निर्णय गर्ने पदाधिकारीलाई कसुर आरोपित नगरिएको स्थितिमा सेवा आयोगको निर्णयानुसार कार्य गर्नेउपरको आरोप कानून र न्यायसम्मत मान्न नसकिने ।**

(प्रकरण नं.१५)

- **प्रश्न-पत्र निर्माणको गोपनियता र उत्तरपुस्तिका परीक्षणको निष्पक्षताबाटै सेवा आयोगको गरिमा कायम रहने हुँदा परीक्षकहरूले उत्तरपुस्तिका परीक्षण गर्ने पद्धति र अङ्क भारको निर्धारणलगायतका कार्य सेवा आयोगले निर्माण र निर्देशित गरेको विधि र मापदण्डका आधारमा परीक्षण र नियमित हुने भएकोले त्यसको व्यवस्थापन र नियमन गर्नु, गराउनु पर्ने दायित्व सेवा आयोगकै हुने र सेवा आयोगद्वारा निर्मित विधि र मापदण्डको अनिवार्य परिपालना गर्नु सम्बन्धित विज्ञ परीक्षकहरूको जिम्मेवारी र कर्तव्यभित्र पर्ने भएकाले अन्यथा मान्न नपर्ने ।**

(प्रकरण नं.१६)

वादीका तर्फबाट : विद्वान् शाखा अधिकृत लक्ष्मण खनाल

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री महादेव यादव र श्री प्रेमबहादुर खड्का, विद्वान् अधिवक्ताहरू श्री सुनिलकुमार पोखरेल, श्री सुशीलकुमार खतिवडा र श्री सुलोचना धिताल

अवलम्बित नजिर :

- ने.का.प. २०५३ नि.नं. ६२८६ अङ्क ११ पृष्ठ ७८४
- ने.का.प. २०६० नि.नं. ७२९९ पृष्ठ ९५१
- ने.का.प. २०६६, नि.नं. ८११५ अङ्क ४ पृष्ठ ५४९

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- भ्रष्टाचार निवारण ऐन, २०५९

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा विद्वानहरूको बहस जिकिर एवम् मिसिल कागजातसमेतलाई दृष्टिगत गरी प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेका हुन, होइनन् ? निज प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय हुने, हो होइन यिनै विषयमा न्याय निरूपण गर्नुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ हेर्दा, उजुरीकर्ता सुरेन्द्रकुमार यादव र विष्णुकुमार गिरी, त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको परीक्षामा अनियमितता भएको विषयमा सेवा आयोगका तत्कालीन अध्यक्ष ईश्वरचन्द्र दत्त र सदस्य केदारनाथ घिमिरेसँगको मिलेमतोमा शिक्षक रामविश्वास साह प्रश्नपत्र बेचविखनमा संलग्न भएको, उम्मेदवारसँग पैसा उठाएको, छोरी ज्वाईंको उत्तरपुस्तिका परीक्षण गरी पास गराएको, दस लाख दिए पास गराई दिन्छु भनी आफूसँग पनि पैसा मागेको, सो रकम दिन इन्कार गरेकोले फेल गराएको भन्ने र शिक्षक चेतराज भट्टले प्रश्नपत्रको उत्तर लेखी केही उमेदवारलाई बिक्री गरेको, एकै व्यक्तिले प्रश्नपत्र बनाउने र उत्तरपुस्तिका परीक्षण गर्ने कार्य गरेको भन्नेसमेत व्यहोराको उजुरी निवेदनबाट कारवाही प्रारम्भ भएकोमा, प्रतिवादीमध्येका प्रा. चेतराज भट्ट र प्रा. रामविश्वास प्रसाद साहले गणित (मानविकी) र गणित (विज्ञान) विषयको उप-प्राध्यापक पदको प्रश्नपत्र निर्माणदेखि उत्तरपुस्तिका परीक्षणसम्म पदीय मर्यादा अनुरूपको दायित्व पूरा नगरी उक्त विषयहरूको लिखित परीक्षाको परिणाम फेरबदल गरेको देखिन आएको र त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको विज्ञापन नं. ८/०७२/०७३ (विशेष आन्तरिक खुल्ला) गणित मानविकीतर्फको कोड नं. ५७०८ का परीक्षार्थी प्रमोदकुमार गोइत र विज्ञापन नं. ७/०७२/०७३ (खुला) गणित (विज्ञान) तर्फका कोड नं. ३०७१ का परीक्षार्थी अमरनाथ साहले प्रा. चेतराज भट्ट तथा प्रा. रामविश्वास साहबाट उक्त विषयहरूको उप-प्राध्यापक पदको

लिखित परीक्षाको आफ्नो परिणाम फेरबदल गर्न लगाएको देखिँदा निज प्रतिवादीहरू प्रा. चेतराज भट्ट, प्रा. रामविश्वास प्रसाद साह, प्रमोदकुमार गोइत र अमरनाथ साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही दफाबमोजिम सजाय गरिपाऊँ भन्ने आरोप-पत्र दायर भएको देखियो ।

३. त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट प्रकाशित विज्ञापन नं. ७/०७२/०७३ खुल्ला गणित (विज्ञान) तर्फ र विज्ञापन नं. ८/०७२/०७३ विशेष आन्तरिक खुल्ला, गणित (मानविकी) तर्फको उप-प्राध्यापक पदको स्थायी पदपूर्तिको लागि गरिएको विज्ञापनमा प्रतिवादीहरू अमरनाथ साह र प्रमोदकुमार गोइत परीक्षार्थीको रूपमा सहभागी भएका र प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा.चेतराज भट्टले प्रश्नपत्र निर्माण एवम् उत्तरपुस्तिका परीक्षण गर्ने कार्य गरेकोमा विवाद छैन। प्रतिवादीमध्येका प्रमोदकुमार गोइत त्रिभुवन विश्वविद्यालयअर्न्तगतको जुम्ल्यास्थित जुम्ला बहुमुखी क्याम्पसमा २०६१ सालदेखि करार सेवामा कार्यरत रही हाल विज्ञापन भएमध्येको विज्ञापन नं. ८/०७२/०७३ को विशेष आन्तरिक खुला, गणित (मानविकी) तर्फको उप-प्राध्यापक पदको परीक्षामा सामेल भई निजको उत्तरपुस्तिका कोड नं. ५७०८ रहेको र प्रतिवादीमध्येका अमरनाथ साहले विज्ञापन नं. ७/०७२/०७३ खुल्ला, गणित (विज्ञान) तर्फको उप-प्राध्यापक पदको परीक्षामा सामेल भई निजको उत्तरपुस्तिका कोड नं. ३०७१ रहेको देखिन्छ।

४. त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा विज्ञापन गरिएको उल्लिखित पदको प्रश्नपत्र निर्माण गर्न सेवा आयोगको मिति २०७२।६।११ को निर्णयले ४ सदस्यीय विशेषज्ञ टोली निर्माण गरिएकोमा प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्टलाई त्रिभुवन विश्वविद्यालय सेवा आयोगले विज्ञको रूपमा छनौट गरेको र विज्ञहरू तीन जनाले निर्माण गरेका प्रश्नहरूलाई एकाकार गरी चौथो विज्ञ व्यक्तिले ती प्रश्नहरू मध्येका प्रश्न छनौट गरी प्रश्नको अन्तिम रूप प्रदान गर्ने प्रक्रियागत कार्य हुने प्रावधान रहेकोबाट प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्टले निर्माण गरेको प्रश्न नै अन्तिम हो भन्ने निश्चयात्मक अवस्था रहेको पाइएन।त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा निर्मित प्रश्नपत्र निर्माण गर्ने चार सदस्यीय विज्ञ टोलीमा प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्टले प्रारम्भिकरूपको प्रश्नपत्रहरू निर्माण गरेका र उत्तरपुस्तिका परीक्षण गर्नसमेत निज प्रतिवादी प्राध्यापकहरूलाई त्रिभुवन विश्वविद्यालय, सेवा आयोगले जिम्मेवारी दिएको देखिन्छ। प्रश्नपत्रको निर्माण र उत्तरपुस्तिकाको परीक्षण एकै विज्ञ व्यक्तिबाट गर्न नहुने हो भनी आरोप-दावी रहेकोमा, त्रिभुवन विश्वविद्यालय, सेवा आयोगले तत्सम्बन्धमा प्रष्ट एवम् प्रत्यक्ष रूपमा छ भनी भन्न सकेको पाइएन। र प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्टले आफ्नो तजविजले

प्रश्न-पत्र निर्माण र उत्तरपुस्तिका परीक्षण गरेको नभै त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको निर्णयानुसार निजहरूलाई प्रदान गरिएको दायित्व निजहरूले निर्वाह गरेको देखिँदा, एकै विज्ञ व्यक्तिले प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण गरेको कार्यबाट निज प्रतिवादीहरूउपरको आरोप दाबीबमोजिम भ्रष्टाचारजन्य कसुर गरेको भन्न मिल्ने देखिएन ।

५. प्रतिवादीमध्येका प्रा. चेतराज भट्टले पुराना प्रश्नहरू हल गरी आफ्नो हातैले लेखेर सम्भाव्य प्रश्नहरूको उत्तर परीक्षा अगावै केही परीक्षार्थीहरूलाई उपलब्ध गराएको भन्ने आरोप दाबी रहेकोमा, प्रतिवादी प्रा. चेतराज भट्टले आफ्नो बयान जिकिरमा, केही परीक्षार्थीहरूले निकै अनुनय विनय गरेकोले विभिन्न विश्वविद्यालयको सेवा आयोगमा सोधिएका प्रश्नहरूको उत्तर लेखिदिएको हुँ । मैले लेखेको हस्तलिखित कपिमा यो पल्ट सोधिएका कुनै पनि प्रश्न हुबहु मिल्दैन भन्नेसमेत आयोगसमक्ष उल्लेख गरेको देखिन्छ। निज प्रतिवादीले गरेको सो बयानलाई स्वीकार गर्दै आरोप पत्रको पृष्ठ-९ प्रमाण कागजको विश्लेषण शीर्षकअन्तर्गत प्रकरण-३ मा "परीक्षाका प्रश्न-पत्र हुबहु बाहिरिएको अवस्था देखिएन। तथापि, प्रा. डा. चेतराज भट्टले केही परीक्षार्थीलाई दिएको निजकै हस्तलिखित-४८ पृष्ठको प्रश्नको समाधान (पुराना प्रश्नहरूको समाधान) पत्रमा रहेका कतिपय प्रश्नहरूको समाधान गर्ने कार्य निज प्रतिवादीले हल गरेको कार्यलाई दोस्रो-पत्रमा आंशिक रूपमा मिल्न गएको देखियो" भनी उल्लेख गरेको पाइएबाट प्रतिवादी प्रा. चेतराज भट्टले विभिन्न विश्वविद्यालयहरूबाट सेवा आयोगको परीक्षामा सोधिएका पुराना प्रश्नहरूको समाधान गरेकोमा सेवा आयोगबाट विज्ञापन नं. ८/०७२/०७३ र विज्ञापन नं. ७/०७२/०७३ मा सोधिएका प्रश्नहरू हुबहु मिलेको नदेखिएको र विगतका वर्षहरूमा विभिन्न विश्वविद्यालयका सेवा आयोगबाट सोधिएको पुराना प्रश्नहरूको हल गर्ने कार्य गरेको देखिन आयो। त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवा सम्बन्धी नियमावली, २०५० ले विश्वविद्यालयका शिक्षकलाई विगतका वर्षहरूमा सोधिएका पुराना प्रश्नपत्रहरूको हल गरी दिन बन्देज लगाएको पनि नदेखिएको सो कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ ले कसुरको संज्ञा दिएकोसमेत पाइएन।

६. प्रतिवादी प्रा. चेतराज भट्टले विज्ञापन नं. ८/०७२/०७३ विशेष आन्तरिक खुला, गणित (मानविकी) तर्फको कोड नं. ५७०८ का परीक्षार्थी प्रतिवादीमध्येका प्रमोदकुमार गोइतको उत्तरपुस्तिका परीक्षण गरेको देखिन्छ। सो उत्तरपुस्तिकामा निज प्रतिवादी प्रमोदकुमार गोइतले प्राप्त गरेको प्राप्ताङ्क ११ रहेको छ। हरेक विषयमा उत्तीर्णाङ्क १७.५ रहेको र प्रथम-पत्र र द्वितीय-पत्र दुई विषय गरी ३५ प्राप्ताङ्कलाई लिखित परीक्षाका परीक्षार्थी उत्तीर्ण हुने प्रावधान रहेको देखिन्छ। प्रतिवादी प्रमोदकुमार गोइतले प्रथम-पत्रको उत्तरपुस्तिकामा प्रश्न मात्रै सारेकोमा पनि-१ (एक) नं. दिएको भन्ने वादीतर्फबाट उपस्थित विद्वान्‌ले बहसको क्रममा जिकिर लिनु

भएकोसमेत पाइयो। तत्-सम्बन्धमा प्रतिवादी प्रा. चेतराज भट्टले मौकामा बयान गर्दा, प्रश्न मात्र लेखेकोलाई अङ्क दिने कार्य मेरो मानवीय त्रुटि हो कुनै प्रभावमा परी त्यसो गरेको होइन, मैले गरेको मानवीय त्रुटिलाई कानूनले सही ठान्दैन भने म सजाय भोग्न तयार छुँ भन्नेसमेत बयान गरेको देखिन्छ। प्रतिवादी प्रमोदकुमार गोइतको प्रथम-पत्रको उत्तरपुस्तिकामा निजले प्रश्न सारेको अवस्थामा पनि १ नं. प्रतिवादी प्रा. चेतराज भट्टले दिएकै कारणले प्रतिवादी प्रमोदकुमार गोइत उत्तीर्ण हुने अवस्था देखिँदैन। प्रतिवादी प्रमोदकुमार गोइतको प्राप्ताङ्क- ११ (एघार) मा १ (एक) घटाउँदा निजको प्राप्ताङ्क-१० (दस) हुने हुँदा र १ (एक) अङ्क जोड्दा ११ अङ्कले उत्तीर्ण हुने अवस्थासमेत देखिँदैन। प्रतिवादी प्रा. चेतराज भट्टले प्रतिवादी प्रमोदकुमार गोइतको प्रथम-पत्रको परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा निजको प्राप्ताङ्क ११ (एघार) मात्र रहेबाट सो विषयमा प्रतिवादी प्रमोदकुमार गोइत अनुत्तीर्ण रहेको देखिन्छ। प्रतिवादी प्रमोदकुमार गोइतको दोस्रो पत्रमा २६.५ प्राप्ताङ्क रहेकोमा सो उत्तरपुस्तिका प्रतिवादी प्रा. चेतराज भट्टले परीक्षण गरेको देखिँदैन। प्रथम र दोस्रो पत्र दुवै विषयको प्राप्ताङ्क जोड्दा ३७.५ हुने भएकाले त्यसबाट एक अङ्क घटाउँदा अनुत्तीर्ण हुने र १ (एक) अङ्क जोडेको कारणले अनुत्तीर्णलाई उत्तीर्ण गराएको मानिने अवस्थासमेत देखिन आएन ।

७. प्रतिवादी प्रा. चेतराज भट्टले परीक्षण गरेको प्रतिवादी प्रमोदकुमार गोइतको उत्तरपुस्तिका दुई जना विज्ञ टोली प्रकाशरत्न शाक्य र रामविनोद चौधरीबाट सम्परीक्षण भई प्रतिवादी प्रा. चेतराज भट्टले गरेको परीक्षण ठिक रहेको प्रमाणित गरिदिएको देखिन्छ । प्रतिवादी प्रा. चेतराज भट्टले उत्तरपुस्तिकामा दिएको अङ्कलाई सच्चाएको केरमेट गरेकोसमेत देखिँदैन । उत्तरपुस्तिका परीक्षण गर्ने विधि र मापदण्ड त्रिभुवन विश्वविद्यालय सेवा आयोगले निर्धारण गरेको छ भन्ने सेवा आयोगका पदाधिकारीहरूको बकपत्रबाट समेत नदेखिएको हुँदा प्रत्येक प्रश्नको उत्तर कसरी परीक्षण गर्ने र अङ्क निर्धारण कसरी गर्ने भन्ने विषय उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकको विवेकमा आधारित हुने भएको र परीक्षकले दिएको अङ्कलाई सम्परीक्षणको विधिबाट पुनः परीक्षणसमेत भई नतिजामा कुनै परिवर्तन नभै प्रतिवादी प्रा. चेतराज भट्टले गरेको उत्तरपुस्तिका परीक्षण यथावत कायम रहेको स्थितिमा निज प्रतिवादी प्रा. चेतराज भट्टले परीक्षार्थीको परीक्षाको परिणामलाई फेरबदल गरेको, अनुत्तीर्णलाई उत्तीर्ण गराएको भन्ने परीक्षण गरेको उत्तरपुस्तिकाबाट पुष्टी हुन सकेको देखिएन ।

८. त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका पदाधिकारीहरूलाई अनुसन्धानको क्रममा बयान गराइएकोमा सेवा आयोगका सदस्य प्रा. केदारनाथ घिमिरेले, परीक्षामा अनियमितता भएको भन्ने कुरा अनुत्तीर्ण भएका परीक्षार्थीहरूबाट फैलाइएको निराधारपूर्ण हल्ला मात्रै हो । आयोगको कार्यविधि अनुरूप केही विषयका विज्ञहरू दोहोरिएको हुन सक्छ, तर मोडेटरले जति संख्यामा

प्रश्नहरू प्राप्त हुन्छन् उत्तिकै संख्यामा मिक्स गरी प्रश्नपत्र छनौट गरी परीक्षाका लागि दिइने हुँदा शङ्का गर्ने ठाउँ रहँदैन भन्नेसमेत बयान गरेका छन्। त्यसैगरी सेवा आयोगका निवर्तमान अध्यक्ष प्रा. ईश्वरचन्द्र दत्तले मौकामा बयान गर्दा, त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट प्रश्न निर्माण, मोडरेसन र उत्तरपुस्तिका परीक्षण गर्दा आयोगको रोस्टरबाट गरिन्छ। स्वच्छ छवि भएका प्राध्यापक तथा विगतमा पनि आयोगमा काम गर्नु भएका इमान्दार विशेषज्ञलाई छनौट गरिन्छ। नियम र कार्यविधिले प्रश्न निर्माणकर्ता नै परीक्षक नहुने कतै उल्लेख छैन। आयोगलाई विश्वास लागेको स्वच्छ छविको व्यक्तिलाई दोहोरो जिम्मेवारी दिन सकिन्छ, उत्तरपुस्तिका आयोग मै मूल्याङ्कन गर्न लगाइन्छ। जसले गर्दा कुनै किसिमको चलखेल र अनिमियतता गर्ने सम्भावना रहँदैन भन्नेसमेत बयान गरेका छन् । त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका अध्यक्ष चैतन्यप्रसाद शर्माले आयोगसमक्ष गरेको बयानमा, सेवा आयोगले लिएको उपप्राध्यापक पदको स्थायी नियुक्तिको लिखित परीक्षा सम्पन्न गरी अन्तर्वार्ताको क्रम जारी छ। लिखित परीक्षाको नतिजा प्रकाशनमा भएको सामान्य मानवीय त्रुटिहरूलाई सच्चाउने काम भएको, सर्तकता केन्द्रको सुझावअनुसार गणित विषयको उत्तरपुस्तिका सम्परीक्षण गराइएकोमा नतिजामा कुनै फरक नदेखिएको, गणित विषयको हकमा उत्तरपुस्तिका परीक्षणमा कुनै त्रुटि भएको आयोगको अनुसन्धानबाट देखिन आएमा विज्ञ समूह बनाई सबै उत्तरपुस्तिका सेवा आयोगको कार्यविधिअनुरूप पुनः परीक्षण गराउन आयोग प्रतिबद्ध छ भन्नेसमेत बयान गरेको देखियो। त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका अध्यक्ष चैतन्यप्रसाद शर्मा र सदस्य केदारनाथ घिमिरेले अदालतसमक्ष, मौकामा गरेको बयान ठिक हो भनी गरेको बकपत्रबाट प्रतिवादीहरूले अनियमितता गरेको, वा परीक्षाको परिणाम फेरबदल गरेको भन्ने आरोप दाबी पुष्टी हुन सकेको देखिँदैन। त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा शिक्षकहरूको लिखित एवम् अन्तर्वार्ताद्वारा परीक्षा लिइने र त्रिभुवन विश्वविद्यालय, सेवा आयोगले आफ्नै कार्यविधि र मापदण्ड निर्धारित गरी विज्ञहरूको रोस्टरबाट विज्ञ छनौट गरी प्रश्नपत्र निर्माण एवम् मोडरेसन र उत्तरपुस्तिका परीक्षण गर्ने गरेको तथा त्रिभुवन विश्वविद्यालय, सेवा आयोगले गरेको निर्णय एवम् कार्यको सम्बन्धमा सेवा आयोगका पदाधिकारीहरूलाई प्रतिवादी बनाइएको समेत देखिएन।

९. प्रतिवादीमध्येका प्रमोदकुमार गोइतले प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्टबाट उप-प्राध्यापक पदको लिखित परीक्षाको आफ्नो परिणाम फेरबदल गर्न लगाएको भन्ने आरोप दाबीको सन्दर्भमा हेर्दा, निज प्रतिवादी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी प्रा. चेतराज भट्टले पुराना प्रश्नहरू हल गरिदिएको हस्तलिखित कपी यी प्रतिवादी प्रमोदकुमार गोइतलाई दिएको भन्ने आरोप-दाबी नरहेको तथा प्रतिवादी प्रा. चेतराज भट्टले हस्तलिखित पुराना प्रश्नको समाधान गरी शेरसिंह रैखौला र विष्णु गिरीलाई मात्र दिएको

भनेकोमा, निजले वितरण गरेको पुराना प्रश्नको समाधानको हुबहु प्रश्नहरू त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट वि.नं. ८/०७२/०७३ मा सोधिएको देखिएन। प्रतिवादी प्रमोदकुमार गोइत र प्रतिवादी प्रा. चेतराज भट्टको मिलेमतो रहेको वा रकम दिनु-लिनु गरेकोसमेत मिसिल संलग्न कागजातबाट स्थापित हुन सकेको छैन।प्रतिवादी प्रमोदकुमार गोइतको उत्तरपुस्तिका प्रतिवादी प्रा. चेतराज भट्टले परीक्षण गर्दा ११ (एघार) मात्र प्राप्ताङ्क भई निजले परीक्षण गरेको विषयमा अनुत्तीर्ण भएको देखिएको छ । यस परिप्रेक्ष्यमा निज प्रतिवादीउपरको आरोप-दाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनसकेको नदेखिएको हुँदा निज प्रतिवादी प्रमोदकुमार गोइतले उप-प्राध्यापक पदको लिखित परीक्षाको आफ्नो परिणाम फेरबदल गर्न लगाएको भन्न, मान्न सकिने अवस्था देखिएन ।

१०. प्रतिवादी मध्येका प्रा. रामविश्वास प्रसाद साहले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको वि.नं. ७/०७२/०७३ र वि.नं. ८/०७२/०७३ को उप-प्राध्यापक पदको लिखित परीक्षाको परिणाम फेरबदल गरी आरोपित कसुर गरेको भन्ने आरोप दाबी सन्दर्भमा हेर्दा, प्रतिवादी प्रा. रामविश्वासप्रसाद साहले अनुसन्धानको क्रममा, म त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको उप-प्राध्यापक पदको गणित विषयको प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षणमा संलग्न थिएँ । अरु कति जना प्रश्नपत्र निर्माणमा संलग्न हुनुहुन्छ भन्ने आयोगलाई मात्र थाहा हुन्छ। कुनै परीक्षार्थीले मलाई नगद वा जिन्सी दिएका छैनन्। सुरेन्द्रकुमार यादवले मलाई फकाउन भरपुर प्रयास गरेको हो। म नमानेपछि मेरो चरित्र हत्या गर्न खोजेको हो। मैले प्रश्नको आशय दिने गरी उत्तर लेखेकोलाई अङ्क दिएको छु। कसैलाई बढी कसैलाई कम दिएको छैन। परीक्षार्थी अमरनाथ साह मेरा ज्वाइँ हुन्। विवाहकै बेलादेखि दाइजोका कारण सम्बन्ध बिग्रेकोले त्यहाँदेखि आवतजावत छैन। ऊ कहाँ पढाउँछ, केमा परीक्षा दिन्छ, मलाई थाहा नभएर आयोगमा सूचित नगरेको हो । उसको कपी चिनेर बढी नम्बर दिएको हैन। यदि त्यस्तो लागेमा मैले गरेको परीक्षण पुनः हेर्न सकिन्छ। सेवा आयोगले अहाएबमोजिम काम गरेको हुँ भन्नेसमेत बयान गरेका र अदालतमा समेत निजले उक्त बयानलाई समर्थन गरी बयान गरेको देखिन्छ।

११. प्रतिवादीमध्येका प्रा. रामविश्वास प्रसाद साह र प्रतिवादी अमरनाथ साहबीच ज्वाइँ, ससुरा नाता रहेकोमा विवाद देखिएन। त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट निवर्तमान अध्यक्ष ईश्वरचन्द्र दत्त र त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका सदस्य केदारनाथ घिमिरेले अनुसन्धानको क्रममा बयान गर्दा, नातेदार परीक्षार्थी भएकोमा परीक्षक आफैंले उत्तरपुस्तिका परीक्षण गर्न अस्वीकार गर्नुपर्ने हो भनी उल्लेख गरेका र त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका अध्यक्ष चैतन्यप्रसाद शर्माले, चेतराज भट्ट र रामविश्वास प्रसाद साहलाई सेवा आयोगको विज्ञको सूचीबाट हटाइएको छ भन्नेसमेत बयान गरेको देखिन्छ। तथापि, प्रतिवादी प्रा. रामविश्वास साहले अनुसन्धानको

क्रममा र अदालतसमक्षसमेत निजको ज्वाईँ प्रतिवादी अमरनाथ साहसँग विवाहकै अवस्थामा दाइजोको विषयमा विवाद भई अद्यापि बोलचालसमेत नभएको कारणले निजको ज्वाइ प्रतिवादी अमरनाथ साहले उप-प्राध्यापक पदमा जाँच दिएकोसमेत थाहा जानकारी नभएको भनी बयान जिकिर गरेको र प्रतिवादी अमरनाथ साहले समेत अनुसन्धानको क्रममा र अदालतसमक्षसमेत, निज र निजका ससुरा प्रतिवादी प्रा. रामविश्वास प्रसाद साहबीच विवाहकै अवस्थादेखि पारिवारिक विवाद भएकोले बोलचाल, आवतजावतसमेत छैन भनी बयान जिकिर लिएको देखिन्छ । निज प्रतिवादीहरूको बयान जिकिरलाई निजहरूका साक्षीले उक्त बयान समर्थन हुने गरी बकपत्र गरेको देखियो।

१२. त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट हरेक उत्तरपुस्तिकालाई कोडिङ र डिकोडिङसमेत लोकसेवा आयोगको प्रतिनिधिसमेतको उपस्थितिमा गरिने र त्यस्को पुष्टि त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका पदाधिकारीहरूको बकपत्रसमेतबाट भएकाले उत्तरपुस्तिकाको गोपनीयता कायम रहनेमा शङ्का गर्नुपर्नेसम्मको अवस्था देखिँदैन । तथापि, प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र अमरनाथ साहबीच नाता परेको तथा प्र. अमरनाथ साहले उत्तरपुस्तिकामा T.U. Service commission उल्लेख गरेकोले शङ्कास्पद अवस्था रहेकोमा, निजहरूबीच आपसी सम्बन्धमा कटुता रहेको, बोलचाल र आवतजावतसमेत नरहेको भन्ने निज प्रतिवादीहरूको जिकिर लिएकोलाई निजहरूका साक्षीले पुष्टि गरिदिएकोले निज प्रतिवादीहरूको बयान जिकिरलाई अन्यथा मान्न सकिएन। यदि त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवा सम्बन्धी नियमावली, २०५० को परिच्छेद ९ अन्तर्गत नियम ६८ र ७२ को आचरणसम्बन्धी प्रावधानको उल्लङ्घन भएको पाइएमा सोही नियमावलीको परिच्छेद १० बमोजिम विभागीय कारवाही र सजायसमेत हुने स्पष्ट कानूनी व्यवस्था रहेकै देखिन्छ ।

१३. प्रतिवादी अमरनाथ साहको कोड नं. ३०७१ को उत्तरपुस्तिकामा दिइएको अङ्क हेर्दा प्रतिवादी प्रा. चेतराज भट्टले परीक्षण गरेको प्रथम-पत्रमा २५ प्राप्ताङ्क रहेको र प्रतिवादी प्रा. रामविश्वास प्रसाद साहले परीक्षण गरेको दोस्रो-पत्रमा प्राप्ताङ्क ३२ गरी दुवै विषयमा जम्मा ५७ प्राप्ताङ्क रहेको देखिन्छ । उत्तरपुस्तिकाको प्राप्ताङ्कलाई केरमेट गरेको, सच्चाएको वा अनुत्तीर्णलाई उत्तीर्णाङ्क दिएको अवस्था देखिँदैन । प्रतिवादी प्रा. रामविश्वास प्रसाद साहसमेतले परीक्षण गरेको उत्तरपुस्तिका प्रकाशरत्न शाक्य र रामविनोद चौधरीबाट सम्परीक्षण हुँदा प्रतिवादी अमरनाथ साहले प्राप्त गरेको प्राप्ताङ्कमा कुनै परिवर्तन भएको नदेखिएबाट प्रतिवादी प्रा. रामविश्वास प्रसाद साहसमेतले परीक्षण गरिदिएको अङ्क सही कायम भएको देखिन्छ। त्यसका अतिरिक्त प्रतिवादी प्रा. चेतराज भट्टले परीक्षण गरेको प्रथम-पत्रमा प्रतिवादी अमरनाथ साहले २५ अङ्क प्राप्त गरेको देखिँदा दोस्रो पत्रमा १० अङ्क मात्र प्राप्ताङ्क रहेको स्थिति यदि रहेको भएपनि प्रथम र दोस्रो

पत्रको परीक्षाको अङ्कको योगबाट प्राप्ताङ्क ३५ पुगेमा निज उत्तीर्ण हुने अवस्था रहेको हुँदा अङ्क थपघट, केरमेट, गरेकोबाट अनुत्तीर्णलाई उत्तीर्ण गराई परीक्षाको परिणामलाई फेरबदल गरेको अवस्थासमेत उत्तरपुस्तिकाको प्राप्ताङ्कको योगबाट समेत देखिन आएन। विज्ञापन नं. ७/०७२/०७३ र विज्ञापन नं. ८/०७२/०७३ को त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट लिखित परीक्षाको परीक्षाफल प्रकाशित पश्चात् अन्तर्वार्ता भई त्यसको परीक्षाफलसमेत प्रकाशित भएकोमा उल्लिखित विज्ञापनमा परीक्षार्थी भएका प्रतिवादीहरू उत्तीर्णको सूचीमा रहेकोसमेत देखिएन ।

१४. उजुरवालाहरू सुरेन्द्रकुमार यादव र विष्णुकुमार गिरी त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट लिइएको उल्लिखित उप-प्राध्यापकको परीक्षामा सम्मिलित परीक्षार्थी रहेको देखिन्छ । निजहरू परीक्षामा सम्मिलित भई लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा अनुत्तीर्ण भएपछि निज दुवै व्यक्तिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष उजुरी निवेदन दिएको देखिन्छ । लिखित परीक्षा हुनुपूर्व वा लिखित परीक्षाको परीक्षाफलको नतिजा प्रकाशित हुनुपूर्व निजहरूले उजुरी दिएको देखिँदैन । निजहरू परीक्षामा अनुत्तीर्ण भएपछि मात्र उजुरी गरेकोबाट निजहरूको नियत सफा रहेको छ भनी मान्न मिलेन । त्यसका अलावा प्रतिवादी प्रा. रामविश्वास प्रसाद साहले परीक्षार्थीबाट पैसा उठाउँदै हिँडेको र सुरेन्द्रकुमार यादवसँग पैसा माग गरेको भन्ने उजुरवालाहरूको उजुरी निजहरूको भनाइ बाहेक अन्य स्वतन्त्र प्रमाणबाट समर्थन हुन सकेको देखिँदैन ।

१५. प्रतिवादीमध्येका अमरनाथ साह त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट विज्ञापन गरिएको विज्ञापन नं. ७/०७२/०७३ को उप-प्राध्यापक पदको खुल्ला, गणित (विज्ञान) तर्फका परीक्षार्थी देखिन्छन्। त्रिभुवन विश्वविद्यालयअन्तर्गत आङ्गिक क्याम्पसमा अध्यापन गराइरहेका करारका शिक्षक नदेखिई खुल्ला प्रतियोगितामा सहभागी परीक्षार्थी रहेको देखियो। निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अन्तर्गत उप-प्राध्यापक पदको लिखित परीक्षाको आफ्नो परिणाम फेरबदल गर्न लगाएको भन्ने आरोप-दाबी रहेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अन्तर्गतको कसुरदार कायम हुन राष्ट्रसेवक व्यक्तिले सो दफाबमोजिमको कसुर गरेको हुन अनिवार्य रहेको छ। राष्ट्रसेवक बाहेक अन्य व्यक्तिलाई सो दफा प्रयुक्त हुन सक्ने अवस्था त्यसको बनोटबाट देखिँदैन। यस परिप्रेक्ष्यमा प्रतिवादी अमरनाथ साहउपर लगाइएको आरोप-दाबी बमोजिमको कानूनी व्यवस्था निज प्रतिवादीको हकमा आकृष्ट हुन सक्ने देखिएन।

१६. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ मा सरकारी निकाय वा सार्वजनिक संस्थाबाट संचालन गरिने परीक्षाको प्रश्न-पत्र निर्धारित समयभन्दा अगावै अधिकार प्राप्त अधिकारीले विशेष परिस्थिति परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै राष्ट्रसेवकले आफू वा

अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा वा गर्न लगाएमा वा परीक्षाको परिणाममा फेरबदल गरेमा वा गर्न लगाएमा त्यस्तो राष्ट्रसेवकलाई तीन महिनादेखि एकवर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि दसहजार रुपैँयासम्म जरिवाना हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ। सो कानूनी व्यवस्थाअन्तर्गत परीक्षाको परिणाम फेरबदल गरेको भन्ने प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्ट उपर र परीक्षाको परिणाम फेरबदल गर्न लगाएको भन्ने प्रतिवादीहरू प्रमोदकुमार गोइत र अमरनाथ साह उपर कसुर आरोपित गरिएको देखिन्छ। त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा शिक्षकहरूको लिखित एवम् मौखिक अन्तर्वार्ता परीक्षा लिइने र त्यसको लागि त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा छुट्टै कार्यविधि र मापदण्ड निर्धारण गरिएको हुन्छ। त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा निर्णय गरी प्रश्नपत्र निर्माण गर्ने र उत्तरपुस्तिका परीक्षण गर्ने विज्ञहरू छनौट गरिने भएकोले प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्टसमेतको विज्ञहरूको समूहलाई प्रश्नपत्र निर्माण गर्ने जिम्मेवारी दिनुको अतिरिक्त उत्तरपुस्तिका परीक्षणसमेतको दोहोरो जिम्मेवारी र दायित्व विज्ञको हैसियतबाट दिएका देखिन्छ। त्यसरी विज्ञ समूहको रोस्टरबाट क-कसलाई प्रश्नपत्र निर्माण गर्न र उत्तरपुस्तिका परीक्षण गर्न दिइएको भन्ने कुरा प्रश्नपत्र निर्माता र उत्तरपुस्तिका परीक्षकहरू एक-अर्काको पहिचान सार्वजनिक नगरी सेवा आयोगले गोप्य राखिएको हुने र त्यसरी दोहोरो जिम्मेवारी दिने गरी निर्णय गर्ने त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका पदाधिकारीलाई प्रतिवादी कायम गरी कसुर आरोपित नगरिएको स्थितिमा त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको निर्णयानुसार कार्य गर्ने प्राध्यापकउपरको आरोप कानून र न्यायसम्मत मान्न सकिएन।

१७. प्रतिवादी प्रा. चेतराज भट्टले विगतका वर्षहरूमा विभिन्न विश्वविद्यालयहरूबाट सोधिएका पुराना प्रश्नपत्रहरूको हल गरिदिने प्रयोजनले स्वहस्ताक्षरद्वारा लेखिएका उत्तर त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट विज्ञापन नं. ७/०७२/०७३ र विज्ञापन नं. ८/०७२/०७३ को उप-प्राध्यापक पदमा सोधिएका प्रश्नहरू हुबहु मिलेको अवस्था नदेखिएको भन्ने आरोपपत्रमै स्वीकार गरिएको, लिखित परीक्षा पूर्व उक्त विज्ञापनमा सोधिएका प्रश्नपत्र परीक्षार्थीहरूलाई वितरण गरी प्रश्नको हल गरी दिएको देखिँदैन। प्रश्न-पत्र निर्माणको गोपनियता र उत्तरपुस्तिका परीक्षणको निष्पक्षताबाटै त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको गरिमा कायम रहने हुँदा परीक्षकहरूले उत्तरपुस्तिका परीक्षण गर्ने पद्धति र अङ्क भारको निर्धारणलगायतका कार्य त्रिभुवन विश्वविद्यालय, सेवा आयोगले निर्माण र निर्देशित गरेको विधि र मापदण्डका आधारमा परीक्षण र नियमित हुने भएकोले त्यसको व्यवस्थापन र नियमन गर्नु, गराउनु पर्ने दायित्व त्रिभुवन विश्वविद्यालय, सेवा आयोगकै हुने र त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा निर्मित विधि र मापदण्डको अनिवार्य

परिपालना गर्नु सम्बन्धित विज्ञ परीक्षकहरूको जिम्मेवारी र कर्तव्यभित्रको भएकोलाई अन्यथा मान्न पर्ने देखिन आएन।

१८. सिद्धान्ततः परीक्षाको परिणाम फेरबदल गर्नु भनेको परीक्षा र परीक्षण कार्यसँग सम्बद्ध व्यक्तिले बदनियतका साथ अभिलेख उत्तरपुस्तिकामा अङ्क सच्याई वा केरमेट गरी वा अनुचित एवम् अस्वाभाविक अङ्क दिई वा नदिई उत्तीर्ण भएकालाई अनुत्तीर्ण गर्न वा अनुत्तीण भएकालाई उत्तीर्ण गर्ने जस्ता क्रियाहरू हुन् । तर प्रतिवादीहरू प्रा. रामविश्वास प्रसाद साह र प्रा. चेतराज भट्टले उत्तरपुस्तिका परीक्षण गर्दा अङ्क सच्चाएको, केरमेट गरेको वा अनुत्तीर्णलाई उत्तीर्ण गराएको अवस्था सम्बन्धित उत्तरपुस्तिका र सम्परीक्षणसमेतबाट नदेखिएको र निज प्रतिवादीहरूले त्रिभुवन विश्वविद्यालय, सेवा आयोगद्वारा लिइएको विज्ञापन नं. ७/०७२/०७३ र विज्ञापन नं. ८/०७२/०७३ को उप-प्राध्यापकको लिखित परीक्षाको परिणामलाई फेरबदल गरेकोसमेत नदेखिएको स्थितिमा निज प्रतिवादीहरूउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम परीक्षाको परिणाम फेरबदल गरेको भन्ने आरोप दाबी स्थापित हुन सकेको देखिएन।

१९. यस सम्बन्धमा श्री सर्वोच्च अदालतबाट ने.का.प. २०६० नि.नं. ७२९९ पृष्ठ ९५१ मा "अङ्ग्रेजी विषयको कोड नं. १४२ र सेवासम्बन्धी विषयको कोड नं. ३५६ का दुईजना परीक्षार्थीहरू प्रद्युम्न घिमिरे र शिवकुमार पौडेल उत्तीर्ण भएकोमा छनौट समितिका पदाधिकारी र उत्तरपुस्तिका जाँच गर्ने परीक्षकहरूको मिलेमतोबाट अङ्क सच्चाई उत्तीर्ण परीक्षार्थीलाई अनुत्तीर्ण र अनुत्तीर्ण परीक्षार्थीलाई उत्तीर्ण गराई अनियमितता गरेको देखियो" भन्नेसमेत न्यायिक सिद्धान्त कायम भएको देखिन्छ। प्रस्तुत मुद्दामा उजुरवालाहरू आफू उत्तीर्ण भएकालाई अनुत्तीर्ण गराएको भन्ने र प्रतिवादी परीक्षार्थीहरू अनुत्तीर्ण भएकोलाई त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका पदाधिकारी र उत्तरपुस्तिका परीक्षकहरूको मिलेमतोबाट उत्तीर्ण गराई उजुरवालाहरूलाई अनुत्तीर्ण गराएको भन्ने उजुरी एवम् आरोप-पत्रसमेत रहेको पाइएन। त्रिभुवन विश्वविद्यालय, सेवा आयोगका पदाधिकारीसमेतको मिलेमतोबाट परीक्षाको परिणामलाई फेरबदल गरेको भनी निजहरू उपरसमेत आरोपपत्र प्रस्तुत हुन नसकेको स्थितिमा प्रतिवादीहरूबाट मात्र लिखित परीक्षाको परिणाम फेरबदल गर्न, गराउन र गराएको अवस्थासमेतको विद्यमानता देखिन आएन।

२०. प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी कसुर प्रमाणित गर्ने प्रमाणको भार वादी अभियोजन पक्षमा निहित रहने कानूनी व्यवस्था रहेको छ भने प्रतिवादीहरूउपरको कसुर शङ्कारहित प्रमाणद्वारा वादी पक्षले प्रमाणित गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा, श्री सर्वोच्च अदालतबाट ने.का.प. २०५३ नि.नं. ६२८६ अङ्क ११ पृष्ठ ७८४ मा" भ्रष्टाचारको लागि बदनियतसाथ कार्य गरेको हुनुपर्छ, भ्रष्टाचार जस्तो फौजदारी अपराधमा केबल शङ्का र अनुमानको भरमा कसुरदार ठहऱ्याउन नमिल्ने" भन्ने र ने.का.प. २०६६, नि.नं. ८११५ अङ्क-४ पृष्ठ ५४९ मा "फौजदारी मुद्दामा

शङ्काको भरमा कसैलाई कसुरदार ठहऱ्याउन नमिल्ने," भन्नेसमेत न्यायिक सिद्धान्त कायम रहेको र शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा प्रतिवादीहरूले आरोप-दाबीबमोजिम उप-प्राध्यापक पदको लिखित परीक्षाको परिणाम फेरबदल गरे, गराएको भन्ने वस्तुनिष्ठ र निश्चयात्मक प्रमाणबाट सम्पुष्टि गर्न सकेको नदेखिएकोले शङ्का र अनुमानका आधारमा भ्रष्टाचार जस्तो गम्भीर फौजदारी कसुरमा प्रतिवादीहरूलाई कसुरदार कायम गर्न कानून एवम् न्यायसम्मत हुने देखिएन।

२१. अतः उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादीमध्येका अमरनाथ साह राष्ट्रसेवक रहेको नदेखिएको र अन्य प्रतिवादीहरू चेतराज भट्ट, रामविश्वास प्रसाद साह र प्रमोद कुमार गोइत राष्ट्रसेवक देखिए तापनि निज प्रतिवादीहरूले परीक्षाको परिणाम फेरबदल गरे गराएको भन्ने दाबी वस्तुपरक रूपमा पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरू अमरनाथ साह, चेतराज भट्ट, राम विश्वास प्रसाद साह र प्रमोद कुमार गोइतले आरोप-दाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीमध्येका रामविश्वास प्रसाद साह र चेतराज भट्टले परीक्षासम्बन्धी काम कारवाहीको क्रममा कुनै नियम वा आचरणको उल्लङ्घन गरेको देखिएमा निजहरूलाई त्रिभुवन विश्वविद्यालयको ऐन, नियम, विनियमबमोजिम जे जो बुझ्नु पर्ने बुझी विभागीय कारवाही गर्न सक्ने नै भएकोले सोहीबमोजिम गर्न, गराउन त्रिभुवन विश्वविद्यालयको ध्यानाकर्षणका लागि जानकारी दिनू।

सदस्य **सदस्य** **सदस्य**

इजलास अधिकृतः प्रभाकरकुमार मल्लिक

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नं. ०७५-CR-०२५६

निर्णय नं. ७९

फैसला मिति : २०७६।११।५

मुद्दा : परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको ।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत लक्ष्मी पौडेलको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : महाकाली अञ्चल यातायात कार्यालय महेन्द्रनगर, कञ्चनपुरका तत्कालीन निमित्त कार्यालय प्रमुख, वर्ष ५३ का सिताराम खनालसमेत

- **परीक्षा समितिबाट रीतपुर्वक नतिजा प्रकाशन गरी कार्य सम्पन्न गरिसकेपछि सो कार्यमा संलग्न सदस्यको अनुपस्थितिमा नतिजा फेरबदल गरी चेकलिष्टबाट परीक्षामा अनुपस्थित र फेल भएको प्रष्ट देखिएका व्यक्तिहरूलाई पास गराउने गरी पुनः निर्णय गर्नु विधिको शासनको सिद्धान्त विपरित हुन जाने।**

(प्रकरण नं.१२)

- **प्रतिवादीले गरेको कसुरको मात्रा र सो कसुरबापत प्रतिवादीहरूलाई हुने सजायमा सन्तुलन कायम भएमा फौजदारी न्यायको मकशद र उद्देश्य पूरा हुने ।**

(प्रकरण नं.१७)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री निर्मला योङ्हा

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री सतिषकृष्ण खरेल र श्री कृष्णप्रसाद सापकोटा, विद्वान् अधिवक्ता पदम गिरी

सम्बद्ध कानून :

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

- भ्रष्टाचार निवारण ऐन, २०५९

<u>ठहर खण्ड</u>

१. प्रस्तुत मुद्दामा देहायका प्रश्नमा केन्द्रित रही न्याय निरूपण गर्नुपर्ने देखिन आयो।
   क. सवारी चालक अनुमति प्रदान गर्ने कार्यमा प्रतिवादीहरूको पदीय भूमिका एवम् दायित्व के कस्तो रहेको छ ?
   ख. प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेका हुन् होइनन् ?
   ग. प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय हुने हो होइन ?

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा, प्रतिवादीहरू उपर महाकाली यातायात व्यवस्था कार्यालय, महेन्द्रनगर कञ्चनपुरबाट सञ्चालित मोटरसाइक/स्कूटरको सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा अनुतीर्ण र अनुपस्थित भएका ८ जना परीक्षार्थीहरूलाई प्रवेशपत्रमा पास लेखि चेक लिष्टमा अन्यथा लेखिन गएको भनी यी प्रतिवादीहरू सम्मिलित परीक्षा समितिको बैठक बसी निर्णय गरी सवारी चालक अनुमतिपत्र दिई आफुलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले परीक्षाको परिणाम फेरबदल गरी भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १३ वमोजिम कसुर गरेको हुँदा सोही दफा बमोजिमको सजाय हुन मागदाबी लिई आरोपत्र दायर हुन आएको पाइन्छ ।

३. वारदात हुँदाका समयमा प्रतिवादीमध्येका सिताराम खनाल महाकाली अञ्चल यातायात कार्यालय महेन्द्रनगर कञ्चनपुरका तत्कालीन कार्यालय प्रमुख, प्रतिवादी योगेन्द्रप्रसाद गुप्ता रौनियार सोही कार्यालयका मेकानिकल इन्जिनियर रहेका र प्रतिवादी बाबुकाजी गिरी ट्राफिक प्रहरी कार्यालय महेन्द्रनगर कञ्चनपुरका प्रहरी निरीक्षक रहेकोमा विवाद देखिएन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५६(१) मा सवारी चालक अनुमतिपत्रको लागि दरखास्त दिने व्यक्तिहरूको परीक्षा लिनका लागि यातायात व्यवस्था कार्यालयका प्रमुख-अध्यक्ष, नेपाल सरकारले तोकिदिएको प्रहरी अधिकृत-सदस्य र नेपाल सरकारले तोकेको विशेषज्ञ-सदस्य रहने गरी ३ सदस्यीय परीक्षा समितिको व्यवस्था रहेको छ। तदनुरूप मिति २०७२/३/१६ देखि २०७२/३/२६मा महाकाली यातायात व्यवस्था कार्यालय, महेन्द्रनगर कञ्चनपुरबाट हलुका सवारी साधन मोटरसाईकल/स्कुटरको सवारीचालक अनुमतिपत्रको परीक्षा सञ्चालन गर्नका लागि कार्यालय प्रमुख प्रतिवादी सिताराम खनाल-अध्यक्ष, प्रहरी निरीक्षक प्रतिवादी बाबुकाजी गिरी-सदस्य र विशेषज्ञका रूपमा मेकानिकल ईन्जिनियर प्रतिवादी योगेन्द्रप्रसाद गुप्ता रौनियारसमेत भएको परीक्षा समिति गठन भएको देखिन्छ। उक्त परीक्षा समितिले सोही ऐनको दफा ४९ र ५० ले दिएको अधिकार प्रयोग गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने समय, स्थान निर्धारण गरी प्रयोगात्मक परीक्षा सञ्चालन गरी परीक्षामा उतीर्ण भएका व्यक्तिहरूको नाम, नामेसीसहितको चेक लिष्टका

आधारमा नतिजा प्रकाशन गरी परीक्षामा सफल भएका व्यक्तिहरूलाई चालक अनुमतिपत्र प्रदान गर्न अधिकार प्राप्त अधिकारीसमक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ । जसबाट परीक्षाको नतिजा प्रकाशन गरी सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कार्यमा कानूनत उक्त परीक्षा समितिमा संलग्न प्रतिवादीहरूको पदीय जिम्मेवारी एवम् दायित्व रहने कुरामा द्विविधा रहेन ।

४. अब प्रतिवादीहरूले प्रतिवादिहरूले आरोप दाबीबमोजिमको कसुर गरेका हुन होइनन् ? भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, प्रतिवादी सिताराम खनालले अनुसन्धान अधिकारीसमक्ष मैले कुनै पनि फेल परीक्षार्थीहरूलाई पास बनाई सवारी चालक अनुमतिपत्र वितरण गरेको छैन । मैले जानेसम्म केही परीक्षार्थीहरूले परीक्षा दिएको र पास पनि भएको तर चेक लिष्टमा चढाउँदा फरक परेपछि परीक्षा समितिले निर्णय गर्दा फिल्डबाट आएको चेक लिष्टलाई आधार मानी नतिजा प्रकाशन गरिएको हो, केही केरमेट भएकोमा तत्काल फिल्डमा खटिएका कर्मचारीले संकेत गरेको तथ्य सो वारेमा स्पष्टीकरण लेखुपर्नेमा छुटेको हुन सक्छ । एकैचोटी धेरै परीक्षार्थीहरूको परीक्षा लिँदा मानवीय त्रुटी भएको हुन सक्छ । तसर्थ कुनै प्रकारको बदनियत र मोलाहिजा राखी फेल वा अनुपस्थितलाई पास गराएको होइन भनी इन्कारी बयान गरेको र अदालतमा समेत सोही व्यहोरासँग मेल खाने गरी एउटै चेकलिष्ट ३ जना प्रतिनिधिसँग हुने हुँदा चेक लिष्टमा पास फेलको परिणाम चढाउँदा कहिकतै फरक परि केरमेट हुन सक्छ, कलुवा वडायकसमेतका ८ जनाको प्रवेशपत्रमा कहिकतै केरमेट भएको छैन । फिल्डबाट प्राप्त प्रतिवेदनअनुसार ८ जनाको नतिजा फरक परेको कुरा मिति २०७२/३/२७ को समितिको निर्णयमा केही पत्ता नलागेको र मिति २०७२/४/६ गते पछि निजहरूले पास भएको निस्सा लिई कार्यालयमा सवारी चालक अनुमतीपत्र लिन आउँदा मात्र निजहरूको नतिजामा अन्यथा भएको कुरा थाहा भएको हो । सो समस्या समाधानका लागि यातायात व्यवस्था विभागसँग मौखिक निर्देशन माग गरी र अन्य यातायात व्यवस्था कार्यालय समेतसँग सोधपुछ गरी परीक्षास्थलको अवस्था परीक्षार्थीहरूको हाजिरी तथा अन्य वस्तुगत अवस्थाको मूल्याङ्कन गरी निज व्यक्तीहरू पास भएको ठहर गरी निजहरूलाई सवारी चालक अनुमती पत्र दिने निर्णय गरिएको हो । गलत मनसायले सो कार्य गरेको नहुँदा आरोप दाबीबाट सफाई पाउँ भनि इन्कारी बयान गरेको पाइन्छ ।

५. त्यसैगरी प्रतिवादी योगेन्द्रप्रसाद गुप्ताले मौकामा प्रयोगात्मक परीक्षामा उप-समितले दिएको प्रतिवेदनअनुसार परीक्षा समितिले निर्णय गरेको छ । उपसमितिले बुझाएको प्रतिवेदनमा केरमेट भएको ठाउँमा पेस गर्ने व्यक्तिहरूले सानो सहिछाप गरेको देखिन्छ । आरोप दाबी झुठा हो भनी बयान गरेको र अदालतसमक्ष बयान गर्दा कलुवा वडायकसमेत ८ जना व्यक्तिहरूको प्रवेशपत्रमा फिल्डमा पास लेखिएको तर चेकलिष्टमा भूलवस अन्यथा लेखिन गएकोले समितिको बैठक बसी यस विषयमा छानविन गर्दा कार्यालय प्रमुखज्यूले विभाग र अरु कार्यालयहरूमा सोधपुछ गरी

प्रवेशपत्रमा पास लेखिएको आधारमा मिति २०७२/५/११ मा परीक्षा समितिको बैठक बसी निजहरूलाई सवारी चालक अनुमतिपत्र दिने निर्णय गरिएको हो । परीक्षाको परिणाम फेरबदल गरेको भन्ने आरोप गलत हो मैले आफूलाई लाभ हुने कुनै कार्य गरेको नहुदा सफाई पाउँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ ।

६. त्यसैगरी अर्का प्रतिवादी बाबुकाजी गिरीले मौकामा ट्राफिक प्रहरी प्रयोगात्मक परीक्षामा मात्र उपस्थित हुने र बाँकी लाइसेन्स वितरण गर्नेसमेतका सम्पूर्ण कार्य यातायात कार्यालयले नै गर्ने हो, २०७२/३/१६ देखि २०७२/३/२६ सम्म भएको मोटरसाइकलको प्रयोगात्मक परीक्षामा अनियमितता भएको छैन । आरोप दाबी झुठा हो भनी बयान गरेकोमा अदालतसमक्ष मोटरसाइकल/स्कुटरको लिखित परीक्षामा ३२११ जना सम्मिलित भै ५४ जना वर्ग थपका लागि लिखित परीक्षा दिनुपर्ने प्रावधान रहेकोले ३२६५ जनाले प्रयोगात्मक परीक्षा दिएको हो। ३/३ जनाको हातमा चेकलिष्ट हुने हुँदा रुजुगरी रिजल्ट तया गर्ने क्रममा केरमेट भएको हुन सक्छ, गलत मनसायले केरमेट गरेको होइन। परीक्षा समितिको मिति २०७२/५/११ को बैठक र निर्णयमा म अनुपस्थित छु । म २०७२/४/१० देखि २०७२/५/११ सम्म राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगँज काठमाडौँमा तालिममा रहेको हुँदा उक्त निर्णयमा मेरो संलग्नता छैन म उपरको दाबी झुठा भएको हुँदा सफाई पाउँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ ।

७. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ अन्तर्गत बनेको यातायात व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद ४ मा सवारी चालक अनुमतिपत्र वितरण सम्बन्धी कार्यविधिको व्यवस्था गरिएको छ भने सोको बुँदा नं. १२.१५ मा प्रयोगात्मक परीक्षा सञ्चालन सम्बन्धमा निम्न व्यवस्था रहेको छ ।

- विशेषज्ञ टोलीले सम्पूर्ण सदस्यको उपस्थितिमा अनिवार्य रूपमा परीक्षार्थीको कुल सङ्ख्या, प्रयोगात्मक परीक्षामा उपस्थित सङ्ख्या, अनुपस्थित सङ्ख्या, उत्तीर्ण र अनुत्तीर्ण सङ्ख्यासमेत उल्लेख गरी फिल्डमा नै माइन्यूट तयार गरी परीक्षार्थीको हाजिरीसमेत मिलान राखी परीक्षा समितिलाई सिफारिससहित प्रतिवेदन पेस गर्नु पर्ने,
- टोलीले पेस गरेको प्रतिवेदनका आधारमा परीक्षा समितिले अन्तिम नतिजा प्रकाश गर्ने,
- उक्त नतिजा कार्यालयको वेभसाइटमा समेत अनिवार्य राखी समितिबाट सिफारिस भएका योग्य परीक्षार्थीहरूको विवरण अधिकार प्राप्त अधिकारी वा निजले तोकेको अधिकारीले नतिजा स्वीकृत गर्नु पर्ने,
- नियमानुसार लाग्ने दस्तुर बुझाएपछि सवारी चालक अनुमतिपत्र वितरण गरिने,

- प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने निवेदकहरूको नतिजा कार्यालयमा कम्प्युटर इन्ट्री गराई रुजु गरी प्रमाणित गर्नु पर्ने,
- प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएको सङ्ख्या र व्यक्तिभन्दा फरक सङ्ख्या र व्यक्ति इन्ट्री हुन गएमा सोको सम्पूर्ण जिम्म्वारी प्रमाणित (Approve) गर्ने पदाधिकारीको नै हुने,

८. प्रमाणित गर्ने पदाधिकारी अधिकृतस्तरको हुनुपर्ने भनी निर्दिष्ट गरेको पाइन्छ । अनुसन्धानका क्रममा यातायायात व्यवस्था कार्यालय महेन्द्रनगरको च.नं ५८ मिति २०७२/४/२४ को पत्र एवम् सो साथ पेस हुन आएको फाइल नं ०२ बाट मिति २०७२/३/१६ देखि २०७२/३/२६ सम्म दुई पाङ्ग्रे सवारी साधन मोटरसाइकल/स्कूटरको प्रयोगात्मक परीक्षा सञ्चालन भएको र सो परीक्षा सञ्चालनका लागि फिल्डमा प्रहरी निरिक्षक प्रतिवादी बाबुकाजी गिरी, मेकानिकल सुपरभाइजर गुञ्जवहादुर खड्का, ना.सु. नरबहादुर थापा र खरिदार नरेन्द्रराज जोशीसमेत खटिएको भन्ने देखिन्छ । निजहरूले उक्त परीक्षाको चेकलिष्टमा हस्ताक्षर गरी प्रतिवेदनसहित परीक्षा समिति समक्ष मिति २०७२/४/१ मा पेस गरेको देखिन्छ ।

९. मिति २०७२/३/२७ गतेका दिन प्रतिवादी सिताराम खनालको अध्यक्षतामा सदस्य प्रतिवादी बाबुकाजी गिरी र सदस्य योगेन्द्रप्रसाद गुप्तासहितको परीक्षा सञ्चालन समितिको बैठक बसी उक्त मिति २०७२/३/१६ देखि २०७२/३/२६ सम्म सञ्चालित प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरूको प्रवेशपत्र नष्ट गर्ने निर्णय गरेको देखिन्छ । तत्पश्चात् मिति २०७२/४/१ गते बसेको परीक्षा समितिको बैठकबाट प्रयोगात्मक परीक्षास्थल फिल्डबाट प्राप्त चेकलिष्टका आधारमा परीक्षाफल प्रकाशित गरी सवारी चालक अनुमतिपत्र प्रदान गर्ने निर्णयसमेत गरेको देखिन्छ । उक्त चेकलिष्टमा सि.नं. २०२९१७१ N का अनिल चन्द A (अनुपस्थित), सि.नं. २०२२९२२ N का विराट चन्द फेल, सि.नं. २०२२३२२ N का हिरेन्द्र राना फेल, सि.नं. २०१६६८४ N का हर्क टमाटा A (अनुपस्थित), सि.नं. १८५६०५२ N का पदमराज भट्ट फेल, सि.नं. १८०३७०६ N की पार्वतीदेवी पन्त फेल र सि.नं. १७२९७८० N का कलुवा वडायक फेल भनी उल्लेख भएको प्रष्ट देखिन्छ ।

१०. यसरी फिल्डबाट प्राप्त उल्लिखित चेकलिष्टका आधारमा मिति २०७२।४।१ मा नतिजा प्रकाशन गर्ने निर्णय गरि नतिजा प्रकाशित भई मिति २०७२।४।६ बाट लाइसेन्स वितरणकार्यसमेत सुरू गरिसकेको अवस्थामा पछिबाट मिति २०७२।५।११ गतेका दिन प्रतिवादी सिताराम खनालको अध्यक्षतामा सदस्य योगेन्द्रप्रसाद गुप्ता र सदस्य जगत नेपाली संलग्न रहेको परीक्षा समितिको बैठक बसी "मिति २०७२।३।१६ देखि २०७२।३।२६ सम्म लिइएको दुई पांग्रे सवारी साधन मोटर साइकल तथा स्कुटरको सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षामा कलुवा वडायक, हिरेन्द्र राना, अनिल चन्द, राम बहादुर ऐडी, विराट चन्द, पार्वती देवी पन्त, हर्क टमाटा,

पदमराज भट्टसमेतका परीक्षार्थीहरूको प्रवेशपत्रमा पास लेखि भुलवस चेक लिष्टमा अन्यथा लेखिन गएकोमा प्रवेशपत्रमा सफल देखिएको र रुजु हाजिरी भिडाउँदासमेत उपस्थित देखिएकाले परीक्षाफलमा छुटमा समायोजन गर्न मनासिव देखियो" भनी टिप्पणी पेस गरी सो "पेस भए अनुसार परीक्षाफलमा पास लेखी छुटमा समायोजन गर्ने निर्णय गरियो" भनी प्रतिवादी सिताराम खनालको अध्यक्षतामा सदस्य प्रतिवादी योगेन्द्रप्रसाद गुप्ता र सदस्य जगत नेपाली संलग्न रहेको परीक्षा समितिबाट मिति २०७२।५।११ मा निर्णय भएको पाइन्छ ।

११. यसरी प्रयोगात्मक परीक्षामा पास, फेल र अनुपस्थित हुने व्यक्तिको नाम प्रष्ट खुलाई रुजु गरी फाईनल चेकलिष्ट तयार गरी परीक्षामा खटिएका चारैजना कर्मचारीले दस्तखत गरी चेकलिष्टसहितको प्रतिवेदन परीक्षा समितिमा बुझाई सोही आधारमा एउटा परीक्षा समितिले नतिजा प्रकाशन गरीसकेपछि परीक्षा समितिमा नयाँ सदस्य राखी पुनः निर्णय गरी पास जनाउने निर्णय गरेको स्पष्ट देखिन आयो । सो कार्य गर्न प्रतिवादीहरूलाई कुनै कानूनले अख्तियारी प्रदान गरेको छैन। यो यस्तो कानूनले दिएको अधिकार प्रयोग गरी कानूनद्वारा निर्दिष्ट प्रक्रिया अवलम्वन गरी सो निर्णय गरिएको हो भनी प्रतिवादीहरूले खुलाउन सकेको पनि पाइँदैन। यसरी परीक्षा प्रणालीप्रति नै अनास्था पैदा गर्ने गरी गैरकानूनी, गैरजिम्वेवारी एवम् स्वेच्छाचारीपूर्ण तवरले प्रतिवादीहरूबाट भएको उक्त कार्य स्वीकार्य हुन सक्दैन।

१२. प्रतिवादी सिताराम खनालले अदालतसमक्ष गरेको बयानमा परीक्षासम्बन्धी सम्पूर्ण कार्यहरू नियमानुसार नै गरिएको हो, धरैजना परीक्षार्थीको परीक्षा लिनुपर्ने भएकोले र कार्यालयको अन्य समस्याका कारण परीक्षार्थीहरूको नतिजा फरक पर्न गएकाले अन्य यातायात व्यवस्था कार्यालयहरूमा सोधी निजहरूबाट प्राप्त सुझावअनुसार यातायात व्यवस्था विभागको निर्देशनअनुसार नै कार्य गर्ने गरिएको हो भनी बेहोरा उल्लेख गरेको पाइन्छ । परीक्षार्थीको सङ्ख्याका आधारमा परीक्षाको व्यवस्थापन गर्नु परीक्षा समितिका अध्यक्ष एवम् कार्यालय प्रमुखको कर्तव्य तथा जिम्मेवारी हुन्छ ।परीक्षा समितिबाट रीतपूर्वक नतिजा प्रकाशन गरी कार्य सम्पन्न गरिसकेपछि सो कार्यमा संलग्न सदस्यको अनुपस्थितिमा नतिजा फेरबदल गरी चेकलिष्टबाट परीक्षामा अनुपस्थित र फेल भएको प्रष्ट देखिएका व्यक्तिहरूलाई पास गराउने गरी पुनः निर्णय गर्नु विधिको शासनको सिद्धान्त विपरित हुन जान्छ। तसर्थ धेरै जना परीक्षार्थी भएको हुँदा कहिले काहीं नतिजा फरक पर्न सक्छ भन्ने प्रतिवादीको भनाई स्वीकार्य हुन सक्दैन ।

१३. एकपटक नतिजा प्रकाशन गरी सकेपछि पनि परीक्षार्थीहरूको नतिजामा फरक पर्न गएको भनी नतिजा सच्याई निर्णय गर्न पाउने कानूनी अधिकार परीक्षा समितिमा रहेको भएको पाइँदैन । विशेषज्ञ टोलीबाट तयार गरेको चेकलिष्टमा अनिल चन्द र हर्क टमटा A (अनुपस्थित) रहेको प्रष्ट देखिन्छ तर परीक्षा समितिले गरेको उक्त निर्णयमा रुजु हाजिरी भिडाउँदा उपस्थित देखिएको भनि

उल्लेख भएको देखियो । यातायात व्यवस्था कार्यालय, महेन्द्रनगरबाट अनुसन्धानको क्रममा प्राप्त मिति २०७२।९।१६ को पत्रमा खुलाइएको बेहोराबाट अनुत्तीर्ण परीक्षार्थीहरूको प्रवेशपत्र नष्ट गर्दा मुचुल्का खडा गरेको देखिएन । यसरी उत्तिर्ण परीक्षार्थीको प्रवेशपत्रमा पास जनाइ फिर्ता दिने र अनुतीर्ण परीक्षार्थीको प्रवेश पत्र नष्ट गरिने कार्यविधि रहेको अवस्थामा विशेषज्ञ टोलीले तयार गरेको आधिकारीक चेकलिष्टमा उल्लिखित नतिजासँग मेल नखाने गरी परीक्षार्थीले लिई आएको प्रवेशपत्रलाई ग्रहण गरी सोही आधारमा पास जनाउने गरी निर्णय भएको देखिन्छ । यसरी परीक्षामा सहभागी नै नभएको व्यक्तिले पनि पास जनिएको प्रवेशपत्र लिई आएको देखिन्छ भने फेल हुनेले पनि पास जनिएको प्रवेशपत्र लिई आएको देखिन्छ । आधिकारिक रूपमा तयार भएको चेकलिष्ट अन्यथा नभई यथावत कायम रहेको देखिन्छ । अतः आधिकारीक रूपमा तयार भएको चेकलिष्टलाई मान्यता नदिई व्यक्तिगत तवरबाट पेस भएको प्रवेशपत्रका आधारमा पास जनाउने गरी परीक्षा समितिबाट मिति २०७२।५।११ मा भएको निर्णयको कार्य प्रकृतिबाट नै बदनियत रहेको प्रष्ट देखिन आयो । यसरी परीक्षाको परिणाम फेरबदल गर्ने गरि भएको उक्त मिति २०७२।५।११ को गलत निर्णयमा प्रतिवादी सिताराम खनाल, योगेन्द्रप्रसाद गुप्ता र जगत नेपालीको संलग्नता रहेको पाइन्छ । उक्त निर्णयमा प्रतिवादी बाबुकाजी बानियाको उपस्थिति रहेको देखिएन । उपस्थित देखिएका सदस्य जगत नेपालीलाई प्रतिवादी कायम गरेको नदेखिदा त्यसतर्फ विचार गरिरहन परेन।

१४. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ मा "सरकारी निकाय सार्वजनिक संस्थाबाट सञ्चालन गरिने परीक्षाको प्रश्नपत्र निर्धारित समयभन्दा अगावै अधिकार प्राप्त अधिकारीले विशेष परिस्थित परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा वाहेक कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा वा गर्न लगाएमा वा परीक्षाको परिणाममा फेरबदल गरेमा वा गर्न लगाएमा त्यस्तो राष्ट्रसेवकलाई तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना हुने" कानूनी व्यवस्था रहेको छ । उल्लिखित कानूनी व्यवस्थाको रोहमा हेर्दा, प्रतिवादीहरू राष्ट्रसेवक कर्मचारी भएकोमा विवाद भएन । माथि विवेचना गरिएबमोजिम मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमती पत्रका लागि सञ्चालित प्रयोगात्मक परीक्षामा अनुपस्थित रहेको एवम् परीक्षामा उपस्थित भई फेल भएका व्यक्ति अनिल चन्द, कलवा वडायकसमेतका ८ जना व्यक्तिहरूलाई पास गराउने वदनियतले प्रतिवादी सिताराम खनाल र योगेन्द्रप्रसाद गुप्ता रौनियारले परीक्षाको परिणाम फेरबदल गरी परीक्षाफलमा पास लेखी छुट समायोजन गर्ने निर्णय गरी अभियोग माग दाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन आयो।

१५. अब अर्का प्रतिवादी बाबुकाजी गिरीको हकमा हेर्दा, निज प्रतिवादी मौकामा तथा अदालतमा समेत आरोपित कसुरमा ईन्कारी बयान गरेको पाइन्छ । निज प्रतिवादीले अदालतसमक्ष परीक्षा समितिको मिति २०७२।५।११ को बैठकमा म अनुपस्थित छु सो निर्णयमा म संलग्न छैन, मिति २०७२।४।१० देखि २०७२।५।११ सम्म म केन्द्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगँजमा तालिममा सहभागी थिँए भनी बयान गर्दै सो को पुष्ट्याइँका लागि तालिम सम्पन्न प्रमाणपत्र, फिर्ता रवाना पत्र समेत पेस गरेको पाईन्छ। निजले पेस गरेको उक्त प्रमाण कागजातका सम्बन्धमा एकिन गर्नका लागि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगँज काठमाडौँमा पत्राचार गरिएकोमा प्र. नि. बाबुकाजी गिरी मिति २०७२।४।१० देखि मिति २०७२।५।११ सम्म सञ्चालित अपराध अनुसन्धान तालिममा सहभागी भई तालिम सम्पन्न गरेको हो भन्ने बेहोरा खुलाई तालिम सम्पन्न प्रमाणपत्रसमेत संलग्न गरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगँज काठमाडौँबाट मिति २०७६।५।२२ मा पत्र पठाएको देखिन्छ।त्यसैगरी प्रतिवादी सिताराम खनालको अध्यक्षतामा बसेको परीक्षा समितिको बैठकले परीक्षाफलमा छुट समायोजन गरी पास जनाउने गरी मिति २०७२।५।११ मा निर्णय गरेको भन्ने यातायात व्यवस्था कार्यालय, महेन्द्रनगर, कञ्चनपुरबाट प्राप्त सक्कल निर्णय पुस्तिकाबाट देखिन आयो।उक्त निर्णय पुस्तिका हेर्दा, यी प्रतिवादी परीक्षा सञ्चालन गर्ने, परीक्षाको नतिजा प्रकाशन गर्ने लगायतका निर्णयमा संलग्न रहेको देखिए तापनि परीक्षा समितिको मिति २०७२।५।११ को निर्णयमा संलग्न रहेको देखिएन।

१६. आरोपपत्रमा मिति २०७२।३।२७ मा प्रतिवादी सिताराम खनालको अध्यक्षतामा बसेको परीक्षा समितिको बैठकबाट परीक्षाफलमा छुट समायोजन गर्ने भनि बदनियतपूर्वक अनुपस्थित र फेल भएका व्यक्तिहरूलाई उत्तीर्ण गराउने निर्णय गरी आरोप दाबीबमोजिमको कसुर गरेको भन्ने अभियोग दाबी रहेको पाईन्छ तर सो निर्णय मिति २०७२।३।२७ मा भएको नभई मिति २०७२।५।११ मा भएको भन्ने सक्कल निर्णय पुस्तिकाबाट देखिन आयो।यसरी प्रतिवादी बाबुकाजी गिरी मिति २०७२।४।१० देखि २०७२।५।११ सम्म तालिममा रहेको अवस्थामा प्रयोगात्मक परीक्षामा अनुपस्थित र फेल भएका व्यक्तिहरूलाई पास गराउने उद्देश्यले पास जनाई छुट समायोजन गर्ने गरी परीक्षा समितिबाट मिति २०७२।५।११ मा निर्णय भएको प्रष्ट देखिन आयो। तसर्थ उक्त मिति २०७२।५।११ को निर्णयमा प्रतिवादी बाबुकाजी गिरीको संलग्नता रहेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा निज प्रतिवादी बाबुकाजी गिरीले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ ।

१७. अब कसुर ठहर भएका प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम के कति सजाय हुने हो भन्ने सम्बन्धमा विचार गर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अन्तर्गतको कसुर गर्ने राष्ट्रसेवक कर्मचारीलाई सोही दफा १३ बमोजिम तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार

रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना हुने "कानूनी व्यवस्था रहेको छ । यद्यपी प्रतिवादीले गरेको कसुरको मात्रा र सो कसुरबापत प्रतिवादीहरूलाई हुने सजायमा सन्तुलन कायम भएमा फौजदारी न्यायको मकशद र उद्देश्य पूरा हुने भएकोले प्रतिवादीहरूले गरेको कसुरको मात्रालाई दृष्टिगत गरी न्यूनतम सजाय गरेमा पनि ऐनको मकसद पुरा हुने हुँदा प्रतिवादी सिताराम खनाल र योगेन्द्रप्रसाद गुप्ता रौनियारलाई न्युनतम जनही ३ (तिन) महिना कैद र रु.५,०००।- (पाँच हजार) जरिवाना सजाय गर्न न्यायोचित एवम् मनासिव हुने देखियो ।

१८. तसर्थः यातायात व्यवस्था कार्यालय, महाकालीले मिति २०७२/३/१६ देखि ऐ २६ मा लिइएको प्रयोगात्मक परीक्षाको नतिजाको चेकलिष्टमा अनुत्तीर्ण एवम् उपस्थित भएका अनिल चन्दसमेत ८ जना व्यक्तिहरूलाई प्रतिवादीहरू सिताराम खनाल र योगेन्द्र प्रसाद गुप्तासमेतले मिति २०७२/५/११ मा भएको समायोजन निर्णयबाट उत्तीर्ण गराई सवारी चालक अनुमतिपत्र प्रदान गरी आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १३ बमोजिम जनही ३ (तिन) महिना कैद र रु.५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ ।

१९. प्रतिवादी बाबुकाजी गिरीको हकमा विचार गर्दा मिति २०७२/५/११ मा भएको समायोजन निर्णयमा निजको उपस्थिति र संग्लनता रहेको नदेखिँदा निजले आरोप दाबीबाट सफाई पाउने ठहर्छ ।

सदस्य **सदस्य** **सदस्य**

इजलास अधिकृतः बालकृष्ण लबजू

इति संवत २०७६ साल फागुन ५ गते रोज २ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती

सदस्य माननीय न्यायाधीश डा. रवि शर्मा अर्याल

फैसला

इजलास नं. २

मुद्दा नं. ०७५-CR-००४८

निर्णय नं. ७४

फैसला मिति : २०७६।१०।२०

मुद्दा :- राजश्व चुहावट गरी भ्रष्टाचार गरेको ।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत सूर्य प्रकाश सुवेदीको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : मालपोत कार्यालय, विराटनगरका तत्कालीन मालपोत अधिकृत हाल आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा शाखा अधिकृत पदमा कार्यरत वर्ष-५० को गौतमराज अमात्यसमेत

- **प्रतिवादीहरूले बदनियतपूर्वक कार्य गरी गैरकानूनी लाभ प्राप्त गरेको प्रत्यक्ष प्रमाणसमेत नरहेकोले लिखत पारित गरिदिएको आधारमा भ्रष्ट्राचार जस्तो गम्भीर प्रकृतिको कसुर ठहर गर्न न्यायको रोहबाट मनासिव नहुने ।**
- **प्रतिवादीहरूले गैरकानूनी लाभ प्राप्त गरेको भन्ने नदेखिएको, बदनियत तथा दुराशयवाटै घटी राजश्व लिने उद्देश्य रहेको पनि ठोस प्रमाणबाट पुष्टि हुन नसकेको र मूलतः आरोप दाबीअनुसारको नपुग राजश्व आरोपपत्र दायर हुनुभन्दा अघि नै असुल उपर भैसकेको अवस्थामा अभियोग दाबीअनुसारको कसुर भएको भन्न नमिल्ने ।**

(प्रकरण नं.१०)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री निर्मला योङ्हा

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री टीकाराम भट्टराई र श्री प्रवल शर्मा

सम्बद्ध कानून :

- निजामति सेवा ऐन, २०४९

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।
   क. आरोप दाबीअनुसार राजश्व हानी नोक्सानी भएको हो होइन ?
   ख. प्रतिवादीहरूले आरोप दाबीबमोजिम कसुर गरेका हुन्, होइनन् ?
   ग. आरोप दाबीअनुसारको कसुर भएको देखिए प्रतिवादीहरूलाई के कस्तो सजाय हुन सक्ने हो ?

२. उपर्युक्त विषयहरूतर्फ विचार गर्दा, मोरङ जिल्ला, साविक विराटनगर उप-महानगरपालिका वडा नं. ७ को सिट नं. १७८-०७४३-१२ कित्ता नं. २३७ क्षेत्रफल ६४०.१४ व.मी. जग्गा रूपरेखा अमात्य र रीता मल्लको नाममा मिति २०७२।१०।१३ मा हालैको बकसपत्र पारित गर्दा प्रतिवर्गमिटर रु.२०,०००।- का दरले जग्गाको मूल्य रु.१,२८,०२,८००।- र घरको मूल्य रु.१३,४७,९८४।- गरी जम्मा रु.१,४१,५०,७८४।- को रजिष्ट्रेशन शुल्क रु.२,१२,२६१।७६ असुलउपर गर्नुपर्नेमा घरजग्गाको मूल्य रु.१६,०४,०००।- मात्र कायम गरी रु.२४,०६०।- मात्र राजश्व दाखिला गरेको देखिंदा हेर्नपर्ने कागजात नहेरी स्थानीय निकायको घरबाटो प्रमाणित सिफारिससमेतका कागजात नराखी रु.१,८८,२०१।७६ राजश्व असुल नगरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरेको हुँदा प्रतिवादीहरू मालपोत कार्यालय मोरङका अधिकृत गौतमराज अमात्य, ना.सु. वासुदेव पोखरेल र ना.सु. राजकुमार थापाले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ७ तथा सोही दफाको देहाय (ख) अनुसारको कसुर गरेको हुदा निज प्रतिवादीहरूलाई ऐ ऐनको दफा ७ र दफा ३(१) बमोजिम सजाय हुन भनि आरोप दायर भएको देखियो ।

३. उल्लेखित आरोप दाबीअनुसारको कसुर नगरेको आरोप दाबीवमोजिमको राजश्व असुल भएको भनि कसुरमा इन्कार रही प्रतिवादीहरूले अदालतसमक्ष बयान गरेको परिप्रेक्ष्यमा आरोप दाबीअनुसारको राजश्व रकम हानी नोक्सानी भएको हो, होइन ? भन्ने विवादित पहिलो विषयतर्फ सर्वप्रथम विचार गर्नुपर्ने देखिएको छ ।

४. मालपोत अधिकृत गौतमराज अमात्य, ना.सु. वासुदेव पोखरेल र अर्का ना.सु. राजकुमार थापा मालपोत कार्यालय, विराटनगरमा कार्यरत रहँदाको अवस्थामा मिति २०७२।१०।१३ गते लक्ष्मीदेवी मल्लले आफ्ना नाउँमा दर्ता रहेको विराटनगर उप-महानगरपालिका वडा नं. ७ को सिट नं.१७८-०७४३-१२ कित्ता नं. २३७ क्षेत्रफल ६४०.१४ व.मी. कित्ताकाट गरी कि.नं. ३१९ बाट ३३८.६३ जग्गा रिता मल्ललाई र कि.नं. ३२० बाट ३०१.५१ जग्गा रूपरेखा अमात्यलाई हालैको बकसपत्र लिखत गरी पारित भएको भन्नेसम्मको तथ्य सम्बन्धित लिखत, मालपोत कार्यालय विराटनगरको पत्र, प्रतिवादीहरूको बयान, बुझिएका व्यक्तिहरूको भनाईसमेतबाट देखिएको छ । त्यस कुरामा सम्म विवादको अवस्था रहेको देखिएन । उक्त जग्गामा घरसमेत

रहेको भन्ने देखिएकोमा घर जग्गा नै लक्ष्मीदेवी मल्लले आफ्नै छोरीहरू रूपरेखा अमात्य र रीता मल्ललाई हालैको बकसपत्र लिखत पारित गरिदिँदा मालपोत कार्यालय मोरङ्गबाट रजिष्ट्रेशन प्रयोजनार्थ जारी गरिएको घरजग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसार प्रति वर्गमिटर रु.२०,०००।- का दरले हुने जग्गाको न्यूनतम मूल्य रु.१,२८,०२,८००।- र घरतर्फको मूल्य रु.१३,४७,९८४।- समेत जम्मा न्यूनतम मूल्य रु.१,४१,५,०७८४।- थैली कायम गर्नुपर्ने र सो को हुने रजिष्ट्रेशन दस्तुर रु.२,१२,२६१।७६ निर्धारण गरी असुल गर्नुपर्नेमा घरजग्गाको मूल्य रु १,६०,४०००।- मात्र कायम गरी रु २४,०६०।- मात्र राजश्व असुल भएको भन्नेसम्मको वस्तुगत विषयमा समेत प्रतिवादीहरूले अन्यथा भन्न सकेको देखिएन । उक्त जग्गा पिच सडकमा जोडिएको र घरसमेत रहेको भन्ने अनुसन्धानको सिलसिलामा सङ्कलन गरिएको मालपोत कार्यालय, विराटनगरको पत्रहरू समेतको प्रमाणहरूबाट देखिएको र त्यस तथ्यलाई प्रतिवादीहरूले स्वीकारै गरेको पाइएकोले बकसपत्र लिखत पारित हुँदाका अवस्थामा रु२,१२,२६१।७६ रजिष्ट्रेशन दस्तुर असुल हुनुपर्नेमा रु.२४,०६०।- मात्र असुल गरी लिखत पारित भएको भन्ने तथ्यमा समेत विवाद रहेको देखिएन ।

५. आरोप दाबीअनुसारको हानी नोक्सानी भएको भनिएको राजश्व रकम सम्बन्धित व्यक्तिहरूबाट दाखिला भईसकेको हुँदा राजश्व रकम हानी नोक्सानी नभएको भन्ने प्रतिवादीहरूको जिकिर रहेको देखियो । मिति २०७२।१०।१३ मा उपर्युक्तअनुसारको हालैको बकसपत्र लिखत पारित भएकोमा मूल्याङ्कन भिडाउँदा त्रुटि हुन गई भूलवश राजश्व घटी असुल हुन गएको भनि सम्बन्धित फाँटका ना.सु. वासुदेव पोखरेलले प्रतिवेदन दिएको आधारमा छुट राजश्व असुलीको प्रक्रिया अघि बढाई जग्गा रोक्का राखिएको, सम्बन्धित कर्मचारीलाई विभागीय कारवाही गरिएको, छुट भएको राजश्व मिति २०७३।७।२३ मा रु.१,५१,८७८।५१ र मिति २०७३।७।२४ मा रु १६,१०५।- असुल भएको भनि मालपोत कार्यालय, विराटनगरको मिति २०७३।७।३० को पत्रबाट देखिएको छ । त्यसैगरी सोही कार्यालयको मिति २०७५।५।३ च.नं. १३१६ को पत्रबाट थप नपुग देखिन आएको राजश्व रु.२०,२२०।- मिति २०७५।५।३ मा असुल भएको भन्नेसमेत देखिन आएको सोही कार्यालयको मिति २०७५।५।६ को च.नं. १५६० को पत्र समेतबाट देखिन आएकोमा प्रस्तुत आरोपपत्र मिति २०७५।५।२० मा दायर हुनुभन्दा अघि नै उल्लेखित बकसपत्र लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर दाखिला भैसकेको देखिन आएको छ । आरोपपत्रमा नै उल्लेखित वस्तुगत अवस्था स्पष्ट गरेको पाइएको र प्रतिवादीहरूको बयान व्यहोरा तथा मिसिल संलग्न रसिद तथा भौचरहरू समेतको प्रमाणबाट उपरोक्त तथ्य स्पष्ट हुन आएकोले लक्ष्मीदेवी मल्लले आफ्ना छोरीहरूलाई बकसपत्र लिखत पारित गरिदिँदा नियमनुसार लाग्ने रजिष्ट्रेशन दस्तुरको राजश्व दाखिला भइसकेको कुरामा थप विवेचना गरिरहन पर्ने देखिएन।

६. मिति २०७२।१०।१३ मा बकसपत्र लिखत पारित भएकोमा राजश्व चुहावट गर्ने कर्मचारीहरूलाई कारवाही हुन भनि मिति २०७३।६।३० मा उजुरी परेपछि मात्र ना.सु. वासुदेव पोखरेलले भूलवश घटी राजश्व असुल हुन गएको भनि प्रतिवेदन पेस गरेको आधारमा सम्बन्धित व्यक्तिबाट २०७३।७।२३, २४ मा र मिति २०७५।५।३० मा दाखिला गर्न लगाइएको भन्ने आरोपपत्र रहेको देखिन्छ ।बकसपत्र गरिदिने लक्ष्मीदेवी मल्लले उक्त जग्गामा घर छैन, ग्राभेल बाटोमा पर्ने भनि लिखतमा कबुलियतनामामा गरेको, नापी कार्यालयबाट कित्ताकाट भई आउँदा समेत घर बाटो नदेखाएको समेतको आधारमा त्रुटि भएको भन्ने मालपोत कार्यालय विराटनगरको च.नं. ७४३५ मिति २०७३।७।३० को पत्र व्यहोरा रहेको पाइन्छ । बकसपत्र दाता लक्ष्मीदेवी मल्ल वृद्धावस्था र विरामी अवस्थामा लिखत पास गर्न आएकोमा सोधपुछ गर्दा घर छैन, ग्राभेल बाटो भनेकाले विश्वासमा मूल्याङ्कन गरेको, बकसपत्र दिनेलिनेले झुठा विवरण दिई झुक्याएको जानकारी हुनासाथ छुट राजश्व दाखिल गर्न लगाएको भनि प्रतिवादी वासुदेव पोखरेलले अनुसन्धानको सिलसिलामा बयान गरेको देखिएको छ । अन्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयानबाट समेत सोही अवस्था देखिएको छ ।

७. जग्गाको हक छाडी दिएको लिखत पारित गर्न घरबाटो प्रमाणित व्यहोराको स्थानीय निकायको सिफारिससमेत निवेदनसाथ पेस गर्नुपर्ने अनिवार्यता रहेकोमा त्यसतर्फ सम्बन्धित कर्मचारी प्रतिवादीहरूले ध्यान दिएको देखिएन । बिरामी अवस्थाको वृद्धा रहेको भन्ने आधारमा निजबाटै कबुलियत गराई मूल्याङ्कन गरेको र लिखत पारित गरेको भन्ने प्रतिवादीहरूको भनाई रहेपनि नियमानुसार अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि प्रतिवादीहरूले पालना नगरेको देखिएकोमा त्यस हदसम्म त्रुटिपूर्ण कार्य भएको देखिएको छ । बकसपत्र लिखत गरिदिने र बकस पाउने दुवै पक्षले पनि घर बाटोको यथार्थ विवरण खुलाई दिनुपर्ने कानूनबमोजिमको कर्तव्य रहेकोमा झुठा विवरणको कबुलियत गरेको देखियो । त्यस्तो झुठा विवरण दिने व्यक्तिहरू बकसपत्र लिखत गरि दिने लक्ष्मीदेवी मल्ल तथा बकसपत्र पाउने रूपरेखा अमात्य र रीता मल्ल उपर कुनै दाबी गरेको देखिएन ।

८. घरबाटोको प्रमाणित सिफारिसको अभावमा बकसपत्र लिखत पारित गरिदिएको देखिएकोमा गैरकानूनी लाभ प्राप्त गर्ने र बकसपत्र लिने दिनेलाई फाइदा पुऱ्याउने उद्देश्यले घटी राजश्व हुने गरी बदनियत चिताई प्रतिवादीहरूले बकसपत्र लिखत पारित गरिदिएको हो कि भन्नेतर्फ हेर्दा, पछि असुल गरिएको राजश्वको परिमाणलाई दृष्टिगत गर्दा, बदनियत पूर्वक कार्य गरेको हुन सक्ने भनि अनुमानसम्म गर्न सकिने भए पनि त्यस किसिमको बदनियत पुष्टि हुने र प्रतिवादीहरूले लाभ प्राप्त गरेको प्रत्यक्ष प्रमाणको उपस्थिति देखिन सकेको छैन । लिखत पारित गर्दाको तत्कालीन अवस्थामा प्रतिवादीहरूले के, कस्तो लाभ प्राप्त गरेका हुन भन्ने कुरा प्रमाणबाट देखिन सकेको

छैन । बकसपत्र प्राप्त गर्ने रूपरेखा अमात्य र रीता मल्ल, निजहरूको तर्फबाट नपुग राजश्व दाखिला गर्ने अनुप पालिखे श्रेष्ठलगायतका अनुसन्धानको सिलसिलामा घटना विवरण कागज गरिदिने अन्य व्यक्तिहरूले समेत घटी राजश्व लिई लिखत पारित गरिदिएबापत प्रतिवादीहरूले यो, यस किसिमको लाभ वा सुविधा प्राप्त गरेका थिए भनि भन्न सकेको देखिँदैन । घटी राजश्व असुल भएको देखिएपछि नपुग राजश्व असुल गर्नुपर्ने भनि प्रतिवादी वासुदेव पोखरेललको प्रतिवदेनको आधारमा कारवाही हुँदाका अवस्थामा रूपरेखा अमात्य, रीता मल्ललाई नपुग राजश्व दाखिला गर्न भनि मिति २०७३।७।२२ मा सूचना गरेकोमा मिति २०७३।७।२३ र २४ गते नै नपुग राजश्व दाखिला गरेको देखिएको र पुन मूल्याङ्कन गर्दा अझै नपुग देखिएको राजश्व रकम मिति २०७५।५।३ मा समेत दाखिला गरेको देखिएकोमा उल्लेखित बुझिएका व्यक्तिहरूले अन्यथा बेहोरा भन्न सकेको नदेखिएबाट समेत प्रतिवादीहरूले लाभ प्राप्त गरेकोले जानीजानी प्रक्रियागत त्रुटि गरी घटी राजश्व लिई बक्सपत्र लिखत पारित गरिदिएको भन्न मिल्ने देखिएन ।

९. अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रक्रियागत त्रुटि प्रतिवादीहरूले गरेको र घटी राजश्व दाखिला गरेको देखिएकोमा निजहरू उपर विभागीय कारवाही गरिएकोमा निजामती सेवा ऐन, २०४९ को दफा ५५क.अनुसारको चेतावनी दिने गरी निर्णय भएको भन्ने मालपोत कार्यालय, विराटनगरको मिति २०७३।९।१४ च.नं. ९७६६ को पत्र, सो कार्यालयका प्रमुख नरेन्द्र पौडेलले अनुसन्धानको क्रममा गरेको कागज, प्रतिवादीहरूको बयानसमेतबाट देखिएको छ । रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयबाट जारी गरिएको घरजग्गा मूल्याङ्कन पुस्तिकाअनुसार जग्गा लिनेदिनेले झुठा विवरण, घरबाटो, सडक गलत वा फरक पारी लेखि लेखाई लिखत पारित गरे गराएमा पछि कहिँकतैबाट वास्तविकता खुल्न आई फरक परेको देखिन आएमा छुट भएको राजश्व सरकारी बाकी सरह सम्बन्धित जग्गा लिने व्यक्तिवाटै असुल गरिने छ भन्ने व्यवस्था रहेको देखिएको छ। तदनुरूप कारवाही भई नपुग राजश्व असुल उपरसमेत भैसकेको देखिएको छ ।

१०. उल्लिखित विवेचनाहरूबाट कि.नं. २३७ को जग्गा दर्तावाला लक्ष्मीदेवी मल्लले आफ्नै छोरीहरूलाई बकसपत्र लिखत गरिदिएको देखिएको छ । निज लक्ष्मीदेवीको उमेर तथा शारीरिक अवस्थालाई दृष्टिगत गरी निजहरूले कबुलियत लिखत गरि घरबाटो नरहेको भनेको आधारमा अनिवार्य रूपमा पेस हुनुपर्ने स्थानीय निकायको घरबाटो प्रमाणित सिफारिसको अभावमा नै लिखत पारित गरिदिएकोले घटी राजश्व कायम हुन गएको देखिए पनि पछि कारवाही गरी नपुग राजश्व रकम पुरै दाखिला भएको देखिँदा प्रस्तुत आरोपत्र पेस हुँदाका अवस्थामा राजश्व रकम बाँकी रहेको देखिएन यस अवस्थामा नेपाल सरकारलाई प्राप्त हुने राजश्व हानी नोक्सानी भएको भन्ने आरोप दाबी मिलेको देखिएन। लिखत पारित गर्दा आवश्यक पर्ने घर बाटोको सिफारिस बिना लिखत पारित गरेतर्फ विभागीय कारवाही भैसकेको देखिएको, बकसपत्र लिखत पारित गरिदिने लिने

लक्ष्मीदेवी अमात्य, रूपरेखा अमात्य र रीता मल्लले समेत गलत विवरण पेस गरेतर्फ निजहरू उपर कुनै दाबी लिएको नदेखिएको, प्रतिवादीहरूले बदनियतपूर्वक कार्य गरी गैरकानूनी लाभ प्राप्त गरेको प्रत्यक्ष प्रमाणसमेत नरहेकोले घर बाटो सिफारिस बेगर लिखत पारित गरिदिएको आधारमा भ्रष्ट्राचार जस्तो गम्भीर प्रकृतिको कसुर ठहर गर्न न्यायको रोहबाट मनासिव हुने देखिएन । तसर्थ, प्रतिवादीहरूले गैरकानूनी लाभ प्राप्त गरेको भन्ने नदेखिएको, बदनियत तथा दुराशयबाटै घटी राजश्व लिने उद्देश्य रहेको पनि ठोस प्रमाणबाट पुष्टि हुन नसकेको र मूलतः आरोप दाबीअनुसारको नपुग राजश्व आरोपपत्र दायर हुनुभन्दा अघि नै असुल उपर भैसकेको अवस्थामा प्रस्तुत अभियोग दाबीअनुसारको कसुर भएको भन्न मिल्ने देखिएन ।

११. अतः आरोप दाबीबमोजिमको राजश्व रकम सम्बन्धित पक्षबाट दाखिल भई सकेको देखिएको, प्रतिवादीहरूलाई विभागीय कारवाही भएको देखिएको, प्रतिवादीहरूले जानी जानी बदनियतपूर्वक लिखत पारित गरिदिएको पुष्टि हुने पर्याप्त प्रमाणको अभाव रहेको देखिँदा प्रस्तुत आरोप दाबीअनुसारको कसुर गरेको भन्न न्याय सङ्गत हुन सक्ने देखिएन । प्रतिवादीहरू गौतमराज अमात्य, वासुदेव पोखरेल र राजकुमार थापा उपरको आरोप दाबी पुग्न नसक्ने भई निजहरूले प्रस्तुत आरोप दाबीको कसुरबाट सफाई पाउने ठहर्छ ।

सदस्य **सदस्य**

इजलास अधिकृतः बालकृष्ण लबजू

इति संवत् २०७६ साल माघ २० गते रोज २ शुभम .....।

श्री विशेष अदालत काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरी

सदस्य माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारु

फैसला

इजलास नं. २

मुद्दा नं. ०७४-CR-००३२

कसुर ठहर निर्णय नं.१८

फैसला मिति : २०७६।०७।१९

सजाय निर्धारण निर्णय नं. १

प्रमाणीकरण मिति : २०७६।१०।१३

मुद्दा: सङ्कलित राजश्व दाखिला नगरी चुहावट गरी भ्रष्टाचार गरेको ।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत पदमराज पाण्डेयको प्रतिवेदनले नेपाल सरकारसमेत

विरूद्ध

प्रतिवादी : यातायात व्यवस्था कार्यालय, बागमतीको लेखापाल पदमा कार्यरत जनककुमारी रिजालसमेत

- **सेवाग्राहीबाट राजश्वबापत नगद वा चेक लिई सकेपछि बाध्यात्मक रूपमा सोको रसिद दिई प्रत्येक रसिदबमोजिमको आम्दानी बैङ्क दाखिला गर्नु लेखापालको कर्तव्य एवम् जिम्वेवारी हुने।**

(प्रकरण नं.११)

- **भ्रष्टचारसम्बन्धी कसुरमा कसुरदारलाई हुन सक्ने सजायको फराकिलो दायरा (Range) लाई मध्यनजर गरी कसुरको गम्भिरता, कसुरदारको दोषीपना (Culpability) र जोखिम (Risk) समेतको आधारमा कसुरदारलाई हुने सजाय निर्धारण गर्नुपर्ने ।**

(प्रकरण नं.२०)

वादीका तर्फबाट : विद्वान् उप-न्यायाधिवक्ता श्री कृष्णमोहन कोइराला

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री सुमनप्रसाद घिमिरे, श्री सुशील पोखरेल, श्री गोपी शर्मा सुवेदी, श्री चित्रदेव जोशी र श्री भरतप्रसाद खत्री

अवलम्बित नजिर :

- ने.का.प. २०७३ नि.नं. ९६५३
- ने.का.प. २०७३ नि.नं. ९८४४
- ने.का.प. २०७५ नि.नं. ९९२४

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९
- फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४

कसुर निर्धारण खण्ड

१. प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूमा केन्द्रित रही न्याय निरुपण गर्नुपर्ने देखिन आयो।

(क) मिति २०७२।५।२९ को चेक नं. ०३०६४५नं. को रु.२३,७३,०००।- को चेक २ पटक प्रयोग गरी नगदी रसिद लिई अर्थात् एउटै चेकको रकमबाट २ लट मोटरसाईकल दर्ता भएको हो होइन ? मोटरसाईकल दर्ता भएअनुसारको राजश्व रकम बैङ्क दाखिला भएको छ छैन ?

(ख) रसिदबमोजिमको राजश्व दाखिल सम्बन्धमा सम्बन्धित लेखापाल जिम्मेवार हुनुपर्ने हो होइन ?

(ग) आरोप दाबीबमोजिमको कसुरमा प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ ?

२. सर्वप्रथम, एउटा चेक प्रयोग गरी २ लट मोटरसाईकल दर्ता भएको हो होइन? मोटरसाईकल दर्ता भएअनुसारको राजश्व रकम बैङ्क दाखिला भएको छ छैन? भन्ने पहिलो प्रश्नतर्फ विवेचना गरी हेर्दा, प्रतिवादीहरू यातायात व्यवस्था कार्यालय, मोटरसाईकल बागमतीका लेखापाल जनककुमारी रिजाल, स्याकार ट्रेडिङ्ग कम्पनी प्रा.लि. का कर्मचारी ठाकुर के.सी. र दिनेश बोहराको मिलेमतोमा मिति २०७२।५।३१ मा रु.२३,७३,०००।- को ०३०६४५ नं. को चेकबाट नगदी रसिद जारी गरी सो रसिद र चेकसमेत फिर्ता लिई उक्त चेक मिति २०७२।०६।१२ मा बैङ्कमा जम्मा गरी भौचर लिई भौचरका आधारमा अर्को काउण्टरबाट नगदी रसिद लिई मोटरसाईकलहरू दर्ता गरी उक्त नगदी रसिदहरू कम्पनीमा पेस गरी हिसाब मिलान गरेको र नगदी रसिदबमोजिमको राजश्व बैङ्कमा दाखिला नगरी राजश्व चुहावट गरेका हुँदा प्रतिवादी जनककुमारी रिजाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) बमोजिमको कसुरमा सोही दफाबमोजिम जरिवाना र दफा ३(१) र ३(१)(च) बमोजिम सजाय हुन र प्रतिवादीहरू ठाकुर के.सी. र दिनेश बोहरालाई सोही ऐनको दफा २२ को कसुरमा दफा ७, दफा ३(१) र दफा ३(१)(च) ले हुने सजायमा दफा २२ बमोजिम सजायको मागदाबी लिई आरोपपत्र दायर हुन आएको पाइयो।

३. प्रतिवादी जनककुमारी रिजाल यातायात व्यवस्था कार्यालय, मोटरसाईकल बागमती, ताल्छिखेल, ललितपुरमा कम्पनी काउन्टरमा कार्यरत रहेकोमा विवाद देखिएन। प्रतिवादीमध्येका ठाकुर के.सी. स्याकार ट्रेडिङ्ग कम्पनी प्रा.लि.का.कर्मचारी र प्रतिवादी दिनेश बोहरा उक्त कम्पनीका मोटरसाईकल दर्ता गर्नका लागि खटाइएका प्रतिनिधि रहेकोमा समेत विवाद देखिएन। प्रतिवादी जनककुमारी रिजालले अनुसन्धानको क्रममा र अदालतमा समेत "मिति २०७२।५।३१ मा कार्यालयको कम्पनी काउन्टरबाट स्याकार कम्पनीका ३२१ थान नयाँ मोटरसाईकल दर्ता गर्दा लाग्ने दस्तुर बापत स्याकार कम्पनीको चेक नं. ०३०६४५ को रु.२३,७३,०००।-को एकाउण्ट पेयी (A/C Payee) चेक लिई रसिद नं. १०८८३६५२ देखि १०८८३६५६ सम्मका रसिद जारी गरेको हुँ। रसिद प्राप्त गरिसकेपछि स्याकार कम्पनीका प्रतिनिधि प्रतिवादी दिनेश बोहराले अफिस प्रयोजनका लागि फोटोकपी गरेर ल्याइदिन्छु भनी उक्त चेक लिई गएका र फिर्ता नल्याएका कारण सो रकम हालसम्म कार्यालयको खातामा जम्मा हुन नसकेको हो। सो कुरा मैले कार्यालयमा भोलिपल्टै मौखिक जानकारी गराएकी थिएँ भने मिति २०७२।७।१ मा लिखित निवेदन दिई जानकारी गराएकी थिएँ" भनी मिति २०७२।५।३१ का दिन चेक नं. ०३०६४५ को चेकमा उल्लिखित रकम रु २३,७३०००।- बराबरको रसिद जारी गरी सो रसिद र चेकसमेत प्रतिवादी दिनेश बोहरालाई नै फिर्ता दिएको तथ्य स्वीकार गरी बयान गरेको पाइयो।

४. त्यसैगरी, प्रतिवादी ठाकुर के.सी.ले अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुरमा इन्कारी रहे तापनि सडक सुधार, निर्माण कर तिर्नका लागि प्रतिवादी दिनेश बोहरालाई रु.२३,७३,०००।- को एकाउन्ट पेयी चेक दिई पठाएकोमा निजले चेक दाखिल गरेको तर रसिद नल्याएको हुँदा निजलाई सोद्धा लेखापाल जनककुमारी रिजालले २/४ दिनपछि रसिद दिन्छु भनी पठाएको बताएको र आर्थिक वर्षको अन्तिम दिन रसिद लिन जाँदा पनि नदिएपछि कार्यालय प्रमुख समक्ष गएकोमा निज जनककुमारी रिजालले राजश्व गाडीतर्फ वा लाइसेन्सतर्फ कतापट्टि जम्मा भयो हेरेर दिन्छु भनेकोमा ताकेता गर्दासमेत रसिद दिन आलटाल गरेकी, त्यसपछि सडक सुधार कर दाखिल गर्नका लागि दिनेश बोहरालाई मिति २०७२।५।२९ मा रु.२३,७३,०००।- को चेक दिई पठाएकोमा सोको रसिद र चेकसमेत फिर्ता ल्याई रसिद पहिलाको हिसाबको हो, यो चेकबाट अर्को पटक मोटरसाईकल दर्ता गर्नुपर्छ भनी चेक मलाई दिएकोमा सो चेक पुनः लगी मोटरसाईकल दर्ता गरी सोको रसिद काटेर ल्याएको हो, पुरानो हिसाब मिल्यो होला भन्ने लागेको हो, मैले दिनेशलाई जिम्मा दिएको हुँदा उसैले सबै गर्ने हो भन्ने बेहोरा उल्लेख गर्दै सो चेकबाट दुई पटक रसिद काटेको तथ्य स्वीकार गरी बयान गरेको पाइयो। त्यसैगरी अर्का प्रतिवादी दिनेश बोहराले समेत अनुसन्धानको क्रममा र अदालतमा आरोपित कसुरमा इन्कारी रहे तापनि प्रतिवादी जनककुमारी रिजालले पुरानो रु.२३,७३,०००।- को रसिद नदिएको हुँदा मैले मिति

२०७२।५।३१ मा चेक नं. ०३०६४५ को चेक पेस गरी रसिदहरू कटाई सेवा लिई सकेपछि फोटोकपी गरी फिर्ता ल्याइदिन्छु भनी चेक लिई रसिद र सो चेक ठाकुर के.सी. लाई दिएको हुँ। पछि सोही चेक २०७२।६।१२ मा राष्ट्रिय वाणिज्य बैङ्कमा जम्मा गरी भौचर ल्याई पुनः अर्को मोटरसाईकलको रसिद कटाई ल्याएको हो भन्ने तथ्य स्वीकार गरी बयान गरेको पाइयो।

५. मौकामा कागज गर्ने तत्कालीन कार्यालय प्रमुख ईश्वरराज दाहालले लेखापाल जनककुमारी रिजालले घटनाका सम्बन्धमा समयमै जानकारी नगराई रसिदको आम्दानी जनिन गई नगदी रसिदबापतको सेवा प्रदान भइसकेको हुँदा समयमा नै रसिद रद्द गर्न नसकिएको हो, सुरक्षा प्रबन्ध गर्न सकिने अवस्था हुँदा हुँदै समयमा जानकारी नगराई जनककुमारी रिजाल आफ्नो जिम्मेवारीबाट विमुख रहन गएको देखिन्छ भनी मौकाको कागज बेहोरा समर्थित हुने गरी बकपत्र गरिदिएको पाइयो। त्यसैगरी मौकामा बुझिएका लेखा अधिकृत विनोद धमला, सोही चेकको भौचरका आधारमा रसिद काट्ने अर्को काउन्टरका लेखापाल जबीनराम श्रेष्ठसमेतले मौकाको बेहोरा समर्थन गरी बकपत्र गरिदिएको पाइयो ।

६. प्रतिवादी दिनेश बोहराले मिति २०७२।५।३१ मा ३२१ थान नयाँ मोटरसाईकल दर्ताका लागि मिति २०७२।५।२९ मा जारी भएको चेक नं. ०३०६४५ को रु.२३,७३,०००।-को चेक जनककुमारी रिजाललाई दिई सो रकम बराबरको रसिद काट्न लगाई सो रसिदअनुसारको सेवा लिएपछि उक्त चेक दिनेश बोहराले नै फिर्ता लगेको भन्ने तथ्य प्रतिवादीहरू तीनै जनाको बयान ब्यहोराबाट खुल्न आएको पाइयो। यसरी मिति २०७२।०५।३१ मा फिर्ता लिई गएको उक्त चेक नं. ०३०६४५ को रु.२३,७३,०००।-को चेक मिति २०७२।६।१२ मा राष्ट्रिय वाणिज्य बैङ्क, शाखा कार्यालय, ललितपुरमा दाखिला गरी भौचर लिई सो भौचर पेस गरी जबीनराम श्रेष्ठ कार्यरत रहेको अर्को काउन्टरबाट पुनः रसिद काटी अर्को लट मोटरसाईकल दर्ता गरेको तथ्य स्थापित हुन आयो ।

७. उक्त मिति २०७२।५।२९ को चेक नं. ०३०६४५ को रु.२३,७३,०००।- रकमबाट मिति २०७२।५।३१ मा निम्नबमोजिमका रसिद जारी भई निम्नबमोजिमका मोटरसाईकल दर्ता भएको भन्ने यातायात व्यवस्था कार्यालय, मोटरसाईकल बागमती, गुर्जुधारा, काठमाडौंको च.नं. ७२२८ मिति २०७६।१।१३ को पत्रसाथ संलग्न नगदी रसिद र चेक नं. ०३०६४५ दर्ता उल्लेख भएको टिपोट साथै स्याकार कम्पनी लि.ले यातायात व्यवस्था कार्यालयलाई लेखेको मिति २०७३।९।७ को पत्रसाथ संलग्न मिति २०७२।१।१ देखि २०७२।७।३० सम्मको विवरणबाट देखिन आयो।

र.नं.	मोटरसाईकल नं.		थान
१०८८३६५२	बा. ७० प.	७३७९-७४४१	६३

१०८८३६५३	बा. ७० प.	७४४२-७५०६	६५
१०८८३६५४	बा. ७० प.	७५०७-७५६९	६३
१०८८३६५५	बा. ७० प.	७५७०- ७६३४	६५
१०८८३६५६	बा. ७० प.	८१६०-८२२४	६५
			जम्मा थान ३२१

८. यसरी मिति २०७२।५।३१ मा रसिद जारी भई सो आधारमा माथि उल्लेख भए मुताबिकका ३२१ थान मोटरसाईकल दर्ता भएको देखिएको तर आम्दानी रसिदबमोजिमको राजश्व (चेक नं. ०३०६४५ को रु.२३,७३,०००।- को चेक) सो मितिमा बैङ्कमा दाखिला नभई मिति २०७२।६।१२ मा मात्र चेक दाखिला भएको भन्ने राष्ट्रिय वाणिज्य बैङ्क लि., शाखा कार्यालय, ललितपुरको मिति २०७६।१।३१ को पत्रसाथ संलग्न बैङ्क भौचर एवम् यातायात व्यवस्था कार्यालय, मोटरसाईकल बागमती गुर्जुधारा काठमाडौको मिति २०७६।१।१३ को पत्रबाट देखिन आयो।

९. मिसिल संलग्न राष्ट्रिय वाणिज्य बैङ्क लि., शाखा कार्यालय ललितपुरको उक्त मिति २०७६।१।३१ को पत्रसाथ संलग्न बैङ्क भौचर, यातायात व्यवस्था कार्यालय, मोटरसाईकल बागमती, गुर्जुधाराको मिति २०७६।१।१३ को पत्र, स्याकार कम्पनी लि.ले यातायात व्यवस्था कार्यालयलाई लेखेको मिति २०७३।९।७ को पत्रसाथ संलग्न बैङ्क भौचर एवम् राजश्व रकम समेतको विवरणबाट सोही चेक नं. ०३०६४५ को रु.२३,७३,०००।- को चेक मिति २०७२।६।१२ मा राष्ट्रिय वाणिज्य बैङ्क लि., शाखा कार्यालय, ललिपुरमा जम्मा गरी भौचर ल्याई सोही भौचरका आधारमा लेखापाल जबीनराम श्रेष्ठ कार्यरत काउन्टर नं. १ मा गई पुनः निम्नबमोजिका रसिद काटी लिई सो रसिदबाट निम्नबमोजिमका मोटरसाईकल दर्ता गरेको देखिन आयो।

र.नं.	मोटरसाईकल नं.		थान	रु.
१०८९४०९०	बा. ७० प.	९६५८-९७२२	६५	४,५५,०००।-
१०८९४०९१	बा. ७० प.	९५९३-९६५७	६५	४,५५,०००।-
१०८९४०९२	बा. ७० प.	८५४८-८६१२	६५	४,५५,०००।-
१०८९४०९३	बा. ७० प.	४६९३-४७५५	६३	५,०४,०००।-
१०८९४०९४	बा. ७० प.	४७५६-४८१८	६३	५,०४,०००।-
			जम्मा थान ३२१	जम्मा रु.२३,७३,०००।-

१०. माथि उल्लिखित विवरण एवम् प्रतिवादीहरूको बयान ब्यहोरा समेतबाट मिति २०७२।५।३१ मा प्रतिवादी जनककुमारी रिजाल कार्यरत रहेको कम्पनी काउन्टरमा चेक नं. ०३०६४५ को

चेक पेस गरी रसिद काट्न लगाई सो रसिदबाट मोटरसाईकल दर्ता गराएको तर सो चेक बैङ्क दाखिल हुन नदिई फिर्ता लगी चलाखीपूर्वक पुनः सोही चेक मिति २०७२।६।१२ मा बैङ्कमा दाखिल गरी भौचर लिई सो भौचर पेस गरी जबीनराम श्रेष्ठ कार्यरत अर्को काउन्टरबाट रसिद काटी लिई अर्को लट मोटरसाईकल दर्ता गराएको भन्ने तथ्यमा द्विविधा रहेन। यसरी मिति २०७२।५।३१ मा ३२१ थान र मिति २०७२।६।१२ मा ३२१ थान गरी जम्मा ६४२ थान मोटरसाईकल दर्ता हुन आएकोमा केवल ३२१ थान मोटरसाईकलको राजश्व मात्र (चेक नं. ०३०६४५ को रु.२३,७३,०००।-) बैङ्क दाखिला भएको देखियो भने मिति २०७२।५।३१ को ३२१ थान मोटरसाईकलको राजश्व रकम बैङ्क दाखिला भएको देखिएन। जसबाट प्रतिवादीहरूको मिलेमतोमा एउटै चेकबाट दुई पटक नगदी रसिद काटी २ लट मोटरसाईकल दर्ता गराउन सफल भएको तथ्य पुष्टि हुन आयो ।

११. अब, रसिदबमोजिमको राजश्व बैङ्क दाखिल गर्ने सम्बन्धित लेखापाल जिम्मेवार हुनुपर्ने हो, होइन भन्ने दोस्रो प्रश्नतर्फ विवेचना गरी हेर्दा, आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा "जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको छ। प्रतिवादी जनककुमारी रिजाल यातायात व्यवस्था कार्यालय, मोटरसाईकल बाग्मती, ताल्छीखेल, ललितपुरमा कम्पनी काउण्टरमा लेखापालको जिम्मेवारी लिई कार्यरत रहेकोमा द्विविधा रहेन। यातायात व्यवस्था कार्यालय, मोटरसाईकल बागमतीको मिति २०७३।११।३० को पत्रबाट प्रतिवादी जनककुमारी रिजालले २०७१।७।१ देखि २०७२ असार मसान्तसम्म प्रत्येक दिन सङ्कलन गरेको राजश्व रकम बैङ्क दाखिला गर्दा घटीबढी देखिएको, जसअनुसार २०७१ सालको कार्तिक, पौष, माघ, फाल्गुन र २०७२ सालको बैशाखमा सङ्कलित राजश्वभन्दा घटी रकम बैङ्क दाखिला गरेको र २०७१ सालको मङ्सिर, चैत्र र २०७२ सालको जेठ, असार मसान्तमा सङ्कलित राजश्वभन्दा बढी रकम बैङ्क दाखिला गरी २०७२ असार मसान्तमा सङ्कलित राजश्व र बैङ्क दाखिला रकम बराबर रहेको देखिन आयो। जसबाट प्रतिवादी जनककुमारी रिजालले सङ्कलन भएको राजश्व नियमित रूपमा बैङ्क दाखिला गर्ने गरेको पाइएन। सेवाग्राहीबाट राजश्व बापत नगद वा चेक लिई सकेपछि बाध्यात्मक रूपमा सोको रसिद दिई प्रत्येक रसिदबमोजिमको आम्दानी बैङ्क दाखिला गर्नु लेखापालको कर्तव्य एवम् जिम्वेवारी हुन्छ। राजश्व बापत चेक लिई रसिद जारी गरिसकेपछि बैङ्कमा जम्मा गर्नुपर्ने चेक बैङ्क दाखिला नगरी सेवाग्राही प्रतिवादी दिनेश बोहरालाई नै फिर्ता दिने कार्य गरेको देखिएबाट लेखापालले चरम लापरवाही गरी राजश्व हिनामिना गरेको प्रष्ट देखिन आयो। यसरी प्रतिवादी जनककुमारी रिजालले

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ ले निर्दिष्ट गरेबमोजिम इमान्दारीपूर्वक पदीय जिम्मेवारी बहन गरेको पाइएन ।

१२. आरोप दाबीबमोजिमको कसुरमा प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ ? भन्ने तेस्रो प्रश्नतर्फ हेर्दा, प्रतिवादी जनककुमारी रिजालको हकमा माथि विवेचना गरिएबमोजिम मिति २०७२।५।३१ मा प्रतिवादी दिनेश बोहराबाट सडक सम्भार दस्तुरका लागि मिति २०७२।५।२९ को चेक नं. ०३०६४५ को रु.२३,७३,०००।-को एकाउण्ट पेयी (A/C Payee) चेक प्राप्त गरी लिई सो बराबरको नगदी रसिद काटी सकेपछि सो रसिद तथा चेकसमेत निज प्रतिवादीलाई नै फिर्ता दिने कार्य गरी निजले सङ्कलित राजश्व बैङ्क दाखिला नगरी राजश्व चुहावट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) बमोजिमको कसुर गरेको पुष्टि हुन आयो ।

१३. त्यस्तै प्रतिवादीहरू ठाकुर के.सी. र दिनेश बोहराको हकमा विचार गर्दा, प्रतिवादी जनककुमारी रिजालले मिति २०७३।३।२३ मा दिनुपर्ने रु.२३,७३,०००।- बराबरको रसिद नदिएको हुँदा मिति २०७३।५।३१ मा उक्त चेक नं. ०३०६४५ को चेक दिई रसिद प्राप्त गरेपछि चेकसमेत फिर्ता लिई गएको र अघिल्लो रकमको लागि सो रसिद कम्पनीमा पेस गरेको हो, प्रतिवादी जनककुमारी रिजालले अघिल्लो चे.नं. ६०२४१७ को रसिद नदिएको हुँदा कार्यालय प्रमुख समक्ष गई सो कुरा बताएको भन्ने प्रतिवादी ठाकुर के.सी. समेतको भनाई रहेको पाइयो । निश्चय पनि लाग्ने राजश्वबापत रकम बुझाएपछि सोको रसिद प्राप्त गर्ने हक सेवाग्राहीको हुन्छ। रसिद दिनुपर्ने कर्तव्य भएको व्यक्तिले रसिद नदिएमा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी रसिद प्राप्त गर्ने हक सेवाग्राहीमा सुरक्षित रहन्छ। तर प्रतिवादीहरूले रसिद प्राप्त गर्नका लागि आवश्यक कारवाही चलाएको भन्ने लिखित प्रमाणबाट देखिन आएन। प्रतिवादी जनककुमारी रिजाललाई ताकेता गरेको, कार्यालय प्रमुखकोमा जाँदा तलबाट मिलाउनु भनेको भन्ने जस्ता प्रतिवादीको मौखिक कथनको प्रामाणिक महत्त्व हुँदैन। स्वयं स्याकार कम्पनी लि.बाट बागमती अञ्चल यातायात व्यवस्था कार्यालय, सतुङ्गल, काठमाडौंलाई पठाएको च.नं. ३४३ मिति २०७३।९।७ को पत्रसाथ संलग्न २०७२।१।१ बाट २०७२।७।३० सम्मको राजश्व रकमसम्बन्धी विवरणबाट उक्त मिति २०७२।३।२३ को चे.नं. ६०२४१७ को रु २३,७३०००।- को रसिद जारी भई निम्नबमोजिमका ३२१ थान मोटरसाईकल दर्ता भैसकेको देखिँदा यस अवस्थामा रसिद जारी नभएको भनी मान्न मिलेन।

र.नं.	मोटरसाईकल नं.		थान	रु.
१०५२६९२९	बा. ७० प.	४६९८-४७६२	६५	४,५५,०००।-
१०५२६९२८	बा. ७० प.	४४१७-४४८१	६५	४,५५,०००।-

१०५४३४३८	बा. ७० प.	४४८२-४५४४	६३	५,०४,०००।-
१०५५०१७८	बा. ७० प.	४३५४-४४१६	६३	५,०४,०००।-
१०५२६९२७	बा. ७० प.	४९२४-४९८८	६५	४,५५,०००।-
			जम्मा थान ३२१	जम्मा रु.२३,७३,०००।-

१४. तसर्थ, प्रतिवादी दिनेश बोहराले मिति २०७२।५।३१ का दिन प्रतिवादी जनककुमारी रिजाल कार्यरत रहेको कम्पनी काउन्टरमा गई ०३०६४५ को रु.२३,७३,०००।- को चेक दिई सो बराबरको नगदी रसिद प्राप्त गरी सोबाट ३२१ थान मोटरसाईकल दर्तासमेत गरी निज जनक कुमारीबाट उक्त ०३०६४५ को चेक फिर्ता लिई पुनः सोही चेक काउन्टरमा पेस गर्दा थाहा हुन सक्ने अवस्थालाई विचार गरी चलाखीपूर्ण ढङ्गबाट बैङ्क भौचरमा चेक नं. समेत उल्लेख नगरी सो चेक बैङ्कमा दाखिला गरी भौचर लिई कम्पनी काउन्टरमा नगई अर्को काउन्टरमा गई सो भौचर पेस गरी सो आधारमा रु.२३,७३,०००।- बराबरको नगदी रसिद लिई पुनः ३२१ थान मोटरसाईकल दर्ता गरेको देखिन आएबाट प्रतिवादीले एउटै चेक प्रयोग गरी अर्थात् एउटै चेकको रकमबाट २ लट मोटरसाईकल दर्ता गरी कानूनतः लाग्ने राजश्व दाखिला नगरी राजश्व छली चुहावट गरी आरोपित कसुर गरेको पुष्टि हुन आयो।

१५. त्यसैगरी, अर्का प्रतिवादी ठाकुर के.सी. ले दिनेश बोहरालाई २०७२।५।३१ मा ०३०६४५ को रु.२३,७३,०००।- को चेक दिई सडक सम्भार दस्तुरको रसिद काट्न लगाएको, दिनेश बोहराले जनककुमारी रिजाललाई उक्त चेक दिई रसिद काट्न लगाई सेवा लिई सकेपछि उक्त नगदी रसिद र फिर्ता लिएको चेकसमेत लगी प्रतिवादी ठाकुर के.सी. लाई दिएको, सोको केही दिनपछि अर्थात मिति २०७२।६।१२ मा ठाकुर के.सी.ले सोही चेक दिनेश बोहरलाई दिई निज दिनेश बोहराले सो चेक बैङ्क दाखिला गरी भौचर लिई कम्पनीहरूका लागि खोलिएको कम्पनी काउन्टरमा पेस नगरी अर्कै काउन्टर (लेखापाल जबीनराम श्रेष्ठ कार्यरत) मा पेस गरी सो भौचरका आधारमा पुनः अर्को लट मोटरसाईकलका लागि नगदी रसिद काट्न लगाई ३२१ थान मोटरसाईकल दर्ता गरी स्याकार ट्रेडिङ्ग कम्पनीमा हिसाब मिलान कार्य गरी आफूहरूलाई फाइदा पुग्ने कार्य गरेको पुष्टि हुन आएकोले प्रतिवादी ठाकुर के.सी. समेतले आरोपित कसुर गरेको पुष्टि हुन आयो। तसर्थ, बदनियत र मनसाय तत्त्वको विद्यमानता नरहेको र आरोप दाबी शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा भ्रष्टाचार जस्तो गम्भीर आरोपमा कसुरदार ठहर गर्न मिल्दैन भन्दै बहस नोट एवम् बहसको क्रममा प्रस्तुत भएका श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा (ने.का.प., २०७५ नि.नं. ९९२४), नेपाल सरकार वि. विष्णुप्रसाद शर्मासमेत भएको भ्रष्टाचार मुद्दा (ने.का.प. २०७३ नि.नं. ९६५३), देवेन्द्र पुडासैनी वि. नेपाल सरकार भएको

कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०७३ नि.नं. ९८४४) को तथ्य र प्रस्तुत मुद्दाको तथ्य फरक रहेको हुँदा उक्त मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएका व्यक्तिका सिद्धान्तहरू प्रस्तुत मुद्दामा आर्कषित हुने देखिएन ।

१६. अतः माथि विवेचना गरिएअनुसार प्रतिवादीहरू ठाकुर के.सी.ले र दिनेश बोहराले रु.२३,७३,०००।- राजश्व हिनामिना गरी राष्ट्रसेवकको रूपमा कार्यरत मुख्य प्रतिवादी लेखापाल जनककुमारी रिजाललाई लाभ पुऱ्याउने र आफूहरूले समेत लाभ प्राप्त गर्ने भ्रष्टाचारजन्य कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कसुर गरेको सप्रमाण पुष्टि हुन आयो ।

१७. तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी जनककुमारी रिजालले आरोप दाबीबमोजिम रु.२३,७३,०००।- राजश्व रकम चुहावट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिम र प्रतिवादीहरू ठाकुर के.सी. र दिनेश बोहराले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसुर गरेको ठहर्छ। उक्त कसुरमा निजहरूलाई हुने सजाय निर्धारण गर्नका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ७, ८ र ९ बमोजिम मिति २०७६।७।१९ का दिन नियमानुसार पेस गर्नू ।

सजाय निर्धारण खण्ड

१८. यस अदालतबाट मिति २०७६।०७।०४ मा कसुर ठहर भै आदेशानुसार फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा ८ र ९ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली २०७५ को नियम ३ बमोजिम सजाय निर्धारणको लागि इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता श्री सुर्वणमान बनेपाली तथा प्रतिवादी ठाकुर के.सी.को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रकाश रेग्मीले गर्नु भएको बहस सुनियो ।

१९. उपरोक्त बहस जिकिर सुनी प्रतिवादीहरूलाई के कति सजाय निर्धारण गर्नुपर्ने हो ? भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादी जनककुमारी रिजालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) बमोजिम र प्रतिवादीहरू ठाकुर के.सी र दिनेश बोहराले सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको ठहर भएको छ । उक्त कसुर गरेबापत प्रतिवादी जनककुमारी रिजाललाई सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रकमको दोब्बर जरिवाना र दफा ३(१) र ३(१) (च) बमोजिम सजाय हुन, प्रतिवादीहरू ठाकुर के.सी. र दिनेश बोहरालाई प्रतिवादी जनककुमारी रिजाललाई हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम सजायको मागदाबी लिई आरोपपत्र दायर भएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ मा राजश्व चुहावटको कसुरलाई ऐ.

ऐनको दफा ३ बमोजिमको कसुर मानी कैदको हकमा सोहीबमोजिम सजाय गरी चुहावट भएको राजश्व रकमको दोब्बर जरिवाना हुने कानूनी व्यवस्था रहेको छ । माथि कसुर ठहर-खण्डमा विवेचना भएअनुसार प्रतिवदीहरू ठाकुर के.सी. र दिनेश बोहरा मुख्य प्रतिवादी जनककुमारी रिजाल सरहकै कसुरदार ठहर भएकाले निजहरूलाई पनि सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएअनुसार दफा ७ र ३(१)(च) बमोजिम जनककुमारी रिजाललाई हुने जरिवाना र कैद सजाय सरह हुने देखिन आयो । सो मुताबिक प्रतिवादीहरूलाई चुहावट भएको राजश्व रकम रु.२३,७३,०००।- को दोब्बर रु.४७,४६०००।- जरिवाना हुने र कैद सजायको हकमा दुई वर्ष छ महिनादेखि चार वर्षसम्म कैद सजाय हुनसक्ने देखिन्छ । प्रतिवादीहरूलाई हुने जरिवाना सजायको अङ्क निश्चित भएपनि कैद सजायको हकमा तल्लो र माथिल्लो हद ऐनले तोकेको सन्दर्भमा प्रतिवादीहरूलाई के कति कैद सजाय निर्धारण गर्न न्यायोचित हुन्छ ? न्यायिक विवेचना गर्नु पर्ने भएको छ ।

२०. न्यायकर्ताले कसुरमा दोषी ठहर भएका प्रतिवादीहरूउपर सजाय निर्धारण गर्दा कसुर गर्न कसुरदार वा अन्य व्यक्तिलाई हतोत्साही गर्ने, समाज वा समुदायलाई सुरक्षा गर्ने, कसुरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने वा सुधार गर्नेलगायतका सजायको उद्देश्यलाई विचार गर्नुपर्ने व्यवस्था फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा रहेको छ । त्यस्तै कसुरको गम्भिरता र कसुरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिकभन्दा बढी हुन नहुने, सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने, लगायतका कुराहरूलाई समेत सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने व्यवस्था सोही ऐनको दफा १४ मा भएको पाईन्छ । ऐ. ऐनको दफा १५ बमोजिम कसुरको गम्भिरता र कसुरको दोषको मात्रा, कसुर गर्दाको परिस्थिति, कसुरको गम्भिरता बढाउने वा घटाउने अवस्थाहरू, कसुरदारको आचरण र विगतको क्रियाकलाप जस्ता आधारहरूलाई पनि सजाय निर्धारण गर्ने क्रममा विचार गर्नु पर्ने हुन्छ। सर्वोच्च अदालतबाट जारी भएको भ्रष्टाचार सम्बन्धी कसुरमा सजाय निर्धाण सम्बन्धी सामान्य मार्गदर्शनले पनि सजाय निर्धारण गर्दा उपरोक्त कुराहरूलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको पाईन्छ। यसको अलावा कसुरमा कसुरदारलाई हुन सक्ने सजायको फराकिलो दायरा (Range) लाई मध्यनजर गरी कसुरको गम्भिरता, कसुरदारको दोषीपना (Culpability) र जोखिम (Risk) समेतको आधारमा कसुरदारलाई हुने सजाय निर्धारण गर्नुपर्ने हुन्छ ।

२१. यी प्रतिवादीहरूले राजश्व चुहावट गरी राज्यलाई हानी नोक्सानी गरेको बिगो रु.२३,७३०००।- रहेको छ । माथि उधृत दफा ३(१)(च) मा बिगो दस लाख रुपैयाँभन्दा बढी पच्चीसलाख रुपैयाँसम्मलाई न्यूनतम दुई वर्ष छ महिनादेखि बढीमा चार वर्षसम्म कैद सजाय गर्न सकिने

तजबिजी अधिकार न्यायकर्तालाई कानूनले प्रदान गरेको छ । उक्त तजबिजी अधिकार प्रयोग गर्दा माथिल्लो प्रकरणमा उल्लेख भएको कानूनी व्यवस्थालाई मध्यनजर गर्नुपर्ने हुन्छ । सो मुताबिक यी प्रतिवादीहरूले चुहावट गरी राज्यलाई हानी नोक्सानी पुग्न गएको रकमको मात्रा, प्रतिवादी जनककुमारी रिजालले प्रतिवादी दिनेश बोहराले चेक कार्यालय प्रयोजनको लागि फोटोकपी गरी फिर्ता ल्याईदिन्छु भनी लगी फिर्ता नगरेको सम्बन्धमा कार्यालयलाई जानकारीसमेत गराएको अवस्था, निजहरूको पदीय हैसियत एवम् जिम्मेवारी निजहरूले यस पूर्व यस्तै प्रकृतिको कसुर अपराध गरी सजाय पाएको नदेखिएको तथ्यगत अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीहरूलाई तजबिजी न्यूनतम २ (दुई) वर्ष ६(छ) महिना कैद सजाय गर्दा निजहरूले गरेको कसुर र सो कसुर गरेबापत हुने सजायबिच सन्तुलन कायम भई न्यायको मकसद पूरा हुने देखिँदा निजहरूलाई सोहीबमोजिम सजाय निर्धारण गर्न मनासिब हुने देखिन्छ ।

२२. तसर्थ माथि विवेचित आधार र कारणबाट यातायात व्यवस्था कार्यालय बागमतीमा लेखापाल पदमा कार्यरत प्रतिवादी जनककुमारी रिजालले प्रतिवादी दिनेश बोहराबाट मिति २०७२।५।३१ मा प्राप्त गरेको चेक नं. ०३०६४५ मा उल्लिखित रु.२३,७३,०००।- बराबरको नगदी रसिद जारी गरेपश्चात सो चेक बैङ्कमा पेस गरी राजश्व दाखिला गर्नुपर्नेमा सो नगरी नगदी रसिद र उक्त चेकसमेत निज प्रतिवादी दिनेश बोहरालाई नै फिर्ता दिई राजश्व चुहावट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुर गरेकोमा निज प्रतिवादी जनककुमारी रिजाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७, ३(१)(च) बमोजिम दुई (दुई) वर्ष ६ (छ) महिना कैद र बिगो रु.२३,७३,०००।- (तेईस लाख त्रिहत्तर हजार रुपैयाँ) को दोब्बरले हुने रु.४७,४६,०००।- (सत्चालिस लाख छयालीस हजार रुपैयाँ) को तीन जना प्रतिवादीहरूलाई दामासाहिले हुने रु.१५,८२,०००।- (पन्ध्रलाख बयासीहजार रुपैयाँ) जरिवाना हुने ठहर्छ ।

२३. अन्य प्रतिवादीहरू दिनेश बोहरा र ठाकुर के.सी. को मत सल्लाहबमोजिम प्रतिवादी दिनेश बोहराले मिति २०७२।५।३१, चेक नं. ०३०६४५ को रु.२३,७३,०००।- एकाउण्ट पेयी (Ac/payee) चेक लेखापाल प्रतिवादी जनककुमारी रिजाललाई दिई रसिद काटी सो रसिद र चेकसमेत आफैंले फिर्ता लगि सो चेकबमोजिमको राजश्व रकम बैङ्कमा दाखिल नगरी नगराई सोही चेक पुनः प्रयोग गरी मिति २०७२।६।१२ मा दोस्रो पटक रसिद कटाई लिई गैरकानूनी लाभ लिई राजश्व चुहावट गर्नमा मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा निज प्रतिवादीहरू दिनेश बोहरा र ठाकुर के.सी.लाई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम प्रतिवादी जनककुमारी रिजाललाई भएको सजाय सरह जनही २ (दुई) वर्ष ६ (छ) महिना कैद र बिगो रु.२३,७३,०००।- (तेईस लाख त्रिहत्तर हजार रुपैयाँ) को दोब्बरले

हुने रु.४७,४६,०००।- (सत्चालीस लाख छयालीस हजार रुपैयाँ) को तीन जना प्रतिवादीहरूलाई दामासाहीले हुने रु.१५,८२,०००।- (पन्ध्र लाख बयासी हजार रुपैयाँ) जनही जरिवाना हुने ठहर्छ ।

सदस्य **सदस्य** **सदस्य**

इजलास अधिकृतः टीकाराम आचार्य

फैसला मितिः

कसुर ठहर भएको मितिः २०७६।०७।०४।२

सजाय निर्धारण भएको मितिः २०७६।०७।१९।३

फैसला प्रमाणीकरण भएको मितिः २०७६।१०।१३।२

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री चण्डीराज ढकाल

फैसला

इजलास नं. १

मुद्दा नं. ०६९-CR-००५३

निर्णय नं.: ४५

फैसला मिति : २०७४।१२।२०

मुद्दाः- भ्रष्टाचार (वन मास्ने)

वादी : दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत वीरेन्द्रबाबु श्रेष्ठको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : जिल्ला वन कार्यालय सर्लाहीका तत्कालीन जिल्ला वन अधिकृत शेखर कुमार यादवसमेत

- **सामुदायिक वन क्षेत्रको सुरक्षामा खटिएका वन रक्षकलाई सो क्षेत्रको वनमा बाटो बनाउने र रुख काट्ने काम भइरहेको अवधिमा अन्यत्र खटाइएका वन रक्षकलाई वन पैदावार हानी नोक्सानी मुद्दामा प्रतिवादी कायम गरेर कारवाही चलाइनुलाई सामान्यरूपमा लिन नमिल्ने ।**

(प्रकरण नं.१२)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री मोना सिंह

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री कृष्णप्रसाद सापकोटा, श्री सतीसकृष्ण खरेल, श्री महादेवप्रसाद यादव, श्री हरिहर दाहाल र श्री चण्डेश्वर श्रेष्ठ, विद्वान् अधिवक्ताहरू श्री नेवल चौधरी, श्री गणेशविक्रम कार्की, श्री रामकुमार आचार्य, श्री ओमप्रकाश चौधरी, श्री पवनकुमार जयसवाल, श्री सुरेशजङ्ग राणा, श्री रामबहादुर खड्का र श्री गणेशप्रसाद अधिकारी

सम्बद्ध कानून :

- नेपालको संविधान
- भ्रष्टाचार निवारण ऐन, २०५९

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा मूलतः निम्न विषयको निरूपण गर्नुपर्ने देखियो :-

(क) वन पैदावार हानी नोक्सानी मुद्दामा प्रतिवादी बनाई मुद्दा चलाएर कसुर ठहर भएका वा सफाइ पाएका र यस मुद्दामा समेत प्रतिवादी बनाइएका व्यक्तिहरूका हकमा सजाय गर्दा एउटै कसुरमा दोहोरो मुद्दा चलाएर सजाय गरेको अवस्था हुन्छ वा हुँदैन ?

(ख) वन पैदावार हानी नोक्सानी मुद्दामा प्रतिवादी बनाइएका व्यक्तिहरूको हकमा एउटा निस्कर्षमा पुगेपछि उक्त मुद्दामा प्रतिवादी कायम नगरिएका यस मुद्दाका अन्य प्रतिवादीहरूका हकमा के हुन्छ ? र

(ग) समग्रमा प्रतिवादीहरूले आरोपित कसुर गरेको ठहर्छ वा ठहर्दैन ?

२. पहिलो प्रश्न अर्थात् एउटै विषयमा दोहोरो मुद्दा चलाएको अवस्था हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, सर्लाही जिल्लाको ब्रह्मस्थान सामुदायिक वन क्षेत्रमा २०६६ साल माघ महिनाको पहिलो हप्तादेखि २०६७ साल बैशाखको पहिलो हप्तासम्म बाटो निर्माणको कार्य सुरू भएको र सोही समयमा त्यसरी बनाइएको सडकको दुबैतर्फ साल जातका रुखहरू कटानी भएको भन्ने कुरा व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिद्वारा गठित समितिको प्रतिवेदनबाट देखिएको छ। त्यसैगरी, वन विभागबाट गठन भएको छानवीन टोली, उच्चस्तरीय जाँचबुझ आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रबाट भएको स्थलगत निरीक्षणबाट पनि सर्लाही जिल्लाको ब्रह्मस्थान सामुदायिक वन क्षेत्रमा बाटो निर्माण गर्ने बहानामा जथाभावी साल जातका रुखसमेत कटान भएको भन्ने कुरालाई पुष्टि गरेको पाइन्छ । यसरी ब्रह्मस्थान सामुदायिक वन क्षेत्रमा काटिएका रुखको सम्बन्धमा अनुसन्धान तहकीकात भई सर्लाही जिल्ला अदालतमा मुद्दा दायर हुँदा माथि उल्लिखित प्रतिवेदनहरूमा औंल्याइएको रोह रीतसँग रुख कटान भएको भन्ने व्यहोरा अभियोगपत्रमा उल्लेख भएको पाइन्छ । सर्लाही जिल्ला अदालतमा दायर भएको अभियोगपत्रमा उल्लेख भएअनुसार कै रुख कटान भएको भन्ने बेहोरा प्रस्तुत मुद्दाको आरोप-पत्रमा पनि उल्लेख भएको पाइएको हुँदा वन पैदावार हानी नोक्सानी मुद्दामा बिगो कायम गर्दा देखाइएको काठ एवम् रुखको जात र परिमाण तथा प्रस्तुत मुद्दामा बिगो कायम गर्दा देखाइएको काठ एवम् रुखको जातमा समानता रहेको पाइयो। सर्लाही जिल्ला अदालतमा मिति २०६७।२।१६ मा अभियोग पत्र दायर गर्दा कूल बिगो रु.४४,३४,३७७।१० कायम गरिएकोमा प्रस्तुत मुद्दाको आरोपपत्र मिति २०६९।९।१७ मा दायर गर्दा कुल बिगो रु.१,०२,९७,८४५।७५ कायम भएको देखिन्छ । समयको अन्तरालमा काठको मूल्यमा भएको दृद्धि र अन्य प्राविधिक कारणबाट यस अदालतसमक्ष दायर भएको आरोपपत्रमा बिगो बढी दाबी गरिएको भए पनि दुबै मुद्दामा सोही वन र एउटै वन पैदावार काटी हानी नोक्सानी पुऱ्याएको भन्ने विषयवस्तु समावेश भएको पाइएको हुँदा उच्च अदालत जनकपुरसमेतबाट फैसला भइसकेको वन पैदावार हानी नोक्सानी मुद्दामा कायम गरिएको कसुर र प्रस्तुत मुद्दामा कायम गर्न खोजिएको कसुरलाई एउटै मान्नुपर्ने कुरामा द्विविधा रहेन ।

३. नेपालको संविधानको धारा २० को उपधारा (६) मा कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने व्यवस्था भएको पाइन्छ । मौलिक हकअन्तर्गत न्यायसम्बन्धी हकमा प्रत्याभूत गरिएको उक्त संवैधानिक व्यवस्थाले पनि यस्तै अवस्थालाई इङ्गित गरेको हो । एक पटक मुद्दा चलाइसकेपछि पुनः सोही विषयमा मुद्दा चलाउने कुरामा दोहोरो खतरा रहनु हुँदैन भन्ने फौजदारी न्यायको महत्त्वपूर्ण सिद्धान्त हो, जसलाई दोहोरो खतराको सिद्धान्त (Doctrine of Double Jeopardy) पनि भनिन्छ । दोहोरो खतराको सिद्धान्तले एउटै व्यक्तिलाई सोही कसुरमा पुनः मुद्दा चलाउन र सजाय दिन हुँदैन भन्ने अधिकारको सिर्जना गरेर अभियोग लागेको व्यक्तिलाई प्रतिरक्षाको आधार सुनिश्चित गरेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएका चन्द्रमान वजु तामाङ, लालबहादुर भलान, भोजबहादुर थापा, रामबहादुर थिङ, ईन्द्रबहादुर थिङ, तुलसीराज घिमिरे, विपिनचन्द्र सिंह, शत्रुधन ठाकुर, कर्णबहादुर बल, तिलक लामा र विर्खे सुनारलाई सर्लाही जिल्ला अदालतबाट मिति २०७०।१२।१७ मा फैसला हुँदा हानी नोक्सानी भएको बिगो रु. ४४,३४,३७७।१० पैसा कायम गरी बिगोको दोब्बर रकममा दामासाहीले जरिवाना भएको पाइन्छ । विपिनचन्द्र सिंह र शत्रुधन ठाकुर बाहेकका अन्य प्रतिवादीहरूले सर्लाही जिल्ला अदालतबाट भएको उक्त फैसलामा चित्त बुझाएर बसेका र पुनरावेदन गर्ने २ जना प्रतिवादीहरू विपिनचन्द्र सिंह र शत्रुधन ठाकुरले उच्च अदालत, जनकपुरबाट सफाइ पाएको अवस्था रहेछ । निज २ जना प्रतिवादीहरूलाई सफाइ दिँदा उच्च अदालत, जनकपुरले निज दुबैजना प्रतिवादीहरू वारदात भएको अवधिमा प्रस्तावित नवसृष्टि सामुदायिक वन क्षेत्रमा खटिएको भन्ने तथ्यलाई आधार बनाएको पाइन्छ । यसरी वन पैदावार हानी नोक्सानी मुद्दा चलेर सजाय पाएका र सफाइ पाएका प्रतिवादीहरूलाई माथि विवेचना गरिएजस्तो दोहोरो सजाय पर्ने गरी यस मुद्दामा आरोप दाबीबमोजिमको कसुर ठहर गर्न मिल्ने देखिएन ।जहाँसम्म विभागीय सजायको प्रश्न छ, विभागीय सजाय र भ्रष्टाचारको कसुरको प्रकृति नै फरक भएकोले केही प्रतिवादीलाई पहिला विभागीय कार्वाही तथा सजाय भएको र केहीका हकमा विभागीय कार्वाही पनि नचलेको अवस्थामा यस ऐनबमोजिम मुद्दा चलाएको कुरामा दोहोरो खतराको सिद्धान्त आकर्षित हुने भनी त्यस्ता प्रतावदीहरूले कसुरबाट उन्मुक्ति पाउने अर्थ गर्न मिल्ने देखिएन।

४. दोस्रो प्रश्न अर्थात् वन पैदावार हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा मुद्दा नचलाइएका प्रतिवादीहरूको हकमा विचार गर्दा, यस मुद्दाका प्रतिवादीहरू विमल ढुङ्गाना, सुरेश कोइराला र देवु तोलुछेको हकमा निजहरूको वतन स्पष्ट हुन नसकेको कारणबाट उक्त मुद्दामा निजहरूको हकमा तामेलीमा रहेको देखियो। आरोपपत्रमा निजहरू तीनैजनालाई काठ व्यवसायी भनिएको छ तर निजहरू कस्तो किसिमका काठ व्यवसायी हुन् भन्ने कुरा आरोपपत्रमा खुलाएको पाइएन । विवादका रुख कटानमा निजहरूको के-कस्तो भूमिका थियो भन्ने खुल्न नआएको र अन्य सह-प्रतिवादीहरूले

समेत निजहरूलाई कुनै किसिमबाट पोल गरेकोसमेत नपाइएको हुँदा निजहरूको कसुरमा संलग्नता रहे भएको देखिएन। प्रतिवादीहरू हेमलाल घिप्सङ र बाबुलाल तामाङलाई एक्जाभेटर मालिकको रूपमा प्रस्तुत गरिएको छ। एक्जाभेटर मालिकले आफूले एक्जाभेटर प्रदान गरेर पुऱ्याएको सेवाबापतको भाडा असुलउपरसम्म गरेर वन उपभोक्ता समितिका पदाधिकारीहरूको अनुरोधमा बाटो खन्ने प्रयोजनका लागि एक्जाभेटर पठाएका र एक्जाभेटर चलाएर वारदातस्थलसम्म निजका ड्राइभरहरू गएको अवस्था देखिन्छ । निज दुबैजनालाई वन पैदावार हानी नोक्सानी मुद्दामा समेत निजहरूको संलग्नता नभएको र निजहरूका विरुद्ध मुद्दा चलाउन प्रमाण नपुग्ने ठानेर मुद्दा नचलाइएको स्थितिमा प्रस्तुत मुद्दामा आरोप दाबीबमोजिम कसुरदार ठहर गर्न मिल्ने देखिएन ।

५. अब वन पैदावार हानी नोक्सानी मुद्दामा प्रतिवादी नबनाइएका व्यक्तिहरूमध्ये अनिलकुमार शाहको हकमा विचार गर्दा, निज जिल्ला वन कार्यालय, सर्लाहीअन्तर्गतको लालबन्दी रेञ्जपोष्टमा कार्यरत रहेकोमा २०६६।१०।६ को पत्रबाट जिल्ला वन कार्यालय, काठमाडौँमा काज सरुवा भई २०७७।१०।८ बाट रमाना भएर काठमाडौँमा कार्यरत रहेका र मिति २०६६।१२।१२ बाट सोही कार्यालयमा सरुवा भई कामकाज गरेको देखिन्छ । २०६६।१०।२७ मा निजले आफ्नो जिम्माका सरसमानहरू बरबुझारथ गरी प्रतिवादीमध्ये सत्यनारायण यादवलाई बुझाएको देखिए पनि निज सो दिन बरबुझारथ गर्ने प्रयोजनका लागिमात्र सर्लाही गएको भन्ने कुरा निजको हाजिरी रेकर्डबाट देखिएको छ । प्रतिवादी सत्यनारायण यादवले अदालतसमक्ष बकपत्र गर्दा २०७० साल पुष महिनाबाटै विवादित ठाउँमा बाटो बनाउने र वन काट्ने कार्य प्रारम्भ भएको थियो भन्ने व्यहोरा लेखाएको भए पनि निज सत्यनारायण यादवको उक्त भनाइ व्यवस्थापिका संसदबाट गठित समितिलगायतका समितिको प्रतिवेदनबाट खण्डित भएको पाइएको हुँदा निज प्रतिवादी अनिल कुमार शाह कार्यरत रहेको समयमा विवादका रुख कटानको कार्य नै प्रारम्भ भएको नहुँदा सरुवा भइसकेका निज अनिलकुमार शाहको वन कटानीमा संलग्नता रहेको मान्न मिल्ने देखिएन । त्यसैगरी, प्रतिवादीहरू रामानन्द कुसैत र ध्रुवबहादुर फुयालको हकमा विचार गर्दा, यी दुबैजना प्रतिवादीहरू वन रक्षकको पदमा कार्यरत रहेको देखिन्छ । प्रतिवादीमध्येका रामानन्द कुसैत मानसिक बिरामी भएको कारणबाट फिल्डमा नगई कार्यालयमामात्र बस्ने गरेको भन्ने कुरा निजको बयानबाट खुल्न आएको छ। निजको सो भनाइ मिसिल संलग्न निजको प्रेस्क्रिप्सनबाट पनि समर्थित भएको पाइन्छ।प्रतिवादी ध्रुवबहादुर फुयालले पनि ब्रह्मस्थान सामुदायिक वनको क्षेत्रमा वन फडानी गर्न गराउनमा कुनै भूमिका खेलेको भन्ने पुष्टि हुन सकेको देखिँदैन । वन रक्षकको पदमा कार्यरत रहेका निज प्रतिवादीहरूको वन फडानी गर्न गराउनमा संलग्न रहेका अन्य प्रतिवादीहरूसँग मिलोमतो थियो र निजहरूको यो-यस्तो भूमिका थियो भन्ने कुरासमेत आरोपपत्रमा खुलाउन सकेको पाइएन। आफूभन्दा माथिल्लो अधिकारीले लाए अह्राएको काम गर्ने निज दुबैजना प्रतिवादीहरूको आरोपित

कसुर गर्नमा यो-यस्तो भूमिका थियो भन्ने कुरा खुल्न नसकेको अवस्थामा निजहरूको हकमा पनि आरोप दाबी पुग्न सक्ने देखिएन ।

६. प्रतिवादीहरू शेखर कुमार यादव, हेमबहादुर कार्की र सत्यनारायण यादवका हकमा विचार गर्दा, प्रतिवादी शेखर कुमार यादव जिल्ला वन कार्यालय, सर्लाहीका वन अधिकृत, प्रतिवादी हेमबहादुर कार्की सोही कार्यालयअन्तर्गत ईलाका वन कार्यालय, फूलजोरका वन अधिकृत र प्रतिवादी सत्यनारायण यादव पनि सोही ईलाका वन कार्यालय, फूलजोरमा सहायक वन अधिकृतको पदमा कार्यरत रहेको कुरामा विवाद देखिएन । २०६६ साल माघ महिनाको पहिलो हप्तादेखि २०६७ साल बैशाख महिनाको पहिलो हप्ता अर्थात् झण्डै ३ महिनासम्म ब्रह्मस्थान सामुदायिक वन क्षेत्रमा बाटो बनाउने बहानामा साल जातलगायत अन्य जातका रुख अन्धाधुन्धारूपमा कटान भएको भन्ने कुरामा पनि विवाद देखिँदैन । सो अवधिमा यी तीनैजना वन कार्यालयका जिम्मेवार पदाधिकारीहरू आफ्नै कार्यालयमा कार्यरत रहेको देखिन्छ । आफ्नो क्षेत्रमा रहेको सामुदायिक वन क्षेत्रभित्र वन उपभोक्ता समितिलाई निजहरूको वार्षिक कार्ययोजनाअनुसार रुख काट्ने अनुमति दिएपछि अनुमतिपत्रमा इजाजत दिइएका रुखमा विमार्का गरी त्यसरी इजाजत पाएका रुखमात्र काट्ने वातावरण सिर्जना गर्ने दायित्व यी तीनैजना प्रतिवादीहरूको काम हो भन्ने कुरामा पनि विवाद गर्ने ठाउँ छैन । प्रतिवादीमध्येका हेमबहादुर कार्कीले वन रक्षकहरू शत्रुधन ठाकुर र विपिनचन्द्र सिंहलाई ब्रम्हस्थान सामुदायिक वन क्षेत्रमा वन फडानी भएको अवधिमा प्रस्तावित नवसृष्टि सामुदायिक वनमा मिति २०६६।९।२९ देखि २०६७।१।१९ सम्म काजमा सरुवा गरेको देखिन्छ । ब्रह्मस्थान सामुदायिक वन क्षेत्रको सुरक्षामा खटिएका वन रक्षकलाई सो क्षेत्रको वनमा बाटो बनाउने र रुख काट्ने काम भइरहेको अवधिमा अन्यत्र खटाइएको र त्यसरी अन्यत्र खटाइएका दुबैजना वन रक्षकलाई वन पैदावार हानी नोक्सानी मुद्दामा प्रतिवादी कायम गरेर कारवाही चलाइनुलाई सामान्यरूपमा लिन मिल्ने देखिएन । जिल्ला वन कार्यालय, सर्लाहीको कार्यालय प्रमुख रहेका प्रतिवादी शेखर कुमार यादवले आफ्नो क्षेत्रमा ३ महिनादेखि वन फडानी भएको कुरा प्रमुख जिल्ला अधिकारीले भनेपछि र विभिन्न पत्रपत्रिकामा सो कुरा प्रकाशन भएपछिमात्र थाहा पाउनुलाई पनि स्वाभाविक मान्न सकिएन । त्यसरी, विभिन्न माध्यमबाट वन क्षेत्रमा जिल्ला वन कार्यालयको स्वीकृती बिना बाटो खन्ने काम भएको र जथाभावी रुख कटान भएको भन्ने कुराको जानकारी पाइसकेपछि पनि त्यसरी वन फडानी भएको स्थानसम्म नपुगी हचुवाको भरमा खासै ठूलो नोक्सानी नभएको व्यहोराको प्रतिवेदन वन विभागलाई पठाएको पाइन्छ । साल जातका रुख जथाभावी काटेर त्यत्रो ठूलो नोक्सानी भएको भन्ने कुरा जानकारीमा आउँदा आउँदै खासै नोक्सानी नभएको भन्ने व्यहोरा लेखेर माथिल्लो निकायमा जानकारी गराएको कार्यलाई त्यसरी रुख कटान भएको भन्ने सत्यतथ्य लुकाउने प्रयास गरेको मान्नु पर्ने देखियो । जथाभावी रुख कटान

भएकोमा आफ्नो समेत संलग्नता नभएको भए भएको सत्य व्यहोरा लुकाएर झुठा व्यहोरा वन विभागमा पठाउनु पर्ने देखिँदैन।

७. ब्रम्हस्थान सामुदायिक वन उपभोक्ता समितिलाई वार्षिक कार्ययोजनाअनुसार ढलपडा रुख काट्ने स्वीकृति प्रदान भएपछि सोको अनुगमन गर्न गएका १५ रोजाको विवरण दिँदा प्रतिवादी सत्यनारायण यादवले मिति २०६६।१०।२४ मा तयार गरेको प्रतिवेदनमा विवादको स्थलमा कार्ययोजना स्वीकृति दिएभन्दा फरक किसिमबाट र बढी रुख काटिएका छैनन् भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ भने मिति २०६६।१०।२५ को रेञ्जपोष्ट लालबन्दीको इलाका वन कार्यालय फूलजोर सर्लाहीलाई लेखेको बिक्री सहमति पत्रमा समेत निज सत्यनारायण यादवले दस्तखत गरेको देखिन्छ। निज प्रतिवादी सत्यनारायण यादवले यस अदालतसमक्ष बयान गर्दा सवाल १२ र १३ को जवाफमा उक्त स्थानमा पुष महिनादेखि नै रुख कटान भएको भन्ने व्यहोरा लेखाएको पाइन्छ। प्रतिवादी सत्यनारायणको उक्त भनाइबाट प्रतिवादी अनिलकुमार शाह काज सरुवा हुनुभन्दा अगाडि नै रुख काटिएको देखाएर निज अनिलकुमार शाहलाई कसुरमा संलग्न भएको देखाई आफू कसुरबाट बच्ने प्रयास गरेकोजस्तो देखिन्छ । अन्यथा विभिन्न प्रतिवेदन र स्थानीय जनताको भनाइभन्दा फरक र आफैंले दिएको प्रतिवेदनसँग विरोधाभाषपूर्ण हुने व्यहोरा लेखाएर बयान गर्नुपर्ने देखिँदैन। यस मुद्दाका प्रतिवादी रहेका ब्रह्मस्थान सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी चन्द्रमान वजु तामाङलगायतका अन्य पदाधिकारीहरूले बयान गर्दा प्रतिवादी सत्यनारायण यादवको मौखिक सल्लाहअनुसार वन फडानी गरेर रुख काटेको भन्ने व्यहोरा लेखाएको पाइन्छ। काम छिटो सिध्याउनुहोस् बाँकी हामी मिलाउँछौं भनी वन कार्यालयका कर्मचारीहरूले सल्लाह दिएको भन्ने व्यहोरा लेखाएर जिल्ला वन कार्यालय, सर्लाहीमा कार्यरत उच्च तहका कर्मचारीहरू उपर पोल गरेको अवस्था हुँदा जिम्मेवार तहमा रहेका प्रतिवादीहरू शेखर कुमार यादव, हेम बहादुर कार्की र सत्यनारायण यादवको गैरकानूनी रूपमा वन फडानी गर्ने कार्यमा संलग्नता रहे भएकै देखिन आयो।

८. तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू शेखर कुमार यादव, हेमबहादुर कार्की र सत्यनारायण यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रु.४४,३३,३७७।१० को दामासाहीले निजहरूको हकमा कायम हुन आउने रु.१,७०,५१४।५० (एक लाख सत्तरी हजार पाँच सय चौध रुपैयाँ पचास पैसा) बराबरको राष्ट्रिय वन फँडानी गरी हानी नोक्सानी पुऱ्याएको भन्ने आरोप दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा (३(१) अनुसार जनही बिगोबमोजिम रु.१,७०,५१४।५० (एकलाख सत्तरीहजार पाँचसय चौध रुपैया पचास पैसा) जरिवाना र सोही दफा ३(१)(ङ) बमोजिम ६(छ) महिना कैद हुने ठहर्छ ।

९. प्रतिवादीहरू विपिनचन्द्र सिंह र शत्रुधन ठाकुरले वन पैदावार नोक्सानी र हिनामिना मुद्दामा उच्च अदालत, जनकपुरबाट निजहरू वारदातस्थलमा उपस्थित रहेको नदेखिएको भन्ने आधारमा अभियोग दाबीबाट सफाइ पाएका, प्रतिवादीहरू अनिल कुमार शाह, रमानन्द कुसैत थारु र ध्रुवबहादुर फुयाँलको हकमा आरोप दाबीबमोजिम कसुर प्रमाणित हुनसकेको नदेखिँदा र बाँकी चन्द्रमान वजु तामाङलगायतका १४ जना प्रतिवादीहरूको हकमा निजहरूले वन पैदावार हानी नोक्सानी मुद्दामा कसुर कायम भई सजायँ पाइसकेको देखिँदा निजहरूलाई प्रस्तुत मुद्दामा पुनः सजाय गरिरहन मनासिव नदेखिएको हुँदा निज प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ । सबै प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम रु.१,०२,९७,८४५।७५ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(झ) बमोजिम सजायँ गरिपाऊँ भन्ने हदसम्मको वादी नेपाल सरकारको आरोपदाबी पुग्न सक्दैन ।

सदस्य **अध्यक्ष**

इजलास अधिकृतः मुकुन्द निरौला

इति संवत् २०७४ साल चैत्र २० गते रोज ३ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. १

मुद्दा नं. ०७३-CR-००१७

नि.नं.-१०७

फैसला मिति : २०७५।१२।२८

मुद्दाः सरकारी जग्गा खरिद बिक्री गरी भ्रष्टाचार गरेको।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत दिलिपकुमार गिरीको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : नापी कार्यालय धादिङमा कार्यरत सर्वेक्षक विश्वकुमार बस्नेतसमेत

- **फौजदारी कानूनको सर्वमान्य सिद्धान्तबमोजिम भ्रष्टाचार जस्तो गम्भीर अपराध स्थापित गर्न बदनियतसाथ कार्य गरेको तथ्य शङ्कारहित तवरबाट सम्पुष्टि हुनुपर्ने ।**

(प्रकरण नं.२०)

- **जसले जति मात्राको कसुर गरेको छ सोही मात्राको अनुपातमा सजाय दिनु नै दण्डको सार र सिद्धान्त हुने ।**

(प्रकरण नं.२३)

- **नेपालमा लगानी गर्न आएका नेपाली र अङ्ग्रेजी भाषाको समेत ज्ञान नभएका व्यक्तिलाई व्यक्तिका नाममा दर्ता हुनै नसक्ने सरकारी जग्गासमेत समावेश गरी कम्पनीले खरिद गर्न लागेको जग्गाको क्षेत्रफल बढी देखाएर विश्वासमा पारी निज विदेशी नागरिकबाट रकम लिएर निजलाई उल्टै भ्रष्टाचारको मुद्दा लागेको स्थिति हुँदा यस्तो कार्यबाट मुलुककै प्रतिष्ठामा नकारात्मक असर पर्न सक्ने र प्रकारान्तरले नेपालमा विदेशी लगानीमैत्री वातावरण छैन भन्ने विदेशीहरूमा गलत सन्देश प्रवाह हुनसक्ने कुरालाई समेत दृष्टिगत गर्दै जग्गा खरिद बिक्री र कित्ता एकीकरण गर्ने कार्य गरेका व्यक्तिहरूको क्रियाकलाप र भूमिकाका बारेमा सम्बद्ध निकायसँग समन्वय गरी थप अनुसन्धान गरी एउटा निष्कर्षमा पुग्न पर्ने ।**

(प्रकरण नं.२५)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री पदमबहादुर कार्की

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री गङ्गाप्रसाद राई तथा श्री कैलाश न्यौपाने, श्री भीम बन्जारा, श्री रामबहादुर खड्का, श्री जगदेव चौधरी, श्री गणेश दाहाल तथा श्री केशवप्रसाद पुडासैनी

सम्बद्ध कानून :

- जग्गा (नापजाँच) ऐन, २०१९
- प्रमाण ऐन, २०३१
- मालपोत ऐन, २०३४
- भ्रष्टाचार निवारण ऐन,२०५९

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरुपण गर्नुपर्ने देखियोः-

पहिलो प्रश्न	▪ प्रतिवादीहरूले आरोप-दाबीअनुरूपको कसुर गरेका हुन् वा होइनन् ?
दोस्रो प्रश्नः	▪ यदि प्रतिवादीहरूले आरोप-दाबीअनुरूपको कसुर गरेका हुन् भने बिगो के कति कायम हुने हो ?
तेस्रो प्रश्नः	▪ निज प्रतिवादीहरूलाई के कति सजाय हुनुपर्ने हो ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ ले कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनी रूपमा आफ्नो वा अरुको नाममा दर्ता, भोगचलन गर्ने, गराउने काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर गरिने तर बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुने[1] कानूनी व्यवस्था गरेको पाइन्छ। त्यस्तै सोही ऐनले राष्ट्रसेवक बाहेक अरु कुनै व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष गरेको शपथ, कबुलियत, सम्झौता, ठेक्का, लाइसेन्स, परिमिट, प्रतिज्ञापत्र वा डिलरसीपको शर्त पालना नगरेमा वा नेपाल सरकार वा त्यस्तो संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त उल्लङ्घन हुने गरी प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा निजलाई

[1] भ्रष्टाचार निवारण ऐन, २०५९, दफा ८(१)(ज).

कसुरको मात्राअनुसार दुई वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना गरी बिगोसमेत जफत गरिने[२] कानूनी व्यवस्थासमेत गरेको पाइन्छ ।

३. प्रस्तुत कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा यस मुद्दाको तथ्यावलोकन गर्दा, वादी नेपाल सरकारले मूलतः धादिङ जिल्ला, केवलपुर गा.वि.स., वडा नं. ३/छ स्थित कित्ता नं. ६१ र ६२ समेतका जग्गाहरू नेपाल साउथ एसिएन कन्स्ट्रक्सन मेटेरियल कम्पनी प्रा.लि. लाई बिक्री गर्ने गराउने क्रममा उक्त जग्गाको साँध सिमाना जोडिएका साबिक जग्गाधनीहरू हरिविर लामा र गौतम लामाले भोगचलन गरिरहेको बगर जनिएको कित्ता नं. ६०, ७४ र ७७ को सरकारी जग्गाहरूसमेत प्रतिवादीहरूका बीच आपसी सरसल्लाह, मिलेमतो र परिपञ्चमा बदनियतसाथ उक्त सरकारी जग्गासमेत खरिद बिक्री गर्ने गराउने कार्य गरी उल्लिखित कम्पनीलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने गरी कम्पनीको नाममा दर्ता भोग चलन गर्ने गराउने गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा र पत्रहरूसमेत तयार गरी गराई राष्ट्रसेवकको रूपमा रहेका प्रतिवादीहरू मोहनजङ्ग थापा, सत्यनारायण नेपाल र विश्वकुमार बस्नेतसमेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेका हुँदा कित्ता नं. ६१ र ६२ को राजीनामामा उल्लिखित मूल्य घटाई हुन आउने सरकारी जग्गाको थप मूल्य रु.८६,४०,०००।- बिगो कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम निज प्रतिवादीत्रयलाई सजाय गरी सरकारी जग्गा फिर्ता गराई नेपाल सरकारको नाममा कायम गरिपाउनको साथै तदनुरुपको कार्य गरी गराई प्रतिवादीहरू हरिविर लामा, गौतम लामा र नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटिरिएल कम्पनी प्रा.लि. समेतले सोही ऐनको दफा ८(४) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही दफा ८(४) बमोजिम सजाय गरी बिगो रु.८६,४०,०००।- पर्ने सरकारी जग्गासमेत जफत गरी सरकारी कायम गरिपाऊँ भनी आरोप-दाबी लिएको देखिन्छ ।

४. आरोप-पत्रमा उल्लिखित कित्ता नं. ६० क्षेत्रफल ४-८-२-१, कित्ता नं. ७४ क्षेत्रफल ६-१०-२-० र कित्ता नं. ७७ क्षेत्रफल ८६-१०-०-३ समेत ३ कित्ता जग्गा सरकारी जग्गा हो, होइन भन्नेतर्फ विचार गर्दा, मालपोत ऐन, २०३४ ले 'सरकारी जग्गा' भन्नाले सडक, बाटो, रेलवे, सरकारी घर वा कार्यालय रहेको जग्गा सम्झनु पर्ने र सो शब्दले नेपाल सरकारको अधीनमा रहेको वन, बुटेन, जङ्गल, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी तथा सोको डिल, नहर, ऐलानी, पर्ती वा अन्य जग्गा, भीर, पहरा, बगर र नेपाल सरकारले समय समयमा राजपत्रमा सूचना प्रकाशन गरी सरकारी जग्गा भनी तोकिदिएको जग्गासमेत जनाउने[३] भनी परिभाषा गरेको पाइन्छ । तदनुरूप

[२] भ्रष्टाचार निवारण ऐन, २०५९, दफा ८(४).

[३] मालपोत ऐन, २०३४ दफा २(ख२).

जग्गा (नापजाँच) ऐन, २०१९[४] ले पनि सरकारी जग्गाको परिभाषा गरेको पाइन्छ । अतः मिसिल संलग्न क्षेत्रीय पुस्तिकामा उक्त ३ कित्ता जग्गा बगर भनी जनाइएको पाइएबाट आरोपपत्रमा उल्लिखित कित्ता नं. ६०, ७४ र ७७ को जग्गा सरकारी जग्गा भएकोमा विवाद देखिएन । यस सम्बन्धमा प्रतिवादीहरूले अन्यथा जिकिर लिन सकेको पनि देखिँदैन । मिसिल संलग्न ब्लुप्रिन्ट नक्सा अवलोकन गर्दा प्रतिवादी हरिविर लामाको कित्ता नं. ६१ को जग्गा र प्रतिवादी गौतम लामाको कित्ता नं. ६२ को जग्गाको साँध सिमानासँग उक्त सरकारी जग्गाहरू जोडिएकोसमेत देखिन्छ ।

५. प्रस्तुत कानूनी व्यवस्था र आरोप-दाबीको सन्दर्भमा प्रतिवादीहरूमध्ये विश्वकुमार बस्नेतको हकमा केन्द्रित भई हेर्दा, निज प्रतिवादीले यस अदालत समक्ष, मिति २०७१।१।२३ च.नं. ४६४ को दुई वटा पत्रहरू मद्वारा लिखित र हस्ताक्षरित हुन् । क्षेत्रफल ४४-१२-२-२ को पत्र डष्टबिनमा फ्याँकी क्षेत्रफल २४-१२-२-२ उल्लेख भएको पत्र मालपोत कार्यालयमा पठाएको हो । मैले सरकारी जग्गा खरिद बिक्री गराउने कार्य गरेको छैन भनी बयान गरेको देखिन्छ भने निज प्रतिवादीले अनुसन्धानको क्रममा, म मिति २०५४।०८।२८ मा अमिन पदबाट सरकारी सेवामा प्रवेश गरी मिति २०६८ सालदेखि जिल्ला नापी कार्यालय, धादिङमा नापी सर्वेक्षकको रूपमा कार्यरत छु। नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. का.म.न.पा.-११, त्रिपुरेश्वर, काठमाडौँमा रहेको संस्थाले मालपोत कार्यालय, धादिङबाट रजिष्ट्रेशन गरिलिएको जग्गाको कित्ता एकीकरण गर्ने क्रममा कार्यालयमा साथीहरू व्यस्त भएको हुँदा म स्वयंले कित्ता एकीकरण गर्ने कार्य गरेको हो। मालपोत कार्यालयबाट कित्ता एकीकरणको लागि पत्र प्राप्त भैसकेपछि साबिक कित्ता नम्बरहरू बदर गरी स्रेस्ता पूर्जा क्षेत्रफल भिडाई साबिक नक्साबमोजिम अन्तिम कित्ता कायम गरी प्लट रजिस्टर कायम गरी मालपोत कार्यालयलाई पत्र पठाउने गरिन्छ। नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. का नाममा रहेको कित्ता नं ६१, ६२ लगायतका १५ वटा कित्ताहरूको जग्गा एकीकरण गर्दा २४-१२-२-२ क्षेत्रफल कायम गरी पत्र लेख्ने काम गरेको हो। एउटै चलानी नम्बर भएको दुई फरक पत्रमा भएको सहिछाप आफ्नै भए तापनि आफूले सक्कल पत्र मात्र पठाएको र फोटोकपी सम्बन्धमा आफूलाई थाहा नभएको, सक्कल पत्र र फोटोकपि पत्रमा भएको हस्तलिपि आफ्नै हो। प्लट रजिस्टर पुरानो भएको कारण च्यातिन गएकोले टेप टाँसेको र उक्त रजिस्टरमा भएको सहिछाप मेरै हो। कित्ता नं. ६१ र ६२ मा क्षेत्रफलमा अगाडि अङ्क १ थप्ने काम आफूले नगरेको समेत भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीको साक्षी नवराज नेपालले क्षेत्रफल ४४-१२-२-२ उल्लिखित पत्र चलानी गर्दा त्रुटि भएकोले क्षेत्रफल २४-

[४] जग्गा (नापजाँच) ऐन, २०१९ दफा २(ङ).

१२-२-२ को अर्को पत्र तयार गरी पठाएको हो । सरकारी जग्गा खरिद बिक्रीमा निज प्रतिवादीको संलग्नता छैन भनी बकपत्र गरेको देखिन्छ ।

६. वस्तुतः मिसिल संलग्न प्रमाण कागजहरू एवम् प्रतिवादीहरूको बयानसमेतबाट यी प्रतिवादी विश्वकुमार बस्नेत नापी कार्यालय, धादिङमा सर्वेक्षक पदमा कार्यरत राष्ट्रसेवक भएकोमा विवाद देखिँदैन । निज प्रतिवादीको पदीय दायित्वअन्तर्गत कार्यालयमा रहेका ब्लुप्रिन्ट नक्सा, प्लट रजिस्टर र अन्य स्रेस्ता प्रमाणसमेतको आधारमा जग्गाको नापजाँच गरी क्षेत्रफल यकिन गर्ने कार्यसमेत पर्दछन् । अतः जग्गाका कित्ताहरू एकीकरण गर्ने क्रममा तदनुरूप कार्य गरी वास्तविक क्षेत्रफल यकिन गर्नुपर्ने हुन्छ तर यी प्रतिवादीले आफूद्वारा लिखित तथा हस्ताक्षरित एउटै चलानी नम्बर ४६४ र मिति २०७१।१।२३ को दुई वटा पत्रमा फरक- फरक एकीकृत क्षेत्रफल २४-१२-२-२ र ४४-१२-२-२ उल्लेख गरी मालपोत कार्यालय, धादिङमा पठाएको देखिन्छ । उपर्युक्त दुवै पत्रहरूमा भएको अक्षरहरू आफूले लेखेको हो भनी निज प्रतिवादीले सनाखतसमेत गरिदिएको देखिन्छ । यसरी एउटै चलानी नं. र मितिको उनै कित्ता नं.को जग्गाको फरक-फरक क्षेत्रफलयुक्त दुई वटा पत्र पठाउने कार्य कानूनसम्मत मान्न मिलेन । सहप्रतिवादी सत्यनारायण नेपालले अनुसन्धानको क्रममा र यस अदालतसमक्ष क्षेत्रफल ४४-१२-२-२ कायम भएको पत्रको आधारमा पूर्जा बनाएको भनी बयान गरेको परिप्रेक्ष्यमा निज प्रतिवादीले एउटै च.नं. र मितिको फरक फरक क्षेत्रफल कायम भएको पत्र पठाएको होइन भन्ने कुरा खण्डित भएको देखिन्छ। निज प्रतिवादीले अनुसन्धानको क्रममा प्लट रजिस्टर पुरानो भएको कारण च्यातिन गएकोले टेप टाँसेको र उक्त रजिस्टरमा भएको सहीछाप थप्ने काम आफूले नगरेको भनी जिकिर लिएको देखिए तापनि आफ्नो जिम्मामा रहे भएका उक्त प्लट रजिस्टरमा देखिएको कैफियत एवम् कित्ताहरू एकीकरण गर्ने क्रममा एउटै च.नं. र मितिको फरक फरक क्षेत्रफल उल्लेख भएको पत्रहरू पठाएको अवस्थामा यी प्रतिवादीले आरोप-दाबीबाट उन्मुक्ति पाउन सक्ने अवस्था देखिन आएन । अतः जग्गाको क्षेत्रफल जस्तो महत्त्वपूर्ण कुरामा बेवास्ता गरी एउटै च.नं., मिति र कि.नं. को दुईवटा पत्र तयार गरी फरक- फरक क्षेत्रफल उल्लेख गरी सरकारी जग्गाको क्षेत्रफलमा प्रतिकूल असर पुऱ्याई पत्र पठाउने कार्य भूलवश भएको र त्यसमा निजको बदनियत थिएन भन्न सकिने आधार देखिएन ।

७. प्रतिवादी सत्यनारायण नेपालको हकमा केन्द्रित भई हेर्दा, निज प्रतिवादीले यस अदालतसमक्ष, मुद्दा शाखाका शाखा अधिकृत मोहनजङ्ग थापाले राजु गुरुङले जग्गा एकीकरण गर्न दिएको निवेदनमा मुद्दा फाँट भनी तोक लगाइदिएको हो। त्यसपछि मोठ स्रेस्ता फाँटमा मोठ र रोक्का भिडाउन फाइल आएपछि मोठ कायम छ, रोक्का देखिएन भनी मैले भिडाई पठाएको हो । क्षेत्रफल विस्तृत विवरण उल्लेख गर्ने गरेको छैन । नापी कार्यालयबाट कित्ता एकीकरणको विवरण पठाउँदा

क्षेत्रफल ४४-१२-२-२ उल्लेख भई आएको हो । मुद्दा शाखाबाट निर्णय सदर भई कम्प्युटर प्रिन्ट हुँदा क्षेत्रफल ४४-१२-२-२ उल्लेख भई आएपछि पूर्जामा सही गरी स्रेस्ता बनेको हो । उजुरी बेहोरा झुठा हो भनी बयान गरेको देखिन्छ भने निज प्रतिवादीले अनुसन्धानको क्रममा, म मिति २०३५।८।२० गतेदेखि सरकारी सेवामा प्रवेश गरी मिति २०७०।९।११ गतेदेखि हालसम्म जिल्ला मालपोत कार्यालय, धादिङमा नायव सुब्बा पदमा कार्यरत छु। म 'ख ' मोठफाँटमा रही जग्गाधनी प्रमाणपूर्जा बनाउने, जग्गा रोक्का गर्ने, फुकुवा गर्ने र पूर्जाको प्रतिलिपि दिने कार्य गरेको छु। नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. का.म.न.पा.-११, त्रिपुरेश्वर, काठमाडौँमा रहेको संस्थाले मालपोत कार्यालय, धादिङबाट रजिष्ट्रेसन गरिलिएको जग्गाको मालपोत कार्यालयको च.नं. ५३ मिति २०७१।१।२३, नापी कार्यालय, धादिङको च.नं. ४६४ मिति २०७१।१।२३ को पत्रमा उल्लिखित क्षेत्रफल ४४-१२-२-२, कम्प्युटर प्रिन्ट पूर्जा, विभिन्न कित्ताहरू उल्लेख भएको स्रेस्ताको आधारमा मैले पूर्जा बनाएको हो। मिति २०७१।१।२३ को उल्लिखित जग्गाहरूको क्षेत्रफल २४-१२-२-२ भएको पत्र मैले प्राप्त नगरेको समेत भनी बयान गरेको देखिन्छ ।निज प्रतिवादीका साक्षी नित्यानन्द नेपालले प्रतिवादी इमान्दार मानिस हुँदा निजलाई सजाय गर्नुपर्ने होइन भनी बकपत्र गरेको देखिए तापनि मालपोत कार्यालय, धादिङका प्रमुख मालपोत अधिकृत रेवतीप्रसाद ढकालले अनुसन्धानका क्रममा, कुनै पनि जग्गाको कित्ता एकीकरण गर्नका लागि जग्गाधनीको निवेदन परेपछि मोठ रोक्का भिडाई नापी कार्यालय, धादिङमा पठाउने गरिन्छ। नियमित तरिकाले नापी कार्यालय, धादिङबाट प्राप्त विवरणमा विचार गरी मोठ स्रेस्ता कार्यान्वयन गर्ने प्रक्रिया छ। कित्ता एकीकरण गर्दा क्षेत्रफल एउटै हुन्छ भने कित्ता मात्रै फरक हुन्छ। एकीकरण गर्दा क्षेत्रफल बढी घटी भएमा कारण खोल्नुपर्ने हुन्छ। नेपाल साउथ एशियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. का.म.न.पा.-११ त्रिपुरेश्वर, काठमाडौँमा रहेको संस्थाले मालपोत कार्यालय, धादिङबाट रजिष्ट्रेशन गरिलिएको कि.नं. ६१ र ६२ मा क्षेत्रफल फरक परेकोमा मालपोत अधिकृत मोहनजङ्ग थापा, ना.सु. राजेन्द्र पोखरेल र ना.सु. सत्यनारायण नेपालले गरेको देखिन्छ। मालपोत कार्यालयमा रहेको मोठ स्रेस्तामा कि.नं. ६१ र ६२ को क्षेत्रफलमा अगाडि १,१ अङ्क थप गरी १०/१० रोपनी थप गर्न खोजिएको देखियो। यो काम नेपाल साउथ एशियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. पक्ष र कार्यालयका कर्मचारी पक्षको कार्य हो भनी बयान गरेका र निजले यस अदालतसमक्ष, नापी कार्यालयको पत्रमा क्षेत्रफल बढी लेखेपछि कर्मचारीहरूलाई क्षेत्रफलमा यकिन अनुमान नभएको र नगरेको जस्तो देखिन्छ । मोठवालासमेतले जोडेनन् भनी बकपत्र गरेको देखिन्छ।

८. वस्तुतः मिसिल संलग्न प्रमाण कागजहरू र प्रतिवादीहरूको बयानसमेतबाट निज प्रतिवादी सत्यनारायण नेपाल तत्काल मालपोत कार्यालय, धादिङको मोठ फाँटमा नायब सुब्बा पदमा कार्यरत

राष्ट्रसेवक भएकोमा विवाद देखिँदैन । निजको पदीय दायित्वअन्तर्गत जग्गाधनी दर्ता प्रमाणपूर्जा एवम् स्रेस्ता तयार गर्ने, जग्गा रोक्का गर्ने, फुकुवा गर्ने, मोठ एवम रोक्का भिडाउने र पूर्जाको प्रतिलिपि दिने कार्यहरू समेत पर्दछन्। जसअन्तर्गत आफ्नो जिम्माको स्रेस्ताको संरक्षण गर्ने कार्यसमेत पर्नेमा विवाद छैन । मिति २०७१।१।१७ मा र.नं. ६९९६ बाट पारित राजीनामामा कित्ता नं. ६२ को क्षेत्रफल २-१२-२-१ र र.नं.६९९७ बाट पारित राजीनामामा कित्ता नं. ६१ को क्षेत्रफल २-११-२-० उल्लेख भएको देखिन्छ । त्यसको केही दिनपछि अर्थात् मिति २०७१।१।२३ मा सोही कित्ताहरूसमेत एकीकरण गर्ने प्रक्रियाको सिलसिलामा निज प्रतिवादीले मोठ भिडाएको तथ्य स्वीकार गरेको देखिन्छ । निज प्रतिवादीले त्यसरी मोठ भिडाउँदा एकीकरण गरिपाऊँ भन्ने निवेदनमा उल्लिखित जग्गाहरूको क्षेत्रफल कार्यालयमा रहेको स्रेस्तासँग ठीक दुरुस्त छ, छैन भिडाएर क्षेत्रफल यकिन गर्नुपर्नेमा त्यसो नगरी मोठ भिड्छसम्म भनी निवेदनको पीठमा जनाई पठाएको कार्य कानूनसम्मत मान्न मिलेन । आफ्नो कानूनी दायित्व निर्वहन नगरी नापी कार्यालयको मिति २०७१।१।२३ च.नं. ४६४ को पत्रमा एकीकृत जग्गाको क्षेत्रफल ४४-१२-२-२ उल्लेख भएकोमा तदनुरूप नै कम्प्युटर प्रिन्ट भई आएको भन्ने आधारमा पूर्जा बनाएको स्थितिमा निज प्रतिवादीले आरोप-दाबीबाट उन्मुक्ति पाउन सक्ने अवस्था देखिन आएन। मालपोत कार्यालय, धादिङमा रहेका जग्गाधनी दर्ता स्रेस्तामा कित्ता नं. ६१ को क्षेत्रफल २-११-२-० र कित्ता नं. ६२ को क्षेत्रफलमा २-१२-२-० भएकोमा रोपनीको अङ्क जनाउने २ अङ्कको अगाडि १-१ अङ्क थप गरी क्रमशः क्षेत्रफल १२-११-२-० र १२-१२-२-० बनाई पछि जग्गाधनी दर्ता स्रेस्तामा पुनः सच्याएको देखिन्छ। आफ्नो जिम्मामा रहेको स्रेस्तामा देखिएको उक्त कैफियत कार्य र स्रेस्तासम्म नभिडाई सरकारी जग्गाको क्षेत्रफलमा प्रतिकूल असर पुऱ्याई एकीकृत भएको कित्ता नं.१९४ को क्षेत्रफल २४-१२-२-२ हुनुपर्नेमा ४४-१२-२-२ उल्लेख भएको स्रेस्तासमेत तयार गर्ने कार्य भूलवश भएको र त्यसमा निज प्रतिवादीको बदनियत थिएन भन्न सकिने आधार देखिएन ।

९. प्रतिवादीमध्ये मोहनजङ्ग थापाको हकमा केन्द्रित भई हेर्दा, निज प्रतिवादीले यस अदालतसमक्ष नापी कार्यालयको दुई वटा पत्रमध्ये क्षेत्रफल २४-१२-२-२ उल्लेख भएको पत्रमा मैले मुद्दा फाँट भनी तोक लगाएको हुँ । सोही पत्रको आधारमा कित्ता एकीकरण गरेको हुँदा कार्यालयको व्यस्ततामा स्रेस्ता पूर्जामा क्षेत्रफल ४४-१२-२-२ परेछ । मैले सरकारी जग्गा घुसाउने कार्यसमेत गरेको छैन भनी बयान गरेको देखिन्छ भने निज प्रतिवादीले अनुसन्धानको क्रममा म २०४० सालबाट खरिदार पदमा सेवा प्रवेश गरी मिति २०७०।८।१६ गतेदेखि हालसम्म जिल्ला मालपोत कार्यालय, धादिङमा कार्यरत छु। कित्ता एकीकरण गर्ने कार्यमा सम्बन्धित निवेदन पत्रमा तोक लगाउने, पेश भएको टिप्पणी निर्णय गर्ने, मोठ काट्ने, पूर्जामा सहि गर्ने भूमिका रहेको, कुनैपनि व्यक्तिले कित्ता एकीकरण

गर्नका लागि पूर्जा, मालपोत तिरेको रसिद, निवेदन, नक्सासमेत संलग्न राखी निवेदन दिने, सुरूमा तोक लगाएपछि सम्बन्धित शाखामा आवश्यक कारवाहीको लागि कार्य हुन्छ। नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. का.म.न.पा.-११ त्रिपुरेश्वर काठमाडौँमा रहेको संस्थाले मालपोत कार्यालय, धादिङबाट रजिष्ट्रेशन गरिलिएको जग्गाको कित्ता एकीकरण गर्ने क्रममा भुलवश या झुक्किएर पूरा नभएको अवस्थामा तोक लगाउन पुगेको, कार्यालयमा रहेका फाँटवालाले मलाई झुक्याएर ४४-१२-२-२ को पूर्जामा सहि गराएर लगेछन्। मैले मोठ स्रेस्ता कट्टा गर्दा साबिककै २४-१-२-२ को स्रेस्ता थियो। पछि सम्बन्धित शाखामा मोठ गएपछि त्यहाँ कार्यरत फाँटवाला र सहायकको संलग्नतामा स्रेस्तामा सच्चिने कार्य भएछ।सो कुरा मलाई पछि मात्र थाहा भयो। कार्य व्यस्ततामा गर्दा मैले क्षेत्रफलमा ध्यान दिन पाइन। मैले कम्पनीलाई समेत सो कुराको जानकारी गराई पूर्जा फिर्ता गर्नको लागि पटक पटक मौखिक र पछि लिखित जानकारी गराएको हो।मैले २४-१२-२-२ को क्षेत्रफल कायम भएको पत्रमा तोक लगाएको र सोही आधारमा पूर्जा बन्नु पर्नेमा भिडभाड भएको मौका पारी ४४-१२-२-२ को पूर्जामा सहि गराई सम्बन्धित कम्पनीले लाने काम गरेछ। प्रत्येक शाखाको मोठ, सम्बन्धित पत्र, रोक्का रजिस्टर तथा अन्य कागजात फाँटवालाको जिम्मामा रहन्छ। मैले मोठ काट्दा कित्ता नं. र क्षेत्रफल स्पष्ट थियो र सोहीबमोजिम मैले मोठ काटेको हो। पछि को कसको संलग्नतामा सो काम भयो मैले जान्ने कुरा होइन भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीका साक्षी दीपकजङ्ग थापाले यस अदालतसमक्ष प्रतिवादी असल चरित्रका मानिस हुँदा भ्रष्टाचारजन्य कार्य गर्लान् जस्तो मलाई लाग्दैन भनी बकपत्र गरेको देखिन्छ ।

१०. वस्तुतः मिसिल संलग्न प्रमाण कागजहरू एवम् प्रतिवादीहरूको बयानसमेतबाट यी प्रतिवादी मोहनजङ्ग थापा मालपोत कार्यालय, धादिङमा मालपोत अधिकृत पदमा कार्यरत राष्ट्रसेवक भएकोमा विवाद देखिँदैन । निज प्रतिवादीको पदीय दायित्वअन्तर्गत कित्ता एकीकरण गर्ने कार्यमा सम्बन्धित निवेदनपत्रमा तोक लगाउने, पेस भएको टिप्पणीमा निर्णय गर्ने, मोठ काट्ने, पूर्जामा सही गर्ने, स्रेस्ता/पूर्जा प्रमाणित गर्ने कार्यसमेत पर्दछन् । कानूनतः त्यसरी निर्णय गर्ने कार्य वा स्रेस्ता/पूर्जा प्रमाणित गर्ने कार्य गर्दा स्रेस्तामा खोरेज भएको बेहोरा र दाखिल भएको बेहोरा पूरा र प्रष्ट छ, छैन, जग्गाको क्षेत्रफललगायत सम्पूर्ण विवरण दुरुस्त छ, छैन, लिखत प्रमाणसमेत हेरी नभए तत्काल पूरा गराई प्रमाणित गर्ने कार्यसमेत निज प्रतिवादीमा अन्तर्निहित रहनेमा विवाद छैन । अतः आरोपपत्रमा उल्लिखित जग्गाहरूको एकीकरणसम्बन्धी निर्णय एवम् स्रेस्ता/पूर्जा प्रमाणित गर्दा तदनुरूपको कार्य गर्नुपर्ने हुन्छ तर यी प्रतिवादीले आरोपपत्रमा उल्लिखित जग्गा एकीकरणसम्बन्धी निर्णय गरी साबिक क्षेत्रफल २४-१२-२-२ मात्र भएकोमा सरकारी जग्गाको क्षेत्रफलमा प्रतिकूल असर पुऱ्याई एकीकृत कित्ता नं.१९४ को क्षेत्रफल ४४-१२-२-२ कायम गरी स्रेस्ता/पूजा प्रमाणित गरेको कार्यलाई कानूनसमम्त मान्न मिलेन । निज प्रतिवादीले आफ्नो पदीय हैसियत एवम् दायित्वको

परिप्रेक्ष्यमा एकीकृत कित्ता नं.१९४ को क्षेत्रफललगायत सबै विवरण दुरुस्त छ, छैन हेर्ने, जाँच्ने र रुजु गर्नेसमेत कार्य गरेर मात्र प्रमाणित गर्नुपर्ने जिम्मेवारीबाट पन्छिन मिल्दैन । निज प्रतिवादी आफू स्वयंले नापी कार्यालय, धादिङको मिति २०७१।१।२३ च.नं.४६४ को क्षेत्रफल २४-१२-२-२ मात्र उल्लेख भएको पत्रमा मुद्दा फाँट भनी तोक लगाएकोमा सो विपरीत एकीकृत निर्णय पश्चात् क्षेत्रफल ४४-१२-२-२ कायम गरी स्रेस्ता/पूर्जा प्रमाणित गरेको देखिन्छ । यस्तोमा केवल भूलवश वा फाँटवालाले झुक्याएर पूर्जामा सही गराएछन् भनेर यी प्रतिवादीले आरोप-दाबीबाट उन्मुक्ति पाउन सक्ने अवस्था देखिन आएन । अतः जग्गाको क्षेत्रफल जस्तो महत्त्वपूर्ण कुरातर्फ बेवास्ता गरी सरकारी जग्गाको क्षेत्रफलमा प्रतिकूल असर पुऱ्याई साबिकभन्दा अत्यधिक क्षेत्रफल कायम गरी पूर्जा/स्रेस्ता प्रमाणित गर्नेसमेतका कार्य भुलवश भएको र त्यसमा निजको बदनियत थिएन भन्न सकिने आधार देखिएन ।

११. प्रतिवादीद्वय गौतम लामा र हरिविर लामाको हकमा केन्द्रित भई हेर्दा, प्रतिवादीमध्ये गौतम लामाले यस अदालतसमक्ष मैले कित्ता नं.६२ क्षेत्रफल २-१२-२-१ बिक्री गरेको हुँ । जग्गा बिक्री गर्न सहयोग गर्ने भीमसेन गजुरेलले भनेअनुसार राजीनामासमेतमा सहीछाप गरिदिएको हुँ । सरकारी जग्गाको मूल्य लिएको छैन । करारनामा बारेमा मलाई केही थाहा छैन भनी बयान गरेको देखिन्छ भने निज प्रतिवादीले अनुसन्धानको क्रममा नेपाल साउथ एसियन कन्स्ट्रक्सन मटेरियल प्रा.लि. लाई कित्ता नं. ६२ को जम्मा २-१२-२-१ क्षेत्रफलको जग्गा मात्र बिक्री गरेको हो। जग्गा पास गर्ने बेलामा तपाईंहरूको भविश्य बन्छ भनी काठमाडौंको कुपन्डोल छेउछाउको स्थानमा पास गरेको हो। मैले भोगचलन गरेको ऐलानी जग्गा बिक्री गरेको भन्ने कुरो झुठो हो। हामी पूर्जा भएको जग्गाको मोल प्रतिरोपनी २० लाख भनेका थियौं । वहाँहरूले के कसरी जग्गा रु.३,५०,०००।- मा कागज गराउनु भयो थाहा भएन। रातको समयमा जग्गा पास गर्ने क्रममा भिमसेन भन्ने कोमलप्रसाद गजुरेल, कम्पनीको मालिक भनेर चिनिएकी चाईनिज महिला, चाईनिज महिलाको छोरा भनेर चिनिएका संजय, जग्गा किनाउने मानिस विनोद साह, मालपोतका हाकिम, नापीको हाकिम र हामी जग्गा बिक्री गर्ने थियौं। पूर्जा नभएको जग्गासमेत बिक्री गर्ने मनसाय राखेर कागज तयार गरेकोमा हामीले विश्वास गरेर सहिछाप गरिदियौं। भोगचलन गरेको पूर्जा नभएको जग्गाको हामीले पैसा लिएका छैनौं। २४ रोपनीलाई ४४ रोपनी कसले बनायो हामीलाई थाहा भएनसमेत भनी बयान गरेको देखिन्छ ।

१२. त्यस्तै प्रतिवादीमध्ये हरिविर लामाले यस अदालतसमक्ष मैले कित्ता नं. ६१ क्षेत्रफल २-११-२-० बिक्री गरेको हो । जग्गा बेच्न सहयोग गर्ने व्यक्तिले भनेको भरमा राजीनामामा सहीछाप गरेको हो। सरकारी जग्गा बिक्री गरी कुनै पनि रकम लिएको छैन । आरोप-पत्र गलत छ भनी बयान गरेको देखिन्छ भने निज प्रतिवादीले अनुसन्धानको क्रममा नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. लाई कित्ता नं. ६१ को जम्मा २-११-२-० क्षेत्रफलको जग्गा मात्र बिक्री गरेको

हो। कति रकममा बिक्री गरे मलाई थाहा भएन। उक्त कुराको जानकारी मालपोत कार्यालयमा छ। मलाई पूर्जा भएको जग्गासमेत बिक्री गर्ने मनसाय थिएन, उहाँहरूले नै तपाईहरूको भविश्य बन्छ भनेर धेरै प्रलोभन देखाउनु भयो। मिति २०७०।११।२० मा रातको समयमा जिल्ला मालपोत कार्यालयमा नभई उनीहरूले गाडीमा राखी कुपन्डोल छेउछाउको अफिसमा लगि मध्यरातमा पैसा दिनु अघि मलाई कागजमा सहिछाप गर्न लगाएको हो। बृद्ध अवस्था भएकोले आँखा राम्ररी देख्न नसक्ने र पढ्न पनि नसक्ने छु। मैले पूर्जामा भएको स्थायी जग्गा मात्र बेचेको हो। जग्गा बेच्ने बेलामा थुप्रै कागजमा सहिछाप गराएको हो। जग्गा पास गर्ने समयमा नापीको हाकिम, मालपोतको हाकिम, जग्गा दलाल भिमसेन गजुरेल, शिवराम, विनोद शाह, सन्जय कक्षपति, मेरो छोरा कर्मविर लामा, भतिज गौतम लामा, सन्जयको आमा भनेर चिनिएकी कम्पनीको मालिक चाईनिज महिला र म स्वयम् थिएँ। हामीले बिक्री वितरण गरेको जग्गा हाल महेश खोला एग्रोटेकले भोगचलन गरिरहेको छ। २४ रोपनी जग्गालाई ४४ रोपनी बनाउने कार्यमा क-कसको संलग्नता छ मलाई थाहा भएन भनी बयान गरेको देखिन्छ ।

१३. प्रतिवादी गौतम लामाका साक्षी रामबहादुर आचार्य र प्रतिवादी हरिविर लामाको साक्षी बिर्खबहादुर गुरुङले यस अदालतसमक्ष प्रतिवादीहरूले पैतृक जग्गासम्म बिक्री गरेका हुन् । सरकारी जग्गा कसले कसरी बिक्री गरेको भन्ने सम्बन्धमा थाहा छैन भनी बकपत्र गरेको देखिन्छ तर वादीका साक्षी कोमलप्रसाद गजुरेलले अनुसन्धानको क्रममा गौतम लामा र हरिविर लामाले उपभोग गरेको १५ रोपनी ऐलानी जग्गासमेत खरिद बिक्री गर्न मञ्जुर भई कारोबार गरेका हुन् । पूर्जामा क्षेत्रफल २४-१२-२-२ मात्र भएकोमा ४४-१२-२-२ के कसरी भयो मलाई थाहा भएनसमेत भनी बयान गरेका र निजले यस अदालतसमक्ष उक्त बयान बेहोराको समर्थन गरी बकपत्र गरेको देखिन्छ ।

१४. वस्तुतः मिसिल संलग्न प्रमाण कागजहरू र प्रतिवादीहरूको बयानसमेतबाट धादिङ जिल्ला, केवलपुर गा.वि.स., वडा नं.३ । छ स्थित कित्ता नं. ६१ क्षेत्रफल २-११-२-० जग्गाको जग्गाधनीको अधिकार प्रतिवादीमध्ये हरिविर लामाको नाममा र ऐ. स्थित कित्ता नं. ६२ क्षेत्रफल २-१२-२-१ जग्गाको जग्गाधनीको अधिकार प्रतिवादीमध्ये गौतम लामाको नाममा कायम रहे भएकोमा विवाद छैन । सम्पत्तिसम्बन्धी कानूनको "Nemo plus juris ad alium transferre potest quam ipse habet"- No one can transfer to another a greater right than he has himself.[५] भन्ने सिद्धान्तले कुनै पनि व्यक्तिलाई आफूमा अन्तर्निहित अधिकारभन्दा अधिकाधिकार हस्तान्तरण गर्न अनुमति प्रदान गर्दैन। तसर्थ प्रतिवादीहरूमध्ये हरिविर लामाले मिति २०७१।१।१७ मा र.नं. ६९९७ मार्फत कित्ता नं. ६१ जग्गा हस्तान्तरण गर्दा स्रेस्ता बमोमिजको क्षेत्रफल २-११-२-० र गौतम लामाले ऐ. मितिमा

[5] Latin for Lawyers, 1997(first Indian Reprint), 3rd ed, p.187.

र.नं. ६९९६ मार्फत कित्ता नं. ६२ को जग्गा हस्तान्तरण गर्दा स्रेस्ताबमोजिमको क्षेत्रफल २-१२-२-१ नै राजीनामामा उल्लेख गरेको देखिन्छ । मालपोत कार्यालय, धादिङबाट नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटिरियल कम्पनी प्रा.लि. को नाममा उक्त र.नं. ६९९६ र ६९९७ मार्फत पारित लिखतको आधारमा हस्तलिखित पूर्जा प्रदान गर्दा उक्त लिखतमा उल्लेख भएकै क्षेत्रफल कायम भए गरेको देखिन्छ । तर पछि कित्ताहरू एकीकरण गरी कम्प्युटर प्रिन्ट गरिएको पूर्जा प्रदान गर्दा पारित लिखतभन्दा २० रोपनी क्षेत्रफल बढी उल्लेख गरिएको देखियो । मिसिल संलग्न ब्लुप्रिन्ट नक्सासमेत अवलोकन गर्दा यी प्रतिवादीहरूको कित्ता नं. ६१ र ६२ को जग्गाको साँध सिमाना माथि उल्लिखित कित्ता नं. ६०, ७४ र ७७ को सरकारी जग्गासँग जोडिएको देखिन्छ । वादीका साक्षी कोमलप्रसाद गजुरेलले अनुसन्धानको क्रममा बयान गर्दा यी प्रतिवादीद्वयले उपभोग गरिरहेको १५ रोपनी ऐलानी जग्गासमेत बिक्री गर्न मञ्जुर भई कारोवार गरेका हुन् भनी बयान गरेको देखिन्छ। निज साक्षीले यस अदालतसमक्ष मौकाको उक्त बेहोराको समर्थन गरी बकपत्रसमेत गरेको देखिन्छ।

१५. अतःजग्गाको क्षेत्रफलमा विवाद आएपछि यी प्रतिवादीहरूमध्ये गौतम लामा र हरिविर लामाको एकाघरका छोरा वीरेन्द्र लामाले कित्ता नं. ६१ र ६२ को जग्गा कम्पनीका नाममा हक हस्तान्तरण भएको अवस्थामा रु.९३,००,०००।- बुझिलिएका र उक्त रकमबाट कमिशन बापत भीमसेन गजुरेलले रु.७,००,०००।- लिएको हुँदा विर्षबहादुर गुरुङको खाताबाट रु.५,००,०००।- लिई बाँकी रु.८१,००,०००।- कम्पनीलाई फिर्ता गर्ने र कम्पनीले उक्त जग्गा निज जग्गाधनीहरूलाई फिर्ता गर्ने शर्त कबुल गरी मिति २०७१।३।२५ मा करारनामा भएको देखिन्छ । जुन करारनामालाई यी प्रतिवादीद्वयले अन्यथा भन्न सकेको देखिँदैन । निज प्रतिवादीहरूले कित्ता नं. ६१ र ६२ को जग्गाधनीको हैसियतले सो जग्गाको स्वामित्व हस्तान्तरण गर्दा स्रेस्ता पूर्जामा अङ्कित क्षेत्रफलमात्र राजीनामामा उल्लेख गरेको देखिए तापनि आफूहरूले भोगचलन गरी आइरहेको ऐलानी अर्थात माथि उल्लिखित सरकारी जग्गाको क्षेत्रफलसमेत अप्रत्यक्ष रूपमा कम्पनीको नाममा हस्तान्तरण गरी गैरकानूनी लाभ लिने र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतपूर्ण कार्य गरेको देखियो। जुन कार्यलाई सम्पत्तिसम्बन्धी कानूनको सिद्धान्त र प्रचलित कानूनले समर्थन गर्दैन । कानूनतः जुन कार्य प्रत्यक्ष रूपमा गर्न मिल्दैन त्यो कार्य परोक्षरूपमा पनि गर्न मिल्दैन । यी प्रतिवादीद्वयले आफ्नो नाममा रहेको पूर्जामा अङ्कित क्षेत्रफलभन्दा बढी क्षेत्रफल अर्थात ऐलानी/सरकारी जग्गाकोसमेत रकम लिएको तथ्य माथि उल्लिखित वादीका साक्षी कोमलप्रसाद गजुरेलको मौकाको बयान, बकपत्र र मिति २०७१।३।२५ को करारनामाको बेहोरासमेतबाट सम्पुष्टि भएको देखियो । अतः आफ्नो हकको जग्गा कम्पनीका नाममा हस्तान्तरण गर्दा सरकारी जग्गासमेतको क्षेत्रफलमा प्रतिकूल असर पुऱ्याई

पूर्जासमेत तयार गर्ने गराउने सम्पूर्ण काम कारवाही अन्जानवश भएको र त्यसमा निज प्रतिवादीद्वयको बदनियत थिएन भन्न सकिने आधार देखिएन।

१६. नेपाल साउथ एसिएन कन्स्ट्रक्सन मेटिरियल कम्पनी प्रा.लि. ले कित्ता नं. ६१ र ६२ समेत जम्मा १५ कित्ता जग्गा खरिद गरेकोमा विवाद देखिँदैन । ती १५ कित्ता खरिद गरेपश्चात् कम्पनीको नाममा तयार गरी दिएको हस्तलिखित जग्गाधनी दर्ता प्रमाणपूर्जामा कित्ता नं. ६१ को क्षेत्रफल २-११-२-० र कित्ता नं.६२ को क्षेत्रफल २-१२-२-१ उल्लेख भएको र सो कित्ता नं. ६१, ६२ समेत जम्मा १५ कित्ता जग्गाको कूल क्षेत्रफल २४-१२-२-२ मात्र उल्लेख भएको देखिन्छ। तर कम्पनीको तर्फबाट मिति २०७१।१।२३ मा कित्ता नं. ६१ र ६२ सहित १५ कित्ता जग्गाको एकीकरण गर्नका लागि परेको निवेदनमा कारवाही हुँदा नापी कार्यालय, धादिङका सर्वेक्षक विश्वकुमार बस्नेतले एउटै चलानी नम्बर ४६४ मिति २०७१।१।२३ को दुई वटा पत्रमा फरक फरक एकीकृत क्षेत्रफल २४-१२-२-२ र ४४-१२-२-२ उल्लेख गरी मालपोत कार्यालयमा पठाएको देखिन्छ । मालपोत कार्यालय, धादिङका मालपोत अधिकृत मोहनजङ्ग थापाले उक्त दुई वटा पत्रहरूमध्ये क्षेत्रफल २४-१२-२-२ उल्लेख भएको पत्रमा "मुद्दा फाँट" भनी तोक आदेश लगाएको देखिए तापनि निज स्वयंले जग्गाधनी दर्ता स्रेस्तामा भने क्षेत्रफल ४४-१२-२-२ जनाई प्रमाणित गरेको देखिन्छ । मालपोत कार्यालय, धादिङमा मोठ फाँटमा कार्यरत नायब सुब्बा सत्यनारायण नेपालले कार्यालयमा भएको स्रेस्ताबमोजिम क्षेत्रफलसम्म नभिडाई नापी कार्यालय, धादिङको क्षेत्रफल ४४-१२-२-२ कायम गरी पठाएको पत्रको आधारमा पूर्जा बनाएको देखिन्छ। नापी कार्यालय, धादिङमा रहेको प्लट रजिस्टर च्यातिएको र मालपोत कार्यालय, धादिङमा रहेको जग्गाधनी दर्ता स्रेस्तामा कित्ता नं. ६१ को क्षेत्रफल २-११-२-० र कित्ता नं.६२ को क्षेत्रफल २-१२-२-० भएकोमा रोपनीको अङ्क जनाउने २ अङ्कको अगाडि १/१ अङ्क थप गरी क्रमशः क्षेत्रफल १२-११-२-० र १२-१२-२-० बनाई पछि जग्गाधनी दर्ता स्रेस्तामा पुनः सच्याएको देखिन्छ । यसरी कित्ता नं. ६१ र ६२ को क्षेत्रफलमा १०-१० रोपनी थप गरी सो कित्ताको साँध सिमानासँग जोडिएको माथि उल्लिखित सरकारी जग्गाको क्षेत्रफलको २० रोपनी घटाउने कार्य गरी जग्गाधनीद्वय गौतम लामा र हरिविर लामासमेतले आफ्नो हकको जग्गा कम्पनीलाई हक हस्तान्तरण गर्दा सरकारी जग्गासमेतको मूल्य लिई बढी क्षेत्रफल देखाउने मकसदले काम कारोवार गरेको देखिन आयो ।समग्रमा यी प्रतिवादीहरू मोहनजङ्ग थापा, सत्यनारायण नेपाल, विश्वकुमार बस्नेत, गौतम लामा र हरिविर लामाले आपसी सरसल्लाह, मिलेमतो र परिपञ्चमा बदनियतसाथ सरकारी जग्गाको क्षेत्रफलमा प्रतिकूल असर पुऱ्याई आफूहरूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुग्ने गरी एकीकृत क्षेत्रफल २४-१२-२-२ हुनुपर्नेमा सरकारी जग्गाको २० रोपनी थप गरी जम्मा क्षेत्रफल ४४-१२-२-२ देखाई कम्पनीका नाममा जग्गाधनी

दर्ता प्रमाणपूर्जा एवम् स्रेस्तासमेत तयार गर्ने गराउने कार्य गरेको पुष्टि भएको देखियो ।यी प्रतिवादीहरूले आपसी मिलेमतोमा गरे गराएका उल्लिखित अबैध र अवाञ्छित किसिमको दोषपूर्ण क्रियाकलाप एवम् गतिविधिबाट कानूनतः उन्मुक्ति पाउने अवस्था रहँदैन ।

१७. कानूनतः कुनै पनि अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउने वा सजायमा कमी वा छुट पाउने जिकिर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार (Onus of proof) निजउपर नै रहन्छ ।[६] तर निज प्रतिवादीहरूले आरोप-दाबीअनुरूपको कसुर गरेको होइन भनी वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । अतः निज प्रतिवादीहरूमध्ये मोहनजङ्ग थापा, सत्यनारायण नेपाल र विश्वकुमार बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको र गौतम लामा तथा हरिविर लामाले सोही ऐनको दफा ८(४) बमोजिमको कसुर गरेको देखियो ।

१८. प्रतिवादी नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटिरियल कम्पनी प्रा.लि.को हकमा केन्द्रित भई हेर्दा, सो प्रतिवादीको तर्फबाट Wanmin Huang ले यस अदालतसमक्ष चिनियाँ भाषा विज्ञ/शिक्षक अनिश मल्लको रोहवरमा नेपालमा सिमेण्ट उत्पादन गर्ने उद्देश्यले कम्पनी स्थापना गरेको हो । उक्त कम्पनीको मालिक म नै हुँ। साथीले जग्गाको काम गर्ने व्यक्ति चिनाई दिएको र निजमार्फत नै जग्गा किनेको हो । पहिलो र दोस्रो कागजपत्रहरूमा सहीछापको ढाँचा र अक्षरहरू फरक थियो। म कसैलाई चिन्दिन । मैले नेपाली रुपैयाँ ३,८२,६०,०००।- मा (४४ मु. जग्गा नापजाँच गर्ने चिनियाँ प्रणाली) ३,१५७३८.२१ स्क्वायर फिट जग्गा किन्न खोजेको हो । जग्गाधनीहरूसँग धेरै कागजहरू भएको छ । सरकारी जग्गा बापत पैसा लिएको भए फिर्ता दिनु भनेकोमा उहाँहरूले चिन्ता नलिनुस्, हामी मिलाउँछौं भनी भन्नुभएको थियो । जग्गा खरिद बापतको पैसा संजय कक्षपतिमार्फत जग्गावालाहरूलाई दिएको हो । मेरो फसेको पैसा फिर्ता पाउनुपर्छ । म निर्दोष छु भनी बयान गरेको देखिन्छ भने सो कम्पनीको तर्फबाट अख्तियारप्राप्त राजु गुरुङले अनुसन्धानको क्रममा म कम्पनीको तर्फबाट अख्तियारप्राप्त व्यक्ति भएको कारणले कित्ता एकीकरणको लागि निवेदन दिएको हो। नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटेरियल प्रा.लि. विदेशी लगानीमा स्थापना हुन लागेको कम्पनी हो।यसको वास्तविक स्वामित्व चाईनिज नागरिक Wanmin Huang हुन्।हाल कम्पनीको नाममा १५ वटा कित्ता भएको हस्तलिखित पूर्जा छ जसमा जम्मा क्षेत्रफल २४-१२-२-२ रहेको छ भने कित्ता एकीकरण भएको कम्प्युटर प्रिन्ट भएको पूर्जामा क्षेत्रफल ४४-१२-२-२ रहेको छ।वास्तविक जग्गाको क्षेत्रफल २४-१२-२-२ हुनुपर्ने हो तर जग्गा मिलाईदिने एजेन्ट भीमसेन गजुरेलले मलाई कम्प्युटर प्रिन्ट भएको कित्ता नं १९४ को पूर्जा दिनुभन्दा अगाडि

[६] प्रमाण ऐन, २०३१ दफा २७(१)

हस्तलिखित पूर्जामा कि. नं. ६१ र ६२ मा २ अङ्क अगाडि १/१ थपी १२/१२ रोपनी बनाएर ४४-१२-२-२ क्षेत्रफलको पूर्जा दिएपश्चात् मैले कि.नं.६१ र ६२ मा क्रमशः २-११-२-० र २-१२-२-१ हुनुपर्नेमा किन १२-११-२-० र १२-१२-२-१ भएको हो भनी सोध्दा तपाईंले बुझ्नुभएको छैन सबै जग्गाको क्षेत्रफल मिलान गर्दा ४४-१२-२-२ हुन्छ भन्नु भयो। पछि जग्गाको साँध सिमाना हेर्दा बाटोसहितको खाली जग्गातर्फ बढेपश्चात् निज व्यक्तिहरू र कम्पनी मालिकबीच विवाद भई अन्तमा जग्गा फिर्ता गर्ने र लगानी फिर्ता गर्ने करारनामा भएकोमा हालसम्म लगानी फिर्ता भएको छैन भने जग्गाको साँध सिमाना पनि छुट्टिएको छैन। वास्तविक जग्गाको साँध सिमाना र क्षेत्रफल २४-१२-२-२ नै हो। मैले २४-१२-२-२ हुनुपर्नेमा किन ४४-१२-२-२ भयो त्यसको ट्रेस पनि माग गरेपछि भिमसेन गजुरेलले ट्रेस नक्सा पछि आउँछ भनेको हो। हामी ठगिएको महसुस गरेपछि कित्ता नं. ६१ र ६२ को जग्गाधनीसँग जग्गा फिर्ता दिने र पैसा फिर्ता लिने करारनामा गरेका छौं। जग्गाको कारोवार कतिमा भएको हो मलाई थाहा भएन। जग्गाको सबै सक्कल कागजात कम्पनीको मालिकसँग छ समेत भनी बयान गरेको देखिन्छ । निजका साक्षीहरूमध्ये बुझुङ्ग लामाले प्रतिवादीले सरकारी जग्गा किनेकी होइनन् । नेपाली र अङ्ग्रेजी दुबै भाषा बुझ्दिनन् भनी र पेम्बा लामाले संजय कक्षपतीलाई छोरा सरह विश्वास गरी जग्गा खरिद गरेकी हुन् । पूर्जा नक्कली हो, म लिन्न भन्दाभन्दै यो पूर्जा राख्नुस्, म पछि मिलाउँला भनी कोमलप्रसाद गजुरेलले छाडी गएका हुन्। प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भनी यस अदालतसमक्ष बकपत्र गरेको देखिन्छ ।

१९. वस्तुतः मिसिल संलग्न प्रमाण कागजहरू र प्रतिवादीहरूको बयानसमेतबाट नेपालमा सिमेण्ट उत्पादन गर्ने उद्देश्यले नेपाल साउथ एसिएन कन्स्ट्रक्सन मेटेरियल कम्पनी प्रा. लि. (द.नं.११०५७९/०६९/०७०) मिति २०६९।१२।२ मा दर्ता भई कानूनबमोजिम स्थापित कम्पनी भएकोमा विवाद देखिँदैन । त्यस्तै सो कम्पनीले मिति २०६९।१२।२ मा PAN मा दर्ता गरी पान नं. ६०१०९१५४८ समेत प्राप्त गरेको देखिन्छ । उद्योग विभागको मिति २०६९।१२।१ च.नं. ४६६७ को पत्रानुसार उक्त कम्पनीलाई विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ३ बमोजिम कूल पूँजी रु.१५,००,००,०००।- विदेशी लगानी गर्न स्वीकृति प्रदान गरेको पनि देखिन्छ । उल्लिखित कम्पनी एकल शेयरधनी भएको र जसको सञ्चालक चिनियाँ नागरिक Wanmin Huang भएकोमा विवाद देखिँदैन । निज सञ्चालकले नेपालमा सिमेण्ट उत्पादन गर्ने प्रयोजनार्थ ४४मु. (जग्गा नापजाँच गर्ने चिनियाँ प्रणाली) अर्थात करिब ३,१५७३८.२१ स्क्वायर फिट जग्गा आवश्यक भएकोले सो जग्गाको व्यवस्था गर्न पहल गर्ने क्रममा भीमसेन गजुरेलले जग्गा मिलाइदिएको भन्ने देखिन्छ । सो कम्पनीले जम्मा क्षेत्रफल २४-१२-२-२ मात्र जग्गा खरिद गरेकोमा पछि निज भीमसेन गजुरेलले नै दिएको भनिएको कम्प्युटर प्रिन्ट भएको पूर्जामा एकीकृत कित्ता नं. १९४ को क्षेत्रफल ४४-१२-२-२ उल्लेख भएको र

कित्ता नं.६१ र ६२ को क्षेत्रफल अगाडि १/१ अङ्क थपेको देखिँदा तत्सम्बन्धमा विवादसमेत भई रकम फिर्ता लिने विषयमा करारनामासमेत भएको देखिन्छ । निज प्रतिवादीका साक्षीहरूले कम्पनीले सरकारी जग्गा खरिद गरेकी होइनन् । संजय कक्षपतिलाई छोरा सरह विश्वास गरेर जग्गा खरिद गरेका हुन् । Wanmin Huang अङ्ग्रेजी र नेपाली भाषा दुबै बुझ्दिनन् । कोमलप्रसाद गजुरेलले पछि मिलाउँला भनी पूर्जा छाडी गएका हुन् भनी बकपत्र गरेको देखिन्छ । अतः उक्त कम्पनीका सञ्चालक Wanmin Huang चिनियाँ नागरिक भएकी र निजले अङ्ग्रेजी एवम् नेपाली भाषा दुवै नबुझ्ने कारणले छोरा सरह विश्वास गरेका संजय कक्षपति तथा जग्गा मिलाउने भनिएका कोमलप्रसाद गजुरेलसमेत मार्फत् जग्गा खरिद बिक्रीको कारोवार गरेको देखिन्छ । अङ्ग्रेजी र नेपाली भाषा नबुझ्ने चिनियाँ नागरिक Wanmin Huang ले मालपोत कार्यालय तथा नापी कार्यालयका कर्मचारीहरू र जग्गाधनीहरूसँग मिलेमतो गरी सरकारी जग्गासमेत खरिद गर्ने बदनियतका साथ कार्य गरेको अनुमान गर्नु न्यायोचित हुन सक्ने देखिएन ।

२०. फौजदारी कानूनको सर्वमान्य सिद्धान्तबमोजिम भ्रष्टाचार जस्तो गम्भीर अपराध स्थापित गर्न बदनियतसाथ कार्य गरेको तथ्य शंकारहित तवरबाट सम्पुष्टि हुनुपर्दछ । प्रस्तुत मुद्दामा यी प्रतिवादी जग्गा खरिद गर्ने क्रममा मालपोत कार्यालयमा पाइलासम्म टेकेको देखिँदैन। उनले अन्य कर्मचारीसँग मिलेमतो गरेको अनुमान गर्न भाषाको कारणले मिल्ने अवस्था देखिएन । जुन व्यक्तिले नेपालमा सिमेण्ट उत्पादन गर्ने प्रयोजनार्थ अरु व्यक्तिको सहयोग र विश्वासमा धेरै रकम लगानी गरी जग्गा खरिद गर्ने प्रयास गरेको छ, सोही व्यक्तिले बदनियतसाथ सरकारी जग्गा खाने नियतले अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी कार्य गरेको भन्ने अनुमानको आधारमा आरोपित कसुर गरेको ठहराउन फौजदारी कानूनको सर्वमान्य सिद्धान्तले समर्थन गर्दैन । विभिन्न व्यक्तिहरू र सरकारी कर्मचारीहरूले गरेको गैरकानूनी कार्यका लागि कम्पनीले आपराधिक दायित्व बेहोर्न पर्ने अवस्था रहँदैन । यस सन्दर्भमा अभियोजन पक्षले उक्त कम्पनीलाई कसरी कसले त्यस्तो जग्गा दिलाउने कार्य गरेको हो भन्ने सम्बन्धमा विस्तृत रूपमा अनुसन्धान गर्न सकेको पनि देखिँदैन। अतः कम्पनीले कित्ता नं. ६१ र ६२ को जग्गा खरिद गरेकै कारणले मात्र सरकारी जग्गाको क्षेत्रफलमा प्रतिकूल असर परेको मान्न मिलेन । प्रस्तुत मुद्दा फौजदारी मुद्दा भएकोमा विवाद छैन । फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने (Offence must be proved by the Prosecutor) सिद्धान्तलाई प्रमाण ऐन, २०३१ ले आत्मसात् गरी कानूनी व्यवस्थामा समेत समाहित गरेको पाइन्छ ।[७] तर अभियोजन पक्षले प्रतिवादी नेपाल

[७] प्रमाण ऐन, २०३१ दफा २५

साउथ एसियन कन्स्ट्रक्सन मटेरियल कम्पनी प्रा.लि.ले यो यसरी आरोपित कसुर गरेको भनी वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन ।

२१. सिद्धान्ततः कम्पनी भनेको कानूनी व्यक्ति (Legal Person) हुने र त्यस्तो कानूनी व्यक्ति स्वयमले गल्ती गर्न सक्दैन तर सोका सञ्चालक वा प्रबन्ध सञ्चालक वा महाप्रबन्धकले कम्पनीको तर्फबाट कार्य गर्ने हुनाले जसले कम्पनीको तर्फबाट कार्य गरेको छ उसैले आपराधिक दायित्व निर्वहन गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा अभियोजन पक्षले नेपाल साउथ एसियन कन्स्ट्रक्सन मटेरियल कम्पनी प्रा.लि.लाई प्रतिवादी बनाई आरोप-दाबी दायर गरेको देखिन्छ । तर सो कम्पनीको तर्फबाट कसले के कस्तो गैरकानूनी कार्य गरेको भनी प्रष्ट रूपमा शङ्कारहित प्रमाणसहित दाबी लिन नसकेको, सो कम्पनीका सञ्चालक चिनियाँ नागरिक भएको र निज सञ्चालक अङ्ग्रेजी एवम् नेपाली भाषासमेत बुझ्न नसक्ने अवस्थामा अन्य व्यक्तिको सहयोग र विश्वासमा कम्पनीको लागि जग्गा खरिद गरेको कारणले मात्र उक्त कम्पनीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको भन्ने आरोप-दाबी पुग्न सक्ने अवस्था देखिएन । अतः सो कम्पनीले आरोप-दाबीबाट सफाइ पाउने देखियो।

२२. <u>दोस्रो प्रश्नतर्फ विचार गर्दा,</u> अभियोजन पक्षले कित्ता नं. ६१ र ६२ का जग्गा खरिदको क्रममा नेपाल साउथ एसियन कन्स्ट्रक्सन मटेरियल कम्पनी प्रा.लि.ले रु.९३,००,०००।- भुक्तानी गरेको देखिन्छ भने उक्त कि.नं.६१ र ६२ को जग्गा बिक्री गरेको राजीनामामा क्रमशः मूल्य रु.३,३०,०००।- र मूल्य रु.३,३०,०००।- उल्लेख भएको हुँदा जम्मा कूल रु.९३,००,०००।- मध्ये उक्त राजीनामा लिखतहरूमा उल्लिखित जम्मा मूल्य रु.६,६०,०००।- घटाई हुन आउने रु.८६,४०,०००।- बिगो कायम गरी दाबी लिएको देखिन्छ । अभियोजन पक्षले प्रस्तुत मुद्दामा जग्गा खरिद बिक्री गर्दा राजश्व कम तिरेको भनी दाबी लिएको नदेखिँदा त्यसतर्फ विचार गरिरहन परेन । अब वास्तविक बिगो के कति हो भन्नेतर्फ केन्द्रित भई हेर्दा, प्रस्तुत मुद्दामा मूलतः कित्ता नं. ६१ को क्षेत्रफल २-११-२-० लाई रोपनी अङ्क अगाडि १ अङ्क थपी १२-११-२-० र कित्ता नं. ६२ को क्षेत्रफल २-१२-२-० लाई रोपनी अगाडि १ अङ्क थपी १२-१२-२-० कायम गरेको र कम्पनीले खरिद गरेको कित्ता नं.६१, ६२ सहित १५ कित्ता जग्गाको जम्मा क्षेत्रफल २४-१२-२-२ मात्र भएकोमा सोभन्दा २० रोपनी बढाई क्षेत्रफल ४४-१२-२-२ कायम गरी कम्प्युटर प्रिन्ट पूर्जासमेत बनाएबाट कित्ता नं. ६१ र ६२ को साँध सिमानासँग जोडिएका माथि उल्लिखित सरकारी जग्गाहरूमध्येबाट २० रोपनी जग्गासम्म कम्पनीका नाममा गैरकानूनी रूपमा पूर्जा तयार गर्ने कार्य गरेको देखियो । अतः नेपाल सरकारलाई २० रोपनी जग्गाको हानि नोक्सानी पुऱ्याउने कार्य गरेको देखिँदा मिसिल संलग्न मिति २०७१।१।१७ मा पारित र.नं. ६९९७ को राजीनामा लिखतमा उल्लिखित कित्ता नं.६१ को क्षेत्रफल र त्यसको मूल्य रु.३,३०,०००।- आधार मानेर

हिसाब गर्दा सो कित्ता नं. ६१ को सँग साथ रहेका २० रोपनी सरकारी जग्गाको मूल्य रु.२४,२७,५८४।- मात्र देखिन आएकोले बिगो रु.८६,४०,०००।- तर्फ आरोप दाबी पुग्न नसक्ने र बिगो रु.२४,२७,५८४।- मात्र कायम हुने देखियो ।

२३. अब अन्तिम प्रश्नतर्फ विचार गर्दा, फौजदारी न्याय प्रणालीअन्तर्गत अदालती कारवाहीका दुई महत्त्वपूर्ण पक्षहरू छन- पहिलो अभियोग ठहर गर्नु र दोस्रो सजाय निर्धारण गर्नु । जसले जति मात्राको कसुर गरेको छ सोही मात्राको अनुपातमा सजाय दिनु नै दण्डको सार र सिद्धान्त हो । यस कोणबाट हेर्दा माथि विवेचना गरेअनुरूप प्रतिवादी नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटिरियल कम्पनी प्रा.लि.ले आरोप-दाबीबाट सफाइ पाएको हुँदा सो कम्पनीउपर कुनै सजायको उद्घोष गरिरहन परेन । अन्य प्रतिवादीहरू मोहनजङ्ग थापा, सत्यनारायण नेपाल र विश्वकुमार बस्नेतले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर र प्रतिवादीहरू गौतम लामा र हरिविर लामाले सोही ऐनको दफा ८(४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूलाई कसुरको प्रकृति, मात्रा, पदीय दायित्व र एकीकृत कित्ता नं. १९४ को वास्तविक क्षेत्रफल कायम गरी स्रेस्ता सच्याई सरकारी जग्गाको संरक्षणसमेत भइसकेको मालपोत कार्यालयबाट प्राप्त स्रेस्ता कागजातसमेतबाट देखिएको अवस्थालाई मध्यनजर गरी निज प्रतिवादीहरू मोहनजङ्ग थापा, सत्यनारायण नेपाल र विश्वकुमार बस्नेतलाई सोही ऐनको दफा ८(१) बमोजिम जनही ६(छ) महिना कैद र बिगोअनुरूप रु.२४,२७,५८४।- जरिवाना गर्दा र प्रतिवादीहरू गौतम लामा र हरिविर लामालाई सोही ऐनको दफा ८(४) ले जनही बिगो अनुरूप रु.२४,२७,५८४।- जरिवाना गर्दा न्यायको मकसद पूरा हुने देखियो ।

२४. अतः माथि विवेचित आधार एवम् कारणबाट वादी नेपाल सरकारले बिगो रु.८६,४०,०००।- कायम गरी प्रतिवादीहरू मोहनजङ्ग थापा, सत्यनारायण नेपाल र विश्वकुमार बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसुर गरेकोमा सोही ऐनको दफा ८(१) बमोजिम सजाय र प्रतिवादीहरू हरिविर लामा, गौतम लामा र नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटिरिएल कम्पनी प्रा.लि.ले सोही ऐनको दफा ८(४) को कसुर गरेकोमा सोही दफा ८(४) बमोजिम सजाय गरिपाउनका साथै सरकारी जग्गा जफतसमेत गरिपाउन आरोप-दाबी लिएकोमा, बिगोको हकमा रु.८६,४०,०००।- दाबी गरेको देखिए तापनि मिति २०७१।१।१७ र.नं. ६९९७ को राजीनामा लिखतलाई मध्यनजर गर्दा करिब २० रोपनी सरकारी जग्गाको बिगो रु.२४,२७,५८४।- मात्र बिगोको रूपमा कायम हुने देखिन आयो । अतः आरोप दाबीबमोजिम प्रतिवादीहरू मोहनजङ्ग थापा, सत्यनारायण नेपाल र विश्वकुमार बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीत्रयलाई सोही ऐनको दफा ८(१) बमोजिम जनही ६(छ) महिना कैद र बिगोबमोजिम रु.२४,२७,५८४।-(अक्षेरुपी चौबीस लाख

सत्ताइस हजार पाँच सय चौरासी रुपैयाँ) जरिवाना हुने, प्रतिवादीहरू हरिविर लामा र गौतम लामाले सोही ऐनको दफा ८(४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीद्वयलाई सोही ऐनको दफा ८(४) बमोजिम जनही बिगोबमोजिम रु.२४,२७,५८४।- (अक्षेरुपी चौबीस लाख सत्ताइस हजार पाँच सय चौरासी रुपैयाँ) जरिवाना हुने र प्रतिवादी नेपाल साउथ एसियन कन्स्ट्रक्सन मेटिरिएल कम्पनी प्रा.लि.ले आरोप-दाबीबमोजिमको कसुर गरेको पुष्टि नहुँदा सो कम्पनीले आरोप-दाबीबाट सफाइ पाउने ठहर्छ । यसको साथै मालपोत कार्यालय, धादिङको मिति २०७५।८।२१ च.नं. ४५०८ को पत्रसाथ प्राप्त मोठ स्रेस्ताको प्रमाणित प्रतिलिपिबाट कित्ता नं.१९४ को जग्गाको क्षेत्रफल २४-१२-२-२ कायम गरिसकेको देखिँदा सरकारी जग्गा सरकारकै नाममा दर्ता हुने नै हुँदा सरकारी जग्गा जफत गरिरहनु पर्ने अवस्था नदेखिँदा सरकारी जग्गा जफत गरिपाऊँ भन्ने हदसम्म र बिगो रु.८६,४०,०००।- कायम गरिपाऊँ भन्ने हदसम्मको आरोप-दाबी पुग्न सकदैन।

२५. प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएको नेपाल साउथ एसियन कन्स्ट्रक्सन मटेरिएल कम्पनी प्रा.लि. (Nepal South Asian Construction Material Company Pvt.Ltd.) चिनियाँ नागरिक Wanmin Huang को एकल शेयरधनी रहेको कम्पनी देखिएको र निज चाइनिज नागरिकले नेपालमा लगानी गरी सिमेन्ट कारखाना खोल्न उद्योग विभागसमेतबाट अनुमति लिएको भन्ने कुरामा विवाद देखिँदैन । नेपालमा लगानी गर्न आएका छिमेकी मुलुक चाइनाकी नेपाली भाषा र अङ्ग्रेजी भाषाको समेत ज्ञान नभएकी व्यक्तिलाई व्यक्तिका नाममा दर्ता हुनै नसक्ने सरकारी जग्गासमेत समावेश गरी कम्पनीले खरिद गर्न लागेको जग्गाको क्षेत्रफल बढी देखाएर विश्वासमा पारी निज विदेशी नागरिकबाट रकम लिएर निजलाई उल्टै भ्रष्टाचारको मुद्दा लागेको स्थिति हुँदा यस्तो कार्यबाट मुलुककै प्रतिष्ठामा नकारात्मक असर पर्न सक्ने र प्रकारान्तरले नेपालमा विदेशी लगानीमैत्री वातावरण छैन भन्ने कुराको लगानी गर्न चाहने विदेशीहरूमा गलत सन्देश प्रवाह हुनसक्ने कुरालाई समेत दृष्टिगत गर्दै जग्गा खरिद बिक्री र कित्ता एकीकरण गर्ने कार्यमा मुख्य भूमिका निर्वाह गरेका संजय कक्षपतीलगायतका व्यक्तिहरूको क्रियाकलाप र भूमिकाका बारेमा सम्बद्ध निकायसँग समन्वय गरी थप अनुसन्धान गरी एउटा निष्कर्षमा पुग्न उपयुक्त हुने यस इजलासको राय रहेको हुँदा यस कुराको जानकारी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोलाई गराई सोको जानकारी उद्योग विभाग र गृह मन्त्रालयलाई समेत गराउनु पर्ने देखियो ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः केशव पराजुली

इति संवत् २०७५ साल चैत्र २८ गते रोज ५ शुभम् .....।

श्री विशेष अदालत, काठमाडौँ

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. १

मुद्दा नं. ०७२-CR-००५५

निर्णय नं. १५२

फैसला मिति : २०७६।३।१६

मुद्दाः-झुठा बिल भरपाई बनाई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।

वादी : केदार चौलागाइँको उजुरीले नेपाल सरकार

विरुद्ध

प्रतिवादी : सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तसमेत

- **लेखासम्बन्धी विषयको अध्ययन र तालिमको पर्याप्त अवसरसम्म नपाएका व्यक्तिहरूबाट राखिएको लेखासम्बन्धी विवरण, पत्रका चलानी नम्बरलगायतमा सानातिना गल्ती हुनुलाई अस्वाभाविक मान्न नसकिने ।**

(प्रकरण नं.९)

- **सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर कतिपय अवस्थामा ढुवानीको मार्गमा हुन सक्ने व्यवधानलाई रोक्नका लागि ढुवानीको वास्तविक मार्ग, ढुवानी गरिने सामानको प्रकृति र ढुवानीको गन्तव्यलगायत अन्य सूचनाको प्रवाह जस्ताको तस्तै नगरी छुट्टै किसिमबाट गर्नुपर्ने अनिवार्य आवश्यकतालाई अन्यथा भन्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.१०)

- **कुनै पनि सार्वजनिक संस्थाको लेखापरीक्षण भई प्रतिवेदन पेस भइसकेपछि कानूनतः अख्तियारप्राप्त अधिकारीले सरकारी सम्पत्ति बदनियतकासाथ हिनामिना वा हानि-नोक्सानी भए नभएको विषयमा अनुसन्धान गरी मुद्दा दायर गर्नै नपाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.१३)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री देवेन्द्रराज आचार्य

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सुशिलकुमार पन्त, प्रा.डा. श्री रजितभक्त प्रधानाङ्ग, श्री कृष्णप्रसाद सापकोटा, श्री शम्भु थापा, श्री हरिप्रसाद उप्रेती, श्री टंकप्रसाद दुलाल र श्री रमणकुमार श्रेष्ठ एवम् विद्वान् अधिवक्ताहरू श्री रामचन्द्र सुवेदी, श्री दिनेश विक्रम कार्की, श्री डिल्लीरमण आचार्य, श्री शरद प्रसाद कोइराला, श्री टीकाराम भट्टराई, श्री युवराज बन्जाडे र श्री रामबहादुर खड्का

अवलम्बित नजिर :

- नेपाल कानून पत्रिका, २०४८ नि.नं. ४३६३ पृ. ५१९.
- नेपाल कानून पत्रिका, २०५० नि.नं. ४७०३ पृ. ११८.
- नेपाल कानून पत्रिका, २०५४ नि.नं. ६४४८ पृ. ५५३.
- नेपाल कानून पत्रिका, २०५५ नि.नं. ६६२२ पृ. ६१५.
- नेपाल कानून पत्रिका, २०६२ नि.नं. ७६०४ पृ. ११९४.
- नेपाल कानून पत्रिका, २०६४ नि.नं. ७८४८ पृ. ५९८.
- नेपाल कानून पत्रिका, २०६६ नि.नं. ८१५८ पृ. ८६०.
- नेपाल कानून पत्रिका, २०६७ नि.नं. ८२९४ पृ. ६०.
- नेपाल कानून पत्रिका, २०६७ नि.नं. ८४७३ पृ.१६४१.
- नेपाल कानून पत्रिका, २०६७ नि.नं. ८५१९ पृ. २००७
- नेपाल कानून पत्रिका, २०७२ नि.नं. ९३६० पृ. ४१४.
- नेपाल कानून पत्रिका, २०७२ नि.नं. ९३६० पृ. ४१४.
- सर्वोच्च अदालत बुलेटिन, २०७३, पूर्णाङ्क ५७६ पृ. ३.
- सर्वोच्च अदालत बुलेटिन, २०७४, पूर्णाङ्क ५९७ पृ. १९.
- सर्वोच्च अदालत बुलेटिन, २०७४, पूर्णाङ्क ६०९ पृ. ४६.

सम्बद्ध कानून :

- नेपालको संविधान
- प्रमाण ऐन, २०३१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- सशस्त्र प्रहरी ऐन, २०५८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मुलुकी अपराध संहिता, २०७४

ठहर खण्ड

१. मूलतः देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियोः-

पहिलो प्रश्न	सशस्त्र प्रहरी बल के कस्तो प्रकृतिको संस्था हो ?
दोस्रो प्रश्न	लेखापरीक्षणको अन्तिमताको सिद्धान्त (Doctrine of Finality of Audit) ले प्रस्तुत मुद्दा दायर गर्न मिल्छ कि मिल्दैन ?
तेस्रो प्रश्न	स्वच्छ सुनुवाइसम्बन्धी सिद्धान्त (Principles of Fair Trial) अनुरूप प्रस्तुत मुद्दामा अनुसन्धान कारवाही भएको अवस्था देखिन्छ कि देखिँदैन ?
चौथो प्रश्न	आरोप-दाबीमा उल्लिखित सामानको ढुवानी कार्य भएको देखिन्छ कि देखिँदैन ?
पाँचौ प्रश्न	छानबिन समितिले गलत प्रतिवेदन दिएको अवस्था छ वा छैन ?
छैठौं प्रश्न	प्रतिवादीहरूले आरोप-दाबीअनुरूपको कसुर गरेका हुन् वा होइनन् ? यदि कसुर गरेका हुन् भने निज प्रतिवादीहरूलाई के कति सजाय हुनुपर्ने हो ?

२. पहिलो प्रश्न अर्थात् सशस्त्र प्रहरी बल कस्तो प्रकृतिको संस्था हो ? भन्ने सम्बन्धमा विचार गर्दा, मुलुकमा सशस्त्र द्वन्द्व चलिरहेको, सो अवस्थामा नेपालमा मौजूदा सुरक्षा निकायमध्ये नेपाल प्रहरीबाट द्वन्द्वरत पक्षसँग मुकाबिला हुन नसक्ने र नेपाली सेना मुलुकको अन्तिम शक्ति भएको कारणले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकता नै खतरामा पर्न लागेको अवस्थामा सोको रक्षाको लागि र विपद् व्यवस्थापन बाहेक सामान्यतया प्रयोग नगरिने सिद्धान्तअनुरूप नेपाली सेना र नेपाल प्रहरीको बीचमा अर्ध सैनिक शक्ति (Para military Force) को रूपमा रहने गरी सशस्त्र प्रहरी बल स्थापना भएको भन्ने कुरा सर्वविदितै छ । मुलुकभित्र देखा परेका हिंसात्मक गतिविधि नियन्त्रण गर्नका लागि यस प्रकारका अर्ध सैनिक प्रकृतिका सङ्गठन स्थापना र सञ्चालन गर्ने परिपाटी अन्य मुलुकमा पनि रही आएको पाइन्छ । यिनै अन्तर्राष्ट्रिय अभ्याससमेतलाई हृदयङ्गम गरेर नेपालमा पनि २०५७ सालमा अध्यादेशमार्फत् सशस्त्र प्रहरी बलको गठन भएको तथ्यबाट तत्कालको परिस्थितिमा तुरुन्त सशस्त्र प्रहरी बल स्थापना गर्नुपर्ने मुलुकको आवश्यकता थियो भन्ने कुरा स्वतः अनुमान गर्न सकिने विषय हो । सशस्त्र प्रहरी अध्यादेश, २०५७ लाई प्रतिस्थापन गरेर आएको सशस्त्र प्रहरी ऐन, २०५८ को प्रस्तावनामा नेपालमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नका लागि सशस्त्र प्रहरी बलको गठन र सञ्चालन गर्न वाञ्छनीय भएको भन्ने बेहोरा उल्लेख भएको पाइन्छ। सोही ऐनमा सशस्त्र प्रहरी बल अन्य कुराका अतिरिक्त नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र सङ्घर्ष नियन्त्रण गर्न, सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न, आतङ्ककारी गतिविधि नियन्त्रण गर्न, नेपालको सीमा सुरक्षा गर्न र बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहत रही सहयोग

गर्न[1] परिचालन गरिने व्यवस्था भएको पाइन्छ । नेपालको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गर्ने प्रयोजनको लागि नेपाली सेना सञ्चालनमा रहेको अवस्थामा नेपाली सेना सञ्चालन भएको अवधिभर सम्बन्धित ठाउँमा सशस्त्र प्रहरी नेपाली सेनाको नियन्त्रणमा रहने[2] व्यवस्था भएको पाइन्छ। यसरी कुनै अवस्थामा नेपाली सेना मातहत नै रहेर र कुनै समयमा जनताको जीउ, धन र स्वतन्त्रता रक्षाका लागि नेपाली सेना कै हाराहारीमा सुरक्षासम्बन्धी कार्य गर्नुपर्ने हुँदा सशस्त्र प्रहरी बल मुलुकमा शान्ति र सुव्यवस्था कायम गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने अर्ध सैनिक प्रकृतिको सङ्गठन हो भन्ने कुरामा विवाद गर्नुपर्ने अवस्था देखिँदैन ।

३. सशस्त्र प्रहरी बलको स्थापना गर्दा केही मानव संसाधन नेपाल प्रहरी र केही नेपाली सेनाबाट लिएर स्थापना भएको देखिन्छ । यो सङ्गठनको स्थापनाकालदेखि नै मुलुकमा सुरक्षा चुनौती रहेको र ती चुनौतीको सामना गर्ने जिम्मेवारी सशस्त्र प्रहरी बलको काँधमा आएको भन्ने कुरा उक्त सङ्गठनको स्थापनादेखिका क्रियाकलाप र यो सङ्गठनलाई लक्षित गरेर गरिएका विभिन्न किसिमका आक्रमणका घटनाक्रमबाट छर्लङ्ग हुन्छ । सशस्त्र प्रहरी बल स्थापना भएपछि द्वन्द्वरत पक्षसँग विस्तृत शान्ति सम्झौता भएको छ, २ वटा संविधान सभाका निर्वाचन भएका छन्, मुलुकको विभिन्न भागमा फरक-फरक नामधारी भूमिगत हतियारधारी सङ्गठनसँग सामना गर्नु परेका उदाहरणहरू हाम्रा सामु छन्। ती सबै घटना (Event) मा सशस्त्र प्रहरी बलले महत्त्वपूर्ण भूमिका निभाएको अवस्थालाई पनि सो सङ्गठनमा भएको भनिएको ढुवानीमा अनियमितताको विषयमा विवेचना गर्दा अनदेखा गर्न मिल्दैन।

४. सशस्त्र प्रहरी बलले सम्पादन गर्ने कार्यको प्रकृतिबाटै कतिपय कुराहरू तत्काल गर्नुपर्ने, सुरक्षा सम्वेदनशीलताको कारणबाट गोप्य राख्नुपर्ने प्रकृतिका समेत हुँदा र यो सङ्गठन आफैं भर्खर गठन भएर सञ्चालन भएको नयाँ सङ्गठन हुँदा लेखासम्बन्धी अभिलेख र कागजात दुरुस्त राख्ने कुरामा केही कमीकमजोरी भएको र त्यस्ता खालका कमीकमजोरी क्रमशः सच्याएर लैजानु पर्दछ भन्ने कुरा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख भएको बेहोराबाट स्पष्ट हुन्छ । त्यसैगरी सशस्त्र प्रहरी बलअन्तर्गत आ.व. २०६६।०६७ र २०६७।०६८ मा सञ्चालित विशेष सुरक्षा कार्यक्रममा अनियमितता भएको भन्ने उजुरी बारे छानबिन गर्न गठित समितिले दिएको सुझाव कार्यान्वयन गर्न नेपाल सरकार, गृहमन्त्रालय (सचिवस्तर) को मिति २०६८।०६।२७ को निर्णायानुसार सशस्त्र प्रहरी बल, प्रधान कार्यालयलाई २०६८।०७।०१ मा पठाइएको पत्रमा अन्य कुराका अतिरिक्त "आर्थिक प्रशासनमा प्रधान कार्यालयदेखि मातहत बाहिनी, तालिम केन्द्र, गुल्म, सि.सु.का. हरूमा कार्यरत हुने कर्मचारीहरूको छुट्टै लेखा समूह गठन गरी समयबद्ध तालिम दिई उनीहरूको बढुवा र वृत्ति विकासलाई कार्यसम्पादनसँग आवद्ध गरी सोहीभित्र व्यावसायिकता र

[1] सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६

[2] ऐ. को दफा ८

वृत्ति विकासको अवसर प्रदान गर्न उपयुक्त देखिन्छ" भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । यसबाट केही समय अघिमात्र स्थापना भएको सङ्गठन हुँदा सशस्त्र प्रहरी बलको प्रधान कार्यालय तथा मातहत कार्यालयमा समेत लेखातर्फका कर्मचारीहरू लेखासम्बन्धी कामका विज्ञता नभएका फौजी प्रकृतिको कामबाट लेखासम्बन्धी काममा लगाइएका व्यक्ति रहेछन् भन्ने कुरा सहजै बुझ्न सकिन्छ। लेखासम्बन्धी विषयको अध्ययन र तालिमको पर्याप्त अवसरसम्म नपाएका व्यक्तिहरूबाट राखिएको लेखासम्बन्धी विवरण, पत्रका चलानी नम्बरलगायतका सानातिना गल्ती हुनुलाई अस्वाभाविक मान्न सकिँदैन । जुन कुरा माथि नै विवेचना गरिएजस्तो लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएकै छ। यसबाट सशस्त्र प्रहरी बलको प्रधान कार्यालय र मातहत कार्यालयहरूमा लेखासम्बन्धी काम गर्ने विज्ञ कर्मचारीको अभावमा सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर काम गर्नुपर्ने र तुरुन्त परिणाममुखी काम सम्पादन गर्नु परेको भन्ने कुरा देखिन आउँछ

५. यस्तो विशिष्ट र प्राविधिक प्रकृतिको कार्य सम्पन्न गर्नुपर्ने सङ्गठन भएको परिप्रेक्ष्यमा हातहतियारलगायतका बन्दोबस्तीका सामानको ढुवानीलाई अन्य सामान्य कार्यालयहरूमा हुने ढुवानीसँग तुलना गरेर हेर्न मिल्ने देखिएन । धरातलीय यथार्थताको आलोकबाट नहेरी सतहीरूपमा मूल्याङ्कन गरेर सशस्त्र प्रहरी बलको ढुवानी जस्तो संवेदनशील विषयको निष्कर्षमा पुग्न सक्ने देखिएन । यस सङ्गठनमा भएको ढुवानीमा अपनाउनु पर्ने सुरक्षा संवेदनशीलता, गोप्यता र एउटै सामान पटक-पटक विभिन्न स्थानसम्म पुऱ्याउनु पर्नेसमेतका विषयलाई दृष्टिगत गरेर अनियमितता भयो भनिएको विषयलाई टुङ्गो लगाउन न्यायोचित हुने देखिएको छ । त्यसैगरी, सुरक्षासँग सम्बन्धित सामग्रीको ढुवानी गर्दा विशिष्ट प्रक्रिया र कार्यविधि अवलम्बन गर्नुपर्ने हुन्छ । सुरक्षा संवेदनशीलताको कारणले गर्दा सुरक्षा निकायले सार्वजनिकरूपमा सबैलाई जानकारी हुने गरी सामान ढुवानी गर्न उचित नहुने कुरालाई दृष्टिगत गरेर संयुक्त राज्य अमेरिकामा छुट्टै Defence Transportation Regulation र भारतमा Defence Procurement Procedure बनाएर सुरक्षासँग सम्बन्धित सामग्री खरिद र ढुवानीको व्यवस्था मिलाएको पाइन्छ । यसबाट पनि सुरक्षासँग सम्बन्धित सामग्री ढुवानीको प्रक्रिया विशिष्ट प्रकृतिको हुन्छ भन्ने कुरालाई थप पुष्टि गर्दछ । सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर सेना र अर्धसैनिक प्रकृतिको काम गर्न सशस्त्र प्रहरी बलका अधिकृतहरूको तालिममा surprise, deception and Decoy का नियम र प्रक्रियाका बारेमा प्रशिक्षणसमेत दिने गरिन्छ । सुरक्षा मिसनमा यी कुराहरू पालना गरेर काम गर्नुपर्ने यथार्थतालाई नजरन्दाज गर्न मिल्दैन। कतिपय अवस्थामा ढुवानीको मार्गमा हुन सक्ने व्यवधानलाई रोक्नका लागि ढुवानीको वास्तविक मार्गढुवानी, गरिने सामानको प्रकृति र ढुवानीको गन्तव्यलगायत अन्य सूचनाको प्रवाह जस्ताको तस्तै नगरी छुट्टै किसिमबाट गर्नुपर्ने अनिवार्य आवश्यकतालाई अन्यथा भन्न मिल्ने देखिएन।

६. सशस्त्र प्रहरी बलले अपनाउनु पर्ने सुरक्षा संवेदनशीलता र उक्त सङ्गठनप्रति गरिएका आक्रमण के कस्ता थिए भन्ने कुरा शब्दमा व्यक्त गर्न आवश्यक देखिएन, जुन कुरा देहायका तस्विरहरू आफै बोल्दछन् :-













HIRV


HIRV SECURITY POST





७. उपर्युक्त प्रकृतिको सशस्त्र प्रहरी बलका प्रक्रियागत कुरा कहिलेकाहीं गौण हुन पुग्दछ । वस्तुतः कुनै पनि कामकारवाहीमा पारदर्शीता र प्रक्रियागत कुरा सामान्य नियम हो भने सुरक्षालाई अपवादको रूपमा लिने अभ्यास रहिआएको पाइन्छ । त्यसैले, सशस्त्र प्रहरी बलको उद्देश्य र कार्य प्रकृतिको कारणले गर्दा "In the Security the operation first and most process, procedure and evidence are less important." भन्ने मान्यताअनुरूप चल्नु पर्ने यथार्थतालाई पनि नजरअन्दाज गर्न मिल्दैन ।

८. दोस्रो प्रश्न अर्थात् लेखापरीक्षणको अन्तिमताको सिद्धान्त (Doctrine of Finality of Audit) ले प्रस्तुत मुद्दा दायर गर्न मिल्छ कि मिल्दैन ? भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण भई महालेखा परीक्षकको कार्यालयबाट समेत लेखापरीक्षण भई पेस भएको प्रतिवेदनहरूबाट बेरुजु फछर्यौंट भई सबै हिसाब फरफारक भइसकेको स्थितिमा पुनः सोही विषयलाई झुठा बिल भरपाई बनाई रकम हिनामिना गरी भ्रष्टाचार गरेको भनी मुद्दा दायर गर्नु संविधान र कानूनप्रतिकूल हुन्छ भनी बहस जिकिर लिनुभएको देखिन्छ । वस्तुतः हरेक सार्वजनिक संस्थाहरूको प्रत्येक आर्थिक वर्षमा संविधान एवम् कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतासमेतको बिचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने र हुनुपर्नेमा विवाद छैन।[३] सिद्धान्ततः लेखापरीक्षण प्रारम्भ गर्नुपूर्व लेखापरीक्षणको योजना (Audit Plan) बनाएर खर्च गरिएको आधार र कारण देखिने बिल, भरपाई, भौचरलगायतका कागजातको नमूना परीक्षण (Random

[३] नेपालको संविधान, धारा २४१

Sampling) को आधारमा लेखापरीक्षण गरिने र लेखापरीक्षण योजनामा नपरेको विषयमा लेखा परीक्षकले ध्यान नदिएको वा निजको ध्यान नपुगेको अवस्था पनि हुनसक्दछ । लेखापरीक्षणको मूल उद्देश्य आर्थिक अनुशासन र कार्यविधिअनुरूप हिसाब किताब दुरुस्त छ, छैन भन्ने विषयमा परीक्षण गरी बेरुजु भएमा सोसमेतको कैफियत जनाउनु हो । त्यस्तै अन्य त्रुटिहरू भएमा सो औंल्याउनु र आवश्यक सुझाव एवम् निर्देशनसमेत दिनु हो । तर लेखापरीक्षणअन्तर्गत कुनै राष्ट्रसेवकले बद्नियतले काम गरेको हो, होइन ? बिल भरपाईहरू सक्कली हुन्, होइनन् ? भन्ने जस्ता सम्पूर्ण विषयमा हेर्न सम्भव हुन सक्दैन । उदाहरणार्थ लेखा परीक्षकले कुनै कर्मचारीलाई प्रदान गरेको तलब भत्ता नियमानुसार छ, छैन हेर्न सक्दछ तर जसलाई तलब खुवाएको छ त्यो कर्मचारी नै फर्जी हुन् वा होइनन्, त्यसको विषयमा नियुक्ति पत्र सक्कली वा नक्कली के हुन् भन्ने विषयमा यकिन गर्न सक्दैनन् । त्यस्तै ढुवानीबापत रकम दिएको ठीक छ, छैन ? र बिल भरपाई मुताविक रकम दिएको हो, होइन ? भन्ने जस्ता विषयमा हेर्न सक्छन् तर ढुवानी नै भएको हो वा होइन ? प्रतिवादीहरूको काम कारवाहीमा बदनियत तत्त्व छ, छैन ? भन्ने जस्ता विषयमा गहन रूपमा अनुसन्धान गरी हेर्न सक्दैनन्। अतः कुनै पनि सार्वजनिक संस्थाको लेखापरीक्षण भई प्रतिवेदन पेस भइसकेपछि कानूनतः अख्तियारप्राप्त अधिकारीले सरकारी सम्पत्ति बदनियतकासाथ हिनामिना वा हानि-नोक्सानी भए नभएको विषयमा अनुसन्धान गरी मुद्दा दायर गर्नै नपाउने भन्न मिलेन ।

९. यथार्थमा लेखापरीक्षण प्रतिवेदन भनेको सदासर्वथा फौजदारी दायित्वबाट उन्मुक्ति पाउने प्रतिरक्षात्मक प्रमाणपत्र हुन सक्दैन । अतः कुनै पनि सार्वजनिक संस्थाको लेखापरीक्षण कार्य सम्पन्न भई प्रतिवेदनसमेत सार्वजनिक भएपश्चात् भ्रष्टाचार मुद्दा दायर गर्नै मिल्दैन भनी प्रचलित कानूनले उद्घोष नगरेको स्थितिमा अभियोजन पक्षले प्रतिवादीहरूले झुठा बिल भरपाई बनाई सरकारी रकम बदनियतपूर्वक हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रश्न उठाई प्रस्तुत मुद्दा दायर गर्न मिल्दैन भन्न फौजदारी न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन ।

१०. अब तेस्रो प्रश्न अर्थात् स्वच्छ सुनुवाइसम्बन्धी सिद्धान्त (Principles of Fair Trial) अनुरूप प्रस्तुत मुद्दामा अनुसन्धान कारवाही भएको अवस्था देखिन्छ कि देखिँदैन ? भन्ने सम्बन्धमा बिचार गर्दा, फौजदारी न्यायको प्रथम र प्रमुख उद्देश्य नै कसुरदारलाई कसुरको मात्रानुरूप सजाय गर्नु र पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउनु हो । यस परिप्रेक्ष्यमा कुनै कसुरको आरोप लागेको व्यक्तिले सो कसुर गरेका हुन्, होइनन् भनी स्वच्छ र स्वतन्त्र रूपमा परीक्षण गरिनु नै स्वच्छ सुनुवाइ हो। स्वच्छ सुनुवाइको मूल उद्देश्य नै चरणबद्ध प्रक्रियाको माध्यमबाट उचित (Just) कुरा पत्ता लगाई न्याय (Justice) प्रदान गर्नु हो । अतः स्वच्छता न्यायको अपरिहार्य तत्त्व हो । जसको अभावमा न्यायको परिकल्पना गर्न सकिन्न । सिद्धान्ततः न्याय गरेर मात्र हुँदैन, न्याय परेको पनि देखिनु पर्दछ । यसको लागि अनुसन्धान, अभियोजन र अदालती कारवाहीको चरणमा समेत स्वच्छ

सुनुवाइका शुद्धता, स्वच्छता, स्वतन्त्रता, समानता, निष्पक्षता, कानूनको परिपालना, उचित प्रक्रिया, पारदर्शिता र जवाफदेहिता जस्ता मान्यताहरूको अनिवार्य रूपमा अवलम्बन गर्नु आवश्यक पर्दछ। यी मान्यताहरूको उल्लङ्घन गर्नु भनेको स्वेच्छाचारी हुनु हो । अतः स्वच्छ सुनुवाइलाई न्याय प्रणालीको आत्मा एवम् आधारशीला मानिन्छ । कुनै पनि कारवाही, अनुसन्धान वा सुनुवाइको सिलसिलामा दुवै पक्षलाई समान व्यवहार गर्नुपर्ने, समान सुविधा दिनुपर्ने र समान अवसर दिनुपर्ने मान्यताहरूको पुञ्ज नै स्वच्छ सुनुवाइ हो । यो प्राकृतिक न्यायको सिद्धान्तको आत्मा हो अनि व्यक्तिको आधारभूत मानव अधिकार पनि हो । स्वच्छ सुनुवाइ भनेको कानूनको अगाडि समानता (Equality before the Law) र कानूनको समान संरक्षण (Equal Protection of the Law) सम्बन्धी मानव अधिकारको सम्मान गर्दै कानूनको उचित प्रक्रिया (Due Process of Law) को समाबलम्बन गर्नु हो । कानूनको उचित प्रक्रियाअन्तर्गत 'Substantive due process' र 'Procedural due process' दुवै पर्दछन् । वस्तुतः स्वच्छ सुनुवाइ भन्नाले शीघ्र अनुसन्धान गरी न्याय प्रदान गर्नु मात्र होइन, विवादका पक्षहरूलाई दबाब र अस्वस्थ व्यवहारबाट स्वतन्त्र राखी आफ्नो प्रतिरक्षाको लागि प्रष्ट एवम् पूर्ण रूपमा सूचना दिई तयारी र प्रस्तुतिका लागि पर्याप्त समय दिएर चरणबद्ध रूपमा अनुचित विलम्ब नगरी न्याय प्रदान गर्नु हो।

११. वस्तुतः स्वच्छ सुनवाइ व्यक्तिको अनुल्लङ्घनीय आधारभूत मानव अधिकार हो । यस अधिकारको उल्लङ्घन भएमा निर्दोष व्यक्तिले अनाहकमा कसुरदारको रूपमा सजाय भोग्नु पर्ने अवस्थाको सिर्जना हुन जान्छ । त्यस्तै कुनै पनि व्यक्ति प्रष्ट र पर्याप्त प्रमाणको अभावमा शङ्काको भरमा पक्राउ गरी कारवाही गर्नु भनेको व्यक्तिको मानव अधिकारमाथि प्रहार गर्नु सरह हो । यस्ता क्रियाकलापले व्यक्तिप्रति अन्याय हुन जान्छ। सिद्धान्ततः कुनै स्थान वा चरणमा अन्याय भयो भने त्यसले सर्वत्र न्यायमा असर पुग्न जान्छ । स्वच्छ सुनुवाइलाई व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्तिको रक्षा कवच मानिन्छ। तसर्थ, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट स्वच्छ र सार्वजनिक सुनुवाइ गरी पाउने पूर्ण समानताको हकको उद्घोष गरेको पाइन्छ।[४] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट स्वच्छ र सार्वजनिक सुनुवाइ गराई पाउने अधिकारको साथै अन्य आधारभूत अधिकारहरूसमेतको प्रत्याभूत गरेको पाइन्छ।[५] त्यस्तै सोही प्रतिज्ञापत्रले उक्त प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरू जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य बिचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका

[४] Universal Declaration of Human Rights, 1948, Art 10.

[५] International Covenant on Civil and Political Rights, 1966, Art 14.

कुनै पनि प्रकारको भेदभाव बिना उपभोग गरिने कुराको प्रत्याभूत दिने प्रतिज्ञा गरेको पाइन्छ ।[६] त्यस्तै यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, अभियोजनकर्ताको भूमिकासम्बन्धी मार्गदर्शन, १९९०, कानून कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता, १९७९ समेतले स्वच्छ सुनुवाइसम्बन्धी अवधारणालाई आत्मसात् गरेको पाइन्छ ।

१२. यिनै अन्तर्राष्ट्रिय कानूनी संयन्त्रको भावनालाई आत्मसात् गर्दै नेपालको संविधानले प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने कुराको प्रत्याभूत गरेको पाइन्छ ।[७] तदनुरूप मुलुकी अपराध संहिता, २०७४ ले फौजदारी न्यायका सामान्य सिद्धान्तअन्तर्गत कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारवाहीमा स्वच्छ सुनुवाइबाट बञ्चित नहुने कुराको प्रत्याभूत गरेको पाइन्छ ।[८] यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट देहायबमोजिमका कानूनी सिद्धान्तहरूसमेत प्रतिपादन भइरहेको पाइन्छः

- ..."आफ्नो भनाई राख्ने अवसर प्रदानसमेत नगरी गरिएको विपक्षी आयोगको निर्णय स्वच्छ सुनुवाइसम्बन्धी प्राकृतिक न्यायको सिद्धान्तसमेतको प्रतिकूल देखिने ।"[९]
- "स्वच्छ सुनुवाइको सिद्धान्तअन्तर्गत जसको जीवन, स्वतन्त्रता र सम्पत्तिमा असर पर्ने कुनै काम कारवाही वा निर्णय गरिन्छ, त्यसको कुरा नसुनी, समूचित प्रतिवादको मौका नदिई त्यसको उचित सहभागिता बिना काम कारवाही तथा निर्णय गर्नु हुँदैन भन्ने जस्ता कुरा पर्दछन् ।"[१०]
- "लगाइएको आरोप प्रष्टसँग वस्तुनिष्ठ प्रमाणको आधारमा समर्थित हुने कुरा उल्लेख गरी सफाइको मौका दिएमा मात्र मुनासिब मौका दिएको मानिन्छ । मुनासिब मौकाभित्र आफ्नो प्रतिकार गर्न सक्ने यथेष्ट समय, आफूले प्रतिकार गर्नुपर्ने विषयको स्पष्टता, आफ्नो कुरा भन्न वा देखाउन सक्ने अनुकूल परिस्थितिसमेत पर्न आउँछ ।"[११]
- "कुनै व्यक्तिको अभियोग प्रमाणित नभएसम्म निज बेकसुर मानिनेछ । A man is presumed to be innocent until proved guilty. भन्ने फौजदारी न्यायको सिद्धान्तको मूलभूत मान्यता रही आएको सन्दर्भमा अभियोग लाग्नासाथ त्यो व्यक्तिलाई कसुरदार मानी अग्रसर हुनु न्यायोचित होइन ।"[१२]

---

[६] Ibid, 2(1)

[७] नेपालको संविधान, २०७२, धारा २०.(९)

[८] मुलुकी अपराध संहिता, २०७४ दफा १०.

[९] नेपाल कानून पत्रिका, २०६२ नि.नं. ७६०४ पृ. ११९४.

[१०] नेपाल कानून पत्रिका, २०६७ नि.नं. ८२९४ पृ. ६०.

[११] नेपाल कानून पत्रिका, २०५० नि.नं. ४७०३ पृ. ११८.

[१२] नेपाल कानून पत्रिका, २०५५ नि.नं. ६६२२ पृ. ६१५.

- वस्तुतः माथि उल्लिखित अन्तर्राष्ट्रिय कानूनी संयन्त्र, संविधान, कानून र कानूनी सिद्धान्तसमेतको आधारमा स्वच्छ सुनुवाइअन्तर्गत देहायका आधारभूत तत्त्वहरू हुनुपर्दछः-
- Right to access to a court.
- Right to equality of arms.
- Right to hearing by a competent tribunal.
- Right to a public hearing.
- Right to hearing within reasonable time.
- Right to interpretor.
- Right to proper defence.
- Right to be informed of the accusation.
- Right to opportunity to make a proper and full defence.

१३. प्रस्तुत स्वच्छ सुनुवाइसम्बन्धी हक कहिले प्राप्त हुने भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "कुनै व्यक्ति कुनै कानून तोडी फौजदारी अपराध गरेको भन्ने आधारमा अनुसन्धानकर्ताबाट कसैलाई Suspect को रूपमा मानी निजको विरुद्ध सोधपुछ र अनुसन्धान तहकिकातको कार्य प्रारम्भ हुनासाथ स्वच्छ सुनुवाइको हक Invoke हुन थाल्दछ । फौजदारी मुद्दाका मान्य सिद्धान्तको रूपमा स्थापित Miranda Warning यस कुराको प्रमाण हो ।"[१३] भनी कानूनी सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ।

१४. प्रस्तुत मुद्दामा प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग (यसपछि 'आयोग' मात्र भनिएको छ) बाट स्वच्छ सुनुवाइको सिद्धान्तप्रतिकूल अनुसन्धान कारवाही भएको छ । अनुसन्धान प्रक्रिया नै पूर्वाग्रही, नियोजित र कानूनको गम्भीर त्रुटिपूर्ण हुँदा आरोप दाबीको औचित्य नभएको भनी बहस जिकिर लिनुभएको देखिन्छ । अतः स्वच्छ सुनुवाइको सिद्धान्त र प्रचलित कानूनी प्रावधानको कोणबाट मिसिल संलग्न अनुसन्धान कारवाहीसँग सम्बद्ध प्रमाण कागजातहरू अध्ययन गरी न्यायिक परीक्षण गर्दा देहायबमोजिमको अवस्था देखिन आयोः

- सर्वप्रथम उजुरीकर्ता केदार चौलागाईको उजुरीबाट अनुसन्धान कारवाही प्रारम्भ भएको प्रस्तुत मुद्दामा आयोगको मिति २०७१।११।२७ च.नं. १७५७ को पत्र अध्ययन गरी हेर्दा आयोगमा दर्ता भएको उ.द.नं. ७८७४ मिति २०७१।११।१७ को प्राप्त उजुरीको छायाप्रति पाना-१ यसैसाथ संलग्न छ । बेहोरा सोही उजुरीबाट अवगत गर्नुभई उक्त विषयमा छानबिन गरी रायसहितको प्रतिक्रिया आयोगको महाशाखा नं. १ मा पठाउनु हुन मिति २०७१।११।१० को निर्णयानुसार अनुरोध छ भनी सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको नाममा पत्र जारी भएको देखियो । वस्तुतः विधिवत् रूपमा उजुरी दर्ता भएको मिति २०७१।११।१७ भन्दाअघि नै

[१३] नेपाल कानून पत्रिका, २०६७ नि.नं. ८४७३ पृ.१६४१.

राय प्रतिक्रिया मगाउने निर्णय मिति २०७१।११।१० मा भएको देखिएबाट उक्त निर्णय एवम् प्रक्रिया स्वाभाविक र चरणबद्ध प्रक्रियासम्मत रहेको मान्न मिलेन ।

- आयोगबाट सङ्कल कागजात उपलब्ध गराइदिनु भनी सशस्त्र प्रहरी बल, प्रधान कार्यालयका नाममा पटक-पटक पत्र पठाई केही समयावधिपश्चात् फिर्ता पठाउने गरेको देखियो । आयोगबाट मिति २०७१।१२।२७, मिति २०७२।०१।०६, मिति २०७२।०३।१४, मिति २०७२।०३।१५, मिति २०७२।०८।२७ मा र पुनः मिति २०७२।०९।०३ मा समेत कागजात पठाई दिनु हुन भनी पत्र पठाई कागजात मगाएको देखियो । आयोगबाट एउटै संस्थाको उही विषयको उही कागजात पटक-पटक माग गरी केही समयपछि फर्काउने कार्यको पनि औचित्य देखिएन । आयोगबाट त्यसरी पटक-पटक कागजात माग गरी पटक-पटक फिर्ता पठाउनुको मनासिब आधार र कारण दिन सकेको पनि देखिँदैन ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले कुनै पनि आरोपित व्यक्तिलाई आयोगमा उपस्थित हुन सूचना दिनुपर्ने व्यवस्था गरेको पाइन्छ ।[१४] त्यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले पनि कुनै व्यक्तिलाई बयानका लागि बोलाउँदा अनुसूची ३ को ढाँचामा सूचना दिनुपर्ने अनिवार्य व्यवस्था गरेको पाइन्छ ।[१५] तर प्रस्तुत मुद्दाका प्रतिवादीहरूमध्ये कोषराज वन्तलाई तदनुरूप सूचना दिएको देखिँदैन । जुन तथ्य निज प्रतिवादीले आयोगसमक्ष बयान गर्ने क्रममा सवाल नं-२ को जवाफमा मलाई यस सम्मानित आयोगले फोन गरेर केही बुझ्नको लागि बोलाएको लाग्छ तर लिखित पत्र पाएको छैन भन्ने बेहोराङ्कन गराएबाट सम्पुष्टि हुन्छ । कुनै पनि व्यक्तिलाई हिरासतमा लिनु पर्नाको कारण तथा अभियोग लगाउनुको कारण, उपस्थित हुनुपर्ने स्थान, मिति र समय, अभियोग र प्रमाणहरूको सम्बन्धमा जानकारी दिनुपर्ने स्वच्छ सुनुवाइको सिद्धान्तप्रतिकूल आयोगबाट निज प्रतिवादीउपर व्यवहार गरेको देखियो ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिलाई आयोगले स्पष्टीकरण वा बयान लिइसकेपछि खोजेको बखत हाजिर हुने कागज गराई छाड्न वा तारिखमा राख्न सक्ने तर भ्रष्टाचारको आरोपमा कारवाही चलाएको व्यक्ति फरार भई बेपत्ता हुन सक्छ भनी सम्झनु पर्ने कुनै मनासिब कारण भएमा वा बिगो हानी-नोक्सानी भएको देखिएमा आयोगले निजसँग जेथाजमानत माग्न र त्यस्तो धरौट वा जमानत नदिएमा थुनामा राख्न सक्ने कानूनी व्यवस्था गरेको पाइन्छ ।[१६] त्यस्तै भ्रष्टाचार निवारण ऐन,

[१४] अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १९(१)

[१५] अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली ,२०५९ नियम १४

[१६] अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन ,२०४८ दफा १९)२(र (४)

२०५९ ले भ्रष्टाचार आरोप लागेको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिसँग बयान लिइसकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकतानुसार खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारिखमा राख्ने वा फरार भई बेपत्ता हुन सक्छ भन्ने मनासिब कारण भएमा वा बिगो हानी-नोक्सानी भएको देखिएमा निजसँग प्रचलित कानूनबमोजिम धरौटी वा जमानत मागी तारिखमा छोड्ने वा त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्ने कानूनी व्यवस्था गरेको पाइन्छ ।[१७] प्रस्तुत मुद्दामा प्रतिवादीमध्ये कोषराज वन्तको बयान गर्ने कार्य मिति २०७२।०९।०६ मा प्रारम्भ गरी उक्त दिन जम्मा ४ वटा सवालमात्र सोधी क्रमशः विभिन्न मितिमा बयान लिँदै मिति २०७२।०९।२६ मा सम्पन्न गरेको देखिन्छ तर निज प्रतिवादीसँग बयान कार्य सम्पन्न हुनुपूर्व अर्थात् मिति २०७२।०९।०६ मा रु.१०,००,००,०००। (दसकरोड रुपैयाँ) धरौटी माग्ने आदेश भएको देखियो । यसरी बयान कार्य सम्पन्न हुनुपूर्व नै अत्यधिक धरौट माग्ने आयोगको कार्य कानूनको उचित प्रक्रिया र स्वच्छ सुनुवाइको सिद्धान्तअनुकूल रहेको मान्न सकिने अवस्था देखिन आएन ।

- प्रस्तुत मुद्दाका देहायका प्रतिवादीहरूले आयोगसमक्ष बयान गर्ने क्रममा सङ्गठनका प्रमुखसमेतलाई पोल गरेको देखिए तापनि निज प्रतिवादीहरूले यस अदालतसमक्ष बयान गर्ने क्रममा के कति कारणले पोल गर्नु परेको हो भन्ने सन्दर्भमा देहायबमोजिमको बेहोराङ्कन गरेको देखिन्छः

क्र. सं.	प्रतिवादी	बयानको बेहोरा	स्रोत
१.	निलबहादुर श्रेष्ठ	उक्त बयान पढी बाची सुनी पाएँ । सो बयान मैले आफैले राजीखुसीले दिएको होइन । अनुसन्धान अधिकृतज्यूहरूले निजले लेखेको बेहोरा सार्न लगाएका हुन् । यदि नसारेमा मुद्दा चलाउने, थुनामा राख्ने, धरौटी माग गर्नेलगायतका डर, त्रास, दवाबमा पारी बयान गर्न लगाइएको हो। त्यसैगरी मलाई तँ जस्तो तल्लो दर्जाको कर्मचारीलाई कारवाही गर्ने हाम्रो उद्देश्य होइन । सङ्गठनको प्रमुखलाई नै कारवाही गर्ने हो भनेर दवाबमा पारी लेखाइएको हो । सो बयानमा मेरो मन्जुरी छैन।	स.ज. ११
२.	देवेन्द्रकुमार श्रेष्ठ	अनुसन्धान अधिकृतले कम्पनीका प्रतिनिधिबाट चेक साटेर ल्याएको र चेक रकम लेखाप्रमुखलाई दिएको भन्ने बेहोरा नलेखेमा तिमीलाई थुनामा	स.ज. १०

[१७] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २८(१) (ग) (ग)

		राख्रे, धरौटी माग गर्ने जस्ता डर, त्रास, धम्की दिई बाध्य बनाई बयान लेखाइएको हो । अनुसन्धान अधिकृतले मलाई आफूले भनेजस्तो बयान लेखिदिएमा सरकारी साक्षीको रूपमा राख्रे, मुद्दा नचलाउने जस्ता विभिन्न प्रलोभन देखाई बयान लेख्र लगाइएको हो ।	स.ज. १२
३.	लेखबहादुर खत्री	अनुसन्धान अधिकृतज्यूले हामीले भनेबमोजिम बयान दिनु भएमा सरकारी साक्षी मात्र राख्दछौं । हामीले भनेबमोजिम बयान दिनु भएन भने धरौटीसमेत माग गर्ने र अनुसन्धानको लागि थुनामा राख्रे भनी डर, त्रास देखाएकोले उक्त बयान दिएको हो ।	स.ज. ११
४.	मिलन अधिकारी	मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दवाब दिई मानसिक डर, त्रास देखाई, भौतिकरूपमा समेत यातना दिने गरी धम्की दिई निजहरूले भनेबमोजिमकै बेहोरा लेख्र लगाएको हुँदा सहीछाप गरिदिएको हो । ... मलाई त्यस्तै खालको दस्तखत गर भनी देखाई २-३ दिनसम्म अभ्यास गर्न लगाई यस्तो दस्तखत गरिस् भनेमात्र जान पाउँछस् भनी दवाब दिएकोले धेरै पटक अभ्यास गरी मिल्दोजुल्दोको दस्तखतसम्म मैले गरिदिएको हुँ ।	स.ज. ११
५.	बिनबहादुर थापा	अनुसन्धान अधिकृतले उजुरी तपाईंलाई परेको होइन । हामीले भनेबमोजिम सारेर लेख्नुहोस् । तपाईंलाई केही गर्दैनौं । नभए मुद्दा चलाउँछौं, धेरै धरौटी माग्छौं भनी डर, त्रास देखाई मानसिक दवाबमा पारी उक्त बेहोरा सार्न लेख्र लगाएको हो ।	स.ज. १७
६.	उज्ज्वलकुमार थपलिया	अख्तियारका कर्मचारीको दवाबमा धाक, धम्की दिएर, विभिन्न प्रलोभन देखाएर मलाई लेख्र लगाएका हुन् ... मलाई मानसिक यातनासमेत दिई कागजमा लेखी दिएको बेहोरासम्म मैले सारेको हो ।	स.ज. १४
७.	भरतकुमार थापा	अनुसन्धान अधिकृतज्यूबाट हामीले भनेअनुसारको बयान दिएमा तपाईंलाई कुनै किसिमको धरौटी लाग्दैन । तपाईंलाई हामी मुद्दा नचलाई सरकारी साक्षीको रूपमा राख्छौं भन्ने आश्वासन पाएकोले सोहीअनुसार बयान दिएको हुँ ।	स.ज. १३

प्रस्तुत तालिकामा उल्लिखित प्रतिवादीहरूले यस अदालतसमक्ष गरेको उक्त बयान बेहोराबाट निज प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान स्वेच्छा र स्वतन्त्रपूर्वक दिएको भन्न मिल्ने अवस्था

देखिएन । जुन बयान प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) को देहायका (१), (२) र (३) को अवस्थाअनुकूल रहेको भन्न पनि मिलेन ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले आयोगमा परेको उजुरीका सम्बन्धमा कुनै अभियुक्त वा निजको तर्फबाट धरौट वा बैङ्क ग्यारेण्टी वा जेथा जमानत लिइएकोमा सो उजुरी तामेलीमा राख्ने निर्णय भएपछि र मुद्दा दायर गरिएकोमा त्यस्तो मुद्दामा प्रतिवादीले सफाइ पाउने ठहर भएकोमा सो उपर पुनरावेदन नगर्ने वा पुनरावलोकनका लागि निवेदन नदिने गरी आयोगबाट निर्णय भएपछि त्यस्तो धरौट वा बैङ्क ग्यारेन्टी वा जेथा जमानत फुकुवा वा फिर्ता गरिने कानूनी व्यवस्था गरेको पाइन्छ।[१८] प्रस्तुत मुद्दामा आयोगबाट प्रतिवादी कोषराज वन्तसँग मिति २०७२।०९।०६ मा रु.१०,००,००,०००।- (दसकरोड रुपैयाँ) धरौटी लिएको र यस अदालतमा मिति २०७२।१०।१८ मा मुद्दा दायर गरेको देखिन्छ । तर आयोगबाट प्रस्तुत मुद्दामा फैसला हुनुपूर्व नै अर्थात् मिति २०७३।०२।२८ मा उक्त धरौटी अर्थात् बैङ्क ग्यारेन्टी फुकुवा गरिसकेको तथ्य सिटिजन्स बैङ्कको मिति २०७३।०२।३१ को पत्रबाट पुष्टि भएको देखिन्छ। यसरी आयोग स्वयम्ले कानूनविपरीत धरौटी फुकुवा गर्ने कार्य गरी उक्त धरौटीको औचित्य नभएको कुरा उजागर गरेको छ । जुन कार्य कानूनअनुकूल नभई प्रतिकूल भएकोमा विवाद देखिँदैन ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले यस ऐनबमोजिमको अनुसन्धानको कामकारवाहीमा सहयोग गर्ने अभियुक्तलाई आयोगले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदाबीमा पूर्ण वा आंशिक छुट दिन सक्ने कानूनी व्यवस्था गरेको पाइन्छ।[१९] त्यस्तै भ्रष्टाचार निवारण ऐन, २०५९ ले पनि तदनुरूपकै कानूनी व्यवस्था गरेको पाइन्छ ।[२०] तर आयोगबाट दायर भएका प्रस्तुत मुद्दा र लगाउका अन्य मुद्दाहरूको मिसिल अध्ययन गर्दा एकै प्रकृतिका समान काम गरेका व्यक्तिहरूलाई कुनै मुद्दामा प्रतिवादी बनाइएको देखिन्छ भने कुनै मुद्दामा प्रतिवादी नै बनाएको देखिँदैन । कुनै मुद्दामा सरकारी साक्षीको रूपमा प्रस्तुत गरी प्रतिवादी बनाइएको देखिएन भने कुनै मुद्दामा प्रतिवादी बनाएको पनि देखियो। यसरी एउटै प्रकृतिको समान काम गरेका व्यक्तिहरूलाई कुनै मुद्दामा प्रतिवादी बनाउने र कुनैमा प्रतिवादी नबनाउने, कुनै मुद्दामा सजाय छुटको माग गर्ने र कुनैमा प्रतिवादी बनाउने कार्य गर्दा मनासिब आधार र कारण देखिनु पर्दछ । जुन महसूस गर्न सकिने प्रकृतिको हुनु पर्दछ । अनुसन्धानको सिलसिलामा एकै किसिमका बयान बेहोरा लेखाएका व्यक्तिहरूमध्ये

[१८] अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ नियम ३३

[१९] अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १९(१५)

[२०] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ५५

अनुसन्धान अधिकृतले बिना आधार आफूखुसी किसिमबाट छानीछानी कसैउपर प्रतिवादी बनाई सजायको दाबी लिने, कसैउपर प्रतिवादी नै नबनाउने र कसैउपर सरकारी साक्षीको रूपमा राखी सजाय छुट माग गर्ने भनी निष्कर्षमा पुगेको देखिन्छ । जुन कार्य स्वच्छ सुनुवाइको सिद्धान्तअनुकूल भन्न मिलेन ।

- स्वच्छ सुनुवाइको सिद्धान्तअनुसार कुनै पनि पक्षले आफ्नो प्रमाण कागजात प्रस्तुत गर्न र प्रतिरक्षाको लागि तयारी गर्न मनासिब समय पाउनु पर्दछ । तर आयोगको मिति २०७२।०९।०१ च.नं. ७९१ को पत्र अवलोकन गर्दा, उक्त पत्रमा अनुसन्धानको सिलसिलामा आवश्यक परेकोले आ.व. ०६९।७० तथा आ.व. ०७०।७१ मा सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोकबाट तहाँ बाहिनी तथा तहाँ बाहिनी मातहतका कार्यालयहरूमा सदाज्योति ट्रान्सपोर्ट वा अदिती ट्रान्सपोर्टमार्फत् ढुवानी भई सिधै फ्रि स्केलका सामान, भि.नि. तथा व्याटल सेटलगायतका सामान प्राप्त भएको छ, छैन ? छ भने के कुन मितिमा के कति परिमाणमा के-के सामानहरू प्राप्त भई आम्दानी बाँधिएको थियो? प्राप्त भएका सामानहरू के-कुन सवारी साधनबाट के-कुन मितिमा प्राप्त भएको र सवारी साधनको किसिम र दर्ता नं. समेत खुलाई सो ढुवानीबापतको भुक्तानी के कहाँबाट भएको हो ? सोसमेतको विवरण पछिसम्म बुझ्दा फरक नपर्ने गरी मिति २०७२।०९।०२ गते बिहान १० बजेभित्र पुनः तरताकेता गर्न नपर्ने गरी उच्च प्राथमिकता दिई सम्बन्धित अनुसन्धान अधिकृतलाई सम्बोधन गरी आयोगको फ्याक्स नं. ०१-४४४०१०४ वा akhtiyar111@gmail.com मा पठाई दिनु भई अनुसन्धान कार्यमा सहयोग पुऱ्याई दिनु हुन भन्ने बेहोराङ्कन गरी पूर्व क्षेत्र सशस्त्र प्रहरी बल मुख्यालय, सुनसरीमा पत्र पठाएको देखियो। उल्लिखित पत्रमा सोधिएका सबै प्रश्नहरूको जवाफ त्यति छोटो समयावधिमा सम्प्रेषण गर्न सम्भव हुन सक्छ कि सक्दैन भन्नेतर्फ अनुसन्धान अधिकृतले हेक्का राख्नुपर्ने हुन्छ । अतः उक्त पत्र बेहोराबाट पनि आयोगको कामकारवाहीमा स्वच्छ सुनुवाइको तत्त्व एवम् गुणहरूको अभाव देखियो।
- वस्तुतः सशस्त्र प्रहरी बल एक संवेदनशील सुरक्षा निकाय भएकोमा विवाद छैन । यस्तो संस्थाले सुरक्षा संवेदनशीलताको कारण विभिन्न सरसामान एवम् हातहतियारको अभिलेखीकरणसम्बन्धी प्रक्रियागत कामभन्दा सुरक्षित एवम् गोप्यताको साथ निर्दिष्ट बिन्दु वा स्थानमा आवश्यकीय सामान र हातहतियार पुऱ्याउनेतर्फ प्राथमिकता दिई परिणाममा सफलता हासिल गर्ने प्रयास गर्दछन् । यस्तो निकायको कार्य प्रकृति, विशेषता र व्यावसायिक धर्म पनि यही नै हो । अतः यस परिप्रेक्ष्यमा आयोगबाट प्रचलित कानून र स्वच्छ सुनुवाइको सिद्धान्त उल्लङ्घन गरी अनुसन्धान कार्य गरेको आधारमा सशस्त्र प्रहरी बल जस्तो संवेदनशील निकायलाई कमजोर तुल्याउने मकसदले पूर्वाग्रह राखी आरोप-पत्र दायर गरिएको भनी प्रतिवादीतर्फका

विद्वान् कानून व्यवसायीहरूले बहस जिकिर लिनुभएको देखिन्छ । यस सन्दर्भमा व्यवस्थापिका-संसदमा पेस गरेको छानबिन प्रतिवेदन, २०७३ मा "राज्यको महत्त्वपूर्ण सुरक्षा अङ्ग सशस्त्र प्रहरीलाई कमजोर पार्ने मनसायले संवैधानिक निकायबाट भइसकेको कामलाई पुनः ब्यूँताई सुरक्षा निकायलाई कमजोर मनस्थितिमा पुऱ्याउने कार्य भएको..." भन्ने बेहोराङ्कन भएको देखिएबाट पनि उक्त बहस जिकिरलाई अन्यथा भन्न मिलेन ।

१५. अतः माथि विवेचित आधार एवम् कारणहरूको कोणबाट स्वच्छ सुनुवाइको सिद्धान्तको मर्म, मूल्य र मान्यताअनुकूल प्रस्तुत मुद्दामा अनुसन्धान कार्य भएको मान्न मिल्ने देखिएन ।

१६. अब चौथो प्रश्न अर्थात् आरोप-दाबीमा उल्लिखित सामानको ढुवानी कार्य भएको देखिन्छ कि देखिँदैन? भन्ने सन्दर्भमा हेर्दा, सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोकले आ.व. ०६९।७० मा मातहत यूनिटहरूमा सामान ढुवानी गर्ने प्रयोजनले मिति २०६९।१०।१० मा बोलपत्र आह्वानको सूचनाबमोजिम २० फिटे ट्रक २५० ट्रिपमा थपघट हुन सक्ने गरी भाडामा सामान ढुवानी गर्न सदाज्योति ट्रान्सपोर्टसँग मिति २०६९।११।२८ मा र आ.व. ०७०।७१ का लागि ढुवानी प्रयोजनले २० फिटे ट्रक ३०४ ट्रिप ५०% थपघट हुन सक्ने गरी सदाज्योति ट्रान्सपोर्टको प्रतिनिधि उज्ज्वलकुमार थपलियासँग मिति २०७०।११।२३ मा सम्झौता भएको देखिन्छ । ढुवानी प्रयोजनलगायत अन्य भाडासमेतका लागि आ.व. ०६९।७० मा रु.३,५०,००,०००।- र आ.व. ०७०।७१ मा रु.४,२७,०१,५००।- रकम विनियोजन गरेको देखिन्छ ।

१७. आरोपपत्रको तालिका नं. २ मा उल्लेख भएबमोजिम मिति २०६९।०४।२१ देखि मिति २०७१।०३।०२ सम्म ढुवानी गरिएको भनिएको १९३२ ट्रकको ढुवानी भाडा बापतको रु.६,७९,४१,७०६।- को झुठा बिल भौचर पेस भएकोलाई टिप्पणी सदर गरी रकम भुक्तानी गरिएको भनी दाबी लिइएको छ । आरोप-पत्रको तालिका नं. २ मा उल्लेख गरिएको ढुवानीकर्ताहरूमा सदाज्योति ट्रान्सपोर्ट र अदिती ट्रान्सपोर्ट देखिन्छ । सदाज्योति ट्रान्सपोर्टका प्रतिनिधि उज्ज्वलकुमार थपलियालाई प्रतिवादी कायम गरेकोमा निज उज्ज्वलकुमार थपलियाले सदाज्योति ट्रान्सपोर्टबाट आरोप-दाबीका सामान ढुवानी गरिएको हो । ढुवानीका झुठा बिल भरपाई पेस गरेको होइन । ढुवानी बापत रकम आफूले प्राप्त गरेको हो । आयोगसमक्षको बयान स्वेच्छापूर्वक भएको होइन भनी कसुरमा इन्कार रही यस अदालतसमक्ष बयान गरेको देखिन्छ । त्यस्तै अदिती ट्रान्सपोर्टका सञ्चालक भरतकुमार थापालेसमेत अदिती ट्रान्सपोर्टका तर्फबाट आरोप-दाबीका सामान ढुवानी गरिएको हो, ढुवानीको झुठा बिल भरपाई पेस नगरेको, ढुवानी बापत रकम प्राप्त गरेको हो । आयोगसमक्षको बयान स्वेच्छापूर्वक भएको होइन भनी कसुरमा इन्कार रही यस अदालतसमक्ष बयान गरेको देखिन्छ ।

१८. ढुवानीकर्ता सदाज्योति ट्रान्सपोर्ट र अदिती ट्रान्सपोर्ट सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट सामान ढुवानी गर्न लगाएबापत ढुवानीको बिल पेस भएकोमा उल्लिखित ट्रान्सपोर्टहरूलाई रकम भुक्तानी गर्दा चेकमार्फत निजहरूको खातामा रकम जम्मा हुने गरी भुक्तानी दिइएको देखिन्छ । नगद भुक्तानी गरेको देखिँदैन। भुक्तानी भएको आर्थिक वर्षको निजहरूले करदाता सेवा कार्यालयमा आय विवरण पेस गरी व्यावसायिक कारोवार गरेको रकमको कर तिरेको समेत देखिन्छ । आयोगसमक्ष मौकामा साबित हुने प्रतिवादी बिनबहादुर थापालगायतका अन्य प्रतिवादीले त्यस अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही अन्य सहप्रतिवादी कसैलाई पोल गरेकासमेत छैनन् । आ.व. ०६९।७० र ०७०।७१ मा ढुवानी गर्ने उल्लिखित ट्रान्सपोर्टहरूले १२३ ट्रिप ट्रकद्वारा सामान ढुवानी गरेको स्वीकार गरी आरोप-पत्र पेस भएको देखिन्छ । जसबाट ती ट्रान्सपोर्टहरूले सामान ढुवानी गरिआएको तथ्यलाई वादी पक्षले स्वीकार गरेको अवस्था छ ।

१९. आरोप-पत्रको पृष्ट २३ तालिका नं. १ मा उल्लिखित सामानहरू सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट खरीद भएको विवरणसहितको च.नं. ३०० मिति २०७२।०८।२८ को सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, प्रवन्ध शाखाको पत्रबाट देखिएको छ । ती सामानहरू ढुवानी नै नगरी ढुवानी गरेको भनी बिल पेस गरेको भन्ने आरोप दाबी रहेको सन्दर्भमा यस अदालतको मिति २०७३।११।१५ को आदेशानुसार सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको मिति २०७४।०९।०७, २०७४।०९।१२, २०७४।०२।१२ र २०७४।०४।२९ को सशस्त्र प्रहरी महानिरीक्षकद्वारा हस्ताक्षरित पत्रमा, सशस्त्र प्रहरी बल, प्रधान कार्यालय भण्डार शाखा, विपद् व्यवस्थापन शाखा, सञ्चार शाखाबाट सशस्त्र प्रहरी बलको इकाईहरू एवम् दोस्रो संविधानसभा निर्वाचनमा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरूलाईसमेत आवश्यक हातहतियार, विपद् व्यवस्थापनका सामानहरू एवम् बन्दोवस्तीका सामानसमेत ढुवानीका साधनमार्फत् ढुवानी भएको पाइएको तथा त्यसरी पठाइएका सामान सम्बन्धित इकाई एवम् सशस्त्र प्रहरी कर्मचारीहरूले बुझी प्रयोगमा ल्याएको र कुनै इकाई वा कर्मचारीले आफूले पाउनु पर्ने सामान पाइएन भन्ने गुनासो नभएको, सो आर्थिक वर्षहरूको बेरुजु फर्स्यौंट भई पुरस्कृतसमेत भएको तथा सुरक्षा संवेदनशीलताकै कारण कागजी प्रक्रियाभन्दा परिणाममुखी नतिजाको महत्त्व हुने हुँदा विशेष परिस्थितिहरूमा अभिलेखीकरण नदेखिए तापनि ढुवानी कार्य हुने बेहोरा सादर जाहेर गरिएको छ भन्नेसमेत जवाफ प्राप्त भएको देखिन्छ । सो पत्रहरूबाट आरोपपत्रको तालिका नं. १ मा उल्लिखित सामानसमेत सशस्त्र प्रहरी बलको सम्बन्धित इकाईहरूमा पुगी सम्बन्धित सशस्त्र प्रहरीका कर्मचारीहरूले प्रयोग गरेको भन्ने देखिन आयो । त्यसका अतिरिक्त आरोपपत्रको पृष्ट २३ तालिका नं. १ मा उल्लिखित विवरणबमोजिमका सामानहरू सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको भण्डार शाखामा अद्यापि रही रहेको छ भन्ने आरोप दाबी देखिँदैन । सामान ढुवानीकर्ता ट्रान्सपोर्टका प्रतिनिधि उज्ज्वलकुमार

थपलिया र संचालक भरतकुमार थापाले सामान ढुवानी गरेबापत रकम भुक्तानी प्राप्त गरेका हौं भनी अदालतमा बयान गरेका र सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको उल्लिखित मिति २०७४।०४।२९ समेतको पत्रबाट सामान सशस्त्र प्रहरी बलको सम्बन्धित इकाईहरूमा पुगेको भनी लेखी आएबाट सदाज्योति ट्रान्सपोर्ट र अदिती ट्रान्सपोर्टबाट आरोपपत्रको तालिका नं. २ मा उल्लिखित ढुवानीका साधन ट्रकबाट सामान ढुवानी नै नगरे, नभएको भन्ने देखिन आएन ।

२०. महालेखा परीक्षकको कार्यालयबाट प्रारम्भिक लेखापरीक्षण गरी त्यसमा औंल्याइएका टिप्पणीहरूसमेतलाई दृष्टिगत गरी बेरुजु फछ्यौंट तथा सम्परीक्षण कार्यसमेत सम्पन्न भई त्यसका आधारमा लेखाका केही कर्मचारीहरूलाई पुरस्कृत गरेको समेत देखिन्छ । यसरी अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट ढुवानी खर्च अन्यथा प्रमाणित हुन सकेको देखिँदैन । ढुवानी खर्च ढुवानी गरिएका आर्थिक वर्षमा विनियोजित बजेटको सिमाभित्र रहेर खर्च गरेको देखिन्छ । ढुवानी खर्च अस्वाभाविक रहेको भन्ने आरोप दाबी पनि देखिँदैन । ढुवानी गरिएको भनिएको आर्थिक वर्षमा भण्डार शाखामा बन्दोबस्तीका सामानहरूसमेत यथावत रूपमा बाँकी रहेको देखिएको भन्ने पनि प्रष्ट आरोप-दाबी नरहेको र भण्डार शाखाको गोदाममा सामान रहेको समेत देखिएन ।

२१. अतः माथि उल्लिखित सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको मिति २०७४।०९।०७, २०७४।०९।१२ र २०७४।०४।२९ समेतको पत्रानुसार सशस्त्र प्रहरी बल, अर्ध सैनिक प्रकृतिको भएकोले यसले कागजी प्रक्रियामा भन्दा आफूले गरेको कार्यको परिणामलाई महत्त्व दिने भएकोले तदनुसार यसले देशको शान्ति व्यवस्था र नागरिकको जीउधनको सुरक्षालाई दृष्टिगत गरी देशमा अमन चयन कायम गर्न यस संस्थाले गरेको योगदानसमेतका समग्र अवस्थाको सापेक्षतामा सशस्त्र प्रहरी बलका सम्बन्धित स्थायी र अस्थायी इकाईहरूमा सामान पठाउन र फिर्ता ल्याउनसमेत ढुवानी ट्रान्सपोर्टका ट्रकहरूद्वारा गरिएको अवस्थामा आरोप दाबीमा उल्लिखित सामान ढुवानी नै नभएको मान्न मिल्ने अवस्था देखिएन ।

२२. अब पाँचौ प्रश्न अर्थात् छानबिन समितिले गलत प्रतिवेदन दिएको अवस्था छ वा छैन ? भन्ने प्रश्नको सन्दर्भमा हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ ले लेखापरीक्षण प्रतिवेदनबाहेक सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिलसिलामा कुनै विषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तो अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिँदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रानुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दशहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिवाना हुने[२१] कानूनी व्यवस्था गरेको पाइन्छ । यस सन्दर्भमा प्रमाण ऐन, २०३१ ले प्रचलित नेपाल कानूनबमोजिम कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा कुनै

[२१] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १९(२)

टिप्पणी वा प्रतिवेदन तयार गरी कुनै खास ठाउँ वा कार्यालयमा जाहेर गर्नुपर्ने कानूनी कर्तव्य भएका व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुने[२२] कानूनी व्यवस्था गरेको पाइन्छ । प्रस्तुत मुद्दामा आयोगबाट च.नं. १७५७ मिति २०७१।११।२७ मा सशस्त्र प्रहरी बल, प्रधान कार्यालयका नाममा प्रेषित पत्रबमोजिम सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको च.नं. २३५६ मिति २०७१।१२।२२ को पत्रबाट तत्कालीन सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रतिवादीमध्येका अरविन्द धितालको अध्यक्षतामा सदस्यद्वय सशस्त्र प्रहरी बलका तत्कालीन सशस्त्र प्रहरी उपरीक्षक प्रतिवादी जगतनारायण श्रेष्ठ र तत्कालीन सशस्त्र प्रहरी नायब उपरीक्षक प्रतिवादी आनन्द थापा मगर रहने गरी छानबिन समिति गठन गरी छानबिन, अध्ययन तथा अनुसन्धान गरी रायसहितको प्रतिवेदन पेस गर्न ३ दिनको समयावधि तोकी कार्यादेश दिएको देखिन्छ । तदनुररूप मिति २०७१।१२।२५ मा प्रतिवेदनसमेत पेस गरेको देखिन्छ।

२३. छानबिन प्रतिवेदनको सन्दर्भमा प्रतिवादी अरविन्द धितालले आयोगसमक्ष बयान गर्दा, सदाज्योति सप्लायर्ससँग सम्झौताबमोजिम ढुवानी भएका केही सामानहरूको नमूना जाँच गरी ठीक देखिएपछि सम्बन्धित लेखाप्रमुखसँग २१ भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १९(२) २२ प्रमाण ऐन, २०३१ दफा २० मौखिक कुरा हुँदा सम्बन्धित वेशहरूमा समेत सोही फर्महरूबाट ढुवानी गरिएको भन्ने जानकारी प्राप्त भएको तर ३ (तीन) दिनभित्र प्रतिवेदन पेस गर्नुपर्ने बाध्यताको कारण उक्त वेशहरूमा पठाइएका सम्पूर्ण विवरण हेर्न नसकिएको हो । सदाज्योति ट्रान्सपोर्टबाट ढुवानी भएका सम्पूर्ण विवरण हेरिएका छैनन् । केही नमूना जाँच गर्दा सम्बन्धित फाँट प्रमुखको र सङ्गठन प्रमुखको दस्तखत देखिएको, टेन्डर प्रक्रिया र सम्झौतासमेत ठीक देखिएकोले विश्वास गरेको हो भन्नेसमेत र प्रतिवादी जगतनारायण श्रेष्ठले आयोगसमक्ष बयान गर्दा, सदाज्योति सप्लायर्ससँग सम्झौता गरेको कागजपत्र र सामान ढुवानीका आवश्यक कागजपत्र नमूना रूपमा लेखा प्रबन्ध र भण्डार शाखाबाट हेरिएको कागजात कानूनसम्मत् रहेका, आयोगबाट देखाइएका अन्य कागजातका सम्बन्धमा थाहा नभएको, कुन बिल भरपाई नक्कली हो भनी हेर्ने जिम्मेवारी, क्षेत्राधिकार हामीलाई थिएन । नमूनाको रूपमा देखाइएको कागजातहरू मिलेको थियो, समयसीमाभित्र प्रतिवेदन बुझाएको हो भन्नेसमेत र प्रतिवादी आनन्द थापा मगरले आयोगसमक्ष बयान गर्दा, छानबिनको लागि ३ दिनको समयसिमा तोकिएकोमा, लेखाशाखा प्रमुख, प्रबन्ध शाखा प्रमुखद्वारा पेस भएका टेन्डर फाइल, नमूना बिल भरपाई कागजात मिलेको देखियो । ढुवानी टेन्डर सदाज्योतिलाई परेको र स्वीकृत सशस्त्र प्रहरी महानिरीक्षकबाट भएको, सदाज्योति र सशस्त्र प्रहरी बलबीच सम्झौता भएको देखिएको तथा बिलहरू नक्कली, सक्कली भन्ने सन्दर्भमा हामीलाई कुनै अख्तियार, क्षेत्राधिकार, क्षमता नभएको र उक्त गहन जिम्मेवारीसमेत दिइएको थिएन भन्नेसमेत उल्लेख गरेको देखिन्छ ।

[२२] प्रमाण ऐन, २०३१ दफा २०

२४. प्रतिवादीहरू अरविन्द धिताल, जगतनारायण श्रेष्ठ र आनन्द थापा मगरसहितको छानबिन समितिले, सशस्त्र प्रहरी बल, प्रधान कार्यालयका प्रबन्ध शाखा, भण्डार शाखा र लेखा शाखाले देखाएका बिल, भरपाई, टेन्डर र सम्झौतालगायतका कागजातका आधारमा निजहरूलाई दिइएको कार्यावधिभित्र प्रतिवेदन बुझाएको देखिन्छ । ३ दिनको समयावधिभित्र सम्बन्धित शाखाले उपलब्ध गराएको कागजातका आधारमा प्रतिवेदन प्रस्तुत गरेको र निजहरूले हेरेका कागजात टेन्डर, सम्झौता एवम् बिल भरपाई ठीक रहेको भन्ने प्रतिवेदन रहेको छ । प्रबन्ध शाखा, भण्डार शाखा र लेखा शाखाका सम्पूर्ण कागजात हेर्न समयसीमाले नसकिएको, देखाएजति सम्पूर्ण कागजात कानूनबमोजिम ठीक दुरुस्त देखिएको भन्ने प्रतिवेदन रहेको छ । सम्पूर्ण कागजात समितिले हेर्न नसकेकोमा विवाद रहेन । प्रतिवेदन पेस गर्ने समयावधि पनि छोटो रहेकोलाई समेत अन्यथा मान्नु पर्ने देखिँदैन । टेन्डर आह्वान र सम्झौतालगायतका कागजात रहने र व्यवस्थापन गर्ने प्रबन्ध शाखा प्रमुख एवम् सामान रहने भण्डार शाखाका प्रमुख क्रमशः स.प्र.ना.उ. सुमनजङ्ग थापा र रामकृष्ण महर्जन रहेकोमा निजहरूउपरसमेत प्रस्तुत मुद्दामा प्रतिवादी कायम गरी मुद्दा चलाइएको छैन । लेखा शाखा, सङ्गठन प्रमुख, प्रतिवेदक र ढुवानीकर्ताहरूलाई प्रतिवादी कायम गरी मुद्दा दायर गरेको देखियो।

२५. प्रतिवादीहरू अरविन्द धिताल, जगतनारायण श्रेष्ठ र आनन्द थापा मगरले बदनियतपूर्वक भए गरेको कुरा लुकाई छिपाई, नभए नगरेको कुरा देखाई प्रतिवेदन दिएको भन्ने ठोस र वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस गर्न सकेको छैन, यी प्रतिवादीहरूलाई अन्य सहअभियुक्तहरूबाट अदालतसमक्ष पोल गरेको पनि देखिँदैन । मिसिल संलग्न अन्य प्रमाणबाटसमेत बदनियत पुष्टि हुन सकेको छैन । उपलब्ध गराइएको र देखिएको तथ्यसम्मको आधारमा प्रतिवेदन दिएको देखिन्छ । आयोगको निर्देशनसहितको मिति २०७१।११।२७ को पत्रद्वारा सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट गठित ३ सदस्यीय छानबिन समितिले दिएको प्रतिवेदनका आधारमा प्रतिवेदकहरूलाई प्रस्तुत मुद्दामा प्रतिवादी कायम गरिएको देखिन्छ । सशस्त्र प्रहरी बल, प्रधान कार्यालयले आन्तरिक रूपमा छानबिन गरिएको देखिन्छ । प्रस्तुत छानबिन समिति जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) वा अन्य प्रचलित कानूनबमोजिम गठन भएको नभई सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकले बोर्ड गठन गरेको सम्म देखियो । अतः त्यस्तो समितिको प्रतिवेदनका आधारमा मात्र मुद्दा चल्ने वा नचल्ने पनि होइन, आयोगले अनुसन्धान अधिकृत नियुक्त गरी आवश्यक अनुसन्धान, छानबिन एवम् मुद्दा दर्तालगायत कार्य गर्ने अख्तियारी एवम् क्षेत्राधिकारको विद्यमानता रहेकै स्थितिमा कानूनी औचित्यता नभएको सङ्गठनभित्र गठित आन्तरिक छनविन समितिले छोटो अवधिमा दिएको प्रतिवेदनकै आधारमा मात्र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा

१९(२) बमोजिम बदनियतपूर्वक भए गरेका कुरा लुकाई, छिपाई वा नभए, नगरेको कुरा देखाई गलत प्रतिवेदन दिएको मान्न मिल्ने अवस्था मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएन।

२६. अब छैठौं प्रश्न अर्थात् आरोप-दाबीअनुरूपको कसुर प्रतिवादीहरूले गरेका हुन् वा होइनन् ? यदि कसुर गरेका हुन् भने निज प्रतिवादीहरूलाई के कति सजाय हुनुपर्ने हो ? भन्ने सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले देहायका प्रतिवादीहरू उपर देहायबमोजिम आरोप दाबी लिएको देखिन्छः

सि. नं.	प्रतिवादी	आरोप-दाबी
१.	कोषराज वन्त	सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले आफूलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले झुठा बिल भरपाई बनाई भुक्तानी लिने दिने कार्य गरी बिगो रु.६,७९,४१,७०६।-(छ करोड उनासीलाख एकचालीस हजार सात सय छ रुपैयाँ) बराबरको सामान ढुवानी नै नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को खण्ड (ङ) को कसुर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम बिगो रु.६,७९,४१,७०६।-(छ करोड उनासी लाख एकचालीस हजार सातसय छ रुपैयाँ) कायम गरी बिगोबमोजिम जरिबाना र बिगोसमेत असुल उपर गरी कसुरको मात्राअनुसार कैद सजाय हुन र निज सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त नेपाल सरकारका विशिष्ट श्रेणी सो सरहका पदाधिकारी भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २४ बमोजिम थप सजायसमेत गरिपाऊँ।
२.	बिनबहादुर थापा	सशस्त्र प्रहरी निरीक्षक बिनबहादुर थापासमेतले झुठा बिल भरपाई बनाई भुक्तानी लिने दिने कार्य गरी गराई नेपाल सरकारलाई विगो रु.६,७९,४१,७०६।-(छ करोड उनासी लाख एकचालीस हजार सात सय छ रुपैयाँ) गैरकानूनी हानी र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतपूर्ण कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) बमोजिम बिगो रु.६,७९,४१,७०६।-(छ करोड उनासी लाख एकचालीस हजार सात सय छ रुपैयाँ) कायम गरी बिगोबमोजिम जरिबाना र उक्त बिगो रकमसमेत असुल उपर गरी कसुरको मात्राअनुसार कैद सजाय गरिपाऊँ।

३. ४. ५.	निलबहादुर श्रेष्ठ देवेन्द्रकुमार श्रेष्ठ लेख बहुदर खत्री	सशस्त्र प्रहरी नायब निरीक्षकहरू निलबहादुर श्रेष्ठ, देवेन्द्रकुमार श्रेष्ठ र लेखबहादुर खत्रीसमेतले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) को खण्ड (ङ) मा व्यवस्थित झुठा बिल भरपाईबाट प्राप्त हुने गैरकानूनी रकम सदाज्योति ट्रान्सपोर्टका प्रतिनिधि उज्ज्वलकुमार थपलिया तथा अदिती ट्रान्सपोर्टका सञ्चालक भरतकुमार थापाबाट बुझि लिई लेखा प्रमुखलाई उपलब्ध गराई दिने कार्य गरी सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त र सशस्त्र प्र.नि. बिनबहादुर थापालाई गैरकानूनी लाभ पुऱ्याई र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने गरेको कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) र दफा ८(१)(ङ) को कसुरको मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुन आएकोले सशस्त्र प्रहरी नायब निरीक्षकहरू निलबहादुर श्रेष्ठ, देवेन्द्रकुमार श्रेष्ठ र लेखबहादुर खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय गरिपाऊँ।
६.	मिलन अधिकारी	सशस्त्र प्रहरी जवान मिलन अधिकारीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) को खण्ड (ङ) मा व्यवस्थित झुठा बिल भरपाई तथा पत्रहरू तयार गरिदिई भुक्तानी दिने दिलाउने कार्यमा संलग्न रही सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त र सशस्त्र प्र.नि. बिनबहादुर थापालाई गैरकानूनी लाभ पुऱ्याई र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) (ङ) को कसुरको मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुन आएकोले निज सशस्त्र प्रहरी जवान मिलन अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय गरिपाऊँ।
७.	उज्ज्वलकुमार थपलिया	सदाज्योति ट्रान्सपोर्टका प्रतिनिधि उज्वल कुमार थपलियाले सामानहरू नै ढुवानी नगरी रु.३,१६,३१,५७६।- बराबरको रकम स.प्र.म.नि. कोषराज वन्त तथा स.प्र.नि.बिनबहादुर थापाको आदेश निर्देशनमा आफू र स.प्र.म.नि. कोषराज वन्त र स.प्र.नि. बिनबहादुर थापालाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले सशस्त्र प्रहरी बल प्रधान कार्यालयसमक्ष गरेको सम्झौताको सर्तहरू पालना नगरी र आफूले स्विकार गरेको सर्तहरू उल्लङ्घन हुने कार्य गरी प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेको देखिन आई निज उज्ज्वलकुमार थपलियाले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिमको कसुर गरेकोले निज

		उज्वल कुमार थपलियालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुरको मात्राअनुसार सजाय गरिपाऊँ।
८.	भरतकुमार थापा	अदिती ट्रान्सपोर्टका सञ्चालक भरतकुमार थापाले सम्झौता नगरेको र सामानसमेत ढुवानी नगरी बिगो रु.३,६३,१०,१३०।- बराबरको रकम स.प्र.म.नि.कोषराज वन्त तथा स.प्र.नि. बिनबहादुर थापाको आदेश निर्देशनमा आफू र स.प्र.म.नि. कोषराज वन्त र स.प्र.नि. बिनबहादुर थापालाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले सशस्त्र प्रहरी बल प्रधान कार्यालयसमक्ष आ.व. २०६८/०६९ मा गरेको सम्झौताको सर्तहरू पालना नगरी र आफूले स्वीकार गरेको सर्तहरू उल्लङ्घन हुने कार्य गरी झुठा बिलहरू उपलब्ध गराई प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेको देखिन आई निज भरतकुमार थापाले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिमको कसुर गरेकोले अदिती ट्रान्सपोर्टका भरतकुमार थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुरको मात्राअनुसार सजाय गरिपाऊँ।
९. १०. ११.	अरविन्द धिताल जगतनारायण श्रेष्ठ आनन्द थापा मगर	सत्य तथ्य छानबिन गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएका राष्ट्रसेवकहरू सशस्त्र प्रहरी नायब महानिरीक्षक अरबिन्द धिताल, सशस्त्र प्रहरी उपरीक्षक जगतनारायण श्रेष्ठ तथा सशस्त्र प्रहरी नायब उपरीक्षक आनन्द थापा मगरले बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई र नभए नगरेका बेहोरा उल्लेख गरी गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) को कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) बमोजिम कसुरको मात्राअनुसार कैद र जरिवानासमेत गरिपाऊँ।

२७. प्रस्तुत आरोप-पत्रमा प्रतिवादीहरूउपर लगाइएको आरोपित कसुरसँग सम्बन्धित कानूनको प्रकृति के कस्तो छ भन्नेतर्फ केन्द्रित भई हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ ले कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले झुठा बिल, भरपाई बनाई भुक्तानी लिने दिने वा बिलको दोहोरो भुक्तानी लिनेदिनेसमेतका कुनै काम गरेमा कसुरको मात्रानुसार ३ महिनादेखि ३ वर्षसम्म कैद र बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर गरिने र बिगो नखुलेकोमा ३ महिनादेखि ३ वर्षसम्म कैद र दसहजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था गरेको पाइन्छ ।[२३] त्यस्तै सोही ऐनले राष्ट्रसेवक बाहेक अरू कुनै व्यक्तिले आफू वा अरू

[२३] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८(१)(ङ)

कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष गरेको सपथ, कबुलियत, सम्झौता, ठेक्का, लाइसेन्स, परमिट, प्रतिज्ञापत्र वा डिलरसीपको शर्त पालना नगरेमा वा नेपाल सरकार वा त्यस्तो संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त उल्लङ्घन हुने गरी प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा निजलाई कसुरको मात्रानुसार २ वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना गरी बिगोसमेत जफत गरिने कानूनी व्यवस्था गरेको पाइन्छ ।[२४] तदनुरूप सोही ऐनले लेखा परीक्षण प्रतिवेदनबाहेक सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिलसिलामा कुनै विषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तो अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिँदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रानुसार ३ महिनादेखि १ वर्षसम्म कैद र दसहजार रुपैयादेखि पचासहजार रुपैयाँसम्म जरिवाना हुने[२५], यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐनअन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुने[२६] र संवैधानिक अङ्ग वा निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनयन वा नियुक्त हुने पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमुख महाप्रवन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेदअन्तर्गतका कसुर गरेमा निजलाई त्यस्तो कसुरमा हुने सजायमा थप ३ वर्षसम्म कैद सजाय हुने[२७] कानूनी व्यवस्था गरेको पाइन्छ ।

२८. सम्मानित सर्वोच्च अदालतबाट भ्रष्टाचारसम्बन्धी मुद्दाहरूको सन्दर्भमा देहायका महत्त्वपूर्ण कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइन्छः

- "कुनै पनि भ्रष्टाचारजन्य कार्य हुनको लागि आफू वा कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कुनै कार्य बदनियत तथा लापरवाहीपूर्ण तरिकाले गरिएको भन्ने देखिनु पर्ने र सोको पुष्टि पनि हुनु पर्ने ।"[२८]
- "भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि मनसाय तत्त्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्य कारण भएको भन्ने प्रष्ट रूपमा देखिनु पर्ने हुन्छ । यी तत्त्वको अभावमा भएका क्रियालाई

[२४] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८(४)

[२५] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १९(२)

[२६] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२

[२७] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २४

[२८] नेपाल कानून पत्रिका, २०६६ नि.नं. ८१५८ पृ. ८६०.

हानी नोक्सानीको आधारबाट मात्रै भ्रष्टाचार गरेको ठहर गर्नु न्यायिक दृष्टिकोणले उपयुक्त हुने देखिँदैन ।"[२९]

- "भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी रकम बदनियत तरिकाले दूषित मनसायबाट खर्च गरी हानी नोक्सानी पुऱ्याउने नियत राखी त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्ट रूपमा देखिनु पर्छ "[३०]
- "आफ्नो बयान स्वहस्ताक्षरबाट लेखिँदैमा त्यस्ता लेखक प्रतिवादीहरूले आफ्नो लेखात्मक बयानमा स्वेच्छाले आफ्नो राजीखुसीपूर्वक नै लेखे होलान् भन्न सकिने स्थिति नभई निजहरूउपर शारीरिक तथा मानसिक एवम् त्यस्तै अन्य प्रकारले डर, धाक, धम्की एवम् अनुचित दबाब पार्न सक्दैन भनी अनुमान गर्न सकिने अवस्था नहुने ।" [३१]
- "भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि आफू वा कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियत लिई उक्त कार्य गरिएको भन्ने देखिनु पर्ने र सोको पुष्टिसमेत हुनुपर्ने हुन्छ ।" [३२]
- "भ्रष्टाचारजन्य कसुर स्थापित हुनको लागि प्रतिवादीले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याएको भन्ने कुरा प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट शङ्कारहित तवरले पुष्टि हुनुपर्ने ।" [३३]
- "प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्थाअनुसार फौजदारी कसुरसम्बन्धमा अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शङ्कारहित तवरले पुष्टि गर्नुपर्दछ ।" [३४]
- "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By Conduct) बाट देखिने हुन्छ । व्यवहार एवम् कार्यतत्त्वले बदनियत तत्त्व र मनसाय तत्त्व पत्ता लाग्दछ ।"[३५]
- "सहअभियुक्तले प्रहरीमा गरेको पोल र निजको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नआएको स्थितिमा त्यत्तिकै प्रमाणको भरमा आरोपित कसुर गरेको ठहराई निजलाई सजाय गर्नु न्यायोचित नहुने र शङ्काको सुविधा अभियुक्तले पाउने ।" [३६]

---

[२९] नेपाल कानून पत्रिका, २०५४ नि.नं. ६४४८ पृ. ५५३.

[३०] सर्वोच्च अदालत बुलेटिन, २०७४, पूर्णाङ्क ५९७ पृ. १९.

[३१] नेपाल कानून पत्रिका, २०६४ नि.नं. ७८४८ पृ. ५९८.

[३२] सर्वोच्च अदालत बुलेटिन, २०७३, पूर्णाङ्क ५७६ पृ. ३.

[३३] नेपाल कानून पत्रिका, २०७२ नि.नं. ९३६० पृ. ४१४.

[३४] नेपाल कानून पत्रिका, २०७२ नि.नं. ९३६० पृ. ४१४.

[३५] सर्वोच्च अदालत बुलेटिन, २०७४, पूर्णाङ्क ६०९ पृ. ४६.

[३६] नेपाल कानून पत्रिका, २०४८ नि.नं. ४३६३ पृ. ५१९.

२९. परमार्थमा प्रस्तुत मुद्दा भ्रष्टाचार मुद्दासँग सम्बद्ध फौजदारी मुद्दा भएकोमा विवाद छैन । कुनै पनि फौजदारी मुद्दामा सबै पक्षले फौजदारी कानूनका देहायका सामान्य सिद्धान्तहरूको सम्मान र समाबलम्बन गर्नु अनिवार्य हुन्छः

- अपराध हुनलाई दोषी मनोभावना हुनुपर्ने (Actus non facit reum, nisi mens sit rea),
- कानूनको उल्लङ्घन बिना अपराध नहुने (Nullum Crimen Sine Lege),
- अभियुक्तको कसुर प्रमाणित गर्ने भार अभियोजन पक्षको हुने (Offence must be proved by the prosecutor),
- शङ्काको सुविधा अभियुक्तले पाउने (Benefit of doubt goes to the accused) ।

३०. अतः वादी नेपाल सरकारको तर्फबाट दायर भएको आरोप-पत्रको सम्बन्धमा सम्बद्ध कानून, कानूनी सिद्धान्त, फौजदारी कानूनका सामान्य सिद्धान्तहरू र मिसिल संलग्न प्रमाण कागजातसमेतलाई मध्यनजर गर्दै प्रस्तुत मुद्दाका प्रतिवादीहरूमध्ये सर्वप्रथम कोषराज वन्त र बिनबहादुर थापाको हकमा केन्द्रित भई हेर्दा, निज प्रतिवादी कोषराज वन्तले अनुसन्धानको क्रममा मलाई देखाइएका कागजहरूमा मेरो दस्तखत हो । कागजमा सनाखत गरी दिएँ। मैले बुझेअनुसार बन्दोबस्तीलगायत फ्रि स्केलका सामानहरू आ.प्र.महाशाखाअन्तर्गत लेखासँग आवश्यक समन्वय गरी पठाइन्छ। यी सम्पूर्ण सामानहरू पठाउँदा पठाउने निकाय र पाउनेहरूको आपसी समन्वयमा गर्छन्। ५ वटा बाहिनी र सोअन्तर्गतका युनिटहरूमा समेत बन्दोबस्ती लगायत फ्री स्केलका सामानहरू ढुवानी गरेको भनी पेस गरेको बिलअनुसार सम्पूर्ण कुराहरू भण्डार शाखा र पठाउने कार्यालयहरूलाई जानकारी रहन्छ। कुन कुन ट्रान्सपोर्ट कम्पनीलाई कति कति ढुवानी बापत रकम भुक्तानी भएको सम्पूर्ण विवरण सम्बन्धित शाखामा रहन्छ। सम्पूर्ण नियमानुसार छ भनी मैले सो टिप्पणी सदर गरेको हुँ । मैले कुनै पनि गैरकानूनी काम गरेको छैन र लिनु खानु गरी कार्य गरेको छैन। सङ्गठन प्रमुखको हैसियतले सङ्गठनले गरेका राम्रा नराम्रा कार्यहरूको प्रचलित र परम्परागत रूपमा Responsibility लिनु पर्दछ भनी बयान गरेको देखिन्छ । त्यस्तै निज प्रतिवादीले यस अदालतसमक्ष आ.ब.२०६९/०७० र २०७०/०७१ मा मातहतका युनिटहरूमा सामानहरू पठाउन रीतपूर्वक टेन्डर आव्हान गरिएको हो । सो टेन्डर आह्वान सम्बन्धित विभाग आर्थिक प्रशासन महाशाखाबाट भएको हो । सार्वजनिक खरिद ऐन, नियमावली तथा सुरक्षा सामग्री खरिदसम्बन्धी निर्देशिकाबमोजिम टेन्डर आह्वान गरी सम्बन्धित शाखा महाशाखाबाट टेन्डर मूल्याङ्कन गरी सिफारिससाथ पेस भएको सबैभन्दा कम कबोल गर्ने बोलपत्रदातासँग ढुवानी सम्झौता भई सम्झौताअनुसार कार्य भएको हो। सम्झौताअनुसार सामान ढुवानी भएको र ढुवानी गरेबापत ठेकेदारले बिल बिजक पेस गरी सम्बन्धित भुक्तानी गर्ने लेखा शाखाका जिम्मेवार अधिकृतले भुक्तानीको लागि सिफारिश गरेबमोजिम मबाट सदरसम्म भएको हो । मैले अनुसन्धानको क्रममा आख्तियार दुरुपयोग अनुसन्धान आयोगमा

गरेको बयान कागज हेरें सुनें । सोमा भएको सहीछाप मेरो नै हो । यो बयानमा भएको बेहोरा मलाई कार्यालय समयपश्चात् राती अबेरसम्म राखी मानसिक यातना दिई लेख्न लगाइएको हो । उक्त व्यहोरा नलेखी यहाँबाट जान पाउनुहुन्न भनी धाक धम्की दिई उनीहरूले लेखेको व्यहोरा हाल्न लगाइएको हो । उक्त बयान मेरो राजी खुसीले गरेको होइन । उक्त बयान मेरो इच्छाविपरित भएको र बेरितसँग मलाई बयान गराएको हुँदा आज सम्मानित अदालतसमक्ष सत्य बेहोरा लेखाइदिएको छु । आरोप दाबीबमोजिम मैले कुनै रकम हिनामिना गरी भ्रष्टाचार जन्य कसुर गरेको छैन । ढुवानी शीर्षकको बजेटको परिधिभित्र रही खर्च भई ढुवानी भएको हो । मैले आफूलाई फाइदा र नेपाल सरकारलाई हानी पुग्ने बदनियत राखी कुनै काम गरेको छैन । झुठा बिल भरपाइ बनाउने, त्यसको आचारमा भुक्तानी दिने भन्ने आरोपमा मेरो कुनै संलग्नता छैन । मैले कसैलाई गैरकानूनी काम गर्न आदेश दिएको छैन । कसैबाट कुनै रकम लिएको पनि छैन । मउपरको आरोप सत्य नभएकोले सफाइ पाउन सम्मानित अदालतसमक्ष निवेदन गर्दछु भनी बयान गरेको देखिन्छ । निजका साक्षी बालकृष्ण खकुरेलले म निज प्रतिवादी कोषराज वन्तलाई विगत २७ वर्ष देखि चिन्दछु । म सशस्त्र प्रहरीको भू.पू. कर्मचारीसमेत भएको हुँदा नोकरीको दौरानमा उहाँसँगसँगै बसेर कामसमेत गरेको छु । उहाँ सशस्त्र प्रहरीमा काम गर्न, इमान्दार, राष्ट्रसेवक कर्मचारीको रूपमा मैले उहाँलाई चिनेको छु । उहाँको कार्यशैली तथा व्यवहार सङ्गठनमा मात्र नभैकन राष्ट्रापतिको इमान्दारिता कार्यकुशलता तथा योगदानलाई मध्यनजर गर्दा अति नै उत्कृष्ट राम्रो रहेको पाएको छु । निजलाई अभियोग दाबीबमोजिम सजाय नभई सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको बकपत्र र निजका अर्का साक्षी टेकनाथ भट्टराईले म निज कोषराज वन्त तथा निजको परिवारलाई २०४६ सालदेखि चिन्दछु । उहाँको बानी तथा अन्य चालचलन सामान्य रहेको समाजसेवी रहेको पाएको छु । निज इमान्दार र कर्तव्यनिष्ठ नेपाल सरकारको कर्मचारी भएकाले निजले प्रस्तु अभियोग दाबीबाट पूर्णतः सफाई पाउनु पर्ने हो भनी बकपत्र गरेको देखिन्छ ।

३१. त्यस्तै प्रतिवादी बिनबहादुर थापाले अनुसन्धानको क्रममा मेरो सुरु नियुक्ती मिति २०४५।०८।१५ हो । सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तको पालामा समेत लेखा अधिकृतको रूपमा कार्यरत रहेको छु। सशस्त्र प्रहरी बल प्रधान कार्यालयभित्र हुने अन्य विभाग बाहेक खरिद प्रक्रियाको भुक्तानी र ढुवानीको बिल भुक्तानीका साथै तलब भत्ता राशनसमेतको बिल भुक्तानीसमेत मेरो दस्तखतबाट हुन्थ्यो । सङ्गठन प्रमुखज्यूले मलाई बोलाई ढुवानीसम्बन्धी बिल भुक्तानीको लागि भण्डार शाखाबाट आउने कागजातहरूमध्ये भण्डार शाखा प्रमुखको दस्तखतको लागि विवरणसहितको पत्र तयार गर्न प्रष्ट रूपमा निर्देशन भएकोले मैले पनि लेखा शाखामै बसी मेरो प्रत्यक्ष निगरानीमा सशस्त्र प्रहरी जवान मिलन अधिकारीले तयार गरी काल्पनिक चलानी नम्बर राखेको हो। यसरी गलत काल्पनिक चलानी र भण्डार शाखा प्रमुखको दस्तखत भएको पत्रको

आधारमा झुठा ढुवानी बिल बनाई भुक्तानी दिएको हो। सङ्गठन प्रमुखको प्रत्यक्ष आदेश निर्देशनमा बढि ढुवानी कार्य भएको छ। कानूनी तवरमा यो गलत हो। सदाज्योति ट्रान्सपोर्ट र अदिती ट्रान्सपोर्टबाट बनाइएका झुठा र नक्कली बिलको रकम उनीहरूको भाग कट्टा गरी बाँकी हुन आउने रकम लिन पठाउँदा कहिले काँही सशस्त्र प्रहरी नायब निरीक्षक निलकुमार श्रेष्ठ, कहिले सशस्त्र प्रहरी नायब निरीक्षक देवेन्द्रकुमार श्रेष्ठ र कहिले सशस्त्र प्रहरी नायब निरीक्षक लेखबहादुर खत्रीलाई पठाउँथे। उनीहरूबाट प्राप्त हुन आउने रकम मलाई बुझाउँथे। उक्त रकम सङ्गठन प्रमुखको आदेश र निर्देशनअनुसार खर्च हुन्थ्यो। म आदेश पालक मात्र हुँ। बाँकी रकम सङ्गठन प्रमुखलाई दिन्थे। म आफूखुसी खाए मासेको छैन, हिनामिनासमेत गरेको छैन । बजेटको बारेमा सङ्गठन प्रमुख जानकार रहने हुनाले बिल भौचरसाथ चेकमा दस्तखत हुँदा वहाँको टिपोट हुन सक्ने हुनाले चेक सटहीपश्चात् रकमको हिसाब किताब बुझाउनु पर्थ्यो। आफूखुसी खाए मासेको छैन भनी र यस अदालतसमक्ष कोषराज वन्तको पद बहाली पछि उहाँको आदेश निर्देशनमा म पुनः लेखा शाखा प्रमुखको जिम्मेवारीमा थिएँ र निलम्बन हुँदासम्म म सोही जिम्मेवारीमा थिएँ । मिसिल संलग्न उक्त उजुरी निवेदनको बेहोरा पढी बाँची सुनाउँदा सुनि पाएँ । उक्त उजुरी निवेदनको बेहोरा झुठा हो । उजुरीमा उल्लेख भएजस्तो स.प्र.बलमा अनियमितता भएको छैन । उक्त अवधिमा सामानहरू मातहत युनिटहरूमा ढुवानी गर्दा प्रबन्ध शाखाबाट ढुवानीको टेन्डर शाखा, सञ्चार शाखा र आरमोरर शाखाबाट आवश्यकताअनुसारको सामान ढुवानी गराउने गरिन्थ्यो । के कति परिमाणमा सामान ढुवानी भयो सम्बन्धित शाखालाई थाहा होला, मलाई थाहा छैन । ढुवानी भई रीतपूर्वत बिल भरपाई र फाँटवारीहरूलाई मातहत कर्मचारीहरूबाट टिप्पणी, गोश्वारा भौचर, भुक्तानी आदेश तयार गरी ममार्फत् सङ्गठन प्रमुख समक्ष पेस गरी हेरी, जाँची बुझी स्वीकृत सदर भएपछि को.ले.नि.का बाट चेक काटी सम्बन्धितलाई भुक्तानी दिने गरिन्थ्यो, अन्य प्रक्रियामा म तथा मातहतका कर्मचारीको कुनै संलग्नता छैन ।लेखा शाखामा भुक्तानीका लागि आएका पत्रहरू सम्बन्धित शाखाहरूबाटै आएका हुन् । लेखा शाखामा तयार भएका होइनन् । मैले अभियोगमा उल्लेख भए जस्तो स.प्र.ज. मिलन अधिकारीलाई कुनै काल्पनिक पत्र तयार गर्न र सोमा दस्तखत गर्नसमेत लगाएको छैन र निजले त्यस्तो काम गरेको पनि छैन । निजको पदीय जिम्मेवारी पनि पत्र तयार गर्ने, दस्तखत गर्ने किसिमको होइन । मैले अनुसन्धानको क्रममा गरेको उक्त बयान देखें सुनें । सोमा भएको सहीछाप मेरो नै हो । बेहोरा ठीक होइन । उक्त बयान मेरो स्वेच्छाले भएको होइन । अनुसन्धान अधिकृतले उजुरी तपाईंलाई परेको होइन । हामीले भनेबमोजिम सारेर लेखुहोस्। तपाईंलाई केही गर्दैनौं नभए मुद्दा चलाउँछौं, धेरै धरौटी माग्छौं भनी डर त्रास देखाई मानसिक दबाबमा पारी उक्त बेहोरा सार्न लेख्न लगाएको हो । कुनै सत्यता नभएकोले आज यसै अदालतमा गरेको प्रस्तुत बयानलाई नै प्रमाणमा लगाई पाउँ । आरोप दाबी झुठा हो । कोही

कसैलाई गैर कानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई हानी पुऱ्याउने कार्य मबाट भएको छै । अभियोग दाबी झुठा हो । अभियोग दाबीबाट सफाइ पाउँ भनी बयान गरेको देखिन्छ । निजका साक्षी इन्द्रप्रसाद सुवेदीले निजले झुठा बिल भरपाइ बनाई भ्रष्टाचार गरी नेपाल सरकारलाई हानी नोक्सानी गर्ने काम गरेका हुन् भन्ने जस्तो मलाई लाग्दैन। किनभने बिभिन्न मितिमा उहाँले सङ्गठनको बेरुजु फछ्यौंट गरेबापत तथा सङ्गठनमा उत्कृष्ट कार्य गरेबापत बिभिन्न पुरस्कारहरू प्राप्त गरेको समेत मलाई अवगत छ । विभागीय प्रमुखको विश्वासको आधारमा बिल भुक्तानी गर्ने हो । त्यसैले प्रस्तुत आरोप दाबीमा कुनै सत्यता छैन । निजले प्रस्तुत अभियोगबाट पूर्णतः सफाई पाउनुपर्छ भनी बकपत्र गरेको देखिन्छ ।

३२. वस्तुतः प्रतिवादी कोषराज वन्त सशस्त्र प्रहरी महानिरीक्षक पदमा कार्यरत राष्ट्रसेवक, प्रतिवादी बिनबहादुर थापा लेखा हेर्ने प्रहरी निरीक्षक पदमा कार्यरत राष्ट्रसेवक भएकोमा विवाद देखिँदैन । निज प्रतिवादीद्वयले आरोप दाबीबमोजिम आफूलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने बदनियतले झुठा बिल भरपाई बनाई भुक्तानी लिने दिने कार्य गरी बिगो रु.६,७९,४१,७०६।- बराबरको सामान ढुवानी नै नगरी आरोपित कसुर गरेका हुन् वा होइनन् भन्नेतर्फ बिचार गर्दा, प्रस्तुत मुद्दामा माथि विवेचना गरेअनुरूप स्वच्छ सुनुवाइको सिद्धान्तको मूल्य, मर्म र मान्यताबमोजिम अनुसन्धान कार्य भएको देखिँदैन । अनुसन्धान कार्यमा शुद्धता, स्वच्छता, समानता एवम् निष्पक्षता तत्त्वहरूको अभाव देखिन्छ । जुन तत्त्वहरूको अभावमा गरिएको काम कारवाहीलाई स्वच्छ सुनुवाइको सिद्धान्तले समर्थन गर्दैन । यी प्रतिवादीहरू कार्यरत रहेको समयावधिमा आरोपपत्रमा उल्लिखित सामानहरू खरिद गरेकोमा र ती सामानहरूको खरिद मूल्यसमेतमा विवाद देखिएको छैन । ती सामानहरू ढुवानी गरेका हुन् वा होइनन् भन्नेतर्फ हेर्दा, माथि विवेचना गरेअनुरूप सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको मिति २०७४।०२।१२, मिति २०७४।०४।२९, २०७४।०९।०७ र मिति २०७४।०९।१२ समेतको पत्रानुसार ढुवानीका साधनका केही ट्रिपको अभिलेखीकरण विवरण नदेखिए तापनि आरोपपत्रमा उल्लिखित सबै ट्रिप ढुवानी भएको देखिन्छ । सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट सुरक्षा संवेदनशीलताको कोणबाट सुरक्षा निकायका कर्मचारीहरूलाई आवश्यक पर्ने हातहतियार, अन्य बन्दोबस्तीका सामानहरू एक स्थानबाट अर्को स्थानमा लैजाँदा गोप्यता कायम गरी लैजानु पर्ने परिस्थितिले गर्दा त्यस्ता सामानहरूको ढुवानी गर्दा समय, प्रकार र विस्तृत विवरण खोल्न व्यावहारिक रूपमा उपयुक्त नहुने र जिम्मेवार कमाण्ड तहका अधिकृतबाहेक अन्य सुरक्षाकर्मीहरूलाई समेत आवश्यकताअनुसार जानकारी गराउन नमिल्ने कारण अभिलेखीकरण गर्ने कार्यभन्दा सुरक्षित र गोप्य रूपमा ढुवानी गर्ने कार्यलाई महत्त्व दिइने हुँदा कतिपय ढुवानीहरूको यथार्थपरक अभिलेखीकरण नदेखिए तापनि ढुवानीको कार्य नियमित हुने साथै सुरक्षा निकायबाट हुने कार्यहरूमा सुरक्षा संवेदनशीलताको कारण कागजी प्रक्रियाभन्दा

परिणाममुखी नतिजाको महत्त्व हुने विशेष परिस्थितिहरू विपद् व्यवस्थापन, विशेष सुरक्षा योजना, विभिन्न अप्रेशनल कार्यहरूमा अभिलेखीकरण नदेखिए तापनि ढुवानी कार्य हुने बेहोराङ्कन गरी पठाएको मिति २०७४।०४।२९ समेतको पत्रलाई अन्यथा भन्न मिल्ने देखिएन । निर्दिष्ट स्थान र समयमा यो यस्तो सामान पुगेको छैन वा ढुवानी भएको छैन भनी कसैको उजुरी परेको पनि देखिँदैन।

३३. वस्तुतः सशस्त्र प्रहरी बल एक संवेदनशील सुरक्षा निकाय भएकोमा विवाद छैन । यस्तो संस्थाले सुरक्षा संवेदनशीलता र सुरक्षा शास्त्रको कोणबाट विभिन्न सरसामान, हातहतियारको अभिलेखीकरणसम्बन्धी प्रक्रियागत कामभन्दा सुरक्षित एवम् गोप्यताकासाथ निर्दिष्ट बिन्दु वा स्थानमा आवश्यकीय सरसामान एवम् हातहतियार पुऱ्याउनेतर्फ प्राथमिकता दिई परिणाममा सफलता हासिल गर्नुपर्ने यथार्थतालाई नजरअन्दाज गर्न मिल्दैन । परिणाम ठीक भएपछि कागजी प्रक्रिया बेठीक भयो भन्ने आधारले मात्र अरु सामान्य निकायहरूमा जस्तै सुरक्षा निकायलाई दोषारोपण गर्दा शान्ति सुरक्षामा प्रतिकूल असर पर्न सक्छ । अतः निर्दिष्ट कार्य वा मिसन पूरा भएपछि ढुवानी भएन होला भनी अनुमान गर्न न्यायोचित हुन सक्दैन ।

३४. सहप्रतिवादी अदिती ट्रान्सपोर्टका भरतकुमार थापाले यस अदालतसमक्ष बयान गर्ने क्रममा स.ज. १० मा दाबीमा उल्लिखित बिलहरू सही र सत्य हुन् । उक्त आ.व.को आय विवरण पेस गरी कर चुक्ता प्रमाणपत्रसमेत लिएको छु भन्ने बेहोराङ्कन गरेको देखिन्छ । त्यस्तै अर्का सहप्रतिवादी सदाज्योति ट्रान्सपोर्टका उज्ज्वलकुमार थपलियाले यस अदालतसमक्ष बयान गर्ने क्रममा स.ज. १२ मा बिल बिजकबमोजिमको भुक्तानी सदाज्योति ट्रान्सपोर्टले नै पाउने हो । उक्त ट्रान्सपोर्टकै नाममा A/C Payee चेक बैङ्क खातामा सोझै जम्मा हुने भन्ने बेहोराङ्कन गरेको देखिन्छ । प्रस्तुत मुद्दामा ढुवानीकर्ताका रूपमा रहेका प्रतिवादीद्वयले आरोपपत्रमा उल्लिखित सबै सामान ढुवानी भएको कुरा स्वीकार गरी त्यसबाट भुक्तानीसमेत लिएको तथ्य यस अदालतसमक्ष बयान गर्दा खुलाई दिएकोमा अन्दाज, अनुमान र अड्कलको आधारमा यी प्रतिवादीहरूले झुठा बिल भरपाई बनाई ढुवानी बापतको भनी रकम हिनामिना गरी भ्रष्टाचार गरेको ठहराउन फौजदारी न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन ।

३५. सशस्त्र प्रहरी बल अर्ध सैनिक प्रकृतिको सुरक्षा निकाय भएको र तत्काल देशको परिस्थिति एवम् सुरक्षा संवेदनशीलताको कारणले महालेखा परीक्षकबाट नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतासमेत विचार गरी अन्तिम लेखापरीक्षण हुँदा आरोपपत्रमा उल्लिखित ढुवानी सम्बन्धमा कुनै बेरुजु नदेखाई फरफारक गरेको देखिन्छ । यसरी शतप्रतिशत बेरुजु फछर्यौंट गरी पुस्कारसमेत प्राप्त गरेका स्थिति देखिन्छ ।

३६. सहप्रतिवादीहरूले मौकामा पोल गरेको देखिए तापनि यस अदालतसमक्ष डर, धाक, धम्की र आश्वासनको कारण पोल गर्नु परेको हो भनी बयान गरेको देखिन्छ । सिद्धान्ततः सहप्रतिवादीहरूको पोल आफैमा सारभूत प्रमाण होइन । त्यस्तो पोल अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएमा त्यसको प्रामाणिक मूल्य हुन सक्दैन ।

३७. अतः मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीद्वय कोषराज वन्त र बिनबहादुर थापाले बदनियतपूर्वक आफूहरूलाई लाभ र नेपाल सरकारलाई हानी नोक्सानी हुने किसिमबाट कुनै काम कारवाही गरेको भन्ने पुष्टि भएको देखिएन । यस स्थितिमा अन्दाज, आशङ्का र अनुमानको आधारमा निज प्रतिवादीद्वयले आरोपित कसुर गरेको ठहऱ्याई सजाय गर्न माथि उल्लिखित कानून, कानूनी सिद्धान्त, फौजदारी कानूनका सामान्य सिद्धान्तहरूसमेतले अनुमति प्रदान गर्दैन ।

३८. प्रतिवादीहरूमध्ये सदाज्योति ट्रान्सपोर्टका उज्ज्वलकुमार थपलिया र अदिती ट्रान्सपोर्टका भरतकुमार थापाको हकमा केन्द्रित भई हेर्दा, निज उज्ज्वलकुमार थपलियाले अनुसन्धानका क्रममा ढुवानी बोलपत्र आह्वान भई सदाज्योति ट्रान्सपोर्टमार्फत बोलपत्र स्वीकृत गरी स.प्र.बल प्रधान कार्यालय र सदा ज्योती ट्रान्सपोर्टबीच सम्झौता भई आ.व. ०६९।०७० र आ.व. ०७०।०७१ मा ढुवानी सम्झौता कागजातहरू आयोग समक्ष पेस गर्न सक्नेछु । उक्त ढुवानी सम्बन्धी बोलपत्र मेरो ट्रान्सपोर्टको नाममा भएको हो। केही बिजकहरू स.प्र.बल प्रधान कार्यालयले बिना दस्तखतका लान्थे, खाली प्याडमा कसले दस्तखत गरी बिजक पेस गर्थे लेखा शाखालाई थाहा छ। चेक बनेपछि बिना ढुवानी गरेको रकम टि.डि.एस. जम्मा बाहेक लेखा शाखामा बुझाउने चलन थियो। सम्बन्धित इकाइहरूमा सामान ढुवानी नगरे तापनि सामान ढुवानी गरेको हो भनी लेखा शाखाका कर्मचारी आफैले सवारी साधनको नम्बर उल्लेख गरी सम्बन्धित ईकाईमा ढुवानी भएको भनि भरि आफैंले भुक्तानीको लागि प्रक्रिया अघि बढाई चेक बनाई A/C Payee चेक हुने भएकोले लेखा शाखा आफैंले चेक साट्न नभएकोले बाध्यताबश हामीलाई बोलाई चेक बुझ्न लगाउने र जम्मा गरिसकेपछि यस चेकको रकम झिकी लेखा शाखामा बुझाउन आउने भन्थ्यो । हामी लगेर बुझाउँथ्यौ। कहिले काहीं लेखा शाखाका कर्मचारी आउँथे चेक लिएर जान्थे। केवल सहज रूपमा ढुवानीबापतको भुक्तानी तथा नयाँ काम पाउने लोभमा उक्त बिजक लेखामा छोड्ने गरेको हो । मेरो चाहनाविपरीत उक्त काम गर्नु परेकोले मलाई दोषीको रूपमा नलिई साक्षीको रूपमा माग दाबी गरी दिन हुन अनुरोध गर्दछु भनी र यस अदालतसमक्ष विगत १४ वर्षदेखि मैले रासन ठेक्काको काम सदाज्योति सप्लायर्समार्फत् गर्दै आएको छु । म सदाज्योति सप्लायर्सको प्रोपाइटर हुँ । सदाज्योति ट्रान्सपोर्टको ०६९।०७०, ०७०।०७१ को ढुवानी ठेक्का स.प्र.बल मुख्यालयबाट स्वीकृत भई ढुवानी कार्य गरिरहेको अवस्थामा नक्कली काम कारवाही भएको होइन। ढुवानी गरिएको मात्र बिल भरपाइ पेस गरी भुक्तानी भएको हो । आ.ब.०६९।०७० र ०७०।०७१

मा सामान ढुवानी गर्ने सम्झौता स.प्र. बल मुख्यालय र सदाज्योति ट्रान्सपोर्टका बीचमा भएको थियो । सोही सम्झौताका आधारमा उक्त ट्रान्सपोर्टको प्रतिनिधिको रूपमा मैले सामान ढुवानीका लागि ट्रक पठाएको हुँ । सुरक्षाको कारणले गर्दा खाली ट्रक बस मुख्यालयबाट माग भएको समयमा मुख्यालयको गेटसम्म पठाउने गरेको हो । सामान ढुवानी गर्ने कार्य मुख्यालयबाटै हुन्थ्यो । आ.व. ०६९।०७० र ०७०।०७१ मा २५० ट्रिप (आवश्यकतानुसार थपघट गर्न सक्ने) गरी रु.८८,४१,५१०।- र ३०४ ट्रिप (५०% थपघट हुन सक्ने) रु.३३,१७,३००।- र १८० ट्रिप (आवश्यकतानुसार थपघट हुन सक्ने) गरी तीन वटा ठेक्का सम्झौता भएको, आरोपपत्रको तालिका ३ मा कुल ट्रिप सङ्ख्या ८३२ भएको र सोमा ५०% सम्म थपघट हुन सक्ने संख्या जोड्दा कुल ११०१ ट्रिप संख्या हुन आउने हुँदा सम्झौताभन्दा बाहिर गएर ढुवानी गरेको छैन र भुक्तानी पनि लिएको छैन । आरोपपत्रको बेहोरा झुठा हो । २०७० सालमा भएको दोस्रो संविधान सभाको निर्वाचनमा सुरक्षाको दृष्टिकोणले सुरक्षा फौजलाई विभिन्न ठाउँमा ओसार पसार गर्नुपर्ने भएकोले र बन्दोबस्तीका सामानसमेत ढुवानी गर्नुपर्ने भएकोले ट्रक, बस बढी सङ्ख्यामा मुख्यालयबाट माग भएकोले बढी ढुवानी भएको हो । बिल बिजकबमोजिमको भुक्तानी सदाज्योति ट्रान्सपोर्टले नै पाउने हो । उक्त ट्रान्सपोर्टकै नाममा A/C Payee चेक बैङ्क खातामा सोझै जम्मा हुन्छ । आरोपपत्रमा उल्लिखित बेहोरा झुठा हो । अनुसन्धान अधिकृतसमक्ष मेले गरेको बयान कागजको बेहोरा झुठा हो । अख्तियारका कर्मचारीको दबाबमा धाक धम्की दिएर विभिन्न प्रलोभन देखाएर मलाई लेख्न लगाएका हुन् । मेरो राजीखुसीले दिएको बयान होइन । सम्मानित अदालतमा गरेको बयानलाई प्रमाणमा लगाई पाउँ । दबाब धाक धम्की दिएकोले सहीछापसम्म गरिदिएको हुँ । मलाई मानसिक यातनासमेत दिई कागजमा लेखी दिएको बेहोरासम्म मैले सारेको हो । सम्झौताभन्दा बढी काम भएको पनि छैन । यसबापत मैले कुनै गैरकानूनी लाभसमेत लिएको छैन। हानीनोक्सानी, हिनामिना, मिलोमतोलगायत कुनै बदनियतपूर्ण कार्य, भ्रष्टाचारजन्य कार्य मबाट भएको छैन । म निर्दोष छु मलाई मुद्दा नै लाग्नु नपर्ने हो आरोपपत्रबाट सफाइ पाउँ भनी बयान गरेको देखिन्छ । निजको साक्षी सुजनकुमार श्रेष्ठले उहाँ एक इमान्दार समाजसेवी व्यक्ति हो । निजले कुनै किसिमको गलत बिल बिजक जारी गरेको छैन। झुठा बिल बनाएको पनि छैन । निजले कसैसँग मिलोमतोसमेत गरेको छैन । नेपाल सरकारलाई हानी नोक्सानी हुने कुनै काम गरेको छैन । भ्रष्टाचार गरे गराएको तथा गर्न गराउन मद्दतसमेत गरेको छैन गराएको छैन । निज निर्दोष भएकोले सफाई पाउनु पर्छ भनी बकपत्र गरेको देखिन्छ ।

३९. त्यस्तै भरतकुमार थापाले अनुसन्धानको क्रममा म २०६२ सालदेखि ढुवानी पेसामा आबद्ध छु। मेरो नाममा रहेको अदिती ट्रान्सपोर्ट छ। यसको प्रोप्राइटर म आफैं हो। सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट मातहत युनिटसम्म सामान ढुवानी गर्नको लागि २०६७।०६८ र ०६८।०६९ मा

ठेक्का भएअनुसार मेरो अदिती ट्रान्सपोर्टलाई ठेक्का परी सशस्त्र प्रहरी बल प्रधान कार्यालय सित ढुवानीसम्बन्धी लिखित सम्झौता भएको हो। सो सम्झौता म आयोगसमक्ष पेस गर्न सक्छु। योभन्दा अन्य ढुवानी सम्झौता भएको छैन । आ.व.०६९।०७० र ०७०।०७१ मा मलाई ठेक्का परेको थिएन, पहिला काम गरी चिनजान भएको नाताले सशस्त्र प्रहरी बल लेखा शाखाबाट फोन आयो तपाईं एक पटक यहाँ आउनुहोस् भनेर सोहीमुताबिक म सशस्त्र प्रहरी बलको लेखा शाखामा गएँ, एकाउन्टेन्ट बिनबहादुर सरले तपाईं पुरानो काम गरिरहेको मान्छे हामीलाई सहयोग गरिदिनु पऱ्यो भन्नु भयो। मैले मेरोतर्फबाट के सहयोगको अपेक्षा राखु भयो भनी सोध्दा तपाईंले हामीलाई ट्रान्सपोर्टको बिल दिनु पऱ्यो । १.५ TDS भुक्तानीमा कट्टा भई हाल्छ। बाँकी तपाईंलाई हामी केही हेरी दिन्छौं भन्नुभयो। मैले सर मेरो टेन्डर पनि परेको छैन नपरेको फर्मले कसरी बिल दिनुभन्दा अफिसियल प्रोसेस हामी मिलाउँछौं। तपाईंले कुनै किसिमको चिन्ता नलिए हुन्छ भनेपछि विभिन्न मितिमा बिल दिएँ। बिल रकममा १.५ TDS कट्टा गरी बाँकी रकम मेरो ट्रान्सपोर्टको नाममा A/C Payee चेक बन्थ्यो। उक्त चेक सशस्त्र प्रहरी बलबाट मैले बुझेर बैङ्क खातामा जम्मा गर्थें। खातामा जम्मा भइसकेपछि उक्त रकम निकाली लेखा शाखाबाट आएका कर्मचारीलाई दिएर पठाउँथे। कहिलेकाहीं म आफैं क्यास लिएर लेखा शाखामा बुझाउँथे। उक्त काम गरेबापत मैले पनि केही रकम पाउँथे भनी र यस अदालतसमक्ष म ढुवानी व्यवसाय गर्दछु । उक्त व्यवसाय मैले २०६२ सालदेखि सञ्चालन गर्दै आएको छु । काठमाडौं महाराजगञ्जमा मेरो कार्यालय छ । आ.व. ०६८/०६९ मा सशस्त्र प्रहरी बलमा ढुवानी ठेक्का प्राप्त गरेको थिएँ । उक्त ठेक्कामा उल्लिखित सम्झौता, शर्त, दररेटअनुसार सशस्त्र प्रहरीबाट आ.ब.०६९।०७० र ०७०।०७१ मा पुरानै सम्झौताअनुसार ढुवानी गरेको हुँ । ढुवानी गरेअनुसारको भुक्तानी लिएको हुँ । उक्त आ.व.मा मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट रु.३,६३,१०,१३०।- मा आरोप दाबी छ। मैले गरेको काम सम्झौता उल्लङ्घन हुने काम गरेको छैन । दाबीमा उल्लेख गरिएका बिलहरू सही र सत्य हुन् । झुठा बिल दिएको होइन । अख्तियारमा गरेको बयानमा भएको हस्ताक्षर मेरो नै हो । बयानको बेहोरा मेरो इच्छाले भएको होइन । अनुसन्धान अधिकृतज्यूबाट हामीले भनेअनुसारको बयान दिएमा तपाईंलाई कुनै किसिमको धरौटी लाग्दैन । तपाईंलाई हामी मुद्दा नचलाई सरकारी साक्षीको रूपमा राख्छौं भन्ने आश्वासन पाएकोले सोहीअनुसारको बयान दिएको हुँ । हाल यस सम्मानित अदालतमा गरेको बयान वास्तविक र साँचो हो । यसै बयानलाई प्रमाण लगाई न्याय निसाफ पाऊँ । मैले आफूले कुनै आरोप-दाबीबमोजिम कुनै किसिमको गलत काम नगरेको र कसुरसमेत नगरेको हुँदा सफाइ पाउन अनुरोध गर्दछु भनी बयान गरेको देखिन्छ । निजको साक्षी राम गोपाल गिरीले मैले उहाँलाई चिनेसम्म उहाँ इमान्दार व्यवसायी हुनुहुन्छ । उहाँले अन्य विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूमा समेत ढुवानी कार्य गरिरहनु भएको

छ। यसरी काम गर्दा उहाँले कानूनबमोजिमको बिल दिई सोको भुक्तानी प्राप्त गर्ने गरेको, करकट्टी गराउने गरेको र सोको करचुक्ता प्रमाणपत्र हरेक वर्ष लिने गरेको हुनाले उहाँ माथिको यो आरोप झुठा हो । निजमाथि लागेको आरोप झुठा भएकोले निजलाई सजाय हुनुपर्ने होइन, निजलाई सम्मानित अदालतबाट सफाइ दिलाई पाउँ भनी बकपत्र गरेको देखिन्छ ।

४०. वस्तुतः निज प्रतिवादीद्वय राष्ट्रसेवक नभए तापनि प्रतिवादी उज्ज्वलकुमार थपलिया सदाज्योति ट्रान्सपोर्टका प्रतिनिधि र प्रतिवादी भरतकुमार थापा अदिती ट्रान्सपोर्टका सञ्चालक भएकोमा विवाद देखिँदैन। अब, आरोप- दाबीअनुरूप सामान ढुवानी नै नगरी उज्ज्वलकुमार थपलियाले रु.३,१६,३१,५७६।- र भरतकुमार थापाले रु.३,६३,१०,१३०।- बराबरको रकम प्रतिवादी कोषराज वन्त र बिनबहादुर थापाको आदेश निर्देशनमा आफू र निजहरूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कसुर गरेका हुन् वा होइनन् भन्नेतर्फ बिचार गर्दा, निज प्रतिवादीहरूले मौकाको बयानलाई इन्कार गर्दै यस अदालतसमक्ष सम्झौताबमोजिम ढुवानी भएको, बिल बिजक सही हुन् र A/C Payee चेकमार्फत् भुक्तानीसमेत पाएको र कर तिरेको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ। तत्सम्बन्धी प्रमाणहरू पेस गरेको देखिन्छ । माथि विवेचना गरेअनुरूप सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको पत्रानुसार दाबीमा उल्लिखित सबै ट्रिप ढुवानी भएको देखिन्छ । अभियोजन पक्षले गोदाममा यो यति सामान बाँकी रहेकोले ढुवानी गरेको होइन भनी वस्तुनिष्ठ प्रमाणसहित दाबी गर्न सकेको देखिँदैन । कुनै कसैले दाबीमा उल्लिखित सामान ढुवानी नै भएको छैन वा यो समय यो मितिमा सामान नै प्राप्त भएको छैन भनी उजुर गरेको पनि देखिँदैन । यस स्थितिमा निज प्रतिवादीद्वयले अन्दाज, अनुमान र अड्कलको आधारमा आरोपित कसुर गरेको ठहराई सजाय गर्न फौजदारी न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन ।

४१. प्रतिवादीहरू निलबहादुर श्रेष्ठ, देवेन्द्रकुमार श्रेष्ठ, लेखबहादुर खत्री र मिलन अधिकारीको हकमा केन्द्रित भई हेर्दा, प्रतिवादी निलबहादुर श्रेष्ठले अनुसन्धानको क्रममा हाल म सशस्त्र प्रहरी बल प्रधान कार्यालयको केन्द्रीय लेखा शाखामा अन्दाजी २०६६ सालदेखि कार्यरत छु। यो शाखामा मलाई तलव भत्ता वितरण गर्ने जिम्मेवारी दिइएको थियो। मलाई सक्कली नक्कली बिल बारेमा कुनै जानकारी नभएको ट्रान्सपोर्टको नाउँमा प्राप्त बिलअनुसार शाखामा कार्यरत कर्मचारीहरूले गोश्वारा भौचर उठाई एसी पेयी चेक सम्बन्धित ट्रान्सपोर्टलाई भुक्तानी दिइन्थ्यो। अन्य काम कारबाही बारे लेखा प्रमुख बिनबहादुर थापालाई नै थाहा छ, मैले फौजी संरचनामा आफूभन्दा माथिल्लो कमान्डरले लगाउनु भएको काम मात्र गरेको हुँ। मलाई स.प्र.नि. बिनबहादुर थापाको कोठामा मानिसहरू हुँदा कहिलेकाहीं सदाज्योति ट्रान्सपोर्टको मानिसले नगद राखी दिन भन्थ्यो र केही समयको लागि राखी मानिस खाली भए पश्चात् लेखा प्रमुखलाई लगि दिन्थें । उक्त रकम लेखा प्रमुखज्यूले केही समयका लागि राख भन्ने आदेश भए राखि पछि उहाँलाई नै लगि दिन्थें । लेखा

प्रमुखको आदेशमा मैले ट्रान्सपोर्टका मानिसले दिएको पैसा केही समयका लागि राखी उक्त रकम लेखा प्रमुखज्यूलाई नै दिएको हुँ। के कारणले ट्रान्सपोर्टले पैसा ल्याई दिएको भन्ने बारेमा मलाई थाहा नभएको मैले आफूभन्दा माथिल्लो कमान्डरले लगाएको काम मात्र गरेको हुँ। माथि उल्लिखित कार्य गरेबापत कुनै पनि किसिमको रकम र सुविधा लिएको छैन । व्यक्तिगत लाभ हुने कुनै पनि कार्य गरेको छैन । म निम्नस्तरको कर्मचारी भएको नाताले मैले आफूभन्दा माथिल्लो कमान्डरले लगाउनु भएको काम मात्र गरेको हुँ । यसमा मेरो कुनै मिलेमतो छैन भनी र यस अदालतसमक्ष मैले सदाज्योति र अदिती ट्रान्सपोर्टसँग ढुवानीसम्बन्धी कुनै कार्य गरेको छैन । ढुवानीसँग सम्बन्धित कार्य लेखा शाखा प्रमुख र प्रबन्ध भण्डार शाखाको जिम्मेवारीभित्र पर्ने हुँदा सो सम्बन्धमा मलाई थाहा जानकारी छैन । ट्रान्सपोर्ट कम्पनीहरूको नाममा जारी भएको चेक मैले साट्न पाउने कुरा नै हुँदैन । ट्रान्सपोर्टका नाममा जारी भएका चेकहरूको भुक्तानी लिन म गएको छैन । अनुसन्धान अधिकृतसमक्षको बयान सुनी पाएँ । सो बयान मैले आफैले राजीखुसीले दिएको होइन । अनुसन्धान अधिकृतज्यूहरूले निजले लेखेको बेहोरा सार्न लगाएका हुन । यदि नसारेमा मुद्दा चलाउने, थुनामा राख्ने, धरौटी माग गर्नेलगायतका डर, त्रास, दबाबमा पारी बयान गर्न लगाइएको हो । त्यसैगरी मलाई तँ जस्तो तल्लो दर्जाको कर्मचारीलाई कारवाही गर्ने हाम्रो उद्देश्य होइन । सङ्गठन प्रमुखलाई नै कारवाही गर्ने हो भनेर दबाबमा पारी लेखाइएको हो । सो बयानमा मेरो मन्जुरी छैन । बयानमा भएको सहीछाप मेरो हो । म विरुद्धको प्रस्तुत अभियोगदाबी झुठा हो। आरोपपत्रमा उल्लेख भए जस्तो झुठा काल्पनिक बिल भरपाई भन्ने सम्बन्धमा मलाई थाहा छैन। मैले कुनै पनि किसिमको रकम लिए खाएको छैन । मैले स.प्र.नि. बिनबहादुर थापा र सङ्गठन प्रमुख कोषराज वन्तलाई गैरकानूनी लाभ पुऱ्याउने कार्यमा सहयोग गरेको छैन । मैले अभियोग दाबीबमोजिमको कसुर नगरेको हुँदा सजाय पाउनु पर्ने होइन भनी बयान गरेको देखिन्छ। निजको साक्षी ज्ञानेन्द्रबहादुर श्रेष्ठले प्रतिवादी निलबहादुर श्रेष्ठ र म एउटै ठाउँको भएको र सँगसँगै एउटै स्कुलमा पढेकोले सानैदेखि निजलाई चिन्दछु । निजको चालचलन बानी बेहोरा सानैदेखि राम्रो, सहयोगी, मिलनसार, इमान्दार रहेको छ । निजको बानी बेहोरा चालचलन त्यस्तो आरोपपत्रमा लेखिए जस्तो कानूनविपरीतको कार्य गर्ने खालको होइन । निज राष्ट्र सेवा गर्ने उद्देश्यले सशस्त्र प्रहरी बलमा जागिर खाई सेवा गर्दै आएका हुन् । निज जस्तो इमान्दार र कर्तव्यनिष्ठ व्यक्तिले त्यस्तो कार्य गर्न सक्दैनन् ।निजको आर्थिक अवस्था सामान्य रहेको, निजको जागिरबाट नै घर व्यवहार चलाउँदै आएको छ । निजका परिवारका सदस्यहरू उहाँकै जागिरमा आश्रित हुनुहुन्छ। अहिलेसम्म पनि काठमाडौँमा कोठा भाडामै बसेको अवस्था छ । निजको चालचलन, बानी बेहोरा र माथिल्लो तहका कर्मचारीको आदेश निर्देशनमा काम गर्नुपर्ने कर्मचारी भएकोले अभियोग

दाबीबमोजिमको कसुर निजबाट हुनै सक्दैन, त्यसैले निजलाई प्रस्तुत मुद्दाबाट सफाइ दिलाई पाऊँ भनी सम्मानित अदालतसमक्ष निवेदन गर्दछु भनी बकपत्र गरेको देखिन्छ ।

४२. प्रतिवादी देवेन्द्रकुमार श्रेष्ठले अनुसन्धानको क्रममा म लेखा शाखामा काजमा गएर २०६५।०६६ सालदेखि कामकाज गर्दै आईरहेको छु । आ.व.०६९।०७० मा सामान ढुवानी नक्कली वा सक्कली र पत्र कहाँबाट आयो भन्ने सम्बन्धमा आफूलाई केही थाहा नभएको हुँदा आफू निम्नस्तरको कर्मचारी भएकोले आफूभन्दा ठुलाले लाए अह्राएको काम गर्नुपर्ने भएकोले लेखा शाखा प्रमुख बिनबहादुर थापाको आदेशमा सदाज्योति ट्रान्सपोर्ट कालीमाटीमा गई उक्त फर्मले दिएको चेक साटी रकम झिकी ल्याई लेखा शाखा प्रमुख बिनबहादुर थापालाई बुझाएको हुँ र अदिती ट्रान्सपोर्ट सम्बन्धमा कार्यालय कहाँको मानिस हो भनी आफूलाई थाहा नभएकोले मैले झिकेर ल्याएको रकम के कुन प्रयोजनको लागि को कसलाई दिइन्थ्यो वा दिइँदैनथ्यो सो विषयमा मलाई कुनै जानकारी नभएको। लेखापालको आदेशानुसार ल्याएको सम्पूर्ण रकम वहाँलाई नै बुझाएको हुँ। सो विषयमा मलाई केही थाहा भएन यथार्थ कुरो लेखा प्रमुख बिनबहादुर थापा सरलाई नै थाहा छ। मलाई चेक दिने सदाज्योतिको व्यक्ति के कुन हैसियतको हो ? नाम, थरसमेत मलाई थाहा भएन, यसबाट मैले कुनै किसिमको थप सुविधा तथा अनुचित लाभ हासिल गरेको छैन, सम्मानित आयोगबाट अनुसन्धान तथा न्याय निरूपण दोषी देखिएका व्यक्तिहरू माथि प्रचलित नियमानुसार कारबाही हुनुपर्छ भनी र यस अदालतसमक्ष लेखा शाखामा आर्थिक वर्ष २०६४/०६५ देखि लेखा प्रमुखको आदेश, निर्देशनमा बाहिरी कार्यालय दरबन्दी भई सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा काज रहेका प्रहरी कर्मचारीहरूको तलब, भत्ता वितरण गर्ने कार्य गर्दथे । मैले कुनै पनि प्रकार चेक साटेको पनि छैन र कसैले पनि कुनै रकम मलाई दिएको पनि छैन । मैले लेखा प्रमुखलाई कसैसँग पनि कुनै रकम लिएर दिएको पनि छैन । कम्पनीका नाममा जारी भएको चेक मैले साटेको भन्ने प्रश्न नै आउँदैन। मैले अनुसन्धानको क्रममा मैले कुनै रकम लिएको, दिएको र खाएको छैन भनी लेख्न खोज्दा अनुसन्धान अधिकृतले कम्पनीका प्रतिनिधिबाट चेक साटेर ल्याएको र चेक रकम लेखा प्रमुखलाई दिएको भन्ने बेहोरा नलेखेमा तिमीलाई थुनामा राख्ने, धरौटी माग गर्ने जस्ता डर, त्रास, धम्की दिई बाध्य बनाई बयान लेखाइएको हो । सो अनुसन्धानको क्रममा दिएको बयानमा मेरो सहमति छैन, बयान झुठा हो। म विरुद्धको प्रस्तुत अभियोग दाबी खारेज गरी सफाइ पाऊँ । अनुसन्धान अधिकृतले मलाई आफूले भने जस्तो बयान लेखिदिएमा सरकारी साक्षीको रूपमा राख्ने, मुद्दा नचलाउने जस्ता विभिन्न प्रलोभन देखाई बयान लेख्न लगाइएको हो । आफूले भनेबमोजिम नलेखेमा थुनामा राख्ने, धरौटी माग गर्ने जस्ता डर, त्रास, धम्की दिई दबाबमा बयान गराएका हुन्। उक्त बयानमा मेरो सहमति छैन। बयान बेहोरा झुठा हो । बयानमा भएको सहीछाप मेरो हो। म विरुद्धको प्रस्तुत अभियोग दाबी झुठा हो । मैले कुनै पनि प्रकारको गैरकानूनी कार्य गरी

कसैलाई फाइदा र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको छैन । तसर्थ प्रस्तुत झुठा अभियोग दाबी सफाइ पाउँ भनी बयान गरेको देखिन्छ ।

४३. प्रतिवादी लेखबहादुर खत्रीले अनुसन्धानको क्रममा म सशस्त्र प्रहरी बल प्रधान कार्यालयको लेखा शाखामा स.प्र.ज. देखि नै सोही शाखामा कार्यरत थिएँ र उक्त शाखामा मेरो जिम्मेवारी हाकिमले मगाएको सामान हाकिमको आदेशअनुसार वितरण गर्ने स्टोर हेर्ने गर्थें । म सशस्त्र स्थापना कालदेखि नै सोही शाखामा कार्यरत थिएँ । शाखा प्रमुख बिनबहादुर थापाले लगाएको कार्य गर्नु मेरो दायित्व र जिम्मेवारीसमेत रहेकोले निजले बेला बेलामा लगाएअनुसार सदाज्योति ट्रान्सपोर्ट कालीमाटीमा गई अन्दाजी ३-४ चोटि उनीहरूले दिएको रकम ल्याई स.प्र.नि. बिनबहादुर थापालाई दिएको हुँ। अदिती ट्रान्सपोर्टको कार्यालयको सम्बन्धमा जानकारी नभएको तर स.प्र.नि. बिनबहादुर थापाले दिएको मोबाईलमा सम्पर्क गरी ठमेलमा गई निज व्यक्तिले दिएको रकमसमेत ल्याई स.प्र.नि. बिनबहादुर थापालाई नै बुझाएको हुँ। कहिलेकाहीं स.प्र.नि. बिनबहादुर थापाले दिएको चेक बैङ्कमा गई सटही गरी चेकको सम्पूर्ण रकम स.प्र.नि. बिनबहादुर थापालाई नै बुझाएको हुँ। लेखापालको आदेशअनुसार ल्याएको सम्पूर्ण रकम स.प्र.नि. बिनबहादुर थापालाई नै बुझाएको हो। मलाई जानकारी भएसम्म सामान ढुवानी गरेबापतको रकम सम्बन्धित पार्टीले नै प्राप्त गर्नुपर्ने हो। के कति कारणले रकम कार्यालयमा ल्याइन्थ्यो सो विषयमा रकम लिने स.प्र.नि. बिनबहादुर थापालाई नै जानकारी हुनुपर्छ। स.प्र.नि. बिनबहादुर थापाको आदेशमा ट्रान्सपोर्टको नाममा काटिएका चेक लिई म बैङ्कमा जान्थें र बिनबहादुर सरले नै सम्पर्क गरी सम्बन्धित ट्रान्सपोर्टको व्यक्तिलाई बैङ्कमा बोलाई दिनुहुन्थ्यो र मैले ती व्यक्तिलाई भेटी चेक दिई निजहरूले साटी मलाई नगद रकम दिनुहुन्थ्यो जुन सम्पूर्ण रकम मैले स.प्र.नि. बिनबहादुर थापालाई बुझाउने गरेको थिएँ। म एक निम्नस्तरको कर्मचारी भएकोले आफूभन्दा माथिल्लो कमान्डरले लाए अह्राएको काम मात्र गरेको हुँ। यसमा मेरो कुनै मिलेमतो छैन र यस प्रकारको अनियमित कार्य भएको भनेर हाल आएर मात्र जानकारी भयो भनी र यस अदालतसमक्ष २०५८ सालदेखि सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोकमा कार्यरत थिएँ । मैले चेक साटेर कुनै रकम ल्याएर लेखा शाखा प्रमुखलाई दिएको छैन । मैले कार्यालय प्रमुख कोषराज वन्त र स.प्र.नि. बिनबहादुर थापालाई गैरकानूनी लाभ हुने गरी कुनै कार्य गरेको छैन र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने कुनै कार्य गरेको छैन । मैले कुनै पनि भ्रष्टाचारजन्य कसुर गरेको छैन । मलाई कुनै सजाय हुनु हुँदैन । म लेखा शाखामा काम गर्दा गोश्वारा भौचरहरू उपलव्ध गराइएका बिलका आधारमा भर्ने काम गर्दथें। कारोबार के कसरी हुन्थ्यो सो मलाई थाहा छैन । कम्पनीहरूसँग के कामका लागि सम्झौता भएको हुन्थ्यो सोसमेत मलाई थाहा थिएन र छैन । आर्थिक कारोबार लेखा शाखा प्रमुख र कार्यालय प्रमुखबाट हुने हुँदा के-कसरी, कसलाई रकम उपलब्ध गराए सो उपलब्ध गराएको

कार्य गैरकानूनी हो या कानूनसम्मत हो, सो निजहरूलाई नै थाहा होला । अनुसन्धान अधिकृतसमक्ष मैले गरेको बयान बेहोरा सुने देखिपाएँ। सो बयान मेरो राजीखुसीले दिएको हैन । अनुसन्धान अधिकृतज्यूले हामीले भनेअनुसार बयान दिए सरकारी साक्षीमा राख्छौं नभए थुनामा राख्छौं भनी डर, त्रास देखाई बयान गराएका हुन् । मैले कुनै पनि गैरकानूनी कार्य नगरेकोले मलाई सजायको भागिदार गराउन मिल्दैन प्रस्तुत मुद्दाबाट सफाई पाउँ भनी बयान गरेको देखिन्छ । निजको साक्षी रुद्रप्रसाद पाठकले म लेखबहादुर खत्रीलाई १२, १३ वर्षदेखि चिन्दछु । निजको आनिबानी चालचलन मिलनसार सहयोगी किसिमको रहेको मैले पाएको छु । निजले अभियोग दाबीबमोजिम कसुर गरेको भए निजको जीवनस्तर अर्कै हुन्थ्यो होला । निजको जीवनस्तर सामान्य निम्नस्तरको रहेको छ । निजकी श्रीमती पनि टेलरिङ्गको काम गरी परिवारको खर्च पुऱ्याउँदै आउनु भएको छ। निजले भ्रष्टाचार नगरेकोले निजलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन । निज सशस्त्र प्रहरी बलमा तल्लो स्तरमा कार्यरत कर्मचारी भएको र चेन अफ कमान्डमा बसी काम गर्नुपर्ने कर्मचारी हो । निजको बानी बेहोरा, चालचलनसमेत सहयोगी, इमान्दार, सङ्गठनप्रति कर्तव्यनिष्ठ रहेको र माथिल्लो तहका कर्मचारीबाट भएको आदेशअनुसार काम गर्ने भएकोले निजले अभियोगअनुसारको कसुर गरेका छैनन्। त्यसैले निजलाई सजाय हुनुपर्ने होइन, निजलाई सफाई दिलाई पाउँ भनी बकपत्र गरेको देखिन्छ ।

४४. प्रतिवादी मिलन अधिकारीले अनुसन्धानको क्रममा सशस्त्र प्रहरी निरीक्षक बिनबहादुर थापाले गोप्य रूपमा बिहान बेलुका (अन्य कर्मचारीहरू कार्यालयमा नभएको बेला पारी) अदिती ट्रान्सपोर्ट र सदाज्योति ट्रान्सपोर्टको वास्तवमै ढुवानी गरिएका बिलहरू भण्डार शाखाबाट प्रक्रिया पूरा गरी आएका पत्रहरूसँग मिल्ने गरी उल्लिखित ट्रान्सपोर्टहरूसँग मिलेमतो गरी तयार बनाइएका बिल बिजकहरूको आधारमा भुक्तानी प्रयोजनका लागि नक्कली तयार गरिएका पत्रहरूमा मैले भण्डारका डि.एस.पी सापहरूको दस्तखत कीर्ते गरी बनाइएका नक्कली पत्रहरू मलाई आयोगबाट देखाएकोमा हेर्दै पढें र पहिचान गरी सनाखतसमेत गरी उल्लिखित काम गर्दा पछि चिफ सापलाई भनी हेरौंला भनी मलाई आश्वासन दिएको र यो नक्कली काम म सिपाहीले त्यो मनमा अरूलाई भनौंभन्दा भन्न नसकेर गोप्य राखेको र आज आएर सम्मानित आयोगमा भन्न पाउँदा सन्तुष्टि लागेको छ भनी र यस अदालतसमक्ष मैले २०६५ साल श्रावण महिनादेखि स.प्र.बल प्रधान कार्यालयको लेखा शाखामा रही काम काज गर्दै आएको थिएँ । मैले उक्त शाखामा स.प्र.जवानको हैसियतले ढोकापालको काम गर्थें । मैले कीर्ते दस्तखत गर्ने र पत्रहरू तयार गर्ने भन्ने विषयमा मैले कोही व्यक्तिको कीर्ते दस्तखत गरेको छैन । पत्रमा दस्तखत गर्ने, पत्र तयार गर्ने, मेरो पदीय हैसियत पनि होइन । मैले कसैको नाममाथि कीर्ते दस्तखत गर्ने कार्य गरेको छैन । मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयान पढी बाची सुनाउँदा हुने देखें । सोमा भएको सहीछाप मेरो नै हो । मलाई

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दबाब दिई मानसिक डर, त्रास देखाइ, भौतिक रूपमा समेत यातना दिने धम्की दिई निजहरूले भनेबमोजिमकै बेहोरा लेखन लगाएको हुँदा लेखी सहीछाप गरिदिएको हुँ। उक्त बयान कागजमा भएको बेहोरा मेरो स्वेच्छाले गरेको होइन । जहाँसम्म नमूना दस्तखतको कुरा छ, सो सम्बन्धमा मलाई त्यस्तै खालको दस्तखत गरिस् भने मात्र जान पाउँछस् भनी दबाब दिएकोले धेरै पटक अभ्यास गरी मिल्दोजुल्दो दस्तखतसम्म मैले गरिदिएको हुँ। उक्त दस्तखत मिल्छ मिल्दैन मलाई थाहा भएन भनी बयान गरेको देखिन्छ ।

४५. वस्तुतः प्रतिवादीहरूमध्ये निलबहादुर श्रेष्ठ, देवेन्द्रकुमार श्रेष्ठ, लेखबहादुर खत्री सशस्त्र प्रहरी नायब निरीक्षक पदमा र मिलन अधिकारी सशस्त्र प्रहरी जवान पदमा कार्यरत राष्ट्रसेवक भएकोमा विवाद देखिँदैन । अभियोजन पक्षले प्रतिवादी निलबहादुर श्रेष्ठ, देवेन्द्रकुमार श्रेष्ठ र लेखबहादुर खत्रीले झुठा बिल भरपाईबाट प्राप्त हुने गैरकानूनी रकम ट्रान्सपोर्टबाट बुझी लिई लेखा शाखाका प्रमुखलाई उपलब्ध गराई दिने कार्य गरी र प्रतिवादी मिलन अधिकारीले झुठा बिल भरपाई तथा पत्रहरू तयार गरी दिई भुक्तानी दिने दिलाउने कार्य गरी मतियारको भूमिका निर्वाह गरेको हुँदा निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय गरिपाऊँ भनी आरोपदाबी लिएको देखिन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ लाई अध्ययन गर्दा "मतियारलाई सजाय" भन्ने शीर्षकमा उक्त ऐनअन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई हुने सजायसम्बन्धी कानूनी व्यवस्था गरेको देखिन्छ तर सो दफाले के कस्तो कार्य गरेमा मतियार मानिने भनी परिभाषा गरेको पाइँदैन । यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "शब्दकोषहरूमा उल्लेख भएअनुसार कुनै व्यक्तिलाई भ्रष्टाचारको कसुरमा मतियार मान्नका लागि उसले सो कसुरको मुख्य अभियुक्तद्वारा भएको कसुरजन्य कार्यमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याएको हुनुपर्ने देखिन्छ । मतियार कायम हुनका लागि कसुरजन्य क्रिया भएको कुराको स्पष्ट जानकारी निजलाई भएको हुनुपर्छ र त्यस्तो क्रिया सम्पन्न गर्नका लागि मुख्य अभियुक्तलाई प्रोत्साहित गरेको, सल्लाह दिएको वा अन्य कुनै पनि किसिमले सघाएको देखिनु पर्छ ।"[३७] भनी व्याख्या भइरहेको पाइन्छ । यस परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको तथ्यावलोकन गर्दा यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान डर, धाक, धम्की र आश्वासनको कारणलेसम्म गरेको भनी यस अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निज प्रतिवादीहरू कार्यरत निकाय सुरक्षासँग सम्बद्ध रहेको र यस्तो निकायबाट सुरक्षाको संवेदनशीलताको कारण कतिपय कार्य गोप्य रूपमा गर्नुपर्ने हुन्छ । आरोपपत्रमा उल्लिखित सम्पूर्ण ट्रिपको ढुवानी भएको, ढुवानी भएको सामान नपाएको वा ढुवानीबापतको भुक्तानी नपाएको भन्ने सम्बन्धमा उजुरी पनि कसैको नपरेको भन्नेसमेतका आधारमा अभियोजन पक्षले मुख्य अभियुक्तको रूपमा प्रतिवादी बनाएका व्यक्तिहरूले

[३७] नेपाल कानून पत्रिका, २०६७ नि.नं. ८५१९ पृ. २००७.

नै आरोपित कसुर गरेको भन्ने पुष्टि नभएको स्थितिमा मतियारको भूमिका निर्वाह गरेको भनी आरोपित यी प्रतिवादीहरूले मुख्य अभियुक्तहरूलाई कसुर गर्न सल्लाह दिएको वा सघाएको वा प्रोत्साहित गरेको भनी मान्न सैद्धान्तिक रूपमा समेत मिल्ने अवस्था देखिन आएन। अतः यी प्रतिवादीहरूले आरोपित कसुर गरेको ठहराई सजाय गर्न फौजदारी न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन।

४६. अब अन्तमा प्रतिवादीहरू अरविन्द धिताल, जगतनारायण श्रेष्ठ र आनन्द थापा मगरको हकमा केन्द्रित भई हेर्दा, निज प्रतिवादीहरूमध्ये अरविन्द धितालले अनुसन्धानको क्रममा आयोगको च.नं. १७५७ मिति २०७१।११।२६ गतेको पत्र सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा प्राप्त भई सो सम्बन्धमा आवश्यक छानबिन प्रतिवेदन पेस गर्नको लागि मेरो अध्यक्षतामा ३ (तीन) दिनभित्र प्रतिवेदन पेस गर्ने गरी बोर्ड गठन गरिएको थियो। छानबिनको क्रममा प्रबन्ध शाखा तथा लेखा शाखाका केही कागजातहरू छानबिन गरिएको हो। छानबिनको क्रममा सदाज्योति सप्लायर्सले प्राप्त गरेको ढुवानी ठेक्का ढुवानी सम्झौता तथा ढुवानी भएका केही सामानहरूको नमूनाको आधारमा छानबिन गर्दा त्रुटि नदेखिएको हो । यस उजुरीउपर छानबिन गर्दा सदाज्योति सप्लायर्सबाट भएका ढुवानीउपर केही नमूनाहरू सङ्कलन गरी नमूना छानबिन गर्दा टेन्डर प्रक्रिया ठीक देखिएको, सम्झौता पनि ठीक देखिएको उक्त कागजातमा देखिएको बिल भरपाई प्रक्रियाअनुसार नै भएको तर सो बिल नक्कली हो वा सक्कली हो भन्ने सम्बन्धमा मैले छुट्याउन नसकेको, भुक्तानी दिँदा गरिएका सङ्गठन प्रमुखको दस्तखतमा चाँही मेरो कुनै शङ्का नभएको, छानबिन ३ (तीन) दिनभित्र सक्नुपर्ने बाध्यताका कारणले गर्दा सम्पूर्ण कागजात हेर्न नसकिएको, केही कागजात नमूनाको रूपमा हेरिँदा प्रक्रिया ठीकै देखिएको, आयोगमा आई यस आयोगबाट देखाइएका कागजात हेर्दा अचम्मित भएको अस्वाभाविक देखिएका उक्त कागजातहरू सशस्त्र प्रहरी बल प्रधान कार्यालयका सम्बन्धित फाँटमा हेर्न नपाईएको, सो हेर्न सशस्त्र प्रहरी महानिरीक्षकको विशेष आदेश बिना कोही कसैले हेर्न नसक्ने हुँदा फौजी सङ्गठनभित्र चेन अफ कमाण्डभित्र चल्नुपर्ने भएको हुँदा मैले निर्देशन नाघेर आफूले चाहेको छानबिन गर्न नसक्ने बाध्यता भएको तथा अन्तिम दिनमा प्रतिवेदन यस किसिमको बनाउने भन्ने तत्कालीन सङ्गठन प्रमुखबाट दबाब आएकोले सोहीबमोजिमको प्रतिवेदन तयार पारिएको हो। म रा.प. प्रथम श्रेणीको कर्मचारीले कसैको दवाबमा आरोपित व्यक्तिले जे देखायो त्यही अनुसार हेर्ने हो भन्ने प्रश्न उचित भए तापनि सङ्गठन प्रमुखको विरुद्धमा गई प्रतिवेदन तयार गर्न सक्ने मेरो हैसियत नभएको बेहोरा आयोगसमक्ष निवेदन गर्न चाहन्छु। हामीले नमूना छानबिन गरिएका कागजातहरूको भण्डार शाखाबाट चलानी भएको किताबबाट देखिएको तर अन्य सप्लायर्सबाट वा स्वयं सदाज्योति सप्लायर्सबाट के कति सामान ढुवानी भएको हो सोसम्बन्धीको सम्पूर्ण चलानी हेर्न नपाइएको हो। मेरो क्षमताले भ्याएसम्म जे सके सो तयार पारी मैले बुझाएको हुँ भनी र यस

अदालतसमक्ष आर्थिक वर्ष २०६९/०७० र २०७०/०७१ मा सशस्त्र प्रहरी बलको प्रधान कार्यालयमा रहेका फ्रि स्केलका सामानहरू, हातहतियारहरू, सञ्चारका सामानहरू मातहतमा ढुवानी गर्दा झुठा बिल भरपाई बनाई अनियमितता गरेको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरी हेडक्वार्टरमा परेको, हेडक्वाटरबाट प्रशासन विभाग प्रमुख द्रुजकुमार राईले उक्त उजुरीउपर छानबिन गर्नु भनी मिति २०७१।१२।२२ गते मेरो अध्यक्षतामा बोर्ड गठन गरेको पत्र मैले मिति २०७१।१२।२३ मा प्राप्त गरें । हामीलाई उपलब्ध गराइएका कागजातहरू हेर्दा नियमसङ्गत तरिकाले ढुवानी टेन्डरअनुसार नै ढुवानीकर्ताले भ्याट र प्यान नम्बर उल्लिखित बिलहरूको प्रयोग गरी ढुवानी गरेको भेटिएको, सो को भुक्तानीको लागि खडा गरिएका टिप्पणी र आदेशमा स्वयम् तत्कालीन सङ्गठन प्रमुखको दस्तखतबाट सदर भएको देखिएपछि हामीले शङ्का गर्ने ठाउँ रहेन । अनुसन्धान अधिकृतसमक्षको बयान बयान पढी बाँची सुनी पाएँ । सो बयान गर्ने क्रममा स.ज. १५ को जवाफ दिँदा अनुसन्धान अधिकृतले मेरो आफ्नो इच्छाविपरीत दबाबमा बयानको अन्तिम पेजको वाक्यासमा "यस किसिमको कार्यमा संलग्न ..., एक पटकलाई सुधिने मौका पाउँ" लेख्न लगाएका हुन् सो हदसम्म बयान गलत हो, सो बाहेक अरु कुरा सत्य साँचो हो। मैले कुनै भ्रष्टाचारजन्य कसुर गरेको छैन र कोही कसैलाई सहयोग पनि गरेको छैन । त्यसै गरी मैले गैरकानूनी लाभ पनि लिएको छैन, मेरो समर्थन पनि छैन, प्रतिवेदन बाहेक अन्यमा मेरो सही पनि छैन । म निर्दोष रहेको छु प्रस्तुत मुद्दामा सफाइ पाऊँ भनी बयान गरेको देखिन्छ ।

४७. प्रतिवादी जगतनारायण श्रेष्ठले अनुसन्धानको क्रममा मिति २०७१।१२।२५ गते पेस गरेको प्रतिवेदनमा भएको दस्तखत मेरो हो। सदाज्योति सप्लायर्ससँग सम्झौता गरेको कागज पत्रहरू र सम्झौताबमोजिम सामानहरू ढुवानी गरेसम्बन्धी केही आवश्यक कागज पत्र नमूना रूपमा लेखा प्रबन्ध र भण्डार शाखाबाट झिकाई हेरेकोमा देखाइएका कागजपत्रहरू कानूनसम्मत रूपमा रहेको देखिएको। यस सम्मानित आयोगबाट देखाइएका अन्य कागजातहरूका सम्बन्धमा हामीलाई थाहा नभएको । मसमेत सदस्य रहेको बोर्डमा सो विषयमा आवश्यक कागजातहरू सम्बन्धित शाखाहरूसँग माग गर्दा प्रतिवेदन पेस गर्ने अन्तिम मितिमा लेखा र प्रबन्ध शाखा प्रमुखले नमूना बिल भरपाई र कागजातहरू मात्र ल्याई देखाएको थियो। ती सबै बिल भरपाईहरूको भ्याट/प्यान भएको देखियो । कुन बिल भरपाई नक्कली हो भन्ने हेर्ने जिम्मेवारी, क्षेत्राधिकार, क्षमता एवम् उक्त गहन जिम्मेवारी हामीलाई दिएको थिएन। यसर्थ नमूनाको रूपमा देखाइएका कागजातहरू मिलेको देखियो। फौजी चेन अफ कमान्डअनुसार आफूभन्दा माथिल्लो अधिकारीबाट भएको आदेश शिरोधार्य गर्न मेरो कर्तव्य भएको हुँदा उक्त प्रतिवेदनमा हस्ताक्षर गरी समय सिमाभित्र प्रतिवेदन बुझाएको हो। यसर्थ मलाई भ्रष्टाचार निवारण ऐन,२०५९ बमोजिम कारबाही गर्न पर्ने होइन भनी र यस अदालतसमक्ष मिति २०७१।१२।२२ गते सशस्त्र प्रहरी बलको प्रशासन विभाग प्रमुख

(तत्कालीन) दुर्जकुमार राईद्वारा हस्ताक्षरित बोर्ड गठित पत्रमा सशस्त्र प्रहरी नायब महानिरीक्षक अरविन्द धितालको संयोजकत्वमा सदस्यद्वयमा म स्वयम् र अर्का सदस्यमा सशस्त्र प्रहरी नायब उपरीक्षक आनन्द थापा मगरको नाम उल्लेख रहेको थियो । हामीलाई छानबिन टोली गठन गर्दा कुनै पनि प्रकारको कार्यादेश दिइएको थिएन । तत्पश्चात् हामी गठित छानबिन समितिको बैठक संयोजक अरविन्द धितालकै कार्यकक्षमा बसी सो उजुरीसँग सम्बन्धित सम्पूर्ण कागजात सम्बन्धित शाखा प्रमुखहरूलाई लिई आउन भनेर मौखिक रूपमा भनेकोमा निजहरूको कार्य व्यस्ततामा गर्दा सो दिन ल्याउन नसकी कार्यादेशको अन्तिम दिन निज शाखा प्रमुखहरूले कागजात तथा प्रमाणहरू पेस गरेकोमा छानबिन गर्दा सार्वनजिनक खरिद ऐनको सम्पूर्ण प्रक्रिया पूरा गरी छनौट भएको सदाज्योति सप्लायर्सलाई तत्कालीन सङ्गठन प्रमुखले सामान ढुवानी गर्ने सम्बन्ध टेन्डर स्वीकृत गर्नु भएको थियो । सोहीअनुसार सदाज्योति सप्लायर र आर्थिक प्रशासन महाशाखा प्रमुखबिच सामान ढुवानी गर्ने सम्बन्धमा सम्झौता भएको, सो सम्झौताबमोजिम सो ढुवानी सेवाले सामान ढुवानी गरेको, सो सामान सम्बन्धित मातहत कार्यालयहरूमा प्राप्त भई सो भण्डारमा दाखिला गरेको दाखिला रिपोर्ट केन्द्रीय भण्डार शाखामा पठाएको, त्यसै गरी सामान बुझाएको भरपाईसहित भुक्तानीका लागि VAT, PAN र भरपाईसहित भण्डार शाखामा पेस गरेको, भण्डार शाखाले पेस भएको VAT, PAN र भरपाई मातहत कार्यालयहरूबाट सामान प्राप्त भएको दाखिला Report सहित चलानी गरी लेखा शाखामा पठाएको कागजातहरू अध्ययन गर्दा देखियो । लेखा शाखाले भण्डार शाखाबाट प्राप्त भएको VAT, PAN बिल भरपाई र दाखिला भौचर तत्कालीन सङ्गठन प्रमुखसमक्ष टिप्पणी पेस गरेको र टिप्पणी पेस गरेको र टिप्पणी आदेश सदर भएको र सोहीअनुसार गोश्वारा भौचर भरी तत्कालीन सङ्गठन प्रमुख र लेखा प्रमुखले दस्तखत गरी सदाज्योति सप्लायरलाई भुक्तानी गरेको कागजातहरूबाट देखियो । अनुसन्धान अधिकृतसमक्षको बयान बयान पढी बाँची सुनी पाएँ । सो बयान गर्ने क्रममा स.ज. १५ को जवाफ दिँदा अनुसन्धान अधिकृतले मेरो आफ्नो इच्छाविपरीत दबाबमा बयानको अन्तिम पेजको वाक्यांसमा "यस किसिमको कार्यमा संलग्न ..., एक पटकलाई सुध्रिने मौका पाउँ" लेख्न लगाएका हुन् सो हदसम्म बयान गलत हो, सोबाहेक अरु कुरा सत्य साँचो हो । मैले कुनै भ्रष्टाचारजन्य कसुर गरेको छैन र कोही कसैलाई सहयोग पनि गरेको छैन। त्यसै गरी मैले गैरकानूनी लाभ पनि लिएको छैन, मेरो समर्थन पनि छैन, प्रतिवेदनबाहेक अन्यमा मेरो सही पनि छैन । म निर्दोष रहेको छु, प्रस्तुत मुद्दामा सफाइ पाऊँ भनी बयान गरेको देखिन्छ। निजको साक्षी प्रदिप कुमार रिजालले उहाँलाई एउटा समितिमा सदस्यको रूपमा राखेको रहेछ, उक्त समितिमा रहेर उहाँले उपल्लो निकायबाट भए गरेका कामको बारेमा छानबिन गरी प्रतिवेदन पेस गर्ने र प्रतिवेदन बनाउँदा उहाँले Chain of command मा भए गरेका बिल भरपाई, PAN, VAT मा दर्ता भएका कागजपत्रहरू, उच्च अधिकारीको हस्ताक्षर भएका कागजपत्रहरू भएको प्रतिवेदन

स्वच्छ नियतले पेस गर्नुभएको हो । उहाँले लाभ, फाइदा लिने उद्देश्यले कुनै काम नगरी असल नियतले प्रतिवेदन पेस गर्नुभएको हो । प्रहरी फोर्सको सदस्य भएको नाताले आफूभन्दा माथिल्लो निकायले लाए, अह्राएका कामहरू सफा मनले, शङ्का उपशङ्का नगरी सम्पन्न गर्नुपर्ने हुन्छ, सोहीअनुसार उहाँले उक्त काम गर्नुभएको हो । उहाँ अत्यन्त सरल, असल, इमान्दार व्यक्ति हुनुहुन्छ भनी बकपत्र गरेको देखिन्छ ।

४८. त्यस्तै अर्का प्रतिवादी आनन्द थापा मगरले अनुसन्धानको क्रममा आयोगबाट प्राप्त उजुरीका सम्बन्धमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय प्रशासन विभागिय प्रमुखज्यूबाट मिति २०७१।१२।२२ गतेको पत्रद्वारा छानबिन गठन गरिएकोमा उक्त विषयमा छानबिन गर्नका लागि ३ दिनको समय सिमा तोकिएकोमा छानबिन समितिले उक्त समय सिमा उजुरीमा उल्लेख भएबमोजिम रकम हिनामिना सम्बन्धमा गठित समितिलाई लेखा शाखा प्रमुख प्रबन्ध शाखा प्रमुखलाई बोर्ड अध्यक्षज्यूबाट निर्देशन हुँदा उहाँहरूले लिएको आफ्नो बिल भरपाईलगायतको टेन्डरको फाइल हेर्दा उक्त नमूनाको रूपमा लिएर आएको बिल भरपाई कागजातहरू सबै मिलेको देखियो। सामान्यतया समय अभावका कारणले नमूना लिएर आएका कागजातहरू हेर्दा मिलेको देखियो । आ.व.०६९।०७० र ०७०।०७१ मा सशस्त्र प्रहरी बल प्रधान कार्यालयले मातहत ईकाइहरूमा फ्रि स्केल बन्दोबस्तीलगायत सामानहरू टेन्डर प्रक्रियाअनुसार ढुवानी गरेको ढुवानी गर्ने सदाज्योति ट्रान्सपोर्टको नाममा सम्झौता गरेको थियो । सोही सम्झौताको आधारमा कार्य गरेको देखिन्छ। उक्त आ.व.हरूमा अदिती ट्रान्सपोर्टबाट सामान ढुवानी गरेको र भुक्तानीसमेत भएका कागजातहरू बोर्डलाई देखाइएन र सो फाईल के कुन मनसायबाट देखाइएन, छोटो समयमा बोर्डले छानबिन गर्ने भनी भने तापनि सम्बन्धित शाखा प्रमुखलाई बोर्डको अध्यक्षज्यूको कार्यकक्षमा बोलाउँदा भेट गर्न नआउने अन्तिम समयमा मात्र देखाइएका कागजातहरू हेर्दा गम्भीर त्रुटिहरू हुने कागजातहरू नपाइएको । अन्य कागजातहरू फाइल लुकाइएको नदेखाइएको र केवल सदाज्योतिसँग गरेको कागजातहरू मात्र देखाइएको उक्त कागजातहरू कानूनीरूपमा कानूनसम्मत नै थियो। विभागीय प्रमुखज्यूबाट ३ (तीन) दिनभित्र छानबिन गर्ने भन्ने आदेशानुसार उक्त समय सीमामा रही कार्य गर्नुपर्ने फौजी चेन अफ कमाण्ड कडा निर्देशन रहेको हुँदा सो विषयमा विभागीय प्रमुखसमेतले कुनै प्रतिक्रिया नदिएको र आन्तरिक छानबिन गर्ने भन्ने आदेशअनुसार समयमा नै प्रतिवेदन पेस गरिएको सम्मानित आयोगबाट देखाइएको सम्पूर्ण कागजातहरू हेरी सोअनुरूप ढुवानी गरेको सामानहरू अस्वाभाविक ढुवानी गरेको देखिन्छ । बिलअनुसारको सामान ढुवानी भए भन्न सकिने अवस्था रहेन। आयोगको उजुरी भ्रमात्मक रहेको भन्ने सन्दर्भमा बोर्ड अध्यक्षज्यूबाट निर्देशन भए पश्चात् लेखिएको हो। मैले माथिल्लो कार्यकारीले दिएको आदेश पालना गरेको हुँ। मलाईसमेत छानबिन समितिमा राखिएको मा छानबिनमा सम्बन्धित शाखाहरूबाट समेत वास्तविकता लुकाई

हामीलाई गुमराहमा राखी प्रतिवेदन बुझाउने अन्तिम दिनमा मात्र लेखा प्रमुख प्रबन्ध प्रमुखले नमूना लिएर आएको बिल भरपाई कागजातहरू देखाइएको सो सबै कागजात मिलाएको देखियो। अन्य कागजातहरू समेत हेर्न नपाएको भनी र यस अदालतसमक्ष तत्कालीन विभागीय प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक द्रुजकुमार राईद्वारा मिति २०७१।१२।२२ मा हस्ताक्षर भएको छानबिन बोर्डको पत्रमा स.प्र.ना.म.नि. अरविन्द धितालको संयोजकत्वमा सदस्यद्वय स.प्र.उ.जगतनारायण श्रेष्ठ र कान्छो सदस्यको रूपमा मेरोसमेत नाम उल्लेख भएको थियो । उक्त छानबिन गरी प्रतिवेदन पेस गर्ने समय अवधि तीन दिनको तोकिएको थियो । छानबिनको क्रममा ढुवानीकर्ताले VAT, PAN सहितको बिलहरू पेस गरेको देखिन आयो । भुक्तानीको लागि टिप्पणी आदेश र गोश्वारा भौचरमा कानूनबमोजिम रही स्वयम् सङ्गठन प्रमुखको दस्तखतबाट सदर भएको देखिन आयो । प्राप्त कागजातको आधारमा उक्त सही साँचो प्रतिवेदन पेस गरिएको हो । समयाभावका कारण सबै कागजात हेर्न सकिएन । अनुसन्धान अधिकृतसमक्षको मेरो बयान मेरो आफ्नो इच्छाविपरीत दबाबमा लेखाएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेरो विरुद्धमा लगाएको आरोप सत्य साँचो हैन । प्रतिवेदनमा मेरो कुनै बदनियत थिएन । सिमित समयको अवधिमा प्राप्त कागजातको आधारमा निर्भर भै दिएको विभागीय आन्तरिक प्रतिवेदनलाई झुठा भन्न मिल्ने हैन । आफूले दिएको आन्तरिक प्रतिवेदन बाहेक कहिँकतै मेरो दस्तखत, समर्थन र संलग्नता छैन । म आफूले गैरकानूनी लाभ लिई कुनै कार्य गरेको पनि छैन भनी बयान गरेको देखिन्छ । निजको साक्षी समिर रानाले पत्रमा कार्यनिर्देश नखुलाइको र जम्मा ३ दिनमात्र समय दिइएको भन्ने कुरा उल्लेख थियो । सार्वजनिक खरिद ऐनअनुसार PAN र VAT भएको बिल पेस गर्नुपर्ने र समितिमा पेस गरी अध्यक्षले हस्ताक्षर गरेपछि फौजी कानूनअनुसार chain of command को कुरा आउँछ। सदस्यको हैसियतले आनन्द थापाले प्रतिवेदनमा हस्ताक्षर गर्नुभएको हो । निज अनुशासित भएकै कारण ९ वर्षसम्म D.S.P. रहनु भयो। त्यसैले मलाई विश्वास छ । उहाँको असल आचरण भएका कारण उहाँले सफाइ पाउनुपर्छ भनी बकपत्र गरेको देखिन्छ ।

४९. वस्तुतः प्रतिवादीहरूमध्ये अरविन्द धिताल सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा, जगतनारायण श्रेष्ठ सशस्त्र प्रहरी उपरीक्षक पदमा र आनन्द थापा मगर प्रहरी नायब उपरीक्षक पदमा कार्यरत राष्ट्रसेवक भएकोमा विवाद देखिँदैन । आरोप-दाबीअनुरूप निज प्रतिवादीत्रयले बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई र नभए नगरेका बेहोरा उल्लेख गरी गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर गरेका हुन् वा होइनन् भन्नेतर्फ विचार गर्दा, माथि प्रश्न नं. ५ मा विवेचना गरेअनुरूप आयोगको मिति २०७१।११।२७ को पत्रले निर्देश गरेरूपमा सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको मिति २०७१।१२।२२ का पत्रानुसार गठित छानबिन समितिमा यी प्रतिवादीत्रय रहेको र निजहरूले तोकिएको समयसीमा अर्थात् मिति

२०७१।१२।२५ मा छानबिन प्रतिवेदन बुझाएको देखिन्छ । छोटो समयावधिमा उपलब्ध गराइएका कागजातहरूको सम्म नमूनाको रूपमा जाँचबुझ गरी प्रतिवेदन दिएको, बिल भरपाई कानूनी मान्यतासम्बन्धमा यकिन गर्ने अधिकारक्षेत्र नभएको, निज प्रतिवादीहरूले बदनियतपूर्वक कुनै कुरा लुकाएको छिपाएको भन्ने स्पष्ट आधारसमेत नदेखिएको, सोही प्रतिवेदनको आधारमा मात्र मुद्दा चल्ने नचल्ने अवस्था रहेकोसमेत नदेखिएको र छानबिन समिति प्रचलित कानूनबमोजिम गठन भएको नभई आन्तरिकरूपमा सामान्य वस्तुस्थिति हेर्नसम्मका लागि गठन भएको देखियो । यसको साथै सो समितिमा रहेका यी प्रतिवादीत्रयमा कानूनीरूपमा प्रामाणिक मूल्ययुक्त प्रतिवेदन दिनुपर्ने कानूनी कर्तव्य रहेको नदेखिएको र मिसिल संलग्न प्रमाणहरूबाट निज प्रतिवादीत्रयको बदनियत रहेभएकोसमेत पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादीत्रयले आरोपित कसुर गरेको मान्न मिलेन।

५०. सशस्त्र प्रहरी बल नयाँ गठन भएको अर्ध सैनिक प्रकृतिको सुरक्षा निकाय रहेको भन्ने कुरालाई दृष्टिगत गर्दै निम्नलिखित विषयमा नेपाल सरकार, गृह मन्त्रालयको ध्यानाकर्षण गराउन सान्दर्भिक देखिएको छः-

- अर्ध सैनिक प्रकृतिको सुरक्षा निकाय सशस्त्र प्रहरी बलका लागि हातहतियारलगायतका अन्य बन्दोबस्तीका मालसामान खरिद र ढुवानीका सम्बन्धमा अन्य मुलुकमा यस्तै प्रकृतिका सुरक्षा निकायले अपनाएको मापदण्ड र प्रक्रियासमेतलाई आधार बनाएर सुरक्षा संवेदनशीलतामा प्रतिकूल असर नपर्ने गरी गोप्यता र पारदर्शिताको मान्यतामा समन्वय कायम हुने गरी निर्देशिका बनाएर वा अरू नै वैकल्पिक उपायद्वारा आवश्यक व्यवस्था मिलाउन पहल गर्नुपर्ने ।
- सशस्त्र प्रहरी बल नयाँ सङ्गठन हुँदा लेखासम्बन्धी अभिलेख र कागजात दुरुस्त राख्ने कुरामा केही कमी कमजोरी रहेको भन्ने कुरा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको र नेपाल सरकार, गृह मन्त्रालय (सचिवस्तर) को मिति २०६८।०६।२७ को निर्णयमा पनि "आर्थिक प्रशासनमा प्रधान कार्यालयदेखि मातहत बाहिनी तालिम केन्द्र, गुल्म, सि.सु.का. हरूमा कार्यरत" हुने कर्मचारीहरूको छुट्टै लेखा समूह गठन गरी समयवद्ध तालिम दिई उनीहरूको वृत्तिविकासलाई कार्य सम्पादनसँग आवद्ध गरी सोहीभित्र व्यावसायिकता र वृत्तिविकासको अवसर प्रदान गर्न उपयुक्त देखिन्छ" भन्ने विषय उजागर गरिएको परिप्रेक्ष्यमा उक्त निर्णयको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन पहल गर्नुपर्ने ।

५१. अतः माथि विवेचित आधार प्रमाणहरूबाट मुद्दा अनुसन्धान र तहकिकातको सिलसिलामा अनिवार्यरूपमा पालना गर्नुपर्ने स्वच्छ सुनुवाइका आधारभूत सिद्धान्त (Basic principles of fair trial) अवलम्बन नगरिएको, अर्ध सैनिक (Para Military) फोर्सको हैसियतमा काम गर्नुपर्ने सशस्त्र प्रहरी बलको सुरक्षा संवेदनशीलता र परिणाममुखी कार्यप्रकृतिलाई ध्यानमा राखेर ढुवानीसँग सम्बन्धित कागजात हेरिनुपर्नेमा अनुसन्धान अधिकारीबाट त्यसतर्फ ध्यान पुऱ्याएको नदेखिएको, राज्यको

महत्त्वपूर्ण सुरक्षा अङ्ग सशस्त्र प्रहरीलाई कमजोर पार्ने मनसायले कामकारवाही भएको भनी संसदको महाअभियोगसम्बन्धी प्रतिवेदनमा औल्याइएको, खरिद प्रक्रिया र खरिद भएका सामानको परिमाणका बारेमा कुनै समस्या भएको नदेखाइएको र त्यसरी खरिद भएका सामान स्टोरमा रहेको वा अन्यथा गरिएको भन्ने कुरा स्थापित हुन नसकेको अवस्थामा तिनै सामान ढुवानी गरिएन भन्ने आरोप-दाबी आफैमा विरोधाभाषयुक्त देखिएको, यस अदालतको आदेशानुसार ढुवानीको सम्बन्धमा सशस्त्र प्रहरी बल, प्रधान कार्यालयबाट प्राप्त विवरणमा सबै सामान सम्बन्धित स्थानसम्म ढुवानी भएर प्राप्त भएको भन्ने देखिएको, लेखापरीक्षणको क्रममा ढुवानीसँग सम्बन्धित विषयमा केन्द्रित भएर प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरुजुका सम्बन्धमा बेरुजु फछ्यौंटको प्रमाण र जवाफ प्राप्त भएपश्चात् मालसामान ढुवानीसँग सम्बन्धित बेरुजु फछ्यौंट तथा सम्परीक्षण भएको पाइएको, अनुसन्धानको क्रममा बयान गर्दा माथिको आदेशानुसार नक्कली बिल बनाएको हो भन्ने कुरा स्वीकार गर्दै कसुरमा साबित भएका प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा मौकाको आफ्नो भनाई स्वेच्छापूर्वकको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको र निजहरूको अनुसन्धानको क्रममा भएको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नपाइएको हुँदा बदनियतका साथ रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने आरोप दाबी पुग्न सक्दैन । प्रतिवादीहरू कोषराज वन्त, बिनबहादुर थापा, उज्ज्वलकुमार थपलिया, भरतकुमार थापा, अरविन्द धिताल, जगतनारायण श्रेष्ठ, आनन्द थापा मगर, देवेन्द्रकुमार श्रेष्ठ, निलबहादुर श्रेष्ठ, लेखबहादुर खत्री र मिलन अधिकारीले आरोप दाबीबाट सफाइ पाउने पाउने ठहर्छ ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः नवराज जोशी

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

सदस्य माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

फैसला

इजलास नं. १

मुद्दा नं. ०७३-CR-००९८

निर्णय नं. १३२

फैसला मिति : २०७६।२।६

मुद्दा:- विद्यालयको सम्पत्ति हानि नोक्सानी, हिनामिना गरी मासि भ्रष्टाचार गरेको।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत रविराज खड्कासमेतको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : अखिल नेपाल हिमाली बौद्ध संघका तत्कालीन अध्यक्ष नोर्वु वांगेल लामासमेत

- **अनुसन्धान र तहकिकात स्वच्छ रूपमा हुनु पर्दछ। अनुसन्धानको दायरामा आएका व्यक्तिहरूले पनि स्वच्छ अनुसन्धान भएको छ, अनुसन्धान गर्ने व्यक्तिको आफूप्रति कुनै किसिमको पूर्वाग्रह छैन भन्ने कुराको अनुभूति गर्न सक्ने वातावरण निर्माण हुन आवश्यक छ भन्ने विषयमा अनुसन्धान अधिकृत भएर काम गर्ने व्यक्तिले ख्याल गर्नुपर्ने हुन्छ र आफूभन्दा माथिल्लो पदाधिकारीलाई जानकारी गराएर त्यस किसिमको अनुसन्धान तहकिकातको कार्यबाट आफू अलग रहनु नै श्रेयश्कर हुने ।**

(प्रकरण नं.९)

- **गरिब, असहाय, दुर्गम र पिछडिएको क्षेत्रमा बसोबास गर्ने विपन्न बालबालिकालाई उचित शिक्षा पाउने अवसर प्राप्त होस् भन्ने सदासयताका साथ विभिन्न दाताबाट प्राप्त भएको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च हुनु पर्ने ।**

(प्रकरण नं.१०)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री देवेन्द्रराज आचार्य

जाहेरवालाका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री रामबन्धु शर्मा, श्री ताराप्रसाद लामिछाने र श्री ऋषिराम घिमिरे

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बालकृष्ण न्यौपाने, श्री शम्भु थापा तथा विद्वान् अधिवक्ताहरू श्री परशुराम कोइराला, श्री हर्कजित लामा, श्री भोजबहादुर ढकाल, श्री टीकाराम भट्टराई र श्री वासुदेव शर्मा

सम्बद्ध कानून :

- नेपालको संविधान
- शिक्षा ऐन, २०२८
- संस्था दर्ता ऐन, २०३४
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचारण निवारण ऐन, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

ठहर खण्ड

१. प्रस्तुत मुद्दामा मूलतः निम्न प्रश्नको निरूपण गर्दै एउटा निष्कर्षमा पुगेर निर्णय गर्नु पर्ने देखियोः–
   (क) बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालय सार्वजनिक संस्था हो वा होइन ?
   (ख) बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालय र अखिल नेपाल हिमाली बौद्ध संघमा भएको आर्थिक अनियमितताको विषयमा अनुसन्धान तहकिकात गरेर मुद्दा दायर गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो वा होइन ?
   (ग) समग्रमा प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेको ठहर्छ वा ठहर्दैन ?

२. पहिलो प्रश्नको सन्दर्भमा विचार गर्दा, बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालय अखिल नेपाल हिमाली बौद्ध संघ नामक गैरसरकारी संस्थाले आफ्नो विधानको उद्देश्यअन्तर्गत रहेर सञ्चालन गरेको भन्ने कुरामा विवाद छैन । अखिल नेपाल हिमाली बौद्ध संघ स्थापना हुनुभन्दा अगाडि नै आ.व. २०३७।०३८ देखि आ.व. २०४०।०४१ सम्म पटक पटक गरी नेपाली शैलीको राष्ट्रिय केन्द्रीय गुम्बा निर्माणका लागि सरकारको तर्फबाट जम्मा रु.१८,००,०००।- (अठारलाख रुपैयाँ) अनुदान रकम उपलब्ध गराइएको र सो रकमबाट खरिद गरिएको जग्गा २०४१।१०।२० मा अखिल नेपाल हिमाली बौद्ध संघको नाममा हस्तान्तरण गरेको देखिन्छ । अखिल नेपाल हिमाली बौद्ध संघलाई गुम्बा निर्माणका लागि उपलब्ध गराइएको उक्त रकम बाहेक नेपाल सरकारका तर्फबाट अखिल नेपाल हिमाली बौद्ध संघ र बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयसमेतलाई कुनै किसिमको अनुदान वा निरन्तर रूपमा अनुदान रकम उपलब्ध गराएको मिसिलबाट देखिएन ।अतः अखिल नेपाल हिमाली बौद्ध संघले विभिन्न किसिमबाट सहयोग जुटाएर विद्यालय सञ्चालन गरेको देखिन्छ ।

३. अखिल नेपाल हिमाली बौद्ध संघ संस्था दर्ता ऐन, २०३४ अन्तर्गत जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भएको भन्ने कुरा उक्त संघको मिसिल संलग्न विधानबाट देखिएको छ । बुद्ध एकेडेमी आवासीय

माध्यमिक विद्यालय सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालय हो भन्ने कुरा बुद्ध एकेडेमी सार्वजनिक शैक्षिक गुठी, जोरपाटी, काठमाडौंको विधान, २०५९ बाट देखिएको छ। यस्तो सार्वजनिक गुठीअन्तर्गत सञ्चालन भएको विद्यालयको हैसियत के हुन्छ भन्ने कुराको निराकरण गर्नका लागि शिक्षा ऐन, २०२८ मा के कस्तो व्यवस्था गरिएको छ भन्ने कुरा केलाएर हेर्नुपर्ने हुन्छ। शिक्षा ऐन, २०२८ मा दुई किसिमका विद्यालयको व्यवस्था भएको पाइन्छ । सामुदायिक विद्यालय र संस्थागत विद्यालय । सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ र संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ भनी सो ऐनको दफा २ को क्रमशः खण्ड (घ २) र (घ ३) मा परिभाषा गरेको पाइन्छ । उल्लिखित परिभाषाबाट सामुदायिक विद्यालय भनेका सरकारी विद्यालय र संस्थागत विद्यालय भनेका निजी विद्यालय रहेछन् भन्ने कुराको सहजै बोध हुन्छ ।

४. त्यसैगरी, सोही ऐनको दफा २ को खण्ड (ठ) मा "शैक्षिक गुठी" को यस प्रकार परिभाषा गरिएको छ। "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ । सोही ऐनको दफा ३ मा संस्थागत विद्यालय कम्पनी वा शैक्षिक गुठीमध्ये कुनै एक किसिमबाट सञ्चालन हुन सक्ने र सो प्रयोजनका लागि सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने कुरा स्पष्ट गरेको पाइन्छ । सोही दफा ३ को उपदफा (७घ) मा कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । यी माथि उल्लेख गरिएका कानूनी व्यवस्थाबाट संस्थागत विद्यालय कम्पनीमा दर्ता गरेर वा सम्बन्धित निकायबाट स्वीकृति लिएर शैक्षिक गुठीको हैसियतमा सञ्चालन हुन सक्ने देखिन्छ । यसरी शैक्षिक गुठीअन्तर्गत सञ्चालन भएका विद्यालयको सम्पत्तिको हकमा शिक्षा ऐन, २०२८ को दफा १६ मा व्यवस्था भएको पाइन्छ । उक्त दफा १६ को उपदफा (२ख) मा कुनै कारणले शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पत्तिमध्ये सार्वजनिक गुठीको रूपमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्ति नेपाल सरकारले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ भन्ने व्यवस्था भएको पाइन्छ । यस व्यवस्थाले शैक्षिक गुठीमा सञ्चालन भएको विद्यालयको सम्पत्ति विद्यालय सञ्चालनमा रहेसम्म विद्यालयको नाममा रहने र विद्यालय बन्द भएपछि सार्वजनिक शैक्षिक गुठीको नाममा रहेको सम्पत्तिको व्यवस्थापन नेपाल सरकारले गर्ने र त्यसरी व्यवस्थापन गर्दा शैक्षिक संस्थाकै काममा प्रयोगमा लगाउन सक्ने व्यवस्था भएको पाइयो ।

५. शिक्षा ऐन, २०२८ मा गरिएको उल्लिखित कानूनी व्यवस्थाबाट शैक्षिक गुठीमा सञ्चालन भएको विद्यालय निजी गुठी होस् वा सार्वजनिक गुठी नामकारण गरिएको किन नहोस् विद्यालय सञ्चालनमा रहँदासम्म

निजी विद्यालयका रूपमा रहने देखियो । यी विद्यालयलाई सरकारको तर्फबाट कुनै नियमित अनुदान प्राप्त हुने अवस्था देखिएन । भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा सार्वजनिक संस्थाको परिभाषा गरेको पाइन्छ । उक्त दुवै ऐनमा "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्ने भनी परिभाषा गरेको पाइन्छः-

(१) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,

(४) नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(५) उपखण्ड (१),(२),(३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।

६. सार्वजनिक गुठीको रूपमा सञ्चालन भएको बुद्ध एकेडेमी माध्यमिक विद्यालय माथि उल्लिखित ६ प्रकारका सार्वजनिक संस्थाभित्र परेको नदेखिँदा अखिल नेपाल हिमाली बौद्ध संघलाई गुम्बा निर्माण गर्ने प्रयोजनका लागि तत्कालीन सरकारका तर्फबाट रु.१८,००,०००।- (अठार लाख रुपैयाँ) उपलब्ध गराइएको र शिक्षा ऐनमा गरिएको व्यवस्थाअनुरूप सार्वजनिक गुठीमा विद्यालय सञ्चालन भएको र विद्यालयको हैसियतमा सार्वजनिक शब्द प्रयुक्त हुन गएको मात्र कारणले उक्त विद्यालयलाई भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा गरिएको परिभाषाअनुरूपको सार्वजनिक संस्था मान्न मिल्ने देखिएन ।

७. दोस्रो प्रश्नको सन्दर्भमा विचार गर्दा, नेपालको संविधानको धारा २३९ को उपधारा (१) मा कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानूनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ भन्ने व्यवस्था भएको पाइन्छ । सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा गरिएको छ । उक्त परिभाषाको अन्य व्यवस्था प्रस्तुत मुद्दाका प्रतिवादीहरूका हकमा प्रथम दृष्टिमै आकर्षित हुन सक्ने नदेखिए पनि सो खण्ड (घ) को अन्तिम वाक्यांश अर्थात् "सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा वहाल रहेको कुनै पदाधिकारी वा कर्मचारीसमेतलाई जनाउँछ" भन्ने परिभाषाले समेट्छ कि भन्नलाई बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालय सार्वजनिक संस्था नभएपछि त्यस्तो विद्यालयका पदाधिकारी र कर्मचारीका हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न गराउन सक्ने

देखिएन । प्रतिवादीहरू नोर्वु वाङ्गेल लामा, सोनामछिरिङ शेर्पा र आङ्दोर्जी शेर्पा बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयतर्फका पदाधिकारी वा कर्मचारी नभई अखिल नेपाल हिमाली बौद्ध संघका मात्र पदाधिकारी रहेको देखिन्छ । यी तीनै जना प्रतिवादीहरू एउटा गैर सरकारी संस्थाको मात्र पदाधिकारी रहेको भन्ने कुरा स्पष्ट रहेको अवस्थामा पनि निजहरूसमेतलाई सार्वजनिक पद धारण गरेको व्यक्ति बनाएर अनुसन्धान तहकिकात गरेर आरोप पत्र दायर गरेको विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संविधानद्वारा प्रदान गरिएको सो आयोगको काम, कर्तव्य र अधिकारअनुकूल भएको पाइएन । बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालय र अखिल नेपाल हिमाली बौद्ध संघमा भएको आर्थिक अनियमितताको विषयमा अनुसन्धान तहकिकात गरेर मुद्दा दायर गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो भन्न मिल्ने देखिएन।

८. तेस्रो प्रश्नको सन्दर्भमा हेर्दा जहाँसम्म प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेको ठहर्छ वा ठहर्दैन भन्ने प्रश्न छ, बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयको नामको रकम विद्यालयको प्रयोजनभन्दा बाहेकको काममा खर्च गरेर प्रतिवादीहरूले रकम हिनामिना गरेको भन्ने आरोप दाबी रहेको र विद्यालय सार्वजनिक संस्थाको परिभाषाभित्र नपर्ने र प्रतिवादीहरू सार्वजनिक पद धारण गरेका व्यक्ति नभएको भन्ने विषयमा माथिका प्रकरणमा विवेचना भइसकेको छ। सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषाभित्र नपरेका प्रतिवादीहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दाको अनुसन्धान र तहकिकात गरेर मुद्दा चलाउन नसक्ने निष्कर्ष निस्किसकेको परिप्रेक्ष्यमा प्रतिवादीहरूले आरोप दाबीअनुरूपको कसुर गरेको मान्न मिल्ने देखिएन । यस्तो स्थितिमा प्रतिवादीहरू उपर लगाइएको आरोपको सन्दर्भमा कुनचाहिँ रकम कानूनबमोजिम खर्च गरिएको र कुनचाहिँ अनियमित भएको भनी तथ्यभित्र प्रवेश गरी विश्लेषण र विवेचना गर्न आवश्यक देखिएन ।

९. प्रतिवादीहरूका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत मुद्दामा अनुसन्धान अधिकृत तोकिएका व्यक्ति हरिबाबु पोखरेल जिल्ला शिक्षा कार्यालय, काठमाडौंमा कार्यरत रहँदादेखि नै यी प्रतिवादीहरूप्रति पूर्वाग्रह राखेको अवस्था थियो । यस अदालतबाट यिनै प्रतिवादीमध्येका तीन जना प्रतिवादी भएको भ्रष्टाचार (घुस/रिसवत) मुद्दामा निज हरिबाबु पोखरेलका सम्बन्धमा न्यायिक टिप्पणी लेखिएको छ। सो टिप्पणीको बेहोराबाट पनि प्रस्तुत मुद्दामा अनुसन्धान तहकिकात हुँदा निष्पक्ष रूपमा नभई पूर्वाग्रहयुक्त ढङ्गबाट भएको भनि जिकिर लिनुभएको सन्दर्भमा उक्त मुद्दाको फैसला अवलोकन गर्दा, यस मुद्दाका प्रतिवादीमध्येका तीन जना प्रतिवादीहरू सोनाम छिरिङ शेर्पा, सोनाम वाङ्छेन शेर्पा र नरबहादुर बुढाथोकी प्रतिवादी रहेको संवत् २०७३ सालको स.फौ.नं. ०७३-CR-००३८ को मुद्दामा "...अनुसन्धानको लागि खटिएका अनुसन्धान अधिकृत हरिबाबु पोखरेल बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयमा जिल्ला शिक्षा कार्यालयको तर्फबाट सदस्य तोकिई कामकाज गरेका व्यक्ति भन्ने प्रतिवादीहरूको बयान तथा उजुरकर्ता हरिबाबु पोखरेलले गरेको बकपत्रबाट देखिन आएकोले अनुसन्धानमा निष्पक्षता र स्वच्छता

नरहेको, निजले ईवी राखेको भन्ने प्रतिवादीहरूको कथन अन्यथा देखिन आउँदैन । जुन व्यक्तिको बुद्ध एकेडेमी माध्यमिक विद्यालयमा पहुँच र सरोकारसमेत छ, त्यस्तो व्यक्तिलाई अनुसन्धान अधिकृत नियुक्त गरी मुद्दाको अनुसन्धान गर्नु प्राकृतिक न्यायको सिद्धान्त विपरीतसमेत हुनेमा त्यसतर्फ आयोगको ध्यान पुग्न सकेको देखिँदैन भने त्यस्तो व्यक्तिबाट भएको अनुसन्धान शङ्काको घेराभित्र पर्न आउने देखिन्छ" भन्दै यस अदालतबाट टिप्पणी भएको देखियो । यसरी बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयसँग कुनै किसिमबाट स्वार्थ जोडिन पुगेका निज हरिबाबु पोखरेललाई नै पुनः यस मुद्दामासमेत अनुसन्धान अधिकृत तोकिनुलाई संयोग मात्र मान्न सकिँदैन । प्रतिवादीहरूले नै अविश्वास व्यक्त गरिरहेका व्यक्ति आफैँले पनि प्रस्तुत मुद्दामा अनुसन्धान तहकिकात गर्न इन्कार गर्नुपर्नेमा निज हरिबाबु पोखरेलले आफूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट मिति २०७३।०३।२० मा विस्तृत अनुसन्धान अधिकृत तोकिएपछि सो जिम्मेवारीलाई स्वीकार गरेको देखिँदा निजले स्वार्थ बाझिएमा निर्णय गर्न नहुने भन्ने सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १८ मा भएको कानूनी व्यवस्था परिपालन गरेको देखिएन । अनुसन्धान र तहकिकात स्वच्छ रूपमा हुनु पर्दछ। अनुसन्धानको दायरामा आएका व्यक्तिहरूले पनि स्वच्छ अनुसन्धान भएको छ, अनुसन्धान गर्ने व्यक्तिको आफूप्रति कुनै किसिमको पूर्वाग्रह छैन भन्ने कुराको अनुभूति गर्न सक्ने वातावरण निर्माण हुन आवश्यक छ । यस विषयमा अनुसन्धान अधिकृत भएर काम गर्ने व्यक्तिले ख्याल गर्नुपर्ने हुन्छ र आफूभन्दा माथिल्लो पदाधिकारीलाई जानकारी गराएर त्यस किसिमको अनुसन्धान तहकिकातको कार्यबाट आफू अलग रहनु नै श्रेयश्कर हुन्छ। अन्यथा एक दुईवटा अपवादात्मक कार्यबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विश्वसनीयतामा प्रश्न उठ्न सक्तछ । यस्ता विषयमा सावधानी अपनाउन जरुरी छ ।

१०. बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयको रकम अनियमित किसिमबाट खर्च भएको छ भन्ने कुराको जानकारी प्राप्त भएको स्थितिमा सो विषयलाई कुनै किसिमबाट सम्बोधन नै नगर्दा अनियमित कार्यले प्रोत्साहन पाउन सक्नेतर्फ पनि यस इजलासको ध्यानाकर्षण भएको छ । गरिब, असहाय, दुर्गम र पिछडिएको क्षेत्रमा बसोबास गर्ने विपन्न बालबालिकालाई उचित शिक्षा पाउने अवसर प्राप्त होस् भन्ने सदासयताका साथ विभिन्न दाताबाट प्राप्त भएको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च हुनु पर्ने कुरामा दुईमत हुन सक्तैन। अखिल नेपाल हिमाली बौद्ध संघ र बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालय एक आपसमा निकट सम्बन्ध रहेका संस्था भए पनि यी दुई संस्थाको आय र व्ययको यथार्थ स्थिति पारदर्शी रूपमा छुट्टाछुट्टै राखेर खर्च व्यवस्थापन गर्नुपर्ने हुन्छ। अखिल नेपाल हिमाली बौद्ध संघ, एउटा गैरसरकारी संस्था हुँदा संस्था दर्ता ऐन, २०३४ को दफा ९ बमोजिम उक्त संस्थाको प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाब किताबको विवरण, लेखा परीक्षकको प्रतिवेदनसहित प्रत्येक वर्ष स्थानीय अधिकारीकहाँ (प्रमुख जिल्ला अधिकारी) पठाउनु पर्ने व्यवस्था भएको र सोही ऐनको दफा १० मा स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच

गराउन सक्ने व्यवस्था भएको पाइन्छ । त्यसैगरी बुद्ध एकेडेमी आवासीय माध्यमिक विद्यालयले शिक्षा ऐन, २०२८ बमोजिम विद्यालयको पठन पाठनलगायतका विषयमा अनुगमन र निरीक्षण गर्ने कार्य शिक्षा विकास तथा समन्वय इकाई, काठमाडौंले गर्ने हुँदा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको पहलमा शिक्षा विकास तथा समन्वय इकाई, काठमाडौंसँग समन्वय गरी आवश्यकता भए लेखासम्बन्धी राम्रो जानकारी भएको विज्ञसमेत राखी दुवै संस्थाको आयव्ययको यथार्थ स्थितिसहितको प्रतिवेदन लिएर कानूनबमोजिम ती संस्थालाई आवश्यक निर्देशन दिने वा अन्य कारवाही गर्न उपयुक्त हुने देखियो ।

११. तसर्थ, माथि विवेचित आधार र कारणसमेतलाई दृष्टिगत गर्दै अखिल नेपाल हिमाली बौद्ध संघ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको एउटा गैर सरकारी संस्था भएको र उक्त संघको विधानमा व्यवस्था भएअनुरूप सो संघले बुद्ध एकेडेमी आवासीय मा.वि. नामक विद्यालय शैक्षिक गुठीको रूपमा सञ्चालन गरेको भन्ने कुरामा विवाद देखिएन । अखिल नेपाल हिमाली बौद्ध संघले तत्कालीन श्री ५ को सरकारबाट प्राप्त गरेको रु.१८,००,०००।- (अठारलाख रुपैयाँ) मा खरिद गरेको जग्गामा भवन निर्माण गरेर विद्यालय सञ्चालन गरेको र त्यसपछि नेपाल सरकारका तर्फबाट कुनै अनुदान प्राप्त गरेको नदेखिएको अवस्थामा उक्त विद्यालय सार्वजनिक गुठीअन्तर्गत सञ्चालन भएको मात्र कारणले अखिल नेपाल हिमाली बौद्ध संघ र सो संघले सञ्चालन गरेको विद्यालयलाई भ्रष्टाचारण निवारण ऐन, २०५९ को दफा २ को खण्ड (ग) अन्तर्गतको सार्वजनिक संस्था र सो संघ र विद्यालयको व्यवस्थापन समितिका पदाधिकारीलाई सोही ऐनको दफा २ को खण्ड (घ) अन्तर्गतको राष्ट्रसेवक मान्न मिल्ने नदेखिएको हुँदा प्रतिवादीहरू उपरको आरोप दाबी पुग्न सक्ने देखिएन । प्रतिवादीहरू नोर्वुवाङ्गेल लामा, नरबहादुर बुढाथोकी, ओमुटेम्पा लामा, सोनामछिरिङ शेर्पा, सोनामवाङ्छेन शेर्पा र आङदोर्जी शेर्पाले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ ।

१२. प्रतिवादीहरूउपर विद्यालयको रकम हिनामिना गरेको भन्ने आरोप रहेको र विद्यालय जस्तो पवित्र संस्थाको लागि प्राप्त भएको कुनै रकम खर्च गर्दा पारदर्शी रूपमा लेखासम्बन्धी मान्य सिद्धान्त र प्रचलित अभ्यासको अनुशरण गर्नुपर्ने र त्यस्तो विद्यालयको रकम कसैले मनोमानी किसिमबाट खर्च गरेको पाइएमा सम्बन्धित व्यक्तिबाट प्रचलित कानूनबमोजिम असूल उपरसमेत गर्नुपर्ने हुँदा गैर सरकारी संस्थाको नियमनकारी निकाय जिल्ला प्रशासन कार्यालय, काठमाडौं र विद्यालयको अनुगमन र निरीक्षण गर्ने निकाय शिक्षा विकास तथा समन्वय इकाई, काठमाडौंका प्रतिनिधि र आवश्यकताअनुसार लेखासम्बन्धी विज्ञसमेत रहेको एउटा समिति गठन गरी सो समितिबाट विद्यालयको आय र व्ययको यथार्थ विवरणसहितको प्रतिवेदन तयार गर्न लगाई आवश्यक कारवाही गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौं र शिक्षा विकास तथा समन्वय इकाई, काठमाडौंलाई लेखी पठाइदिने समेत ठहर्छ ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः मनोज भण्डारी

ईति संवत् २०७६ साल जेठ ०६ गते रोज २ शुभम्.....।

श्री विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री शिवराज अधिकारी

सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती

सदस्य माननीय न्यायाधीश डा.रवि शर्मा अर्याल

फैसला

इजलास नं. १

मुद्दा नं.०७६-CR-०१२८

निर्णय नं. ७०

फैसला मिति :२०७६।११।१४

मुद्दाः निर्माणको बजेट काम नगरी नक्कली बिल भरपाई बनाई हिनामिना गरी भ्रष्टाचार गरेको।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत महेन्द्र पुरीको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : जिल्ला शिक्षा कार्यालय, बाराका तत्कालीन जिल्ला शिक्षा वर्ष ४९ का धनप्रसाद पोखरेलसमेत

- **निर्माण सम्पन्न नहुँदैको अवस्थामा नापजाँच बिल र कार्य सम्पन्न प्रतिवेदन बिना निकास भएको रकम भुक्तानी गर्दाको अवस्थामा सम्म उक्त विगो बराबर हानी नोक्सानी भएको भन्न सान्दर्भिक हुने भए पनि आरोप दाबी गर्दाको अवस्थामा निर्माण सम्पन्न भएको भन्ने देखिएको र सोको प्रतवेदन पेस भएकोसमेत देखिएकोमा उक्त बिगो बराबरको रकम नै हानी नोक्सानी भएको मान्न कानून एवम् न्यायसङ्गत हुन नसक्ने ।**

(प्रकरण नं.५)

- **अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदनबाट समेत रकम बढी भुक्तानी भएको देखिन आएमा बेरुजु कायम भएमध्येको बाँकी रकमका सम्बन्धमा दाखिला गराउनेलगायतको कानूनबमोजिमको प्रकृया अवलम्बन गरी बेरुजु फछ्यौंट गर्न सकिने ।**

(प्रकरण नं.७)

- **अनुमान र अड्कल गरी भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको कसुर गरेको भनी सजायभागी गराउन न्यायको दृष्टिबाट मनासिव नहुने।**

(प्रकरण नं.८)

- **प्रत्यक्ष, स्वतन्त्र र विश्वसनीय प्रमाणबाट फौजदारी अभियोग पुष्टि गर्नु पर्नेमा प्रमाणको अभाव रहेको, प्रक्रियागत त्रुटि भएको भन्नेसम्मको अनुमान र शङ्काको आधारमा भ्रष्टाचार जस्तो गम्भिर प्रकृतिको कसुर ठहर गर्न न्यायको रोहबाट मनासिव हुने नदेखिएकोले बजेट निकासाको चरणदेखि निर्माण कार्य तथा भुक्तानी दिने पक्रियामा सरोकार राख्ने सम्बन्धित सबैका उपर दायर गरिएका आरोप दाबीको आधारमा कसुरदार कायम गरि सजाय भागी गराउन न्यायसङ्गत हुन सक्ने नदेखिने।**

(प्रकरण नं.१४)

वादीका तर्फबाट: विद्वान् उपन्यायाधिवक्ता श्री पदम बहादुर कार्की

प्रतिवादीका तर्फबाट: विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा, विद्वान् अधिवक्ताहरू श्री प्रकाश बस्नेत, श्री सतिष कुमार झा र श्री जयमंगल प्रसाद

अवलम्बित नजिर :

- ने.का.प. २०७६ अङ्क ३ नि.नं. १०२०८

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९

ठहर खण्डः

१. प्रस्तुत मुद्दामा निम्न लिखित विषयमा विचार गरी निर्णय दिनुपर्ने देखिन आएको छः-
   - ❖ आरोप दाबीअनुसारको कसुर प्रतिवादीहरूबाट भएको हो होइन ?
   - ❖ आरोप दाबीअनुसारको कसुर भएको देखिए प्रतिवादीहरूलाई के कस्तो सजाय हुन सक्ने हो?

२. उपर्युक्त पहिलो विषयतर्फ विचार गर्दा, विद्यालय भवन निर्माण नहुँदै नापी किताब र कार्यसम्पन्न प्रतिवेदन बिना नै भए गरेको कामभन्दा बढी भुक्तानी गरी नेपाल सरकारको रकम हिनामिना गरेको र गैरकानुनी लाभ वा हानी पुऱ्याउने कार्य गरेको देखिँदा निज प्रतिवादीहरूले गैरकानुनी हानी पुऱ्याई निर्माणस्थलमा भए गरेको कार्य भन्दा रु.१,३९,९६२।५२ (एक लाख उनन्चालीस हजार नौ सय बैसठ्ठी रुपैयाँ बाउन्न पैसा) रकम बढी भुक्तानी गरि नेपाल सरकारलाई गैरकानूनी हानीनोक्सानी पुऱ्याउनेसमेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम भ्रष्टाचारको कसुर गरेको प्रमाणित हुन आएकोले बिगो रु. १,३९,९६२।५२ (एक लाख उनन्चालीस हजार नौ सय बैसठ्ठी रुपैयाँ बाउन्न पैसा) का आधारमा सोही ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी रु. ३४,१०३।७५ रकम बराबरको थप निर्माण कार्य भएको र रु.८३,४६३।- बेरुजु खाता दाखिला गरेको देखिएकोले बाँकी रकम रु.२२,३९५।७७ (बाइस हजार तीन सय

पन्चानब्बे रुपैयाँ सतहत्तर पैसा) उक्त ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर गरिपाउँ भन्नेसमेतको आरोप दाबी पेस भएको देखियो।

३. बारा जिल्ला, बारागढी गाउँपालिका वडा नं. ३ (साविक खोपवा गा.वि.स. वडा नं.८) स्थित जनजागृति नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको दुई कोठे भवन निर्माणको लागि आ.व.०७३/०७४ मा रु.१६ लाख बजेट विनियोजन भएको, मिति २०७४।१।११ मा रु.४,८०,०००।-, २०७४।२।३० मा रु.७,००,०००।- र २०७४।४।९ मा रु.४,२०,०००।- गरी जम्मा रु.१६,००,०००।- जिल्ला शिक्षा कार्यालय, बाराबाट विद्यालयको खातामा निकासा भएको, विद्यालय भवन निर्माण सम्पन्न नभएकोमा अन्तिम किस्ताको रु.४,२०,०००।- समेत मिति २०७४।३।३० को च.नं. ८० को पत्रबाट विद्यालयको खातामा जम्मा गरी रोक्का राखिएकोमा मिति २०७४।४।८ मा रोक्का फुकुवा गरेको, विद्यालय भवन निर्माणसम्बन्धी नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन विना नै रकम भुक्तानी गरेको भन्नेसमेतको अनुसन्धानको क्रममा स्थलगत अध्ययन प्रतिवेदनसमेतको आधारमा प्रस्तुत आरोपपत्र दायर भएको देखिएको छ। स्थलगत अध्ययनबाट कामको गुणस्तरमा कैफियत रहेको र भएको कामभन्दा बढी परिमाण उल्लेख गरी रु.१,३९,९६२।५२ बढी भुक्तानी गरेको देखिएकोले उक्त रकमलाई नै बिगो कायम गर्न र त्यस रकम मध्ये थप काम भएको जम्मा रु.३४,१०३।७५ र पुनः नाप जाँचबाट बढी भुक्तानी भएको रु.८३,४६३।-बैङ्क दाखिला भएकोले बाँकी रु.२२,३९५।७७ असूल उपर गर्नु पर्ने भन्नेसमेतको आरोप दाबी रहेको पाइन्छ ।

४. प्रतिवादीहरूले अनुसन्धानको क्रममा तथा अदालतसमक्ष गरेको बयानमा प्रस्तुत आरोप दाबीको कसुरलाई इन्कार गरेको देखिन्छ। प्रतिवादीहरूले आरोपित कसुरलाई इन्कार गरे पनि दुई कोठे विद्यालय भवन निर्माणको गुणस्तरमा कैफियत रहेको, तत्कालीन अवस्थामा नापजाँच र कार्य सम्पन्न प्रतिवेदन विना नै रकम भुक्तानी भएको, कामको परिमाणभन्दा बढी भुक्तानी भएको भन्नेसम्मको तथ्यगत अवस्थालाई प्रतिवादीहरूले स्वीकारै गरेको देखिन्छ। जिल्ला शिक्षा कार्यालयका तत्कालीन जिल्ला शिक्षा अधिकारी रहेका प्रतिवादी धनप्रसाद पोखरेलले विद्यालयसँगको सम्झौता अनुरूप नगरी अन्तिम किस्ताको रकमसमेत निकासा गरी रोक्का राखिएकोमा पनि विद्यालयको नापजाँच, बिल र कार्य सम्पन्न प्रतिवेदन प्राप्त नहुँदै मिति २०७४।४।८ मा फुकुवा गरेको तथ्यलाई अन्यथा भन्न सकेको देखिएन। अनुसन्धान अधिकृत जनकप्रसाद नेपाल तथा इन्जिनियर शिवराम महर्जनले स्थलगत रूपमा अध्ययन गरी पेस गरेको प्रतिवेदनबाट उपर्युक्तअनुसारको कामको गुणस्तरमा देखिएको कैफियत र प्रक्रियागत त्रुटि रहेको देखिएकोमा त्यस हदसम्मको तथ्यगत अवस्था प्रतिवादीहरूको बयान व्यहोराबाट समर्थित नै रहेको देखिन्छ।

५. उल्लिखित तथ्यगत अवस्थाको आधारमा प्रस्तुत आरोप दाबीअनुसारको कसुर भएको मान्न सकिने हो होइन भन्नेतर्फ विचार गर्नु पर्ने देखिएको छ। भवन निर्माण कार्यको गुणस्तरको विषयमा विभिन्न त्रुटिहरू रहेको भनि स्थलगत अध्ययनबाट देखिएको हकमा छुट्टै दाबी रहेको देखिएन। तत्कालीन अवस्थामा सम्पन्न भएको कामको परिमाणभन्दा बढी रु.१,३९,९६२।५२ भुक्तानी गरेकोलाई हानी नोक्सानी पुऱ्याउने कार्य भएको भनी दाबी गरेको देखियो। हानीनोक्सानी भएको भनिएको रु.१,३९९६२।५२ मध्ये रु.३४,१०३।७५ बराबरको थप निर्माण काम भएको भनी पुनः स्थलगत निरिक्षणबाट देखिएको र रु.८३,४६२।- बेरुजु खातामा दाखिला गरेको देखिएको भनी आरोपपत्रमा नै स्वीकार गरेको पाइएको र रु.२२,३९५।७७ मात्र असुल गर्नु पर्ने भनी दाबी गरेको देखिएबाट दाबी गरेको रु.१,३९,९६२।५२ हानी नोक्सानी भएको मान्न मिल्ने देखिएन। निर्माण सम्पन्न नहुँदैको अवस्थामा नापजाँच बिल र कार्य सम्पन्न प्रतिवेदन विना निकास भएको रकम भुक्तानी गर्दाको अवस्थामा सम्म उक्त विगो बराबर हानी नोक्सानी भएको भन्न सान्दर्भिक हुने भए पनि प्रस्तुत आरोप दाबी गर्दाको अवस्थामा विद्यालय भवन निर्माण सम्पन्न भएको भन्ने देखिएको र सोको प्रतिवेदन पेस भएकोसमेत देखिएकोमा उक्त बिगो बराबरको रकम नै हानी नोक्सानी भएको मान्न कानून एवम् न्यायसङ्गत हुन सक्ने देखिएन।

६. प्रतिवादीहरूबाट असुल हुनु पर्ने भनी दाबी गरिएको रु.२२,३९५।७७ को हकमा विचार गर्दा, इन्जिनियर शिवराम महर्जनसमेतले छानविन गर्ने क्रममा स्थलगत नापजाँचका आधारमा कामको परिमाणभन्दा बढी भुक्तानी भएको भनिएको रु.१,३९,९६२।५२ मध्येको पछि थप निर्माण भएको रकम र बैङ्क दाखिला रकम बाहेकको बाँकी रहेको रु.२२,३९५।७७ को हकमा दाबी गरेको देखिन्छ। निर्माण भएको दुई कोठे भवनको नापजाँच गर्दाको अवस्थामा प्रतिवादीहरू रोहवरमा नरहेको, निजहरूको उपस्थितिमा नापजाँच नगरिएको भन्ने प्रतिवादीहरूको भनाई रहेको छ। कामको गुणस्तरमा कैफियत रहेको र केही काम सम्पन्न हुन बाँकी रहेको भन्नेसम्म तत्कालीन अवस्थामा देखिएकोलाई प्रतिवादीहरूको बयान बेहोराबाट अन्यथा भन्न नसकिने भएपनि उक्त नापजाँचको परिमाण विवादित रहेको देखिएको छ। यसस्थितिमा नापजाँचको परिमाणलाई अन्य स्वतन्त्र वस्तुगत प्रमाणबाट समेत समर्थित हुनु पर्नेमा त्यस्तो प्रकृतिको थप प्रमाण रहेको देखिंदैन। नाप जाँच प्रक्रियामा सामान्य रूपमा भिन्नता हुन सक्ने कुरालाई पूर्णतः इन्कार गर्न सकिने हुँदैन। शङ्कारहित नापजाँचको परिमाणलाई आधार मान्न सकिनेमा शङ्कारहित अवस्था देखिन नआएको र उल्लिखित नपुग भनिएको विगो रु.२२,३९५।७७ को नापजाँचको परिमाणलाई दृष्टिगत गर्दा उक्त बिगो बराबरको निर्माण कार्य नभएको, त्यस हदसम्म बढी भुक्तानी भएको भनि निश्चयात्मक रूपबाट यकिन हुन सक्ने देखिएन।

७. प्रस्तुत आरोप दाबीको जनजागृति नेपाल राष्ट्रिय प्राथमिक विद्यालय खोपवाको २ कोठे भवन निर्माणका लागि आ.व.०७३।०७४ मा रु.१६,००,०००।– निकासा भएकोमा लेखा परीक्षण अवधि २०७४।१०।१० सम्म कार्यसम्पन्न प्रतिवेदन पेस गरेको नदेखिएकोले सम्बन्धित विद्यालयबाट निर्माण खर्च पुष्टि हुने कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्ने भनि जिल्ला शिक्षा कार्यालय बाराको आ.व.०७३।०७४ को लेखा परीक्षण गरी महालेखा परीक्षकको कार्यालयबाट २०७४।१०।२२ मा पेस भएको प्रतिवेदन बहसको क्रममा पेस हुन आएको देखिएको छ। उक्त लेखा परीक्षण प्रतिवेदनको क्र.स.२४ अन्तर्गत उपर्युक्त रकम बेरुजुको अवस्था देखिन आएकोले निर्माण सम्पन्न नापजाँच सम्बन्धी बील र कार्य सम्पन्न प्रतिवेदन सम्बन्धी प्रक्रियागत त्रुटि रहेको देखिन्छ। यस अवस्थामा अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदनबाट समेत उक्त रकम बढी भुक्तानी भएको देखिन आएमा बेरुजु कायम भएमध्येको बाँकी रकमका सम्बन्धमा दाखिला गराउनेलगायतको कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी बेरुजु फछ्यौंट गर्न सकिने हुन्छ। रु.८३,०००।- का हकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेका प्रतिवादी तेजमन प्रसाद यादवले बैङ्क दाखिला गरेकोलाई आरोपपत्रमा स्वीकार गरेकै देखिएबाट पनि बाँकी देखिन आएको रकमको हकमा समेत बेरुजुकै रूपमा कारवाही गर्न मिल्ने नै देखिन्छ। यसै सन्दर्भमा पुनरावेदक वादी नेपाल सरकार प्रतिवादी बलिराम दास कथविनयासमेत भएको भ्रष्टाचार मुद्दामा श्री सर्वोच्च अदालतबाट

- भ्रष्टाचार हुनु र बेरूजु हुनु फरक-फरक विषय हुन्
- भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि भएको हुँदैन
- भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने
- बेरूजुको हकमा बिल भरपाइद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्नेसम्मको दायित्व हुने भनी व्याख्या भई सिद्धान्त कायम भएको (ने.का.प. २०७६ अङ्क ३ नि.नं. १०२०८) पाइएकोले प्रस्तुत आरोपित विषयमा प्रासाङ्गिक हुने देखिएको छ।

८. विद्यालयको २ कोठाको भवन निर्माणको सिलसिलामा विनियोजित रकम निकासा दिँदा र भुक्तानी गर्दा प्रक्रियागत त्रुटि भएको, निर्माण भएको कामभन्दा बढी रु.१,३९,९६२।५० तत्कालीन अवस्थामा भुक्तानी गरेको भन्नेसम्मको अवस्थामा देखिए पनि सम्बन्धित विद्यालयबाटै रु.३४,१०३।७५ बराबरको थप निर्माण कार्य भएको र रु.८३,०००।- बैङ्क दाखिला गरेकोसमेत देखिएबाट उक्त रकम हानी नोक्सानी पुऱ्याउने र आफूलाई गैरकानूनी रूपमा फाइदा हुने गरी

प्रतिवादीहरूले कार्य गरेको भन्न मिल्ने प्रत्यक्ष प्रमाण भएको देखिएन। प्रतिवादीमध्येको तत्कालीन जिल्ला शिक्षा अधिकारी रहेका धनप्रसाद पोखरेलले मिति २०७४।४।८ को रकम फुकुवा पत्रमा तलब फुकुवा भनी लेखिएकोले झुक्यानमा परेको, जानीजानी फुकुवा गरेको होइन भनि पश्चात्ताप गरी बयान गरेको देखिएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेका प्रतिवादी तेजमन प्रसाद यादवले थप निर्माण कार्य गराएको, र रु.८३,०००।- बैङ्क दाखिला गराएको देखिएबाट समेत बदनियतपूर्वक कार्य भएको पुष्टि हुन सक्ने देखिएन। अन्य प्रतिवादीहरूको हकमा समेत विद्यालयको नाममा निकासा भएको रकम हिनामिना गर्ने वा नोक्सान पुऱ्याउने गरी बदनियत पूर्वक कार्य गरेको पुष्टि हुने प्रत्यक्ष प्रमाण रहेको देखिन आएन। असुल हुनु पर्ने भनी दाबी गरेको रु.२२,३९५।७७ को हकमा समेत प्रतिवादीहरूले यो यस रूपमा हिनामिना गरी नोक्सान पारेको वा प्रतिवादीहरूले यो यस किसिमबाट फायदा लिएको भनी किटान साथ भन्न सकिने अवस्था देखिएन। अनुमान र अड्कल गरी भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको कसुर गरेको भनी सजायभागी गराउन न्यायको दृष्टिबाट मनासिव हुँदैन ।

९. प्रत्यक्ष, स्वतन्त्र र विश्वसनीय प्रमाणबाट फौजदारी अभियोग पुष्टि गर्नु पर्नेमा त्यस किसिमको प्रमाणको अभाव रहेको, प्रक्रियागत त्रुटि भएको भन्नेसम्मको आधारमा अनुमान र शङ्काको आधारमा भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको कसुर ठहर गर्न न्यायको रोहबाट मनासिव हुने नदेखिएकोले बजेट निकासाको चरणदेखि निर्माण कार्य तथा भुक्तानी दिने प्रक्रियामा सरोकार राख्ने देखिएका आधारमा सम्बन्धित सबैका उपर दायर गरिएका प्रस्तुत आरोप दाबीको आधारमा कसुरदार कायम गरि सजाय भागी गराउन न्यायसङ्गत हुन सक्ने देखिएन ।

१०. अतः प्रतिवादीहरूले आरोप दाबीअनुसारको बिगो रु.१,३९,९६२।- (एक लाख उनान्चालीस हजार नौ सय बैसठ्ठी रुपैयाँ बाउन्न पैसा) हानीनोक्सानी, हिनामिना गरेको पुष्टि हुने पर्याप्त प्रमाणको अभाव रहेको, शङ्कारहित ठोस प्रमाणको अभावमा भ्रष्टाचार गरेको भन्ने गम्भीर कसुर ठहर गर्न न्यायसङ्गत हुन नसक्ने हुँदा प्रतिवादीहरू उपरको प्रस्तुत आरोप दाबी पुग्न सक्दैन। प्रस्तुत आरोप दाबीको कसुरबाट प्रतिवादीहरू धनप्रसाद पोखरेल, नवराज भण्डारी, तेजमन प्रसाद यादव, राज किशोर चौधरी, वसन्तकुमार निधि र दिलिप कुमार जयसवालले सफाई पाउने ठहर्छ।

सदस्य **सदस्य** **अध्यक्ष**

इजलास अधिकृतः हिरादेवी पाण्डे

इति संवत् २०७६ साल फागुन १४ गते रोज ४ शुभम्.....।

अनुसूची-१

विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०६६

गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी

१. श्री ५ को सरकार वि. चिरन्जीवी वाग्लेसमेत
२. श्री ५ को सरकार वि. रामाज्ञा चतुर्वेदीसमेत
३. श्री ५ को सरकार वि. केशरजंग खड्कासमेत
४. श्री ५ को सरकार वि. गोविन्दराज जोशीसमेत

सार्वजनिक हानिनोक्सानीसम्बन्धी

१. श्री ५ को सरकार वि. शैलेन्द्रकुमार ठाकुर
२. श्री ५ को सरकार वि. त्रिलोचन कुमार
३. नेपाल सरकार वि. साधुराम थापा
४. नेपाल सरकार वि. पिस्तादेवी अग्रवाल

बैंक ठगीसम्बन्धी

१. श्री ५ को सरकार वि. सरोज प्रसाद ढुंगानासमेत
२. श्री ५ को सरकार वि. लक्ष्मण कुमार पोखरेलसमेत
३. श्री ५ को सरकार वि. ध्रुवराज ढुङ्गानासमेत

घुससम्बन्धी

१. नेपाल सरकार वि. बलराम शर्मा
२. नेपाल सरकार वि. उर्वादत्त भट्ट
३. नेपाल सरकार वि. राजेन्द्र बुढाथोकीसमेत

लेखा परीक्षणसम्बन्धी

१. नेपाल सरकार वि. थानेश्वर ढकाल

गाडी दर्तासम्बन्धी

१. श्री ५ को सरकार वि. शरदचन्द्र शर्मा पौडेलसमेत
२. नेपाल सरकार वि. अब्दुल रईस खाँसमेत

वन सम्पदासम्बन्धी

१. श्री ५ को सरकार वि. सुरेन्द्रप्रसाद सिंहसमेत
२. श्री ५ को सरकार वि. मोतीलाल बस्नेतसमेत

जग्गा दर्तासम्बन्धी

१. श्री ५ को सरकार वि. कुलबहादुर कुँवर

कीर्ते बिल भरपाईसम्बन्धी

१. श्री ५ को सरकार वि. रामजी प्रसाद रौनियारसमेत
२. नेपाल सरकार वि. विनयकुमार गामीसमेत

चोरी पैठारीसम्बन्धी

१. श्री ५ को सरकार वि. प्रकाश दाहाल
२. नेपाल सरकार वि. पहल थापासमेत
३. नेपाल सरकार वि. मानबहादुर चन्द

अख्तियारको दुरुपयोगसम्बन्धी

१. श्री ५ को सरकार वि. माधवप्रसाद खतिवडा

निर्माणसम्बन्धी

१. श्री ५ को सरकार वि. अम्बिकाप्रसाद उपाध्यायसमेत
२. श्री ५ को सरकार वि. ध्रुवकुमार कार्कीसमेत
३. श्री ५ को सरकार वि. इन्द्रबहादुर शाहसमेत
४. नेपाल सरकार वि. रमेश सिग्देल

नक्कली प्रमाण पत्रसम्बन्धी

१. नेपाल सरकार वि. तारा राजभण्डारी
२. नेपाल सरकार वि. विश्व नविन कन्दंगवा
३. नेपाल सरकार वि. मुरलीप्रसाद सिंह
४. नेपाल सरकार वि. विष्णु कोईराला
५. नेपाल सरकार वि. अम्बिका श्रेष्ठ

टेन्डरसम्बन्धी

१. श्री ५ को सरकार वि. देवेन्द्र झा

मापदण्ड विपरीत नक्सा पाससम्बन्धी

१. नेपाल सरकार वि. चिनियाँमान बज्राचार्य

पुनरावेदनसम्बन्धी

१. डा.प्रभा बस्नेत वि. अ.दु.अ.आ.
२. राजेन्द्रप्रसाद ढुंगाना वि. अ.दु.अ.आ.
   अक्रुरध्वज शाह वि. अ.दु.अ.आ.
३. विष्णु देवी राजभण्डारी वि. अ.दु.अ.आ.
   जगतकुमारी राजभण्डारी वि. अ.दु.अ.आ.
४. गीता मैनाली वि. अ.दु.अ.आ.
५. केशव स्थापित वि. अ.दु.अ.आ.

अनुसूची-२

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७२/७३ मा प्रकाशित फैसलाहरू

१. नेपाल सरकार वि. खगेन्द्रप्रसाद भट्टराईसमेत, भ्रष्टाचार (अनियमितता)
स.फौ.नं. ०७१-CR-०१२१

२. नेपाल सरकार वि. प्रा.डा. पदमलाल देवकोटासमेत, भ्रष्टाचार (हानी नोक्सानी)
स.प्रो.नं. ०७१-CR-००३८

३. नेपाल सरकार वि. पिताम्बरप्रसाद पोखरेलसमेत, रकम हिनामिना (भ्रष्टाचार)
मुद्दा नं. ९३-६८-००११२

४. नेपाल सरकार वि. कृष्णबहादुर सापकोटासमेत, भ्रष्टाचार (घुस रिसवत)
०६९-CR-०२३३

५. नेपाल सरकार वि. विश्वनाथप्रसाद यादवसमेत, कुटनैतिक राहदानी दुरुपयोग (भ्रष्टाचार) ०७१-CR-००६२

६. नेपाल सरकार वि. देवेन्द्र डंगोलसमेत, गैर कानूनी सम्पत्ति आर्जन
०७०-CR-००५३

७. नेपाल सरकार वि. इन्दिरा सुवेदी पोखरेल भ्रष्टाचार (नक्कली प्रमाणपत्र)
०७१-CR-०२०७

८. नेपाल सरकार वि. निर्मल राई भन्ने निरञ्जन होजाईसमेत, सम्पत्ति शुद्धीकरण
९३-०६८-००१००

९. नेपाल सरकार वि. समिर अधिकारी, सम्पत्ति शुद्धीकरण,
०७१-CR-००१०



अदालत परिसर भित्र निर्मित प्रभु बैंकको सेवा प्रवाह काउण्टर उद्घाटन गर्नुहुँदै अध्यक्ष माननीय न्यायाधीश श्री प्रेमराज कार्की

विशेष अदालत काठमाडौंको सेवा प्रवाह सम्बन्धी

नागरिक बडापत्र

"न्यायपालिकाको स्वतन्त्रता : न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

अदालत खुल्ने समय:- आइतबारदेखि बिहीबार बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म, कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म:- बिहान १०:०० बजेदेखि बेलुका ४:०० बजेसम्म
शुक्रबार बिहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म

क्र. सं.	अदालतबाट प्रवाह हुने सेवाको विवरण	आवश्यक कागज/प्रमाण/प्रक्रिया	दर्ता समय/अवधि	लाग्ने समय	लाग्ने दस्तुर	जिम्मेवार फाँट/ शाखा/ अधिकारी	गुनासो सुन्ने अधिकारी	गुनासो उपर उजुरी सुन्ने अधिकारी
१	म्याद थप	उजुरी व्यहोरा कारण खुलेको पत्काउ पूर्जी थुनुवा पूर्जी आरोपित व्यक्तिको उपस्थिति अनुसन्धानमा थुनामा राख्नुपर्ने कारण स्वास्थ्य परीक्षण प्रतिवेदन बयान भैसकेको भए बयान सहितको मिसिल सम्बन्धित कानूनी व्यवस्था	अदालतको कार्य समय	३० मिनेट	नि:शुल्क	दायरी शाखा	उपरजिस्ट्रार	रजिस्ट्रार/अध्यक्ष न्यायाधीश
२	आरोपपत्र/अभियोगपत्र दर्ता	प्रतिवादीको नाम थर (उपनाम भए सो समेत), वतन (साबिकको वतन समेत), हुलिया, फोटो, पेशा वा व्यवसाय, नागरिकता वा राहदानीको प्रतिलिपी वा परिचय खुल्ने अन्य कागजात, ना.प्र.नं., जारी जिल्ला, जारी मिति, फोन/मोबाइल नं., ई-मेल ठेगाना स्पष्ट खुलाउनुपर्ने प्रतिवादीको तीन पुस्ते विवरण र प्रतिवादी विवाहित भए पति/पत्नीको नाम थर समेत खुलाउनुपर्ने मुद्दाको नाम, सम्बन्धित ऐन, विषय र व्यहोरासँग अन्तरसम्बन्धित हुनुपर्ने मुद्दामा सिलसिलेवार तथ्यको टिपोट भएको हुनुपर्ने आरोपपत्रमा दावी लिइएको सन्दर्भमा कानूनको दफा, उपदफा एवं बिगो राज्यलाई भराउने/असुल गर्ने कुरा खुलाउनुपर्ने अनुसन्धान भएका व्यक्तिहरूमध्ये कसैउपर मुद्दा नचल्ने भए सो व्यहोरा खुलाउनुपर्ने प्रतिवादी उपस्थित गराइएको भए सो व्यहोरा र फरार प्रतिवादीको हकमा म्याद जारी गर्नुपर्ने भए सो व्यहोरा खुलाउनुपर्ने प्रमाण खण्डमा सम्बद्ध प्रमाणहरू उल्लेख गर्नुपर्ने पञ्जिका मध्येका कागजातमा मुख्य प्रमाण लाग्ने र प्रमाण खण्डमा उल्लेख भए पञ्जिका नं. समेत खुलाउनुपर्ने कानूनले निर्दिष्ट गरेका अन्य आवश्यक कुराहरू	शुक्रबार १:०० बजेभित्र अन्य बार ३:०० बजेभित्र	मुद्दाको प्रकृति अनुसार	नि:शुल्क	दायरी शाखा	उपरजिस्ट्रार	रजिस्ट्रार
३	म्याद बुझ्ने	म्याद बुझी पाउँ भन्ने निवेदन नागरिकता वा राहदानी वा सवारी चालक अनुमतिपत्र वा परिचय खुल्ने फोटोसहितको परिचयपत्रको प्रतिलिपी	अदालत खुल्ने समयभित्र	३० मिनेट	नि:शुल्क	सम्बन्धित शाखा	उपरजिस्ट्रार	रजिस्ट्रार
४	नक्कल दिने	नक्कल लिने निवेदन दस्तुर तिरेको रसिद तारिख पर्चा वा बकालतनामा वा परिचय खुल्ने फोटोसहितको परिचयपत्रको प्रतिलिपी	अदालत खुल्ने समयभित्र	३० मिनेट	निवेदन दस्तुर रु.१०/-, प्रतिपाना रु.१०/- का दरले	सम्बन्धित शाखा/फाँट	सुपरिवेक्षक	उपरजिस्ट्रार/ रजिस्ट्रार
५	बकालतनामा दर्ता	मुद्दामा बहस पैरवी गर्न कानून व्यवसायीको आचारसंहिता, २०५१ को नियम-९ (अनुसूची-१) बमोजिमको ढाँचामा निवेदन	अदालत खुल्ने समयभित्र	१० मिनेट	वकालतनामा दस्तुर रु.१०/-	सम्बन्धित इजलास/ शाखा/फाँट	उपरजिस्ट्रार	रजिस्ट्रार
६	बयानका लागि हाजिर हुने	हाजिर गराई पाउँ भन्ने निवेदन म्याद बुझेको प्रति/प्रतिलिपी परिचय खुल्ने फोटोसहितको परिचयपत्रको प्रतिलिपी	९:४५ देखि १०:१५ बजेभित्र	३० मिनेट	निवेदन दस्तुर रु.१०/-	रजिष्ट्रार	रजिष्ट्रार	अध्यक्ष न्यायाधीश
७	धरौटी दाखिल गर्ने	धरौटी तथा जमानत निर्देशिका, २०७५ को अनुसूची-१ बमोजिमको ढाँचामा निवेदनर आदेशानुसार धरौटी दाखिल गर्ने पत्र लाग्ने धरौटी रकम	अदालत खुल्ने समयभित्र	३० मिनेट	निवेदन दस्तुर रु.१०/-	सम्बन्धित शाखा/फाँट/ लेखा शाखा	उपरजिस्ट्रार	रजिस्ट्रार
८	जमानत (बैक ग्यारेण्टी)	धरौटी तथा जमानत निर्देशिका, २०७५ को अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन पक्षले "क" वर्गको बैंकसँग गरेको सम्झौताको प्रतिलिपी बैंक जमानत (बैक ग्यारेण्टी) दिएको सक्कल पत्र सम्बन्धित बैंकको प्रतिनिधि	अदालत खुल्ने समयभित्र	३० मिनेट	निवेदन दस्तुर रु.१०/-	सम्बन्धित शाखा/फाँट	उपरजिस्ट्रार	उपरजिष्ट्रार
९	वारिस अनुमति	वारिस राख्ने अनुमति पाउँ भन्ने निवेदन साथ पक्षको उपस्थिति परिचय खुल्ने फोटोसहितको परिचयपत्रको प्रतिलिपी वारिस दिनुपर्ने कारणसँग सम्बन्धित प्रमाण कागजातहरू	अदालत खुल्ने समयभित्र	निवेदन परेको भोलिपल्ट	निवेदन दस्तुर रु.१०/-	सम्बन्धित शाखा/फाँट	रजिस्ट्रार	इजलास
१०	बकपत्र	सरकारी साक्षीको हकमा विशेष सरकारी वकिल कार्यालयको पत्रसहित साक्षी उपस्थिति प्रतिवादीका साक्षीको हकमा निवेदनसहित साक्षीको उपस्थिति अदालतले म्याद सूचना जारी गरी झिकाएका साक्षी/विशेषज्ञको हकमा म्याद सूचनाको तामेली प्रति बकपत्र गर्ने साक्षीको पहिचान खुल्ने कागजात	दिउँसो १:०० बजेभित्र	बकपत्र गर्ने लाग्ने समय	प्रतिवादीको हकमा निवेदन दस्तुर रु.१०/-	मुद्दा शाखा/फाँट	रजिस्ट्रार	इजलास
११	पेशी स्थगित निवेदन	पेशी स्थगितको निवेदन इजलास समक्ष पेश गर्ने इजलासबाट निर्देशन भएपछि निवेदन दर्ता गराई इजलास समक्ष पेश गर्ने	बिहान ११:०० बजेभित्र	३० मिनेट	निवेदन दस्तुर रु.१०/-	इजलास अधिकृत	-	इजलास
१२	बहसनोट दर्ता	निर्धारित ढाँचाको बहसनोट सम्बन्धित अधिकारीको तोक लगाई दर्ता गरी सम्बन्धित शाखामा पेश गर्ने	अदालत खुल्ने समयभित्र	३० मिनेट	-	सम्बन्धित शाखा/फाँट/ सुपरिवेक्षक	उपरजिस्ट्रार	रजिस्ट्रार
१३	फैसला	मुद्दामा अंग पुगेको	मुद्दामा अंग पुगेपछि सामान्यतया एक महिना भित्रको पेशी चढाउने	कानून बमोजिम	-	इजलास	इजलास	इजलास
१४	धरौटी फिर्ता/रोक्का/ फुकुवा	धरौटी फिर्ता/रोक्का फुकुवा गरी पाउँ भन्ने निवेदन यस अदालतको फैसलाको प्रमाणित प्रतिलिपी पुनरावेदन परी फैसला अन्तिम भएको भए सो फैसलाको प्रमाणित प्रतिलिपी धरौटी बुझाएको रसिदको प्रतिलिपी परिचय खुल्ने फोटोसहितको परिचयपत्रको प्रतिलिपी	अदालत खुल्ने समयभित्र	१ घण्टा	निवेदन दस्तुर रु.१०/-	अभिलेख शाखा/लेखा शाखा	उपरजिस्ट्रार	रजिस्ट्रार
१५	गुनासो सुनुवाई	मौखिक/लिखित निवेदन दिनुपर्ने सम्बद्ध प्रमाण पेश गर्नुपर्ने	गुनासो पेटिका/कार्य समयभित्र	तत्काल	नि:शुल्क	सम्बन्धित शाखा प्रमुख	गुनासो सुन्ने अधिकारी	अध्यक्ष न्यायाधीश/रजिस्ट्रार
१६	विशेष व्यवस्था	महामारी र दैवी प्रकोप जस्तै विपद्का अवस्थामा विशेष अदालतले जारी गरेको कार्ययोजना बमोजिम हुने (जस्त-COVID-19 महामारी जोखिम न्यूनीकरण गर्ने विशेष अदालतको कार्ययोजना, २०७७, बमोजिमको PCR परीक्षण प्रतिवेदन, स्यानिटाइजर, मास्क, दुरी कायम समेतका स्वास्थ्य सुरक्षाका उपायहरूको अवलम्बन)						

खाजा समय:- आइतबारदेखि बिहीबार दिउँसो १:३०-२:३० बजेसम्म, शुक्रबार दिउँसो १:००-२:०० बजेसम्म
कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म दिउँसो १:००-२:०० बजेसम्म

पुनश्च:-

१. अदालतबाट सेवा प्रदान गर्दा थुनुवा वा कैदी, बालबालिका, जेष्ठ नागरिक, शारीरिक अशक्तता भएका व्यक्ति, गर्भवती महिला/महिलालाई विशेष प्राथमिकताका दिइने छ ।
२. अदालतबाट प्रदान हुने सेवाको विषयमा समयभित्र काम सम्पन्न नभएमा रजिस्ट्रारसँग प्रत्यक्ष वा ४२२८८३६ मा सिधै सम्पर्क गर्नुहोला ।
३. तालुक सर्वोच्च अदालतको टोल फ्री नम्बर १६६००१३३३५५ र ईमेल ठेगाना cjs@supremecourt.gov.np

बडापत्र अद्यावधिक मिति:- २०७७ साल साउन

विशेष अदालतबाट भएका फैसलाहरुको संख्या, २०७७